# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

साठीको दशकयताका नेपाली निबन्धमा अन्य विभिन्न प्रवृत्तिका साथै दर्शनपरक विषयवस्तुहरू पनि प्रशस्त आएका छन् । यस्ता विषयवस्तु मूलतः समाज, संस्कृति, जीवन, जगत्, अनुभूति आदिसँग जोडिएर आएको देखिन्छ भने तीमध्ये कतिपय निबन्धमा जीवन, जगत्, ईश्वर आदि बारेका दृष्टिकोणहरू गहिरो रूपमा व्यक्त भएको पाइन्छ । साठीको दशकयताका नेपाली निबन्धमा जीवन र जगत्लाई हेर्ने दार्शनिक दृष्टिकोणका रूपमा पूर्वीय वैदिक चिन्तन, ईश्वरसम्बन्धी मान्यता, बन्धन, मोक्ष, जगत्चिन्तन, ब्रह्म, आत्माजस्ता सन्दर्भका साथै युगीन यथार्थवादी प्रवृत्ति पनि रहेका छन् ।

पौरस्त्य दर्शन भन्नाले आर्यावर्त क्षेत्रमा विकसित दर्शनलाई बुझाउँछ र यसको केन्द्र संस्कृत वाङ्मयको दर्शन हो । पौरस्त्य दर्शन भन्नाले वैदिक दर्शन बुझिन्छ । दर्शन शब्दले सम्यक् दृष्टि, दिव्यदृष्टि, अन्तर्दृष्टि आदि अर्थ दिए पनि यसको विशिष्टीकृत अर्थ तत्त्वदर्शन रहेको छ । यसलाई जीवन र जगत्, आत्मा आदि ज्ञानका लागि उपयोग हुने शास्त्र भनिएको छ । अतः दर्शन भनेको मूलतः ज्ञानको विषय हो । साठीको दशकयताका नेपाली निबन्धमा पौरस्त्य दर्शनले अँगालेका सृष्टिचिन्तन, सृष्टिको स्वरूप र कारण, बन्धन, मोक्ष, कर्म, भाग्य, आत्मा, परमात्मा, जीव, जीवात्मा, माया, जगत्, ईश्वर, ब्रह्म, जन्म, पुनर्जन्म, सुख, दुःख आदिको प्रयोग भएको छ । साठीको दशकयताका नेपाली निबन्धका बारेमा सामान्य पुस्तक समीक्षा भए पनि दार्शनिक दृष्टिकोणका आधारमा अध्ययन नभएकाले त्यसको परिपूर्तिका लागि अध्ययन गर्नु उपयोगी रहेको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधको मूलसमस्या साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तनको अभिव्यक्ति केकसरी भएको छ भनेर अनुसन्धान गर्नु हो र यस मूलसमस्यासँग सम्बन्ध भएर आउने शोधप्रश्नहरू यसप्रकार रहेका छन् :

(क) साठीको दशकयताका नेपाली निबन्धमा जगत्सम्बन्धी केकस्तो चिन्तन अभिव्यक्त भएको छ ?

(ख) साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षसम्बन्धी केकस्तो चिन्तन प्रस्तुत गरिएको छ ?

(ग) साठीको दशकयताका नेपाली निबन्धमा जीव, आत्मा, ब्रह्म र ईश्वरसम्बन्धी केकस्तो दृष्टिकोण व्यक्त गरिएको छ ?

## १.३ शोधको उद्देश्य

साठीको दशकयताका नेपाली निबन्धमा पौरस्त्य दर्शनले निर्देश गरेका जीवनजगत्-सम्बन्धी दृष्टिकोण पाइएको छ । त्यही जीवन र जगत्का बारेको खोजी गर्नु नै यस शोधको मुख्य उद्देश्य हो र यस मूलउद्देश्यसँग सम्बद्ध अन्य उद्देश्यहरू निम्नलिखितअनुसार रहेका छन् :

(क) साठीको दशकयताका नेपाली निबन्धमा जगत्सम्बन्धी चिन्तनको विश्लेषण गर्नु ।

(ख) साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षसम्बन्धी विचारको निरूपण गर्नु ।

(ग) साठीको दशकयताका नेपाली निबन्धमा जीव, आत्मा, ब्रह्म र ईश्वरसम्बन्धी दृष्टिकोण विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

साठीको दशकयताका नेपाली निबन्धमा विभिन्न आधारमा अध्ययन भएका छन् तर जीवनजगत्सम्बन्धी चिन्तन अहिलेसम्म अध्ययन भएको पाइँदैन । यस अवधिका नेपाली निबन्धहरूमा विभिन्न विद्वान्हरूले पौरस्त्य दर्शनका मान्यतामा रहेर केही समालोचनात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् । यस्ता केही अध्ययन र विश्लेषणहरू पुस्तक र पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । यस्ता आंशिक अध्ययनहरू भए पनि साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तनको दर्शनपरक अध्ययन हुन सकेको पाइँदैन । साठीको दशकयताका नेपाली निबन्धमा हालसम्म भएका उपलब्ध पूर्वकार्यहरूको सङ्क्षेपमा कालक्रमिक रूपमा चर्चा गरिएको छ :

खगेन्द्रप्रसाद लुइटेल (२०६८) ले *नेपाली निबन्ध समालोचना* पुस्तकमा नेपाली निबन्धको विकासप्रक्रियाको चर्चा गर्दै तेस्रो चरणका निबन्धका विविध प्रवृत्तिमध्ये दर्शनपरक प्रवृत्ति पनि पाइने कुरा उल्लेख गरेका छन् । यसक्रममा उनले तीसजना नेपाली निबन्धकारहरूका प्रवृत्तिहरूको चर्चा गर्दै तिनका एकएकओटा निबन्धको विश्लेषण पनि गरेका छन् । यसक्रममा विभिन्न निबन्धकारहरूका निबन्धहरूमा अभिव्यञ्जित ईश्वर, आत्मा, परमात्मा, मोक्ष, प्रकृतिको रहस्यमयता आदि विविध पक्षको चित्रण पाइने कुरा पनि उनले उल्लेख गरेका छन् । विशेष गरेर अलौकिक ईश्वरीय शक्तिप्रतिको आस्था र अन्य दर्शनपरक दृष्टिकोणहरू पनि अभिव्यक्ति भएको कुरा उनले उल्लेख गरेका छन् । यस शोधमा दर्शनपरक प्रवृत्तिको विश्लेषणका लागि यस सामग्रीबाट आंशिक सहयोग मिलेको छ ।

ज्ञानू पाण्डे(२०६८) ले *विकीर्ण अनुशीलन* पुस्तकमा विभिन्न विधाका कृति र प्रवृत्तिमाथि चर्चा गर्दै उत्तरवर्ती चरणका केही निबन्धकारका निबन्धगत प्रवृत्तिको पनि चर्चा गरेकी छन् । यसक्रममा उनले आत्मचिन्तन, ईश्वरीय चिन्तन आदि कुराको उल्लेख गर्दै दार्शनिकता कतिपय निबन्धको महत्त्वपूर्ण विषय र विशेषता भएकाले यस्ता निबन्धमा मानवजीवनलाई दार्शनिक कोणबाट नियाल्ने प्रवृत्ति, मृत्युका शाश्वतता, संसारलाई भ्रममय

मान्ने प्रवृत्ति, कर्मप्रतिको विश्वास, सुखदु:खसम्बन्धी चिन्तन, धर्म, ईश्वर, ज्ञान आदि भाव अभिव्यक्त भएको कुरा उल्लेख गरेकी छन् । प्रस्तुत शोधका लागि ईश्वर र जगत्चिन्तन-सम्बन्धी विश्लेषणका निमित्त यो सामग्री सहयोगी भएको छ ।

राजेन्द्र सुवेदी (२०६८) ले 'उत्तरवर्ती नेपाली निबन्धका प्रवृत्ति' शीर्षकको लेखमा उत्तरवर्ती नेपाली निबन्धका प्रवृत्तिको चर्चा गर्दै यस अवधिका निबन्धमा प्रवृत्तिगत विविधता भएको उल्लेख गरेका छन् । यसक्रममा उनले दर्शनको प्रयोगका दृष्टिले पनि यी निबन्ध गहन भएको कुरा देखाएका छन् । दर्शन भनेको विचार हो र त्यसमा पनि पौरस्त्य दर्शनमा विचारको गहिराइ प्रबल हुन्छ भन्ने कुरा देखाउँदै उत्तरवर्ती चरणका कतिपय निबन्धमा धर्म, संस्कृति, आत्मचिन्तन, सृष्टिचिन्तन, पाञ्चभौतिक तत्त्वको रहस्य आदि विविध दर्शनका विषयहरू अहिलेका निबन्धमा अभिव्यक्त भएको कुरा उनले प्रस्तुत गरेका छन् । यस लेखमा सुवेदीले ईश्वरीय सत्ताका आडमा मान्छेले कल्पना र अनुभूतिका धेरै बिम्बहरूको निर्माण गरेको देखाउँदै मानवसभ्यताको यात्रामा पौरस्त्य दर्शनले एउटा विशिष्ट परिस्थिति निर्माण गरेको कुरा पनि देखाएका छन् । यस लेखमा उत्तरवर्ती नेपाली निबन्धका धेरै प्रवृत्तिमध्ये दर्शनपरक प्रवृत्तिको समेत चर्चा गरिएकाले निबन्धको विश्लेषणका लागि यस सामग्रीबाट आधार प्राप्त भएको छ ।

सुकुम शर्मा (२०६८) ले 'नेपाली निबन्धमा आत्मपरकताको सन्दर्भ' शीर्षकको लेखमा आत्मपरकताका विभिन्न आधारहरू प्रस्तुत गर्दै चिन्तनगत आधारका बारेमा पनि चर्चा गरेका छन् । यसक्रममा निबन्धकारहरूले जीवन, जगत्, सृष्टि, आत्मतत्त्व, जन्म, मृत्यु, आदिलाई विषय बनाएर वर्तमानमा निबन्ध लेखिरहेको कुरा देखाउँदै चिन्तनपरक निबन्धहरूले यस अवधिका निबन्धलाई गहिराइतिर लगेको कुरा देखाइएको छ । यस लेखमा समग्र नेपाली निबन्धको चर्चा गरिए पनि उत्तरवर्ती चरणका निबन्धहरू चिन्तनगत दृष्टिले गम्भीर भएको र तिनमा विषयको सूक्ष्मता देखिएको कुरा प्रस्तुत गरिएको छ । यो सामग्री समकालीन नेपाली निबन्धमा पौरस्त्य दर्शनको व्याख्याका लागि आंशिक रूपमा सहयोगी सिद्ध भएको छ ।

ठाकुर शर्मा भण्डारी (२०७०) ले 'निबन्धमा दर्शन' शीर्षकको लेखमा *माथापच्ची* निबन्धमा अभिव्यञ्जित योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् र यसक्रममा उनले *माथापच्ची* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका आत्मा, ईश्वर, ब्रह्म, जगत्, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यसक्रममा उनले माथापच्ची निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका आत्मा, ब्रह्म, जगत्चिन्तन, ईश्वरचिन्तन, जीव, जीवात्मा, परमात्माको आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा शब्दब्रह्मद्वारा नै आनन्दको रस भेटाउन सकिने कुरासमेत देखाउँदै अक्षर नै ब्रह्म भएकाले अक्षरब्रह्मद्वारा चेतनाको द्वार खुल्छ भन्ने ब्रह्मका सम्बन्धमा पनि चर्चा गरिएको छ । *माथापच्ची* निबन्धको विश्लेषणका क्रममा

अज्ञानलाई नै बन्धन मान्दै अविद्याको नाश भई मुक्त भएमात्र चैतन्यको द्वार खुल्ने र जीव, आत्मा, परमात्मा, ईश्वर वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि उपयोगी रहेको छ ।

रामप्रसाद ज्ञवाली (२०७०) ले 'दुब्लो शरीर, दह्रो मन र तार्किक मस्तिष्कका वैचारिक निबन्धहरू' शीर्षकको लेखमा निबन्धमा अभिव्यञ्जित योगदर्शन, वेदान्तदर्शन, गीता, उपनिषद्का मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *माथापच्ची* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, आत्मा, ब्रह्म, जगत्, बन्धन, मोक्ष, आस्तिक, नास्तिकजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा सृष्टि गतिशील भएकाले यसको काम सदैव ऊर्जाशील हुनु, रूपान्तरणमा लागिरहनु भएको बताउँदै प्रकृतिसँगको सङ्घर्षको परिणाम मान्छेको अस्तित्व सम्भव भएको हो भन्ने सृष्टिका साथै आत्मा, ब्रह्म, माया, मोह, अहङ्कार, स्थूलजगत् र सूक्ष्मजगत्को अभिव्यक्ति आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । *माथापच्ची* निबन्धको विश्लेषणका क्रममा भौतिक प्रपञ्च, अहम्लाई नै बन्धनका कारण मान्दै सांसारिक प्रपञ्चबाट मुक्त भएर मात्र आत्मा, परमात्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने मान्यता यहाँ प्रस्तुत गरिएको छ । *माथापच्ची* निबन्धको विश्लेषणका क्रममा मूलसत्य एउटै ब्रहम हुन् र जगत् मिथ्या भएको हुँदा आभासमात्र हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि अर्थपूर्ण र उपयोगी रहेको छ ।

कृष्णप्रसाद दाहाल (२०७१) ले 'माथापच्ची भित्रका उम्दा माथापच्ची निबन्धहरू शीर्षकको लेखमा *माथापच्ची* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन, वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *माथापच्ची* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका मन, सृष्टिउत्पत्ति, विनाश, सत्य, असत्य, जीवनजगत्, बन्धन, मोक्ष, आस्तिक, नास्तिकजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या भएको कुरा औंल्याउँदै जगतबिना जीव र जीवनको अस्तित्व सम्भव नभएको सम्बन्धमा पनि चर्चा गरिएको छ । *माथापच्ची* निबन्धको विश्लेषणका क्रममा *माथापच्ची* मानवीय चेतनाको उपज भएको उल्लेख गर्दै मानवीय चेतना र कर्मले नै बन्धनबाट मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने कुरासमेत यहाँ प्रस्तुत गरिएको छ । यहाँ कर्म नै जीवन हो भन्ने कर्मवादी जीवनवादी दार्शनिक चिन्तनसमेत औंल्याउँदै जीवन र जगत् एकअर्काका परिपूरक हुन् भन्ने कुरा प्रस्तुत गरिएको छ । *माथापच्ची* निबन्धको विश्लेषणका क्रममा मन नै सम्पूर्ण कुराको केन्द्र हो भन्दै ज्ञानको मूलस्रोत मस्तिष्क भएको हुँदा जीवनका उज्याला-अँध्यारा, सत्य-

असत्य, सुख-दुःखको रहस्य नै जीवन हो भन्ने कुराको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

कृष्णराज सर्वहारी (२०७१) ले 'तार्किक निबन्धहरू' शीर्षकको लेखमा *माथापच्ची* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन, वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *माथापच्ची* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका मन, आत्मा, जीवनजगत्, बन्धन, मोक्ष, आस्तिक, नास्तिकजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा मानिस जन्मदेखि मृत्युसम्म माथापच्चीमा परिरहन्छ भन्दै जीवन नै माथापच्ची भएको कुरा प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा निबन्धमा आत्माको सत्यता र जगत्को मिथ्यात्व भएको कुरा देखाउँदै जगतबिना जीव र जीवनको अस्तित्व सम्भव नभएको सम्बन्धमा पनि चर्चा गरिएको छ । *माथापच्ची* निबन्धको विश्लेषणका क्रममा *माथापच्ची* निबन्धमा जीवनजगत्, आस्तिक, नास्तिक, कर्म, भाग्य, मन आदिका बारेमा पनि विवेचना गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका निमित्त सहयोगी भएको छ ।

कृष्णप्रसाद दाहाल (२०७३) ले 'पुनरावृत्ति भित्रको पुनरावृत्ति' शीर्षकको लेखमा *पुनरावृत्ति* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन,योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *पुनरावृत्ति* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका पदार्थचिन्त, मन, आत्मा, जीवनजगत्, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा सिङ्गो संसार नै पुनरावृत्तिभित्र अटाएको कुरा औंल्याउँदै निबन्धमा अक्षर नै ब्रह्म हो, अक्षरब्रह्मको महत्त्व बुझेकाले यसको महिमा बुझेका हुन्छन् । यसमा विश्वब्रहमाण्डका सारा तत्त्व अडिएको छ भन्ने कुरासमेत देखाइएको छ र यहाँ ब्रह्मद्वारा नै विश्वब्रह्माण्ड सञ्चालन भएको कुरा सङ्केत गरी आत्मा, मन, ईश्वरप्रतिको अभिव्यक्ति आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । *पुनरावृत्ति* निबन्धको विश्लेषणका क्रममा भौतिक शरीर नै मन र आत्माको निवासस्थान भएको बताउँदै यी दुई एकअर्काका परिपूरक भएको र म नै ब्रह्म हो र मबाहेक अर्को ईश्वर छैन भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि अर्थपूर्ण र सहयोगी रहेको छ ।

भगवान्चन्द्र ज्ञवाली (२०७३) ले 'जीवन-गोप्य सिलबन्दी खाम' शीर्षकको लेखमा कृतिसमीक्षा गर्दै *जीवन-गोप्य सिलबन्दी खाम* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *जीवन-*

*गोप्य सिलबन्दी खाम* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, सृष्टिक्रम, सृष्टिको गतिशीलता, जन्म, मृत्यु, सुख, दुःख, मन, आत्मा, ब्रह्म, ईश्वर, जीवनजगत्, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा जन्मलाई सुख र मृत्युलाई दुःखका रूपमा मान्दै जन्म र मृत्यु महाप्रयाण हुन् भन्ने कुरासमेत देखाउँदै जन्म र मृत्यु दुवै रहस्यको ज्ञान मानवलाई नभएको सम्बन्धमा पनि चर्चा गरिएको छ । *जीवन-गोप्य सिलबन्दी खाम* निबन्धको विश्लेषणका क्रममा प्रकृतिको निर्माण सृष्टिक्रममा अरबौँ वर्ष लगाएर भए पनि यसको विनाशमा मानिस क्रियाशील रहेकाले भौतिक जडका कारण मानवीय चैतन्य क्षीण भएको कुरासमेत प्रस्तुत गरिएको छ । यहाँ सृष्टिको यात्रा गतिशीलको यात्रा भएको देखाउँदै विश्वब्रह्माण्ड गतिशील र निरन्तर भएकाले मानवजीवन प्राप्त भएको र यो नै निरन्तरता र पूर्णताको खोजी हो भन्ने कुरासमेत बताउँदै महाप्रयाणको यात्रा जन्मदेखि नै निरन्तर चलिरहेको उल्लेख गरेका छन् । *जीवन-गोप्य सिलबन्दी खाम* निबन्धको विश्लेषणका क्रममा विस्मृति नै चिन्तामुक्त अवस्था हो भन्ने कुरासमेत देखाउँदै चेतनाको द्वार खोली चिन्तनमुक्त हुनुपर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

ठाकुर शर्मा भण्डारी (२०७३) ले 'पुनरावृत्तिमै छु म' शीर्षकको लेखमा *पुनरावृत्ति* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *जीवन-गोप्य सिलबन्दी खाम* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, सृष्टिक्रम, सृष्टिको गतिशीलता, मन, आत्मा, ब्रह्म, ईश्वर, जीवनजगत्, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा चैतन्य नै ब्रह्म भएको कुरा औंल्याउँदै निबन्धमा अक्षरब्रह्मद्वारा नै चैतन्यको द्वार खुली आनन्द प्राप्त गर्न सकिने कुरासमेत उल्लेख गरिएको छ । यहाँ एकमात्र सत्य ब्रह्म वा ईश्वर हुन् भन्दै अनन्त ब्रह्ममा नै मन, आत्मा र शरीर निहीत रहेको हुँदा भावको गहनतामा नै देह र आत्माको भित्रीतत्त्वको ज्ञान प्राप्त गर्न सकिने कुरासमेत चर्चा गरिएको छ । *पुनरावृति* निबन्धको चर्चा गर्ने क्रममा यो सम्पूर्ण सृष्टि पदार्थको शक्तिमा निहीत छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि सहयोग मिलेको छ ।

कृष्णप्रसाद दाहाल (२०७४) ले 'भनौँ कि नभनौँमा केही त भनौँ' शीर्षकको लेखमा *भनौँ कि नभनौँ* निबन्धमा अभिव्यञ्जित योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् ।

यस पूर्वाध्ययनमा मनलाई बन्धन र मोक्षको कारण औंल्याउँदै निबन्धमा मन नै सम्पूर्ण कुराको केन्द्र भएकाले मनसँग मनको सम्झौता हुनुपर्ने सम्बन्धमा चर्चा गरिएको छ । *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा मनलाई नै बन्धनको कारण मान्दै ज्ञानद्वारा चञ्चल मनलाई नियन्त्रण गर्न सकेमात्र मोक्ष प्राप्त भई आत्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि उपयोगी रहेको छ ।

गोविन्दराज भट्टराई (२०७४) ले 'नेपालीमा यस्ता बौद्धिक निबन्ध आउन छोडेको बेला' शीर्षकको लेखमा *झ्याम्ली बाख्राको पाठो* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *झ्याम्ली बाख्राको पाठो* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, दुःख, ब्रह्म, बन्धन र मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा अज्ञानता नै दुःख हो र ज्ञानद्वारा नै दुःखको नाश हुन्छ भन्ने कुरासमेत देखाउँदै सांसारिक प्रपञ्च, ब्रह्म, आत्मा, जीव, ईश्वर, जगत्को अभिव्यक्ति सम्बन्धमा पनि चर्चा गरिएको छ । *झ्याम्ली बाख्राको पाठो* निबन्धको विश्लेषणका क्रममा ब्रह्म निराकार एवम् अज्ञात स्वरूपको भएको कुरा औंल्याउँदै ॐमा नै सम्पूर्ण कुरा अडिएकाले ॐकारका माध्यमबाट ब्रह्मसाक्षात्कार गर्न सकिन्छ भन्ने अक्षरब्रह्मसम्बन्धी चिन्तन यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि उपयोगी रहेको छ ।

खेम दाहाल (२०७४) ले 'श्रीओमका आत्मपरक निबन्धहरू : एक अवलोकन' शीर्षकको लेखमा *भनौँ कि नभनौँ* निबन्धमा अभिव्यञ्जित योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सुख, कर्म, भाग्य, मन, ब्रह्म, ईश्वर, आत्मा, दुःख, ब्रह्म, बन्धन र मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा मृत्यु शाश्वत सत्य छ तथा ईश्वर सर्वत्र व्याप्त रहेको कुरासमेत देखाउँदै ईश्वरको निराकार एवम् साकार स्वरूप आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा कर्मद्वारा नै भाग्यनिर्माण हुने कुरा बताउँदै निबन्धमा मन नै सम्पूर्ण कुराको केन्द्र भएकाले भाग्य, ईश्वर आदि सबैले मनलाई घेर्छ भन्दै मनलाई बन्धनको कारण भएको देखाउँदै मनमाथि विजय प्राप्त गरेमात्र मुक्त भएर आत्मा, ब्रह्म, परमात्मासँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

ज्ञानु अधिकारी (२०७४) ले 'मौलिक र आफ्नोपनको निबन्धसङ्ग्रह- भनौँ कि नभनौँ' शीर्षकको लेखमा निबन्धमा अभिव्यञ्जित योगदर्शन वेदान्तदर्शन र गीतादर्शनका मान्यताहरूको विश्लेषण गरेकी छन् । यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका मन, कर्मजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेकी छन् । यस पूर्वाध्ययनमा सकरात्मक चिन्तनबाट नै जीवन सार्थक हुने कुरा औंल्याउँदै निबन्धमा कर्म गर फलको आशा नगर, जे हुन्छ राम्रैका लागि हुन्छ भन्ने गीतादर्शनका सम्बन्धमा पनि चर्चा गरिएको छ । *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा कर्ममा विश्वास गर्नुपर्ने र जीवनमा धैर्य गर्नुपर्ने कुरासमेत देखाउँदै आत्मासाक्षात्कारद्वारा नै जीवन सफल हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका निमित्त सहयोगी भएको छ ।

चेतनाथ कणेल (२०७४) ले 'अब्बल निबन्धहरूको सँगालो भनौँ कि नभनौँ माथि भन्नुपर्दा !' शीर्षकको लेखमा *भनौँ कि नभनौँ* निबन्धमा अभिव्यञ्जित योगदर्शन वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका मन, कर्मजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा मन नै सम्पूर्ण तत्त्वको सञ्चालक भएको औंल्याउँदै निबन्धमा अन्तर्मनको गहिराइ छाम्न सकियो भनेमात्र चेतनआत्माको साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

ठाकुर शर्मा भण्डारी (२०७४) ले 'भनौँ कि नभनौँमा केही भनौँ' लेखमा *भनौँ कि नभनौँ* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका मन, आत्मा, जगत्, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा मनको उल्झन नै बन्धन भएको कुरासमेत औंल्याउँदै मनमाथि विजय प्राप्त गर्नु मुक्ति हो भन्ने सम्बन्धमा पनि चर्चा गरिएको छ । *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा यो संसारलाई बन्दीगृह मान्दै जीवन अनेकौं समस्याले जेलिएको देखाउँदै सांसारिक प्रपञ्च, भौतिक वस्तुप्रतिको मोहबाट मुक्त भएमात्र जीव, आत्मा, परमात्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि उपयोगी रहेको छ ।

ठाकुर शर्मा भण्डारी (२०७४) ले 'शुभ-भावना' शीर्षकको लेखमा *परावर्तन* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् ।

यसक्रममा उनले *परावर्तन* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, स्थिति, आत्मा, ब्रह्म, ईश्वर, जगत्, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा अक्षरब्रह्म नै ब्रह्मसाक्षात्कार गर्ने साधन हो र अक्षरब्रह्मद्वारा नै अगम्य ब्रह्मको सत्यता जान्न सकिने कुरासमेत देखाउँदै आत्मा, ब्रह्म र जगत्का नियन्ताका सम्बन्धमा पनि चर्चा गरिएको छ । *परावर्तन* निबन्धको विश्लेषणका क्रममा आत्मज्ञानद्वारा नै जीवन सफल हुन्छ भन्दै चैतन्यको माध्यमद्वारा रसधारा भेटाउन सकिन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । *परावर्तन* निबन्धको विश्लेषणका क्रममा सम्पूर्ण चराचर जगत् ब्रह्मतत्त्वमा अडिएको छ भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि सहयोगी रहेको छ ।

नरेन्द्र पराशर (२०७४) ले 'शुभभावना' शीर्षकको लेखमा *जीवन अनुभूति* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *परावर्तन* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका माया, ब्रह्म, जीवन, आत्मा, प्राण, साधना, भक्ति र सिद्धि, पाप र धर्म, अध्यात्म र विकास जीवनका अनुभूतिजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा तप, साधना, भक्ति र सिद्धका माध्यमबाट आत्मशान्ति सम्भव भएको कुरा औँल्याउँदै अनाहत नादको श्रवणले साधकलाई शान्त भएर जीवन र जगत्को यथार्थबोध हुने कुरासमेत चर्चा गरिएको छ । *परावर्तन* निबन्धको विश्लेषणका क्रममा सांसारिक प्रपञ्च, काम, क्रोध, लोभ, मोह, अहङ्कार नै बन्धन भएको कुरा औँल्याउँदै निबन्धमा यी सम्पूर्ण कुराबाट मुक्त भएर मात्र आत्मचिन्तन वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

राजेन्द्र सुवेदी (२०७४) ले 'सत्य संलाप र चापागाइँको निबन्ध चेतना' शीर्षकको लेखमा *सत्य संलाप* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *सत्य संलाप* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टिको स्वरूप, कर्म, भाग्य, ब्रह्म, जीवनजगत्, तप, साधना, मृत्युजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा तपःसाधना नै ब्रह्मको सत्यता जान्ने माध्यम भएकाले निबन्धमा अष्टाङ्गयोगका साधनाद्वारा आत्मा वा ब्रह्मसाक्षात्कार हुन्छ भन्ने कुरासमेत देखाउँदै स्थावर, जङ्गम आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । *सत्य संलाप* निबन्धको विश्लेषणका क्रममा विश्वप्रकृतिका समग्र तत्त्वहरू एकआपसमा सम्बद्ध र सहयोगबाट

अस्तित्ववान् रहेको बताउँदै निबन्धमा सत्कर्मद्वारा नै ब्रह्म सत्य र जगत् मिथ्या भएको जान्न सकिन्छ त्यसले सत्कर्ममा जोड दिनुपर्दछ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि अर्थपूर्ण रहेको छ ।

राजेन्द्र सुवेदी (२०७४) ले 'विनयका निबन्धमा वैचारिक चेतना र निबन्ध कलाको समायोजन' शीर्षकको लेखमा *परावर्तन* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *परावर्तन* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टिको स्वरूप, पञ्चतत्त्व, प्रकृतिपुरुष, जीवनजगत्, आत्मा, मनजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा प्रज्ञा आत्मा र मनको प्रतिक्रियात्मक अभिव्यक्ति एवम् ज्ञानप्राप्तिको साधन हो भन्ने कुरासमेत देखाउँदै ज्ञान र कर्मद्वारा नै धर्म प्राप्त हुने सम्बन्धमा चर्चा गरिएको छ । *परावर्तन* निबन्धको विश्लेषणका क्रममा पञ्चतत्त्वबाट निर्मित शरीर नै विश्वप्रकृतिका नारी र पुरुषको निरन्तरता भएको कुरासमेत मान्दै प्रकृतिमा रज र बीजको समीकरणबाट तेस्रो जीवनको उत्पत्ति हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि सहयोग मिलेको छ ।

लक्ष्मणप्रसाद गौतम (२०७४) ले 'भनौँ कि नभनौँभित्र वस्तुसौन्दर्यको उपस्थापन र लालित्य' शीर्षकको लेखमा *भनौँ कि नभनौँ* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् र यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पूर्वीय दर्शनका आत्मा, ब्रह्म, मन, कर्म जीवनदर्शनजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा जीवनदर्शनको अभिव्यक्ति र वैयक्तिक जीवनका अनुभूतिमा दार्शनिक चेतना भएको कुरासमेत औंल्याउँदै अनुभूतिको गहिराइद्वारा रहस्यको पत्रपत्र पाइनेहुँदा गीतादर्शनका विचारका माध्यमबाट अमूर्त मनको अन्तर्तहसम्म पुगेर छाम्न सकिने कुरा यहाँ प्रस्तुत गरिएको छ । *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा आत्मा वा मनलाई नै सम्पूर्ण कुराको केन्द्र र बन्धन मान्दै मनलाई नियन्त्रण गर्न सकेमात्र सांसारिक प्रपञ्चबाट मुक्त भई आत्मा, परमात्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने गीतादर्शनको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

विदुर चालिसे (सन् २०१९) ले 'बौद्धिकतापरक आयाममा भ्याम्ली बाखाको पाठोको विश्लेषण' शीर्षकको लेखमा *भ्याम्ली बाखाको पाठो* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन,

योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *भ्याम्ली बाखाको पाठो* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका जीवनजगत्, सृष्टिउत्पत्ति, सुख, दु:ख, सुर, असुर, धर्म, अधर्म, बन्धनजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा ब्रह्माण्ड रहस्यको सञ्जाल भएकाले प्रकृतिले जीवनको सिर्जना गरिदिएको हुँदा सृष्टिको उत्पत्ति एकमात्र चेतन ब्रह्मबाट भएको हो भन्ने कुरासमेत देखाउँदै मानवभित्र नै देवता, असुर, धर्म, अधर्म, मोह रहने सम्बन्धमा पनि चर्चा गरिएको छ । *भ्याम्ली बाखाको पाठो* निबन्धको विश्लेषणका क्रममा मोह नै बन्धनको कारण मान्दै मोहबाट मुक्त भएर मात्र आत्मचिन्तन हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि सहयोग मिलेको छ ।

नारायण चालिसे (२०७५) ले 'पौरस्त्य एवम् पाश्चात्य दर्शनका मूलभूत स्थापनाहरू' शीर्षक लेखमा पौरस्त्य दर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू* पुस्तकमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, बन्धन, मोक्ष, सुख, दु:ख, जन्म, ब्रह्म, ईश्वर, जीव, जीवात्मा, परमात्मा, आत्माजस्ता मान्यताका आधारमा पनि उक्त पुस्तकमा विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा ब्रह्मलाई एकमात्र सत्य र जगत्लाई मिथ्या भएको कुरा औंल्याउँदै पुस्तकमा जगत् आभासमात्र हुने हो भन्ने कुरासमेत देखाउँदै मायाद्वारा प्रभावित जगत् अज्ञानताले सत्यजस्तो प्रतीत हुन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । यहाँ आत्मा, ब्रह्म, जीव, सांसारिक प्रपञ्च, ईश्वरको निराकार एवम् साकार स्वरूप, आत्मा र जीवात्माको सम्बन्ध, स्थूलजगत् र सूक्ष्मजगत् अभिव्यक्ति आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । 'पौरस्त्य एवम् पाश्चात्य दर्शनका मूलभूत स्थापनाहरू'को विश्लेषणका क्रममा भौतिक प्रपञ्च, तत्त्वज्ञानको अभाव र मायाको भ्रान्तिलाई बन्धन मान्दै सांसारिक प्रपञ्च र तत्त्वज्ञानले अविद्याको नाशद्वारा मुक्त भएर मात्र जीव, आत्मा जीवात्मा, परमात्मा, ईश्वर वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले निबन्धको विधागत रूपमा निबन्धको अध्ययन नभए पनि प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त सैद्धान्तिक आधार निर्माण गर्न महत्त्वपूर्ण भएको छ ।

गोपीकृष्ण शर्मा (२०७६) ले 'विकुश र उनका निबन्धहरू' लेखमा *खोल* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *खोल* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका जीवनजगत्, सृष्टिउत्पत्ति, सृष्टिको स्वरूप, प्रकृतिपुरुष, पञ्चतत्त्व, सुख, दु:ख, धर्म, बन्धन, मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा कुनै पनि वस्तुको

बाह्यआवरण खोल भएको कुरा औंल्याउँदै भौतिक वस्तुजस्तै मानव शरीर पनि बन्धन हो र आत्मा, ब्रह्म, स्थूलजगत् एवम् सूक्ष्मजगत् आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । यसक्रममा मन, बुद्धि, विवेक नै आन्तरिक भएकाले मनलाई नियन्त्रण गर्न सकिने कुरासमेत देखाउँदै धर्म, अर्थ, काम, मोक्ष, स्वर्ग प्राप्ति जीवनको चरमलक्ष्य भएको कुरा प्रस्तुत गरिएको छ । यहाँ निबन्धको विश्लेषणका क्रममा प्रकृति र पुरुष नै जगत्को कर्ता, भोक्ता र सञ्चालक भएकाले यी दुईको योगबाट नै सृष्टिसञ्चालन हुने कुरा औंल्याउँदै अदृश्य शक्तिले नै सृष्टिसञ्चालन गर्दछ भन्ने कुराको निष्कर्ष प्रस्तुत गरिएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले निबन्धको विधागत अध्ययनमा प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त आधार निर्माण गर्न महत्त्वपूर्ण भएको छ ।

ठाकुर शर्मा भण्डारी (२०७६) ले 'खोल निबन्धसन्दर्भ' शीर्षकको लेखमा निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *खोल* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका जगत्, सृष्टि, स्थिति, तपसाधना, मन, ब्रह्म, बन्धनजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा जीवन नै खोल हो र यो विश्वप्रकृतिभित्र नै सम्पूर्ण कुरा अडिएको छ भन्ने कुरासमेत देखाउँदै मन, बुद्धि र विवेक नै अन्तर्जगत् भएकाले तिनका माध्यमबाट प्रज्ञा प्राप्त गर्न सकिने कुराको पनि चर्चा गरिएको छ । *खोल* निबन्ध विश्लेषणका क्रममा ब्रह्मलाई सत्य र अनेकमा एक भएको एवम् ब्रह्म नै सृष्टिको साधनाकेन्द्र हुने कुरासमेत देखाउँदै ब्रह्मद्वारा नै सृष्टिनिर्माण हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त आधार निर्माण गर्न सहयोगी भएको छ ।

ज्ञानु अधिकारी (२०७६/०७७) ले *योगमाया उपन्यासमा योगदर्शन र वेदान्तदर्शन* शीर्षकको अप्रकाशित लघुअनुसन्धान प्रतिवेनमा *योगमाया* उपन्यासमा अभिव्यञ्जित योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेकी छन् । यसक्रममा उनले *योगमाया* उपन्यासमा प्रस्तुत भएका पौरस्त्य दर्शनका ब्रह्म, जगत्, आत्मा, दुःख, बन्धन र मोक्षजस्ता मान्यताका आधारमा पनि उक्त उपन्यासको विश्लेषण गरेकी छन् । यस पूर्वाध्ययनमा ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या भएको कुरा औंल्याउँदै उपन्यासमा जगत् आभासमात्र हुने हो भन्ने कुरासमेत देखाउँदै आत्मा, ब्रह्म, जीव, सांसारिक प्रपञ्च, ईश्वरप्रतिको आस्था, आत्मा र जीवात्माको सम्बन्ध, स्थूल जगत् र सूक्ष्म जगत्को अभिव्यक्ति आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । *योगमाया* उपन्यासको विश्लेषणका क्रममा भौतिक प्रपञ्चलाई बन्धन मान्दै सांसारिक प्रपञ्चबाट मुक्त भएरमात्र जीव, आत्मा, परमात्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य उपन्यासको अध्ययनमा केन्द्रित भएकाले विधागत रूपमा निबन्धको

अध्ययन नभए पनि प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका लागि उपयोगी रहेको छ ।

अरुणबहादुर खत्री (२०७७) ले 'भनौँ कि नभनौँ' शीर्षकको लेखमा *भनौँ कि नभनौँ* निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले *भनौँ कि नभनौँ* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका जीवनजगत्, तपसाधना, मन, बन्धनजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा भौतिक शरीर नष्ट भए पनि विचार र विवेक सदा अमर हुने कुरासमेत देखाउँदै आत्माको अभिव्यक्तिका सम्बन्धमा पनि चर्चा गरिएको छ । *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा मन नै सम्पूर्ण कुराको केन्द्र भएको मान्दै प्रज्ञाद्वारा आत्मदर्शन, आत्मसाक्षात्कार गर्न सकिन्छ भन्ने चिन्तन प्रस्तुत गरिएको छ । यहाँ *भनौँ कि नभनौँ* निबन्धको विश्लेषणका क्रममा नियतिहरू बाध्यताले आउने कुरा औंल्याउँदै यी साँचो नपाउञ्जेल बन्धनमा परिरहन्छ साथै अविद्याको नाशद्वारा नै मुक्त भएर ब्रह्म, आत्मासँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य निबन्धको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका निमित्त प्रतिमान वा दर्शनका मान्यताका निर्धारण र विषयगत विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

ज्ञानु अधिकारी (२०७७) ले *आधुनिक नेपाली आत्मपरक निबन्धका प्रवृत्ति* शीर्षकको अप्रकाशित अनुसन्धान प्रतिवेदनमा 'आधुनिक नेपाली आत्मपरक निबन्ध' निबन्धमा अभिव्यञ्जित योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेकी छन् । यसक्रममा उनले 'आधुनिक नेपाली आत्मपरक निबन्ध' निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका ईश्वर, जीवन, जन्म, मृत्यु, सुख, दुःख, ब्रह्म र जगत्प्रतिको मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेकी छन् । यस पूर्वाध्ययनमा ब्रह्मको सत्यता र जगत्को क्षणभङ्गुरता भएको कुरा औंल्याउँदै ॐको महिमाज्ञानका साथै ईश्वरसम्बन्धी चिन्तन, जन्म र मृत्युप्रतिको धारणाका सम्बन्धमा पनि चर्चा गरिएको छ । 'आधुनिक नेपाली आत्मपरक निबन्ध' निबन्धको विश्लेषणका क्रममा अध्यात्मवादी भौतिकवादी दृष्टिकोणका साथै जगत्प्रतिको मान्यतालाई पनि प्रस्तुत गर्दै जीवनको नश्वरता र आत्माको अमरता हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत भएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त आधार निर्माण गर्न महत्त्वपूर्ण भएको छ ।

नारायणप्रसाद गड्तौला (२०७८) ले 'दर्शन र साहित्य' शीर्षकको लेखमा पूर्वीय वैदिक मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले पौरस्त्य दर्शनका जीव, ईश्वर, जीवनजगत्, जन्म, मृत्यु, इह, पर, बन्धन, मोक्ष, शरीर, आत्माजस्ता मान्यताहरूको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा दर्शन शब्दको निर्माण र अर्थका साथै ईश्वरचिन्तन, महात्मा, जीवनजगत्लाई औंल्याउँदै लेखमा पौरस्त्य दर्शन सर्वप्राचीन दर्शन

हो तर यसको चिन्तन परम्परा भने पाश्चात्य रहेको कुरा चर्चा गरिएको छ । 'दर्शन र साहित्य' शीर्षकको लेखमा दर्शन र साहित्यको विश्लेषणका क्रममा दर्शन सत्यको अनुसन्धान भएको औंल्याउँदै यो बुद्धिनिष्ठ, वस्तुगत, प्रत्यक्षात्मक, बुद्धिग्राह्य र चेतनाको अभिव्यक्ति भएको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले निबन्धको विधागत रूपमा निबन्धको अध्ययन नभए पनि प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त सैद्धान्तिक आधार निर्माण गर्न महत्त्वपूर्ण भएको छ ।

लक्ष्मणप्रसाद गौतम (२०७८) ले 'वैदिक षड्दर्शनका प्रमुख मान्यता' शीर्षकको लेखमा पूर्वीय वैदिक षड्दर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा उनले पौरस्त्य दर्शनका जीवनजगत्, सृष्टि, स्थिति र लय, प्रकृतिपुरुष, ईश्वर, ब्रह्म, माया, जीव, जीवात्मा, जगत्, बन्धन, मोक्ष, आत्मा, परमात्माजस्ता वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा जगत्को आदिकारण प्रकृति र पुरुषलाई मान्दै प्रकृति र पुरुषको सहकार्यमा नै संसारको सृष्टि, स्थिति र लय हुन्छ भन्ने सृष्टिचिन्तन प्रस्तुत भएको छ । यस लेखमा ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या भएको कुरा देखाउँदै जगत् आभासमात्र हुने कुरासमेत उल्लेख गर्दै आत्मा, ब्रह्म, जीव, सांसारिक प्रपञ्च, ईश्वरप्रतिको दृष्टिकोण, आत्मा र जीवात्माको सम्बन्ध, स्थूलजगत् र सूक्ष्मजगत्को अभिव्यक्ति आदिका सम्बन्धमा पनि चर्चा गरिएको छ । 'वैदिक षड्दर्शनका प्रमुख मान्यता'को विश्लेषणका क्रममा भौतिक प्रपञ्चलाई बन्धन मान्दै अष्टाङ्गयोगका साधनाद्वारा सांसारिक प्रपञ्चबाट मुक्त हुन सकिने कुरासमेत औंल्याउँदै ईश्वर, जीव, आत्मा, जीवात्मा, परमात्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले विधागत रूपमा निबन्धको अध्ययन नभए पनि प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त सैद्धान्तिक आधार निर्माण गर्न सहयोग मिलेको छ ।

रमेश शुभेच्छु (२०७९) ले 'राजेन्द्र सुवेदीको निबन्ध सिर्जना यात्रा र प्रवृत्ति' शीर्षकको लेखमा राजेन्द्र सुवेदीका निबन्धमा अभिव्यञ्जित साङ्ख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनका मान्यताहरूको विश्लेषण गरेका छन् । यसक्रममा *जीवन-गोप्य सिलबन्दी खाम* निबन्धमा प्रस्तुत भएका पौरस्त्य दर्शनका सृष्टि, सृष्टिको स्वरूप, प्रकृतिपुरुष, पाञ्चतत्त्व, पदार्थचिन्तन, बन्धन, मोक्ष, जन्म, पुनर्जन्म, मृत्यु, महाप्रयाणजस्ता मान्यताका आधारमा पनि उक्त लेखमा विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा जीवनजगत्का साथै भौतिक शरीरको नश्वरता र आत्माको अमरता भएको कुरा औंल्याउँदै निबन्धमा ब्रह्मको सत्यता र जगत्को अनित्यता तथा मृत्युको सत्यताको अभिव्यक्ति आदि सम्बन्धमा पनि चर्चा गरिएको छ । *जीवन-गोप्य सिलबन्दी खाम* निबन्धको विश्लेषणका क्रममा मानव स्वयम् नै बन्धन र मोक्षको कारण भएको औंल्याउँदै सृष्टिको उषाकालदेखिको यात्रा महाप्रयाणको यात्रा भएकाले सिर्जनशील जगत्को

यात्रा चरैवेतिको यात्रा हो र यसमा आउनेजाने क्रम चलिरहने कुरासमेत प्रस्तुत गरिएको छ । यहाँ निबन्धको विश्लेषण गर्ने क्रममा मन नै बन्धन र मोक्षको कारण मान्दै इन्द्रियप्रत्यक्ष ज्ञानद्वारा मुक्त भएर मात्र आत्मा वा ब्रह्मसँग साक्षात्कार हुन्छ भन्ने निष्कर्ष प्रस्तुत भएको छ । यो पूर्वकार्य पौरस्त्य दर्शनको अध्ययनमा केन्द्रित भएकाले प्रस्तुत शोधकार्यमा निबन्धको विश्लेषणका प्रतिमान वा दर्शनका मान्यताको निर्धारण र विषयगत विश्लेषणका निमित्त आधार निर्माण गर्न महत्त्वपूर्ण भएको छ ।

प्रमोद प्रधान (२०७९) ले 'आत्मपरक निबन्धको आस्वादन : फरकफरक स्वाद' शीर्षकको लेखमा पौरस्त्य दर्शनका जीवनजगत्, अक्षरब्रह्मजस्ता मान्यताका आधारमा पनि उक्त निबन्धको विश्लेषण गरेका छन् । यस पूर्वाध्ययनमा निबन्धकारका आआफ्नै वैचारिक चिन्तन र चेतनाअनुरूप जीवनजगत्का अनुभव र अनुभूतिलाई दार्शनिक पाराले विश्लेषण गरिएको कुरा देखाइएको छ । उनले प्रत्येक निबन्धकारहरूले दिएको योगदानको चर्चा गर्दै पौरस्त्य एवम् पाश्चात्य दुवै दर्शनको संयोजन रहेका यी निबन्धहरूमा जीवन र जगत्का विभिन्न अनुभव र अनुभूतिलाई दार्शनिक कोणबाट विश्लेषण गरेको बताएका छन् । प्रस्तुत शोधमा यो सामग्री साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तनको व्याख्याका लागि आंशिक रूपमा सहयोगी सिद्ध भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा थुप्रै विद्वान् समीक्षकहरूले अध्ययन, अनुसन्धान तथा समीक्षाहरू गरेको पाइन्छ । यी पूर्वाध्ययन 'साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तन' शीर्षकसँग केन्द्रित रहेर अध्ययन भएको पाइँदैन । उपर्युक्त पूर्वाध्ययनहरूले साठीको दशकयताका नेपाली निबन्धमाथि विभिन्न विद्वान्हरूद्वारा भएको केही अध्ययनको रूपरेखा देखाएका छन् तापनि पौरस्त्य दर्शनको सैद्धान्तिक आधारमा व्यवस्थित अध्ययन भने भएको पाइँदैन । उपर्युक्त अध्ययनहरूले साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तनका उद्देश्य पूरा गर्न मार्गनिर्देशन प्रदान गरेका छन् । उपर्युक्त अध्ययनबाट साठीको दशकयताका नेपाली निबन्धमा साङ्ख्यदर्शनको प्रकृति र पुरुष, वेदान्तदर्शनको बन्धन, मोक्ष, जीव, जीवात्मा, आत्मा, ब्रह्म, ईश्वर, भाग्य, कर्म, आदि पक्षबारे सामान्य चर्चा भएको कुरा स्पष्ट हुन्छ । साठीको दशकयताका नेपाली निबन्धमा व्यवस्थित, वस्तुनिष्ठ र वैज्ञानिक तरिकाले सृष्टिचिन्तन, बन्धन र मोक्ष, आत्मा, ब्रह्म वा ईश्वरचिन्तनका बारेमा ठोस अध्ययन भएको पाइँदैन, त्यसैले पूर्वीय दर्शनका आधारमा साठीको दशकयताका नेपाली निबन्धको अध्ययन गरिएको हो ।

## १.५ शोधको औचित्य र महत्त्व

'साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तन' प्रस्तुत शोधकार्यको मुख्य विषय हो । साठीको दशकयताका नेपाली निबन्धकाहरूका बारेमा भएका पूर्वाध्ययनबाट प्रस्तुत शोध्यविषयलाई सामान्य रूपमा विवेचना भएको पाइए पनि क्रमिक र व्यवस्थितरूपले पौरस्त्य दर्शनको अध्ययन भएको देखिंदैन । 'साठीको दशकयताका नेपाली

निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तन' का बारेमा व्यवस्थित र विस्तृत अध्ययन नभएकाले त्यस शोधरिक्तताको परिपूर्तिका लागि यो शोधप्रबन्ध तयार पारिएको हो । यस आधारमा प्रस्तुत विश्लेषण गरी तयार गरिएको शोध औचित्यपूर्ण रहेको देखिन्छ । त्यसैले प्रस्तुत विषय अध्ययनीय रहेकाले पौरस्त्य दर्शनका जगत्चिन्तन, बन्धन र मोक्षचिन्तन, आत्मा, ब्रह्मका ज्ञानका बारेमा अध्ययन गरिएको अध्ययनबाट नवीन ज्ञान प्राप्तिका लागि आधार हुनेभएकाले पनि यो अध्ययन औचित्यपूर्ण रहेको छ । प्रस्तुत अध्ययन साठीको दशकयताका नेपाली निबन्धमा अन्तर्निहीत जगत्चिन्तन, बन्धन र मोक्षचिन्तन, आत्मा, ब्रह्मसम्बन्धी विषयहरूको ज्ञान हासिल गर्न सहयोगी बनेको छ । यस अध्ययनबाट एकातिर पौरस्त्य दर्शनमा केन्द्रित भएर निबन्धको अध्ययन अनुसन्धान गर्ने पाठक, शोधार्थी आदिका लागि उपयोगी सामग्री हुने देखिन्छ भने अर्कातिर विश्वविद्यालयका उच्चतह र अन्य प्राज्ञिक क्षेत्रका लागि पनि यसको उपयोगिता स्पष्ट रूपमा देखिन्छ । नेपाली निबन्धका विविध पक्षमा केन्द्रित भएर अध्ययन भए पनि पौरस्त्य दर्शनका जगत्, मोक्ष र ब्रह्मसम्बन्धी मान्यतामा केन्द्रित भएर कुनै अनुसन्धान नभएकाले प्रस्तुत अध्ययन उपयोगी, महत्त्वपूर्ण र औचित्यपूर्ण देखिन्छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत 'साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तन' शीर्षकको शोधप्रबन्ध दर्शनपरक विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन साठीको दशकयताका निबन्धको अध्ययनमा केन्द्रित छ र यहाँ २०६२/०६३ देखि २०७९ सम्मका निबन्धलाई आधार बनाइएको छ र यस अवधिका निबन्धहरूमा नेपाली साहित्यमा पौरस्त्य दर्शनका पूर्वीय दर्शनका जगत्, मोक्ष र ब्रह्मसम्बन्धी चिन्तनको मात्र विश्लेषण गरिएको छ । यस कार्यका लागि करिब दुईसयभन्दा बढी निबन्धको अध्ययन गरी तीमध्येबाट जगत्, मोक्ष र ब्रह्मसम्बन्धी चिन्तन सघन रूपमा अभिव्यक्त भएका असीवटा निबन्धलाई सोद्देश्य नमुना छनोटविधिद्वारा विश्लेषणका लागि चयन गरिएको छ । यी निबन्धमा पूर्वीय दर्शनका साङ्ख्य योग, वैशेषिक र वेदान्त दर्शनका मान्यताहरू अभिव्यक्त भए पनि यहाँ उक्त सबै दर्शनले बताएका जगत्, मोक्ष र ब्रह्मसम्बन्धी चिन्तनलाई मात्र आधार बनाएर अध्ययन गरिएको छ ।

## १.७ सैद्धान्तिक आधार र विश्लेषण ढाँचा

पूर्वीय भन्नाले आर्यावर्त क्षेत्र, भरतवर्ष, दक्षिण एसिया भन्ने बुझिन्छ भने दर्शन भन्नाले बौद्धिकतापरक गम्भीर चिन्तन मनन गर्नु र सत्यको खोजी गर्नु भन्ने रहेको छ । पौरस्त्य दर्शनको पृष्ठभूमि मानिसको चेतना र चिन्तनसँग सम्बन्धित भए पनि दर्शनशास्त्रका अनेकौं हाँगाहरू एवम् पद्धति रहेका छन् र पूर्वीय षड्दर्शन मूलतः वेद र उपनिषद्मा आधारित रहेका छन् । संसारकै सर्वप्राचीन ग्रन्थ ऋग्वेदलाई दर्शनको मूल जरो वा सृष्टि मानिएको छ । ईश्वर, जगत्, ब्रह्म, बन्धन, मोक्ष, आत्मा, परमात्मा, जीव के हो ?

यी सम्पूर्ण कुराको मूल आधार नै वेद हो । दर्शन पूर्वीय वैदिक दर्शन र अवैदिक दर्शन गरी दुई प्रकारका रहेका छन् । आस्तिक वा आध्यात्मिक दर्शन वेदमा आधारित छन् भने नास्तिक दर्शन भौतिक दर्शन हो । पौरस्त्य दर्शनअन्तर्गत षड्दर्शनभित्र सृष्टि, स्थिति, प्रलय, ईश्वर, जगत्, ब्रह्म, जीव, आत्मा, परमात्मा, बन्धन, मोक्ष, कर्म, भाग्य, जन्म, पुनर्जन्म, पाप, पुण्य पर्दछन् । प्रस्तुत शोधका लागि पौरस्त्य दर्शनका प्रमुख मान्यता वा विषयलाई मूल सैद्धान्तिक आधार स्वीकार गरिएको छ ।

साङ्ख्यदर्शन महर्षि कपिलद्वारा प्रतिपादित सर्वप्राचीन तत्त्वपूर्ण दर्शन हो । यस दर्शनको मूलग्रन्थ *षष्ठितन्त्र* नभेटिए पनि उनको प्रमाणका रूपमा भेटिएका *साङ्ख्यसूत्र* र *साङ्ख्यकारिका* हो । साङ्ख्य भनेको सम्यक्ज्ञान अर्थात् प्रकृति र पुरुषबीचको भिन्नताका ज्ञान भन्ने उल्लेख गरेको पाइन्छ । साङ्ख्यदर्शनको मतअनुसार मूलप्रकृतिका सत्त्व, तम र रज तीन गुण जब साम्यावस्थामा रहन्छ, तब प्रलयको स्थितिमा रहन्छ (आचार्य, २०५७, पृ. १३) भनेर साङ्ख्य एवम् योगदर्शनमा उल्लेख गरेको पाइन्छ । यहाँ सत्त्व, तम र रज त्रिगुणको साम्यावस्था प्रकृतिमा हलचल पैदा हुन्छ र जगत्को उत्पत्ति हुन्छ भनिएको छ । खास गरेर मूलप्रकृति र पुरुषको अतिरिक्त अन्य कुनै शेष छैन । विशेष गरेर जब प्रकृतिमा हलचल पैदा हुन्छ तब गुणको प्रधानताले तत्त्व (बुद्धितत्त्व) को उद्भव हुन्छ र यसमा रजोगुणको प्रबलताले अहङ्कारको तथा अहङ्कारमा तमोगुणको प्रधानताको कारण पञ्चतन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) को उत्पत्ति हुन्छ (आचार्य, २०५७, पृ. १३) । तमोगुणको प्रबलताका कारण पञ्चमहाभूतको प्रादुर्भाव हुन्छ र सृष्टिको निर्माण हुने कुरा बताइएको छ । साङ्ख्यको कोणबाट हेर्दा दुवै प्रकृति र पुरुष नै मुख्य सृष्टिनिर्माणकर्ता भएको उल्लेख भएको छ ।

महर्षि पतञ्जलिद्वारा प्रतिपादित योगदर्शनलाई तत्त्वपूर्ण दर्शन मानिएको छ । ‘योगसूत्र’ यस दर्शनको मूलग्रन्थ रहेको छ र यसलाई योगदर्शन पनि भनिएको पाइन्छ । ‘चित्तवृत्ति’ निरोध गर्नु नै योग हो भनेर *योगसूत्र*मा उल्लेख गरिएको छ । खास गरेर तपस्या, स्वाध्याय, ईश्वर, प्रणिधानलाई योग भनिएको छ (पतञ्जली, २०१०, पृ. १३) । योगदर्शनमा अष्टाङ्गयोगको विशेष चर्चा गरिएको पाइन्छ । यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि नै अष्टाङ्गयोग हुन् (पतञ्जली, २०१०, पृ. ३६-४०) । यिनै अष्टाङ्गयोगको साधना गरेर चित्तवृत्तिको निरोध गरी बन्धनबाट मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने मान्यता योगदर्शनको रहेको छ । यस दर्शनमा ईश्वर, बन्धन, मोक्ष, आत्मा आदिको व्याख्यासमेत प्रस्तुत गरेको पाइन्छ । यस दर्शनअनुसार साधनाद्वारा समाधिको तहसम्म पुगेर ब्रह्मपाद प्राप्त गर्नु नै योग रहेको छ । यो भौतिक संसार दुःखमय रहेको छ । आधिभौतिक, आधिदैविक र अध्यात्मिक तीन किसिमका दुःखबाट मुक्ति पाउनु नै मोक्ष हो (माधवाचार्य, सन् २०१२, पृ. ६२८) । मन, बुद्धि, अहङ्कारको समष्टि नै चित्त हो र चित्त शुद्धि नभएसम्म ज्ञानमार्गमा अघि बढ्न सकिँदैन र ज्ञान नभएसम्म मुक्ति सम्भव हुँदैन भन्ने मान्यता यहाँ प्रस्तुत भएको छ । योगद्वारा नै चित्तिवृत्ति शुद्ध र स्थिर बनाउन अष्टाङ्गयोगलाई मुख्य साधन मानिएको छ । चित्त चञ्चल भइरहँदा त्यसले दुःख दिइरहन्छ र दुःखबाट मुक्तिका

लागि चित्तवृत्तिको निरोध गरी समाधिको अवस्थासम्म पुग्नुपर्छ (माधवाचार्य, २०१२, पृ. ६३०) । चित्तलाई तीन अवस्थाबाट माथि उठाएर पहिले एकाग्र अवस्थामा र त्यसपछि निरूद्ध अवस्थामा पुऱ्याउनु नै योगसाधना हो भन्ने मान्यता योगदर्शनको रहेको छ ।

पौरस्त्य दर्शनमध्ये सर्वाधिक तत्त्वपूर्ण सिद्धान्त वेदान्तदर्शनका प्रतिपादक महर्षि वेदव्यास रहेका छन् । वेदव्यासद्वारा रचित *ब्रह्मसूत्र* नै यसको मूलग्रन्थ रहेको छ । यसलाई *वेदान्तसूत्र* पनि भनिएको पाइन्छ । अरू दर्शनले वेदलाई मानेको भए पनि वेदान्तदर्शनको आदिस्रोत नै वेद र उपनिषद् रहेको छ । *ब्रह्मसूत्र*मा ब्रह्मलाई सत्य र जगत्लाई मिथ्या मानिएको छ (वेदव्यास, सन् २०१०, पृ. ३८) । *ब्रह्मसूत्र*मा ब्रह्म, जीव र जगत्सम्बन्धी मान्यता रहेका छन् । वेदान्तशास्त्रको मूलविषय जीवात्मा र ब्रह्मको ऐक्यभावलाई देखाउनु हो (माधवाचार्य, सन् २०१२, पृ. ६७३) । वेदान्तदर्शनअन्तर्गत ब्रह्म, माया, जीव, जगत्, मोक्ष आदि मुख्य विषय रहेका छन् साथै आत्मा, जन्म, पुनर्जन्म, सुख, दुःख आदिलाई पनि अन्य विषयका रूपमा उल्लेख गरेको पाइन्छ । यस दर्शनअनुसार ब्रह्म एउटै छ र त्यो सत्, चित तथा आनन्दमय हुनाका अतिरिक्त अनिर्वचनीय र अव्याख्येय रहेको छ । जीव आत्माको आभास मात्र हो, जब आत्माको छाया अविद्यामा पर्छ, त्यतिबेला आत्मालाई जीव नामले पुकारिन्छ (गिरी, २०५५, पृ. ५६) । वेदान्तदर्शनमा माया भनेको भ्रम हो, ज्ञान भएपछि भ्रम हट्छ र जगत्को सत्यता थाहा हुन्छ भन्ने मान्यता रहेको छ ।

पौरस्त्य दर्शनले जीवन र जगत्सम्बन्धी व्यावहारिक नियमका बारेमा बोल्ने र तिनमा मानिसको दृष्टिकोण निर्माण गर्ने काम गरेको छ । यस दर्शनले जीवन र जगत् अर्थात् चेतना र पदार्थको भिन्नता औँल्याइ विश्वदृष्टि समेत निर्माण गरेको पाइन्छ । ईश्वर के हो ? जीवनजगत् के हो ? बन्धन र मोक्ष के हो ? जीव, माया, आत्मा, परमात्मा, कर्म, भाग्य, जन्म, पुनर्जन्म आदि यावत् कुराको मार्गनिर्देशन गरेको छ । भौतिक संसार जड र बन्धनयुक्त छ भने ब्रह्म र आत्मा एकै भएकाले ब्रह्मजस्तै आत्मा सच्चिदानन्दस्वरूप हो र यो चेतन तत्त्व हो । पौरस्त्य दर्शनअनुसार जगत् मिथ्या र ब्रह्ममात्र सत्य भएकाले त्यो ब्रह्म अर्थात् सत्यको प्राप्तिलाई मोक्ष भनिएको छ । सम्पूर्ण कुरा अज्ञात शक्तिले सञ्चालन गरिरहेको छ भन्ने मुख्य चिन्तनधारा रहेको छ । यिनै पौरस्त्य दर्शनले स्थापित गरेका मान्यताका आधारमा साठीको दशकयताका नेपाली निबन्धमा व्यक्त जीवनजगत्-सम्बन्धी मान्यताको अध्ययन विश्लेषण गर्नु मुख्य अध्ययनको विषय बनाइएको छ । यिनै मान्यतामा रहेर प्रस्तुत शोधप्रबन्धमा पौरस्त्य दर्शनको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धमा विश्लेषणका लागि पौरस्त्य दर्शनका प्रमुख मान्यतालाई आधार बनाइएको छ र यसअन्तर्गत पनि साङ्ख्य र वेदान्त दर्शनका चिन्तनलाई मूल आधार बनाइएको छ भने योगदर्शन र वेदान्तदर्शनअन्तर्गतका बन्धन, मोक्ष, आत्मा, ब्रह्म वा ईश्वरलाई विश्लेषणको आधार बनाइएको छ । प्रस्तुत शोधमा शोधप्रश्नअनुसारका विश्लेषण ढाँचा यसप्रकार रहेको छ :

**(क) शोधप्रश्न (क) सँग सम्बद्ध विश्लेषण ढाँचा**

(अ) जगत्सम्बन्धी चिन्तन

(आ) जगत्को मिथ्यात्व

(इ) सृष्टिसम्बन्धी चिन्तन

(ई) सृष्टिको स्वरूप

(उ) सृष्टिको कार्यकारण सम्बन्ध

(ऊ) पञ्चमहाभूत र पञ्चतन्मात्रा

**(ख) शोधप्रश्न (ख) सँग सम्बन्धित विश्लेषण ढाँचा**

(अ) बन्धन

(आ) मोक्ष

**(ग) शोधप्रश्न (ग) सँग सम्बन्धित विश्लेषण ढाँचा**

(अ) जीव

(आ) आत्मा

(इ) ब्रह्म

(ई) ईश्वर

## १.८ अध्ययनविधि

अध्ययनविधिअन्तर्गत सामग्रीसङ्कलन र विश्लेषणविधिलाई अलगअलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

### १.८.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधप्रबन्धको कार्यलाई प्रमाणिक निष्कर्षमा पुऱ्याउनका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन कार्यबाट गरिएको छ । 'साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तन' मा दर्शनको प्रयोग भएका निबन्धहरूलाई प्राथमिक सामग्रीका रूपमा चयन गरिएको छ र यसका पठनबाट लिइने सामग्री प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ भने सैद्धान्तिक सामग्रीका रूपमा यस अध्ययनका लागि कपिलमुनिको *साङ्ख्यदर्शन,* पतञ्जलिको *योगदर्शन,* गौतमको *न्यायदर्शन, कणादको वैशेषिक दर्शन,* जैमिनीको *मीमांसादर्शन,* शङ्करको *वेदान्तदर्शन र ईशादि नौ उपनिषद्*-लगायतका सामग्रीलाई आधार बनाइएको छ भने नेपाली तथा हिन्दी भाषामा लेखिएका पूर्वीय दर्शनसम्बन्धी सैद्धान्तिक सामग्रीलाई पनि आधार बनाइएको छ । यसका साथै निबन्धात्मक कृतिका बारेमा गरिएको अनुसन्धान, समीक्षा, समालोचना, विश्लेषण, टिप्पणी आदिलाई आवश्यकताअनुसार द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यी सबै किसिमका सामग्रीको उपयोग गरेर प्रस्तुत शोध सम्पन्न गरिएको छ ।

### १.८.२ विश्लेषणविधि

प्रस्तुत शोधप्रबन्धमा सङ्कलित सामग्रीको विश्लेषण गर्ने क्रममा यस साठीको दशकयताका नेपाली निबन्ध विश्लेषणका लागि पौरस्त्य दर्शनका मूल सैद्धान्तिक आधार आधार ग्रन्थका रूपमा रहेका छन् । साथै निबन्धमा पौरस्त्य दर्शनमा जगत्‌चिन्तन, बन्धन र मोक्षचिन्तन, आत्मा, ब्रह्मचिन्तन अध्ययनका लागि सामग्रीको मूलस्रोत पुस्तकालय रहेको छ । सङ्कलित सामग्रीको अध्ययनपश्चात् विश्लेष्य विषयलाई सूक्ष्म गहन अध्ययन गरी विश्लेषणविधिद्वारा उपयुक्त साक्ष्यका आधारमा अर्थापन गरिएको छ । यो विशुद्ध सैद्धान्तिक प्रकृतिको विश्लेषणमा केन्द्रित रहेको छ । विषयवस्तुका दृष्टिले साठीको दशकयताका नेपाली निबन्धको अध्ययन गरी विषयलाई प्रस्तुत गर्ने क्रममा आगमनात्मक विधिको प्रयोग गरिएको छ । यो साहित्यको अध्ययनमा आधारित भएकाले गुणात्मक अध्ययन पद्धतिमा आधारित रहेको छ । त्यसमा मूलतः पाठविश्लेषणका साथै सन्दर्भपरक विश्लेषण पद्धतिको प्रयोग गरिएको छ ।

## १.९ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको बाह्य संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकताअनुसार अन्य उपशीर्षक, सहायक शीर्षकमा समेत व्यवस्थापन गरिएको छ । प्रस्तुत शोधप्रबन्धका रूपरेखा यसप्रकार रहेको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : साठीको दशकयताका नेपाली निबन्धमा जगत्‌चिन्तन

तेस्रो परिच्छेद : साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षचिन्तन

चौथो परिच्छेद : साठीको दशकयताका नेपाली निबन्धमा जीव, आत्मा, ब्रह्म र ईश्वरचिन्तन

पाँचौँ परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# साठीको दशकयताका नेपाली निबन्धमा जगत्‌चिन्तन

## २.१ विषयप्रवेश

'साठीको दशकयताका नेपाली निबन्धमा जगत्‌चिन्तन' शीर्षकको प्रस्तुत परिच्छेदमा साठीको दशकयताका नेपाली निबन्धमा पौरस्त्य दर्शनका जगत्‌चिन्तनसम्बन्धी मान्यताका आधारमा साठीको दशकयताका नेपाली निबन्धको विश्लेषण गरिएको छ । यहाँ पौरस्त्य दर्शनका जगत्‌सम्बन्धी चिन्तनको विश्लेषण गरिएको छ । यसक्रममा साठीको दशकयताका नेपाली निबन्धमा अभिव्यञ्जित जगत्‌को मिथ्यात्व, सृष्टिसम्बन्धी चिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध र पञ्चमहाभूत एवम् पञ्चतन्मात्रासम्बन्धी दर्शनपरक विषयको विश्लेषण गरिएको छ । पौरस्त्य दर्शनका यिनै मान्यताका आधारमा साठीको दशकयताका नेपाली निबन्धको व्याख्या विश्लेषण गरिएको छ । पौरस्त्य दर्शनका जगत्‌अन्तर्गत सृष्टिसम्बन्धी चिन्तन र विषय केकसरी घटित भएका छन् र सृष्टिको स्वरूप, सृष्टिको कारण र कारकत्त्व, सृष्टिपरिवर्तनसमेत पूर्वीय दर्शनका यी मान्यताको खोजी, व्याख्या एवम् विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २.२ उपनिषद् र षड्‌दर्शनका जगत् र सृष्टिसम्बन्धी सैद्धान्तिक अवधारणा

पौरस्त्य दर्शन भन्नाले आर्यावर्त क्षेत्रमा विकसित दर्शन हो र यसको मूलस्रोत वेदलाई मानिएको छ । पौरस्त्य दर्शनअन्तर्गत साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तलाई मानिएको छ । यी षड्‌दर्शनका बारेमा बेग्लाबेग्लै चर्चापरिचर्चा गरिएको भए पनि यहाँ यिनै षड्‌दर्शनअन्तर्गत जगत्‌सम्बन्धी केकस्तो मान्यता रहेको छ त्यसमा केन्द्रित भएर अध्ययन गरिएको छ । पौरस्त्य दर्शनमा जगत् उत्पत्तिका सम्बन्धमा आआफ्नै मान्यता रहेको पाइन्छ । मानिसले आफ्नो इच्छा र आवश्यकताअनुसार भौतिक वस्तुनिर्माण गरे पनि ईश्वरले कसैको साथ नलिईकन स्वयम्‌ले विश्वजगत्‌को निर्माण गर्दछ भन्ने मान्यता पौरस्त्य दर्शनको छ । ईश्वर नित्य, अपरिवर्तनशील रहेको र जीवहरूको कर्मफलअनुसार उनीहरूलाई भोग सामग्री जुटाउन ईश्वर सृष्टि गर्दछन् (भट्ट, २०७२, पृ. ११०) । यस आधारमा हेर्ने हो भने प्रकृतिलाई गतिशील गराउने तत्त्व ईश्वर स्वतन्त्र छन् र उनीद्वारा नै कर्मफल सञ्चालित हुनेहुँदा शुभकार्यको राम्रो फल र अशुभकार्यको नराम्रो फल दिन्छन् यसर्थ जीवहरूको कर्मफलअनुसार सामग्री जुटाउन ईश्वरले सृष्टि गर्दछन् भनिएको छ । उपनिषद्‌मा शुभ अशुभकार्य गर्न जीव स्वतन्त्र भए पनि ईश्वर जगत्‌का निमित्त र उपादान वा मुख्य दुवै कारण हुँदा उनै ईश्वरबाट नै जगत्‌को सृष्टि हुन्छ भनिएको छ । सृजना गर्ने प्रक्रियामा ईश्वर प्रविधिको भन्दा इच्छामा नै निर्भर गर्छन् (भट्ट, २०७२, पृ. १११) । संसारका निर्माता ईश्वरबाट नै जगत्‌को निर्माण हुनेभएकाले सृष्टि ईश्वरको खेल हो भन्ने मान्यता यहाँ व्यक्त भएको पाइन्छ । उपनिषद्‌मा सृष्टिको प्रक्रिया एवम् क्रम आदिका बारेमा चर्चा

गर्दै सर्वशक्तिमान् परब्रह्म परमेश्वरको सङ्कल्पनाले मात्र यो प्रत्यक्ष देखिनेवाला विराट्स्वरूप जगत् आपसेआप प्रकट हुन्छ र सम्पूर्ण प्राणी तथा लोकको नाम, रूप र आहार आदि पनि उत्पन्न गर्दछ (गोयन्दका, २०६३, पृ. २१०) भनिएको छ । यहाँ परब्रह्म परमेश्वरको इच्छाले नै यो सम्पूर्ण जगत्को उत्पत्ति हुन्छ भनिएको छ । यसरी जगत्का निर्माता अरू कोही नभएर एकमात्र परब्रह्म परमात्मा भएको बताइएको छ । द्रष्टा, अनुभोक्ता र कल्पना शक्तिसम्पन्न व्यक्तित्वको दृष्टिले बेग्लाबेग्लै समय विभिन्न वक्ता र श्रोता, व्यक्तिपरक शैली, ज्ञानको क्षमता सृष्टि सिद्धान्तमा एकरूपता स्वाभाविक नै हो (भट्ट, २०७२, पृ. १११) । यसरी नै यो जगत्का सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता र नियामक तत्त्व ईश्वरलाई देवता अर्थात् भगवान् पनि भनिएको छ साथै ईश्वरले नै जगत्को निर्माण शून्यबाट गरेको हुन्छ भन्ने चिन्तन देखाइएको छ ।

ईश्वरबाट नै जगत्को सृष्टि हुनेहुँदा जगत् ब्रह्मको आभास मात्र हो, जगत् ब्रह्मको स्वरूप हो, जब ब्रह्म मायाद्वारा प्रभावित हुन्छ ईश्वर बन्दछ र यिनै ईश्वरबाट जगत्को निर्माण हुन्छ भनिएको छ । ब्रह्म यस नानारूपात्मक वस्तुजगत्को कारण हो र ब्रह्म जगत्लाई आफूबाट उत्पन्न गर्छ र आफूमा नै समेट्छ, जस्तो आगोका झिल्का या कणहरू आगोबाट निस्कन्छ अथवा जसरी माकुरो आफ्नै देहबाट उत्पन्न हुन्छन् र अन्तमा गएर ती उसैमा फर्किई विलीन हुन्छन् (भट्ट, २०७२, पृ. ११२) । उपनिषद्मा सगुण ब्रह्म ईश्वरबाट नै सृष्टिको प्रादुर्भाव हुनेहुँदा बाह्य सामग्रीको उपयोगिताबिना आफूमा नै जगत्को सृष्टि गर्दछ भन्दै आत्माबाट उत्पन्न जगत् आत्मामा नै विलीन हुन्छ भनिएको छ ।

उपनिषद्मा अज्ञात तत्त्व नै सृष्टिको कारण हो र यही अज्ञात तत्त्वले नै सृष्टिसञ्चालन गरेको हुन्छ भनी बताइएको छ । नासदीय सूक्तमा सृष्टिको आरम्भ त सत् थियो न असत् थियो न अन्तरिक्ष थियो न त व्योम नै थियो, न कुनै स्थान थियो न त कुनै प्रेरणा दिने वस्तु नै कतै पानी थियो, कतै अगाध खाडल थियो भन्न सकिन्न न मृत्यु थियो, न अमरत्व नै थियो, न रात थियो, न दिन नै थियो तर एउटै कुरा थियो, जो वायु नभएर पनि आफ्नो शक्तिको भरले सास फेरि फेरिरहन्थ्यो (भट्ट, २०७२, पृ. ११३) । यहाँ सृष्टिको प्रारम्भमा कुनै पनि तत्त्व वा वस्तु नभएकाले रिक्त, अनिर्वचनीय, अव्याख्येय रहेको र आफ्नै शक्तिमा अडिएको तत्त्वका रूपमा सृष्टिलाई चिनाइएको पाइन्छ । 'पुरुषसूक्त' मा पुरुषबाट नै जगत्को सृष्टि भएको मानिएको छ र त्यही पुरुषलाई प्रजापतिका रूपमा आरण्यक र ब्राह्मणग्रन्थमा वर्णन गरिएको छ भने साङ्ख्यले पुरुषलाई आत्मा मानेको छ । वेदान्तदर्शनले सगुण ईश्वरबाट नै सृष्टि भएको हो भनेको छ भने *प्रश्नोपनिषद्*मा षोडशकलात्मक पुरुषले प्राणीको सृष्टि गरेर त्यसबाट श्रद्धा, आकाश, वायु, ज्योति, पानी, पृथ्वी, इन्द्रिय, मन, अन्न, वीर्य, तप, मन्त्रहरू, कर्म, लोकहरू र नामको सृष्टि गरेको (भट्ट, २०७२, पृ. ११४) कुरा उल्लेख भएको पाइन्छ । यहाँ षोडशकलात्मक पुरुषबाट प्राणीको सृष्टि भएको र तत्पश्चात् पञ्चमहाभूतलगायतका तत्त्वहरूको सृष्टि गरेको कुरा देखाइएको छ ।

*मुण्डकोपनिषद्*मा तपलाई सृष्टिको मूलकारण स्वीकार्दै अमूर्त पुरुषबाट प्राणादिको उत्पत्ति भएको कुरालाई बताइएको छ । *तैत्तरीयोपनिषद्*ले परमात्मा एकै भए पनि धेरै हुँ भन्ने इच्छाले यो दृश्य वा अदृश्य दुवैथरीको सृष्टि गरेका हुन् भन्ने कुरालाई प्रष्ट पारेको देखिन्छ । *ऐतरेय उपनिषद्*मा कतिपय स्थलमा पनि सृष्टिको उत्पत्तिको उल्लेख गर्दै आत्माबाट जल र जलबाट पुरुष तथा पुरुषबाट विभिन्न इन्द्रियादिको उत्पत्ति (भट्ट, २०७२, पृ. ११५) भएको मान्यता देखाइएको छ । यहाँ आत्माबाट जल, जलबाट पुरुष र पुरुषबाट विभिन्न इन्द्रिय निर्माण भएको हो भन्ने कुरालाई प्रष्ट पारेको देखिन्छ ।

*छान्दोग्योपनिषद्*मा एकस्थलमा आकाशलाई सृष्टिको मूल बताइएको छ यसैमा कहीँ असत्बाट सत् र त्यसबाट अण्डा पैदा भई त्यसबाट चाँदी र सुवर्णरूपी अंशबाट पृथ्वी अन्तरिक्ष, अण्डज, स्थावर, उद्भिज, पर्वत, मेघ, नदीहरू र आदित्य पैदा भएको (भट्ट, २०७२, पृ. ११५) हो भनी बताइएको छ । यहाँ आकाशलाई सृष्टिको आदिकारण बताइएको भए पनि असत्बाट सत् र सत्बाट अण्ड र अण्डबाट चाँदी र सुवर्णरूपी अंशबाट समस्त स्थावर जङ्गमको उत्पत्ति भएको कुरालाई बताइएको छ । *बृहदारण्यकोपनिषद्*मा ब्रह्मबाट क्षेत्रीय आदि जाति र देवताहरू त कतै मैथुन सृष्टि र कतै माकुराको जालो पैदा हुन्छ त्यसरी नै आत्माबाट वाग्, प्राण, सम्पूर्ण लोक र प्राणीहरूको उत्पत्ति (भट्ट, २०७२, पृ. ११५-११६) भएको कुरालाई उल्लेख गरिएको छ । यहाँ माकुराको जालोको उदाहरण दिँदै आत्माबाट नै वाग, प्राण, प्राणी र समस्त चराचर जगत्को सृष्टि भएको हो भन्ने मान्यता प्रस्तुत गरिएको छ । सृष्टिलाई विश्वको अकर्म, वैशेषिकले काल, न्यायले परमाणु र योगले पुरुषबाट उत्पन्न भएको बताएको छ (भट्ट, २०७२, पृ. ११६) । यसरी विभिन्न दर्शनले सृष्टिको कारण अकर्म, काल, परमाणु र पुरुषलाई मानेको पाइन्छ ।

उपनिषद्मा सृष्टिको सम्बन्धमा व्यापक चर्चापरिचर्चा गरिएको भए पनि यो सम्पूर्ण चराचर जगत् अर्थात् यो विश्व त्रिवृत्करण वा (तीन तत्त्वहरूको संयुक्त रूप यौगिक मिश्रण) बाट बनेको हो (भट्ट, २०७२, पृ. ११६) भनी त्रिगुणात्मक प्रकृतिलाई नै सृष्टिको कारण मानेको पाइन्छ । यहाँ सत्त्व, रज र तम त्रिगुणको साम्यावस्थाका कारण प्रकृतिमा हलचल पैदा भई प्रलयको स्थिति उत्पन्न हुने कुरा औँल्याउँदै प्रकृतिमा विनाश हुन्छ र यो विनाश नभएर क्रियाशीलता हो भन्ने देखाउँदै सृष्टिलाई सिर्जनशील भनिएको कुरा बताइएको छ । सृष्टिको प्रक्रियामा विभिन्न तत्त्वमध्ये कसैले जलादि, कसैले पृथ्वी, आकाशादि, कहीँ प्राण, असत्, सत्, मृत्यु, पुरुष र आत्माबाट सृष्टिको विकास भएको बताइएको छ (भट्ट, २०७२, पृ. ११६) । यहाँ सृष्टिनिर्माणका विभिन्न तत्त्वहरूको चर्चा गर्दै जल, पृथ्वी, आकाश, प्राण, सत्, मृत्यु, पुरुष र आत्मा आदि विभिन्न तत्त्वबाट सृष्टिको उद्भव एवम् विकास भएको कुरालाई उपनिषद्मा चर्चा गरिएको छ । आत्माबाट विश्वको विकास एक अवस्थाअनुसार नै हुनेहुँदा प्रकृतिबाट पहिलो अनात्म पदार्थ आकाश, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी र पृथ्वीबाट औषधी, औषधीबाट अन्न र अन्नबाट पुरुष उत्पन्न भयो (भट्ट, २०७२, पृ. ११७) भन्ने सृष्टिसम्बन्धी मान्यतालाई प्रायः सबै दर्शनले

स्वीकार गरेको कुरा बताइएको छ । यहाँ विभिन्न उपनिषद्का मतानुसार पाञ्चभौतिक तत्त्व एवम् तीबाट निर्मित औषधी, अन्न र पुरुष नै विश्वविकासको कारण भएको मान्यता अघि सारेको पाइन्छ ।

पौरस्त्य दर्शनमध्ये साङ्ख्यर्दनमा प्रकृतिपुरुषात्मक जगत् अर्थात् प्रकृति र पुरुषको पारस्परिक सम्बन्धबाट नै यस जगत्को सृष्टि भएको हो भन्ने कुरा उल्लेख भएको छ । यहाँ प्रकृति र पुरुषलाई सर्वाधिक महत्त्व दिइएको छ र प्रकृति नै सृष्टिको मूलकारण हो भन्ने मान्यता राख्ने साङ्ख्यदर्शनमा प्रकृति र पुरुष फलाम र चुम्बकजस्तै रहेका हुन्छन् र यी दुईको आपसी सहकार्यमा नै सृष्टि निर्माण हुन्छ भन्ने कुरा बताइएको छ । प्रकृतिबाट नै जगत्को उत्पत्ति हुन्छ अथवा जगत्का सबै पदार्थको प्रथम उपादान कारण प्रकृति हो भन्ने चिन्तन अभिव्यक्त भएको पाइन्छ (राई, २०७४, पृ. २६६) । यसरी प्रकृति नै जगत्को आदिकारण हो भन्ने कुरा देखाइएको छ । यहाँ प्रकृतिमा विद्यमान त्रिगुण सत्त्व, तम र रजको सम्मिलन नै प्रकृति भएकाले यिनमा हलचल पैदा भएर सृष्टिप्रक्रिया प्रारम्भ हुन्छ भन्ने कुरा बताइएको छ । यस दर्शनले पुरुष कर्ता र भोक्ता दुवै नभएर निष्क्रिय रहनेहुँदा जेजति सृष्टि हुन्छ पुरुषकै सिद्धिका लागि हुन्छ भन्ने मान्यता राखेको पाइन्छ । प्रकृतिले नै पुरुषको साथ पाएर सृष्टि गर्नेहुँदा सृष्टिका लागि कुनै न कुनै रूपमा प्रकृति र पुरुष अलग हुनु अपरिहार्य मानिएको छ (राई, २०७४, पृ. २६७) । यहाँ जड प्रकृतिले न एक्लै सृष्टि गर्न सक्छ न पुरुष एक्लैले जगत्निर्माण गर्न सक्छ, तसर्थ अचेतन प्रकृतिले चेतनपुरुषको साथ पाएर नै सम्पूर्ण तत्त्व सृष्टि गर्न सक्षम भएको हुन्छ भनिएको छ । विश्वब्रह्माण्डका नियन्ता प्रकृति नै सृष्टिको आदिकारण भएकाले सृष्टिका उषाकालदेखि नै अस्तित्वमा रहेको कुरा यहाँ बताइएको छ । प्रकृति जड र पुरुष जीवात्मा हो र यी दुवै नै सृष्टिसञ्चालनमा मूलकारण भएको हुँदा यी दुईको संयोजन नै सृष्टिनिर्माण हुने कुरा साङ्ख्यदर्शनमा बताइएको छ । जनकदर्शनमा त्रिगुणात्मिका प्रकृतिबाट नानारूपात्मक जगत्को निर्माण हुने कुरा बताउँदै प्रकृतिबाट महत्तत्त्व (बुद्धि), महत्तत्त्वबाट अहङ्कार, अहङ्कारबाट पञ्चतन्मात्रा र एघार इन्द्रिय, पञ्चतन्मात्राबाट पञ्चमहाभूतका परमाणु र परमाणुबाट सम्पूर्ण जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ४५) भनिएको छ । यसरी पच्चीस तत्त्व र चार पदार्थको बोध नै सम्पूर्ण सृष्टि हो र सम्पूर्ण सृष्टि प्रकृतिको गर्भभित्र रहनेहुँदा यही प्रकृतिले चेतनपुरुषको साथ पाएर नै सृष्टिको निर्माण हुने कुरा बताइएको छ ।

योगदर्शनमा अष्टाङ्गयोगलाई विशेष महत्त्व दिइएको भए पनि साङ्ख्यदर्शनका प्रकृति र पुरुष आदि पच्चीस तत्त्वमा ईश्वरतत्त्वलाई थपेर छब्बीस तत्त्व मानेको पाइन्छ । यस दर्शनमा ईश्वरलाई अत्यन्त महत्त्वपूर्ण स्थान दिइएको छ । यस दर्शनले प्रकृति र पुरुषको अस्तित्वलाई स्वीकार त गर्दछ तर यी दुईलाई सम्पर्कमा ल्याइदिने ईश्वरतत्त्वको आवश्यकता पर्दछ (गिरी, २०५५, पृ. ४८) भन्ने कुरा बताइएको छ । यस दर्शनले ईश्वरलाई प्रकृति र पुरुषको योजकका रूपमा चित्रण गर्दै यी दुई तत्त्वलाई सम्पर्कमा

ल्याउने काम ईश्वरको हो, तसर्थ सृष्टिप्रक्रियामा यसको अनिवार्य आवश्यकता रहेको विचार व्यक्त भएको छ । यस दर्शनले साङ्ख्यका पच्चीस तत्त्व अभीष्ट र ईश्वरतत्त्व अधिक मान्नेहुँदा यो प्रकृतिलीन तथा मुक्त पुरुषबाट नितान्त भिन्न रहेकाले त्रिकालमा अविच्छिन्न नित्य, सर्वज्ञ, सर्वव्यापी परमात्मा ईश्वर संसारका सम्पूर्ण जीवभन्दा भिन्न रहेको तथा श्रेष्ठ ईश्वरबाट नै सम्पूर्ण चराचर जगत्को सृष्टि भएको हो (उपाध्याय, १९४२/१९६६, पृ. ३०६) । ईश्वरले नै जगत्को सृष्टिनिर्माण गर्छ अर्थात् ईश्वर नै जगत्का निर्माता हुन् र यो त्रिकालका सीमाभन्दा पर हुन्छ भन्ने चिन्तन यस दर्शनको रहेको छ । ईश्वर सृष्टिप्रक्रियामा संलग्न हुन्छ तर ऊ सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता होइन (गौतम, २०७८, पृ. ८६) । योगदर्शनअनुसार प्रकृति र पुरुषलाई सम्पर्कमा ल्याइदिने तत्त्व नै ईश्वर हो तर ऊ विश्वको सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता होइन यो त योजक वा प्रेरकतत्त्व रहेको हुँदा विश्वको उपादान कारण प्रकृति हो भने ईश्वर जगत्को निमित्त कारण हो भन्ने चिन्तनलाई स्वीकार गरिएको छ ।

न्यायदर्शनले चेतन र अचेतन दुई परमाणु पदार्थ नै जगत्को सृष्टिको कारण मानेको पाइन्छ । यस दर्शनले पनि ईश्वरीय सत्तालाई स्वीकार गर्दै संसारको निर्माता अरू कोही नभएर ईश्वर हो र ईश्वरले यो जगत्को निर्माण शून्यबाट गरेको नभई परमाणु, दिक्, आकाश, मन, आत्मा आदि तत्त्वबाट गरेको हो भन्दै ईश्वरको आवश्यकतालाई महत्त्व दिइएको छ । यसरी यो सम्पूर्ण चराचर जगत्को सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता र नियामक ईश्वरमात्र भएको कुरालाई यस दर्शनले मानेको छ । यस दर्शनका अनुसार ईश्वरको साक्षात्कार बाह्य रूपबाट नभएर अन्तःकरणबाट हुन्छ भन्ने मान्यता देखिएको छ । यहाँ सावयव द्रव्यलाई टुक्र्याउँदै जाँदा बाँकी रहने अन्तिम परिमाण नै परमाणु रहेकाले निष्क्रिय एवम् गतिशील परमाणुहरू अर्थात् पृथ्वी, जल, तेज र वायुका परमाणुहरू जब ईश्वरको इच्छाअनुसार क्रिया उत्पन्न हुन्छ, परमाणुहरू एक-आपसमा जोडिन थाल्दछन् र जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ५०) । यहाँ गतिशील एवम् निष्क्रिय परमाणुहरूको संयोजन र वियोजनबाट जगत्को निर्माण हुन्छ भन्ने न्यायदर्शनको मान्यता रहेको पाइन्छ । संसारको उत्पत्ति पञ्चतत्त्वबाट भएको हुँदा त्यसका कारक ईश्वर हुन् भन्दै संसार चेतन र अचेतन दुई पदार्थ परमाणुबाट सृजित छन् र ती पदार्थ अनादि, अनित्य र स्वतन्त्र छन् भन्ने न्यायदर्शनको मान्यता रहेको देखिन्छ ।

वैशेषिक दर्शनले परमाणुलाई नै सृष्टिनिर्माणको मूलकारण मानेको पाइन्छ । परमाणु निष्क्रिय र गुणयुक्त भएको हुँदा ईश्वरको इच्छाअनुसार गति पैदा हुन्छ र जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ५२) । यस दर्शनले पञ्चतत्त्व अणु नित्य र सर्वव्यापक भएको हुँदा यिनै पञ्चतत्त्वको मिश्रणले नै विश्वको सम्पूर्ण चेतनअचेतन दुवै पदार्थको निर्माण भएको हुँदा पदार्थको स्वतन्त्र अस्तित्व छ भनी स्वीकार गरेको देखिन्छ । वैशेषिकका अनुसार परमाणु नै जगत्को उत्पत्तिको उपादान कारण हो र यही परमाणुकै कारण जगत्को उत्पत्ति

वा सृष्टि भएको हो (उपाध्याय, १९४२/१९६६, पृ. २४२) भन्दै यी अणुपरमाणुहरूको सम्मिलनमा नै जगत् उत्पत्तिको कारण भएको हुँदा सम्पूर्ण परमाणुका सञ्चालक अरू कोही नभएर एकमात्र ईश्वरलाई मानिएको छ । ईश्वरीय सत्ता नै सम्पूर्ण चराचर जगत्को सञ्चालक एवम् परमात्मा हुन् भन्ने मान्यतालाई वैशेषिक दर्शनमा महत्त्व दिइएको छ ।

मीमांसादर्शनले परमाणुबाट नै जगत्को सृष्टि भएको हो भन्ने मान्यता प्रस्तुत गरेको पाइन्छ । यस दर्शनमा कर्मबाट उत्पन्न अपूर्वद्वारा परमाणु सञ्चालित हुन्छ र कर्मअनुसारकै संसार बन्दछ (गिरी, २०५५, पृ. ५४) भन्ने कुरा बताइएको छ । यहाँ कर्मअनुसार सृष्टि चल्नेहुँदा कर्मदाता नै जगत् अर्थात् सृष्टिको कारण हो भन्ने मान्यता राखेको पाइन्छ । जगत्को मूलकारण परमाणु हो र भोग्य र भोगसामग्री, शरीर, इन्द्रिय बाह्यजगत् आदिको समष्टिरूप संसार हो र कर्म नै मानवीय जीवनको मूल आधार हो (गौतम, २०७८, पृ. ९८) । परमाणुबाट नै यस जगत्को निर्माण भएको हुँदा भोग्य र भोगसामग्री, शरीर, इन्द्रिय बाह्यजगत् आदिको समष्टिरूप संसार हो र कर्म नै मानव जीवनको आधार हो भन्ने चिन्तन यहाँ व्यक्त गरिएको छ । अविनाशी पदार्थबाट नै जगत्को उत्पत्ति भएको र यो जगत् गतिशील रहेको छ भन्ने मान्यता मीमांसादर्शनको रहेको देखिन्छ । कर्मको आधार द्रव्य अथवा पदार्थलाई मान्ने मीमांसादर्शनले अविनाशी पदार्थहरूबाट जगत्को उत्पत्ति भएको (राई, २०७४, पृ. ३८०) कुरा बताइएको छ । यसरी मीमांसादर्शनले गतिशील परमाणुलाई नै जगत्को उत्पत्तिको कारण मानेको देखिन्छ । यस दर्शनका अनुसार आत्मा पनि पदार्थ भएकाले कर्मबाट स्वतन्त्र नभएको र जगत्जस्तै परिवर्तनशील आत्माका अनेक स्वरूप हुने कुरा बताइएको छ । यस दर्शनले परमतत्त्व नै परमाणु हो र यो गतिकै कारण चलायमान एवम् परिवर्तनशील हुनेहुँदा यसलाई नै जगत्को उपादान कारण मानिएको छ ।

वेदान्तदर्शनमा यो सम्पूर्ण भौतिक एवम् अभौतिक जगत् ब्रह्मकै कारण सम्भव भएको कुरा बताइएको छ । जसबाट जगत्को उत्पत्ति, स्थिति र लय हुन्छ त्यो नै ब्रह्म हो, स्वयम् अजन्मा, नित्य र सम्पूर्ण ब्रह्माण्डको कारणरूप सत्य वस्तु नै ब्रह्म हो (गौतम, २०७८, पृ. १००) भन्ने वेदान्तदर्शनले स्वीकार गरेको देखिन्छ । यस दर्शनमा ब्रह्म र मायाको संयोगबाट नै सृष्टि भएको र मायाद्वारा प्रभावित ब्रह्मले ईश्वरका रूपमा जगत्को सृष्टि गर्दछ भनिएको छ । ईश्वर जगत्को सृष्टि, स्थिति र संहारको कारण भएको हुँदा निमित्त र उपादान दुवै कारण ईश्वर हो (गिरी, २०५५, पृ. ५७) भनिएको छ । यहाँ जगत्को पालनकर्ता र संहारकर्ता दुवै ईश्वर भएको हुँदा ईश्वर नै जगत्को मुख्य र निमित्त दुवै कारण हो भन्ने वेदान्तदर्शनको मान्यता रहेको देखिन्छ । पौरस्त्य दर्शनमा जगत्को उत्पत्ति सम्बन्धमा आआफ्नै मान्यता रहेको देखिन्छ । यहाँ कुनै दर्शनले प्रकृति-पुरुष, कुनैले ईश्वर, कुनैले परमाणुलाई त कुनैले कर्मलाई कुनैले ब्रह्म वा ईश्वरलाई नै जगत्को मूल वा आदिकारण मानेको देखिन्छ ।

यसरी पौरस्त्य दर्शनमा जगत्को निर्माण सम्बन्धमा प्रत्येक दर्शनका आआफ्नै दृष्टिकोण रहे पनि जगत्को निर्माणमा कुनै न कुनै कारण रहेको पाइन्छ । कुनै दर्शनले प्रकृति र पुरुषलाई जगत्को निर्माता मानेको छ भने कुनै दर्शनले प्रकृति र पुरुषका अतिरिक्त ईश्वरलाई मानेको पाइन्छ भने कुनैले परमाणु वा पदार्थलाई त कुनैले ब्रह्म वा ईश्वरलाई नै जगत्को मूल वा उपादान कारण मानेको देखिन्छ । जुनसुकै दर्शनले जेसुकै मानेको भए पनि जगत्को निर्माण वा नियामक तत्त्व कुनै न कुनै तत्त्व रहनेहुँदा ती तत्त्वबेगर जगत्को सृष्टि हुन सक्दैन भन्ने मान्यता पूर्वीय दर्शनमा पाइन्छ । यही जगत्अन्तर्गत सृष्टिका सम्बन्धमा व्यापक चर्चापरिचर्चा गरिएको पाइन्छ ।

साङ्ख्यदर्शनले प्रकृतिलाई नै यो सम्पूर्ण विश्वब्रह्माण्डको आदिकारण मानेको पाइन्छ । यो चार पदार्थ र पच्चीस तत्त्वको संयोगबाट नै सृष्टिनिर्माण भएको हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २५७-२५८) । यहाँ प्रकृति, विकृति र यसअन्तर्गत पञ्चमहाभूत, पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, मन, प्रकृति-विकृतिभित्र महत्तत्त्व (बुद्धि), अहङ्कार, पञ्चतन्मात्रा र अनुभय वा पुरुष गरी चार पदार्थ र पच्चीस तत्त्वको मेलबाट नै सृष्टिको उत्पत्ति भएको चिन्तन अभिव्यक्त गरिएको छ । यहाँ सृष्टिको आत्माको भोग र मोक्षका लागि पच्चीस तत्त्वको बोध हुनु आवश्यक मानिएको छ । साङ्ख्यअनुसार कुनै विकार वा विकृति नभएको मूलरूप नै प्रकृति हो । साङ्ख्यदर्शनअनुसार मूलप्रकृतिको सत्त्व, रज र तम तीन गुण जब साम्यावस्थामा रहन्छ तब प्रलयको स्थिति हुँदा मूलप्रकृति र पुरुषका अतिरिक्त अरू कुनै शेष रहँदैन (आचार्य, २०१०, पृ. १३) । यहाँ त्रिगुणको साम्यावस्था प्रकृति भएको हुँदा प्रकृतिमा प्रलय हुनु भनेको विनाश नभएर क्रियाशीलता वा सिर्जनशील हुनु हो तथा प्रकृतिमा प्रलयको स्थितिमा त्यहाँ प्रकृति र पुरुषको अतिरिक्त अन्य केही बाँकी रहँदैन तसर्थ जेजति सृष्टि हुन्छ पुरुषकै भोग वा मोक्षका लागि हुने बताइएको छ । सम्पूर्ण सृष्टि प्रकृतिको गर्भमा रहने भएकाले अव्यक्त रहन्छ तर जब सृष्टिक्रम हुन्छ तब कार्यरूपमा व्यक्त हुने गर्छ । त्रिगुणात्मिका प्रकृतिबाट नानारूपात्मक जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ४५) । यहाँ त्रिगुणको साम्यावस्था नै प्रकृति भएको हुँदा सृष्टिलाई साङ्ख्यले विकृति मानेको छ र विकृति हुनु भनेको प्रलय हुनु हो भन्दै यही त्रिगुण प्रकृतिबाट नै सम्पूर्ण चराचर जगत्को सृष्टि भएको हो भन्ने कुरा यहाँ देखाइएको छ । यहाँ प्रकृतिमा हलचल पैदा भएर सृष्टि प्रारम्भ हुन्छ र यो प्रक्रिया निरन्तर चलिरहन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । यहाँ संसारमा जेजति परिवर्तन, हलचल भइरहेको हुन्छ त्यो प्रकृतिकै कारण सम्भव भएको हो भन्ने चिन्तन उल्लेख गरिएको छ ।

जगत्को पदार्थमा अवयवको सत्ता हुन्छ र यसबाट आपसमा मिश्रण वा संयोग हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २६१) । यहाँ पदार्थमा निश्चित गुण विद्यमान रहेका हुन्छन् र तिनको मिश्रणमा नै जगत्को निर्माण हुन्छ भनिएको छ । यसरी प्रकृति निरन्तर प्रक्रिया भएको हुँदा यदि एकक्षणमात्र गति रोकियो भने प्रकृतिलाई पुनः प्रारम्भ गर्न कठिन

हुन्छ भन्ने कुरा यहाँ बताइएको छ । तसर्थ सिर्जनाको प्रक्रिया प्रारम्भ हुँदा सर्वप्रथम 'महत्' अर्थात् 'बुद्धि' उत्पन्न हुन्छ र महत्बाट अहङ्कार (आत्मचेतना) उत्पन्न हुन्छ (भुसाल, २०६८, पृ. ८०) । यहाँ प्रकृतिबाट महत्तत्त्व वा बुद्धि, महत्तत्त्वबाट अहङ्कार, अहङ्कारबाट पञ्चतन्मात्रा, एघार इन्द्रिय, पञ्चतन्मात्राबाट पञ्चमहाभूतका परमाणु र परमाणुबाट नै यस जगत्को उत्पत्ति वा अविर्भाव भएको सृष्टिसम्बन्धी चिन्तन देखाइएको छ । प्रकृतिमा प्रलय हुनु विनाश नभई सिर्जनशील हुनु हो । परमाणुको संयोजन हुँदा सृष्टि उत्पन्न हुन्छ भने वियोजनबाट प्रलय वा ध्वंश हुन्छ र सृष्टि र प्रलयको चक्र निरन्तर प्रवाहित भइरहन्छ ( सिन्हा, सन् १९६३/२०१८, पृ. ३१७) । यहाँ परमाणुको संयोजन अर्थात् विश्वब्रह्माण्डको निर्माण परमाणुहरूको संयोग र वियोगबाट निरन्तर गतिशील हुन्छ भनिएको छ । यहाँ यो सम्पूर्ण चराचर जगत्को निर्माण पञ्चतत्त्वका पदार्थको शक्तिमा निहित गुणका कारण सम्भव भएको कुरा बताइएको छ । यहाँ सम्पूर्ण भौतिक जगत्को आधार परमाणु संरचनाबाट भएको चिन्तन अभिव्यक्त भएको छ ।

सृष्टिको मूल भौतिक कारण प्रकृतिका साथै पुरुष पनि एक चैतन्यस्वरूपको सत्ता भएको स्वीकार गरिएको छ । प्रकृति निरन्तर, शाश्वत, परिवर्तनशील र सर्वव्यापी चरित्रको छ । प्रकृतिको अतिरिक्त पुरुषको सत्तालाई स्वीकार गरिएको हुँदा यी दुवै एकअर्काका परिपूरक रहेको देखिन्छ । यहाँ प्रकृतिले पुरुषको साथ पाएर नै सृष्टि गर्नेहुँदा सृष्टिका लागि कुनै न कुनै रूपमा प्रकृति र पुरुष भिन्न हुनु अपरिहार्य मानिएको छ । पुरुष कर्ता र भोक्ता दुवै नभएकाले निष्क्रिय र स्वच्छ हुन्छ । प्रकृति अचेतन, जड र सक्रिय तत्त्व हो भने पुरुष चेतन, निष्क्रिय तत्त्व हो तर पनि यी दुई स्वतन्त्र रहेका छन् । प्रकृतिबाट पुरुषको र पुरुषबाट प्रकृतिको निर्माण असम्भव रहे पनि सृष्टिको निर्माणमा प्रकृति र पुरुषको पारस्परिक सम्बन्ध आवश्यक मानिएको छ । यहाँ ज्ञेय प्रकृति मूल वा प्रधान हुन्छ र उसले ज्ञाता पुरुषको साथ पाएर सृष्टिरचना गरेको हुन्छ भनिएको छ । यसरी पुरुष अनेक, अपरिवर्तनशील, अपरिणामी नित्य भए पनि पुरुष एकै, अविवेकी र परिणामी नित्य भएकाले प्रकृति र पुरुषको एकाकारमा नै सृष्टि उत्पत्ति हुने कुरा बताइएको छ । प्रकृति आफूभित्र नै समस्त संसार उत्पन्त गर्दछ र प्रलय दशामा आफूभित्र निर्दिष्ट गर्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २६१) । यहाँ प्रकृति र पुरुषको सम्मिलनमा नै सृष्टिनिर्माण हुनेभएकाले जगत्को कार्यका लागि आवश्यक कारण नै प्रकृति हो भन्ने चिन्तन देखाइएको छ । त्यस्तै पदार्थलाई पनि पौरस्त्य दर्शनमा सृष्टिको उत्पत्तिको कारण मानिएको छ । सृष्टिको उत्पत्ति पदार्थको उपज भएको यसको प्रष्ट धारणा छ (सिंह, २०७७, पृ. १७५) । पदार्थको संयोजन र वियोजनमा नै सृष्टिनिर्माण हुन्छ भन्ने चिन्तन यहाँ देखाइएको छ । यहाँ पृथ्वी, जल, तेज, वायु, आकाश आदि परमाणुको भेदन नै विशेष हो र यो नित्य र गुणयुक्त रहेको हुन्छ भन्ने चिन्तन अभिव्यक्त भएको छ । निष्क्रिय परमाणुमा ईश्वरको इच्छाअनुसार गति पैदा हुन्छ र जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ५२) । यहाँ सम्पूर्ण चराचर जगत्को पालनकर्ता, संहारकर्ता र नियामक ईश्वरको इच्छाअनुसार परमाणुमा गति पैदा हुन्छ र जगत्को सृष्टि हुन्छ भनिएको छ । पृथ्वी, जलीय, तैजस, वायवीय परमाणुहरू क्रमशः मिल्दै

गएर सर्वप्रथम पदार्थको उत्पत्ति वा सृजना गर्छन् र त्यसैबाट सृष्टिको उत्पत्ति हुन्छ (गौतम, २०७८, पृ. ९६) । यहाँ अणुपरमाणुहरूको सम्मिश्रण र क्रियाप्रतिक्रियाबाट यो सम्पूर्ण सृष्टिको उत्पत्ति भएको हो र यसका कारक ईश्वर हुन् भन्ने मान्यता देखाइएको छ । परमाणुहरूको संयोग र वियोगबाट नै जगत्को उत्पत्ति भएको जगत्सम्बन्धी चिन्तन यहाँ अभिव्यक्त भएको छ । यहाँ पञ्चमहाभूतबाट नै सम्पूर्ण चराचर जगत्को निर्माण भएजस्तै भौतिक शरीर पनि पञ्चतत्त्वबाट बनेको हो भन्ने मान्यता रहेको छ । परमात्माबाट सृष्टिको उत्पत्ति वा प्रारम्भ भएको हो; ब्रह्मले नै ईश्वरका रूपमा यस संसारको प्रादुर्भाव गरेका हुन् भन्ने जगत्अन्तर्गत सृष्टिचिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण र सृष्टिपरिवर्तनका मान्यता पौरस्त्य दर्शनमा बताइएको छ ।

## २.३ साठीको दशकयताका नेपाली निबन्धमा जगत्सम्बन्धी चिन्तनको विश्लेषण

'साठीको दशकयताका नेपाली निबन्ध' मा पौरस्त्य दर्शनका मान्यता घटित भएका छन् । यहाँ पूर्वीय षड्दर्शनका मान्यताका आधारमा विशेषतः जगत्सम्बन्धी चिन्तनअन्तर्गत सृष्टिचिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, सृष्टिपरिवर्तन आदि विषयमा आधारित भएर विश्लेषण गरिएको छ । पौरस्त्य दर्शनमध्ये जगत्अन्तर्गत सृष्टिचिन्तन, साङ्ख्यदर्शनको मूलविषय भए पनि अन्य दर्शनमा पनि जगत्को निर्माणका बारेमा व्याख्या गरिएको पाइन्छ । यहाँ पौरस्त्य दर्शनका जगत्अन्तर्गत मिथ्यात्व, सृष्टिचिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, सृष्टिपरिवर्तन केकसरी घटित भएका छन् भन्ने कुराको विश्लेषण गरिएको छ । साठीको दशकयताका नेपाली निबन्धमा आएका यिनै मान्यताहरूलाई यहाँ उदाहरणद्वारा पुष्टि गरी व्याख्या, विश्लेषण एवम् विवेचना गरिएको छ ।

### २.३.१ जत्को मिथ्यात्व

वेदान्तदर्शनको मूल प्रतिपाद्य विषय जगत् पनि हो र यहाँ दृश्यमान जगत्लाई भ्रम भनिएको छ । जनकदर्शनमा आत्मगत तरङ्गहरू नै तरङ्गित भएर जगत्को रूपमा देखापरेका हुन् (गिरी, २०५५, पृ. १४०) भनी जगत्को सम्बन्धमा व्याख्या गरिएको छ । यहाँ आत्मगत तरङ्ग उत्पन्न हुँदा भ्रम सिर्जना भएर जगत्को आभास भएको हो भन्ने चिन्तन अभिव्यक्त भएको छ । यस दर्शनमा जगत्लाई मिथ्या मानेको छ र जगत् विर्वत अर्थात् आभासमात्र हो त्यसकारण यो दृश्यमान जगत् भ्रम हो, ब्रह्मको शरीर र अर्को स्वरूप हो भनिएको छ । यहाँ व्यावहारिक दृष्टिले जगत् सत्य भए पनि पारमार्थिक दृष्टिकोणले जगत् मिथ्या, असत्य र अवास्तविक मानिएको छ । यसलाई तलका उदाहरणहरूबाट स्पष्ट पारिएको छ :

> खासगरी अद्वैतवादीहरू जगत्लाई मिथ्या भन्नेगर्दछन् । उनीहरूको दृष्टिमा सत्य भनेको ब्रह्म वा ईश्वरमात्र हुन्, जगत् होइन । सारा जगत् उसैको खेल हो । उनीहरूका अनुसार समग्र विश्वब्रह्माण्डको स्थायी सत्ता भनेको ब्रह्म वा ईश्वरमात्र

हो । जगत् त उनकै मायाका कारण प्रतीत भएको मात्र हो । केवल प्रतीत भएको भरमा सत्ता स्वीकार्न थाल्ने हो भने सपनालाई पनि सत्य नै मान्नुपर्ने हुन्छ ।

(कमल रिजाल, 'निरर्थक बहस', *सुदर्शन,* पृ. १४८)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्या भन्ने जगत्सम्बन्धी मान्यता ल्याइएको छ । यहाँ अद्वैतवादीका मान्यताअनुसार निर्गुण, निराकार, अनिवर्चनीय, अव्याख्येय ब्रह्म एक र सत्य हो भने यो दृश्यमान जगत् भ्रम हो भन्ने कुरालाई देखाइएको छ । उद्धृतांशमा मायाद्वारा प्रभावित ब्रह्मलाई ईश्वर भनिएको छ र यिनै ईश्वरबाट नै जगत्को उत्पत्ति भएको हुँदा ब्रह्म वा ईश्वर नै एकमात्र सत्य हो भन्ने कुरा प्रस्तुत गरिएको छ । यस अंशमा विश्वब्रह्माण्डको स्थायी सत्ता एकमात्र ब्रह्म वा ईश्वर हुन् र मायाबाट प्रभावित ब्रह्म जगत्को आभासमात्र हो भनिएको छ । माया र प्रकृति दुवै जगत्का कारण भएको औँल्याउँदै ब्रह्मलाई अविद्या अर्थात् मायाको कारणले जगत् वा संसार सबै छ भन्ने भ्रम भएको तर अज्ञान नष्ट भई ज्ञान प्राप्त भएपछि सबै असत्य बोध हुन्छ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा आएका सत्य भनेको ब्रह्म वा ईश्वरमात्र हुन्, जगत् होइन, जगत् उसैको खेल हो, स्थायी सत्ता भनेको ब्रह्म वा ईश्वरमात्र हो, जगत् त उनकै मायाका कारण प्रतीत भएको मात्र हो आदि पदावली र वाक्यांशले ब्रह्म सत्य जगत् मिथ्या हो भन्ने कुरा पुष्टि गरेको छ ।

सबै आंशिक सत्य आधा-अपुरो सबैको जोड - मिलन पूर्ण सत्य । तत्त्वतत्त्वको मिलन आफैँमा सत्य हो र सबै तत्त्वको आफ्नोपन आफैँमा सत्य । कल्पना र सपना पनि हाम्रो देखाइ, भोगाइ र सुनाइको सिमानाभित्र कैद छ त्यसैले 'ब्रह्म सत्य जगत् मिथ्या' भनेको होलान् हाम्रा पूर्वजहरूले । जगत् सत्य हुँदाहुँदै पनि मान्छेपिच्छे, विचार पिच्छे, कान पिच्छे, नाक पिच्छे, मुखपिच्छे फरकफरक देखापर्छ, विशाल जगत् र जगत्को क्रियाकलापभित्र एउटा बिन्दु । हामी एकमा भ्रमित छौँ, अनेक सत्य हाम्रो खोपडी बाहिर छ र त्यसमा पनि हामी भ्रमित छौँ । त्यसैले जुन समग्र र सबै हो त्यसलाई सत्य वा ब्रह्म ठान्दा समग्र नै ठान्दा, जगत्का अनेकौँ तत्त्वमा हाम्रा सीमाका कारण हामीहरूले फरकफरक दृष्टिले हेर्दा ब्रह्म सत्य र जगत् मिथ्या पनि सत्य नै हो ।

(विनयकुमार शर्मा नेपाल, 'के सत्य ? के असत्य ?', *माथापच्ची,* पृ. ६६) ।

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्यासम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा सत्यको सत्यता नै ब्रह्म हो भन्ने कुरा देखाइएको छ । यहाँ अंशअंशको जोड नै पूर्ण सत्य हो र तत्त्वतत्त्वको संयोजन नै आफैँमा सत्य भएको बताउँदै पदार्थमा निहीत गुणको विद्यमान रहनु नै अज्ञान-पदार्थ हो र यो जड अर्थात् जगत्बाट उत्पन्न र परिवर्तनशील भएको कारण असत् देखिएको हुन्छ भन्दै मान्छे देखाइ, भोगाइ र सुनाइको

सीमामा आबद्ध रहेको हुन्छ, तसर्थ ब्रह्म सत्य र जगत् मिथ्या भनेको होला भन्ने चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा व्यावहारिक दृष्टिबाट जगत् सत्य देखिए पनि पारमार्थिक कोणबाट ब्रह्मबाहेक सबै मिथ्या हुन् तसर्थ जगत् सत्य भन्ने जान्दाजान्दै मान्छेपिच्छे र मान्छेको विचार, कान, नाक, मुखपिच्छे फरक दृष्टिकोण रहेको औँल्याउँदै निराकार र शून्य ब्रह्म नै एकमात्र सत्य भए पनि हामी अनेकौँ सत्यको भ्रम पालिरहेका छौँ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यस अंशमा स्थूलरूपबाट मूर्तरूप र सूक्ष्मरूपबाट अमूर्त आदि तत्त्वहरू सबै ब्रह्मको स्वरूप भए पनि अविद्याका कारण हामी भ्रमित छौँ भन्ने कुरा देखाइएको छ । समग्र नै सत्य ठान्दा जगत्का अनेकौँ तत्त्वमा हाम्रा सीमाका कारण फरकफरक दृष्टिले ब्रह्म र जगत् दुवै सत्य भएको चिन्तनलाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> हो, मृत्यु सत्य हो, जगत् मिथ्या हो । मृत्यु हिजो सँगसँगै थियो, आज छ र भोलि पनि रहन्छ । मात्र हामी एउटा मीठो भ्रममा थियौँ, भूलमा थियौँ र बुझ्पचाइमा थियौँ । ... मलाई 'म मृत्यु बाँच्छु' भन्न मन लाग्छ । मृत्युमा पनि जीवित हुन्छ मानिस । मृत्युका क्षणमा पनि आरामसँग बिदा मागेर लामोयात्रा सुरु गर्छ मानिस ।

(मोहन चापागाईं, 'म मृत्यु बाँच्छु', *सत्य संलाप,* पृ. ७८-७९)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्यासम्बन्धी मान्यता ल्याइएको छ । यहाँ यो सम्पूर्ण जगत्मा जे जति विद्यमान् छन् ती सबै ब्रह्मकै उपज हुन् तसर्थ एकमात्र सत्य ब्रह्म हो भने जगत् मिथ्या हो र ब्रह्मलाई जब मायाको पर्दाले ढाक्छ जगत्का यावत् तत्त्व छन् भन्ने भ्रम पर्दछ; त्यसैले अविद्याको पर्दा हटेपछि ब्रह्मबाहेक सबै भ्रम लाग्दछ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा मृत्यु शाश्वत सत्य हो तर जगत् भ्रम भएको तर्क निबन्धकारको रहेको छ साथै मृत्यु हिजो, आज र भोलि पनि रहनेहुँदा हामीमात्र भ्रममा बाँचिरहेका छौँ भन्ने ब्रह्मसम्बन्धी चिन्तनलाई प्रस्तुत गरिएको छ । सुकर्म र सुधर्मले जीवनलाई सार्थक बनाउनेहुँदा मृत्युपश्चात् पनि मानिस जीवित रहन्छ भन्दै कर्मद्वारा देहान्तर गमन हुँदा पनि निबन्धकार आफूले लामो यात्रा प्रारम्भ गर्ने विचार यस अंशमा स्पष्ट पारिएको छ । यस अंशमा आएका मृत्यु सत्य हो, जगत् मिथ्या हो पदावलीले ब्रह्मको सत्यता र जगत्को मिथ्यात्वलाई पुष्टि गरेको पाइन्छ ।

> अहिले पनि दार्शनिकहरूमाझ जीव र जगत् (चेतन र जड) को स्रोत र सत्ताबारे व्यापक विवाद रहँदै आएको छ । कोही जीवलाई पहिलो भन्दछन् । कोही जगत्लाई पहिलो मान्ने गर्दछन् । अल्पमतमै सही केही सँगसँगै भन्ने पनि छन् । कोही ज्ञेय भन्छन् । कोही अज्ञेय मान्दछन् । कोही अनिर्वचनीय भन्न पुगेका छन् । अझ केहीले त जगत् भ्रम मात्र हो, जे जति छन् सबै जीव (चेतन) कै खेल हो भन्नसमेत भ्याएका छन् ।

(कमल रिजाल, 'निरर्थक बहस', *सुदर्शन,* पृ. १४८)

प्रस्तुत निबन्धांशमा जीव र जगत्सम्बन्धी मान्यता ल्याइएको छ । उद्धृताशंमा जीव चेतन र जड जगत्का बारेमा विद्वान्हरूका बीच वर्तमानमा पनि बहसको विषय बनेको औँल्याउँदै कसैले जीव अर्थात् चेतनलाई नै जगत्को आदिकारण मानेको र कोही जगत् नै सृष्टिको आदिकारण भएको स्वीकार गरेको कुरालाई देखाइएको छ । यस अंशमा जीव नै ब्रह्म हो तर शरीर, इन्द्रिय र मनरूपा आवरणले जतिबेला आत्मालाई छोप्छ त्यही आत्मा नै जीव भएको हुँदा अविद्याको कारण आत्मालाई जीव भनिएको हो भन्ने कुरालाई देखाइएको छ । जीव र जगत्मध्ये कुन पहिलो भन्ने सन्दर्भमा दार्शनिकहरूका आआफ्नै तर्कअनुरूप ज्ञेय, अज्ञेय, अनिर्वचनीय भनेको भए पनि कतिले मायाद्वारा प्रभावित जगत् भ्रम हो भने सृष्टिका यावत् तत्त्व चेतन ब्रह्मकै खेल हो भन्ने कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> जीवबिना जगत् हुन सक्छ, जीवनबिना पनि जगत् हुन सक्छ, चन्द्र र मङ्गलमा कुनै समय जीव थिए वा थिएनन् थाहा छैन, तर आज छैन यो पक्का छ । जीव र जीवन नभए पनि चन्द्र छ, मङ्गल छ, तर जीव वा जीवन नभएको पिण्ड वा संसार ढुङ्गा माटोको थुप्रो हो, मात्र खोस्टा हो, त्यसैले जीवको सार जीवन, जीवनको सार जगत् र जगत्को सार जीव हो । जीव, जीवन र जगत् यी तिनको परस्पर घनिष्ट मेल छ । यी तीन यस चराचर जगत्मा तत्त्वभित्र इलोक्ट्रन, न्यूट्रन र प्रोटन मिलेजस्तो मिलेर बसेका छन् । तीनमध्ये कुनै एक नहुनु, अर्कोको अस्तित्व नहुनु बराबर हो । कुनै वस्तुको, तत्त्वको हुनु नहुनुको महत्त्व जीव अर्थात् हामीसँग पनि गाँसिएको छ ।

(विनयकुमार शर्मा नेपाल, 'जीव, जीवन र जगत्', *माथापच्ची*, पृ. ७५)

प्रस्तुत निबन्धांशमा जीव, जीवन र जगत्सम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जीव र जीवनबिना पनि जगत् हुन सक्ने तर्क प्रस्तुत गर्दै जीव, जीवन र जगत् एकअर्काको परिपूरक भएको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा देह, इन्द्रिय, मन र बुद्धिरूपी उपाधि रहेसम्म जीवनको अस्तित्व रहनेहुँदा जीव, जीवन र जगत्को परस्पर घनिष्ट सम्बन्ध रहन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा शरीर, इन्द्रिय र मनरूपा आवरणले आत्मालाई छोपेको अवस्थामा जीव अज्ञानताका कारण आफ्नो जीवनयापन गर्नेहुँदा जीवबिना पनि जगत् रहनसक्ने बताउँदै जीव, जीवन र जगत् यो सम्पूर्ण चराचर जगत्भित्र इलेक्ट्रन, प्रोटन र न्यूट्रन आदि पदार्थबाट नै संसारको उत्पत्ति र अस्तित्व सम्भव भएको चिन्तनलाई प्रस्तुत गरिएको छ । यी तीनमध्ये कुनै एक नहुनु अर्कोको अस्तित्व नभएजस्तै कुनै वस्तुको हुनु नहुनुको महत्त्व जीवसँग जोडिएको हुन्छ भन्ने कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> 'असत्य संसार सदैव देखिने, छ सत्य जो सो कहिल्यै नदेखिने' असत्य संसार भन्नुको अर्थ यो पृथ्वीमा सृष्टि भएजति सबै थोकको नाश अवश्य हुन्छ तसर्थ हाम्रा आँखाले जति देखेको छ त्यसको विनाश हुन्छ नै जसरी कुमालेले माटाका भाँडाको सृष्टि गर्छ र त्यसको प्रयोग हुँदै र नासिँदै पुनः माटोमा मिल्छ त्यसैगरी जगत्को संरचना पनि त्यस्तै छ । छ सत्य जो पहिल्यै नदेखिने, यो असत्य शरीरभित्र सत्यको बास छ

हरेक जीवमा श्वास राखिदिएको छ र त्यसकै कारणले गर्दा हामी सबैको खोज के छ भन्दा आत्मा वा जीवनी सत्य आदि कुराहरूको खोज गर्दछौँ ।

(सीतारामप्रसाद दंगाल, 'मनका केही सम्भनाहरू', *जीवन अनुभूति,* पृ. २०)

प्रस्तुत निबन्धांशमा जगत् र ब्रह्मसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जगत् असत्य छ भने सत्य निर्गुण, निर्विकार, अनिर्वचनीय, अव्याख्येय छ, जसलाई शब्दद्वारा व्याख्या गर्न सकिँदैन तसर्थ जगत् नित्य परिवर्तनशील हुनाले एकक्षण पनि जगत् शून्य हुँदैन, जगत् नितान्त असत्य पदार्थ हो भन्ने कुरालाई देखाइएको छ । उद्धृतांशमा सृष्टिका यावत् तत्त्व नाशवान् छन्, हाम्रो आँखामा अविद्याको पर्दाले छोपेसम्म संसारका समस्त तत्त्व यथार्थ प्रतीत भए पनि ती नाशवान् छन् भनिएको छ । यस निबन्धांशमा प्रकृति मूलरूप माटो वा बिउ हो जसरी कुमालेको चक्रभैँ प्रकृति वा माटोबाट घैँटो निर्माण गर्छ तत्पश्चात् प्रयोग हुँदै मूलरूप माटोबाट घैँटो, अङ्कुर दुवै माटोमा मिल्छ त्यसैगरी जगत्को संरचना पनि मूलरूप माटोबाट घैँटो र घैँटोबाट पुनः माटोमै मिलेभैँ समुद्रबाट उत्पन्न छाल समुद्रमै विलीन हुन्छ भनिएको छ । यस अंशमा ब्रह्म सत्य जगत् मिथ्याभैँ ब्रह्मसँग मायाको सन्निकटताले जगत्को आभासमात्र देखिएको हुँदा सत्य बाहिर प्रकट हुँदैन यो जगत् ब्रह्मको शरीररूप हो र यो नाशवान् छ त्यसैले मिथ्या छ र आत्माको निवासस्थान शरीर, इन्द्रिय र मनरूपा आवरणले ढाकिँदिँदा सत्यको आभासमात्र हो भन्ने आत्मा सत्य जगत् मिथ्यासम्बन्धी चिन्तन अभिव्यक्त भएको छ ।

तत्त्वको लागि रूपान्तर हुने मैदान हो जगत्, हावाको लागि बहने आकाश हो जगत्, आकाशको लागि ठोक्किने गन्तव्य हो जगत्, विज्ञानको लागि खोतलेर नसकिने रहस्य हो जगत्, ज्ञानको लागि सोच, विचार, भाव, ध्यान जन्माउने र पोख्ने ठाउँ हो जगत् । जीवको लागि जीवन र जीवनको लागि शरीर हो जगत् । कणकणमा दर्शन, कणकणमा विचार, कणकणमा रहस्य, कणकणमा ऊर्जा, के छैन जगत्मा ? के चाहिँ होइन जगत् हाम्रो लागि ? जसले जे खोज्छ उसले त्यही पाउँछ जगत्मा गरीबको लागि बाँच्ने आधार हो जगत्, धनीको लागि मोजको भाँडो हो जगत्, अनुसन्धान गर्नेको लागि पार नपाइने रहस्य हो भने अल्छीको लागि विश्राम गर्ने घर हो जगत् । जगत् यहाँ रहेका सम्पूर्ण जीव र वनस्पतिको लागि प्राण हो, जन्मदाता हो, पालनकर्ता हो र संहारकर्ता हो । जगत् छ त्यसैले हामी छौँ, हामी छौँ त्यसैले जगत्को महत्त्व छ ।

(विनयकुमार शर्मा नेपाल, 'जीव, जीवन र जगत्', *माथापच्ची,* पृ. ७७-७८)

प्रस्तुत निबन्धांशमा जगत्सम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जीवात्माहरूको अनेक तत्त्वको समग्र स्वरूप नै जगत् हो र यसमा सम्पूर्ण चराचर जगत्का कृमि र वनस्पतिहरू यावत् तत्त्वको रूपान्तर हुने मैदान नै जगत् भएको कुरालाई देखाइएको छ । यस निबन्धांशमा जीव नै ब्रह्म हो र सम्पूर्ण सृष्टि उत्पत्ति, स्थिति र लयका कारण एकमात्र ब्रह्म हो, सबै जगत्

ब्रह्मको शरीर रूप हो, शरीर नाशवान् हुन्छ त्यसैले मिथ्या छ, एकमात्र सत्य ब्रह्म हो भन्ने कुरा देखाइएको छ । यस अंशमा जगत्‌बिना भाव, विचार, चिन्तन र चेतना व्यक्त गर्न नसकिनेहुँदा तत्त्वको रूपान्तरणका लागि होस् वा हावाको बहने आकाश जगत् भएकाले यसमा समस्त चरअचर जीव जीवात्माहरूको आश्रयस्थल वा जीवन र जीवनको आधार भएको भाव व्यक्त भएको छ । जगत् सबैको आश्रयस्थल भएको हुँदा यसमा भेदभाव, असमानता नहुनेभएकाले सम्पूर्ण स्थावर, जङ्गमको प्राण हो, जन्मदाता र संहारकर्ता पनि हो त्यसैले जगत् र जीवनका बीच अन्योन्याश्रित सम्बन्ध रहेको विचार यस अंशमा व्यक्त भएको छ । उद्धृतांशमा सम्पूर्ण चराचर जगत्‌का यावत् तत्त्व जगत्‌मा विद्यमान रहेको हुन्छ तर यो दृश्यमान् जगत्‌का जन्मदाता, पालनकर्ता, संहारकर्ता ब्रह्म सर्वत्र छ भन्ने कुरा देखाइएको छ ।

> संसारमा अनादि कालदेखि नै चेतनसत्ता र जडपदार्थको छुट्टाछुट्टै अस्तित्व रहँदै आएको छ तथापि यी दुई अन्योन्याश्रित भएर भने रहेका छन् । यिनीहरू निरन्तर तिरो भाव र प्रकट हुने त गर्छन् तर विनाश भने हुँदैनन् । 'यथापूर्वमकल्पयत' अर्थात् वेद भन्छ- सृष्टिकर्ताले सृष्टिका सुरुवात पनि तिनै तिरोभाव भएकालाई प्रकट गरेर गर्ने हुन् । हुन त यी दुईमध्ये एकले अर्कोलाई बनाइएको हो भन्ने अभिमत पनि नभेटिने होइन । यसैका लागि विद्वान्‌हरू माभ्क ठूलो भ्कगडा हुँदै आएको छ । अहिले पनि दार्शनिकहरू बीच यस्ता चेतना र पदार्थ कुन पहिले भन्ने बारेको विवाद टुङ्गिएको छैन ।

(कमल रिजाल, 'समन्वयवाद', *सुदर्शन*, पृ. १५३)

प्रस्तुत निबन्धांशमा जड र चेतनविषयक मान्यता ल्याइएको छ । यहाँ संसारको उषाकालदेखि नै चेतनपुरुष र अचेतन प्रकृति दुवै स्वतन्त्र तत्त्व रहे पनि सृष्टिनिर्माणमा अचेतन प्रकृतिले चेतनपुरुषको सामीप्यतामा नै प्रकृतिमा हलचल पैदा भएर सृष्टिनिर्माण हुनेभएकाले यी दुई एकअर्काप्रति सम्बन्धित रहेको विचार व्यक्त भएको छ । यस अंशमा प्रकृति र पुरुष निरन्तर अन्तर्धान र प्रकट भए पनि यिनको अन्त्य भने हुँदैन तसर्थ सृष्टिको प्रारम्भमा सृष्टिकर्ताले अन्तर्धान भएकालाई साथमा लिएर प्रकट गर्दछ भनिएको छ । उद्धृतांशमा प्रकृति जड भएर पनि सक्रिय तत्त्व हो भने पुरुष चेतन र निष्क्रिय तत्त्व भएकाले यी दुईका बिच विपरीत सम्बन्ध हुँदाहुँदै पनि एकअर्काको साथ पाएर सृष्टिसञ्चालन भएको कुरा बताइएको छ । यी दुई तत्त्वको सृष्टिप्रक्रियामा महत्त्वपूर्ण भूमिका रहे पनि दार्शनिकहरूका बिच भने चेतनपुरुष र पदार्थमा कुन पहिले भन्ने विषयमा मतैक्य नभएको चिन्तनलाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> जगत्‌का यावत् तत्त्व क्षणक्षण रूपान्तर भइरहेका छन् । सीमाले वस्तुको स्वरूपमा परिवर्तन ल्याइरहन्छ । प्रकृतिले प्रत्येक तत्त्वलाई रूपान्तर गरिरहेछ र हामीलाई नीत नवीन लागिरहेछ । प्रकृतिको सत्यता रूपान्तर प्रक्रिया भएजस्तै हाम्रो सत्य त्यसमा भ्रमित हुनु हो, कारण हामी वस्तुको कुनै एउटा पाटो वा खण्डमात्र हेर्न सक्छौं वा कुनै अंशमात्र हेरेर आफ्नो सिद्धान्त बनाउन माहिर छौं अनि यस्ता मै ठूलो, मै

जान्ने, मै श्रेष्ठ, मै बलवान् मै ज्ञानी भन्ने मान्छेको जगत्लाई हाम्रा पूर्व विद्वान्ले मिथ्या देखे त के बिराए लौ भन्नोस् ?

(विनयकुमार शर्मा नेपाल, 'के सत्य ? के असत्य ?' *माथापच्ची,* पृ. ६६)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्यासम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जगत् अज्ञान-पदार्थ जडबाट उत्पन्न र परिवर्तनशील भएका कारण असत् हुन्छ भन्दै जगत्का यावत् तत्त्व क्षणक्षण परिवर्तनशील भइरहन्छन् भन्ने जगत्सम्बन्धी चिन्तन देखाइएको छ । उद्धृतांशमा सीमाले नै वस्तुको स्वरूपमा परिवर्तन ल्याउनेहुँदा प्रकृतिका यावत् तत्त्व निरन्तर परिवर्तनशील भइरहन्छ तर ती हामीलाई नवीन लागिरहेको छ भन्दै हाम्रो सत्यमा पनि मिथ्या वा भ्रम रहेको चिन्तन प्रस्तुत भएको छ । यस अंशमा कुनै पनि वस्तुको सम्पूर्ण पाटो नदेखिनेहुँदा देखिएको पाटो वा खण्डमात्र यथार्थ लाग्ने गरेको कुरासमेत देखाउँदै त्यसैका आधारमा सिद्धान्त निर्माण हुनेभएकाले आफू नै राम्रो, श्रेष्ठ, बलवान् र ज्ञानी ठान्ने मान्छेले जगत्लाई मिथ्या ठान्ने गरेको तर शब्दद्वारा ब्रह्मलाई बुझाउन र चिनाउन नसकिनेहुँदा ब्रह्मको सत्यताको बोध नभएको विचार अभिव्यक्त भएको छ ।

...संसार आफ्नै गति र आफ्नै लयमा छ मभित्र भने हजारौँ ज्वारभाटा र तुफान । म तड्पिरहेछु मेरा आफन्त तड्पिएका छन् म कामिरहेकी छु भित्रभित्र तर मेरो वेदना मैसँग छ कसैलाई केही फरक पारेको छैन । असर गर्दैन । संसारमा प्रकृतिको विविध व्यवस्था यौटैमात्र कुरामा नअड्दो रहेछ न त जीवन ।...

(रञ्जना निरौला, 'प्रार्थना', *मधुपर्क,* पृ. ५६)

प्रस्तुत निबन्धांशमा सृष्टिको गति र लयसम्बन्धी दार्शनिक धारणा व्यक्त भएका छन् । यस अंशमा प्रकृति नै सृष्टिको आदिकारण हो र अनादि र अनन्त प्रकृतिले पुरुषको साथ पाएर संसारको सृष्टि, स्थिति र लयको कारक हुन्छ भनिएको छ । निबन्धकारले निबन्धांशमा प्रकृति र पुरुष एकअर्काका सामीप्यतामा सृष्टिको गति र यति निर्धारण भएको भए पनि स्वयम् आफूभित्र तरङ्ग र तुफान चलिरहेकाले आफू तड्पिरहेको, आफन्तहरू छट्पटिरहेका र आफू पनि भित्रभित्रै कामिरहेको तर आफ्ना वेदना आफूसँग रहेकाले कसैलाई केही फरक नपर्ने चिन्तन प्रस्तुत भएको छ । सृष्टिको गतिशील यात्रामा परिवर्तन र रूपान्तरण भइरहनेहुँदा संसारको यौटै निश्चित व्यवस्था नभएको र जीवन पनि सृष्टिजस्तै भएको कुरा यस अंशमा निबन्धकारका अनुभूति व्यक्त भएको देखिन्छ ।

शब्द-अनुभूति । स्पर्श-प्रकर्ष, ध्वनि-प्रतिध्वनि, सबै ती उत्कर्ष, प्रकम्प-अनुभूति । पुरुष-प्रकृति, दुवै ती पञ्चस्कन्धको । पदार्थका भूत द्रव्य चेतनाको । शून्यका । निराकारका । द्वैत अद्वैतका । हुन् कि परिपूरकता स्वीकृति-अस्वीकृतिमा । विरद् विवृत्तिका । ... शब्द स्वयम्मा पुनीत कर्म हो । पुगेधाभाव हो । प्राञ्जल संस्कार हो ।

> यसको विश्वम्भरामाथि हिंसा नगर्नू । रौद्र नगर्नू । शब्दको सनातन अस्मितामाथि अनिष्ट नगर्नू । खलता नगर्नू ।
>
> (महेश प्रसाई, 'शब्द र अनुभूति', *मधुपर्क*, पृ. ३२)

प्रस्तुत निबन्धांशमा शब्दब्रह्मविषयक मान्यता ल्याइएको छ । शब्द नै अक्षरब्रह्म भएकाले शब्द नै अनुभूति हो साथै शब्दद्वारा देखाइने, लक्षित गरिने हुँदा शब्दब्रह्मद्वारा स्पर्श, ध्वनि-प्रतिध्वनि सबैको अनुभूति हुन्छ भन्ने कुरा यस अंशमा बताइएको छ । यस अंशमा शब्दद्वारा नै उत्कर्ष, प्रकम्प-अनुभूति, प्रकृति-पुरुष आदिको व्याख्या विश्लेषण, विवेचना गरिनेहुँदा शब्दब्रह्म नै समग्र तत्त्व भएको चिन्तन प्रस्तुत गरिएको छ । उद्धृतांशमा सम्पूर्ण अक्षर, शब्द, वाक्य र वाङ्मय जगत् नै ब्रह्मको अर्को स्वरूप भएको हुँदा शब्दद्वारा नै ब्रह्मलाई जान्ने माध्यम भएकाले शब्द नै ब्रह्म हो साथै चेतनपुरुष पदार्थको संयोजन नै सृष्टि हो भन्ने मान्यता देखाइएको छ । संसारका समस्त चेतनअचेतन तत्त्व पदार्थको उपज भएको हुँदा निर्गुण, निराकार र शून्यरहित ब्रह्म नै जगत्का नियन्ता भएकाले शब्दको स्वीकृति अस्वीकृति सबै शब्दद्वारा नै जान्न सकिनेहुँदा शब्दलाई विर्वत भनिएको कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ । निबन्धकारले निबन्धांशमा शब्द पुनित कर्म भएको बताउँदै शब्दद्वारा नै ब्रह्मलाई जान्न बुझ्न सकिनेहुँदा शब्द सबैभन्दा माथि रहन्छ भन्ने कुरासमेत मान्दै शब्द सधैँ पूज्य हुन्छ र यसको सनतान अस्तित्वमाथि अनिष्ट, हिंसा र रौद्र स्वरूप देखाउन नहुने विचार प्रस्तुत भएको छ ।

> परिवर्तनलाई जीवन, जगत् र सामाजिक ऐनामा नियाल्न मिल्छ । मान्छेनिर्मित सभ्यतामा मात्रै होइन, प्रकृतिको बहुआयामिक स्वरूप वा संरचनामा पनि सङ्क्रमण, रूपान्तरण र परिवर्तन भइरहन्छ । प्रकृतिमा आउने राम्रो, नराम्रो परिवर्तन भइरहन्छ । प्रकृतिमा आउने नराम्रो परिवर्तनको सबैभन्दा बढी र शाश्वत कारण प्रकृति स्वयं हो । मानवनिर्मित विकास र सिर्जित विनाश पनि कारण हुन्छ । परिवर्तन हुनेक्रममा कहिलेकाहीँ नियमित आकस्मिकताजस्तै समय आउँछ ।
>
> (कुलचन्द्र वाग्ले, 'संक्रमित परिवेश र परिणाम', *मधुपर्क*, पृ. ५०)

प्रस्तुत निबन्धांशमा जगत्चिन्तनविषयक मान्यता ल्याइएको छ । उद्धृतांशमा प्रकृति निरन्तर गतिशील तत्त्व भएकाले स्वतन्त्र अस्तित्व रहेको छ र यो परिवर्तनशील, रूपान्तरणशील छ भन्ने धारणा प्रस्तुत गरिएको छ । यहाँ प्रकृतिमा गुण र अवगुण अर्थात् राम्रो र नराम्रो परिवर्तन भइरहन्छ साथै प्रकृति निरन्तर, गतिशील, रूपान्तरणशील भएकाले प्रकृतिमा देखिने राम्रो, नराम्रो परिणामका साथै प्रकृतिमा आउने नराम्रो परिवर्तनको सबैभन्दा बढी र शाश्वत कारण विश्वजगत्को प्रधानतत्त्व प्रकृति नै हो भन्ने चिन्तन अभिव्यक्त गरिएको छ । यस अंशमा प्रकृति नै विश्वको आदिकारण भएकाले यो शाश्वत, परिवर्तनशील, गतिशील, अव्यक्त, स्वतन्त्र र व्यापक छ त्यसैले प्रकृतिको विकास र

विनाशको कारण स्वयम् प्रकृति हो भनिएको छ । सृष्टिको परिवर्तनशील, गतिशील एवम् निरन्तरको यात्रामा नियमित आकस्मिकताजस्तै समय आउने विचारलाई यस अंशमा स्पष्ट पारेको देखिन्छ ।

> गतिबिना जीवनको सम्भावना छैन । गतिमै जीव र उसको यावत् क्रिया चलिरहेका छन् । त के जीवन अर्थात् क्रिया नदेखिएका वा अचेतनमा गति छैन ? तर त्यस्तो मात्रै पनि सत्य होइन । हुन त सत्य आफैँ समय वा गतिको सापेक्षिकभित्रै पर्दछ । गतिको दुई पाटा छन् । तपाईं हामीले जड भनेका चेतनहीन ठोस वस्तुमा पनि चाल छ, गति छ, क्रिया छ । नत्र फलाममा किन खिया लाग्थ्यो र त्यो सकिन्थ्यो ? ढुङ्गाले किन खिइनु पर्दथ्यो ? जड अर्थात् अचेतन वस्तुको गति पुनरावृत्ति हो भने मेरो हिसाबमा चेतनतत्त्वको गति वा चाल वा क्रिया परावर्तन मात्र हो ।

(विनयकुमार शर्मा नेपाल, 'यति र गति', *परावर्तन,* पृ. १०६)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्याविषयक मान्यता ल्याइएको छ । यस अंशमा जीवनको अस्तित्व गतिमा निर्भर रहेकाले सृष्टिको निरन्तर प्रक्रियामा जीवन अडिएको छ भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा सृष्टिको गतिशीलतामा नै जीव र उसको सम्पूर्ण क्रियाकलाप निर्भर रहेको बताउँदै सत्य सदैव गर्भमा रहन्छ भन्ने कुरा बताइएको छ । यहाँ सत्य समय वा गतिको सापेक्षतामा निर्भर रहेकाले गतिका दुईवटा पाटा रहेको जड जगत् र चेतन ब्रह्मबिना सृष्टिको गति, यति र लय सम्भव नभएको धारणा औँल्याउँदै अभिव्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा ब्रह्म केन्द्र र सत्य हो भने जगत् परिधि भएकाले यी दुई अवयवबिना सृष्टिचक्र असम्भव छ त्यसैले जगत्का सञ्चालक ब्रह्म एकमात्र सत्य हो भने जगत् मिथ्या हो भन्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> मानिस आआफ्नो दृष्टिकोणले जगत्को व्याख्या गर्न स्वतन्त्र छ तर एक व्यक्ति आफ्नोबारे आफैँ सोच्न स्वतन्त्र छैन भने उसले आफ्नो हृदय लेख्तैन आफ्ना दृष्टिकोणले लेख्तैन, उसले अरूको आवाज लेख्छ छैन भने आफ्नो कला गर्दैन अरूको गरिदिन्छ । त्यसरी ऊ शेलीले भनेको जगत्को अस्वीकृत नियामक बन्न सक्तैन । ऊ शासित हुन्छ तर जगत्को शासक बनन सक्तैन ।

(गोविन्दराज भट्टराई, 'कला र जीवन खेल्ने समयसारथि', *मधुपर्क,* पृ. १६)

प्रस्तुत निबन्धांशमा जगत्सम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जगत् ब्रह्मको शरीर रूप हो र शरीर नाशावान् हुन्छ त्यसैले मिथ्या छ भनिएको छ । उद्धृतांशमा मायाद्वारा प्रभावित ब्रह्म विश्वको कारण हो र जगत् सृष्टिको रूपमा पञ्चमहाभूत, पञ्चकर्मेन्द्रिय आदिबाट स्थूल शरीरनिर्माण हुन्छ तसर्थ मानव स्वयम् आफ्नो बारेमा सोच्ने, लेख्ने गर्दैन किनकि जगत्लाई नै ब्रह्मको कार्य मानिएको छ । सम्पूर्ण चर र अचर, जड र चेतन

स्वरूप सबै नामरूपात्मकसहित सम्पूर्ण ब्रह्मरूप भएकाले ब्रह्मबाट नै जगत्को सृष्टि भएको तथा ऊ शासित भए पनि जगत्को शासक नभएको चिन्तनलाई यस अंशमा स्पष्ट पारेको देखिन्छ ।

> प्रश्नैप्रश्न-उत्तरैउत्तर छ मान्छेमा । जीवको धरातल जगत् हो त्यसैले जगत्बिना जीवको सार छैन । प्राण वा जीवनको धरातल जगत् र जीव दुवै हो त्यसैले जीव र जगत्बिना प्राण वा जीवनको कुनै अस्तित्व छैन । जगत् अर्थात् पृथ्वी अर्थात् जमीन वा पिण्ड नभए जीव वा वनस्पति वा प्राणको अस्तित्व नभएजस्तै जीवबिना प्राणको र प्राणबिना जीवको पनि अस्तित्व छैन । त्यसैले जीव, जीवन र जगत् एकअर्कोको परिपुरक हुन् ।

(विनयकुमार शर्मा नेपाल, 'जीव, जीवन र जगत्', *माथापच्ची*, पृ. ७५)

प्रस्तुत निबन्धांशमा जीवन र जगत्सम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जीवको धरातल नै जगत् हो र शरीर, इन्द्रिय र मनरूपा आवरणले आत्मालाई छोपेको अवस्थामा जीवन कहलाउँछ तसर्थ जीव आफ्नो स्वरूपमा अज्ञानताका कारण जगत्मा आफ्नो जीवनयापन गर्दछ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा जगत्बिना जीवको अस्तित्व नरहनेहुँदा ब्रह्म र जीव अभिन्न रहन्छ भन्दै ब्रह्म नित्य, अविनाशी, सत्य छ भने जगत् असत्य, परिवर्तनशील र देश, काल र कारण नियमको अधीन रहन्छ साथै पञ्चमहाभूतबाट निर्मित शरीर र ब्रह्माण्डनिर्मित हुनेहुँदा यो सारा जगत् नै ब्रह्म हो र ब्रह्मको विर्वत जगत् हो तसर्थ जीवको जन्म, मरण, उत्पत्ति, विनाश नै अविद्याका कारण भएकोले अविद्या रहेसम्म जीवको जीवत्व रहन्छ भन्ने जीवन र जगत्सम्बन्धी चिन्तन प्रस्तुत गरिएको छ । जीव र जगत् एकअर्काका अभिन्न रहेको हुँदा जगत् वा पिण्डको अभावमा सम्पूर्ण चराचर जीवनको अस्तित्व नभएजस्तै प्राणबिना जीवको अस्तित्व असम्भव भएको कुरासमेत देखाउँदै जीव, जीवन र जगत् एकअर्कासँग सम्बद्ध हुन्छ भन्ने कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> उहाँका अनुसार ईश्वरलाई मात्र होइन ईश्वरबाटै उत्पत्ति भएकाले व्यावहारिक अवस्थामा छउन्जेल जगत्लाई पनि सत्य नै मान्नुपर्ने देखिन्छ । जसरी छालको रूपमा छउन्जेल समुद्र र छालको स्वरूप अलगअलग हुन्छ र त्यतिबेलासम्मका लागि दुवै सत्य देखिन्छन् । त्यसैगरी जगत्को पनि कार्यदशामा ईश्वरभन्दा भिन्न स्वरूप हुने र सो स्वरूप छउन्जेल त्यसलाई पनि सत्य नै मान्नुपर्ने सिद्धान्त उहाँको रहेको छ । समुद्रको छाल उठ्ने र हराउने क्रम जस्तै ईश्वरको पनि जगत्मा आउने र जगत्को ईश्वरमा मिल्न जाने क्रम निरन्तर जारी रहनेभएकाले उहाँका अनुसार पनि संसारको स्वरूप परिवर्तन भएको मात्र देखिन्छ । विनाश हुन्छ भन्न खोजिएको कतै पनि पाइँदैन ।

(कमल रिजाल, 'वेदान्त', *सुदर्शन*, पृ. १२५-१२६)

प्रस्तुत निबन्धांशमा जगत्सम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा मायाबाट प्रभावित ब्रह्म नै ईश्वर हो र ईश्वर नै जगत् उत्पत्तिको कारण भएको हुँदा व्यावहारिक दृष्टिले ईश्वर सत्य देखिन्छ भने पारमार्थिक दृष्टिले ईश्वर असत्य भएको औँल्याउँदै समुद्र र छालको उदाहरणद्वारा पुष्टि गर्ने काम गरिएको छ । उद्धृतांशमा अज्ञानका कारण समुद्र र छाल अलगअलग देखिए पनि अविद्याको पर्दा हटेपछि समुद्र र छाल एकै देखिएजस्तै व्यावहारिक दृष्टिले जगत् सत्य भए पनि पारमार्थिक दृष्टिले असत्य वा मिथ्या हुन्छ भन्दै कार्यरूपमा जगत् सत्य भएको चिन्तन प्रस्तुत भएको छ । जगत् आत्मगत तरङ्गभन्दा भिन्न नभएजस्तै समुद्रमा उठ्ने छाल पनि छुट्टै नभएर समुद्रबाट निस्केको छाल समुद्रमै विलीन हुन्छ, त्यस्तै ईश्वर पनि समुद्र र समुद्रको छाल वा तरङ्गजस्तै जगत्मा आउनेजाने निरन्तर चलिरहनेहुँदा संसारको स्वरूप परिवर्तन भएको मात्र देखिनु आभासमात्र हो भन्ने कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> सबै थोक हो । जगत् जीवनको पालनकर्ता बाबु हो । जगत् जीवको जन्मदिने आमा हो । जगत् जीवनका नाच्ने, खेल्ने, कुद्ने, उफ्रने मैदान हो । जगत् जीवनको ज्ञान खोतल्ने विज्ञान हो भने सोच्ने, विचार्ने, फैलाउने ज्ञान हो । हाम्रो लागि जगत् इतिहास हो, जीवन जिउने आधार हो । जगत् भूत हो, भविष्य हो र वर्तमान हो । के होइन जीव र जीवनका लागि जगत् ? जगत्बिना जीवन छैन र जीवनबिना जीव छैन । जगत् छ र त जीवन छ, जीवन छ र त जीव छ, जीव छ र त जगत्को महत्त्व छ, विस्तार छ । बिनाजीव जगत् उजाड छ, शून्य छ, उत्पादनहीन छ । जीव (वनस्पति) को कलरले, सौन्दर्यले, सुन्दरताले जगत्को वास्तविक रूप वा स्वरूप खुल्दछ । जीव र जीवनको कारणले नै पृथ्वी सबै ग्रहभन्दा सुन्दर छ, ऊर्जाशील छ ।
>
> (विनयकुमार शर्मा नेपाल, 'जीव, जीवन र जगत्', *माथापच्ची*, पृ. ७६-७७)

प्रस्तुत निबन्धांशमा जीवन र जगत्सम्बन्धी मान्यता ल्याएको छ । यहाँ शरीर, इन्द्रिय र मनरूपा आवरणले आत्मालाई छोपेको अवस्थामा जीवमा अविद्याको कारण जीवको पालनकर्ता जगत् नै ब्रह्मको आभास हो र यो सच्चिदानन्दस्वरूप र अस्तित्ववान् रहेको कुरा बताइएको छ । उद्धृतांशमा जगत् नै आमा हो र जीव सांसारिक मार्गमा लाग्दा जीवलाई सुखदुःखको अनुभूति हुनुका साथै अविद्याकै कारण जीवमा जीवत्व रहनेभएकाले जगत् नै जीवनको इतिहास र आधार हो भन्ने चिन्तन प्रस्तुत गरिएको छ । यहाँ जगत् भूत, भविष्य र वर्तमान त्रिकालिक अवस्था देखाउँदै यो सारा जगत् नै ब्रह्म भएको हुँदा ब्रह्मद्वारा रचित यस चराचर जगत्बिना जीवन असम्भव छ र जीव, जीवन र जगत् एकअर्काका परिपूरक रहेको चिन्तन देखाइएको छ । जीवबिना जड जगत् अस्तित्वविहीन, शून्य र उत्पादनहीन हुनेहुनाले चेतनाको सुन्दरताले नै जड जगत्को वास्तविक स्वरूप निर्माण हुनेभएकाले जीव र जीवनको अस्तित्वमा नै यो जगत् सुन्दर र ऊर्जाशील रहेको चिन्तनलाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

साठीको दशकयताका नेपाली निबन्धमा जगत्को मिथ्यात्वसम्बन्धी दार्शनिक कुराको निरूपण पाइन्छ र यसक्रममा ब्रह्म सत्य र जगत् मिथ्या हो भन्ने मान्यता विश्लेषणीय देखिन्छ । यहाँ ब्रह्मको नित्यता र जगत्को अनित्यता, अवास्तविकताको अभिव्यक्ति देखिन्छ । ब्रह्म वा ईश्वर वास्तविक वा सत्य हो र भ्रमका कारण जगत् सत्यजस्तो देखिन्छ तर अविद्या हटेपछि जगत्को वास्तविक स्वरूपलाई स्वीकारेको छ । जीव, जीवनको आधार नै ब्रह्म हो र ब्रह्मज्ञान प्राप्त गर्नेले वास्तविकताको नजिक पुग्छ भन्ने धारणा यहाँका निबन्धमा पाइन्छ ।

### २.३.२ सृष्टिसम्बन्धी चिन्तन

पौरस्त्य दर्शनमध्ये साङ्ख्यले प्रकृतिलाई सृष्टिको मूलकारण स्वीकार गरेको छ भने जगत् र सृष्टिका विषयहरू यस दर्शनका मुख्य प्रतिपाद्य विषय मानिएको छ । संसारको आदिकारण प्रकृति भएको हुँदा प्रकृति र पुरुषको सहकार्यबाट संसारको सृष्टि, स्थिति र लय हुन्छ (गौतम, २०७८, पृ. ८४) । यहाँ प्रकृति नै मुख्य भएकोले प्रकृतिले पुरुषको साथ पाएर सृष्टि, स्थिति र लय हुने मान्यता ल्याइएको छ । यहाँ प्रकृतिलाई निरन्तर मानिएको छ र प्रकृति र पुरुषको संयोगमा नै सृष्टिनिर्माण हुन्छ भनिएको छ । यसरी प्रकृतिले पुरुषको प्रयोजनकै लागि क्रियाकलाप गर्नेहुँदा सृष्टिको लागि कुनै न कुनै रूपमा प्रकृति र पुरुषको मिलन हुनु अनिवार्य रहेको औँल्याउँदै पुरुषको सामीप्यतामा नै गुणमा हलचल पैदा भई सृष्टिनिर्माण हुन्छ भनिएको छ । यहाँ सृष्टिसम्बन्धी चिन्तनको मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूका उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवम् विश्लेषण गरिएको छ :

> ...त्यसकारण नै समग्र विश्वसभ्यता निःसरणशील रहन्छ भन्ने कुराको पुष्टि हुने गर्दछ । सिङ्गै विश्वप्रकृति चरैवेति चरैवेतिको सीमामा विचरणशील छ र प्रयाणशील छ । यसको प्रभाबाट निसृत बनेका समग्र तत्त्वहरू महाप्रयाणशील हुन्छन् भन्ने कुराको पनि पुष्टि मिल्दछ ।

(राजेन्द्र सुवेदी, 'राजेन्द्र सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ६०)

प्रस्तुत निबन्धांशमा सृष्टिसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा विश्वब्रह्माण्ड विचरणशील छ भन्ने कुरा देखाइएको छ । यस अंशमा सृष्टिनिर्माण प्रकृति हो भने त्यसबाट निर्मित सम्पूर्ण तत्त्व विकृति भएको कुरा औँल्याउँदै यी दुई तत्त्वको मेलबाट नै भौतिक जगत् वा शरीरनिर्माण भएको र विश्वसभ्यता यसैमा अडिएको कुरा देखाइएको छ । उद्धृतांशमा पृथ्वीमा जति पनि तत्त्व र अवयवहरू विद्यमान छन् ती हरेक युग कालमा प्रत्येक क्षण गतिशील र विचरणशील रहेको हुन्छ भन्दै सारा संसारको प्रलयकालमा संयोजन र वियोजन भएजस्तै हाम्रो भौतिक शरीर पनि त्यही प्रक्रिया हो भन्ने चिन्तन अभिव्यक्त गरिएको छ । यहाँ सत्त्व, तम र रज त्रिगुणात्मिक प्रकृतिबाट सृष्टि सम्भव भएकाले पृथ्वीमा जति पनि तत्त्व छन् ती सबै प्रकृति र पुरुषबाट नै जगत्को यात्रामा निरन्तर परिचालित

छन् भन्ने धारणा प्रस्तुत गरिएको छ । प्रस्थानको प्रारम्भिक अवस्थादेखि नै सम्पूर्ण सृष्टिका यावत् जीव, जीवात्मा, कृमि, जङ्गम, स्थावर सबैको यात्रा निरन्तर अगाडि बढिरहन्छ भन्दै निबन्धकारको महाप्रयाणको यात्रा चरैवेतीको यात्रा हो भन्ने चिन्तनलाई यस अंशमा स्पष्ट पारेको देखिन्छ ।

> हामी गतिशील छौँ जसरी नदी बगिरहेको छ, पवन घुमिरहेको छ, यो ब्रह्माण्डका अनेकानेक स्थान । स्वयम् ब्रह्माण्ड गतिशील भएर घुमिरहेको छ । यो पृथ्वी, ग्रहहरू, ताराहरू सबै घुमिरहेका छन् आफ्नै लिकमा । यहाँ सम्पूर्ण कुरा चलायमान छन् । गतिवान् छन् । परिवर्तनीय छन् । तसर्थ सबै कुराको महत्त्व र अर्थ छ ।

(श्रीबाबु कार्की, 'जीवन एक, जुलुङ्गो अनेक', *सन्दिग्ध शताब्दी*, पृ. १४)

प्रस्तुत निबन्धांशमा सृष्टिको स्वरूपसम्बन्धी मान्यता प्रस्तुत गरिएको छ । यहाँ त्रिगुणात्मिक प्रकृतिले पुरुषको प्रयोजन सिद्ध गर्न उसको साथ पाएर हलचल पैदा भई निरन्तर गतिशील भइरहन्छ, हरक्षण घुमिरहन्छ र सृष्टिको निर्माणप्रक्रिया निरन्तर चलिरहन्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ । प्रकृति गतिशील भएकैले हामी गतिशील भएको चिन्तन प्रस्तुत गर्दै नदी बगेझैँ, पवन घुमिरहेझैँ यो विश्वब्रह्माण्डका अनेकानेक स्थान पनि निरन्तर क्रियाशील छन् भन्ने विज्ञानले पनि स्वीकार गरेको कुरासमेत देखाउँदै यो सम्पूर्ण ब्रह्माण्ड गतिशील भएको तथ्यपरक सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यस अंशमा प्रकृति हरक्षण गतिशील, चलायमान र परिवर्तनशील भइरहन्छ अर्थात् यो सम्पूर्ण चराचर जगत् पनि गतिशील, चलायमान र परिवर्तनशील भएकाले सम्पूर्ण कुराको अर्थ र महत्त्व रहेको चिन्तन प्रस्तुत भएको छ । यसरी यस निबन्धांशमा सम्पूर्ण विश्वब्रह्माण्ड नै गतिशील भएकाले यसका यावत् तत्त्व पनि गतिशील एवम् परिवर्तनशील भएको हुँदा ती अर्थपूर्ण पनि रहेका छन् भन्ने कुरा देखाइएको छ ।

> ...कुनचाहिँ कुरो छ जीवले वा प्रकृतिले पल्टपल्ट नहोऱ्याएको ? कुनै ढिलो कुनै चाँडो, यो ढिलो र चाँडो पनि तपाईं हाम्रोमात्र मापदण्ड हो । सृष्टिसंरचनाभित्रका प्रत्येक वस्तुको आफ्नै मापदण्ड हुन्छन् । तपाईंको शरीर जल्छ, खरानी बन्छ, धुवाँ बन्छ वा गाडिन्छ, सडक र फेरि प्रकृतिको पुनरावृत्तिले कुनै तत्त्वसँग जोडेर कहीँ न कहीँ - कतै न कतै - कोही न कोही बनाएर अर्को रूपमा रूपान्तर गरिदिन्छ ।

(विनयकुमार शर्मा नेपाल, 'पुनरावृत्ति', *पुनरावृत्ति*, पृ. २४-२५)

प्रस्तुत निबन्धांशमा सृष्टिक्रमसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा विश्वब्रह्माण्डका यावत् तत्त्व सबै पुनरावृत्ति भएको कुरा देखाइएको छ । सुख, दुःखका चक्रजस्तै सृष्टिचक्र घुमिरहने मान्यता प्रस्तुत गरी विश्वब्रह्माण्डका समस्त अवयवहरू, भावहरू पुनरावृत्तिकै परिणाम स्वीकारेको तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ भने पूर्वीय दर्शनले पनि विश्वब्रह्माण्डका पृथ्वी, जल, तेज, वायु र आकाश आदि सबै पञ्चतत्त्व

पनि पुनरावृत्ति भएको, जन्म, पुनर्जन्म, मृत्यु यावत् कुरा कहीँ न कहीँ अर्को रूपमा पुनरावृत्ति भएको दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ । यस अंशमा सृष्टिका सम्पूर्ण तत्त्व नै निरन्तर पुनरावृत्ति भइरहने उल्लेख गर्दै चिन्तन, चेतना, भाव, विचार, दृष्टिकोण, ज्ञान, विज्ञान, आध्यात्मिक एवम् भौतिक सबै पुनरावृत्तिकै परिणाम हुन् र यी मान्छेकै कारण जन्मिएका हुन् भन्ने कुरालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा विश्वब्रह्माण्डका सबै कुरा एकपटक हुनेभएको भए त्यो अन्योलग्रस्त हुने बताउँदै कुमालेको चक्रझैँ सबै तत्त्व सृष्टिचक्रमा परेको उल्लेख गरिएको छ । निबन्धकारले निबन्धांशमा अरूले देख्ने नयाँपनमा आफूले भने पुनरावृत्ति नै देख्ने गरेको उल्लेख गर्दै यो निरन्तर र परिवर्तनशील चक्र भएको स्पष्ट पारेका छन् ।

> मर्नु आफैँमा वियोगान्तक छ । एकपल्ट मरेपछि यस सृष्टिप्रलयको इतिहासमा फेरि कहिल्यै दोहोरिएर आउन नपाइने, प्रत्येक जीवको जीवनमा यो कति भयानक र पीडादायी घटना हो । यति सुन्दर छ यो संसार । हरेक क्षण नाचिरहेको छ यो । यो निरन्तर गतिशील छ, चलायमान छ । प्रत्येक क्षण नयाँनयाँमा रूपान्तरण हुँदै गइरहने यसले झन्झन् बाँच्दै र बढ्दै जान प्रेरित गरिरहन्छन् । ... यो सृष्टिको निरन्तरतामा म एउटा अक्षर थपिएको थिएँ, एउटा साङ्ख्यको धर्को कोरिएको थिएँ । मलाई थाहा थिएन, म कुनै पहिरोमुनि जन्मेको छु, जसलाई यस संसारको बेथितिले जुनबेला पनि पुर्नसक्छ । थाहा थिएन, मैले आफ्नै आन्द्राले आफ्नै घाँटी बटारेर कुनै दिन मर्न रहर गर्नुपर्ने छ ।...
>
> (कृष्ण धरावासी, 'म छु र त छन् सबै कुराहरू !', *चेतना सन्देश,* पृ. ५७-५८)

प्रस्तुत निबन्धांशमा सृष्टिको स्वरूपसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा सृष्टिको प्रारम्भ भएदेखि प्रकृति निरन्तर सिर्जनशील रहेको छ भन्ने कुरा देखाइएको छ । सृष्टिको गतिशील यात्रा प्रकृति र पुरुषको सम्मिलनमा अगाडि बढेको छ र सम्पूर्ण सृष्टि प्रकृतिको गर्भभित्र अव्यक्त रहन्छ तर कार्यरूपमा व्यक्त रूपमा रहेको हुन्छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । यस अंशमा प्रकृति निरन्तर र गतिशील छ र यसको काम निरन्तर जन्माउनु, पैदा गर्नु रहेकाले प्रकृतिका सम्पूर्ण तत्त्व जड, जङ्गमको निश्चित आयु रहनेहुँदा आउनेजाने क्रम निरन्तर चलिरहन्छ किनकि सृष्टि चलायमान छ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा आएको एकपल्ट मरेपछि यस सृष्टिप्रलयको इतिहासमा फेरि कहिल्यै दोहोरिएर आउन नपाइने, यति सुन्दर यो संसार ! हरेक क्षण नाचिरहेको छ तसर्थ यो निरन्तर गतिशील छ, चलायमान छ आदिजस्ता वाक्य, पदावलीले सृष्टिको गतिशीलता छ भन्ने कुरा देखाइएको छ । यस अंशमा यो सृष्टिको निरन्तरतामा म एउटा अक्षर थपिएको थिएँ भन्ने कुरासमेत औँल्याउँदै सृष्टिको गतिशील यात्रा निरन्तर भएकोले प्रत्येक जीवको जन्म र मृत्यु निश्चित रहेको साथै त्यसै यात्राको एउटा यात्रीका रूपमा निबन्धकारको जन्म भएको सृष्टिचिन्तन देखाएर सृष्टिको आवश्यकताबारे बताइएको छ ।

उपनिषद्ले पनि चरैवेतीचरैवेती त्यसै भनेको होइन रहेछ । यसको नेपाली भावार्थ हिँडिरहूँ हिँडिरहूँ । निरन्तर हिँड । गतिमा बग । जीवन गतिशील छ अविराम हिँडिराख । हिँड्न छोडेर गतिहीन भयौ भने जान्नू तिम्रो अस्तित्वको अवसान भयो । तिम्रो अस्तित्वको समाप्ति भयो । जुन अभिप्राय र आशयमा उपनिषद्ले चरैवेती भने पनि जीवनको यात्रालाई, सिर्जनको यात्रालाई बिराम दिनुहुन्न । निरन्तर जारी राख्नुपर्छ भन्ने कुरा बुझ्दछु म ।

(पुण्य कार्की, 'बङ्लङ बङ्लङ', *चेतना सन्देश,* पृ. १६०)

प्रस्तुत निबन्धांशमा सृष्टिविषयक मान्यता ल्याइएको छ र यसक्रममा सृष्टिको यात्रा चरैवेतीचरैवेतीको यात्रा रहेको उपनिषद्मा देखाउँदै यसको गम्भीर विवेचना गरेको छ भन्ने सृष्टिको स्वरूप देखाइएको छ । यस अंशमा सृष्टिको उषाकालदेखि आजसम्म पनि चरैवेतीचरैवेतीको यात्रा भएकाले यसको काम निरन्तर सिर्जना गर्नु भन्ने प्रसङ्ग आएका छन् । यहाँ चरैवेती भनेको हिँडिरहूँ अर्थात् निरन्तरको यात्रा हो र यो जीवनको, सृष्टिको अविराम यात्रा हो भन्ने सृष्टिचिन्तन प्रस्तुत भएको छ । सृष्टिनिर्माण प्रकृति हो भने त्यसबाट निर्मित सम्पूर्ण तत्त्व विकृति हो र यी दुई तत्त्वको मेलबाट भौतिक जगत् वा भौतिक शरीरको निर्माण भएको हो हुँदा यसैमा विश्वसभ्यता अडिएको छ भन्ने चिन्तन यहाँ अभिव्यक्त भएको छ । यस अंशमा पृथ्वीमा जेजति अवयवहरू रहेका छन् ती सबै विचरणशील छन्, चरैवेती रहेका छन् भन्ने कुरालाई उपनिषद्ले पनि चरैवेतीचरैवेती त्यसै भनेको होइन रहेछ भन्ने वाक्यले सृष्टिचिन्तनलाई देखाइएको छ । प्रस्तुत अंशमा जीवनको यात्रा पनि सृष्टिको यात्राजस्तै अविश्राम र गतिशील भएकाले सृष्टिको यात्रा रोकिनु भनेको जीवनको गति रोकिनु, अवसान हुनु हो, सृष्टिको अस्तित्व समाप्त हुनु हो भन्ने सिर्जनाको सन्दर्भलाई उल्लेख गरिएको छ । उद्धृतांशमा सृष्टिको यात्राजस्तै जीवनको यात्रा निरन्तर रहेको हुँदा विश्राम लिनु भनेको गतिहीन हुनु हो, त्यसैले जीवनको यात्रा र सिर्जनाको यात्रालाई बिराम दिनुहुँदैन भन्ने सृष्टिचिन्तनलाई उपनिषद्ले चरैवेती भने पनि जीवनको यात्रालाई, सिर्जनाको यात्रालाई बिराम दिनुहुन्न भन्ने पदावलीले स्पष्ट पारेको छ ।

हामीलाई थाहा छ सृष्टिमा प्रत्येक क्षण केही न केही परिवर्तन भइरहने गर्छ । संसारमा प्रत्येक क्षण परिवर्तन हुने कुनै चीज छ भने निसन्देह त्यो संसार नै हो । एकैक्षण पनि एउटै स्वरूपमा रहन नसक्ने अर्थात् प्रत्येक क्षण भिन्नरूपमा प्रस्तुत हुने अथवा भनौँ आँखा झिमिक्क गर्न भ्याएको हुन्न केही न केही परिवर्तन भइसक्ने भएकाले गीतामा कृष्णले यसलाई अस्वस्थ भनेका हुन् भने यिनै परिवर्तनका शृङ्खलाले अर्थात् आउने, जाने दृश्य वा सृष्टि र लयको परम्पराले उसको सत्तालाई सदा स्थायित्व प्रदान गर्ने भएकाले अव्यय वा अविनाशी भनेका हुन् ।

(कमल रिजाल, 'संसारको स्वरूप', *सुदर्शन,* पृ. ८९)

प्रस्तुत निबन्धांशमा सृष्टिविषयक मान्यता ल्याउँदै सृष्टि परिवर्तित स्वरूप हो भन्ने कुरा देखाइएको छ । यहाँ प्रकृति निरन्तर भएकाले एकक्षणमात्र गति रोकिएको खण्डमा पुनः प्रारम्भ गर्न कठिन हुन्छ तसर्थ प्रकृतिमा प्रलय हुनु भनेको विनाश नभएर क्रियाशीलता हो भन्ने सृष्टिपरिवर्तनको कारक तत्त्व प्रकृतिलाई मानिएको छ । उद्धृतांशमा सृष्टि निरन्तर क्रियाशील रहनेहुँदा परिवर्तनशील पनि छ त्यसैले यो हरक्षण परिवर्तन भइरहन्छ तसर्थ कारण भइरहँदासम्म कार्य भइरहनेहुँदा कार्यकारणको रूपान्तरण भइरहन्छ भन्ने कुरासमेत देखाउँदै कार्यकारणवादसम्बन्धी सन्दर्भहरू अभिव्यक्त गरिएको छ । यस अंशमा सम्पूर्ण विश्व प्रकृतिको परिवर्तित रूप भएको हुँदा संसारका यावत्वस्तु प्रकृतिकै रूपान्तरण हो भन्ने कुरा औँल्याउँदै यहाँ प्रकृतिलाई सर्वोपरि मानिएको छ । प्रकृतिको यही परिवर्तित शृङ्खलामा सृष्टिको अनेक यात्रालाई अगाडि बढाउन जीव, जीवात्मा, स्थावर, जङ्गमको आउनेजाने क्रम चलिरहने भएकाले यो अव्यय, अविनाशी रहेको कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> यो संसार के होला, कताबाट आयो होला, कहिलेदेखि छ होला, कहिलेदेखि भयो होला ? ... कहिले थिएन होला र यो संसार ? कहिल्यै नभएको भए अहिले चाहिँ कसरी हुन सक्ला र ? किनभने बिनाबादल त असिना एक्कासी आउँदैन, त्यसै उब्जिदैन । ... यसबाट के कस्तो निर्क्योल निकाल्न सकिन्छ, कि यो चराचर जगत् जो अहिले छ त्यो कुनै न कुनै रूपमा सधैँ थियो अर्थात् के यस्तो निर्क्योल निकाल्न सकिएला कि कुन बेला यस्तो थिएन होला जुन बेला यो सबै थिएन ?

(शिव गौतम, 'हुँदै नभएको चीजबाट', *भ्याम्ली बाखाको पाठो*, पृ. १८२)

प्रस्तुत निबन्धांशमा सृष्टिको अर्थात् विश्वजगत्को प्रथम मौलिकतत्त्व नै प्रकृति हो र यही नै प्रधानतत्त्व हो भन्ने कुरालाई अभिव्यक्त गरिएको छ । प्रकृति निम्नस्तरबाट उच्चस्तरतर्फ भइरहने रूपान्तरणका कारण नै सृष्टिउत्पत्ति सम्भव भएको हो भन्ने कुरा यहाँ देखाइएको छ । यस अंशमा प्रकृति नै विश्वको कारण भएको हुँदा समस्त पदार्थ एवं तत्त्व अव्यक्त रूपमा विद्यमान रहन्छ र यसको प्रत्यक्ष ज्ञान असम्भव भएकाले अनुमानमात्र गर्न सकिने कुरा देखाइएको छ । उद्धृतांशमा आएको यो संसार कताबाट आयो होला, यो चराचर जगत् जो अहिले छ, त्यो कुनै न कुनै रूपमा सधैँ थियो, कहिलेदेखि छ होला आदि पदावलीले यो जगत्को उत्पत्तिको कारण के होला, कसरी भयो र कुन रूपमा थियो भन्ने सृष्टिसम्बन्धी चिन्तनको गम्भीर निरूपण गरिएको छ ।

> हुर्किंदै र बढ्दै जाँदा थाहा पाउँदै गएँ, मैले त जन्मनै पर्ने रहेछ । मैले नजन्मी त यो सभ्यताको गतिमै बाधा आउने रहेछ । म त समयको एउटा त्यो इकाइ नै पो रहेछु जो मेरो जन्मसँगै एकपाइलो अघिबढेछ । हिँड्दै जाँदा थाहा हुँदै गयो मैले टेकेका पाइलाहरू त ती अप्ठ्यारा डोबहरूमा पो टेकिँदै गए, जुन कुनै कालमा कृष्णले, बुद्धले, यसुले, होमरले, हिटलरले, कसकसले टेकेर आकार दिएका रहेछन् । जतै

> तर्किन खोज्दा पनि कुनै न कुनै पाइतालाका डोबिल्कामा अल्भिदै अघि बढिरहे मेरा फुच्चे पाइलाहरू । अरे ! म त, म पो जन्मेको थिएँ त । फेरि यी कसका पाइतालाका डोबहरू हुन् जो म हिँड्ने बाटोमा पहिल्यै कसैले टेकिसकेका छन् । खै त मेरा लागि टेक्ने धरती हिँड्ने मैदान, खेल्ने चौर । खै त मेरो लागि देखिनुपर्ने सपना, पुग्नुपर्ने ठाउँ, उभिनुपर्ने थुम्को ?
>
> (कृष्ण धरावासी, 'म छु र त छन् सबै कुराहरू', *चेतना सन्देश,* पृ. ५८)

प्रस्तुत निबन्धांशमा सृष्टिसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा सभ्यताको यात्रा उषाकालदेखिको यात्रा भएको कुरा देखाइएको छ । यहाँ यो यात्रा गतिशील र निरन्तरताको यात्रा हो र यसमा सृष्टिका यावत् तत्त्वहरू आउनेजाने क्रम निरन्तर चलिरहन्छ भन्ने सृष्टिचिन्तन अभिव्यक्त भएको छ । यस अंशमा सृष्टिको यात्रामा असङ्ख्य स्थावर, जङ्गमको आउनेजाने क्रम निरन्तर चलिरहेको हुँदा यात्रामा प्रस्थानको आदिकालदेखि नै सम्पूर्ण चराचर जगत्का कृमि, कीटपतङ्ग, वनस्पति, जीवजीवात्मा आदि सबैको यात्रा निरन्तर चलिरहन्छ भन्दै त्यसै यात्राको यात्रीका रूपमा सभ्यताको गतिमा जन्मसँगै एक पाइलो अघि बढेको कुरा बताइएको छ । उद्धृतांशमा समयको एउटा पाइलो नथप्ने हो भने सृष्टिको गतिमा अवरोध आउँछ भन्ने कुरा प्रस्तुत गर्दै निबन्धकारको यात्रा सृष्टिलाई अघि बढाउने यात्रा भएको सन्दर्भ आएको देखिन्छ । सृष्टिको यस यात्रामा वा डोबहरूमा कृष्ण, बुद्ध, यसु, होमर आदिले पहिल्यै टेकिसकेको सृष्टिचिन्तन यहाँ अभिव्यक्त भएको छ । उद्धृतांशमा आएको 'मैले नजन्मी त यो सभ्यताको गतिमै बाधा आउने रहेछ, म त समयको एउटा त्यो इकाइ नै पो रहेछु जो मेरो जन्मसँगै एकपाइलो अघिबढेछ ।' आदि वाक्यले सृष्टिलाई निरन्तरता दिने क्रममा वा सभ्यतालाई गति दिने क्रममा निबन्धकारको जन्म भएको हो र यो समयको एउटा इकाइ रहेकाले सिर्जनाबिना सृष्टि अघि नबढ्ने सृष्टिचिन्तनसम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको छ । यस अंशमा सृष्टिको यात्रा पहिलेदेखि अरूले गरिसकेको सृष्टिसम्बन्धी चिन्तन प्रस्तुत गरी सृष्टिको गतिशीलताबारे बताइएको छ ।

> मैले यस धर्तीमा अवरणत हुन कहीँबाट त अवश्य प्रस्थान गरेँ हुँला । त्यो पनि एउटा प्रयाण थियो र थियो महाप्रयाण ! यस प्रयाणको आरम्भ कहाँबाट भयो होला ? यो प्रश्न अनुत्तरित नै रहेछ भन्ने त मलाई पनि थाहा छ तैपनि के भन्न सकिन्छ भने मेरो यात्राको प्रस्थानबिन्दु यस भौतिक विश्वको प्रथम अस्तित्व आविर्भावसँगै समारम्भ भएर तिनै भौतिक अस्तित्वको परिचयसँग गाँसिदै र चुँडिदै, खिइँदै र भाँगिदै यहाँ आइपुगेको हो भन्ने कुरा चाहिँ आज मेरो चिन्तनमा सिद्ध भइसकेको छ ।
>
> (राजेन्द्र सुवेदी, 'राजेन्द्र सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ६०)

प्रस्तुत निबन्धांशमा पाञ्चभौतिक तत्त्वसम्बन्धी मान्यता ल्याइएको छ । यस अंशमा शरीर पनि विभिन्न पदार्थको मेलहुँदा निर्माण हुन्छ र वियोजनहुँदा नाशवान् हुन्छ तसर्थ

भौतिक जगत् नै शरीर हो भन्ने कुरा अभिव्यक्त भएको छ । यहाँ जन्म र मृत्यु दुवै महाप्रयाण हुन् र मृत्यु भएपछि अर्को प्राणमा मिल्छ भन्ने कुरासमेत देखाउँदै यो पञ्चमहाभूत वा जीवनजगत्अनुसार महाप्रयाण थियो भन्ने सन्दर्भहरू प्रस्तुत गरिएको छ । उद्धृतांशमा निबन्धकारले म कहाँ थिएँ मेरो अस्तित्व थियो तर प्रकृतिमा थियो र सृष्टिको गतिशील विचरणमा जगत् वा शरीरको अस्तित्व सम्भव भएको चिन्तन प्रस्तुत गरिएको छ । यहाँ यो दृश्यमान जगत् भ्रम हुनुका साथै आत्माबाट उत्पन्न जगत् आत्मामा नै विलीन हुन्छ तसर्थ शरीर पनि आत्मामा नै विलीन हुन पुग्दछ भन्ने सन्दर्भहरू देखाइएको छ । यो नियमित प्रक्रिया भएको हुँदा निबन्धकार सुवेदी आफू पनि यहीक्रममा नै धर्तीमा पैदा भएको विचारलाई यस निबन्धांशमा स्पष्ट पारेको देखिन्छ ।

> समुद्र पनि सूत्रबद्ध हिसाबमा चलेको छ । हावा पनि आफ्नै सूत्रमा सदैव बहिरहेछ । सङ्गीत सम्बद्ध छ । पृथ्वी सूत्रबद्ध छ । आकाश सूत्रबद्ध छ जन्म सूत्रबद्ध छ । मृत्यु सूत्रबद्ध छ । प्रकृति सूत्रबद्ध छ । परिवर्तन सूत्रबद्ध छ । विकास सूत्रबद्ध छ । शरीर सूत्रबद्ध छ । ब्रह्म सूत्रबद्ध छ । नीति सूत्रबद्ध छ । सारा सांसारिक प्रपञ्च सूत्रबद्ध छ ।
>
> (मोहन चापागाईं, 'सूत्रहरूको सूत्र', *सत्य संलाप,* पृ. ६३)

प्रस्तुत निबन्धांशमा यो समस्त भौतिक जगत् आफैँमा नियमबद्ध रहेको सृष्टिसम्बन्धी चिन्तन आएको छ र यसक्रममा संसारका समस्त तत्त्व सूत्रबद्ध रहेकाले सांसारिक प्रपञ्च पनि सूत्रबद्ध रहेको सृष्टि र सृष्टिसम्बन्धी मान्यता देखाइएको छ । यस अंशमा सूत्रबद्धबिनाको संसार शून्य र नीरस रहेकाले निबन्धकार सांसारिक भाव र भवसागरप्रति गहिरो सोच र संवेदनशीलता अपनाएको भए आफ्नो जीवन पनि सूत्रबद्ध भएर अघि बढ्ने थियो भन्ने दृष्टिकोण प्रस्तुत भएको छ । यहाँ जीवन सूत्रैसूत्रहरूको शृङ्खला रहेको बताउँदै सृष्टिका सम्पूर्ण गतिविधि सूत्रद्वारा नै सञ्चालन भएको उल्लेख गर्दै पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्वबाट निर्मित यस संसार पञ्चतत्त्व अणुबाट सूत्रबद्ध भएको कुरा देखाइएको छ । यस निबन्धांशमा अणु अपरिवर्तनशील र सूत्रबद्ध रहेकाले पञ्चतत्त्व अणुबाट निर्मित यस संसारमा जन्म र मृत्यु पनि सूत्रबद्ध रहेको बताउँदै जन्म र मृत्यु प्राकृतिक नियम भएकाले यो शाश्वत रहेको धारणा व्यक्त भएको छ । उद्धृतांशमा परिवर्तन पनि नियममा रहेकाले विकास, शरीर, ब्रह्म, नीति, सूत्रबद्ध छन् तसर्थ सारा सांसारिक प्रपञ्च पनि सूत्रबद्ध छ भन्दै विकास, ब्रह्म, शरीर, नीति, सांसारिक मायाजाल सबै नियमबद्ध रहेका छन् किनकि बिनालय सृष्टि गतिशील हुन सक्दैन भन्ने चिन्तन प्रस्तुत भएको छ । सृष्टिका आफ्नै नियम र पद्धति रहेका हुँदा त्यसैका आधारमा सृष्टिका यावत् तत्त्व सञ्चालित भएका हुन्छन् भन्ने सन्दर्भमा सृष्टिसम्बन्धी दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

> पैताला जीवनको पहिलो आयाम ठान्छु म । हामीले पहिलो पाइलोबाटै जीवनको आकार ग्रहण गर्दछौँ र त्यही पाइलाबाट जीवनको चक्र मृत्युका समीपसम्म निरन्तर

घुमिरहन्छ । हामी कुमालेको चक्र न हौँ जो घुमिरहन्छ, निरन्तर घुमिरहन्छ । अन्त्यहीन घुमिरहेका हुन्छौँ हामी । जबसम्म जीवनचक्र घुम्न छोड्छ तब मात्रै हुन्छ हाम्रो अन्त्य । हामी कुमालेको चक्र हौँ या कुमालेको चक्रको नियति हामीसँग मिल्दोजूल्दो हुन्छ ? म अन्योलमा रुमल्लिन्छु निकै बेर ।

(श्रीबाबु कार्की, 'यात्रा : जीवनको सौन्दर्य', *सन्दिग्ध शताब्दी,* पृ. ५६-५७)

प्रस्तुत निबन्धांशमा सृष्टिसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ सृष्टिको उषाकाल नै जीवनको प्रथम पाइलो भएको चिन्तन प्रस्तुत गर्दै यो प्रक्रिया निरन्तर भइरहेकाले सृष्टिको गतिशील यात्रा निरन्तर भइरहेजस्तै हामीले पनि प्रत्येक पाइलामा जीवनको आकार ग्रहण गर्दछौँ र यो जन्मदेखि मृत्युसम्म चलिरहन्छ भन्ने सृष्टिको निरन्तरता अभिव्यक्त भएको छ । यहाँ कुमालेको चक्र जसरी निरन्तर घुमिरहन्छ, क्रियाशील भइरहन्छ त्यही कुमालेको चक्रझैँ यो विश्वब्रह्माण्ड पनि निरन्तर गतिशील रहेको बताउँदै मानवीय मानवीय जीवनचक्र पनि कुमालेको चक्रझैँ निरन्तर घुमिरहन्छ भन्ने सन्दर्भहरू प्रस्तुत गरिएको छ । हामी चक्रझैँ अन्त्यहीन घुमिरहेछौँ र यो घुमाइ निरन्तरको भएको हुँदा जीवनचक्र घुम्न छोड्नु भनेको जीवनको अन्त्य हुनु हो, सृष्टिले एकक्षणमात्र पनि आफ्नो गति रोकेको खण्डमा पुनः प्रारम्भ गर्न कठिन हुनु हो तसर्थ सृष्टिको चक्रझैँ हामी नियति भोगिरहेका छौँ भन्ने चिन्तनलाई कुमालको चक्र पदावलीले यहाँ प्रष्ट पारेको देखिन्छ । यस निबन्धांशमा कुमालेको चक्र र सृष्टिसँग मानवीय जीवनचक्रविषयक मान्यता परस्पर अन्तर्घुलित भएका छन् ।

संसार एउटा चक्र हो । यो समयलाई घुमाउने चक्र पनि हो । समयले घुमाउने चक्र पनि हो । कतिले यसलाई कालचक्र पनि भनेका छन् । कतिले सुदर्शन चक्र पनि भनेका छन् । आँखा राम्रो भए यही चक्र सुदर्शन चक्र बन्दछ । आँखा नराम्रो भए यही चक्र कालचक्र बन्न पुग्दछ । ... एउटै संसारलाई अध्यात्मवादको आँखाले हेर्ने पनि छन् । भौतिकवादको दृष्टिले हेर्ने पनि छन् । ... भौतिकवादभित्र पनि यस्तैयस्तै अनेक वाद र विवाद छन् तर जसले जे भने संसार एउटा चक्र नै हो । यो कालचक्र पनि हो सुदर्शन चक्र पनि हो । समयलाई घुमाउने चक्र पनि समयले घुमाउने चक्र पनि हो । समयको साथमा संसार चलेको छ संसारको साथमा समय चलेको छ । यस चक्रले कसलाई कतिबेला कहाँ पुऱ्याउँछ वा कतिबेला कसको स्थान कहाँ हुनपुग्छ कसैले पनि भन्न सक्दैन ।

(कमल रिजाल, 'दृष्टिभ्रम', *सुदर्शन,* पृ. १८)

प्रस्तुत निबन्धांशमा सृष्टिसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । यहाँ संसारलाई चक्रका रूपमा लिँदै कुमालेको चक्रझैँ निरन्तर गतिशील र पुनरावृत्त भइरहन्छ भन्ने चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा सम्पूर्ण सृष्टि प्रकृतिको गर्भमा अव्यक्त रूपमा रहन्छ र कार्यरूपमा मात्र व्यक्त हुनेहुँदा यो निरन्तर प्रक्रिया भएको कुरा औँल्याउँदै सृष्टिको काम निरन्तर पैदा गर्नु, जन्माउनु हो त्यसैले संसार चक्र भएकाले निरन्तर चक्रझैँ घुमिरहन्छ

भनिएको छ । यस निबन्धांशमा सृष्टिलाई कतिले कालचक्र भनेको भए पनि कतिले सुदर्शन चक्र भनेको प्रसङ्ग ल्याउँदै कुनै पनि वस्तुमाथिको दृष्टिकोणको आधारमा पनि राम्रो र नराम्रो छुट्टिने भएकाले राम्रो दृष्टिकोणबाट चक्र सुदर्शन चक्र बन्ने र नराम्रो दृष्टिकोणबाट हेर्दा कालचक्र बन्दछ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । उद्धृतांशमा संसारलाई आध्यात्मिक र भौतिक दुवै आँखाले हेर्ने पृथक्ताका कारण वस्तुमा भिन्नता भएको बताउँदै समय र संसार एकअर्काका परिपूरक भएको हुँदा चक्रले कसलाई कहाँ र कता पुऱ्याउँछ सबै अनभिज्ञ छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

> योगवाशिष्टमा धेरै भनुँ वा सबै ठाउँमा यो संसारमा भए वा देखिएका सम्पूर्ण चीज माया भनेको रहेछ । मेरो अन्तस्करणले के बुझ्ँ भने सृष्टिका नास हुने वस्तु सबै माया हुन् र म पनि माया भित्रै पर्छु । ... आत्मा सत्य हो अरू यावत् कुरा झुठा भनेर लेखेको योगवाशिष्ठमा पाएँ । लाग्छ त्यो आत्मा भन्ने वस्तुलाई कसरी देखियो र आत्मा भनियो ।

(सीतारामप्रसाद दंगाल, 'प्राण र वासना', *जीवन अनुभूति*, पृ. ५८-५९)

प्रस्तुत निबन्धांशमा जगत् र मायासम्बन्धी चिन्तन ल्याइएको छ । यहाँ यो सम्पूर्ण चराचर जगत् माया वा भ्रम हो र सत्यलाई ढाकेर असत्यका रूपमा बाहिर प्रकट गर्नु मायाको कार्य हो भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा माया ईश्वरको खेल भएको र मायाकै कारण ब्रह्म जगत्को रूपमा प्रतिभासित भएको हुँदा जगत् सत् देखिए पनि सृष्टिका सम्पूर्ण नाशवान् तत्त्व माया हुन् र आफू पनि मायाभित्र पर्ने कुरालाई निबन्धकारले व्यक्त गरेका छन् । आत्मा एकमात्र सत्य हो अविद्याका कारण इन्द्रिय, मनरूपा आवरणले आत्मालाई छोपिदिँदा शरीर सम्झिएको हुँदा शरीरको उपाधि दिइनु नै भ्रम वा मिथ्या मानिन्छ भने अज्ञानको पर्दा हटेर ज्ञान प्राप्तिको अवस्थामा आत्माबाहेक अन्य मिथ्या हुन् भनी योगवशिष्ठमा पाइएको कुरालाई निबन्धकारले यस अंशमा स्पष्ट पारेको देखिन्छ ।

साठीको दशकयताका नेपाली निबन्धमा सृष्टिसम्बन्धी दार्शनिक चिन्तन निरूपण देखिन्छ र यसक्रममा संसार विचरणशील छ भन्ने धारणा प्रस्तुत गर्दै सृष्टिको निरन्तरता र स्थावर, जङ्गमको अनित्यताबारे चर्चा पाइन्छ । यहाँ विश्वजगत् नै सृष्टिको गतिशीलतामा अडिएको छ र सृष्टिको उषाकालदेखिको यात्रा निरन्तरको भएको स्वीकारिएको छ । संसार नै पुनरावृत्ति हो र यसको काम निरन्तर उत्पादन गर्नु हो भन्ने सन्दर्भ यहाँका निबन्धमा प्रकटित देखिन्छ । यो चरैवेतीको यात्रा भएकाले अविराम रहेको र एकक्षणमात्र रोकिए सृष्टिको अस्तित्व समाप्त हुन्छ भन्ने सृष्टिको नियन्ताका सन्दर्भहरू यहाँको निबन्धमा विश्लेषणीय देखिन्छ ।

### २.३.३ सृष्टिको स्वरूप

साङ्ख्यदर्शनको मूल प्रतिपाद्य विषय प्रकृतिलाई मानिएको छ । यस दर्शनले संसारका यावत् वस्तु परिवर्तनशील छन् तर ती नष्ट हुँदैनन् भन्ने मान्यता राखेको छ ।

सृष्टिलाई साङ्ख्यले अव्यक्त मानेको छ साथै गुणको शक्तिमा नै प्राकृतिक स्वरूपमा हलचल वा परिवर्तन हुन्छ भन्दै सम्पूर्ण सृष्टि प्रकृतिकै गर्भमा रहेको छ (राई, २०७४, पृ. २९०) भनी उल्लेख गरिएको छ । यहाँ सृष्टिमा हलचल हुनु भनेको प्रकृति निरन्तर गतिशील, परिवर्तनशील हुनु हो त्यसकारण प्रकृतिमा विद्यमान सत्त्व, रज र तम त्रिगुण निरन्तर परिवर्तनशील रहन्छन् र तिनवटै गुणले आआफ्नै अस्तित्वलाई खिचेर आफैँमा समाहित गर्दछ भनिएको छ । यसरी समाहित हुनु भनेको प्रकृतिको साम्यावस्था हो र यसक्रममा विश्वब्रह्माण्डमा प्रलय भई हलचल पैदा हुन्छ र सृष्टिनिर्माण भएर यो निरन्तर चलायमान भइरहन्छ, तसर्थ कतै सृष्टि त कतै प्रलय भइरहेको हुन्छ भनिएको छ । संसारमा जेजति परिवर्तन, हलचल भइरहेको छ त्यो सबै प्रकृतिमा विद्यमान गुणका आधारमा भएको हुँदा सृष्टिको स्वरूप पनि प्रकृतिका गुणमा निर्भर रहन्छ भन्ने चिन्तन यहाँ अभिव्यक्त गरिएको छ । साठीको दशकयताका नेपाली निबन्धमा निबन्धकारले आफ्ना जीवनका अनुभव र अनुभूतिहरूलाई दर्शनका माध्यमबाट अभिव्यक्त गरेको पाइन्छ । यसैक्रममा मानवीय जीवनको गतिशीलतालाई सृष्टिको स्वरूपको सापेक्षतामा व्याख्या, विश्लेषण गरिएको कुरालाई तलका निबन्धांशहरूद्वारा पुष्टि गरिएको छ :

> एकतर्फी यात्राको यात्री बनेर म जुन दिन बाटो नयाँ लागेँ त्यसपछि मैले यात्राको अविश्रान्त यात्रीका रूपमा दौडिनु परेको छ । थकित भग्न र एकछिन् विश्राम गर्छु पनि भन्न पाएको छैन । म यस यात्रामा निस्किएको दिनदेखि एकोहोरो दौडेको छु, दौडेको छु । यो कस्तो अनौठो यात्रा । न यहाँ एकक्षण थकाई मार्न पाइन्छ न यहाँ केही बाटो दोहोऱ्याएर हिँड्न नै मिल्छ ? त्यसैले महर्षिहरूले चरैवेती, चरैवेतीको आवृत्ति र पुनरावृत्तिको रटान लगाएका हुन क्यारे ! हिँडिरहूँ हिँडिरहूँ । अविश्रान्त गति कायम राख । यस जीवनका सन्दर्भमा अर्थिने यो यात्रा संसारको चराचर वस्तुले नित्य निरन्तर गरिरहन्छ । यो यात्रा कस्तो छ भने तपाईं एकपल्ट रोकिएर हेर्न पनि पाउनुहुन्न र एकपल्ट दोहोऱ्याएर हिँड्न पनि सक्नुहुन्न ।
>
> (राजेन्द्र सुवेदी, 'एकतर्फी यात्राको यात्री म', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ४२)

प्रस्तुत निबन्धांशमा त्रिगुणको साम्यावस्था नै प्रकृति हो र यो निरन्तर हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । यस अंशमा त्रिगुणको साम्यावस्था प्रकृति हो भने सृष्टि विकृति हो तसर्थ प्रकृति नै सृष्टिको प्रमुखकारण भएकाले चार पदार्थ र पच्चीस तत्त्वको योगबाट नै सृष्टिनिर्माण भएको हुन्छ भन्ने मान्यता ल्याइएको छ । उद्धृतांशमा प्रकृति नै सृष्टिको उपादान कारक भएको हुँदा सम्पूर्ण सृष्टि प्रकृतिको गर्भभित्र विद्यमान रहनेभएकाले सृष्टिकालमा कार्यरूपमा व्यक्त हुनेहुँदा प्रकृति निरन्तर प्रक्रिया भएको कुरासमेत देखाउँदै सृष्टिको प्रारम्भदेखि नै यो यात्रा अविराम रहेको छ, साथै सृष्टिको काम निरन्तर उत्पादन गर्नु, जन्माउनु, पैदा गर्नु, ऊर्जावान् हुनु हो, यसले विगतमा के भयो र भविष्यमा के हुँदैछ त्यसको चिन्ता गर्दैन भन्दै निबन्धकारले पनि आफ्नो यात्राको पुनरावलोकन गर्ने दृढ इच्छा

भए पनि त्यो सौभाग्य प्राप्त नभएको धारणा प्रकट गरेका छन् । यस निबन्धांशमा प्रकृति र पुरुषको समायोजनमा जगत् एकोहोरो यात्रारत रहेको स्थितिमा आफू पनि एकोहोरो यात्रारत रहेको निबन्धकारको सृष्टिचिन्तन अभिव्यक्त भएको छ । यहाँ यस अविराम यात्रामा सृष्टिले एकक्षणमात्र पनि रोकियो भने सृष्टिलाई पुनः प्रारम्भ गर्न कठिन हुन्छ त्यसैले प्रकृति सिर्जनशील मानिएको छ । यस अंशमा सृष्टिजस्तै आफ्नो पाञ्चभौतिक शरीरको यात्रा पनि चरैवेतिको यात्रा भएकोले महर्षिहरूले चरैवेतिको आवृत्तिमा जोड दिएको हुन सक्ने चिन्तनलाई बताइएको छ । यस जगत्का सम्पूर्ण चराचर जीव, जीवात्मा, स्थावर, जङ्गमले नित्य निरन्तर यात्रा गरिरहेको हुन्छ र एकक्षणमात्र पनि रोकियो भने पुनः चरैवेतिको यात्रा कठिन हुने कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> पुरुषको परिभाषाभित्र पुरुष एक्लो पनि प्रकृतिभन्दा भिन्न वा अर्को अपरिगामी कर्ता भनेर लिइएको छ । भाले, लोग्नेमान्छे, विष्णु, जीव, आत्मा, ईश्वर, सूक्ष्म शरीर, प्राणीको ओज वा शक्तिको रूपमा परिभाषित पुरुषलाई लाक्षणिक रूपमा वीर वा आँटी भनेर भनिएको पाइन्छ । यस्ता परिभाषाको आधारमा पुरुष नारीजस्तो उत्पादनशील हुनैपर्छ भन्ने देखिन्न बरु हुन्छ नै भन्ने भावना राखेको पाइन्छ । नारीको लागि पुरुष सुन्दर र पुरुषका लागि नारी सुन्दर, यो संसारको रीत हो । त्यसैले पुरुष र नारीको शक्ति रूपी वीर्य (xy) र (xx) लाई प्रकृतिले बराबर जान्दछ, कतै भेदभाव छैन ।

(विनयकुमार शर्मा नेपाल, 'नारी र पुरुष', *परावर्तन,* पृ. ८२)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषविषयक मान्यता ल्याइएको छ र यसक्रममा प्रकृतिपुरुष दुवैले एक्लैएक्लै केही गर्न नसक्ने कुरा देखाइएको छ । यहाँ पुरुष चेतन, निष्क्रिय, लङ्गडो र स्वतन्त्र कार्यरूप भए पनि अचेतन प्रकृति सक्रिय, अन्धो एवं कारण रूप हो भन्ने कुरालाई सङ्केत गरेको पाइन्छ । यस निबन्धांशमा पुरुष र प्रकृति एक्लैले केही गर्न नसक्नेहुँदा एउटा कारण र अर्को कार्यरूप प्रकृतिपुरुषको पारस्परिक सम्बन्धबाट नै सृष्टि भएको हो त्यसैले कार्यरूप पुरुष लोग्नेमान्छे, भाले, जीव, आत्मा, ईश्वरजस्ता पुलिङ्ग बुझाउने अनेकन स्वरूपमा परिभाषित गरिएको हुँदा पुरुषलाई वीर र पराक्रमीको कोटीमा राखिएको धारणा व्यक्त भएको पाइन्छ । यहाँ यस आधारमा पुरुष नारीजस्तो उत्पादनशील हुनैपर्छ भन्ने धारणा नभएर नारीको लागि पुरुष र पुरुषको लागि नारीको सुन्दर भावना हुनुपर्छ र यो नै यस संसारको रीत हो भन्ने निबन्धकारका दार्शनिक एवं वैचारिक चिन्तनलाई यस अंशले स्पष्ट देखाएको पाइन्छ ।

> ... जतिखेर मेरो अस्तित्व यस भौतिक संसारमा प्रवर्तन भयो, त्यतिखेर म कोरा, एकदम खाली एवं रङ्गविहीन कागज मात्रको रूपमा थिएँ । म प्राणीजगत्को एक जीवमात्र थिएँ । मेरो जीवात्मामाथि अनेक संज्ञाहरू थपिए- ती संज्ञाहरू नै प्रथम अभिलेखन थिए ती -मेरो कोरापनमाथिका । म केबल भाले वा पोथी गुण भएको

> एक द्वि वा चतुस्पदिक जीव अथवा सरसृप वा कीट पतङ्गको परिधिभित्र मात्र सीमित थिएँ । मेरो कोरापनमाथि अनेक जीवगत विविध अस्तित्वको भारी बोकाइयो । व्यक्तिगत तवरमा मैले बोकेको भारीमा मानव अङ्कित बन्यो । त्यसमा प्राकृतिक तवरले भने भाले मात्रको अङ्कन गरेर प्रकृति एकदमै असम्पृक्त बनेर अलग्गै बसिदियो । अनि मेरो त्यो रङ्गहीन र नलेखिएको कागजपनमा रङ्ग पोत्ने र अनेक अर्थ दिने काम आरम्भ भयो ।...
>
> (राजेन्द्र सुवेदी, 'म नलेखिएको कागत', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ५४-५५)

प्रस्तुत निबन्धांशमा सृष्टिविषयक मान्यता ल्याइएको छ । उद्धृतांशमा जगत्को उत्पत्ति, स्थिति तथा लयको कारण नै ब्रह्म भएको हुँदा निर्गुण, निराकार, ब्रह्म नै ईश्वर हो र उनै ईश्वरको जुनबेला भौतिक संसारमा प्रवर्तन भयो त्यसबेला खाली शून्य निराकार र रङ्गविहीनमात्र भएको निबन्धकारको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा रूपरहित ब्रह्मको अस्तित्व यस भौतिक जगत्मा हुँदा केवल खाली रङ्गविहीन कोरा कागजका रूपमामात्र भएको कुरा बताइएको छ । यहाँ ब्रह्मको अस्तित्व केवल एक, दुई वा चुतस्पादको परिधिमामात्र सीमित भएको उल्लेख गर्दै सम्पूर्ण कुरा स्थावर र जगङ्गमको परिधि वा जगत्मा सीमाबद्ध गरेको विचार व्यक्त भएको छ । खाली वा कोरापनमाथि अनेकानेक जीवगत अस्तित्वको भारी बोकाएका कारण, मानव अङ्कित भारी बोकेका कारण भाले नामकरण गरेर प्रकृति अलग भएकाले रङ्गहीन कोराकागजमा अनेक नाम र अर्थ दिने काम प्रारम्भ भएको कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> ...फेरि म । नारी हुँ । नारी त धरतीकै रूप हो भन्छन् । मानौँ तिमी पुरुष र तिम्रो स्वर्ग पुरुषसुखको सङ्केत नै किन नहोस्, तिमीलाई तिमी र तिम्रो स्वर्गको सट्टामा म र मेरो धरती मिले पनि या मलाई म र मेरो सट्टामा तिमी र तिम्रो स्वर्ग नै मिले पनि यो ब्रह्माण्डमा हामी दुवै अधुरो रहने छ किनकि स्वर्ग र नरक अर्थात् स्वर्ग र नरकसम्बद्ध सारा सत्यहरू कुनै रङ, धर्म या पार्टीगत परिचय नभएर नारी र पुरुषझैँ एकअर्कामा पूरक हुन- चाहे घटित यथार्थ होस् या मान्यता होस् ।
>
> (मोमिला, 'प्रश्नहरू त बाँकी नै रहन्छन्....', *मधुपर्क,* पृ. ३४)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषविषयक मान्यता ल्याइएको छ । यहाँ प्रकृति (नारी) अचेतन र पुरुष चेतनतत्त्व हुन्, यी दुईका बिच व्यतिरेकी सम्बन्ध रहेको हुन्छ त्यसैले यी फलाम र चुम्बकजस्तै छन् भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा नारी र पुरुष अर्थात् प्रकृति र पुरुष दुवैको प्रभावबाट नै यो विश्वब्रह्माण्ड सञ्चालन भएको हुँदा एकअर्काको सहयोगबाट नै विश्वनिर्माण हुन्छ भन्ने चिन्तन अभिव्यक्त भएको छ । यस निबन्धांशमा जतिसुकै आनन्द, सुख र स्वर्ग प्राप्त भए पनि प्रकृति र पुरुषबिना यो विश्वब्रह्माण्ड असम्भव भएकाले यी दुवैको संयोग हुनु अत्यावश्यक रहेको कुरा बताइएको छ ।

सृष्टिप्रक्रियाको लागि प्रकृति र पुरुष दुवैको सम्बन्ध हुन अत्यन्त ठूलो आवश्यकता रहेकाले यो एकअर्काबिना सृष्टि असम्भव भएको चिन्तनलाई प्रस्तुत निबन्धांशमा स्पष्ट पारिएको छ ।

> न कोही ठूला छन् न कोही साना छन् । न कोही अगाडि छन् न कोही पछाडि छन् । न कोही तल छन् न कोही पछाडि छन् । न कोही तल छन् न कोही माथि छन् । न कोही भित्र छन् न कोही बाहिर छन् । सबै ठूला सबै साना । सबै तल सबै माथि । सबै भित्र सबै बाहिर । सबै अघि सबै पछि । ढुङ्गाको भर माटो माटोको भर ढुङ्गा । सबै सँगसँगै छन्, सँगसँगै भएकाले समान छन् । समान भएकाले सँगसँगै पनि छन् । न चेतनाबिना जडले केही गर्न सक्छ न जडबिना चेतनकै कुनै भूमिका रहन सक्छ । न बीजबिना वृक्ष बन्न सक्छ न वृक्षबिना बीजको अस्तित्व रहन्छ । एकले अर्कोलाई पन्छाएर अहिलेसम्म कोही पनि अगाडि बढ्न सकेका छैनन् । त्यसैले सर्वप्रथम हेर्ने दृष्टिकोणमा परिवर्तन आवश्यक छ ।

(कमल रिजाल, 'दृष्टिभ्रम', *सुदर्शन,* पृ. १९)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा प्रकृति र पुरुषको सहकार्यमा नै सृष्टिनिर्माण हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ संसारका यावत् वस्तु एकअर्काका परिपूरक भएको बताउँदै जड प्रकृति र चेतनपुरुष एकअर्काबिना कार्य गर्न सक्दैनन् भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा मूलकुरा प्रकृति अर्थात् बीज हो सबैको कारण भएर पनि आफू कहिल्यै कार्य बन्न नसक्ने पदार्थ हो भन्ने कुरासमेत देखाउँदै यही प्रकृतिबाट निर्मित वस्तु वृक्ष विकृति भएको औँल्याउँदै वृक्षबाट नै बीजनिर्माण हुनेहुँदा आवश्यकताअनुसार कसैको कारण र कार्य नभएको तत्त्व नै पुरुष हो भन्ने कुरालाई देखाइएको छ । यस अंशमा चेतनपुरुष र अचेतन प्रकृति वा जगत्बिना अस्तित्व नरहनेहुँदा एकले अर्कोलाई अलग राखेर कार्य गर्न नसक्नेभएकाले सबैभन्दा पहिला आफ्नो दृष्टिकोण परिवर्तन गर्नु आवश्यक रहेको प्रकृतिपुरुषसम्बन्धी चिन्तन देखाइएको छ ।

> प्रकृति अभेद्य छ, अपार छ, पार नपाइसक्नुको छ । पुरुष अजेय छ, अपराजित छ र पराक्रमी छ । यी दुवै यस जगत्का दुई भिन्न महाशक्तिहरू हुन् । ...पुरुष प्रकृतिभन्दा भिन्न अर्को एक परिणामी कर्ता हो अर्थात् नभई नहुने वा दुईमध्ये नभई नहुने निर्माण वा विनिर्माणको प्रकृतिजस्तै एक मूल कर्ता हो, जुन नभई प्रकृतिले निरन्तरता दिन सक्दैन । यस अर्थमा प्रकृति वस्तु हो भने पुरुष त्यसको शक्ति हो । प्रकृतिजस्तै पुरुष त्रिगुण वा शक्तिकै एउटा गुण हो । ...मात्र रजले संसार वा जगत् वा जीवन चल्दैन क्या रे ! ... प्राणी वा जीवको ओज शक्ति पनि पुरुष नै हो । पुरुषलाई वीर, आँटी, मर्द, भाले पनि भन्ने अर्थ लगाउन सकिन्छ । अर्कोतिर ईश्वर, जगदीश्वर, विष्णु, अन्तर्यामी वा जितेन्द्रियको पदार्थ पनि पुरुष नै हो ।

(वियनकुमार शर्मा नेपाल, 'प्रकृति र पुरुष', *खोल,* पृ. ८१-८२)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषविषयक मान्यता ल्याइएको छ र यसक्रममा सृष्टिनिर्माणमा यी दुई तत्त्व व्यतिरेकी हुँदाहुँदै पनि अनिवार्य आवश्यकता भएको कुरा देखाइएको छ । यस अंशमा प्रकृति र पुरुषको सम्मिलनमा नै सृष्टिनिर्माण हुनेहुँदा प्रकृति र पुरुष द्विविध मूलतत्त्व हो र यी स्वतन्त्र भएर पनि एकअर्काको अभावमा सृष्टिनिर्माण असम्भव रहेको बताइएको छ । यहाँ प्रकृति र पुरुषको अभेद्य सम्बन्ध रहेको बताउँदै जगत्को आदिकारण प्रकृतिले चेतनतत्त्व पुरुषसँगको सहकार्यमा सृष्टिनिर्माण गर्छ भनिएको छ । यी दुई स्वतन्त्र तत्त्व हुन् र प्रकृतिलाई साङ्ख्यले पदार्थ मानेको हुँदा यो सत्त्व, रज र तम गरी त्रिगुणको साम्यावस्था नै प्रकृति नै जगत्को मूलकारण हो भन्ने कुरालाई यहाँ बताइएको छ । यस अंशमा प्रकृतिले अजेय चेतनतत्त्व पुरुषलाई साथमा लिएर सृष्टिनिर्माण गर्ने भएकाले यी एकअर्कामा विलय भएर सृष्टि, स्थिति र लय प्रक्रियामा आबद्ध हुन्छन् भन्ने कुरा अभिव्यक्त भएको छ । उद्धृतांशमा पुरुषले प्रकृतिबिना र प्रकृतिले पुरुषबिना सृष्टिको निरन्तरता असम्भव भएकाले प्रकृति र उसका सम्पूर्ण क्रियाकलाप पुरुषकै भोग तथा मोक्षकै लागि हुने, पुरुषको सिद्धको लागि हुने कुरा प्रस्तुत गरिएको छ । यस निबन्धांशमा पुरुष प्रकृतिभन्दा भिन्न परिणामी कर्ता हो, प्रकृतिजस्तै पुरुष त्रिगुण वा शक्तिकै एउटा गुण हो, प्राणी वा जीवको ओजशक्ति पनि पुरुष नै हो आदि पदावलीले पुरुष अर्थात् जीव प्रकृतिभन्दा भिन्न र स्वतन्त्र छ, मूलप्रकृति कारण हो भने पुरुष कार्य भएकाले सृष्टि र विनाश कार्यकारणकै परिणाम भएकाले प्रत्येक पदार्थ कार्यतिर प्रवृत्त भएपछि जगत्को उत्पत्ति हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा प्रकृति कारण र पुरुष कार्य भएकाले उत्पत्तिभन्दा पूर्व कार्यकारण शृङ्खलामा भेद गर्न सकिँदैन तसर्थ प्रधान वा मूलरूप प्रकृति नर्तकी हो र यो सदैव चलायमान रहनेहुँदा यसमा त्रिगुण विद्यमान रहन्छ भन्ने प्रकृतिपुरुषविषयक मान्यता प्रस्तुत भएको छ । स्वयम् अजन्मा प्रकृतिका सत्त्व, रज र तम गुण नै वर्तमानमा रहन्छ साथै जगत्को उत्पत्ति गर्छ र प्रलय दिशामा त्यसलाई आफूभित्र नै निष्क्रिय गर्छ भनेर प्रकृतिपुरुषको आवश्यकताबारे यस निबन्धांशमा बताइएको छ ।

> सबभन्दा पहिले त पुरुष सूक्तमा 'पुरुष' शब्दको अचेल लोग्नेमान्छे जनाउने शब्दसँग कुनै सम्बन्ध छैन । सूक्त भन्नाले राम्रो (सु) भनाई (उक्ति) भन्न खोजिएको होला । जे होस् उक्त सूक्तको मुख्य सार 'यो सारा संसार, यो सृष्टि सबै एउटा पुरुष' भन्ने चीज तत्त्वले बनेको छ, त्यही नै संसारको सार हो, के मान्छे, के तारा, के सूर्य सबैमा उही पुरुष छ, प्रत्येक कुरा उसैका अंश हुन्, सृष्टिका प्रत्येक कुरामा त्यही पुरुष विभिन्न स्वरूपमा प्रकट भएको वा प्रष्फुटित भएको हो आदि आदि ।
>
> (शिव गौतम, 'जन्म र जात, पुरुषको हात', *भ्याम्ली बाखाको पाठो,* पृ. ७८)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषविषयक मान्यता ल्याइएको छ र यसक्रममा यो सम्पूर्ण जगत्को निर्माण चेतनपुरुषको सिद्धका लागि भएको कुरा देखाइएको छ । यहाँ प्रकृति र पुरुषको एकाकारमा नै जगत् वा सृष्टिको अविर्भाव भएकाले संसारको आदिकारण नै प्रकृति हो र प्रकृति

र पुरुष दुवै तत्त्वको संयोजनमा संसारको सृष्टि, स्थिति र लय हुन्छ भन्ने सृष्टिचिन्तन अभिव्यक्त भएको छ । यस निबन्धांशमा जगत् प्रकृति र पुरुष दुई तत्त्वको समीपमा निर्माण हुन्छ र यी वैपरीत्य तत्त्व भए पनि साम्यावस्थामा प्रकृति र पुरुषको योग अनिवार्य मानिएको प्रसङ्ग देखाइएको छ । उद्धृतांशमा यो संसारका सम्पूर्ण तत्त्व, अवयव चेतनतत्त्व पुरुषकै कारण भएकाले विश्वका समस्त वस्तुहरू प्रयोजनपूर्ण छन् भन्ने कुरा प्रस्तुत गरिएको छ । यस अंशमा वस्तुहरू सबै नै त्रिगुणात्मक रहेको हुँदा संसारका प्रत्येक कुरा पुरुषका अंश भएको स्पष्ट पारिएको छ । प्रकृति मार्ग देखाउने पुरुष अनेक छन् त्यसैले अचेतन प्रकृतिले पुरुषकै समीप पाएर सृष्टिको निर्माण गर्दछ भन्ने प्रकृतिपुरुषसम्बन्धी मान्यतालाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरिएको छ । उद्धृतांशमा 'यो सारा संसार, यो सृष्टि सबै एउटा 'पुरुष' भन्ने चीज तत्त्वले बनेको छ, त्यही नै संसारको सार हो, के मान्छे, के तारा, के सूर्य सबैमा उही पुरुष छ, प्रत्येक कुरा उसैका अंश हुन्' वाक्यले पुरुषतत्त्वसम्बन्धी सङ्केत गरिएको छ ।

> ... यो विश्वब्रह्माण्डका सबै तत्त्वलाई बुझे पनि ज्ञान मस्तिष्कमा नअटाएर पनि होला । बीजभित्र विश्व छ । विश्वभित्र बीज छ । यही बीजभित्र सृष्टिको चक्र छ । यही चक्रभित्र संसार परिक्रमा गरिरहन्छ । समय जसरी शुरु हुन्छ, अनि हतारहतार दौडन्छ । ऊ एकछिन रोकिँदैन प्राणी जीव र वनस्पति जे जस्तो रूप धारण गरोस्, ऊ सरोकार राख्दैन, ऊ आफ्नो स्थितिबाट कहिल्यै विचलित हुँदैन । ऊ आफ्नै रूपमा घुम्छ । उसलाई अरूको सहायता चाहिँदैन । यसो हेर्दा बुझ्दा समय त स्थितप्रज्ञको नियमभित्र पो रहेछ जस्तो हामीलाई लाग्छ । दौडिनु उसको प्रकृति हो । प्रत्येक वस्तु र प्राणीले आफ्नो लागि एउटा सिद्धान्त बनाएका हुन्छन् । त्यही सिद्धान्तका हाँगाविँगा समाएर आफ्नो बाटोलाई सुनिश्चित पार्दै जान्छन् । उनीहरू त्यसमा घुम्नुपर्ने भएकाले घुमिरहेका छन् ।

(सीता भट्टराई, 'संसार गोलो छ !', *वैजयन्ती*, पृ. ५६-५७)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ मूलरूप प्रकृति माटो वा बिउ हो; विश्वब्रह्माण्ड नै प्रकृति हो भनिएको छ । यो विश्वब्रह्माण्ड नै बीज हो र यही बीज विश्वब्रह्माण्डभित्र सृष्टिको चक्र निरन्तर चलिरहन्छ भन्ने कुरासमेत देखाउँदै मूलरूप प्रकृतिबाट नै परिवर्तित स्वरूप सृष्टिको चक्र चलिरहन्छ भन्ने कुरा यहाँ व्यक्त भएको छ । यस अंशमा प्रकृति नै सबैको कारण हो तर ऊ स्वयम् कार्य भने होइन तसर्थ विश्वब्रह्माण्डको कारक प्रकृति हो र त्रिगुणात्मिक प्रकृतिले पुरुषको साथ पाएर नै विश्वब्रह्माण्डको सृष्टि गर्छ र यी दुई फलाम र चुम्बकजस्तै हुन् र चुम्बकले जसरी फलामलाई चलायमान गराउँछ त्यसरी नै पुरुषले प्रकृतिलाई चलायमान गराउनुका साथै बाटो देखाउने कार्य गरेको हुन्छ भन्ने धारणा व्यक्त भएको छ । यस निबन्धांशमा प्रकृतिले पुरुषको साथ पाएर नै सृष्टि गर्नेहुँदा त्रिगुणको साम्यावस्था प्रकृति हो भने सृष्टि विकृति हो र सम्पूर्ण सृष्टि प्रकृतिको गर्भमा अव्यक्त रूपमा रहन्छ तसर्थ प्रकृतिलाई निरन्तर मानेको छ

भन्ने कुरालाई स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा प्रकृतिको काम निरन्तर पैदा गर्नु रहेको हुँदा यदि प्रकृतिको गतिलाई एकक्षणमात्र रोकिने हो पुनः प्रारम्भ गर्न कठिन भएकाले यसलाई सिर्जनशील मानिएको कुरा बताएको छ । यस अंशमा सम्पूर्ण स्थावर जङ्गम आउनेजाने क्रम निरन्तर चलिरहेको हुँदा प्रकृतिको काम आफ्ना सन्तान केकस्ता छन् त्यो मतलब राख्दैन किनकि उसको काम निरन्तर पैदा गर्नु हो भनिएको छ । प्रत्येक प्राणीको जन्म समयको निश्चित कालखण्डमा आउनेजाने क्रम चलिरहन्छ भन्ने प्रकृतिपुरुषसम्बन्धी चिन्तनलाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> संसार परिवर्तनशील छ । कसैको पनि स्थायित्व छैन । कसैले पनि यो गर्छु भन्न पनि पर्दैन र कसैले पनि यो गरेको छु र त्यो गरेको छु भन्न पनि हुँदैन । संसारमा जे जति भएको छ आफैँ भएको छ वा आफैँ भइदिएको छ । दिन आफैँ भएको छ । रात आफैँ भएको छ । सूर्य आफैँ उदाउँछन् र अस्ताउँछन् । चन्द्रमा पनि आफैँ उदाउने र अस्ताउने गर्छन् । आगोले आफैँ पोलेको छ । पानी आफैँ बगेको छ । बोट आफैँ भएको छ । बीज आफैँ भएको छ । रूख, बिरुवा, वनस्पति आफैँ उम्रिएका छन् । मान्छे आफैँ जन्मेको छ (ठूलो आफैँ भएको छ ।)...

(कमल रिजाल, 'संसारको रीत', *सुदर्शन*, पृ. ३९)

प्रस्तुत निबन्धांशमा सृष्टिको स्वरूपसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ प्रकृति क्रियाशील, निरन्तर एवम् परिवर्तनशील भएकाले कसैको पनि स्थायित्व नभएर संसारमा आउनेजाने क्रम चलिरहन्छ । यहाँ सृष्टि र प्रलयक्रम निरन्तर गतिशील भइरहन्छ भन्दै संसारका सम्पूर्ण क्रियाकलाप व्यक्तिको इच्छानुरूप नभएर आफैँ भएको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा संसारका यावत् वस्तु, स्वनिर्मित भएको बताउँदै मूलप्रकृति नै बीउ भएको हुँदा बीजबाट बिरुवा बन्छ भन्ने प्रकृतिपुरुषसम्बन्धी चिन्तनलाई स्पष्ट सङ्केत गरेको देखिन्छ । यस अंशमा कुमालेको चक्रझैँ संसार निरन्तर घुमिरहन्छ र यो परिवर्तनशील, रूपान्तरणशील रहेको हुँदा संसारका सम्पूर्ण तत्त्वको कुनै स्थायित्व नरहेको चिन्तन प्रस्तुत भएको छ ।

> ... यो संसारमा जति प्राणीहरू छन् सबै कुमालेको हाँडी, ग्राग्रा बनाएजस्तै हुन् । धनी वा गरीब विद्वान् वा अनपढ सबैको सृष्टि त्यही माटोबाट नै भएको हो । कुमालेले जसरी माटाको भाँडा अनेक रूप रङ्गको तयार गर्छ मानिसजस्तो मूर्तिहरू पनि बनाउँछ । फरक के छ भने त्यो मूति बोल्दैन, चल्दैन प्रकृतिले बनाएको माटोको भाँडो मान्छेको मूर्ति बोल्छ, हाँस्छ, हेर्छ, सुन्छ, सुँध्छ इत्यादि सबै काम गर्छ ।

(सीतारामप्रसाद दंगाल, 'आत्मा', *जीवन अनुभूति*, पृ. ६४)

प्रस्तुत निबन्धांशमा प्रकृति मूलरूप बीज हो भन्ने प्रकृतिपुरुषसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ माटो, बिउ प्रकृति हो भने त्यस मूलरूप माटोबाट निर्मित घैँटो, गाग्रो, हाँडी, अङ्कुर आदि मूलरूपबाट परिवर्तित विकृति हो भन्ने प्रकृति-विकृतिसम्बन्धी कुरा

देखाइएको छ । यस अंशमा संसारका समस्त प्राणी विकृति अर्थात् मूलरूपबाट परिवर्तित रूप हुन् भन्दै यो जगत्का समस्त प्राणीहरू कुमालेले माटोबाट गाग्रो बनाएजस्तै मूलरूप प्रकृतिबाट परिवर्तित रूप प्राणी भएको चिन्तन अभिव्यक्त भएको छ । संसारका जति पनि धनी, गरिब, विद्वान् अनपढ सबैको सृष्टि मूलरूप प्रकृतिबाट भएको हो भन्ने कुरा यहाँ बताइएको छ । निबन्धकारले निबन्धांशमा कुमालेले माटोबाट अनेक रूप रङ्गका भाँडा एवम् मूर्तिनिर्माण गर्छ तर त्यो निष्क्रिय भएको हुँदा प्रकृतिबाट निर्मित अर्थात् प्रकृतिको विकृति मान्छेको मूर्तिले बोल्न, हाँस्न, सुन्न र सुँघ्न नसक्नेभएकाले यस संसार विकृति हो किनकि यो त प्रकृतिको गर्भभित्र रहेको हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत भएको छ । उद्धृतांशमा मृत्युबाट जीवन, जीवनबाट मृत्यु, पापबाट धर्म, धर्मबाट पाप, दिनबाट रात, रातबाट दिनको चक्रमा सृष्टि रुमल्लिइरहेको हुँदा जीवन प्राप्त गर्नु भनेको सक्रिय र मृत्यु विस्मृति भएको कुरा बताइएको छ ।

> सृष्टि, स्थिति र लय शाश्वत सत्य हुन् । सृष्टि, स्थिति र लय पृथ्वीभरि एक समान हुन्छन् । यिनै शाश्वतताको प्रभाव जीवनमा परेको छ । यिनै प्रभावले गर्दा रङ्ग संस्कारभित्र नीलो सर्वव्यापी प्रवृत्ति सूचना बन्न पुगेको छ । आविष्कार सृष्टिजन्य क्रिया हो । सृष्टिलाई संरक्षण गर्ने प्रवृत्ति स्थिति हो । लय अन्त्यसूचक समावेशी अभिव्यक्ति हो । सृष्टिसित लय अन्तर्निहित रहेको हुन्छ । अन्तर्निहित प्रवृत्ति प्रकृति शाश्वतपन हो ।

(तेजेश्वरबाबु ग्वंगः, 'रङ्ग संस्कार', *रङ्ग अभिज्ञान,* पृ. ४३-४४)

प्रस्तुत निबन्धांशमा सृष्टिको गतिशीलताविषयक मान्यता ल्याइएको छ र यसक्रममा सृष्टि, स्थिति र लयका कारक एकमात्र सत्य (ब्रह्म) हो भन्ने कुरा देखाइएको छ । यहाँ सृष्टि, स्थिति र लय शाश्वत सत्य रहेको बताउँदै सत्य नै ब्रह्म हो, जो सर्वव्यापक, सर्वकालिक, अनन्त र एक समान छन् भनिएको छ । यस अंशमा यिनैको प्रभावमा जीवन सञ्चालन, निर्धारण र नियन्त्रण हुन्छ भन्दै रङ्गहरूमा जसरी नीलो रङ्गको प्रभाव रहन्छ त्यसैगरी अमूर्त निराकार, रङ्गहीन, रूपहीन, सर्वव्यापी ब्रह्मकै प्रभावमा यो सृष्टि गतिशील भएको कुरा बताइएको छ । उद्धृतांशमा सृष्टि उनै आदिपुरुष ब्रह्मको प्रतिफल हो र यसको स्थिति र लयको कारण पनि उनै ब्रह्म हुन् तसर्थ उनी नै संरक्षणकर्ता, पालनकर्ता र संहारकर्ता भएको उल्लेख गरिएको छ । निबन्धकारले निबन्धांशमा सृष्टिको लागि लय अनिवार्य आवश्यकता रहेको हुँदा सृष्टिभत्रि लय अन्तर्निहित हुन्छ तसर्थ सृष्टि र लय सँगसँगै उत्पत्ति भएकाले यी एकअर्काका परिपूरक भएको दृष्टिकोण प्रस्तुत भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धहरूमा सृष्टिको स्वरूपसम्बन्धी साङ्ख्य-दर्शनविषयक दार्शनिक मान्यताहरूको निरूपण पाइन्छ । यसक्रममा सृष्टिमा हलचल भएर प्रकृति निरन्तर गतिशील, परिवर्तनशील हुन्छ भन्ने धारणा प्रस्तुत गर्दै सृष्टि प्रकृतिको गर्भमा रहन्छ भन्ने त्रिगुणको मान्यता यहाँका निबन्धमा देखिन्छ । साठीको दशकयताका

निबन्धहरूमा प्रकृतिमा विद्यमान गुणको शक्तिका कारण सृष्टिको स्वरूप रहने प्रसङ्ग प्रकटित छ । प्रकृति सिर्जनशील भएकाले अविराम छ र जेजति सृष्टि हुन्छ पुरुषकै मोक्षका लागि हुन्छ भन्ने प्रकृतिपुरुषको अनिवार्य उपस्थितिलाई यहाँका निबन्धमा प्रष्ट देखिन्छ ।

### २.३.४ सृष्टिको कार्यकारण सम्बन्ध

कुनै पनि कार्य हुनको लागि कारण अनिवार्य मानिएको छ, तसर्थ बिनाकारण कुनै पनि कार्य हुन नसक्नेहुँदा कारण आवश्यक रहेको हुन्छ । कार्यकारण सिद्धान्तलाई साङ्ख्यदर्शनमा सत्कार्यवाद भनिएको छ । यस सिद्धान्तले उत्पत्ति हुनुपूर्व नै कारणमा कार्यको सत्ता स्वीकार गर्दछ सृष्टिको सारा तत्त्व प्रलयावस्थामै बीजरूपमा अव्यक्त तरिकाले प्रकृतिमा विद्यमान रहेको हुन्छ र कार्य हुँदैन भने सृष्टि पनि हुँदैन (राई, २०७४, पृ. २७३) भनेको पाइन्छ । यहाँ कार्य उत्पत्ति हुनुपूर्व नै कारणमा विद्यमान हुनुपर्दछ भन्ने चिन्तन अभिव्यक्ति भएको पाइन्छ । कुनै पनि कार्य अव्यक्त रूपमा रहन्छ तर कार्य गर्नुपूर्व कारणसँग जोडिएको हुँदा कार्य अव्यक्त रूपमा कारणमा अन्तर्निहित हुन्छ भन्ने साङ्ख्यदर्शनको मान्यता रहेको छ । कारणद्वारा नै कार्यको निर्माण हुनेभएकाले कार्यमा कारणको वास्तविक रूपान्तरण हुन्छ भन्ने साङ्ख्यदर्शनको मूल प्रतिपाद्य विषय मानिएको छ । साठीको दशकयताका नेपाली निबन्धमा निबन्धकारले आफ्ना निजी विचार र भावनालाई दार्शनिकताका कोणबाट अत्यन्त स्पष्ट रूपमा मुखरित गरेको पाइन्छ । यहाँ भौतिक जगत्को निर्माण पञ्चतत्त्वका अणुबाट भएजस्तै मानवशरीर पनि तिनै पञ्चमहाभूतका अणुबाट बनेको हो भन्ने चिन्तनलाई तलका निबन्धांशले स्पष्ट पारेका छन् :

> ... प्रकाशवर्ष भनेको समयपानको त्यस्तो इकाइ हो, जसको गति प्रतिसेकेण्ड एकलाख छयासी हजार माइल रहने गर्दछ । जतिसुकै टाढा भए पनि अर्थात् जतिसुकै टाढासम्म फैलिएको भए पनि समग्र ब्रह्माण्डको सिङ्गो रूप भन्नु नै ठोस्, तरल र ग्यासकै सामूहिक रूप हो, जसलाई मूलमा रहेर व्यवस्थित गर्ने काम प्रकृतिको त्रिविधाशक्ति सत्त्व, रज, तम वा इलेक्ट्रोन, प्रोटन र न्युट्रोनले नै गर्दै आएको छ र यिनको सामूहिक रूप भनेकै ओमकार भएकाले यसको महत्त्व कति रहेछ आफैँ अनुमान लगाउन सकिन्छ ।

(कमल रिजाल, 'ओमकार दर्शन', *सुदर्शन*, पृ. २३)

प्रस्तुत निबन्धांशमा पदार्थचिन्तनविषयक मान्यता ल्याइएको छ र यसक्रममा ठोस, तरल र ग्यासको मिश्रणबाट संसार उत्पत्ति हुने र यसैमा विलय हुनेजस्ता विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ । वैज्ञानिकका अनुसार ब्रह्माण्ड फैलिनेक्रम जारी रहेकाले चालीस करोड प्रकाशवर्षको दूरीमा रहेको सबैभन्दा टाढाको ग्रह पत्ता लागेको उल्लेख गर्दै प्रकाशवर्ष नै समयको मापक रहेको तर जतिसुकै टाढा भए पनि विश्वब्रह्माण्डको सिङ्गो रूप नै ठोस, तरल र ग्यासको मिश्रण रहेको विज्ञानविषयक सन्दर्भ यस अंशमा ल्याइएको छ । यहाँ त्रिगुण अर्थात् सत्त्व, रज र तमको साम्यावस्था नै प्रकृति

भएको र यस साम्यावस्थाका कारण प्रलयको स्थिति उत्पन्न हुन्छ भन्दै प्रलय भनेको विनाश नभई क्रियाशीलता हो अर्थात् इलेक्ट्रोन, प्रोटन र न्यूट्रोनका परमाणुहरूको मिश्रणबाट नै सृष्टिनिर्माण हुने र यसको सामूहिक रूप ओमकार भएकाले यसको ठूलो महत्त्व रहेको कुरा देखाएर दर्शनसम्मत विज्ञानविषयको सन्दर्भ अभिव्यक्त गरिएको छ । यस अंशमा विज्ञानले पनि ठोस, तरल र ग्यासको समायोजन र इलेक्ट्रोन, प्रोटन र न्यूट्रोनको योग नै विश्वको उत्पत्तिको कारक तत्त्व मान्छ भने पूर्वीय दर्शनमा पनि सत्त्व, रज र तम आदि त्रिगुणको साम्यावस्थालाई सृष्टिको अस्तित्व हो भनिएको छ । यसरी यस निबन्धांशमा दर्शन र विज्ञानपरक अन्तर्विषयकता परस्पर अन्तर्घुलित भएका छन् । निबन्धकारले निबन्धांशमा सम्पूर्ण विश्वको निर्माण अणुपरमाणुको सम्मिलन र अन्तर्क्रियाबाट भएको बताउँदै समस्त पदार्थमा त्रिगुण विद्यमान रहेकाले यो नै मूलकारण हो भन्ने कुरालाई स्पष्ट पारेको छ ।

> यो संसार कुनै चीज अविछिन्न छैन- ब्रह्माण्डका सबै तत्त्वतत्त्वका बीच सम्बन्ध छ, मेल छ । दूरीले त्यसको प्रभाव कतिलाई कति पार्छ त्यो कुरो बेग्लै हो । समय परिवेश र परिस्थिति पनि दुरीकै खेल हो । जीवन र जगत् पनि दूरीकै खेल हो । पिण्ड र पिण्डको शक्ति पनि दूरीकै खेल हो । मान्छे र मान्छेको विचार्ने बुद्धि पनि दूरीकै खेल हो । खेलै खेल सृष्टिसंरचना नै एउटा खेल हो । वर्गीय भावना पनि एक किसिमको खेल नै हो । अग्लो-होचो, मोटो-दुब्लो, लामो-छोटो सबै प्रकृतिको, परिस्थितिको, परिवेशको, वातावरणको एउटा खेल हो ।

(विनयकुमार शर्मा नेपाल, 'को आस्तिक ? को नास्तिक ?', *माथापच्ची*, पृ. ७२)

प्रस्तुत निबन्धांशमा सृष्टिका यावत् तत्त्व अर्थात् ब्रह्माण्डका सम्पूर्ण अवयवहरू तत्त्वतत्त्वको मिश्रणबाट निर्मित रहेका छन् भन्ने प्रसङ्ग आएको छ । यस अंशमा तत्त्वले वस्तुलाई अस्तित्व प्रदान गर्ने भएकाले पृथ्वी, जल, तेज, वायु, आकाशतत्त्व नै ब्रह्माण्डको मूलकारण भएको कुरा अभिव्यक्त भएको छ । यहाँ सृष्टि ईश्वरको खेलमात्र भएकोले जगत्को निमित्त र उपादान दुवै कारण हो र सृष्टिकर्ता हो भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा आएको 'यो संसार कुनै चीज अविच्छिन्न छैन- ब्रह्माण्डका सबै तत्त्वतत्त्वका बीच सम्बन्ध छ, मेल छ आदि वाक्यले पदार्थको शक्ति भएको औंल्याउँदै यसमा नै सृष्टिको गतिशीलता छ भनिएको छ । यस निबन्धांशमा पिण्ड र पिण्डको शक्ति पनि दुरीकै खेल हो, सृष्टिसंरचना नै एउटा खेल हो, वाक्य र पदावलीले ब्रह्माण्डका सम्पूर्ण वस्तु तत्त्वतत्त्वको मिश्रणले बनेको, पिण्ड-पिण्डको शक्तिबाट दुरी उत्पत्ति/पैदा हुने' जस्ता विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ । यसरी यस निबन्धांशमा दर्शन र विज्ञानपरक अन्तर्विषयकता परस्पर अन्तर्सम्बन्धित भएको कुरा देखाइएको छ ।

> पुरुष सूक्तमा १६ श्लोक छन् । त्यति गहन कुराबाट सुरु भएको पुरुष सूक्त बीचमा आइपुग्दा हलुकाजस्तो लाग्न थाल्छ । अव्यक्त र अमूर्त पुरुष, अचानक हात, मुख, पाखुरा, गोडा आदि भएको अजङ्गको मूर्त व्यक्तित्वमा परिवान भएजस्तो लाग्छ ।

संसारको कणकण जेले बनेको भनिएको छ त्यस्तो पुरुष अचानक घोडा, गाई र बाखाको सृष्टिकर्ता मात्रजस्तो देखिन्छ (अलिक नबुझ्नेलाई सजिलो पारेर बुझाउन र उदाहरण स्वरूप गाईजस्तो वस्तुमा पनि त्यही पुरुष छ भनेको हो कि ?) अनि कुरो झन् अचम्मको हुन जान्छ ।

(शिव गौतम, 'जन्म र जात, पुरुषको हात', *भ्याम्ली बाखाको पाठो,* पृ. ७९)

प्रस्तुत निबन्धांशमा प्रकृतिपुरुषविषयक मान्यता ल्याइएको छ र यसक्रममा त्रिगुणको चित्रण गर्दै प्रकृतिले पुरुषको साथ पाएर नै सृष्टिनिर्माण गर्छ भन्ने कुरा देखाइएको छ । यहाँ यो सम्पूर्ण जगत् पुरुष भएको हुँदा भूत, भविष्य र वर्तमानमा विराट्पुरुष विद्यमान छन् र उनै विराट्पुरुष सबैमा व्याप्त रहने शासक भएको कुरा उल्लेख गरिएको छ । यस अंशमा उनमा नै पञ्चमहाभूत ब्रह्माण्ड अडिएको हुँदा जगत्भन्दा पर प्रकाशमान छन् र एकक्षणमा नै समस्त विश्वब्रह्माण्ड प्रकट गर्ने भएकाले चेतनअचेतन सम्पूर्ण प्राणी उनमा नै समाहित रहेकाले उनी नै आदिपुरुष भएको बताइएको छ । अव्यक्त, अमूर्त, सक्रिय र चेतनतत्त्व पुरुषको साथ पाएर नै प्रकृतिले सृष्टिनिर्माण गर्छ र सृष्टिप्रक्रिया निरन्तर क्रियाशील रहन्छ भन्ने दृष्टिकोण यहाँ अभिव्यक्त भएको छ । यस निबन्धांशमा सृष्टिको आधार पदार्थमा निहित हुनाले अविनाशी पदार्थबाट नै जगत्को उत्पत्ति भएकाले सत्त्व, रज र तम अर्थात् त्रिगुणको साम्यावस्थामा सृष्टिनिर्माण हुन्छ भन्ने मान्यतालाई प्रस्तुत गरिएको छ । उद्धृतांशमा आदिपुरुष दीप्त प्रकाशमान् भएर उत्पन्न भएपश्चात् भूमि र हात, मुख भएको शरीर आदि विराट् एवम् मूर्तस्वरूप प्रकट हुन्छ भनिएको छ । यस निबन्धांशमा सम्पूर्ण सृष्टि उनकै गर्भभित्र अव्यक्त रूपमा रहे पनि कार्यरूपमा व्यक्त हुन्छ भन्ने सङ्केत गरिएको छ । यस अंशमा अव्यक्त र अमूर्त पुरुषद्वारा नै धृत, भेडा, बाखा आदि पशुपंक्षी उत्पन्न हुन्छ र उनै परम्पुरुष संसारको कणकणमा व्याप्त रहेको दृष्टिकोण प्रस्तुत भएको छ । उद्धृतांशमा अव्यक्त र अमूर्त पुरुष, संसारको कणकण जेले बनेको भनिएको छ त्यस्तो पुरुष... सृष्टिकर्ता मात्रजस्तो देखिन्छ आदि पदावली र वाक्यांशले प्रकृति र उसका सम्पूर्ण क्रियाकलाप पुरुषकै प्रयोजनका लागि भएको अर्थात् पुरुषकै भोग तथा मोक्षकै लागि हुनेभएकाले सृष्टि पुरुषको सिद्धिका लागि हुँदा संसारका कणकण पुरुषकै कारण भएको सृष्टिसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको छ ।

जीव, जीवन र जगत् यी तीनको परस्पर घनिष्ट मेल छ । यी तीन यस चराचर जगत्मा तत्त्वभित्र इलेक्ट्रन, न्यूट्रन, प्रोटन मिलेजस्तो मिलेर बसेका छन् । तीनमध्ये कुनै एक नहुनु, अर्कोको अस्तित्व नहुनु बराबर हो । कुनै वस्तुको, तत्त्वको हुनु नहुनुको महत्त्व जीव अर्थात् हामीसँग पनि गाँसिएको छ ।

(विनयकुमार शर्मा नेपाल, 'जीव, जीवन र जगत्', *माथापच्ची,* पृ. ७५)

प्रस्तुत निबन्धांशमा सृष्टिसम्बन्धी मान्यता प्रस्तुत गरी विज्ञानप्रविधिविषयक अन्तर्विषयकता ल्याइएको छ । यहाँ जीव नै आत्मा हो र आत्माको निवासस्थान शरीर हो भन्ने

मान्यता प्रस्तुत भएको छ । यस अंशमा जीव, जीवन र जगत्‌बीच घनिष्ट सम्बन्ध रहेको बताउँदै इलेक्ट्रोन, प्रोटन र न्यूट्रन मिलेर नै सृष्टिनिर्माण हुन्छ भनिएको छ । यहाँ हाइड्रोजनको कारण इलेक्ट्रोन, प्रोटन पत्ता लागेको र प्रोटनबाट न्यूट्रन मिलेर सृष्टिको जन्म हुनेजस्ता विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ भने विकासको गति द्वन्द्वात्मक हुन्छ र त्यो पदार्थको सारतत्त्व रूप, रस, गन्ध, स्पर्श र शब्द आदि तन्मात्राद्वारा सृष्टिनिर्माण हुने कुरा देखाएर दर्शनसम्मत विज्ञानविषयको सन्दर्भ अभिव्यक्त गरिएको छ । यस निबन्धांशमा विज्ञानले इलेक्ट्रोन, प्रोटन र न्यूट्रनबाट आणविक अस्त्रको प्रयोग र निर्माणले पृथ्वी ध्वस्त हुनेछ र नयाँ सृष्टिनिर्माण हुने कुरा मान्दछ भने पूर्वीय दर्शनले पनि पञ्चतन्मात्राद्वारा सृष्टि सुरु हुन्छ र पञ्चतन्मात्राबाट आकाश, स्पर्श र शब्दबाट वायु, स्पर्श, शब्द र रूपबाट आगो, रस, रूप, स्पर्श र शब्दबाट जल र पाँचैवटा मिलेर पृथ्वीनिर्माण हुन्छ भन्ने कुरासमेत देखाउँदै पृथ्वी, जल, तेज, वायुका परमाणुहरू एकआपसमा जोडिन थाल्दछन् र जगत्‌को सृष्टि हुन्छ भने त्यसलाई बुझाउन जीव, जीवन र जगत् यी तिनको परस्पर घनिष्ट मेल भएर सृष्टिनिर्माण हुने कुरा बताइएको छ । यी तीन यस चराचर जगत्‌मा तत्त्वभित्र इलेक्ट्रोन, न्यूट्रन र प्रोटन मिलेजस्तो मिलेर बसेका छन्' वाक्यको प्रयोगले सृष्टिको कार्यकारण सम्बन्धलाई स्पष्ट सङ्केत गरिएको छ । यी तीन तत्त्व अन्तर्सम्बन्धित रहेको कुरा यस निबन्धांशमा प्रस्तुत गरी दर्शन र विज्ञानपरक अन्तर्विषयकता परस्पर अन्तर्घुलित भएको तथ्य प्रस्तुत गरिएको छ ।

> ...अझ भनौँ हाइड्रोजन र अक्सिजन बादल, पानी, असिनाको मुटु वा आत्मा (मुख्य कुरो वा गाँठी कुरोको अर्थमा) हुन् अनि भौतिकशास्त्रको संरक्षणको नियममा उल्लेख पदार्थहरूको आत्मा (मुख्य कुरो) चाहिँ इलेक्ट्रोन र प्रोटन । पानी, बादल र असिना पनि इलेक्ट्रोन आदिले बनेको हुन्छ तर एउटा साझा तत्त्व खोज्नु परमाणु र इलेक्ट्रोनको तहसम्म पुग्नै पर्दैन । अझ त्योभन्दा व्यापकताको अर्थ बोकेको पदार्थको आत्मा खोज्न परमाणुभन्दा पनि अझै एक तह तल जानुपर्ने हुन्छ । गीताले समातेका सबै कुराको आत्मा खोज्न झन् तल जानुपर्ने होला कि ?

(शिव गौतम, 'हुँदै नभएको चीजबाट', *झ्याम्ली बाख्राको पाठो,* पृ. १८५)

प्रस्तुत निबन्धांशमा परमाणुचिन्तनविषयक मान्यता ल्याइएको छ र यसक्रममा परमाणुद्वारा नै जगत्‌को अस्तित्व सम्भव भएको कुरा देखाइएको छ । यस अंशमा हाइड्रोजन र अक्सिजनका अणुको मेलबाट नै जलतत्त्व उत्पत्ति भएको विज्ञानसम्मत तथ्यहरू प्रस्तुत गरिएको छ । यस निबन्धांशमा विज्ञानले पनि हाइड्रोजन र अक्सिजनको मेल भएर जल बनेको तथ्य स्वीकार गरेको उल्लेख गर्दै इलेक्ट्रोन र प्रोटनमा अणुपरमाणु घुसेर सृष्टिनिर्माण हुने कुरा देखाएर दर्शनसम्मत विज्ञानविषयको सन्दर्भ प्रस्तुत गरिएको छ । उद्धृतांशमा आएको हाइड्रोजनको दुईवटा अणु र अक्सिजनको एउटा अणुको मिश्रणले पानी बनेको हुन्छ, परमाणु, इलेक्ट्रोन, प्रोटन आदि पदावली र वाक्यांशले जगत्‌को उत्पत्ति इलेक्ट्रोन, प्रोटनजस्ता अणुपरमाणुमा घुसेर सृष्टिनिर्माण भएको हो अर्थात् पञ्चतन्मात्रा (रूप, रस,

गन्ध, स्पर्श र शब्द) र पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) परमाणुको मिश्रणले बनेको हो भन्ने कुरा देखाइएको छ । यसरी पदार्थ नै संसारको मुख्य कारक तत्त्व हो भन्ने सन्दर्भमा दर्शन र विज्ञानपरक अन्तर्विषयकता परस्पर सम्मीलित भएको सृष्टिम्बन्धी दृष्टिकोणलाई यस निबन्धांशमा स्पष्ट पारिएको छ ।

> प्रेम आत्मा हो, मन हो, शरीर हो, आनन्द हो, समर्पण हो, उत्सव हो, जीवन हो, आगो हो, पानी हो, आकाश हो, प्रकाश हो अर्थात् प्रेम इलेक्ट्रन हो, प्रोट्रन हो, न्यूट्रनको, प्रेम सत् हो, रज हो, तम पनि हो । प्रेम ब्रह्मा, विष्णु, महेश हो र ज्ञान, विवेक, बुद्धि, सोच, विचार, भाव पनि हो ।
>
> (विनयकुमार शर्मा नेपाल, 'जीवन र जीवनको ऊहापोह', *माथापच्ची*, पृ. ९९)

प्रस्तुत निबन्धांशमा सृष्टिको कार्यकारणविषयक मान्यता ल्याइएको छ र यसक्रममा सृष्टिका यावत् पदार्थमा प्रेम अनिवार्य आवश्यकता भएको कुरा देखाइएको छ । यहाँ पद्धार्थको गतिबाट नै सम्पूर्ण सृष्टि हुनेभएकाले त्रिगुण अर्थात् सत्त्व, रज र तमद्वारा प्रभावित भएर नै मानिसका क्रियाकलाप, चिन्तन र शैलीमा पृथक्मा पैदा हुन्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ । यहाँ प्रेम पनि त्रिगुणबाट प्रभावित भएर नै पृथक्पृथक् रूपमा पैदा भएको कुरा देखाइएको छ । यस अंशमा पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चमहाभूत सृष्टिरचनाका अनिवार्य तत्त्व भएजस्तै आत्मा, शरीर, आनन्द, समर्पण, उत्सव, जीवनको मिश्रण नै प्रेमको मूलकारण रहेको चिन्तन अभिव्यक्त भएको छ ।

> ...मार्क्सवादीहरू पदार्थ अर्थात् जगत्लाई आदिम सत्ता मान्छन् । उनीहरूका अनुसार चेतन अर्थात् जीव सोही पदार्थको उपज हो । यसमा लाखौँ वर्षको श्रम र सङ्घर्षले काम गरेको छ । जतिबेला (करिब चार अर्ब पचास करोड वर्षपूर्व) ग्यासको रूपमा रहेको प्रारम्भिक पदार्थबाट पृथ्वीको उत्पत्ति भयो त्यतिबेलादेखि नै पदार्थबाट चेतन उत्पत्तिको क्रम सुरु भएको छ । यसक्रममा पदार्थहरूको आपसमा भएको लामो समयसम्मको सङ्घर्ष र द्वन्द्वको कारण सर्वप्रथम एमिनो एसिड निर्माण हुन पुगेको देखिन्छ । यसरी विस्तारै यसै एमिनो एसिडबाट क्रमशः सजीव प्रोटिन पिण्ड बन्ने क्रम सुरु हुँदै गएको पाइन्छ । पछि त्यसै पिण्डबाट नै (करिब तीन अर्ब पचास करोड वर्षपूर्ण) जीवाङ्ग बन्न पुगेको उनीहरूको धारणा छ ।...
>
> (कमल रिजाल, 'निरर्थक बहस', *सुदर्शन*, पृ. १५०)

प्रस्तुत निबन्धांशमा विज्ञानप्रविधिविषयक अन्तर्विषयकता ल्याइएको छ । यहाँ पदार्थलाई मार्क्सवादीहरूले जगत्को उत्पत्तिको आदिकारण मानेको सन्दर्भहरू प्रस्तुत गरिएको छ भने चेतन वा जीव पदार्थको उपज भएको कुरा देखाइएको छ । यस अंशमा ग्यासका रूपमा रहेको पदार्थबाट नै संसारको उत्पत्ति भएको हो र त्यसबेलादेखि पदार्थबाट नै चेतनाको उत्पत्तिक्रम प्रारम्भ भएको कुरा अभिव्यक्त भएको छ । पदार्थमा हलचल वा क्रियाप्रतिक्रिया भएर नै एमिनो

एसिड बनेको र विस्तारै यसबाट प्रोटिन पिण्ड हुँदै जीवाङ्ग बन्न पुगेको हुँदा सृष्टिको आधार पदार्थमा निहीत रहेको कुरालाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> यो यात्रा यस ब्रह्माण्डको आरम्भदेखि अविराम दगुरिरहेछ र एकतर्फी दगुरिरहेछ । यसको अन्त पनि छैन र आदि पनि छैन । त्यसकारण यो यात्रा यात्रीका निम्ति अनादि हो, अविश्रान्त हो र अनन्त पनि हो । यहाँ यात्रा अथक छ, यात्री अविश्रान्त छ, मार्ग अव्यवस्थित छ र गन्तव्य व्याख्यातीत छ । गन्तव्य अविनाशी र अक्षरातीत छ । तपाईं आफ्नो यात्रा अविराम भए पनि केही आफ्नो दृष्टिलाई सिंहको दृष्टिमा बदलेर अघिपछि दुवैतर्फ दृष्टि दिनुहोस् त । तपाईंका अघिपछि चराचर जगत् एकतर्फी अविश्रान्त यात्रा गरिरहेछ ।

(राजेन्द्र सुवेदी, 'एकतर्फी यात्राको यात्री म', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ४४-४५)

प्रस्तुत निबन्धांशमा सृष्टिचिन्तनसम्बन्धी मान्यता ल्याइएको छ । यस अंशमा पञ्चतन्मात्राबाट पञ्चमहाभूत परमाणु र परमाणुबाट जगत्को अविर्भाव भएको कुरासमेत औँल्याउँदै मूलप्रकृति र त्यसबाट विकसित पच्चीस तत्त्वको क्रियाप्रतिक्रियाको परिणामस्वरूप उत्पन्न सृष्टिको विनाश हुँदैन साथै अनादि, अनन्त प्रकृतिले पुरुषको साथ पाएर सृष्टि गतिशील हुन्छ भन्ने कुरा बताइएको छ । उद्धृतांशमा प्रकृति निरन्तर भएकाले पञ्चमहाभूत परमाणुबाट सिर्जित जगत् आजसम्म पनि निरन्तर रहेकाले यसको यात्रा एकोहोरो रूपमा गतिशील, शाश्वत, परिवर्तनशील, अव्यक्त, स्वतन्त्र र व्यापक रहेको उल्लेख गरिएको छ । सृष्टिको एकोहोरो गतिशील यात्रा अथक् रहेको हुँदा यात्रीको यात्रा अविराम, बाधारहित, अव्याख्येय गन्तव्य भएकोले यसलाई शब्दद्वारा बुझाउन, व्याख्या विश्लेषण गर्न नसकिने निबन्धकारका चिन्तन यहाँ आएका छन् । यहाँ सृष्टिको अविराम यात्राजस्तै निबन्धकारको पाञ्चभौतिक शरीरको यात्रा पनि एकोहोरो निरन्तरको यात्रा भएको हुँदा यो समस्त चराचर जगत्को अविश्राम यात्रा हो भन्ने चिन्तन अभिव्यक्त भएको छ ।

> वस्तु मात्र पदार्थ, पदार्थको यावत् कार्य वा त्यसबाट प्राप्त कुरा, चीज वा भाव सबै त्यसै वस्तुको शक्ति । म पदार्थ मद्वारा हुने सम्पूर्ण क्रियाकलाप तरल वा द्रव । म पदार्थ मद्वारा हुने सबै कार्यसम्पादनको प्रस्तुति शक्ति । शक्तिबिना वस्तुको अस्तित्व शून्य । ब्रह्माण्डमा कुनै त्यस्तो वस्तु छैन जसको आफ्नो मौलिक शक्ति नहोस् ।

(विनयकुमार शर्मा नेपाल, 'पदार्थ र शक्ति', *पुनरावृत्ति,* पृ. ७८)

प्रस्तुत निबन्धांशमा पदार्थ वस्तुनिष्ठ, अनुभवनिरपेक्ष र मौलिकसत्य रहेको हुन्छ भन्ने पदार्थसम्बन्धी प्रसङ्ग ल्याइएको छ । यस निबन्धांशमा परमाणुको भेद नै विशेष हो र यही विशेष द्रव्यहरूको संयोगबाट सृष्टिनिर्माण हुन्छ भन्ने पूर्वीय दर्शनसम्मत विज्ञानविषयको सन्दर्भ अभिव्यक्त गरिएको छ । यस अंशमा विश्वका सम्पूर्ण चेतनअचेतन पदार्थ पञ्चमहाभूतीय परमाणुको मिश्रण हुँदै गएर सर्वप्रथम पदार्थको उत्पत्ति हुन्छ भन्ने

कुरा 'वस्तु मात्र पदार्थ, पदार्थको यावत् कार्य वा त्यसबाट प्राप्त कुरा, चित्र वा भाव सबै त्यसै वस्तुको शक्ति' ब्रह्माण्डमा कुनै त्यस्तो वस्तु छैन जसको आफ्नो मौलिकशक्ति नहोस्' वाक्यद्वारा पुष्टि गरिएको छ । पदार्थको शक्तिमा नै विश्वब्रह्माण्ड अस्तित्वशील रहेको कुरालाई निबन्धकारले यस निबन्धांशमा स्पष्ट पारेको देखिन्छ ।

> ...उता माटो बन्न मानिस, पशुपंक्षी, कीटपतङ्ग, वनस्पति आदि अनन्तानन्त पूर्वज जीवहरूको सहयोग रहेको छ । यसबाहेक हामीले खाने एक गाँस अन्न बन्न पनि जल, तेज, वायु, आकाश अन्य चारतत्त्वको सहयोग पुऱ्याइरहेको हुन्छ अर्थात् अन्न बन्नका लागि अन्य हावा, पानी, सूर्यकिरण र शब्द (कम्पन) को सहयोग पनि चाहिन्छ र मानिस तथा अग्निको सम्पर्क पाएपछि त्यो खान योग्य आहार बन्छ । एउटा मान्छे त्यतिबेला मान्छे बन्छ जतिबेला उसले दैवीशक्ति अर्थात् हावा, पानी, माटो, दिशा, सूर्यचन्द्र, ग्रह तथा नक्षत्रमण्डल (प्राकृतिकशक्ति) पितृशक्ति (आमाबाबु लगायत समग्र पूर्वपुस्ता यसभित्र जडचेतन सबै पर्छन्) गुरुजन, मानवसमाज लगायत चराचर जगत्को सहयोग पाएको हुन्छ ।
>
> (कमल रिजाल, 'माटोको माया', *सुदर्शन,* पृ. १२९)

प्रस्तुत निबन्धांशमा पाञ्चभौतिक तत्त्वविषयक मान्यता ल्याइएको छ । यहाँ सम्पूर्ण चराचर जगत्का मानिस, पशुपंक्षी, कीटपतङ्ग, वनस्पति लगायत अनन्तानन्त पूर्वज जीवहरूको पाञ्चभौतिक तत्त्व तत्तत् तत्त्वमा नै विलीन भएर माटो बनेको सृष्टिचिन्तन देखाइएको छ । उद्धृतांशमा हामीले खाने एक गाँस अन्न पनि जल, तेज, वायु, आकाश आदि पाञ्चभौतिक तत्त्वको मेलबाट सम्भव भएको कुरासमेत औँल्याउँदै हावा (वायु), पानी (जल), सूर्यकिरण (तेज) र शब्द (कम्पन) आदि पञ्चतत्त्वको मेलबाट सम्भव भएको हुँदा यी तत्त्व मानिस तथा अग्नितत्त्वको सम्पर्क भएपछि खानयोग्य भोजननिर्माण हुन्छ भन्ने चिन्तन अभिव्यक्त भएको छ । मान्छे बन्नको लागि दैवीशक्ति अर्थात् पञ्चतत्त्वको, पितृशक्ति, गुरुजन, मानव समाजलगायत समस्त चराचर जगत्को आवश्यकता रहेको कुरालाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरेको देखिन्छ ।

> विज्ञानको तत्त्व, तत्त्वभित्रको पदार्थ र पदार्थ अर्थात् तत्त्वको शक्ति अनि अध्यात्म दर्शनको जड-चेतन भित्रको चैतन्यभाव अर्थात् व्यक्त र अव्यक्त भाव वा शक्तिबीच तालमेल मिलाउन ठूलै शक्ति खर्चेर माथापच्ची गर्नुपरेको थियो कुनै बखत । सत-रज-तम, अ-उ-म, दीयो-कलश-गणेश, ब्रह्मा-विष्णु-महेश, इलेक्ट्रोन-प्रोटन-न्यूट्रन आदि टोपी-क्याप-ह्याट भने जस्तै र दया, कल्याण, करुणा = शिव, ज्ञान, बुद्धि, विवेक = सरस्वती, कुनै पनि किसिमको धन वा सम्पत्ति = लक्ष्मी आदि एकै वस्तुको यथार्थ नाम हो भन्ने बुझेपछि भने यो माथापच्चीले केही विश्राम पायो ।
>
> (विनयकुमार शर्मा नेपाल, 'माथापच्ची', *माथापच्ची,* पृ. ३७)

प्रस्तुत निबन्धांशमा सृष्टिको कारण पदार्थ हो भन्ने मान्यता ल्याइएको छ र यसक्रममा संसार चेतन र अचेतन दुई पदार्थ परमाणुबाट सृजित भएकाले परमाणुहरूको संयोजन र वियोजन आफैँ हुन्छ भन्ने कुरा अभिव्यक्त गरिएको छ । यस अंशमा जड र अचेतन वस्तु प्रकृतिको चेतनातत्त्व पुरुषले प्रकृतिको हरतरह उपेक्षा गर्छ भन्ने कुरा आएका छन् । यहाँ व्यक्त प्रकृति र अव्यक्त पुरुषको सामीप्यतामा हलचल पैदा भएर सृष्टिनिर्माण हुन्छ अर्थात् सत्त्व, रज र तमको सम अवस्थामा सृष्टिनिर्माण हुन्छ भन्ने कुरा देखाइएको छ । इलेक्ट्रन, प्रोटन र न्यूट्रन मिलेर सृष्टिको निर्माण हुन्छ भन्ने भौतिकवादी चिन्तन पनि यहाँ देखाइएको छ । उद्धृतांशमा जड-चेतना भित्रको चैतन्यभाव अर्थात् व्यक्त र अव्यक्त भाव वा शक्तिबीच तालमेल मिलाउन, सत-रज-तम, इलेक्ट्रन, प्रोटन, न्यूट्रन शब्द र पदावलीले त्रिगुणको बराबर अर्थात् सम अवस्था प्रकृति हो र यो सम्पूर्ण सृष्टि प्रकृतिको गर्भमा रहनेभएकाले अव्यक्त रूपमा रहन्छ भन्ने पूर्वीय दर्शनका मान्यता रहे पनि भौतिकवादीका मतमा इलेक्ट्रन, प्रोटन र न्यूट्रनको योगबाट नै सृष्टिनिर्माण हुन्छ भन्ने पूर्वीय दर्शनको सृष्टिसम्बन्धी विवेचना प्रस्तुत गरिएको छ ।

> यात्राको भोक्ता जीवन मान्ने हो भने यो आफैँमा अनियोजित योजनामा मापन गरिने एक समयखण्ड हो । निरन्तर गतिशील समय शृङ्खलाको एक त्रसरेणुवत् समयकण हो । यो यात्रा साकार हुँदाहुँदै पनि दुष्कर, सुस्वादु हुँदाहुँदै पनि कटु र समीचीन हुँदाहुँदै पनि कठिन रहने एक समयको एकाइ खण्ड हो । यसको आरम्भ अनादि प्रकृतिबाट हुन्छ र यसको अन्त पनि अनन्त प्रकृतिमै हुन्छ । यसको आरम्भ जीवनबाट हुन्छ र यसको अनन्त पनि जीवनबाट नै हुन्छ । अतः यो यात्रा आफैँमा अनाद्य र आनन्त्यमा बिम्बित हुने यो एकतर्फी यात्रा आफैँमा अपरिभाष्य आभासित हुन्छ ।
>
> (राजेन्द्र सुवेदी, 'एकतर्फी यात्राको यात्री म', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ४७)

प्रस्तुत निबन्धांशमा सृष्टिविषयक मान्यता ल्याइएको छ । यहाँ यात्रा नै जीवन हो र यो आफैँमा अनियोजित योजनाको कुनै निश्चित समयखण्ड हो भनिएको छ । यस अंशमा समय निरन्तर गतिशील शृङ्खला भएको हुँदा यसलाई आँखाले देख्न र भाग लगाउन नसकिने अत्यन्त सूक्ष्म तत्त्व हो तसर्थ जगत् उत्पत्तिको कारण परमाणु भएकोले परमाणु नित्य पदार्थ हो जसलाई सूर्यका किरणका आधारमा मापन गरिने भाव प्रस्तुत भएको छ । उद्धृतांशमा सूर्यको किरण सानो प्वाल आदिबाट घरको कोठामा प्रवेश गर्दा सानोसानो करोडौँ कणहरू देखिन्छन् त्यही नै त्रसरेणु समय कण हो र यसलाई छ भागको परमाणु मानिन्छ भन्ने निबन्धकारको दृष्टिकोण अभिव्यक्त भएको छ । यिनै परमाणुको एक भाग अणु, दुई भाग द्वयणु, तीन भागको एक भाग त्रसरेणु र चार भागको एक भाग चतुरणुको योगबाट नै जगत्को उत्पत्ति हुन्छ भन्ने विचार यस अंशमा आएका छन् । निबन्धकारले निबन्धांशमा पदार्थको गतिमा नै सृष्टिको यात्रा निरन्तर साकार, दुष्कर, सुस्वादु भए पनि यथार्थ र वास्तविक हुँदाहुँदै कठिन रहने समयको निश्चित खण्ड हो भन्ने भाव व्यक्त गरेका

छन् । यस अंशमा यसको आदि र अन्त्य प्रकृतिमै रहेकाले भौतिक शरीरको नाशपछि आत्मा अर्को शरीरमा प्रवेश गर्छ तसर्थ यो यात्रा अनादि र अनन्तको यात्रा हो भन्ने चिन्तन अभिव्यक्त भएको छ ।

> अणुहरूकै अणु नै त रङ्ग भइदिन्छ । प्रत्येक अणुका नि अणु महाअणु भइदिन्छ । रङ्ग गुनगुनाउनु थाल्छ मसित ! मैभित्र गुनगुनाइमा सुन्न थाल्छ कि प्रत्येक अणुका रङ्ग हुन्छ । प्रत्येक महाअणुमा पनि रङ्ग निहित रहन्छ । रङ्गबिनाका रङ्गविहीन केही हुन्न । सहित रङ्ग । निहित रङ्ग । रङ्गैरङ्गको जीवन । जीवनद्वारा अर्थिने रङ्ग । रङ्गीन दृष्टिद्वारा परिभाषित जीवन । रङ्ग मेरो जीवन । जीवन मेरो रङ्ग । म रङ्गसित हुन्छु । रङ्गम मसित भइदिन्छ । त्यो रङ्ग र म । म र त्यो रङ्ग । सोच्दासोच्दै रङ्ग र म । म र रङ्ग अन्योन्याश्रित भइदिन्छु । मलाई रङ्गको गुनगुनाइ सुन्न मन लाग्छ । सायद, रङ्गलाई नि आफ्नै गुनगुनाइले काम भरिरहूँ लाग्दो हो... ।

(तेजेश्वरबाबु ग्वंग:, 'रङ्गका गुनगुनाइहरू', *रङ्ग अभिज्ञान*, पृ. ६७)

प्रस्तुत निबन्धांशमा पदार्थचिन्तनविषयक मान्यता ल्याइएको छ र यसक्रममा अणुपरमाणुको संयोजनमा नै विश्वब्रह्माण्ड सञ्चालित छ भन्ने कुरा देखाइएको छ । यस अंशमा परमाणुको संयोगबाट सृष्टिनिर्माण हुन्छ भन्दै विश्वका समस्त चरअचर पदार्थहरू पञ्चमहाभूतका परमाणुहरूको मेलबाट भएको चिन्तन प्रस्तुत भएको छ । यहाँ रङ्गका गुनगुनाइसँग परमाणुको तुलना गर्दै प्रत्येक महाअणुमा रङ्ग निहित रहेको विचार व्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा रङ्गबिना रङ्गविहीन केही नहुनेहुँदा हरेकमा रङ्ग निहित रहन्छ त्यसैले जीवन पनि रङ्गीन छ भन्ने कुरा देखाइएको छ । म नै रङ्ग हुँ र रङ्ग नै म हो त्यसैले रङ्ग र म एकअर्कामा निहित छन् भन्दै आफूलाई रङ्गको गुनगुनाइ मनपर्ने निबन्धकारको चिन्तनलाई यस अंशमा स्पष्ट पारिएको छ । यहाँ सृष्टिको आधार नै पदार्थ हो र पदार्थ नै जगत् उत्पत्ति र गतिशीलताको कारण हो भनिएको छ ।

> ...यस ब्रह्माण्डको इतिहास प्रथम उषाकालदेखि वर्तमानसम्म द्वन्द्व नै द्वन्द्वमा बितेको छ । यस ब्रह्माण्डले युद्ध अथवा लडाइँबाट नै आफ्नो अस्तित्व प्राप्त गरेको छ । समग्रमा सत्यको आधारभूमि नै द्वन्द्वका कारणबाट तयार भएको छ । समस्त प्रकृति जगत् द्वन्द्वबाट नै अस्तित्ववान् बनेको छ ।... यस संसारको आरम्भदेखि वर्तमानसम्म द्वन्द्वबिना न सृष्टि भयो, न सञ्चालनको गति कायम रह्यो, न त समग्र विश्वको अवसान नै हुनसक्यो ।

(राजेन्द्र सुवेदी, 'द्वन्द्व, जीवन र मान्छे', *म हुँ औँला नकाटिएको एकलव्य*, पृ. १)

प्रस्तुत निबन्धांशमा सृष्टिविषयक मान्यता ल्याइएको छ र यसक्रममा संसार नै अणुपरमाणुको क्रियाप्रतिक्रियाको परिणामस्वरूप उत्पत्ति भएको कुरा देखाइएको छ । यहाँ यस विश्वब्रह्माण्ड सृष्टिको उषाकालदेखि नै वर्तमानसम्म गुणहरूको क्रिया तथा

प्रतिक्रियाको परिणामस्वरूप नै विकसित भएको, अस्तित्व सम्भव भएको विचार व्यक्त भएको छ । यस अंशमा गुणहरूको द्वन्द्ववादी चरित्रका कारण यी परस्पर विरोधी तथा एकता भए पनि गुणमा विद्यमान क्रियाप्रतिक्रियाको परिणामस्वरूप पदार्थको विकास भएको र ब्रह्माण्ड पनि पदार्थको लडाइँबाट अस्तित्व प्राप्त गरेको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा समग्र सत्यको आधारभूमि नै द्वन्द्व भएकाले सम्पूर्ण प्रकृतिजगत् द्वन्द्वबाट नै अस्तित्ववान् बनेको हुँदा सृष्टिनिर्माणमा द्वन्द्वको अहम् भूमिका रहेको कुरालाई स्पष्ट पारिएको छ । यस निबन्धांशमा लडाइँ, तानातान, मारामार, अतिक्रमण, प्रत्याक्रमण जुनसुकै नाम दिए पनि जगत्का दृश्यमान वस्तुलाई अस्तित्व प्राप्त गर्न द्वन्द्व अनिवार्य आवश्यकता मानिएको छ । निबन्धकारले निबन्धांशमा सृष्टिको उषाकालदेखि द्वन्द्व भएको मान्दै अणुपरमाणुको द्वन्द्वको परिणामस्वरूप सृष्टि उत्पत्ति भएको कुरासमेत देखाउँदै द्वन्द्व आजसम्म पनि निरन्तर चलिरहेको हुँदा सृष्टिको गति र निरन्तरताबिना समग्र विश्वको हुने कुरा निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा सृष्टिको कार्यकारण सम्बन्धविषयक दार्शनिक चिन्तन निरूपण छ र यसक्रममा कारणबाट नै कार्यको उत्पत्ति हुन्छ भन्ने कार्यकारण शृङ्खला अर्थात सत्कार्यवाद अभिव्यक्त देखिन्छ । यी निबन्धहरूमा पदार्थमा निहित गुणका कारण नै सृष्टिको उत्पत्ति हुने अणुपरमाणुको सम्मिश्रणसम्बन्धी पदार्थचिन्तनको सन्दर्भ पाइन्छ । पिण्डमा वा कणकणमा परम्पुरुष परमात्मा विद्यमान रहन्छन् भन्ने तत्त्वचिन्तनको मान्यता यहाँ प्रकटित छ । पदार्थमा निहित शक्ति वा गुणमा हलचल पैदा भएर सृष्टिनिर्माण हुने विज्ञानविषयक मान्यता साठीको दशकयताका नेपाली निबन्धमा देखिन्छ । संसारका चेतन, अचेतन दुई तत्त्वको संयोजन र वियोजनमा सृष्टिनिर्माण र विनाश हुन्छ भन्ने धारणा यहाँका निबन्धमा विश्लेषणीय देखिन्छ ।

### २.३.५ पञ्चमहाभूत र पञ्चतन्मात्रा

यस संसारको उत्पत्ति अणुपरमाणुको सम्मिश्रणबाट हुन्छ भन्ने साङ्ख्यदर्शन र वैशेषिक दर्शनको मूल प्रतिपाद्य विषय पनि रहेको छ । शब्द, रूप, रस, गन्ध, स्पर्श आदि तन्मात्रामा पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चमहाभूतका तत्त्वको सम्मिश्रणमा नै जगत्को उत्पत्ति हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २७१) भनिएको छ । यहाँ रूप, रस, गन्ध, स्पर्श आदि पञ्चतन्मात्रामा पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चतत्त्वको सम्मिलनमा नै भौतिक जगत् वा संसारको उत्पत्ति भएको कुरा बताइएको छ । प्रकृतिबाट महत्तत्त्व (बुद्धि), महत्तत्त्वबाट अहङ्कार, अहङ्कारबाट पञ्चतन्मात्रा र एघार इन्द्रिय, पञ्चतन्मात्राबाट पञ्चमहाभूतका परमाणु र परमाणुबाट सम्पूर्ण जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ४५) । यसरी विश्वका सम्पूर्ण चेतन-अचेतन पदार्थ पञ्चमहाभूतीय परमाणुको मिश्रणले बनेको कुरा उल्लेख गर्दै सृष्टिको मूल आधार प्रकृति हो र महत्त नै बुद्धितत्त्व हो भने बुद्धितत्त्वबाट अहङ्कार र अहङ्कारबाट पञ्चतन्त्रा र एघार इन्द्रिय, पञ्चतन्मात्राबाट

पञ्चमहाभूतका अणु बनेको र यसबाट नै विश्वब्रह्माण्डको रचना भएजस्तै भौतिक शरीरनिर्माण भएको कुरा देखाइएको छ । यहाँ पञ्चमहाभूत र पञ्चतन्मात्राका मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूका उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवं विश्लेषण गरिएको छ :

> प्राकृतिक तत्त्वका विश्लेषकहरूले भन्ने गर्छन्- पञ्चमहाभूत तत्त्वका धर्ममा निहित पञ्चतन्मात्रा पनि छन् । ती तन्मात्राहरूमध्ये पृथ्वीसँग गन्धगुण सम्पृक्त रहन्छ । जलसँग स्पर्श गुण सम्पृक्त रहेको हुन्छ । अनि आकाशसँग शब्द गुण सम्पृक्त रहेको हुन्छ । यसरी पञ्चमहाभूत तत्त्वसँग तन्मात्राको पनि संयोजन भएर रहेका स्थितिहरू मेरो प्रथम प्रस्थान यात्रामा जोडिएर मसँगसँगै यात्रारत बनेका छन् ।

(राजेन्द्र सुवेदी, 'राजेन्द्र सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ६०)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वविषयक मान्यता ल्याइएको छ र यसक्रममा पञ्चतन्मात्रा र पञ्चमहाभूतका तत्त्वको संयोजन नै सृष्टिको कारण भएको बताउँदै विज्ञानप्रविधिविषयक अन्तर्विषयकमा ल्याइएको छ । यहाँ प्राकृतिक तत्त्वका विश्लेषक वा जीव विज्ञानीहरूका मतमा पनि पूर्वीय दर्शनले मानेका पञ्चमहाभूत र पञ्चतन्मात्राका सन्दर्भहरू प्रस्तुत गरिएको छ । पृथ्वी, जल, तेज, वायु, आकाशको रूप, रस, गन्ध, स्पर्श, शब्दको मिश्रणबाट यो विश्वब्रह्माण्डको उत्पत्ति हुनेजस्ता विज्ञानका तथ्यपरक सन्दर्भहरू यस निबन्धांशमा देखाइएको छ । उद्धृतांशमा आगो र पानीको द्वन्द्वमा आगोको डल्लो चोइटिएर वाफ सेलाएपछि पृथ्वी उत्पत्ति भएको विज्ञानका विषय ल्याउँदै पृथ्वी, जल, तेज, वायु, आकाश र रूप, रस, गन्ध, स्पर्श र शब्द आदि पदार्थमा निहित गुण विद्यमान रहेको र यी सम्पूर्ण तत्त्वको मिश्रणबाट नै जगत्को सृष्टि भएको चिन्तन देखाइएको छ ।

> आजभन्दा पाँचहजार वर्षभन्दा पहिले नै हाम्रा पूर्वजले जड, जीवन र वनस्पति अर्थात् माटो, हावा, पानी, आगो (सूर्य), आकाश (स्पेश) लाई मूल जीवनको जन्मदाता र पालनकर्ताका रूपमा बुझेर तिनको सम्मान गर्न सिकाएका हुन् । त्यसै क्रममा जड, जीवन र वनस्पतिका अनेकौं रूपहरूमध्ये आफू अनुकूलकाहरूलाई सम्मान, आदर र कदर गर्न सिकाएका थिए हाम्रा अग्रजहरूले तर हामी कताकता, केके कारणले सायद धेरै जानेका भ्रममा केही पुस्ता पूर्वजहरू रामायण पढेरभन्दा तकियामुनि वा पूजाकोठामा राखी पूजा गरेर जानिन्छ भन्ने पण्डित्याइँको भ्रममा परे र हामी अलमलियौँ ।

(विनयकुमार शर्मा नेपाल, 'जीवन सार : एक विरोधाभास', *खोल,* पृ. ७०)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा भौतिक जगत्को निर्माण पृथ्वी, जल, तेज, वायु र आकाशबाट भएको कुरा देखाइएको छ । यस अंशमा पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चतत्त्वबाट नै यस संसारको वा सृष्टिको

निर्माण भएजस्तै भौतिक शरीर पनि पञ्चतत्त्वबाट बनेको हो भन्ने कुरासमेत देखाउँदै सृष्टिनिर्माणमा पाञ्चभौतिक तत्त्वको मिश्रणले बनेको सृष्टि गतिशील छ भन्ने प्रसङ्ग आएको छ । यस जगत्का जड, जीवन, वनस्पति लगायत समस्त स्थावर, जङ्गमभित्रै सृष्टिका समस्त तत्त्वहरू समाहित रहेका छन् भन्ने कुरालाई पनि विभिन्न प्रसङ्गमा देखाइएको छ र सृष्टिमा जे छ ती सबै जन्मादाता र पालनकर्ताकै प्रतिफल भएको सृष्टिसम्बन्धी दृष्टिकोण यस अंशमा प्रस्तुत भएको छ । उद्धृतांशमा आएका माटो, हावा, पानी, आगो, आकाश, जड, मूल जीवनको जन्मदाता र पालनकर्ता आदि शब्द र वाक्यांशले यस ब्रह्माण्डको अस्तित्व पाञ्चभौतिक तत्त्वबाट भएको हो भन्ने कुरा देखाइएको छ । यहाँ सृष्टिसम्बन्धी गम्भीर चिन्तन नदेखिए पनि जीव, जीवात्मा, जड, वनस्पतिका अनेकौं रूपहरूको निर्माता र जगत्का पालनकर्ताप्रति सम्मान र आदर गर्नुपर्छ भनेर सृष्टिनिर्माताको आवश्यकताबारे बताइएको छ ।

> दर्शनका अनेक शृङ्खला विकसित बने पनि जीवनको मूल अर्थ त द्वन्द्व नै हो अथवा घाम र छाया नै हो । घाम तापको प्रतीक र छाया शीतको प्रतीक । ताप र शीतका प्रतिक्रियाकै कारण त वस्तुको निर्माण हुन्छ र एक वस्तुबाट अर्को वस्तुमा रूपायित हुन्छ । दुई वस्तुको रासायनिक परिवर्तन त हो- यो जीवन । जीवनको बीजतत्त्व घाम र छाया हो । त्यसैले त जीवन प्रकाश र अन्धकार हो । जीवनको बीजतत्त्व तेज र जल हो । त्यसैले त जीवन तातो र चिसो हो । जीवनको बीजतत्त्व प्रकाश र अन्धकार हो । त्यसैले त जीवन दृश्य र अदृश्य हो । जीवनको बीजतत्त्व उदय र अस्त्य हो । त्यसैले त जीवन आरम्भ र समाप्ति हो । जीवनको बीजतत्त्व दिवा र निशा हो । त्यसैले त जीवन सात्विक र तामस हो । जीवनको बीजतत्त्व कटु र मधु हो । त्यसैले त जीवन दुःख र सुख पनि हो । यिनै द्वन्द्वका सङ्केतक शब्दहरू छाया र घाम दुई पद मिलेको पदावली त हो - घाम छाया र अथवा दुइटै समस्त शब्दको अर्थ वहन गर्दै एकै शब्दमा अभिव्यञ्जना प्रदान गर्ने पदावली हो जीवन ।

(राजेन्द्र सुवेदी, 'जीवन-गोप्य सिलबन्दी खाम', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ९)

प्रस्तुत निबन्धांशमा सृष्टिको कार्यकारण सम्बन्ध देखाइएको छ र यसक्रममा प्रकृति-विकृतिविषयक मान्यता प्रस्तुत गरिएको छ । सृष्टिको रहस्यझैं मानवीय जीवनको रहस्य बुझ्न कठिन हुन्छ भन्दै अणुअणुबीच क्रियाप्रतिक्रियाबाट सृष्टिनिर्माण भएजस्तै भौतिक शरीर पनि क्रियाप्रतिक्रियाको परिणाम हो भन्ने चिन्तनलाई यस अंशले स्पष्ट पारेको देखिन्छ । यस अंशमा सृष्टिको प्रारम्भमा आगोको डल्लो उछिट्टिएर विस्तारै सेलाउँदै गएर पानीको उत्पत्ति भई सृष्टिको निर्माण भएको हो अर्थात् आगो ताप र शीत पानीको सम्मिलन भई ब्रह्माण्डको उत्पत्ति हुनेजस्ता विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ भने आगो र पानीबाट नै जगत्को निर्माण हुने कुरा देखाएर दर्शनसम्मत विज्ञानविषयको सन्दर्भ अभिव्यक्त गरिएको छ । उद्धृतांशमा जीवन पनि गीत र तापको सम्मिलन रहेको हुँदा

जीवनको बीजतत्त्व उदय र अस्त्य भएको बताउँदै एकतत्त्व वा पदार्थमा सन्निहित रहेर अर्कोतत्त्व रहस्यमय बनेको हुन्छ र सृष्टिको यही रहस्य नै जीवनको आरम्भ र अन्त्य हो साथै यी एकअर्काप्रति स्वतन्त्र रहेर पनि सन्निहित रहेको कुरा देखाइएको छ । यहाँ सृष्टिको उत्पत्ति नै कार्यकारणमा व्यक्त भएजस्तै पाञ्चभौतिक जीवन र शरीर पनि कार्यकारण शृङ्खलाको उपज भएको हुँदा जगत्को पदार्थमा सत्त्व, रज, तम आदि त्रिगुण विद्यमान रहेजस्तै मानवीय जीवनमा पनि यी पदार्थमा अवयवको सत्ता रहने कुरा बताइएको छ । सृष्टिरचनाका पछाडि पनि बीजशक्ति बिरुवामा परिणत भएर सांसारिक रूपमा परिवर्तन हुँदै जान्छ तसर्थ घामले ताप र शीतले छायाको अभिव्यञ्जित गर्नु नै सृष्टिका कारक भएजस्तै मानवीय जीवनका दुई पक्ष रहेको दृष्टिकोलाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> प्रकृति संसारको सृष्टि, स्थिति र विलयको सञ्चालन गर्ने एक अपूर्व शक्ति हो, जसले निरन्तर यस जगत्मा नयाँ तत्त्वहरू जन्माउने र नष्ट गर्ने कार्य गरिरहन्छ वा निरन्तर जगत्का तत्त्वहरूलाई रूपान्तर गरिरहन्छ । अझ साङ्ख्यदर्शनले त प्रकृतिलाई जगत् उत्पत्तिकै कारक तत्त्व मानेको छ । प्रकृतिलाई द्वैतअद्वैत अध्यात्मवादीहरू माया, लीला र दैनिक मान्दछन् भने केही अध्यात्मवादीहरू र भौतिकवादीहरू समेत पञ्चतत्त्व वा पञ्चमहाभूत मान्दछन् । प्रकृतिबारेका कतिपय तर्क र विचारमा साङ्ख्यको मत आधुनिक भौतिकवादीहरूसँग मिल्दछ ।

(विनयकुमार शर्मा नेपाल, 'प्रकृति र पुरुष', *खोल*, पृ. ७९)

प्रस्तुत निबन्धांशमा सृष्टिको कारकत्त्वविषयक मान्यता ल्याइएको छ । यहाँ सृष्टिको गति, स्थिति र लयको सञ्चालनकर्ता वा कारक तत्त्व प्रकृतिकै कारण जगत्का तत्त्वहरू रूपान्तर भइरहेको छ भन्ने भाव व्यक्त भएको छ । पृथ्वी, जल, तेज, वायु आदि परमाणुका यी विशेष द्रव्यहरूको योगबाट सृष्टिनिर्माण हुने कुरासमेत देखाउँदै सत्त्व, रज र तम यी त्रिगणको साम्यावस्था प्रकृति भएको र यही प्रकृतिले पुरुषको सान्निध्य पाएर सृष्टिनिर्माण गर्दछ भन्ने कुरा यहाँ व्यक्त भएको छ । यस अंशमा अद्वैतवादले दृश्यमान् जगत् मायाद्वारा प्रभावित ईश्वर नै सृष्टि, स्थिति र प्रलयको कारक भएको कुरा देखाइएको छ । यस निबन्धांशमा पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चमहाभूतबाट नै यो समस्त जगत्को चेतनअचेतन पदार्थको मिश्रणले बनेको हो भन्ने आध्यात्मिक भौतिकवादी दृष्टिकोण प्रस्तुत गरिएको छ । उद्धृतांशमा प्रकृति संसारको सृष्टि, स्थिति र विलयको सञ्चालन गर्ने एक अपूर्व शक्ति हो, जसले निरन्तर यस जगत्मा नयाँ तत्त्वहरू जन्माउने र नष्ट गर्ने कार्य गरिरहन्छ वा निरन्तर जगत्का तत्त्वहरूलाई रूपान्तर गरिरहन्छ' वाक्यले यो भौतिक जगत् प्रकृति र पुरुष एकअर्काबाट प्रभावित भएर सृष्टिनिर्माण एवम् गति प्रारम्भ हुन्छ भने वियोजन हुँदा विलय वा विध्वंश हुन्छ भन्ने कुराको सङ्केत गरिएको छ । यस अंशमा प्रकृति नै जगत्को नियामक तत्त्व वा कारक तत्त्व हो भन्ने कुरा देखाइएको छ । निबन्धकारले निबन्धांशमा पञ्चतत्त्व पृथ्वी, ज, तेज, वायु, आकाश आदि पञ्चतत्त्वका अणुबाट नै सृष्टिनिर्माण भएको गहन विश्लेषण प्रस्तुत गरिएको छ ।

प्राण भन्ने वस्तु ब्रह्मको बीज भएको हुँदा सबैले छोडेपछि मात्र उसले पनि छोड्छ । ... त्यसको बारेमा विचार गर्दा पञ्चतत्त्वबाट रचित शरीर पाँचै ठाउँमा समावेश भएको त सबैलाई थाहै छ । त्यही पाँच तत्त्वको संयोगले फेरि जन्म लिन्छ यही क्रमलाई आउने जाने भनेर भनेको हो ।

(सीतारामप्रसाद दंगाल, 'म', *जीवन अनुभूति,* पृ. ३२)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्वबाट जगत्को निर्माण भएको कुरा देखाइएको छ । पञ्चतत्त्वद्वारा निर्मित शरीरको नाश भएपछि तत्तत् तत्त्वमा नै विलीन हुने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । यहाँ निबन्धकारले आत्मत्त्वको बोधको प्रसङ्गमा यो जगत् वा संसार पञ्चमहाभूतबाट भएको हो भन्ने चिन्तन प्रस्तुत भएको छ । यस निबन्धांशमा यो संसारको अविर्भाव वा प्रादुर्भाव पञ्चतत्त्व अणुबाट भएकोले पाँच तत्त्वकै संयोगले यो भौतिक जगत्मा आउनेजाने क्रम चलिरहन्छ भन्ने सृष्टिसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको छ । उद्धृतांशमा जन्म र मृत्युचक्र निरन्तर चल्ने प्रक्रिया भएकाले पुनर्जन्म निश्चित भएको कुरालाई स्पष्ट पारिएको छ ।

मान्छेको सृष्टि पौराणिक कथाअनुसार स्वयंभुव मनु र सत्यरूपाबाट भएको मानिन्छ । भौतिकशास्त्रले पनि पुरुष र महिलाको संयोग नै मान्छे जन्मने प्रक्रिया हो ।... ...मान्छे स्वयम् पृथ्वी, जल, तेज, वायु, आकाशसहितको पञ्चतत्त्वको संयुक्त रूप हो, अझ भनौँ मान्छे प्रकृतिकै अंश हो, अनु हो । पृथ्वी, आगो, जल, वायु, बुद्धि, मन, अहङ्कार र आकाश प्रकृति हो । त्यही प्रकृतिभित्रको उत्पत्ति मान्छे हो ।

(देवराज खरेल, 'मान्छे', *स्मृतिका टिपोट,* पृ. ३९)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वविषयक मान्यता प्रस्तुत भएको छ । यस अंशमा पौराणिक मान्यताअनुसार मनु र सत्यरूपाबाट मान्छेको सृष्टि भएको कुरा औँल्याउँदै विज्ञानले पनि नारी र पुरुषका सम्मिलनद्वारा मान्छेको सृष्टि भएको विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत गरिएको छ । उद्धृतांशमा यस भौतिक जगत् पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्वको संयोग भएजस्तै मान्छेको भौतिक शरीर पनि पाञ्चभौतिक तत्त्वको मेलबाट बनेको चिन्तन अभिव्यक्त भएको छ । यहाँ मान्छे प्रकृतिकै अंश र अणु भएकाले अणुअणु अर्थात् पृथ्वी, जल, तेज, वायु, आकाश आदि मिल्दै गएर सर्वप्रथम पदार्थको उत्पत्ति भएको कुरा देखाइएको छ । पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चतत्त्व र मन, बुद्धि, अहङ्कारको समष्टि रूप प्रकृति भएको हुँदा पञ्चमहाभूतीय परमाणुको मिश्रणबाट निर्मित पदार्थ नै संसारको उत्पत्तिको प्रमुख कारक तत्त्व हो भन्ने मान्यतालाई यस अंशमा स्पष्ट पारेको देखिन्छ ।

...गमनशील रूपमा रहेको महाप्रयाणको यो यात्रा सधैँ उद्यत रहन्छ । तृण, स्थावर र जङ्गमसम्मका प्रस्थानबिन्दुबाट यात्रा अनेक मोड र झाडीहरू छिचोलेर यहाँ

आइपुगेको एउटा यात्रीको प्रयाण र महाप्रयाणको सन्दर्भ निकै विशिष्ट महत्त्वका साथ प्रस्तुत गर्ने यात्रागाथामात्र यस ब्रह्माण्डमा कति कति प्रस्तुत भएका छन् । मैले यात्रालाई जसरी भोग्दै आएको छु, यहाँ त्यसरी नै प्रस्तुत पनि गर्ने प्रयत्न गरेको छु ।

(राजेन्द्र सुवेदी, 'राजेन्द्र सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ६१)

प्रस्तुत निबन्धांशमा सृष्टिसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा सृष्टिको यात्रा नै महाप्रयाणको यात्रा रहेको बताइएको छ । यस अंशमा पञ्चमहाभूत र पञ्चमहाभूतको संयोगबाट परमाणु बनेजस्तै हाम्रो भौतिक शरीर पनि तिनै तत्त्वको योगबाट निर्माण भएको हो त्यसैले जीवनलाई सृष्टितत्त्वको उत्पत्तिदेखि प्रलयसम्मको महाप्रस्थान नै जिउँदै मोक्ष प्राप्त गर्नु देह मुक्ति भएको हुनाले आउनेजाने क्रम अनन्तसम्म चलिरहन्छ भन्ने सन्दर्भहरू प्रस्तुत गरिएको छ । यस निबन्धांशमा पुरुष अकर्ता भएको प्रकृति नै सम्पूर्ण सृष्टिप्रक्रियाको कारण भएकोले त्यसको साक्षी आफू पनि भएको निबन्धकारको चिन्तनलाई देखाइएको छ । यो नै सृष्टिको नियमित प्रक्रिया हो र यस प्रक्रियामा स्वयम् आफू पनि यात्रारत रहेको विचारलाई यसमा स्पष्ट पारेको देखिन्छ ।

जगत्मा शक्ति छ, हाम्रो चर्मचक्षुले नदेखिने अदृश्य शक्ति पनि छ । कुनै स्पर्श हुने र कुनै नहुने शक्ति पनि छ । कुनै सुँघ्न सकिने र कुनै कुनै पनि इन्द्रियले पत्तो नपाइने शक्ति पनि छ । यस्तै यस्तै शक्तिका प्रयोग गरेर जगत् निरन्तर गरिरहेछ र हामीलाई नीत नयाँ अनुभवको, ज्ञानको रहस्य बर्साइरहेछ । रूपान्तर प्रक्रिया नै जगत्को सबैभन्दा ठूलो, गतिशील र महत्त्वको कार्य हो, शक्ति हो । कणकणको चलायमान शक्तिलाई हेरेर कसले भन्न सक्छ जगत् वा जगत्का तत्त्व मृत छ ?

(विनयकुमार शर्मा नेपाल, 'जीव, जीवन र जगत्', *माथापच्ची*, पृ. ७९)

प्रस्तुत निबन्धांशमा पदार्थको शक्तिविषयक मान्यता ल्याइएको छ र यसक्रममा पदार्थको शक्तिमा नै सृष्टिको गतिशीलता निर्धारण हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ परमाणुका पदार्थ स्थिर र शान्त रहेका हुन्छन् र यी अदृश्य पदार्थमा अदृश्य शक्तिले हलचल पैदा भएर सृष्टिनिर्माण हुन्छ भन्ने कुरासमेत देखाउँदै पदार्थमा निहित शक्तिकै कारण सृष्टि गतिशील भएको भाव व्यक्त भएको छ । यस अंशमा कुनै वस्तुनिर्माणका लागि विशिष्ट साधनको आवश्यकता रहेजस्तै सृष्टिका यावत् तत्त्वको निर्माणमा पनि आआफ्नै शक्ति रहेको हुन्छ भन्दै वस्तुको स्थिर शक्तिमा कम्पन पैदा भई जगत् उत्पत्ति र निरन्तर गतिशील रहेको भाव व्यक्त भएको छ । कारणमा नै विशेष कार्यको उत्पत्ति गर्ने शक्ति वा क्षमता रहेको हुँदा कारणबाट नै कार्य हुन्छ तसर्थ शक्तिबाट नै हामीले नवीन अनुभव प्राप्त गरिरहेका हुन्छौँ भन्ने कुरा निबन्धांशमा निबन्धकारले व्यक्त गरेका छन् । यस अंशमा पदार्थको शक्ति नै जगत् रूपान्तरको महत्त्वपूर्ण र गतिशील कार्य भएकोले प्रत्येक कणकण मिल्दै गएर

सबैभन्दा पहिला पदार्थको निर्माण हुन्छ र यिनमा हलचल पैदा भई सृष्टिको अविर्भाव हुन्छ तसर्थ जगत् चलायमान छ र यसलाई हेर्दैमा मृत छ भन्न सक्ने स्थिति नरहेको दृष्टिकोण प्रस्तुत भएको छ ।

> मलाई चिन्ने प्रयत्नको सिलसिलामा मैले मलाई एउटा निरर्थक ब्राह्मी हास्य अथवा व्यङ्ग्यजस्तो पाएँ । मैले मेरो भौतिक अस्तित्वको कुनै सार्थकता देखिनँ । पाञ्चभौतिक शरीरलाई स्वयम् मानेर यसलाई हेर्दा टाउकोदेखि खुट्टासम्मको बाहिरी भागमा कपाल, रौँ, नङ, छाला आदि देखेँ जसलाई मैले म मान्न सकिनँ । त्यसभन्दा भित्र रहेका हाड, मासु, नसा, रगत आदिलाई पनि म मान्न सकिनँ । यस शरीरभित्रका वात, पित्त, कफ, बोसो, र्‍याल, सिंगान, कानेगुजी आदि अनेक प्रकारका फोहर वस्तुहरूको डङ्गुरलाई स्वयम् मान्न अहंकारले दिने कुरै भएन । कतिपय पूर्वीय दर्शनहरूले मानेझैँ शरीर त पृथ्वी, जल, तेज, वायु आदिले भरिएको एक टुक्रा आकाश पो रहेछ, जसमा आकाशबाहेक अरू सबै प्रतिक्षण परिवर्तन एवम् विनाशशील रहेछन् । त्यसैले यस्तो क्षणभङ्गुर एवम् अनित्य शरीरलाई पनि मैले म मान्न सकिनँ ।

(यादवप्रसाद शर्मा, 'म एक मुमुक्षु', *वैजयन्ती,* पृ. १८)

प्रस्तुत निबन्धांशमा पाञ्चभौतिक शरीर नै बन्धन हो र यसक्रममा यसप्रकारको बन्धन आफ्नै शरीर र मनबाट उत्पन्न हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा आफूले आफूलाई चिन्ने क्रममा ब्रह्माको शक्ति निरर्थक रहेको हुँदा त्यसमा आफूले व्यङ्ग्य पाएको विचार व्यक्त भएको छ । यहाँ भौतिक अस्तित्व क्षणिक भएकाले त्यसमा कुनै सार्थकता नरहेको स्पष्ट पार्दै भौतिक तत्त्वजस्तै पाञ्चभौतिक शरीर पनि नाशवान् छ तर शरीरको प्राण आत्मालाई भ्रमवश 'म' को अनुभव शरीरलाई बुझाएकाले आत्माको पहिचान गर्न नसकेको निबन्धकारको वैचारिक चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा स्थूलशरीरको निर्माण पाञ्चभौतिक तत्त्वबाट बनेको हुन्छ भने पञ्चज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र बुद्धि, अहङ्कार र मनबाट सूक्ष्मशरीरको निर्माण हुन्छ भन्दै सूक्ष्मशरीर अजर, अमर, नित्य, चैतन्य हुन्छ तर स्थूलशरीर नाशवान् रहेकाले त्यसमा 'म' तत्त्व प्राप्त गर्न नसकिने निबन्धकारको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा आत्मा जीर्ण शरीर त्यागेर नयाँ शरीरमा प्रवेश गर्नेहुँदा यो जन्म-जन्मान्तर चलिरहन्छ भन्ने कुरा देखाउँदै स्थूलशरीर एकटुक्रा आकाश रहेको र यीबाहेक सबै तत्त्व परिवर्तन र विनाशशील छन् भन्ने कुरा स्पष्ट पारिएको छ । यसप्रकार शरीर क्षणिक छ, नाशवान् छ भन्दै शरीरको क्षणभङ्गुरता र अनित्यता रहेको अवस्थामा आत्माको सत्यता वा वास्तविक स्वरूप मान्न नसकिने आत्माको नित्यता र शरीरको क्षणिकतालाई यहाँ स्पष्ट सङ्केत गरिएको छ ।

> चिताको धुवाँका कारणले हो कि शोककै कारणले हो । त्यो त भन्न सकिन्न । परिवारजनका आँखा चाहिँ रसिलै देखिन्थे । मसानघाटमा सामेल भएका मान्छेहरू

> आआफ्ना समस्याका कारण फर्किने क्रममा लागेका थिए । चिताको धुवाँबाट आतङ्कित भएर हो कि ? रात परिसकेका कारण वास बस्ने तरखरमा हो ! वरिपरिका चराचुरुङ्गीहरू निकै आत्तिएर यताउता उडिरहेका थिए ।
>
> (राजेन्द्र सुवेदी, 'राजेन्द्री सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ६६)

प्रस्तुत निबन्धांशमा पाञ्चभौतिक विषयक मान्यता ल्याइएको छ र यसक्रममा पञ्चतत्त्वबाट निर्मित शरीर महाप्रयाण पश्चात् तिनै तत्त्वमा समाहित हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ भौतिक जगत्को उत्पत्ति पृथ्वी, जल, तेज, वायु र आकाश आदि पाञ्चभौतिक तत्त्वबाट भएर तत्तत् तत्त्वमा विलीन भएजस्तै यो पाञ्चभौतिक शरीर पनि नाशवान् हुन्छ र तिनै पञ्चतत्त्वमा मिल्न पुग्दछ भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा पाञ्चभौतिक शरीर क्षणिक हो र यो नाशवान् छ तर आत्मा अमर छ भन्ने ज्ञानको अभावमा आफन्तजन शोकमा डुबेकाले चिताको धुवाँबाट आतङ्कित बनेको र सम्पूर्ण चराचुरुङ्गी पनि यताउता उडिरहेको चिन्तन अभिव्यक्त भएको छ ।

> ...मानवजीवन पञ्चमहाभूतले बनेको छ । पञ्चमहाभूतमा पृथ्वी, जल, तेज, वायु र आकाश पर्छन् । यसमध्ये हाड, मासु, छाला, बोसो र स्नायुप्रणाली पृथ्वीको अंश मानिन्छ । कफ, पित्त, पसिना, रगत र मलमूत्र जलका अंश हुन् । त्यस्तै भोक, प्यास, आलस्य, निद्रा र कान्ति तेजका गुण हुन् भने खुम्चिने, फैलिने, बढ्ने, दौडिने र चेष्टा गर्ने वायुका गुण हुन्, जसलाई प्राण, अपान, समान, उदान र व्यान आदि प्राणवायुले नियमन गर्छन् । त्यसैगरी बोल्ने, सुन्ने, सुँघ्ने, मनन गर्ने र एकअर्काप्रति आकर्षित हुने आकाशका गुण मानिन्छन् । पञ्चमहाभूतका विषय पनि पाँचवटै छन् । यसमा क्रमशः गन्ध, रस, रूप, शब्द र स्पर्श पर्छन् । जीवले भूमिको विषय गन्धलाई, जलको विषय रसलाई, तेजको विषय रूपलाई, वायुको विषय स्पर्शलाई र आकाशको विषय शब्दलाई क्रमशः घ्राण (नाक), रसना (जिब्रो), चक्षु (आँखा), त्वचा (छाला) र श्रोत्र (कान) आदि इन्द्रियको सहयोगमा अनुभव गर्ने गर्छ ।
>
> (कमल रिजाल, 'आफैं हराएको सूचना', *सुदर्शन*, पृ. २५)

प्रस्तुत निबन्धांशमा सृष्टिको कार्यकारणविषयक मान्यता ल्याइएको छ र यसक्रममा पञ्चमहाभूतको अणुद्वारा मानवशरीर निर्माण भएको कुरा देखाइएको छ । यहाँ मानवजीवन पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चतत्त्व अणुका सम्मिश्रण र क्रियाप्रतिक्रियाबाट बनेको कुरालाई देखाइएको छ । यस निबन्धांशमा शरीरका हाड, मासु, छाला, बोसो र स्नायुप्रणाली पृथ्वी, कफ, पित्त, पसिना, रगत र मलमूत्र, जल, भोक, प्यास, आलस्य, निद्रा र कान्ति, तेज, खुम्चिने, फैलिने, बढ्ने, दौडिने र चेष्टा गर्ने वायु र बोल्ने, सुन्ने, सुँघ्ने, मनन गर्ने र एकअर्काप्रति आकर्षित हुने आकाशका गुण नै पञ्चतत्त्व हुन् र यिनै तत्त्वबाट शरीरनिर्माण भएको हुँदा भौतिक जगत् पनि यसैको परिणाम हो भन्ने दर्शनपरक सन्दर्भहरू अभिव्यक्त गरिएको छ । यी पञ्चमहाभूतका विषय हुन् र यसमा रूप, रस, गन्ध, स्पर्श, शब्द

आदि पञ्चतन्मात्रा मिल्दै गएर सर्वप्रथम पदार्थको उत्पत्ति हुन्छ र त्यसैबाट सृष्टिको उत्पत्ति भएजस्तै मानवीय शरीर पनि पञ्चतत्त्व अणुबाट उत्पत्ति भएको सृष्टिविषयक सन्दर्भहरू यस अंशमा प्रस्तुत गरिएको छ । उद्धृतांशमा जीवले गन्ध वा पृथ्वी, जलले रस, तेजले रूप, वायुले स्पर्श र आकाशले शब्द तन्मात्रा आदिलाई विशिष्ट गुण मानिएको हुँदा पञ्चतन्मात्राद्वारा पञ्चमहाभूतको प्रादुर्भाव भएको र यिनै पञ्चतन्मात्राले घ्राण (नाक), रसना (जिब्रो), चक्षु (आँखा), त्वचा (छाला) र श्रोत्र (कान) पञ्चज्ञानेन्द्रियलाई सहयोग गर्दछ भन्ने कुरासमेत देखाउँदै पञ्चइन्द्रियको माध्यमबाट सबै कुरा अनुभव गर्न सकिनेहुँदा यी पञ्चमहाभूत नित्य र स्वतन्त्र रहेको र मानवशरीर क्रियाशील रहेको कुरालाई शरीर अर्थात् जगत्निर्माण र सञ्चालनका तत्त्व स्वीकार्दै पञ्चतन्महाभूत, पञ्चतन्मात्रा र इन्द्रिय आदि पदार्थको आवश्यकताबारे बताइएको छ ।

> परस्पर जसजसको यो अविछिन्न संसारमा सम्बन्ध छ सबैको लागि सबै आफूबाहेक सबै तिमी । 'अविछिन्न किन नि ? संसार त अनेकानेक विच्छिन्नता छ नि !' भन्नु होला फेरि ? तर म मान्दिनँ । यो संसारमा रहेका प्रत्येक पदार्थ होस् वा वस्तु सबैको यो संसार अर्थात् ब्रह्माण्डमा रहने सबैसँग अविच्छिन्न सम्बन्ध छ छ । त्यो देख्नु नदेख्नु त वस्तुको क्षमताको कुरा हो । दूरीको प्रभाव वा असरमा फरकपन ल्याउने वा देखिनेसम्म न हो ? हावा कहाँ विच्छिन्न छ ? पानी कहाँ विच्छिन्न छ ? आकाश अर्थात् रिक्तस्थान कहाँ विच्छिन्न छ ? सूर्यको किरण वा यस ब्रह्माण्डको कुनै पनि वस्तुको स्वःपनमा कहाँ विच्छिन्नता छ ? ... हो सम्पूर्ण ब्रह्माण्ड अविच्छिन्न हुँदाहुँदै पनि यस ब्रह्माण्डका यावत् वस्तु वा पदार्थको शक्ति, स्वभाव वा तिनको प्रभाव, प्रकार आदि अलग छन् जसरी म म र तिमी तिमी ।

(विनयकुमार शर्मा नेपाल, 'म र तिमी', *पुनरावृत्ति,* पृ. ७४)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वविषयक मान्यता ल्याइएको छ र यसक्रममा सत्त्व, रज र तम त्रिगुणको साम्यावस्था नै प्रकृति हो र यसबाट संसारको प्रादुर्भाव भएको सृष्टिचिन्तन अभिव्यक्त भएको छ । अव्यक्त प्रकृति नै दृश्यमान् जगत्को कारण हो र यही प्रकृतिबाट नै बुद्धि वा महत्तत्त्व, महत्तत्त्वबाट अहङ्कार, अहङ्कारबाट रूप, रस, गन्ध, स्पर्श र शब्द आदि पञ्चतन्मात्रा र एघार इन्द्रिय पञ्चतन्मात्राबाट पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चमहाभूतका परमाणु र परमाणुबाट नै सम्पूर्ण चराचर जगत्को उत्पत्ति भएको हुँदा यी ब्रह्माण्डका यावत् तत्त्वसँग अविच्छिन्न सम्बन्ध रहेको छ भन्ने पञ्चतत्त्वका पदार्थसम्बन्धी चिन्तनको प्रसङ्ग यहाँ आएको छ । यस उद्धृतांशमा आएका पानी, आकाश, वायु आदि पञ्चमहाभूत र पञ्चतन्मात्रा पदावलीले पञ्चतन्मात्रा र पञ्चतत्त्वका पदार्थहरूको मेल नै संसारको कारकत्त्व हो भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ ।

> पृथ्वी र जलको अस्तित्वमा मेरो प्रथम प्रस्थानविन्दु थियो । ताप र शीतमा मेरो अस्तित्वको प्रथम प्रस्थानविन्दु थियो । आकाश र तिनका प्रभावसँग मेरो प्रथम

> प्रस्थानविन्दु थियो । यी पञ्चमहाभूतको समायोजन नै मेरा निम्ति प्रथम प्रस्थान विन्दु थियो । त्यही प्रस्थान विन्दुबाट प्रथम प्रयाण भएको थियो- मेरो ।
>
> (राजेन्द्र सुवेदी, 'राजेन्द्र सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ६०)

प्रस्तुत बिन्धांशमा पञ्चमहाभूतसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ पृथ्वी, जल, तेज, वायु र आकाश आदि पञ्चमहाभूत र रूप, रस, गन्ध, स्पर्श, शब्द आदि पञ्चतन्मात्राको मेलबाट सृष्टिको निर्माणप्रक्रिया प्रारम्भ भएको हो कुरासमेत बताउँदै आकाश आदि पञ्चमहाभूतका प्रभावमा निबन्धकारको जन्म भएको सृष्टिचिन्तन अभिव्यक्त भएको छ । यहाँ सृष्टिको उषाकालमा ताप र शीतको अस्तित्व नै प्रस्थानविन्दु भएको देखाउँदै पृथ्वी र जलको अस्तित्वमा नै सृष्टि र आफ्नो भौतिक शरीर उत्पत्ति भएको कुरालाई प्रस्तुत गरिएको छ । उद्धृतांशमा यो भौतिक जगत् अर्थात् विश्वब्रह्माण्ड पनि पञ्चमहाभूत र पञ्चतन्मात्राको संयोजनमा नै सृष्टिको प्रारम्भ भएको विज्ञानका तथ्यपरक सन्दर्भहरू प्रस्तुत भएको छ । यो भौतिक शरीर पनि पञ्चतत्त्वका अणुबाट भएकोले जन्म हुँदा अघि आफ्नो अस्तित्व पञ्चमहाभूत र पञ्चतन्मात्रामा रहेकाले तिनको प्रभावमा नै सृष्टिनिर्माण भएको मान्छे यो नै प्रथम प्रस्थानबिन्दु भएको निबन्धकारको चिन्तन यहाँ प्रस्तुत गरिएको छ । यस अंशमा प्रकृति र पुरुषको समायोजनमा सृष्टि हुनु भनेको जन्म हुनु हो भने सृष्टि वियोजन हुँदा मृत्यु वा महाप्रयाण हुनु हो भन्ने कुरासमेत देखाउँदै छुट्टिनु भनेको प्रकृति र पुरुष भिन्न हुनु भनेको महाप्रयाण वा विश्राम हुनु हो भन्ने सृष्टिचिन्तन प्रस्तुत भएको छ । यसरी यस निबन्धांशमा दर्शन र विज्ञानपरक अन्तर्विषयकता परस्पर अन्तर्घुलित भएका छन् ।

> आगोको, पानिको, हावाको, माटोको आकाश अर्थात् रिक्तस्थान वा स्पेशको आआफ्नै शक्ति छन् । यी पाँच भौतिक शक्तिबिना न सृष्टि चल्छ, न सृष्टिका जीव, वनस्पति, जड वा वस्तुको जीवन चल्छ । यिनको रूपान्तरणमा तिनै पाँच भौतिक पदार्थको अति नै महत्त्व छ । खासमा यिनै पाँच तत्त्वबाट ब्रह्माण्डका सारा वस्तु वा जीवनिर्माण भएका छन् । वास्तवमा यी पाँचै तत्त्वमा कुन बढी महत्त्वपूर्ण वा कुन तत्त्व ठूलो वा कुन तत्त्व सानो भनेर निर्क्यौल गर्न म सक्दिनँ । तपाईंले सके म जान्दिनँ वा बुझ्दिनँ किनभने यो कुराको पक्कापक्की आजसम्मको कुनै पनि विज्ञान, दर्शन, शास्त्र वा सिद्धान्तले समेत गर्न सकेका छैनन् किनकि एकको अस्तित्व सकिनु भनेको सिङ्गो ब्रह्माण्डको अस्तित्व सकिनु हो ।
>
> (विनयकुमार शर्मा नेपाल, 'पदार्थ र शक्ति', *पुनरावृत्ति*, पृ. ७९)

प्रस्तुत निबन्धांशमा पाञ्चभौतिक मान्यता सृष्टिचिन्तनका सन्दर्भमा आएको छ । यस अंशमा पृथ्वी, जल, तेज, वायु र आकाश अर्थात् पाञ्चभौतिक तत्त्वको शक्तिबाट यस जगत्को निर्माण असम्भव भएको हुँदा सृष्टिको गति र यावत् स्थावर, जङ्गमको जीवन नै पञ्चतत्त्वमा निर्भर रहेको सृष्टिचिन्तन देखाइएको छ । उद्धृतांशमा आएका आगो, पानी,

हावा, माटो, आकाश अर्थात् रिक्तस्थान (स्पेश) को आआफ्नै शक्ति छन्, यी पाँच भौतिक तत्त्वबिना न सृष्टि चल्छ न, सृष्टिका जीव, वनस्पति, जड वा वस्तुको जीवन चल्छ भन्ने कुरा बताइएको छ । यिनै पाँच तत्त्वबाट ब्रह्माण्डका सारा वस्तु वा जीव निर्माण भएका छन् आदि वाक्यले जगत्का यावत् तत्त्व पाञ्चभौतिक तत्त्वको शक्तिबाट मात्र निर्माण सम्भव भएको औंल्याउँदै यिनै तत्त्वमा नै जगत्को गति, स्थिति र लय निश्चित रहेको छ भन्ने सन्दर्भमा पाञ्चभौतिक तत्त्वसम्बन्धी दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ । यसरी ब्रह्माण्डका समस्त वस्तु वा जीवको अस्तित्व पञ्चतत्त्वमा नै निर्भर रहेको सृष्टिसम्बन्धी दर्शनलाई यस अंशमा देखाइएको छ ।

> मानिसलाई प्रकृतिले सबैभन्दा ठूलो बुद्धि, विवेक र विवेचना गर्ने शक्ति दिएकै छ र उसको नाकलाई आवश्यक पर्ने संयुत्र शक्ति दिएकै छ । ...मान्छे आफ्नो जीवनभरि बाँचेर चमत्कारिक काम गर्दै आफ्नो पहिचान राखेर बाँच्न सकेको छ । यी काममा पहिलो हो- मान्छेको जीउ- हाड, छाला, नसा, रगत, रौँ (पृथ्वी, जल, वायु, तेज, आकाश - पञ्चतत्त्व) ले बनेको छ ।

(सुव्र सेन, 'नाकको महिमा', *गरिमा,* पृ. ७७-७८)

प्रस्तुत निबन्धांशमा पञ्चतत्त्वसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा विश्वब्रह्माण्डजस्तै पाञ्चभौतिक शरीरको निर्माण पनि पञ्चतत्त्वका अणुबाट भएको कुरा देखाइएको छ । यहाँ भौतिक जगत् वा भौतिक शरीरको निर्माण पृथ्वी, जल, तेज, वायु, आकाश आदि पञ्चतत्त्वबाट भएको हो भनिएको छ । यस अंशमा यो शरीर प्रकृतिका पाँच तत्त्व माटो, पानी, हावा, ताप र आकाश आदि प्राणतत्त्वको उपस्थितिमा रहनेहुँदा प्राणी शरीरको महत्त्व रहेको बताउँदै यो भौतिक शरीर हाड, छाला, नसा, रगत र रौँ मिलेर बनेको देखिन्छ भन्ने भाव निबन्धकारले व्यक्त गरेका छन् । उद्धृतांशमा मान्छेको शरीर पञ्चतत्त्वबाट बनेको हुँदा तिनको शुद्धिकरण आवश्यक हुन्छ भन्ने निबन्धकारको दृष्टिकोण प्रस्तुत भएको छ ।

> सबै मान्छेका अनुहारमा एक किसिमको विषादको भाव देखियो । सबै मान्छेका अनुहारमा पवित्रताको रेखा दगुरेको देखियो । स्थिति बिस्तारै साम्य भयो । परिवारजनबाट मुखाग्नि दिने काम भयो । आगोको ज्वाला बिस्तारै बढ्न लाग्यो । शवमा रहेका पञ्चमहाभूत र तिनमा रहेका तन्मात्राहरू सम्बन्धित महत्तत्त्वमा विलीन बन्न लागे । परिणामस्वरूप मनहरू पनि कठिनताका साथ निचोरिएर आँखाबाट पानी बनी बग्न थाले ।...

(राजेन्द्र सुवेदी, 'राजेन्द्र सुवेदीको महाप्रयाण', *जीवन-गोप्य सिलबन्धी खाम,* पृ. ६६)

प्रस्तुत निबन्धांशमा पञ्चमहाभूतविषयक मान्यता ल्याइएको छ र यसक्रममा महाप्रयाणपश्चात् पाञ्चभौतिक तत्त्व तत्तत् तत्त्वमा नै विलीन हुन्छन् भन्ने देखाइएको छ ।

यस निबन्धांशमा भौतिक शरीरको नश्वरतामा नैराश्य र दिग्दारी भए पनि भौतिक शरीर पञ्चतत्त्वमा नै मिल्न पुगेकाले अनुहारमा निराशाका बीच पनि पवित्रताको रेखा दगुरिरहेका भाव व्यक्त भएको छ । यहाँ निबन्धकार सुवेदी पनि सृष्टिको संयोजन र वियोजनको गतिशीलतामा जन्मिएका हुनाले आफ्नै महाप्रस्थानलाई विषय बनाएर जीवन र मरणको क्रममा आफूजस्ता कैयौँको निरन्तर आउनेजाने क्रम चलिनैरहन्छ भन्ने विचार प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा आफ्नो पाञ्चभौतिक शरीर नाशवान् भएकाले अन्तमा तत्तत् तत्त्वमा नै विलीन हुन्छ भन्दै आफ्नो स्वभाव, कार्य, योगदान जेसुकै भए पनि मरणमा परिवारका सदस्यले वियोग सहनु परे पनि यो शाश्वत सत्य हो तसर्थ सम्पूर्ण जगत् नै सृष्टिकै इच्छामा अडेको विचार अभिव्यक्त भएको छ । यहाँ निबन्धकारले आफ्नो मृत्युको परिकल्पना गर्दै पञ्चमहाभूत र पञ्चतन्मात्राबाट बनेको आफ्नो पाञ्चभौतिक शरीर क्षणिक भएको तर्क प्रस्तुत भएको छ । उद्धृतांशमा भौतिक जगत् जसरी यो शरीररूपी जगत् पनि सबैभन्दा पहिला बुद्धितत्त्वको उत्पत्ति भएकाले यो नै मूलकारण हो तर आत्माको देहान्तर गमनबाट निरन्तर रूपमा उत्पत्ति भएको हुँदा जगत् आत्मगत तरङ्गभन्दा छुट्टै पदार्थ छैन तसर्थ आत्मा जगत् वा शरीरमा नै विलीन हुन्छ भन्ने चिन्तन देखाइएको छ ।

> मान्छे वा मान्छेका अवयवबाट हुने गरिने प्रत्येक चाल, ढाल, चलाइ, हिँडाइ, बोलाइ, तनाइ, खुम्च्याइ, फुकाइ, फैँकाइ, सोचाइ, गराइ, चिम्लाइ, घटाइ, जोडाइ, गुनाइ वा भाग लगाइ जेसुकै कार्य सम्पादित होस् वा गरियोस् सबै विभिन्न अवयवका विभिन्न शक्ति हुन् र समग्र वा समुच्चा शरीरको शक्ति हो । जसरी मानवशरीरको प्रक्रियागत सञ्चालन पनि आफैँमा एउटा शक्तिमा रूपान्तरण बन्दछ, त्यसैगरी ब्रह्माण्डका प्रत्येक वस्तु वा तिनको शक्तिको पनि आफ्नै देह, वासस्थान, स्वरूप अर्थात् खोल, घर वा बस्ने ठाउँ हुन्छ हुन्छ ।

(विनयकुमार शर्मा नेपाल, 'पदार्थ र शक्ति', *पुनरावृत्ति*, पृ. ८०)

प्रस्तुत निबन्धांशमा तत्त्वविषयक मान्यता प्रस्तुत गरी ब्रह्माण्डका यावत् वस्तु शक्तिकै कारण सम्भव भएको चिन्तन ल्याइएको छ । यहाँ मान्छेका प्रत्येक क्रियाकलाप विभिन्न शक्तिकै परिणाम हुन् भन्ने निबन्धकारका धारणा प्रकट भएको पाइन्छ । यस अंशमा मानवशरीर जसरी विविध क्रियाकलापद्वारा सञ्चालित भएर एउटा पञ्चतन्मात्राद्वारा निर्मित शक्तिनिर्माण एवम् रूपान्तरण भएजस्तै यो सम्पूर्ण ब्रह्माण्ड पाञ्चभौतिक तत्त्व र पञ्चतन्मात्राबाट निर्मित भएको हुँदा प्रत्येकको आआफ्नै क्रियाकलाप एवम् शक्तिको पनि आआफ्नै निवासस्थान हुन्छ भन्ने कुरालाई स्पष्ट सङ्केत गरेको देखिन्छ । पाञ्चभौतिक तत्त्वबाट निर्मित शरीर नै मान्छेका प्रत्येक क्रियाकलापको निवासस्थान हो, तसर्थ जेजति कार्य गर्छ ती सबै मान्छेका शारीरिक अङ्गका समुच्चस्वरूप भएको कुरालाई यस निबन्धांशमा स्पष्ट पारिएको छ ।

मानवले प्रकृतिका अन्य चरअचर जीव जगत्सँगको मैत्री पनि यहाँ कल्पनाका आधारमा विकसित बनेको छ । चर जीवहरू कृमि, कीट, पतङ्गसँगको जीवनचर्या पशु, पंक्षी र जीवनजगत्सँगको दिनचर्या, अचर जीव सागपात, तृण वनस्पतिको स्वभाव देखेपछि मान्छे आफू र तिनमा भएका पक्षहरू पनि समानता र भिन्नताका आयामहरू व्यवहारका आधारमा बोध गर्दै गयो । मान्छेले फेरि यस्ता जीवहरूका आचरणमा रहने विशेषताको कल्पना बिस्तारै गर्दै गयो । यस्ता परिस्थिति देखेर तिनमा रहेका भिन्नताहरूले पनि अनुबोध गर्दै गयो । यस्ता परिस्थिति देखेर तिनमा रहेका भिन्नताहरूले पनि अनुबोध गर्दै गएको देखेर तिनका व्यवहारका आधारमा मान्छेले आफ्नो सभ्यताको यात्रा निकै तन्काउँदै र परिमार्जित गर्दै गयो ।

(राजेन्द्र सुवेदी, 'कल्पना विज्ञानकी जननी', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ३७)

प्रस्तुत निबन्धांशमा जीवनजगत्सम्बन्धी मान्यता प्रस्तुत गरिएको छ । यस अंशमा सम्पूर्ण चराचर जगत्मा समस्त चरअचर जीवहरूसँग मानवले मैत्रीसम्बन्ध राख्दै आफ्नो सभ्यताको यात्रालाई गतिशील र रूपान्तरण गर्दै गएको छ भन्ने भाव व्यक्त भएको छ । यस अंशमा सम्पूर्ण चराचर जगत्मा स्थावर, जङ्गमको उत्पत्ति पनि पञ्चमहाभूतको मेल र त्रिगुणको न्यूनाधिक हुनुको प्रतिफलका कारण सम्भव भएको हो भनिएको छ । यस संसारमा विद्यमान स्थावर जङ्गम यी दुई तत्त्वको जति पनि उत्पत्ति हुन्छ ती सबै परमाणुको संयोजन हो भन्ने कुरालाई यस अंशले देखाएको छ । उद्धृतांशमा मान्छेले चरअचर सम्पूर्ण जीव जगत्सँगको सम्बन्धमा नै आफू र तिनमा समानता एवम् भिन्नताका आयामहरू बोध गर्दै जाने क्रममा आफ्नो सभ्यताको यात्रालाई यहाँसम्म ल्याइपुऱ्याएको निबन्धकारको सृष्टिचिन्तन प्रस्तुत भएको छ ।

मान्छेको मन दुःख र सुखको सागर हो । असीमित रूपले विकास गर्न सकिने आफ्नो मनसामु उसको शरीर त पञ्चतत्त्वले बनेको एउटा प्राण मात्र हो । एउटा कीरा र एउटा मान्छेको प्राण उस्तै-उस्तै हो । जहाँ पनि एक सेकेण्डमा पुग्न सक्ने उसको पाइला, नारायण ! नारायण ! जप्तै जहाँ पनि टुप्लुक्क पुग्न सक्ने नारद ऋषिजस्तै हो । अझ साँच्चै आनन्दको कुरा गर्ने हो भने तपाईंले मनको ध्वनि सुन्न सक्नुपर्छ, त्यसको पाइला नाप्न सक्नुपर्छ ! बस्, आनन्द यही नै हो ।

(मङ्गलप्रसाद स्यस्यः, 'मनका पाइला', *मधुपर्क*, पृ. २१)

प्रस्तुत निबन्धांशमा मन नै सम्पूर्ण तत्त्वको केन्द्र हो भन्ने मान्यता प्रस्तुत गरिएको छ । यस अंशमा मन नै सम्पूर्ण तत्त्व वा विचारको भण्डार भएको बताउँदै मनद्वारा नै सुख र दुःखको अनुभूति गर्न सकिनेहुँदा यसलाई दुःखसुखको सागर पनि भनिएको छ । यहाँ मन तीव्रगामी घोडाजस्तो अत्यन्त चञ्चल रहनेभएकाले क्षणक्षणमा परिवर्तन भइरहन्छ भन्दै मनलाई शरीरगत आवरणले ढाकेको हुन्छ र यो पञ्चतत्त्वद्वारा निर्मित प्राणमात्र हो भन्ने

चिन्तनलाई देखाइएको छ । उद्धृतांशमा कीरा र मनुष्यको प्राणमा (कुनै भिन्नता) अभिन्नता रहेको बताउँदै दुवैको शरीरसंरचना पाञ्चभौतिक तत्त्वबाट नै भएको हुन्छ र आत्मा वा मनलाई पाञ्चभौतिक तत्त्वको आवरणले ढाकेको हुन्छ भन्दै मन सेकेन्ड सेकेन्डमा विचरण गरिरहन्छ र नारद ऋषिजस्तै जहाँ पनि टुप्लुक्क पुग्नसक्ने तीव्र तत्त्व हो भन्ने कुरा बताइएको छ । निबन्धकारले निबन्धांशमा मनको अतुल गहिराईमा डुबुल्की मार्दै त्यसको ध्वनिगत तरङ्गलाई सुन्न सकियो भने मात्र आनन्द प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ ।

साठीको दशकयताका नेपाली निबन्धमा पञ्चतत्त्व र पञ्चतन्मात्राविषयक दार्शनिक दृष्टिकोण निरूपण छ र यसक्रममा पञ्चमहाभूत र पञ्चतन्मात्रा आदि पदार्थमा निहीत विद्यमान गुणको संयोजनमा नै सृष्टिनिर्माण हुने कुरा उल्लेख छ । यहाँका निबन्धमा पञ्चमहाभूत र पञ्चतन्मात्राबाट जगत् उत्पत्ति हुने सन्दर्भ ल्याएर भौतिक शरीर पनि पञ्चमहाभूत पञ्चतन्मात्राको मिश्रणले बनेको प्रसङ्ग विश्लेषणीय देखिन्छ । सृष्टिका समस्त तत्त्व यिनै तत्त्वमा समाहित भएकोले ब्रह्माण्डको अस्तित्व सम्भव छ भन्ने परमाणुचिन्तनलाई साठीको दशकयताका नेपाली निबन्धमा स्वीकारेको पाइन्छ । पञ्चतन्मात्रा आदि विशेष द्रव्यको संयोग नै जगत्निर्माणको प्रमुख कारक तत्त्व भएको यहाँका निबन्धमा महत्त्वपूर्ण मानिन्छ ।

## २.४ निष्कर्ष

साठीको दशकयताका नेपाली निबन्धहरूमा जगत्, जगत्को मिथ्यात्व, सृष्टिसम्बन्धी चिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, पञ्चतत्त्वजस्ता विषयहरू मूलतः वेदान्तदर्शन र साङ्ख्यदर्शनका विषय हुन् । यसका अन्तर्वस्तु वा विषयगत प्रवृत्तिलाई हेर्दा साठीको दशकयताका नेपाली निबन्धहरू पौरस्त्य दर्शनका जगत्चिन्तन, जगत्को मिथ्यात्व, सृष्टिसम्बन्धी मान्यता, सृष्टिको स्वरूप, सृष्टिको कार्यकरण सम्बन्ध, पञ्चतत्त्व, त्रिगुणको साम्यावस्था, प्रकृतिको निरन्तरता, सिर्जनशीलता, गतिशीलता, परमाणुको संयोजन र वियोजन, पञ्चतत्त्वसम्बन्धी मान्यताका दृष्टिले अभिव्यञ्जित विषय महत्त्वपूर्ण रहेको तथ्य निबन्धका निबन्धांशले पुष्टि गर्दछ । साठीको दशकयताका नेपाली निबन्धमा निबन्धकारका जगत्सम्बन्धी दृष्टिकोण, जगत्चिन्तन, जगत्को मिथ्यात्व, सृष्टिसम्बन्धी चिन्तन, जगत्को क्षणभङ्गुरता, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, पञ्चतत्त्वसम्बन्धी मान्यता विभिन्न प्रसङ्गहरूले देखाउँछन् । साठीको दशकयताका नेपाली निबन्धहरूमा जगत्को मूलकारक परमाणु हो, सृष्टि, स्थिति र लयका कारक जगत् हो र परिवर्तनशील जगत् नै उपादान र निमित्त दुवै कारण हो जस्ता पौरस्त्यदर्शनका उपर्युक्त मान्यताका आधारमा विवेच्य एवम् विश्लेषणीय देखिन्छ । यसैक्रममा जीवनलाई पनि जगत्सँग राखेर हेरिनु तथा जीवन गतिशील, अनित्य, क्षणिक, जगत्को कारण भएको र जन्म र मृत्यु सृष्टिचक्र भएकोले आउनेजाने क्रम निरन्तर चलिरहन्छ र त्यसको एक अंश स्वयम् निबन्धकार रहेको

चिन्तनसमेत विभिन्न प्रसङ्गमा प्रकटित देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा प्रकृति निरन्तर भएकाले एकक्षणमात्र रोकियो भने पुनः प्रारम्भ गर्न कठिन हुने उल्लेख गर्दै सृष्टिनिर्माणमा प्रकृति र पुरुषको सहकार्य अनिवार्य आवश्यकता रहेको विभिन्न सन्दर्भमा अभिव्यञ्जित देखिन्छ । यसैक्रममा जगत् नै ब्रह्मको शरीर हो भन्दै भौतिक शरीरसँग तुलना गर्नुका साथै शरीरको वा जीवनको नश्वरतालाई निबन्धहरूमा प्रकटित देखिन्छ । यसरी मूलतः साङ्ख्यदर्शन र वेदान्तदर्शनका अतिरिक्त अन्य दर्शनका मान्यताका आधारमा समेत जगत् वा सृष्टिको स्वरूप, जगत्को अनित्यता, प्रकृति-पुरुषसम्बन्धी मान्यता, सृष्टिको कार्यकारणस्वरूप, पञ्चतत्त्वविषयक दृष्टिकोणको विशद् व्याख्या, विश्लेषण, विवेचनका दृष्टिले साठीको दशकयताका नेपाली निबन्ध महत्त्वपूर्ण देखिन्छ ।

# तेस्रो परिच्छेद

# साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षचिन्तन

## ३.१ विषयप्रवेश

'साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षचिन्तन' शीर्षकको यस परिच्छेदमा पूर्वीय वैदिक दर्शनका बन्धन र मोक्षसम्बन्धी मान्यताका आधारमा साठीको दशकयताका नेपाली निबन्धको विश्लेषण गरिएको छ । यसक्रममा वैदिक षड्दर्शनका बन्धन र मोक्षसम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत गरी साठीको दशकयताका नेपाली निबन्धमा अभिव्यञ्जित सांसारिकता, बन्धनबाट मुक्तिको चाहना, मुक्तिको प्रकार र साधन, माया, मोह र भौतिकताप्रतिको विकर्षणसम्बन्धी दर्शनपरक विषयको व्याख्या, विश्लेषण एवम् पहिचान गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ३.२ उपनिषद् र षड्दर्शनका बन्धन र मोक्षसम्बन्धी सैद्धान्तिक अवधारणा

बन्धन र मोक्ष पौरस्त्य दर्शनको मुख्य प्रतिपाद्य विषय पनि रहेको हुँदा यी दुवै सँगसँगै सम्बद्ध भएर आएका हुन्छन् । बन्धन र मोक्षका सम्बन्धमा उपनिषद्मा विशद् व्याख्या गरिएको पाइन्छ । जुन मानिस भोगमा आसक्ति भएर अविद्याका कारण विविध प्रकारका कर्मको उपस्थापन गर्दछ र ती कर्मको फलस्वरूप अज्ञान र अन्धकारले परिपूर्ण भएर विविध जन्म प्राप्त हुन्छ (गोयन्दका, २०६३, पृ. ९) । यहाँ अज्ञान र अन्धकारका कारण कर्मको भोग गर्न जीवले विभिन्न जन्म, जुनी पाएर बारम्बार जन्म-मृत्युको चक्रमा परिरहन्छ, दुःखमा परिरहन्छ भनिएको छ । यहाँ अज्ञानताका कारणले दुःखको संसारमा सुख नपाई भौतारिरहन्छ भनेको पाइन्छ । ईश्वरको सारूप्य, सायुज्य, सार्ष्टि, सालोक्य (भट्ट, २०७२, पृ. १७६) स्वरूप प्राप्त नहुनु नै बन्धन हो । यसरी भक्तिवादी दर्शनले स्वीकार गरेका जीवात्मा र परमात्माको एकरूपता अर्थात् यी चार प्रकारका मोक्ष प्राप्त नगरेको स्थितिमा व्यक्ति बन्धनमा पर्दछ भन्ने पौरस्त्य दर्शनको चिन्तन प्रस्तुत भएको छ । मानिस शास्त्र पढेर, सुनेर आफूमा ज्ञानको मिथ्या आरोप गरी ज्ञानको अभिमान सम्झेर बस्छ र आफ्नो कर्तव्यबाट विमुख भई इन्द्रियबाट विमुख भई शास्त्रको विपरीत कार्य गर्न थाल्दछ तब भने पशुपक्षी आदि नीच जन्म प्राप्त भई घोर नरकमा पर्दछ (गोयन्दका, २०६३, पृ. ९) । उपनिषद्मा शास्त्रज्ञानलाई अभिमान सम्झिनाले आफ्नो कर्तव्यबाट पर भागेर विपरीत कार्य गर्नु नै इन्द्रियबाट विमुख भएको अवस्था हो र यस स्थितिमा ऊ नीच जन्म प्राप्त भई घोर नरकमा पर्नु नै बारम्बारको दुःख वा बन्धनमा पर्नु हो भनी बताइएको छ । यहाँ अज्ञान वा आत्मज्ञान नहुनु नै बन्धन हो र यो अहम् भावका कारण कर्मफल भोग्न जीव बाध्य हुन्छ र यस्तो स्थितिमा उसलाई विषयवासनाका कारण जीव र परमात्माको बोध नभएर मोहमा फस्नु नै सांसारिक दुःखको कारण भएको उल्लेख गरिएको छ । मनुष्य जीवनको महत्त्व नसम्झेर अभिमानी मनुष्य सांसारिक सुख सम्पत्ति आदि साधनबाट मोहित हुन्छ र कर्मफलमा आसक्त

भएर उन्मत्त र मैमत्त आचरण देखाउन थाल्दछ त्यसबेला उसलाई परलोकको ज्ञान नभई मृत्युपश्चात् पनि कर्मफल भोग्नका लागि बाध्य भएर विविध जीवका रूपमा जन्म लिनुका साथै अज्ञानी ऐहलोक नै वास्तविक सम्झन पुग्दछ र विषयवासनामा अल्झिरहन्छ (गोयन्दका, २०६३, पृ. ७७-७८) । यसरी मनुष्य वस्तुजगत्को भ्रममा परी भौतिक वस्तुप्रति मोह राख्दछ र अज्ञानका कारण परलोकको ज्ञान नभई मृत्युपछि पनि कर्मफल भोग्न बारम्बार जन्म लिनु नै दुःख वा बन्धनमा पर्नु हो भन्ने धारणा व्यक्त भएको छ । यहाँ यथार्थ ज्ञान नहुनु नै बन्धन हो भनिएको छ । जीवको मिथ्याज्ञान र भ्रमरूपी अविद्याको कारणले हुने सांसारिक अनुभव र अविवेक नै सांसारिक बन्धन हो (भट्ट, २०७२, पृ. १८७-१८८) । यहाँ अज्ञान एवम् अविवेकका कारण जीवमा मिथ्याज्ञान हुनु नै सांसारिक बन्धनमा पर्नु हो भन्ने उल्लेख गरिएको छ । परमेश्वरद्वारा रचना गरेको जगत् अर्थात् ज्ञानी महापुरुषबाट भित्र जीवसमुदाय मायाद्वारा प्रभावित हुन्छ र जबसम्म परमात्मा परमेश्वरको साक्षात् दर्शन प्राप्त गर्दैन तबसम्म प्रकृतिबाट छुट्कारा प्राप्त गर्दैन (गोयन्दका, २०६३, पृ. ४५४) । यहाँ सम्पूर्ण जगत्का निर्माता परब्रह्म परमेश्वरको साक्षात्कार नगर्दासम्म जीव मायाद्वारा प्रभावित हुन्छ र संसारबाट छुट्कारा प्राप्त गर्दैन भन्ने कुरा बताइएको छ ।

पौरस्त्य दर्शनले प्रतिपादन गरेका चार पुरुषार्थमध्ये मोक्ष एक पुरुषार्थ हो र यसको अर्थ छुट्कारा प्राप्त गर्नु भनिएको छ । जीवले जन्ममरणको चक्रबाट छुट्कारा पाउनु नै मोक्ष हो । यस शब्दले सर्वत्र आत्यान्तिक दुःखको नाश र कतै आत्यान्तिक सुखको प्राप्ति दुवैलाई सम्मिलित रूपमा बुझाउन सक्तछ र यसलाई मुक्ति, निर्वाण, कैवल्य, श्रेय, निःश्रेयस्, अमृत आदि पर्यायवाची नामले पनि वर्णित गरिन्छ । यसरी ज्ञानद्वारा नै मोक्ष प्राप्त गर्न सकिनेभएकाले आत्यान्तिक दुःखको अन्त्य र आत्यान्तिक सुख दुवैलाई मोक्ष, कैवल्य, निर्वाण, मुक्ति, श्रेय आदि पनि भनिएको पाइन्छ । नित्य, अनित्य वस्तुको विवेक, क्षणभङ्गुरता, विनाशशील अनित्य ऐहलौकिक र परलौकिक भोग सामग्री र त्यस साधनप्रति पूर्ण विरक्ति, संयमपूर्ण पवित्र जीवन र एकमात्र सच्चिदानन्दस्वरूप पूर्णब्रह्मको चिन्तनमा अखण्ड संलग्नताबाट नै परब्रह्म पुरुषोत्तमलाई प्राप्त गर्न सकिन्छ (गोयन्दका, २०६३, पृ. १०) । यहाँ संसारका यावत् तत्त्व क्षाणिक र नाशवान् भएको हुँदा ऐहलौकिक र परलौकिक तत्त्वप्रतिको वितृष्णा र एकमात्र परब्रह्म परमात्मासँगको साक्षात्कार नै मोक्ष प्राप्ति हो भनिएको छ । कर्ममा नै कर्तव्यअकर्तव्यको अभिमानको अभाव, राग-द्वेष र फल कामनाका अभाव एवम् आफ्नो परिस्थितिअनुरूप केवल भगवान्प्रति सेवाभावद्वारा श्रद्धापूर्वक शास्त्रविदित कर्मको यथायोग्य सेवाद्वारा नै सर्वोत्तम फल प्राप्त गर्ने कर्मको स्वरूप हो र यसको उपासनाबाट नै समस्त दुर्गुण र दुराचारको नाश भई हर्ष, शोकादि समस्त विकारबाट मुक्त साधन मृत्युमय सागरबाट पार पाउँछ (गोयन्दका, २०६३, पृ. १०) । यसप्रकार कामकर्तव्यको बोध हुनु, राग-द्वेष र फलप्रतिको कामनाको अभाव र ईश्वरको उपासना गरी शारीरिक एवम् मानसिक विकारबाट मुक्त हुनु नै दुःख वा बन्धनबाट छुट्कारा पाउनु हो भन्ने कुरा उल्लेख गरिएको छ । परब्रह्म परमात्मा नै सबैको सर्वोत्तम आश्रय हो

र तीनै लोकका समुदायरूप विश्वस्थित रहने अविनाशी, परम अक्षर, परमदेव हुन् जसले ध्यानयोगको माध्यमबाट परमात्माको दिव्यशक्तिको दर्शनले परब्रह्म परमात्माको आफ्नो हृदयमा अन्तर्यामी रूपमा विराजमान परमात्मामा लिनहुँदा जीव मुक्त हुन्छ (गोयन्दका, २०६३, पृ. ४१४) । यहाँ परब्रह्म परमात्मा नै सर्वोत्तम अविनाशी तत्त्व भएकाले सम्पूर्ण जीव उनमै आश्रित रहन्छन् भनिएको छ । उनै परमात्मालाई ध्यानयोगका माध्यमबाट आत्मसाक्षात्कार गरी जीव मुक्त हुनु नै मोक्ष हो भन्ने मान्यता यहाँ प्रस्तुत भएको छ । यसरी उपनिषद्मा जीवन्मुक्ति, विदेहमुक्ति र क्रममुक्ति तीन प्रकारका मुक्तिको चर्चा गरेको पाइन्छ । यहाँ जीवनकालमा नै प्राप्त मुक्ति जीवन्मुक्ति हो भने मृत्युपश्चात् प्राप्त मुक्ति विदेहमुक्ति हो र क्रमिक रूपमा हुने मुक्तिलाई नै क्रममुक्ति भनिन्छ ।

पौरस्त्य दर्शनमध्ये सर्वप्राचीन र महत्त्वपूर्ण दर्शन साङ्ख्यदर्शनमा बन्धन र मोक्षको सम्बन्धमा विशद् चर्चापरिचर्चा भएको पाइन्छ । यस दर्शनका अनुसार संसार दुःखमय रहेको छ र जन्म-मृत्यु, राग-द्वेष आदि सांसारिक बन्धन हुन् भन्ने कुरा उल्लेख गरिएको छ । विश्व दुःखबाट परिपूर्ण हुन्छ, किनकि समस्त विश्व गुणको अधीनमा छ तसर्थ जहाँ गुण छ त्यहाँ दुःख छ (सिन्हा, सन् १९६३/२०१८, पृ. २५७) । यहाँ माया, मोह, लोभ, प्रपञ्च, काम, क्रोध, अहङ्कार आदि शारीरिक एवम् मानसिक विकार नै दुःखका कारण हो र यो व्यक्तिको आफ्नै मनस्तापका कारण उत्पन्न हुन्छ तसर्थ व्यक्ति स्वयम् यसको कारण र कार्य दुवै हो भनिएको छ । बाह्यवस्तु वा पदार्थको प्रभावबाट हुने दुःख आधिभौतिक दुःख हो (राई, २०७४, पृ. २९९) । यसरी बाह्यपदार्थ तथा पशुपंक्षी आदिका कारण यसप्रकारको दुःख उत्पन्न हुन्छ र यो नै बन्धन हो भन्ने कुरा उल्लेख गरिएको छ । आधिदैविक दुःख भूतप्रेत आदिका कारण उत्पन्न हुने क्लेश नै हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. २७८) । यसप्रकारको दुःख भूतप्रेत, सर्दी-गर्मी आदि प्राकृतिक एवम् अलौकिक तत्त्वका कारण उत्पन्न हुने कुरा यहाँ बताइएको छ ।

योगदर्शनमा चित्त नै विभिन्न क्लेशको जन्मदाता हो र यो ज्ञानको विपर्यय एवम् मिथ्या ज्ञान हो, साथै अहङ्कार र महत्तत्त्वका कारण उत्पन्न हुन्छ भन्ने दृष्टिकोण अभिव्यक्त भएको छ । अविद्या, अस्मिता, राग-द्वेष, अभिनिवेश नै क्लेशका प्रकार हुन् (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३०१) । यहाँ यी पाँच प्रकारका विकार नै दुःखको कारण हो र यसको बोध नहुँदा मानिस सांसारिक मार्गतिर प्रवृत्त भएको कुरा बताइएको छ । अनित्य, अपवित्र, दुःख तथा अनात्मामा क्रमशः नित्य, पवित्र, सुख तथा आत्मबुद्धि राख्नु अविद्या मानिन्छ र पृथ्वी, आकाश तथा स्वर्गको नित्य मान्नु परम वीभत्स, अपवित्र शरीरको पवित्र सम्झनु, दुःखदायी जगत्को पदार्थमा सुखबुद्धि राख्नु तथा शरीर, इन्द्रिय र मनको आत्मा मान्नु अविद्याको प्रत्यक्ष उदाहरण हो (उपाध्याय, सन् १९४२/१९६३, पृ. ३०१) । यसरी अविद्या नै बन्धनको मूलकारण भएको हुँदा त्यसैका आवरणले छोपिदिँदा व्यक्तिले अनित्य, अपवित्र र अनात्मतत्त्वलाई नित्य, पवित्र सम्झिनाले शरीरलाई शुद्ध मान्नु दुःख वा बन्धनको चक्रमा पर्नु हो भनिएको छ ।

विषयवासना नै बन्धनको मूलकारण हो भन्ने मान्यता न्यायदर्शनको रहेको छ । यस दर्शनमा अज्ञानता वा मिथ्याज्ञानकै कारण मानिस सांसारिकताको जालोमा फसिरहेको छ भन्ने मान्यता प्रस्तुत भएको छ । अज्ञानवश मान्छे आत्मा, शरीर र मनलाई एउटै पदार्थ ठान्नु नै अज्ञान वा बन्धन हो (गिरी, २०५५, पृ. ५१) । यहाँ शरीर, इन्द्रिय र मनको भेद नजानेर तिनलाई एकै सम्झनु र आत्माको बोध नहुँदा 'म' तत्त्वलाई शरीर, मन र इन्द्रिय हुँ भन्ने मिथ्याज्ञान हुनु नै बन्धन हो भनिएको छ । रागहरूबाट इच्छाहरू प्रकट हुनु नै दुःख वा बन्धन हो भन्ने कुरालाई वैशेषिक दर्शनले मानेको छ । द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय यी ६ वटा पदार्थको ज्ञान नहुनु वा अभाव हुनु (राई, २०७४, पृ. ३५९) नै बन्धन हो भनिएको छ । यहाँ ६ वटा पदार्थको ज्ञान नहुनु नै बन्धन हो र यसको ज्ञान नहुँदासम्म मनुष्य बन्धनमा परिरहन्छ भन्ने स्पष्ट पारिएको छ ।

मीमांसादर्शनले भौतिक आसक्तितिर प्रवृत्त हुनुलाई बन्धन मानेको छ । आत्मा शरीरविच्छिन्न भएर इन्द्रियको सहायताद्वारा बाह्यविषयको अनुभव गर्दा जीव संसारमा पर्नु नै बन्धन हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३३३-३३४) । यहाँ इन्द्रियका कारण शरीरगत उपाधिले आत्मालाई आवृत्त गरेको हुँदा आत्माको बोध नभएर सांसारिकतातिर आसक्ति हुनु नै बन्धन हो भन्ने उल्लेख गरिएको छ । ब्रह्मको यथार्थस्वरूपको ज्ञान नहुनु अर्थात् मिथ्याज्ञान नै बन्धन हो भन्ने मान्यता वेदान्तदर्शनको रहेको छ । मान्छे अविद्या, अज्ञान वा मायाको कारणले गर्दा संसार वा जगत्लाई वास्तविक ठान्दछ (राई, २०७४, पृ. ३९१) । यहाँ अविद्या, अज्ञान वा मायाद्वारा प्रभावित जगत् वास्तविक प्रतीत हुनु बन्धन हो भनिएको छ । यसरी जीव र ब्रह्म, आत्मा र ब्रह्म, आत्मा र परमात्माको ज्ञान नहुनु नै बन्धन हो भनिएको छ । यस दर्शनमा तीन प्रकारका मुक्ति प्राप्त नभएर सांसारिक जन्म-मृत्युको चक्रमा पर्नुलाई बन्धनको मुख्य कारण मानिएको छ ।

पौरस्त्य दर्शनमा सर्वाधिक महत्त्व दिइएको र सबै दर्शनले स्वीकार गरेको विषय नै मोक्ष हो । साङ्ख्यका अनुसार त्रिविध दुःखबाट आत्यान्तिक निवृत्ति र मोक्ष प्राप्त हुन्छ ( आचार्य, सन् २०१०, पृ. १६) । यहाँ तीन प्रकारका दुःखबाट छुट्कारा पाउनु नै मोक्ष हो भनी चार पुरुषार्थमध्ये मोक्षलाई सर्वाधिक महत्त्व दिइएको छ । यस दर्शनमा मोक्षावस्थामा नै पुरुष नित्य, शुद्ध र चैतन्यस्वरूपमा प्रकट हुनेहुँदा यसको बोध भएको अवस्थामा मोक्ष प्राप्त हुने कुरा बताइएको छ । प्रकृति र पुरुषको यथार्थज्ञान अर्थात् प्रकृतिपुरुष-बीचको भेद ज्ञानपश्चात् जीव मुक्त हुन्छ (गिरी, २०५५, पृ. ४७) । यसरी प्रकृति र पुरुषको बोध हुनु नै मोक्ष हो र यो सम्यक्ज्ञानद्वारा प्राप्त हुन्छ भन्ने मान्यता यहाँ प्रस्तुत गरिएको छ । आत्मा शरीर, इन्द्रिय र बुद्धिबाट मुक्त हुँदा आत्माको साक्षात् अनुभूति पाउनको लागि आत्माको मनन र निदिध्यासनको प्राप्त गर्न अष्टाङ्गमार्गको पालना गर्नुपर्ने बताइएको छ (सिन्हा, सन् १९६३/२०१८, पृ. २५९) । यसरी आत्माको साक्षात्कार गर्नको लागि अष्टाङ्गयोगका मार्गको अनुसरण गरेर मात्र ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरा बताइएको

छ । यहाँ शुद्ध चैतन्यस्वरूप आत्मालाई प्राप्त गर्नु नै मोक्ष हो भनिएको छ । साङ्ख्यले दुई प्रकारको मुक्तिको चर्चा गरेको छ । विवेक, ज्ञानलाई जानेर मनुष्य यसै जन्ममा जुन मुक्तिको अनुभव गर्दछ त्यो नै जीवन मुक्ति हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. २८१) । यहाँ जीवन्मुक्तिको अवस्थामा व्यक्तिले ज्ञान र विवेकद्वारा आत्मबोध गर्दछ र यस जन्ममा मोक्ष प्राप्त हुन्छ तर शरीरको नाश हुँदैन र कर्मफल भोग्न शरीर रहिरहन्छ भनिएको छ । जब मुक्त व्यक्ति आफ्नो स्थूल र सूक्ष्मशरीरबाट पनि स्वतन्त्रता प्राप्त गर्दछ, त्यस अवस्थालाई विदेहमुक्ति भनिन्छ अर्थात् शरीर नष्ट भएपछिको आत्माको मुक्तावस्था नै विदेहमुक्ति हो (गिरी, २०५५, पृ. १४७) । यसप्रकार विदेहमुक्तिको स्थितिमा शरीर सदाका लागि त्यागिदिनेहुँदा आत्माले अर्को शरीर धारण गर्दैन बारम्बारको जन्म-मरणको चक्रबाट छुट्कारा पाउँछ भन्ने कुरा उल्लेख गरिएको छ ।

योगदर्शनमा अष्टाङ्गयोगलाई नै मोक्षको साधन मानिएको छ । यम, नियमादि अङ्गको अनुष्ठानद्वारा चित्तवृत्तिनिरोध हुँदा पुरुष पूर्णचैतन्य रूपको लाभ प्राप्त गर्दछ र यसको लागि अभ्यास र वैराग्यको आवश्यकता पर्दछ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३०५) । यहाँ अष्टाङ्गयोग नै मोक्षको साधन हो र यी साधनद्वारा चित्तवृत्तिनिरोध गरी समाधिका तहमा पुग्नु नै बन्धनबाट मुक्त हुनु हो भनिएको छ । यस दर्शनले सम्यक्ज्ञानले मिथ्याज्ञानलाई हटाउँछ, मिथ्याज्ञान हटेपछि पाप हट्छ, वा हटेपछि कर्म भेटिन्छ, कर्म भेटिएपछि पुनर्जन्मबाट हटिन्छ, पुनर्जन्मबाट छुटेपछि मात्र सम्पूर्ण दुःखबाट मुक्त पाइन्छ र यही मुक्ति नै मोक्ष हो भन्ने मान्यता राख्दछ (राई, २०७४, पृ. ३५४) । यसरी सम्यक्ज्ञानद्वारा, मिथ्याज्ञान र पाप हटेपश्चात् कर्म प्राप्त हुनेहुँदा पुनर्जन्मबाट मुक्ति मिल्छ र सम्पूर्ण दुःखबाट छुट्कारा पाउन सकिन्छ भन्ने मोक्षविचार प्रस्तुत भएको छ । यहाँ सम्यक्ज्ञानको अवस्थामा मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता प्रकट भएको छ ।

वैशेषिक दर्शनमा तत्त्वज्ञानलाई नै मोक्षको साधन मानिएको छ । तत्त्वज्ञान हुनु नै मोक्षको नाश हुनु हो र यस स्थितिमा वस्तुमा राग या आसक्ति रहँदैन त्यसबेला कर्ममा प्रवृत्त नरहँदा जन्म-मरणको चक्रबाट मुक्ति प्राप्त गर्दछ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २४७) । यहाँ तत्त्वज्ञानका माध्यमबाट आत्मासाक्षात्कार प्राप्त भई जीवात्मासँग कुनै पनि गुणको सम्बन्ध नरहनु मोक्ष हो र यस अवस्थामा जन्म-मृत्युको चक्र समाप्त हुन्छ भन्ने मान्यता अभिव्यक्त भएको छ । मीमांसादर्शनले धर्मकर्म स्वर्गप्राप्तिको मार्गबाट अधर्म नाश हुनु नै मोक्ष प्राप्त हुनु हो । भोगायतन शरीर, भोग साधन इन्द्रिय भोगविषय पदार्थ यी तीन प्रकारका बन्धनबाट आत्यान्तिक नाश नै मोक्ष हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३३४) । यसरी यी तीन प्रकारका दुःखबाट छुट्कारा पाउनु मोक्ष हो र यो ब्रह्मज्ञानद्वारा नै अविद्याको नाश भई मोक्ष प्राप्त गर्न सकिने धारणा यहाँ प्रकट भएको छ ।

वेदान्तदर्शनमा सांसारिक प्रपञ्च, अविद्या वा अज्ञानको नाश भई ब्रह्मसाक्षात्कार हुनुलाई मोक्ष मानेको छ । अज्ञानको आवरण हट्दा पूर्ण ज्ञानको आलोक उद्भासित हुन्छ र

ब्रह्मको अनुभूतिद्वारा कृत्यकृत्य हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३७९) । यहाँ अज्ञानको नाश हुँदा ब्रह्मसाक्षात्कार भई आनन्द प्राप्त गर्नु नै मोक्ष हो र यो नै आनन्दको स्वरूप भएको चिन्तन प्रस्तुत भएको छ । जीवनमा दुःखबाट मुक्ति प्राप्त गर्नु जीवन्मुक्ति हो भने जीवको स्थूल तथा सूक्ष्म दुवै प्रकारका शरीरको अन्त हुनु विदेहमुक्ति हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३७९) । यहाँ जीवन्मुक्ति यसै जीवनमा प्राप्त हुन्छ भने जीवको स्थूल तथा सूक्ष्म दुवै शरीरबाट मुक्ति प्राप्त गर्नु मोक्ष हो भनिएको छ । यहाँ क्रममुक्ति क्रमैसँग प्राप्त हुन्छ र यो देवलोक र ब्रह्मलोकको भोगपश्चात् प्राप्त हुन्छ भन्ने कुरा प्रस्तुत भएको छ ।

पौरस्त्य दर्शनभित्र पनि बन्धन र मोक्षका सम्बन्धमा आआफ्नै दृष्टिकोण रहेको पाइन्छ । साङ्ख्यले त्रिविध ताप नै दुःख हो र यसबाट मुक्ति पाउनु, प्रकृतिपुरुषको ज्ञान हुनु नै मोक्ष हो भनेको छ । दुःख तीन प्रकारका हुन्छन्- आध्यात्मिक, आधिभौतिक र आधिवैदिक (उपाध्याय, सन् १९४२/१९६६, पृ. २७८) । यहाँ यी तीन प्रकारका दुःख नै बन्धनको मूलकारण हो र मानिस यसबाट छुट्कारा पाउन चाहे पनि असमर्थ रहेको कुरा देखाइएको छ । योगदर्शनमा विकार वा क्लेश नै दुःखको कारण हो भन्ने दृष्टिकोण अभिव्यक्त भएको छ । अविद्या नै मिथ्याज्ञान हो र यो नै दुःख वा बन्धन हो भन्ने कुरालाई यस दर्शनले मानेको छ । चित्तवृत्ति योगद्वारा समाधिका तहमा पुग्नु दुःखको निरोध हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. २९८) । यहाँ चित्तवृत्तिनिरोधद्वारा समाधिको तहमा पुगेर आत्मासाक्षात्कार हुनु नै दुःखको निरोध अर्थात् मोक्ष वा निर्वाण हो भनिएको छ । वस्तुको यथार्थरूपको ज्ञान नहुनु नै बन्धन हो भन्ने वैशेषिक दर्शनको बन्धनसम्बन्धी दृष्टिकोण व्यक्त भएको छ । वस्तुको यथार्थरूपको ज्ञान हुनु आत्मसाक्षात्कार हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. २४७) । यहाँ ६ पदार्थ वा तत्त्वको यथार्थको ज्ञान हुनु नै आत्मसाक्षात्कार हुनु हो र यस स्थितिमा जीव बन्धनमुक्त हुन्छ भनिएको छ । भोगायतन शरीर, भोगसाधन इन्द्रिय, भोगविषयपदार्थ यी तीन प्रकारको शृङ्खला बन्धन हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३३४) । यहाँ तीन प्रकारका दुःखको आत्यन्तिक नाश नै मोक्ष हो भन्ने मीमांसादर्शनको दृष्टिकोण रहेको छ । यहाँ अज्ञान नै बन्धन हो र यसका कारण जीव बन्धनमा पर्छ भन्दै आत्माको स्वरूपलाई चिन्नु नै मोक्ष हो भन्ने वेदान्तदर्शनको मान्यता रहेको छ । अविद्याको कारण आत्मा जीव बन्दछ र आफ्नो स्वरूपलाई बिर्सिन्छ, जब आत्मा आफ्नो वास्तविक स्वरूपलाई चिन्दछ ऊ स्वतः मुक्त हुन्छ (गिरी, २०५५, पृ. ५९) । यहाँ अज्ञान, अविद्या वा अविवेक नै बन्धनको कारण हो जसका कारण आत्मा र जीवको भिन्नता नजान्दा मानिस बन्धनमा परिरहन्छ र त्यसको ज्ञान हुनु मोक्ष हो भनिएको छ ।

पूर्वीय वैदिक दर्शनमा बन्धन र मोक्षका सम्बन्धमा आआफ्नै वैचारिक चिन्तन रहेको छ । यहाँ बन्धन र मोक्षलाई प्रायः सबै दर्शनले स्वीकार गरेको विषय हो । सबै दर्शनले पुरुषार्थ चतुष्टयमध्ये मोक्षलाई सर्वाधिक महत्त्व दिइएको पाइन्छ । यही बन्धन र मोक्ष

सम्बन्धमा विशद् व्याख्या, विश्लेषण गरिएको छ । यहाँ बन्धन र मोक्षअन्तर्गत सांसारिकता, माया, मोह, भौतिक वस्तु बन्धनबाट मुक्तिको चाहना, जीवन्मुक्ति, विदेहमुक्ति र क्रममुक्तिको सम्बन्धमा पौरस्त्य दर्शनमा केकस्तो, कहाँ, कसरी घटित भएको छ त्यसको विश्लेषण, मूल्याङ्कन गरिएको छ । साङ्ख्यका मतमा यो सारा संसार दुःखमय रहेको छ ।

अष्टाङ्गयोगलाई नै मोक्षको मूलमन्त्र मान्ने योगदर्शनमा चित्तवृत्तिनिरोधद्वारा समाधिको तहमा पुगेर ब्रह्मसाक्षात्कार गर्नु नै मोक्ष हो र यसका लागि साधना वा अभ्यास आवश्यक पर्ने कुरा उल्लेख गरिएको छ । यस दर्शनले मन, बुद्धि, अहङ्कारलाई नै बन्धन मानेको छ । न्यायदर्शनले १६ पदार्थमा जोड दिएको छ । प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चार प्रमाण मान्ने परमानिःश्रेयसलाई जीवनको लक्ष्य ठान्ने र दुःख, जन्म, प्रवृत्ति, दोष, मिथ्याज्ञान जस्ता अवस्थाहरूको उत्तरोत्तर निवारणबाट दुःख निवारण भई मोक्ष प्राप्त गर्न सकिन्छ (चालिसे, २०७५, पृ. ३२) । यहाँ चार प्रमाणलाई स्वीकार गर्दै परम, श्रेयस नै जीवनको लक्ष्य भएको हुँदा दुःख, जन्म-मरणबाट छुट्कारा पाउनु मोक्ष हो भनिएको छ । वैशेषिक दर्शनमा तत्त्वज्ञान नहुनु बन्धन मानिएको छ भने तत्त्वज्ञानद्वारा ज्ञान प्राप्त हुनु नै मोक्ष हो भनिएको छ । मीमांसाका अनुसार मोक्ष भनेको आत्मा शरीर, इन्द्रिय मनबाट पूरै मुक्त हुनु हो (आचार्य, २०७३, पृ. १२५) । यहाँ शरीर, मन र इन्द्रियदेखि पर आत्माको अस्तित्वबोध हुनु नै मोक्ष हो भनिएको छ । यस स्थितिमा पाप-पुण्य, धर्म-अधर्म सबै निःशेष रहन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । वेदान्तदर्शनले अविद्यालाई बन्धनको मुख्य कारण मानेको छ । जीव नित्य मुक्त भए पनि अविद्याले गर्दा त्यसले आफूलाई ब्रह्मबाट पृथक् भएको अनुभव गर्दछ र शरीर, इन्द्रिय, अन्तःकरण आदिसँग तादाम्य स्थापित गरेर बन्धन पर्दछ र अविद्या नष्ट भएर उसको आफ्नो स्वरूपको ज्ञान हुनासाथ ऊ मुक्त हुन्छ (आचार्य, २०७३, पृ. १६६-१६७) । यहाँ अविद्याका कारण आत्मा वा ब्रह्म पृथक् भए पनि शरीर, मन र इन्द्रियसँग एकाकार हुनु बन्धन हो भने ब्रह्मको वास्तविक स्वरूपको पहिचान हुनु मोक्ष हो र यो पृथक् छ भन्ने चिन्तन प्रस्तुत भएको छ ।

## ३.३ साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षसम्बन्धी चिन्तनको विश्लेषण

साठीको दशकयताका नेपाली निबन्ध विविध अन्तर्वस्तुमा आधारित छन् । त्यसभित्र पौरस्त्य दर्शनका कतिपय मान्यताहरू घटित भएका छन् । यहाँ पौरस्त्य दर्शनका यिनै मान्यताका परिप्रेक्ष्यमा रहेर बन्धन र मोक्षचिन्तनसम्बन्धी दृष्टिकोण र त्यसअन्तर्गत सांसारिकता, माया, मोह, भौतिक वस्तु, बन्धनबाट मुक्तिको चाहना, जीवन मुक्ति, विदेहमुक्ति र क्रममुक्तिलगायतका विविध विषयमा केन्द्रित रहेर व्याख्या, विश्लेषण एवम् विवेचना गरिएको छ । यसैगरी मोक्षका विषयमा प्रायः सबै दर्शनले स्वीकार गरेको विषय भए पनि यो मूलतः वेदान्तदर्शनको विषय रहेकाले यहाँ चर्चा गरिएको छ । मोक्षसँगसँगै बन्धन पनि सम्बद्ध भएर आएको हुन्छ । सांसारिक प्रपञ्च, अविद्या, अज्ञान, माया, मोह,

प्रपञ्च यश, आराम, धन, सम्पत्ति आदि भौतिक तत्त्व नै दुःख वा बन्धन हो । यी सम्पूर्ण तत्त्वको बोध वा ज्ञान नहुनु, जीवात्मा र परमात्माको भेद नहुनु पनि बन्धन हो भने यी सांसारिक प्रपञ्च वा मायाजालबाट छुट्कारा पाई जीव र ब्रह्म, आत्मा र ब्रह्म, आत्मा र परमात्माको एकाकार हुनु, अविद्याको नाश भई सच्चिदानन्दस्वरूप परब्रह्ममा समाहित हुनु मोक्ष हो र यसलाई पूर्वीय वैदिक दर्शनमा निर्वाण, कैवल्य, मुक्ति, समाधि, मोक्ष आदि पनि भनिएको छ । यसप्रकार त्रिविध तापको निवृत्ति, अष्टाङ्गयोगद्वारा समाधिका तहमा पुग्नु, बाह्य विषयवासनाबाट मुक्त हुनु, पदार्थको ज्ञान हुनु, जन्म-मरणको चक्रमा नफस्नु र तीन प्रकारका मुक्ति प्राप्त गर्नु नै मोक्ष मानिएको छ ।

### ३.३.१ साठीको दशकयताका नेपाली निबन्धमा बन्धनसम्बन्धी चिन्तन

मानिस दुःखबाट सदैव निवृत्त हुन चाहन्छ तर यो संसार दुःखमय छ । अज्ञान वा अविवेक नै दुःखको मूलकारण हो । यी दुःखले सताउँदा मानिस आनन्दलाई नभेट्टाई दुःखको समुद्रमा परिरहन्छ भन्ने कुरा बताइएको छ । संसारका वस्तुको यथार्थरूपको ज्ञानको प्राप्त नगर्नुको कारण दुःख उत्पन्न हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २७९) । यहाँ बाह्यजगत् हेर्दा वास्तविक देखिए पनि यो सबै भ्रम हो त्यसैले जगत्को वस्तुयथार्थको बोध नहुँदासम्म मानिस दुःखमा परिरहन्छ र दुःखमा पर्नु नै बन्धन हो भनिएको छ । आत्मा नित्य, शुद्ध, चैतन्य, अविनाशी र मुक्त छ तर अविद्याको कारण आत्मा जीव बनेर आफ्नो स्वरूपलाई बिर्सिन्छ (गिरी, २०५५, पृ. ५९) । यसरी आत्माको निवासस्थान शरीर हो तर अविद्याका कारण शुद्ध चेतन, नित्य, अविनाशी र मुक्त आत्मालाई घेरेको कारण जीवको स्वरूप धारण गर्दा आफ्नो वास्तविक स्वरूपलाई भुल्नु पनि बन्धन हो भन्ने कुरा यहाँ देखाइएको छ । यो संसार दुःखमय भएकाले मिथ्याज्ञान नै बन्धन हो र रागहरूका कारण अनावश्यक ईच्छा जन्मँदा मानिस बन्धनमा परिरहन्छ तसर्थ भौतिक आसक्तितिर प्रवृत्त हुनु नै बन्धन हो, ब्रह्म वा आत्माको वास्तविकताको ज्ञान नहुनु नै बन्धन हो भन्ने मान्यता प्रस्तुत गरिएको छ ।

#### ३.३.१.१ सांसारिकता

संसार दुःखमय छ र दुःखको कारण अविद्या वा अज्ञान हो भनिएको छ । संसारको वस्तुको यथार्थरूपको जानकारी नहुनु नै दुःख उत्पन्न हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २७९) । यसरी वस्तुजगत्को यथार्थ ज्ञान नहुनु अर्थात् मिथ्याज्ञान हुनु नै दुःख उत्पन्न हुनु हो भन्ने कुरा देखाइएको छ । जन्म-मृत्यु, रोग-व्याधि, बाधा-अड्चनले दुःखको प्रतिनिधित्व गर्दछ भन्ने साङ्ख्यको विचार छ (राई, २०७४, पृ. २९९) । यहाँ जरा-जन्म, राग-द्वेष, बाधा-अड्चन नै दुःखका कारण हुन् जसद्वारा संसार प्रवृत्तिमार्गतिर अग्रसर भएको बताइएको छ । यहाँ तीन प्रकारका दुःख नै सांसारिक बन्धन हुन् र यी त्रिविध तापका कारण मानिस जगत्मा भौतारिरहेका छन् भन्ने मान्यता यहाँ प्रस्तुत भएको छ । संसार त्रिविध दुःखमय छ; यो नै बन्धन हो । संसार दुःखको सागर हो र यसबाट छुट्कारा पाउन कठिन छ

र संसारमा जेजति दुःख उत्पन्न भएको छ सब गुणकै कारण भएको हो (राई, २०७४, पृ. ३००) । यसरी संसार दुःखको समुद्र हो र यसभित्र पसेपछि निस्किन कठिन भएको बताउँदै यो गुणका कारण दुःखमय छ र यसबाट छुट्कारा पाउन कठिन रहेको सांसारिक प्रवृत्तिलाई उल्लेख गरिएको छ । यहाँ सांसारिकतासम्बन्धी चिन्तनको मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूको उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवम् विश्लेषण गरिएको छ :

> आफ्नो लय सुन्न र बुझ्न सबैभन्दा पहिले देखिने आँखा बन्द गर्नुपर्छ । यो कुनै ठूलो कुरो होइन । देखिने आँखा बन्द गरेर नदेखिने आँखा बन्द गर्न सक्नुपर्छ । सकेसम्म गहिरो गरेर आफूलाई खनेपछि हेर्नुपर्छ भित्र, भित्रसम्म । देखिने मात्र होइन देखिने ठाउँसम्म । त्यसपछि बल्ल देखिनेछन्, पत्रैपत्र बनेर बसेका माया मोह, लोभ अहङ्कारहरू । ती सबै पत्रहरूलाई पुस्तकझैँ पल्टाउँदैपल्टाउँदै पढ्न सकियो भने मात्र देखिने छ आफैँले आफूलाई । अनि मनाउन सकिनेछ जीवनका उत्सवहरू र सुनिनेछन् जीवनमा बजिरहने प्रिय सङ्गीत ।
>
> (श्रीओम श्रेष्ठ, 'कहाँ देख्नु आफैँलाई', *मधुपर्क*, पृ. २०-२१)

प्रस्तुत निबन्धांशमा सांसारिकता नै बन्धन हो भन्ने मान्यता ल्याइएको छ । यहाँ मान्छेले आफूले आफैँलाई पहिचान गर्न नसकेको दार्शनिक चिन्तन प्रस्तुत भएको छ । यस आंशमा कुनै पनि कुराको गहिराइ बुझ्न बाहिरी र भित्री वा अन्तर्चक्षु बन्द गरेरमात्र आत्माको पहिचान गर्नुपर्दछ भन्ने कुरालाई देखाइएको छ । यस निबन्धांशमा आत्माको निवासस्थान शरीर हो तर आत्मा शरीरभन्दा भिन्न तत्त्व भएको हुँदा यो देश र कालको सीमाभन्दा माथि हुन्छ भन्ने कुरा अभिव्यक्त गरिएको छ । मानवीय जीवन रहस्यमय भएकाले माया, मोह, लोभ, अहङ्कारले मानवलाई ढाकेसम्म बन्धनमा परिरहन्छ भन्ने निबन्धकारका दार्शनिक दृष्टिकोण यहाँ प्रस्तुत भएको पाइन्छ । उद्धृतांशमा माया, मोह, लोभ र अहङ्कारका पत्रपत्र केलाउन सकियो भने सांसारिक बन्धनबाट छुट्कारा पाउन सकिन्छ भन्दै यो नै मोक्षप्रद अवस्था हो भन्ने बन्धन र मोक्षसम्बन्धी चिन्तन देखाइएको छ । मान्छेभित्र अन्तर्निहित भौतिकताको जालोलाई रहस्यमयी पुस्तकका पत्रपत्र पल्टाएर केलाएझैँ केलाउन सकियो भनेमात्र मान्छेले आफूले आफूलाई पहिचान गर्न सक्छ र यो भौतिक संसारको जन्जालबाट मुक्तितर्फको यात्रा अर्थात् मोक्ष प्राप्त हुन्छ भन्दै मोक्ष प्राप्त हुनु भनेको आत्मा वा ब्रह्मतत्त्वको पहिचान हुनु हो भन्ने दार्शनिक चिन्तनलाई प्रस्तुत अंशले स्पष्ट पारेको देखिन्छ । यहाँ मान्छे मोक्षावस्थामा पुग्दा जीवन उत्सव र सङ्गीतमय हुनेछ भन्ने निबन्धकारका वैयक्तिक चिन्तन अभिव्यक्त भएको छ ।

> श्रीमान् मेरा नजरमा ममाथि लगाइएका सारा आरोपका विषयहरू बकम्फुसे हुन् । यहाँलाई अवगत भएकै कुरा हो, यस जगत्का सम्पूर्ण चीजहरू नाशवान् छन् । सम्पूर्ण कुराहरू आफैँमा पूर्ण छैनन्, सब सापेक्षिक छन् । सम्पूर्ण पदार्थ, सम्बन्ध,

> आवेग, ज्ञान, समय, सत्य क्षणिक छन् । यौवन, अहङ्कार, धन, प्रतिष्ठा सबै अस्थायी अतिथि हुन् ।

(मोमिला, 'ईश्वरको अदालतमा आउटसाइडरको बयान', *समकालीन नेपाली निबन्ध,* पृ. १५५)

प्रस्तुत निबन्धांशमा भौतिक जगत् नै अस्थायी भएको हुँदा यहाँका यावत् तत्त्व नै अस्थायी वा क्षणिक सुख हो भन्ने बन्धनसम्बन्धी मान्यता ल्याइएको छ । यस अंशमा निबन्धकार स्वयम् ईश्वरको अदालतमा उपस्थित भएर गर्जन गरेकी छन् र यसक्रममा ईश्वरलाई सम्बोधन गर्दै आफूमाथि लगाइएका आरोप निराधार भएको दृष्टिकोण व्यक्त गरेको पाइन्छ । यहाँ ईश्वरलाई सम्पूर्ण जानकारी हुने स्वीकार गर्दै चराचर जगत्का यावत् तत्त्व क्षणिक र नाशवान् रहेको हुँदा सम्पूर्ण वस्तु आफैँमा अपूर्ण र सापेक्षिक रहेको बताउँदै पाञ्चभौतिक शरीर पनि क्षणिक र नाशवान् छन् तसर्थ यी सबै मिथ्या भएकाले भौतिक आसक्ति नै बन्धन हो भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा यौवन, अहङ्कार, धन, प्रतिष्ठा आदि नाशवान् र क्षणिक भएकाले यसबाट क्षणिक सुख र आनन्द प्राप्त भए पनि दीर्घकालीन नहुनेहुँदा मानसिक र शारीरिक कष्ट दिइरहन्छ र मानिस बन्धनमा पर्दछ भन्ने बन्धनसम्बन्धी मान्यतालाई स्पष्ट पारिएको छ ।

> जीवनको यो लामो बाटो मखमलको बिछ्यौना होइन । काँडाघारी पनि हो । काँडाघारीमा पुग्छु भन्नेले पैतालाको माया गरेर मात्र हुँदैन । ढुङ्गैढुङ्गामा कुद्छु भन्नेले गिलो मैदान खोजेर मात्र हुँदैन । सिँगार संसार तिम्रै हो । बिगार संसार तिम्रै सामु आसन्न छ । ... मात्र तिमीमा धैर्य, चेतना र विवेक कति छ, त्यतिले मात्रै हाम्रो आयुलाई दिगो बनाउँछ ।

(मोहन चापागाईं, 'काल, कला र कलङ्क', *सत्य संलाप,* पृ. ३४)

प्रस्तुत निबन्धांशमा जीवन दुःखमय छ भन्ने कुरा चित्रण गर्दै बाधा-अड्चन नै दुःखका कारण हुन् भन्ने कुरा देखाइएको छ । यस अंशमा जीवनको गोरेटो लामो भएको बताउँदै सुख वा मोक्ष अर्थात् मखमलको बिछ्यौना मात्र नभएको दुःखमय वा बन्धनयुक्त भएकाले काँडाघारी पनि हो भन्ने भाव व्यक्त भएको छ । उद्धृतांशमा जीवन दुःखमय भएकाले पैतालाको माया गरेर हुँदैन ढुङ्गामा कुद्नु पनि जीवन हो र सुखमा मात्र जीवनको लक्ष्य खोजेर नहुने उल्लेख गर्दै संसार दुःखमय छ तसर्थ बन्धनमय छ भन्ने कुरा प्रष्ट पारिएको छ ।

> उज्याला आँखाभित्रका काला नानीलाई नदेख्ने पनि म नै । उक्लिएँ भनेर ओर्लिनु परेको पनि म नै । भएर पनि फेरि हात उठाएको छु । विश्वासको पहिरो रोकेर अर्को विश्वासमा । आखिर जीवन भनेकै यस्तै सम्झौताहरूको यात्रा त रहेछ नि । एउटा नयाँ अनुहारमा फेरि परिचयको एउटा विश्वास देखेँ मैले र हात उठाएँ सबैले देख्ने गरी । दोहोरिरहने गल्लीमा पनि हुन सक्छु म र नहुन पनि सक्छु ।...

(श्रीओम श्रेष्ठ, 'उठाएँ फेरि हात', *भनौँ कि नभनौँ,* पृ. १६३-१६४)

प्रस्तुत निबन्धांशमा आत्माको अज्ञानता नै बन्धन हो र अविद्याकै कारणले आत्म वा ब्रह्म नै 'म' हो भन्ने नजानेर नै मान्छे बन्धनमा पर्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा आत्मा आफैंभित्र छ अर्थात् आफैंमा भएको उज्यालो नदेखेर अज्ञानताका कारण सच्चिदानन्द आत्माको बोध गर्न सक्दैन भन्ने कुरासमेत देखाउँदै मानिसले नसकेर, आनन्द भेट्टाउन नसकेर भौंतारिरहेको छ भन्ने धारणा निबन्धकारको रहेको छ । उद्धृतांशमा म अर्थात् आनन्द भएको ठाउँमा अन्तर्चक्षुले नखोजेर आनन्द प्राप्त नहुने ठाउँतिर अल्मलिरहेकाले मोक्ष प्राप्त गर्न नसकेर बन्धनमा नै परिरहेको हुँदा आफूले हात उठाएको, विश्वासमा पहिरो गएको चिन्तन प्रस्तुत भएको छ । यहाँ जीवन सम्झौताहरूको यात्रा भएकाले बन्दीगृहजस्तै छ भन्दै बन्धनमय संसारका बीच पनि आशाको किरण अर्थात् मोक्षको मार्गतर्फ अग्रसर हुन चाहेको विश्वास निबन्धकारको रहेको छ । निबन्धकारले निबन्धांशमा अन्धकारलाई प्रकाशद्वारा हटाउन सकिने भए पनि आफू बारम्बार म दोहोरिरहनसक्ने र नदोहोरिन पनि सक्ने विचार व्यक्त भएको छ ।

> दुःखको प्रमुख कारण आफैंलाई नचिन्नु हो रे ! समस्त प्राणीजगत्ले आफैंलाई नचिनेर आवागमनको भवचक्ररूपी दुःखमा फसेको हो भनिन्छ । अन्य प्राणीहरूले त स्वयम्लाई चिन्नु सम्भव नै छैन, स्वयम्लाई चिन्ने सम्भावना भएको प्राणी केवल मानिसमात्र हो । म को हूँ भन्ने कुरा थाहा नपाएसम्म अर्थात् स्वयम्लाई नचिनेसम्म मुक्ति सम्भव हुँदैन रे ! जसरी केही पनि नगरीकन बस्नु अत्यन्त कठिन कुरो हो त्यसरी नै आफैंलाई चिन्नु पनि अति कठिन कार्य हो । जबसम्म मानिसले निर्वाणको साक्षात्कार वा मुक्ततावस्थाको अपरोक्षानुभूति गर्दैन तबसम्म ऊ नितान्त स्थिर रहन सक्दैन र उसले स्वयम्लाई चिन्न पनि सक्दैन भनिएको पाइन्छ ।

(यादवप्रसाद शर्मा, 'म एक मुमुक्षु', *वैजयन्ती,* पृ. १८)

प्रस्तुत निबन्धांशमा आत्माको अज्ञानता नै बन्धनको स्वरूप हो र आत्मा नै ब्रह्म हो; यो सार्वभौम र सार्वकालिक छ भन्ने कुरा देखाइएको छ । यस अंशमा मानिसले आफूभित्र रहेको आत्मा (ब्रह्म) को अस्तित्व नदेख्नु नै बन्धनको कारण हो भन्ने कुरा प्रस्तुत भएको छ । यहाँ समस्त प्राणी वा जीवले आत्मा (ब्रह्म) र अनात्माको भिन्नता नजान्दा यो समस्त भौतिक जगत्को भवचक्रमा फसिरहेको, बन्धनमा परिरहेको बन्धनसम्बन्धी धारणा व्यक्त भएको छ । आफैंभित्र भएको आनन्दको खोज भेट्टाउन नसकेर भौतिकताको जालो वा बन्धनमा फसेको बताउँदै अन्य प्राणीले स्वयम्लाई चिन्न नसक्ने तर मानिस एकमात्र त्यस्तो प्राणी हो जसले आफूले आफैंलाई चिन्ने क्षमता राख्दछ भन्ने कुरा यहाँ बताइएको छ । उद्धृतांशमा 'म' अर्थात् आत्माको अस्तित्वबोध नभएसम्म मोक्ष सम्भव नभएको उल्लखे गर्दै आफूले आफूलाई चिन्नु अत्यन्त जटिल कार्य भएको र यसलाई नचिन्दासम्म समस्त प्राणी बन्धनमा परिरहन्छ भन्ने बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । मानिसले निर्वाण वा कैवल्यको साक्षात्कार नगर्दासम्म आफूले

आफूलाई स्थिर राख्न सक्दैन र ज्ञान प्राप्त गर्न सक्दैन तब दु:खको भुमरीमा अल्भिmरहन्छ भन्ने कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> जिन्दगीका अनेक अवसादहरूबीच मानिस बाँचिरहेको छ । मानिसका आआफ्नै परिकल्पना र चाहना छन् । तिनलाई पूर्ति गर्न मानिसले सकिरहेको छैन र दु:खी छ । मानवजातिको खुशीका लागि अध्यात्म र भौतिक विज्ञानले निरन्तर काम गरिरहेको हुन्छ । यसलाई बुझ्न मानिस सक्षम नभएकै कारण मानिस दु:खी भएको हो । यसै असन्तुष्टिका कारण मानिस चिन्तित छ र कुकृत्य गर्न अग्रसर छ । यस मानव समूहबाट म पनि अलग हुन सकेको छैन र यसै अवसादको शिकार म पनि भएको छु ।

(रामप्रसाद पन्त, 'म शिकार', *निबन्धावली,* पृ. १२३)

प्रस्तुत निबन्धांशमा मानसिक विकार नै आध्यात्मिक दु:ख भएको बन्धनको अप्रत्यक्ष स्वरूप देखाइएको छ । यहाँ पश्चाताप, ग्लानि, निराशा, अभाव आदि मानसिक विकारद्वारा नै दु:ख उत्पन्न हुन्छ र यिनलाई देख्न, छुन नसकिने तर अनुभवद्वारा अनुभूत गर्न सकिने मानसिक पीडामा नै मानिस बाँचिरहेको बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । यस अंशमा मानिस कल्पनाशील प्राणी भएकाले उसले अनेकौँ इच्छा वा कल्पनाको भारी बोकेर बाँचिरहेको, हिँडिरहेको हुँदा अतृप्त र अनन्त इच्छाका भारी पूर्णनहुँदा मानिस दु:खी भएर अविद्या, अज्ञान, अविवेकको समुद्रको गहिराइमा हराइरहेको छ भन्दै त्यो नै दु:खको समुद्र हो भन्ने धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा आध्यात्मिक र भौतिक दुवै दर्शनले मानवीय खुशीका लागि विभिन्न कार्य गरेको भए पनि त्यसलाई बुझ्न मानिस असक्षम रहेकाले मानिस दु:खको भुमरीमा परिरहेको चित्रण गरिएको छ । निबन्धकारले निबन्धांशमा मानिसका असन्तुष्टि तीव्र भएका कारण गलत कार्य गर्न अग्रसर रहेको बताउँदै आत्मा र अनात्माको बोध नभएको अवस्थामा म अर्थात् आत्मा (ब्रह्म) को ज्ञान नहुँदा बन्धनमा आफू परेको निबन्धकारको चिन्तन प्रस्तुत भएको छ ।

> वस्तुत: दु:खबोध मानिसको अहम्ले गर्छ । विश्वमा कति यस्ता मानिसहरू छन् जो आफ्नो व्यक्तिगत वा समूहगत आस्था, विश्वास र प्रतिबद्धताका कारण दु:खलाई सहर्ष स्वीकार गर्छन् । तिनका लागि दु:खको अर्थ दु:ख हुँदैन उत्सर्ग वा प्राप्ति हुन्छ । त्यसैले उनीहरू दु:खबाट मुक्तिको खोजी गर्दैनन् । दु:ख नै मुक्ति हुन्छ ।

(सरुभक्त, 'दार्शनिक जिज्ञासा', *समकालीन नेपाली निबन्ध,* पृ. ५८)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दु:ख नै बन्धनको कारण हो र यो मानिसकै आफ्नै मनस्तापका कारण उत्पन्न हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा मानिसको अहम् नै दु:खको कारण भएको बताउँदै विश्वका कतिपय मानिसहरूले व्यक्तिगत तथा सामूहिक आस्था विश्वास र प्रतिबद्धताका कारण दु:ख वा बन्धनलाई सहजै स्वीकार गर्नेगरेको कुरासमेत देखाउँदै मानिसले आस्था र विश्वासको नाममा भ्रम पालेर बसिरहेको र दु:खबाट

छुट्कारा पाउन नचाहेको बन्धनसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । यहाँ तिनका लागि दुःख, अज्ञानता, अविवेक, भ्रम, अवास्ताविकता वा बन्धन बन्धन नभएर सुख प्राप्तिका माध्यम हुन्छन् भन्दै उनीहरू यसमै आनन्द प्राप्त गरेको, रमाइरहेको बताउँदै क्षणिक सुखबाट मुक्ति वा मोक्षको खोजी गर्दैनन् र दुःख वा बन्धन नै उनीहरूका लागि मुक्ति भएको बन्धनसम्बन्धी कुरालाई स्पष्ट पारिएको छ ।

> यो पृथ्वी गोलो छ । हाम्रो टाउको पनि गोलो छ । हामीले हाम्रो टाउको पृथ्वीकै अनुसरण गरेर घुमाए पनि एउटै रेखामा घुम्ने हो । आखिर उही चक्कर न हो । पुग्ने ठाउँ र घुम्ने बाटो दोहोरिरहने न हो । पृथ्वीजस्तै अनेकौँ माखेसाङ्लोमा जेलिएको छ जीवन पनि । किरिङमिरिङ, किरिङमिरिङ छन् अमूर्त र क्लिष्ट जीवनका रेखाहरू ।

(श्रीबाबु कार्की, 'यात्रा : जीवनको सौन्दर्य', *सन्दिग्ध शताब्दी,* पृ. ५५)

प्रस्तुत निबन्धांशमा गोलो ब्रह्माण्डझैँ बन्धनको जालो पनि गोलो रहेको कुरा देखाइएको छ र बन्धन चक्राकार रहेकाले तोड्न कठिन रहेको विचार व्यक्त भएको छ । यस अंशमा पृथ्वीजस्तै हाम्रो टाउको पनि गोलो रहेकाले चक्रकार पृथ्वीले चक्कर लगाएझैँ हाम्रो टाउको पनि एउटै रेखामा घुमिरहन्छ भन्दै बन्धनको चक्र पनि गोलो र एकै रेखामा घुम्दछ भन्ने धारण प्रकट भएको छ । यहाँ पुग्ने ठाउँ र घुम्ने बाटो एउटै क्रममा निरन्तर चलिरहने प्रक्रिया भएकोले मानिस दुःखको जालोमा पनि निरन्तर जेलिरहन्छ भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा जीवन पनि पृथ्वीजस्तै जेलिएको बताउँदै किरिङमिरिङ अमूर्त र क्लिष्ट जीवनरेखा नै मोक्ष मार्गका बाधक भएको कुरालाई स्पष्ट पारिएको छ ।

> ... गोप्य खामबन्दी पत्रवाहकलाई पनि पत्तो नहुने ती दिनहरूको हिसाबकिताब नै थाहा हुँदैन । खामबन्दी पत्रवाहक स्वयम् पत्र वहनको भारबाट अत्यन्त पीडित रहेको हुन्छ । यसरी निरीक्षण गर्दा पत्रवाहक नै मर्माहत बनेको देखिन्छ । त्यसैले घाम र छायाको द्वन्द्वसङ्घातमा जीवन च्यापिएको छ । खाम भिजेर पनि र खाम ओभाएर पनि जरुरी गोप्यताको क्रम व्यतिक्रमित भने बन्न सक्दैन-व्यतिक्रम नै यसको अनुक्रम बन्दछ । मैले पनि एउटा बन्दी खाम बोकेको छु- तिमीले जस्तै । यसमा पनि गोप्य र अत्यन्त जरुरी लेखिएको छ । मेरो खाम तिमी मौका पायौ भने हेर्ने छौ र तिम्रो खाम मैले मौका पाएर हेर्नेछु । तर हामी उस्तैउस्तै मौन, एकएक बन्दी खाम । दुवैका पत्रभित्र अथवा अग्र र पृष्ठ भागमा पत्रले ढाकेका बन्दी खाम गोप्य र अत्यन्त जरुरी हेरे पनि हामी दुवैले एकअर्काका पत्रको आशय बुझ्ने छैनौ । हामी हाम्रा केकति जरुरी हुन् र केकति चाहिँ गोप्य हुन्, स्पष्ट नभइकन खामको प्रयोजन समाप्त हुन्छ ।...

(राजेन्द्र सुवेदी, 'जीवन : गोप्य सिलबन्दी खाम', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ११-१२)

प्रस्तुत निबन्धांशमा जीवन नै बन्दी खाम हो भन्ने बन्धनसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ जीवन गोप्य खामबन्दी हो भन्दै स्वयम् पत्रबाहकलाई नै जीवनको

हिसाबकिताबको जानकारी नभएर भौतिक संसारमा रमाइरहेको छ भन्ने चिन्तन प्रकट भएको छ । यस अंशमा अविद्याको पर्दाले ढाकेको हुँदा पत्रबाहक स्वयम् आत्मज्ञान वा ब्रह्मज्ञानका बारेमा अनभिज्ञ रहन्छ भन्दै बन्धनको भारी बोकेर हिँड्न बाध्य भएको कुरा देखाइएको छ । उद्धृतांशमा जीवन घाम र छायाको दोसाँधमा उभिएको बताउँदै खाम भिजेर र खाम ओभाएर पनि गोप्यताको क्रम व्यतिक्रम बनेको र यही नै अनुक्रम हो भन्ने धारणा प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा आफूले पनि मिथ्याज्ञानको भ्रममा परेर बन्दी खाम बोकेर हिँडेको र यसभित्र गोप्य र अत्यन्त जरुरी लेखे पनि आत्मा वा ब्रह्मको रहस्य बुझ्न नसकेको हुँदा मोक्षको मार्ग खोज्दाखोज्दै जीवन नै समाप्त हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । यस अंशमा बन्दी खामको संवाहक व्यक्ति स्वयम् हो र त्यसलाई बन्द गर्ने कि खोल्ने आफैं जिम्मेवार हुनुपर्ने बताउँदै बन्दी खाम बोकेर बन्दीगृह जीवन बिताइरहेको स्पष्ट पारिएको छ ।

> ...म पनि जीवनको चक्रव्यूहमा परेको छु । कहीँ कतै बाटोझैँ लाग्छ, तर दुईचार कदम हिँड्ननपाउँदै पर्खाल ठडिएको पाउँछु । मलाई थाहा छ, जबसम्म म संसारिकताप्रति निश्पृह हुँदैन तबसम्म यो जंजालबाट, चक्रव्यूहबाट मेरो उन्मुक्ति हुँदैन । निस्पृहता इच्छामरण विधिको आधारभूमि हो । आजकल म निस्पृहताको अभ्यास गर्दैछु ।...

(रामबाबु घिमिरे, 'इच्छामरण', *केन्द्र र परिधि*, पृ. ७४)

प्रस्तुत निबन्धांशमा सांसारिकता नै बन्धन हो भन्ने बन्धनको आध्यात्मिक स्वरूपलाई देखाइएको छ । यहाँ संसार दुःखमय रहेकाले दुःखमय संसारबाट मानिसले छुट्कारा पाउन चाहेको भए पनि त्यसबाट बाहिर निस्कन नसकेको बताउँदै निबन्धकार आफू पनि जीवनको चक्रव्यूहमा परेको बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । यस अंशमा चक्रव्यूहको बन्धन तोड्न जटिल रहेको हुँदा अज्ञान वा अविद्याको पर्खाल हटाउँदै जतिजति अघि बढ्दै गयो बन्धनका पर्खालहरू ठडिँदै गएकोले मोक्षप्राप्त गर्न नसकेको चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा सांसारिकताप्रति आकांक्षा, विषयवासनाबाट उन्मुक्ति नमिलेसम्म सांसारिकताको जन्जालबाट, चक्रव्यूहबाट उन्मुक्ति नमिल्ने कुरा औँल्याउँदै सांसारिकताको पछि लाग्दा दुःखकष्ट र विकारको समुद्रमा पौडी खेलिरहेकाले आफ्नो चरमलक्ष्य मोक्ष प्राप्त गर्न नसकेको निबन्धकारको दृष्टिकोण रहेको छ । निबन्धकारले निबन्धांशमा वैराग्य भावना नै इच्छामरणको आधारशीला भएकाले त्यसैमा आफू अभ्यासरत रहेको बताउँदै सुखको खोजीमा रहेको धारणा प्रकट भएको छ ।

> ... एकातिर कहिल्यै नदेखिएको जन्मका कुरा गरेर मान्छेको वर्तमानमा जीवित अस्तित्वगत सत्ताप्रति भयङ्कर उदासीनता देखाइएको छ भने अर्कोतिर वर्तमान जीवनबोधको कुरा गरेर अहिले नै परिणामको चिन्ताप्रति दृष्टिपात गरिएको छ । कुन श्रेणीमा पर्छन् आजका तनावग्रस्त मान्छेहरू ! न आउँदो जीवनका लागि यिनीहरूले

> अहिले गरिरहेको दुःखको नै कुनै अर्थ छ, न यो दुखले वर्तमानमा नै कुनै सोचेजस्तो परिणाम नै देखिएको छ ।...
>
> (सङ्गीत आयाम, 'तनावग्रस्त', *मधुपर्क*, पृ. ४२-४३)

प्रस्तुत निबन्धांशमा जन्म र मृत्यु पनि बन्धनको कारण हो र जन्म अदृश्य हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ एकातिर जन्म कहिल्यै नदेखिनेहुँदा मान्छेको वर्तमान जीवित अस्तित्वगत सत्ताप्रति उदासीनता रहेको बताउँदै वर्तमान जीवनबोधको कुरासमेत औँल्याउँदै तत्काल परिणामप्रति चिन्तित रहेको धारणा व्यक्त भएको छ । यस अंशमा आध्यात्मिक दुःख नै बन्धन हो र यो व्यक्तिको स्वयम् शारीरिक एवम् मानसिक मनस्तापका कारण उत्पन्न हुन्छ भनिएको छ । उद्धृतांशमा चिन्ता, राग, द्वेष आदि मानसिक दुःख नै बन्धन भएकाले आजका मान्छेहरू तनावग्रस्त रहेको धारणा व्यक्त गर्दै यो नै बन्धनको कारण हो भनिएको छ । यस निबन्धांशमा तनाव चिन्ता आदि अनावश्यक दुःख भएकाले आगामी जीवनका लागि कुनै फलदायी नरहेको बताउँदै वर्तमानमा समेत यसले सोचजस्तो परिणाम वा दुःखबाट मुक्त हुन नसकिने बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ ।

> महसुस गर्दैछु मभित्र अझै निकै धेरै दृश्य/अदृश्य पर्दाहरू झुडिरहेका छन् ।... एकपछि अर्को पर्दा उघ्रिँदै गए पनि फेरि पाइलैपिच्छे आफूभित्र निकै अन्धकार बाँकी रहेको महसुस हुन्छ । हामीभित्र विभिन्न थरिका निकै धेरै पर्दा, छेकबारहरू र अँध्याराहरू हुने रहेछन् । निकै धेरै अदृश्य तगारोहरू पनि । स्पष्ट देखिने चीजसँग दोस्ती गर्नु, झगडा गर्नु या विद्रोह जे गर्न पनि सजिलै सकिन्छ तर जो अदृश्य छ ऊसँगको पौठेजोरी निकै गाह्रो हुन्छ । एउटा जीवन पूरै बित्न लागिसक्दा पनि ती अदृश्य पर्दाहरू उघ्रिसक्दैन अनि ती नदेख्ने पर्खालहरू भत्काउन सकिँदैन ।... अहम् भावको थिचाइ वा अबुझपना असङ्ख्य पर्दाहरूले बेरिएर घिटघिट भएर पनि हाम्रा हातहरू अचल छन् । ती पर्दाहरू उघार्न । आँखामा छ पर्दा, पर्दा छ दिमागमा, मुटुहरू पनि ढाकिएको छ पुराना फोहोरी पर्दाहरूले ।
>
> (कुमारी लामा, 'पर्दा', *मधुपर्क*, पृ. ३३-३४)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धनको स्वरूप हो र यो अदृश्य पर्दाले ढाकिएको हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ निबन्धकारले आफूभित्र धेरै दृश्यअदृश्य पर्दाहरू बाँकी रहेकाले बिस्तारै ज्ञानद्वारा ती खुल्दै गए पनि पाइलैपिच्छे अन्धकारले छोपिरहेकाले ब्रह्मज्ञान वा आत्मज्ञान प्राप्त गर्न कठिन भएको कुरासमेत देखाउँदै आत्माको वास्तविक स्वरूप जान्न नसकिरहेको धारणा व्यक्त भएको छ । हामीभित्र धेरै पर्दाहरू छेकेबार र अन्धकार व्याप्त रहेकाले ती मोक्ष प्राप्तिका लागि बाधा रहेको र ती तत्त्वसँग मित्रता, शत्रुता तथा विद्रोह गर्न सकिए पनि अदृश्य तत्त्वसँग भने पौठेजोरी खोज्न नसकिनेहुँदा मुक्ति प्राप्त हुँदैन भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा

आफूले आफूलाई पूरै जीवन समर्पित गर्दासम्म ब्रह्मज्ञान वा आत्मलाभ प्राप्त गर्न नसक्दा अविद्या, अज्ञान, अविवेक र अन्धकारका पर्दाले ढाकिएर प्रकाशानन्दस्वरूप आत्मालाई जान्न नसकेर हाम्रा हात घिटघिट भएर अचल बनेको धारणा अभिव्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा अज्ञानता नै अन्तर्चक्षु र ज्ञान, विवेकका बाधक वा बन्धन भएकोले सांसारिकताले छोपेको हुँदा आत्मिक विकारहरू सफा गर्न नसकेको र बन्धनमा परिरहेको कुरालाई स्पष्ट पारिएको छ ।

> ...आकाशका जुनतारा झार्ने साहस ल्याए तर सांसारिक व्यवहारले थिच्दै लगेर कतिखेर म प्रौढावस्थातिर धकेलिन पुगेँ थाहै भएन मलाई । अहिले म जीवन र जगत्का सैद्धान्तिक एवं व्यावहारिक ज्ञान र कर्मको सागरमा गोता लगाइरहेको महसुस गर्दछु । र आफूलाई यो भवसागरमा हराइरहेको पाउँछु ।... म कर्म गर्न अघि सर्छु । म आफ्नो ज्ञान, कर्म र अनुभवहरू बाँड्न तम्सिन्छु । हृदयका उद्‌गारहरू पोख्न हौसिन्छु । तर दृढ हुन सक्दिनँ । लड्खडाउँदै लड्खडाउँदै उैनासामु उभिन पुग्दछु ।

(सृजन लम्साल, 'आततायी ऐना', *समकालीन नेपाली निबन्ध,* पृ. १९)

प्रस्तुत निबन्धांशमा सांसारिकता नै बन्धनको स्वरूप भएको कुरा देखाइएको छ । यस अंशमा सांसारिकता एवम् माया, मोह, प्रपञ्च नै बन्धन र दुःख उत्पत्तिका कारण भएकाले यही सांसारिक बन्धनले मानिसलाई थिचिरहेको कुरा औँल्याउँदै मोक्ष प्राप्त नभई प्रौढावस्थातिर धकेलिएको विचार प्रकट भएको छ । यहाँ निबन्धकार आफू जीवनजगत्का सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान र कर्मको संसारमा रमाइरहेकाले आत्मसाक्षात्कार गर्न नपाएर त्यसमै हराइरहेको, मोक्ष नपाई बन्धनमा परिरहेको विचार प्रकट भएको छ । उद्धृतांशमा निबन्धकार आफू नै आफ्नो खोजीमा वा आत्मसाक्षात्कार गर्न कोलम्बस र भास्को डी गामा बनेर खोज अनुसन्धान गरेर नयाँ तथ्य पत्ता लगाउन चाहेको, ज्ञान प्राप्त गर्न चाहेको विचार प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा ज्ञान, विवेक, बुद्धि र कर्ममा अग्रसर हुने गरेको, हृदयमा उद्‌गार पोख्न तम्सिएको भए पनि स्थिर हुन नसकी लड्खडाइरहेको हुँदा बन्धनमा परिरहेको विचार प्रकट भएको छ ।

> यात्रा- कहिले विकटैविकटको उकालो उक्लिनुपर्ने । यात्रा- कहिले गहिरा खोँच र खाडीहरूमा जोगिएर लम्किनुपर्ने । यात्रा- कतै भिर र भित्तोहरूमा त्राहीत्राही हुँदै पैताला सार्नुपर्ने । बाल्यकालको आमाबाबाको, हातमा थिगरथिगर गरेर पैताला सोभ्र्याउँदा होस् या औँलो समातेर तातेताते गर्दा होस् यात्राको जीवनदर्शन साँच्चै कष्टकर र दुरुह नै हुने रहेछ ।

(श्रीबाबु कार्की, 'यात्रा : जीवनको सौन्दर्य', *सन्दिग्ध शताब्दी,* पृ. ५४)

प्रस्तुत निबन्धांशमा यात्रा विकट भएको र यसको गन्तव्य दुरुह रहेको कुरा देखाइएको छ । यहाँ जीवनयात्रा विकटको यात्रा भएकाले अनेकौँ भञ्ज्याङहरू उक्लनुपर्ने

बताउँदै गन्तव्य कठिन भएको र यही तगारो, छेकेबार नै बन्धनका काँडा भएकाले बन्धनको झाडी फाँड्न अनेकौं गहिरा खोच र खाडीहरूमा जोगिनुपर्ने कुरासमेत देखाउँदै मुक्तिमार्ग एवम् ज्ञानार्जनको बाटो निर्माण गर्नुपर्ने चिन्तन प्रस्तुत भएको छ । यस अंशमा यात्राका क्रममा ठुलाठुला डरलाग्दा, कठिन भीर र भित्ताहरू त्राहीत्राही हुँदै पाइताला चाल्नुपर्ने, अन्धकारलाई प्रकाशद्वारा चिर्नुपर्ने विचार अभिव्यक्त भएको छ । उद्धृतांशमा मार्ग जटिल एवम् दुरुह रहेकाले विवेकद्वारा भ्रम चिर्नुपर्ने बताउँदै बाल्यकालमा आमाबाबुको हात समाउँदै गर्दाको यात्रा होस् या जीवनदर्शनको यात्रा आफूले आफैँलाई नचिन्दा मिथ्याज्ञानमै रमाइरहेको औँल्याउँदै यो नै बन्धनको कारण भएको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> जीवनका सूत्रहरू नबुझेपछि अज्ञानता बढ्छ । अज्ञानता बढ्नु अन्धकार बढ्नु हो । अन्धकार बढेपछि आशा निभ्छ, निराशा उदाउँछ । ...निराशा निस्तो मान हो, निद्रा पटक्कै नलागेको रात हो । कहिले नअघाउने र कहिल्यै खुसी नहुने अघोरी जोगी जस्तै हो ।

(मोहन चापागाईं, 'सूत्रहरूको सूत्र', *सत्य संलाप,* पृ. ६४)

प्रस्तुत निबन्धांशमा अध्यात्मिक दुःख नै बन्धनको स्वरूप हो भन्ने कुरा देखाइएको छ र यसक्रममा मानसिक दुःख नै आध्यात्मिक दुःख भएको हुँदा मानिसको आफ्नै मनबाट उत्पन्न हुन्छ भनिएको छ । यस अंशमा जीवन सूत्रमय भएकाले त्यसलाई नबुझ्दा मानिस सांसारिकतामा रमाइरहेको औँल्याउँदै अज्ञानता नै बन्धन भएको जसका कारण मानिस सांसारिक विषयप्रतिको मोहतर्फ अग्रसर हुँदा सांसारिक बन्धनमा बाँधिन पुग्छ र यो नै अन्धकार हो भन्ने बन्धनसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको छ । अविद्या वा अज्ञानता नै अन्धकार र बन्धन हो भन्ने कुरासमेत देखाउँदै अज्ञानता र अन्धकार (बन्धन) को मात्रा बढेपछि आशा मोक्षको मार्ग बन्द हुन्छ र निराशा पलाउँछ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा निराशा, चिन्ता नै मनस्ताप हुन् र यी नै दुःखका कारण, अनिद्राको कारण हो जुन पूर्ण सन्तुष्ट र आनन्दका बाधक भएको हुँदा मानिस सांसारिक प्रपञ्चमा परिरहन्छ भन्ने स्पष्ट सङ्केत गरिएको छ ।

> अरूको अस्तित्वलाई स्विकार्न नसक्ने, सर्भाइभल अफ द फिटेस्टको मन्त्र जप्ने अवस्था हो यो । आत्मरति र अधिक दम्भले अन्धो भएको अवस्था हो यो । शक्तिको मादकताले लठ्ठिएकाहरू, अहङ्कारले अन्धा भएकाहरू यस चरणबाट कमैमात्र बाहिर आउन सक्छन् । शास्त्रले अन्धा पण्डितहरू, भिड शक्तिको मादकतामा झुमेकाहरू, प्राज्ञिक विभूषणका भारी बोक्ने अधिकांशहरू जीवनको यसै चरणमा अलमलिन्छन् ।

(बलराम, अधिकारी, 'ऊँटको बोझ, सिंहको अहङ्कार र बालसुलभता', *इरेजर,* पृ. ८५)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धन हो र यो (मानसिक) मनोविकारद्वारा उत्पन्न हुन्छ भन्ने बन्धनको अचेतनस्वरूपलाई देखाइएको छ । यस अंशमा अरूको

अस्तित्वलाई स्वीकार गर्न नसक्नु नै बाँच्नको लागि गरिएको सङ्घर्ष भएको बताउँदै आत्माको अस्तित्वबोध नहुनु अहङ्कार वा आत्मरति नै अन्धकार हो र अन्धकार हुनु नै अहम् भएकाले यो नै बन्धन वा दुःख हो भन्ने कुरा उल्लेख गरिएको छ । यहाँ शक्तिको उन्मादले लठि्गएकाहरू, अहम्को बन्धनले अन्धा भएकाहरू आफूभित्रको चेतनतत्त्वलाई जान्न र बुझ्न नसकेर दुःखको समुद्रमा रमाइरहेको हुँदा कमैमात्र त्यसबाट बाहिर निस्कन सक्छन्, ब्रह्मज्ञान वा आत्मज्ञान प्राप्त गर्न सक्दैनन् र बन्धनमा परिरहन्छन् भन्ने कुरा बताइएको छ । निबन्धकारले निबन्धांशमा शास्त्रले अन्धा पण्डित, शक्तिको अहम्ले झुमेका, प्राज्ञिक विभूषणका भारी बोक्नेहरू सुख वा आनन्दको खोज नगरी अज्ञानका कारणले सांसारिक दुःख वा बन्धनमा परिरहन्छन् भन्ने बन्धनसम्बन्धी चिन्तनलाई स्पष्ट पारेको देखिन्छ ।

> ... यदि हाम्रा इन्द्रियमाथि हाम्रा अहङ्कार, लोभ, काम, वासना, ईर्ष्या आदिको कालो छाया नपर्ने हो भने हाम्रा जीवनमा सधैँ आनन्द नै आनन्दको वर्षा हुने थियो, कहिल्यै दुःख हुने थिएन । यति सुन्दर शरीर हाम्रो जीवनको सहयोगी हो । हामी वास्तवमा शरीर होइनौँ । यो त हाम्रो यात्राको वाहनमात्र हो । हामी त्यसका चालक हौँ । ... हामीले पनि शरीरलाई वाहन बनाएर जीवनको यात्रा गरिरहेका छौँ । यसैले यो वाहनको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो ।

(लक्ष्मण भण्डारी, 'जीवनका सबैभन्दा प्रिय मित्र : शरीर इन्द्रियहरू', *जीवनमूल्य,* पृ. ११५-११६)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धन हो भन्ने मान्यता प्रस्तुत गरिएको छ । यहाँ हाम्रा इन्द्रियहरू नै बन्धनको कारण भएकाले लोभ, मोह, अहङ्कार, वासना, ईष्या आदि आध्यात्मिक दुःख नै बन्धन हो भनिएको छ । यस अंशमा मानसिक र शारीरिक कारण नै कालो वा बन्धन भएकाले जीवन नै दुःखमय रहन्छ भन्दै लोभ, मोह, अहङ्कारमाथि विजय प्राप्त गर्न इन्द्रियलाई वशमा राख्नुपर्छ किनकि इन्द्रिय नै दुःखको कारण हो भन्ने मान्यता अभिव्यक्त भएको छ । उद्धृतांशमा मानसिक दुःखलाई चिनेर ज्ञान प्राप्त गरेमा आनन्दको वर्षा हुने र दुःखको नाश हुन सक्ने बताइएको छ । यहाँ हाम्रो शरीर आत्माको घर हो भन्ने कुरा देखाउँदै हामी शरीर नभएर अविद्याका कारण शरीर सम्झिएको चिन्तन प्रस्तुत भएको छ । निबन्धकारले निबन्धको विश्लेषणका क्रममा हाम्रो प्राणको सञ्चालक शरीर भएको मान्दै शरीरलाई वाहन बनाएर हामी जीवनयात्रा गरिरहेछौँ भन्ने कुरासमेत औँल्याउँदै वाहनको सुरक्षा गर्नु हाम्रो पहिलो कर्तव्य भएको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा सांसारिकतासम्बन्धी दार्शनिक कुराको निरूपण देखिन्छ र यसक्रममा सांसारिकता नै बन्धन हो भन्ने मान्यता विश्लेषणीय देखिन्छ । यहाँ संसार दुःखमय छ र अविद्या वा अज्ञान नै दुःखको कारण हो भन्ने धारणा अभिव्यक्ति देखिन्छ । यसमा आध्यात्मिक, आदिभौतिक र आदिदैविक यी त्रिविध ताप नै सांसारिक बन्धन हुन् र यसबाट छुट्कारा पाउन कठिन हुन्छ भन्ने दुःखको स्वरूपलाई स्वीकारेको छ । संसार दुःखमय भएकाले त्यसबाट मुक्ति प्राप्त गर्न कठिन छ भन्ने मान्यता यहाँका निबन्धमा

पाइन्छ । सांसारिक प्रपञ्च वा जगत् दुःखको स्रोत वा कारक तत्त्व हो भन्ने धारणा साठीको दशकयताका नेपाली निबन्धमा देखिन्छ ।

### ३.३.१.२ बन्धनबाट मुक्तिको चाहना

यो संसार दुःखमय रहेको विचार प्रायः सबै पौरस्त्य दर्शनले स्वीकार गरेको विषय हो । अविद्या नै दुःखको मूलकारण मानिएको छ र यो संसार अनित्य क्षणभङ्गुर रहेकाले यो नै दुःख हो भन्ने मान्यता देखाइएको छ । पच्चीस तत्त्वको सम्यक्ज्ञान प्राप्त गर्नु नै बन्धनबाट मोक्ष प्राप्त हुन्छ (घिमिरे, २०७३, पृ. ५१) । यहाँ पच्चीस तत्त्वको ज्ञान हुनु नै मोक्ष प्राप्त गर्नु हो भन्ने मान्यता अघि सारिएको छ । आध्यात्मिक, आधिभौतिक र आधिदैविक आदि त्रिविध ताप (दुःख) बाट नै जीव तप्त छ, आक्रान्त छ र यी नै दुःखको मूलकारण भने प्रकृति र पुरुषको ज्ञान नहुनु नै हो भन्दै प्रकृति र पुरुषको विवेक या पार्थक्यबोधको स्थिति नै मोक्ष हो (घिमिरे, २०७३, पृ. ५१) । यसरी त्रिविध तापको कारण प्रकृतिपुरुषको बोध वा ज्ञान नहुनु हो भने त्यसको ज्ञान नै मोक्ष भनिएको छ । विवेक ज्ञानको अभावमा पुरुष चित्तविकारको परिणाममा फस्दछ र आफ्नो जरामरणनिर्मुक्त स्वभावलाई बिर्सिएर सुख-दुःख, राग-द्वेष आदि सांसारिक भावलाई ग्रहण गर्दै संसारमा रमाउन पुग्नु बन्धन हो भने यस बन्धनबाट मुक्त हुनका लागि चित्तवृत्तिको निरोध हुनु जरुरी छ (घिमिरे, २०७३, पृ. ५४) । यहाँ संसार पदार्थकै विविधतामय रूप भएको हुँदा त्यसको सत्ता, शक्तिको ज्ञान हुनु नै मोक्ष हो भनिएको छ । धर्मविशेषबाट उत्पन्न हुने द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय छ पदार्थहरूको साधर्म्य वैधर्म्यपूर्वक गरिने तत्त्वज्ञानबाटै निःश्रेयसरूप मोक्ष प्राप्ति हुन्छ (घिमिरे, २०७३, पृ. ५०) । यहाँ ६ पदार्थबाट प्राप्त हुने तत्त्वज्ञान नै मोक्ष हो भन्ने कुरा यहाँ बताइएको छ । सबै दुःखहरूबाट छुटेर विशुद्ध रूपमा रहनु नै मोक्ष हो अर्थात् दुःखको सर्वथा नाश भइसकेपछि आत्मामा उत्पन्न हुने सुखलाई जब मनले अनुभव वा उपयोग गर्दछ, तब नै मुक्ति हुन्छ (घिमिरे, २०७३, पृ. ५६-५७) । यसरी दुःखको निवृत्ति र सुखको खोजी नै मोक्ष हो र यो मनद्वारा अनुभव गर्न सकिन्छ भन्ने कुरा बताइएको छ । अविद्या नै बन्धन भएकाले वास्तविक संसार दुःखमय प्रतीत भएको छ; यो नै बन्धन हो भनिएको छ । यहाँ अविद्या नै बन्धन हो, दुःखको मूलकारण हो र संसार अनित्य रहेकाले यो नै दुःख हो त्यसैले अविद्याको नाश भई ज्ञानप्राप्त गर्नु मुक्ति हो भन्ने चिन्तनलाई तलका निबन्धांशहरूले स्पष्ट पारेका छन् :

> ... योगीहरूले मनलाई मान्छेको बन्धन र मोक्षको कारण रूपमा लिनुको तात्पर्य पनि त यही नै हो । मन अविजेय तत्त्व हो । मनमाथि विजय चाहने योगीहरूले मनलाई दुई तहमा विभाजन गरेका छन् । एउटा सविषयी मन हो जुन जीवनका निम्ति बन्धनको कारण बन्दछ र अर्को निर्विषयी मन हो जुन मोक्षको कारण बन्दछ ।...

(राजेन्द्र सुवेदी, 'अनावृत्त', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. १४)

प्रस्तुत निबन्धांशमा मानसिक कष्ट नै बन्धन हो भन्ने आध्यात्मिक दुःख देखाइएको छ र यसक्रममा मनलाई सबै तत्त्वको केन्द्र मानिएको छ । यस अंशमा मन नै जड तत्त्व

भएकाले योगी पुरुष वा सन्यासीहरूले मान्छेको बन्धन र मोक्षको कारण मन हो भनी स्वीकार गरेको पाइन्छ । मन नै छैठौँ इन्द्रिय भएको हुँदा यो तीव्रगामी घोडाजस्तो चञ्चल रहेको छ र क्षणक्षण रूपान्तरण भइरहन्छ तसर्थ यो अविजेय तत्त्व हो भन्ने कुरालाई यस अंशमा बताइएको छ । उद्धृतांशमा मानिस दुःख, सुखको स्वरूप अन्तर्मनमाथि विजय प्राप्त गर्न चाहन्छ तर अज्ञान वा अविद्याका कारण आँखामा पर्दा लागेको हुँदा जङ्गलमा हराइरहन्छ र बाहिर निस्किने मार्ग थाहा नपाएर बन्धनमा परिरहन्छ भनिएको छ । निबन्धकारले निबन्धांशमा मनमाथि विजय प्राप्त गर्न चाहने ठूलाठूला योगी वा महात्माहरूले मनलाई सविषयी र निर्विषयी गरी दुई तहमा विभाजन गर्नेगरेको धारणा व्यक्त भएको पाइन्छ । यस अंशमा सविषयी मन नै जीवनसँग सम्बन्धित रहेकाले यो नै बन्धनको कारण हो भने निवर्षियी मन मोक्षसँग सम्बन्धित छ भन्ने मान्यता प्रस्तुत भएको छ ।

> आकाशमा बदलिरहने बादलजस्तै दृश्यहरू हेरिरहूँ । यी मान्छेहरूका देखिएका कथाहरू पनि पढ्नसकूँ भन्ने पनि लाग्नथालेको छ एक मन त । किनकि मैले धेरैपटक देख्ने आँखा बन्द गरेँ तर नदेख्ने आँखा बन्द गर्न सकिनँ । म चाहन्थेँ यो फुर्सदको समयमा आफूले आफूलाई हेरुँ र केही भित्रसम्मका कुराहरू पत्ता लगाऊँ । यति धेरै समयमा पनि न आफूले आफूलाई हेर्न फुर्सद पाइयो, न आफूभित्र नै ।

(श्रीओम श्रेष्ठ, 'कहाँ देख्नु आफैँलाई ?', *मधुपर्क,* पृ. २१)

प्रस्तुत निबन्धांशमा आदिदैविक दुःख नै बन्धनको कारण हो भन्ने कुरा देखाइएको छ । यहाँ आकाश अनन्त र क्षणक्षणमा परिवर्तनशील भएकाले यसका दृश्यहरू हेरिरहूँ लाग्ने र मान्छेका अन्तर्मनका कथा पढ्न मन लागेको विचार प्रकट गरेको पाइन्छ । यस अंशमा रहस्य सदैव गर्भमा रहनेहुँदा अन्तर्चक्षुमा खोज्नुपर्ने किनकि बाहिरी संसार त केवल भ्रम हो तसर्थ आफैँभित्रको आत्मालाई खोज्न ज्ञान र विवेकको आवश्यकता पर्ने भए पनि निबन्धकारले आफू भने बाह्यआँखा बन्द गरे पनि अन्तर्चक्षु बन्द गर्न नसकेको दृष्टिकोण अभिव्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा फुर्सदको समयमा आनन्दको खोजी गर्न चाहेको, ज्ञान र विवेक प्राप्त गर्न चाहेको कुरासमेत देखाउँदै चैतन्यद्वारा मोक्ष प्राप्त गर्न चाहे पनि आफूले आफूलाई खोज्न नसकेको र आनन्द नपाई भौँतारिरहेको बन्धनसम्बन्धी चिन्तन अभिव्यक्त भएको छ ।

> जो सूत्रमा हिँड्छ, त्यसको जिन्दगी सूत्रमै अल्झिरहन्छ । उसका हातखुट्टा, उसका विवेक र ज्ञान सबै सूत्रको डोरीमा जेलिएका हुन्छन् । जेलमा ठिँगुरा ठोकिएको कुनै कैदी र उसमा कुनै तात्त्विक भिन्नता हुँदैन । मान्छे जब सूत्रका सारा बन्धन छिनाएर स्वतन्त्र हुन्छ, बन्धनमुक्त हुन्छ अनि नयाँ सिर्जनामा, नयाँ सृष्टिमा र नयाँ संसारमा उभिन पुग्छ ।...

(रमण घिमिरे, 'बुझिनसक्नु रहस्य जीवनको', *...अर्थात् हामी,* पृ. ५४)

प्रस्तुत निबन्धांशमा सूत्र नै बन्धनको कारण हो भन्ने बन्धनसम्बन्धी मान्यता ल्याउँदै सुत्र नै बन्धनको अदृश्य जालो वा तन्तु हो भन्ने कुरा देखाइएको छ । यस अंशमा सूत्रमा

हिँड्ने मानिसको जिन्दगी सूत्रमा नै अल्झिरहन्छ भन्दै ब्रह्मज्ञान वा शास्त्रज्ञान नहुनु नै बन्धन हो र मानिसका हातखुट्टा, विवेक र ज्ञान सबै सूत्रको बन्धनमा जेलिएका हुन्छन् त्यसबाट मुक्त हुन आत्मबोधको आवश्यकता पर्दछ भन्ने धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा जेलमा हत्कडी लगाएको कैदी र ज्ञान, बुद्धि, विवेक र शास्त्रादि ज्ञान नभएको मानिस शस्त्र वा दुःखको भुमरीमा परिरहन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । यहाँ मान्छेले बन्धनलाई तोडेर ब्रह्मज्ञान प्राप्त गर्दछ वा आत्मबोध प्राप्त गर्दछ त्यस अवस्थामा आनन्दमय, स्वतन्त्र बन्दछ, बन्धनमुक्त भएर नयाँ सृष्टि र संसारमा उभिन सक्छ अर्थात् मोक्षावस्थामा पुग्दछ भन्ने चिन्तन प्रकट भएको छ । मुक्तावस्था हुनु नै आत्मज्ञानको स्थितिमा पुग्नु हो र यस स्थितिमा आत्मा र अनात्माको भेदको ज्ञान हुनु नै मोक्षावस्था हो भन्ने कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> आफ्नो इच्छाले त होइन होला । कसले हाँकेर, फकाएर, उल्क्याएर खेदिरहेको होला, घुमाइरहेको होला । यो बताउनु असम्भव छ । यति अनन्त आत्माहरू अविश्रान्त छन् भने मानिसलाई कहिल्यै पनि मुक्ति छैन होला । कि त ती अनन्त वरिपरि घुम्दाघुम्दा मुक्त भएर स्वेच्छाले घुमेका हुन् कि म भन्न सक्तिनँ ।

(गोविन्दराज भट्टराई, 'स्वगृहीत चिन्ताको रङ्गीन पोखरीमा', *समकालीन नेपाली निबन्ध,* पृ. ४१)

प्रस्तुत निबन्धांशमा अदृश्य तत्त्वकै कारण जीव बन्धनमा परिरहन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा आफ्नो इच्छाले कुनै पनि कार्य नहुने बताउँदै अदृश्य तत्त्व नै यसका कारक रहेको उल्लेख गरिएको छ । यहाँ अदृश्य शक्तिले नै सम्पूर्ण खेल खेलेको हुन सक्नेतर्फ सङ्केत गर्दै निबन्धकारले यसलाई बताउन आफू असमर्थ रहेको विचार व्यक्त गरेको पाइन्छ । यस निबन्धांशमा आत्माहरू अनन्त र अविश्रान्त रहेकाले मानिसले अनन्त आत्मालाई चिन्न नसकेर कहिल्यै मुक्ति प्राप्त हुन नसक्ने कुरासमेत देखाउँदै सदैव भौतिक संसारको जालोमा बाँधिइरहन्छ भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा ती अनन्त आत्मा स्वेच्छाले निरन्तर घुमिरहँदा मुक्ति वा मोक्ष प्राप्त गरेका हुन् कि आफूले बताउन नसक्ने भन्दै आत्माको अनन्ततालाई सङ्केत गरिएको छ । ब्रह्म अनन्त र ज्ञानरूप भएकाले अनन्त ब्रह्मलाई जान्न नसकिएको र त्यही अनन्त ब्रह्म स्वेच्छाले मुक्त भएका हुन् कि भन्ने निबन्धकारको धारणा यहाँ प्रकट भएको छ ।

> तनावको अविराम यात्रा जारी छ । तनावबाट मुक्त हुने कोसिस गरिरहेको म भित्रसमेत बाहय दृश्य-परिदृश्यका कारण नयाँनयाँ तनावको जन्म भइरहेको पाउँछु । अध्यात्मवादीहरू प्रायः भन्छन्, जीवनको उद्देश्य मुक्तिका लागि हुनुपर्छ । भौतिकवादीहरूको कुरा भने अर्कै छ, उनीहरू भन्छन्- जीवनको लडाईं भनेकै अहिलेकै लागि हो, जसले यही जीवनमा नै परिणाम देखाउनुपर्छ ।

(सङ्गीत आयाम, 'तनावग्रस्त', *मधुपर्क,* पृ. ४२)

प्रस्तुत निबन्धांशमा मानसिक दुःख नै आध्यात्मिक दुःख हो भन्ने बन्धनसम्बन्धी मान्यता ल्याइएको छ । यस अंशमा तनाव नै मानसिक दुःख हो र यो नै बन्धनको कारण भएकाले यसको यात्रा अनिश्चित र निरन्तर रहेको विचार व्यक्त भएको छ । यहाँ तनावबाट पार पाउन आफूले प्रयास गरिरहे पनि आफूभित्र अन्तर्बाह्य दृश्य-परिदृश्यका कारण नयाँनयाँ मानसिक चिन्ता थपिरहेको हुँदा अज्ञानता एवम् अविद्याले ढाकिरहेको, अन्धकारले छोपिरहेको धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा आध्यात्मवादीहरूका मतमा जीवनका चरमलक्ष्य मोक्ष रहेको तर भौतिकवादीहरूका दृष्टिमा जीवनको सङ्घर्ष वर्तमानका क्रियाकलापमा आधारित रहेकाले यही जीवनमा परिणाम वा निष्कर्षमा पुग्नुपर्ने चिन्तन अभिव्यक्त भएको छ । अध्यात्मवादीहरूका दृष्टिमा संसार दुःखमय रहेकाले तनावबाट मुक्त हुन आत्माको वास्तविक स्वरूपको पहिचान गर्नुपर्ने बताउँदै अज्ञानको आवरण हटेपछि मात्र मुक्ति वा चैतन्यआत्मा प्राप्त हुन्छ भन्ने बन्धनबाट मोक्षतर्फ यात्रालाई देखाएको पाइन्छ ।

> थाहा छैन यही वा अरू कुनै बाटो खुरुखुरु हिँडे गन्तव्यमा पुगिन्छ । तर, कुन बाटो-त्यो बाटोको पहिचान हुनुपऱ्यो । त्यो बाटोको पहिचान हुनुपऱ्यो । त्यो बाटोको निर्माण हुनुपऱ्यो । गन्तव्यमा पुग्ने बाटोको निर्माण वा पहिचान कसले, कसरी, कहिले गर्ने ? ...कुन बाटो हिँड्ने र कहाँ जाने-कसलाई के थाहा ? गन्तव्य के हो र कहाँ छ ? गन्तव्य कसलाई थाहा ? थाहा भएको भए सबैको त्यहीँमात्र भीड लाग्ने थियो । भीड, भीड र भीडैभीडले त्यो बाटो पनि छेकिन्थ्यो र रोकिन्थ्यो ।...

(लेखनाथ भण्डारी, 'बाटो', *गरिमा,* पृ. ८४-९५)

प्रस्तुत निबन्धांशमा मोक्षप्राप्तिको कुनै निश्चित गन्तव्य नभएको विचार व्यक्त गर्दै मोक्षको स्वरूप अज्ञान र अपरोक्ष हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा मोक्षको स्वरूप पनि दुःखदायी भएकाले यसको गन्तव्य यकिन गर्न नसकिनेहुँदा त्यसको मार्ग जटिल छ र यसको ज्ञानद्वारा मात्रै प्राप्त गर्न सम्भव भएकाले त्यसको खोजी गर्नुपर्ने धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा मोक्षको मार्ग अरूले निर्माण गरिदिने नभएर व्यक्ति स्वयम्ले निर्माण गर्नुपर्ने बताउँदै यो कहिले, कसरी पहिचान गर्ने आफूले नै निर्धारण गर्ने कुरा हुन् भन्ने कुरा स्पष्ट पारिएको छ । यहाँ गन्तव्यको निश्चितता नभएको तर निश्चितता भएको भए भीड लाग्नेथियो र त्यो नै बाधक बन्थ्यो भन्ने विचार व्यक्त भएको छ । बाधक नै बन्धनको कारण हो र यो नै मोक्ष वा मुक्तितर्फको यात्राको छेकेवार भएको कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> तर म अक्षरसँगै संवाद गरिरहन्छु । लेख्न भ्याइन भन्छु, पढ्न भ्याइन भन्छु र पढ्छु र लेख्छु । यो एकप्रकारको आफैँले आफूलाई दुःख दिनगरेको संकल्प भनौँ सेल्फ इम्पोज्ड एङजाइटी रहेछ आफैँले डाकेको भनौँ स्वगृहीत चिन्तामात्र रहेछ । मैले जसरी रातोदिन लागिरहने फेरि कहिल्यै मुक्त नहुने, व्यग्रतामा पसिरहने, पसेर रमाइरहने भनेको आफैँले खनेको दुःखको खाडलमात्र रहेछ । लेखेर पढेर कहिले पार

हुइन्छ । कति पुग्दा सन्तुष्टि पाइन्छ ? म भन्न सक्तिनँ । कसैले भन्न सक्तैन । तर फेरि पनि म यस्तो स्वगृहीत चिन्ताको रङ्गीनपोखरीमा डुबुल्की मार्दै बाहिर निस्कँदै गर्नेगर्छु ।

(गोविन्दराज भट्टराई, 'स्वगृहीत चिन्ताको रङ्गीन पोखरीमा', *समकालीन नेपाली निबन्ध*, पृ. ४४)

प्रस्तुत निबन्धांशमा स्वःनिर्मित दुःख नै बन्धनको कारण हो र यो व्यक्तिका आफ्नै कारणले हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा निबन्धकारले अक्षरब्रह्मसँग संवाद गरिरहेको बताउँदै ननासिने अक्षरब्रह्मलाई लेख्न, पढ्न भ्याइन भने पनि पढ्न र लेख्न नछोडेको विचार व्यक्त भएको छ । ॐ नै अक्षरब्रह्म भएकाले ॐकार शब्दका माध्यमबाट ब्रह्मको उपासना गर्नु नै आफूले आफूलाई दुःख दिनगरेको वा बन्धनमा पार्ने गरेको सङ्कल्प नै स्वनिर्मित चिन्ता भएको यस अंशमा उल्लेख गरिएको छ । यहाँ आफू रातोदिन लागिरहे पनि कहिल्यै मुक्त नहुने कुरासमेत औंल्याउँदै आफैले आफूलाई चिन्न नसक्नु नै व्यग्रतामा पसिरहनु र सांसारिक जन्जालमा रमाइरहनु हो; आत्मबोध गर्न नसकेर भौतिकतामा रमाइरहनु नै आफूले आफूलाई दुःख दिन गरेको सङ्कल्प नै बन्धन हो भन्ने कुरा उल्लेख गरिएको छ । उद्धृतांशमा लेखेर, पढेर बन्धन वा दुःखबाट मुक्ति नमिल्ने बताउँदै यसको निश्चित गन्तव्य नभएकाले सन्तुष्टि मिल्छ मिल्दैन आफूले भन्न नसक्ने बताउँदै सांसारिकता नै रङ्गीविरङ्गी भएकाले यो अवास्तविकता रहेको तर त्यसमा रमाउँदै बाहिर आउनेजाने गरेको चिन्तन प्रस्तुत भएको छ ।

लाग्छ, दुःख एउटा अप्रिय अनिच्छित अनुभूति हो, जो विगतको कोखबाट वर्तमानको काखमा जन्मिदिन्छ । यो संसारलाई दुःखमुक्त गर्न भनेर धर्महरू उदय भएका छन्, दार्शनिक अनि आध्यात्मिक व्यक्तित्वहरू, अन्वेषक, चिकित्सक र मनोवैज्ञानिकहरू आआफ्नो हिसाबले प्रयत्नशील छन् अनि यो दुःख चाहिँ के हो त ? यो छ कि कतै, वा यो दुख्दै नदुखेको कपाललाई मानसिक या काल्पनिक डोरीले बाँधेर दुःखाएको मात्रै हो ?

(शिव गौतम, 'दुःख सुखका कुराहरू', *भ्याम्ली बाखाको पाठो*, पृ. ५५)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धन हो भन्ने बन्धनको अपरोक्षस्वरूपको चित्रण गरिएको छ । यहाँ दुःख अप्रत्यक्ष भएकाले यसको मानिसको मनसँग भावनात्मक सम्बन्ध गाँसिएको हुन्छ तसर्थ यो अप्रिय र अनिच्छित अनुभूति हो र यो विगतदेखि वर्तमानसम्म उत्पन्न हुन्छ भन्ने बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । यस अंशमा संसार दुःखमय छ र जन्म, मृत्यु, रोग, व्याधि आदि दुःखका कारण हुन् भन्दै मानिस यो दुःखमय संसारबाट छुट्कारा पाउन चाहन्छ तर दुःखमय संसारबाट छुट्कारा पाउन सक्दैन भन्दै यसबाट मुक्त गर्न विभिन्न धर्महरूको उदय भएको, दार्शनिक र आध्यात्मिक व्यक्तित्वहरू, अन्वेषक, चिकित्सक र मनोविज्ञानीहरू लागिपरे पनि वास्तविक दुःख पहिचान

गर्न वा बोध गर्न नसकेर बन्धनमा परिरहेको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा दुःख अनुभूति भएकाले यो काल्पनिक, अप्रत्यक्ष रहेको हुँदा मानिस स्वयम्ले नदुःखेको टाउको दुखाएको बताउँदै सांसारिक भ्रम नै दुःख वा बन्धन हो भन्ने स्पष्ट सङ्केत गरिएको छ ।

> ... जता फर्केर दौडिनोस् भेट हुने त्यही प्रस्थानबिन्दु हो । जुन बाटो हिँडे पनि कहिल्यै कसैले गन्तव्य भेट्टाए पो, जहिले पनि प्रस्थानबिन्दुमै टुप्लुक्क आइपुगिने ।... हामी जाने कहाँ ? थाहा छैन । हामी आयौँ कहाँ ? त्यो पनि थाहा छैन । अनि आयौँ कहाँबाट ? त्यो पनि थाहा छैन- न 'बाटो' थाहा छ, न 'बाट' थाहा छ । यो कस्तो अनौठो हो जीवन- प्रश्न, प्रश्न र प्रश्न । उत्तर के हो र कहाँ छ ?

(लेखनाथ भण्डारी, 'बाटो', *गरिमा,* पृ. ९५)

प्रस्तुत निबन्धांशमा यात्राको कुनै निश्चित गन्तव्य नरहेको चिन्तन प्रस्तुत भएको छ । यहाँ हामी को हौँ, कहाँबाट आयौँ, कता जाने कुनै निश्चित लक्ष्य वा मुक्तिको मार्ग थाहा नभएको जनाउँदै बाटो र बाट दुवै अज्ञात रहेको चिन्तन प्रस्तुत भएको छ । यहाँ जति नै दौडिए पनि निश्चित गन्तव्य भेट्टाउन नसकिने कुरासमेत देखाउँदै यात्रीको यात्रा सदैव प्रस्थानबिन्दुबाट नै प्रारम्भ हुन्छ भन्ने कुरा औँल्याउँदै सृष्टिचक्रझैँ बन्धनको चक्र रहेकाले मुक्तिको मार्ग प्राप्त गर्न कठिन छ भन्ने चिन्तन प्रस्तुत भएको छ । यस अंशमा अन्धकारतर्फको यात्रा नै बन्धन हो र जीवन प्रश्नै-प्रश्नले भरिएको हुँदा यसको जवाफ के र कसरी प्राप्त गर्न सकिन्छ भन्ने निबन्धकारको अज्ञानता नै बन्धनको मुख्य कारण हो भन्ने कुरालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा प्रश्न वा जिज्ञासा सदैव रहिरहनेहुँदा त्यसको कुनै निश्चित समाधान प्राप्त गर्न नसक्नु नै बन्धन हो भने प्रश्नको जिज्ञासा समन वा समाधान हुनु नै मोक्षप्राप्ति गर्नु हो तर त्यो कहाँ र कसरी प्राप्त गर्न सकिन्छ त्यो रहस्यपूर्ण कुरा हो भन्ने धारणा प्रस्तुत भएको छ ।

> आँखा दोषी भए संसारमा पनि दोषैदोष देखिन्छ । यहाँसम्म कि आमाबाबु र गुरुको वाणीसमेत दोषैदोषले भरिएको हुन्छ । यसका लागि उपचार आँखामा खोज्ने कि संसारमा बुद्धि पुऱ्याउनु यहीँनेर आवश्यक छ । आँखाको नानीमा लागेको अहङ्कारको पर्दा हटाउन सकिए समग्रताको संसारमा पुग्ने बाटो देखिन्छ र समाजमा हिंसाको शृङ्खला पनि रोकिन पुग्छ । होइन अहङ्कारतर्फ पर्दा बाक्लो बनाइरहने हो भने चल्ला कि अण्डा पहिलेको प्रवृत्तिकै पुनरावृत्तिबाहेक केही हुन पनि सक्दैन... ।

(कमल रिजाल, 'दोषी आँखा', *सुदर्शन,* पृ. २०१-२०२)

प्रस्तुत निबन्धांशमा दृष्टिदोष नै मिथ्या वा भ्रम भएको हुँदा अविद्या नै बन्धनको स्वरूप भएको कुरा देखाइएको छ । यहाँ दृष्टिदोष नै अज्ञानता वा अविवेक हो र त्यो नै बन्धन हो तसर्थ बाह्यचक्षु दोषी भए संसारका यावत् तत्त्व नै दोषी देखिने कुरा बताइएको

छ । यस अंशमा अन्तर्चक्षुमा पर्दा लागेको हुँदा आमाबाबु र गुरु वाणीसमेत दोषी देखिन्छ भन्दै मनोविकारलाई हटाउन देख्ने आँखाभन्दा नदेख्ने आँखा, चेतना वा बुद्धिको आवश्यक पर्दछ भन्न खोजिएको छ । उद्धृतांशमा अहङ्कारको आवरण हटाएमात्र आनन्दको स्वरूप देख्नसकिने कुरासमेत औँल्याउँदै ब्रह्मज्ञान वा आत्माको वास्तविक स्वरूपको बोध भई समाजमा हिंसाको अन्त्य हुन्छ होइन भने अहङ्कारले छोपिरहन्छ भन्ने बन्धनसम्बन्धी दृष्टिकोण स्पष्ट प्रस्तुत भएको छ ।

> दिन दुवै त हुन्- आखिर, जन्मेको दिन र मरेको दिन । जहाँ घामजस्तो दिनको र रातजस्तो छायाको आभास मिल्दछ- जहाँ रामरौसजस्तो रमाइलोको र शोक र चिन्ताजस्तो छायाको आभास मिल्छ । जन्म झुल्केघाम देखिने दिन तर सारा जीवनका भोग र गतिविधिहरू अर्कैले खाममा बन्द गरिदिएर गोप्य तथा अत्यन्त जरुरी लेखेर थमाइदिएको दिन जो अनन्त इच्छा र अगणित आकाङ्क्षाहरू खामबन्दी गरिएको दिन । मृत्यु घाम नदेखिने गरी छायामा परेको दिन ! हिसाबमा आउने र खामबाट खुला गरिएका यिनै दुईओटा दिन । यिनै दुई दिन त हुन् जिन्दगीका खास दिन !!
>
> (राजेन्द्र सुवेदी, 'जीवन : गोप्य सिलबन्दी खाम', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ८)

प्रस्तुत निबन्धांशमा जन्म र मृत्यु नै जीवनका दुई पक्ष हुन् भन्दै जन्मलाई बन्धन र मृत्युलाई मोक्षका रूपमा देखाइएको छ । यस अंशमा जीवन घामछाया, दिनरातको सङ्गम भएकोले यसमा मिठासका साथै शोक र चिन्ता मिश्रित रहेको उल्लेख गरिएको छ । यहाँ जन्म झुल्केघाम भए पनि जीवनका भोगाई र क्रियाकलापहरू अर्कैले खाममा बन्द गरेर गोप्य वा अत्यन्त जरुरी लेखेर थमाइदिएको दिन तथा अनेकौँ इच्छा र आकाङ्क्षाहरू सिलबन्दी गरिएको दिनका रूपमा चित्रण गरिएको छ । यसक्रममा ब्रह्म वा आत्माका अनन्त रहस्यका अर्थहरू बन्दीखाममा सिलबन्दी गरिएको कुरासमेत देखाउँदै रहस्यमय र अनन्त ब्रह्मको ज्ञानको अर्थ रहस्यपूर्ण रहेको चिन्तनलाई यहाँ प्रस्तुत गरिएको छ । उद्धृतांशमा मृत्यु नै मोक्षका रूपमा लिइएको छ र मृत्युलाई प्रकाशलाई छेक्ने र छायामा पार्ने तत्त्वका रूपमा चित्रण गर्दै जन्म र मृत्यु अर्थात् बन्धन र मोक्ष नै जीवनका विशेष दिन भएको मान्यता अभिव्यक्त भएको छ ।

> ज्ञान आर्जनबाट ज्ञानीसँग बराबर हुने उपाय । कसैले देखाइदिएन प्रेमको, सद्भावको, सहयात्रा, सहअस्तित्व र अन्तरअस्तित्वको मार्ग । यस्तो मार्ग लामो छ तर सुरक्षित छ, आश्वस्त पार्ने कोही निस्किएन । ...पराक्रमी त्यो हो जसले चुँडेको पातलाई फेरि रूखमा जोडेर जीवन दिन सक्छ । एउटा पातलाई त जोड्न सक्दैनौ तिमी, पराक्रमको यो अहङ्कार किन ? यो ध्वंस किन ? जुन चिज तिमी जोड्न सक्दैनौ त्यसलाई चुँड्ने अधिकार तिमीलाई छ कहाँ ?
>
> (बलराम अधिकारी, 'हामी सबै बराबर...', *इरेजर*, पृ. १४-१५)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धनको स्वरूप हो भन्ने कुरा देखाइएको छ । यहाँ ज्ञानार्जनबाट ज्ञानीसँग बराबर हुने उपाय खोजे पनि प्रेम, सद्भाव, सहयात्रा, सहअस्तित्व र अन्तरअस्तित्वको मार्ग कसैले भेट्टाउन नसकेको विचार व्यक्त भएको छ । यस निबन्धांशमा प्रेम, सद्भाव, सहयात्रा, सहअस्तित्व आदि गुण प्राप्त गर्न नसकेको कारण मानसिक शारीरिक विकार नाश नहुँदा दुःखमा परिरहेको विचार अभिव्यक्त भएको छ । यस अंशमा आत्मसाक्षात्कारको मार्ग लामो र कठिन भए पनि सुरक्षित छ भनेर आश्वस्त पार्ने कोही नभएको धारणा प्रकट भएको छ । उद्धृतांशमा ज्ञानी मानिसले बन्धनलाई तोडेर मोक्षको तार जोड्नसक्ने बताउँदै अहङ्कार नै बन्धनको कारण हो र यसले ध्वंस वा विनाश निम्त्याउने हुँदा जीवनलाई अन्धकारमा पुऱ्याउँछ भनिएको छ । निबन्धकारले निबन्धांशमा आत्मसाक्षात्कार गर्न सक्दैनौँ भने त्यसलाई चुडाउने अधिकार पनि नरहेको चिन्तन प्रस्तुत गरेका छन् ।

साठीको दशकयताका नेपाली निबन्धमा बन्धनबाट मुक्तिको चाहनासम्बन्धी दार्शनिक कुराको निरूपण पाइन्छ र यसक्रममा अविद्या नै बन्धनको कारण हो भने विवेक वा ज्ञान नै मोक्ष हो भन्ने मान्यता प्रकटित देखिन्छ । यहाँ संसार क्षणिक छ, अविद्या नै दुःख हो भन्ने ज्ञान नहुनु बन्धन हो भने सम्यक्ज्ञान नै मोक्ष हो भन्ने वास्तविकताको बोध पाइन्छ । यसमा दुःख नै अवास्तविक वा भ्रम हो भने दुःखको निवृत्ति र सुखको खोजी नै मोक्ष हो भन्ने चिन्तन विश्लेषणीय देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा वास्तविकताको ज्ञान नै बन्धनबाट मुक्ति प्राप्त गर्नु हो भन्ने धारणा पाइन्छ ।

## ३.३.२ साठीको दशकयताका नेपाली निबन्धमा मोक्षसम्बन्धी चिन्तन

साठीको दशकयताका नेपाली निबन्धमा मोक्षसम्बन्धी चिन्तनको अभिव्यक्ति पनि मूल विषय बनेर आएको देखिन्छ । यस मान्यताअनुसार संसारलाई दुःखरूपी महासागर मान्दै यसबाट छुट्कारा पाउनु नै मुक्ति वा मोक्ष हो भन्ने देखिन्छ र यस दृष्टिले साठीको दशकयताका नेपाली निबन्ध उल्लेखनीय छन् । यसको विश्लेषण क्रमशः तलका उपशीर्षकहरूमा गरिन्छ ।

### ३.३.२.१ मोक्षका प्रकार र साधन

दुःखरूपी महासागरबाट छुट्कारा पाउनु भनेको मुक्ति वा मोक्ष हो । संसारका नानाप्रकारका वासनाबाट छुट्कारा पाउने एकमात्र माध्यम मुक्ति वा मोक्ष हो । दुःखको निवारण नै मुक्ति हो । आत्मा निर्विकार र निर्लिप्त छ तर जगत्मा आकार प्रकृतिको संयोगबाट शरीरलाई 'म' सम्झेर सुख छ, दुःखी छु, बिमार छु आदिलाई मान्नु अज्ञानको कारण हो र ज्ञानद्वारा विवेकख्याति अवस्था प्राप्त गरेर साधक मुक्त हुन्छ (आचार्य, सन् २०१०, पृ. १४) । यहाँ मुक्ति एक जन्मको फल होइन भन्दै आत्माको कुनै रूप, रङ्ग, आकारप्रकार नहुने तर अविद्या वा अज्ञानका कारण आत्मालाई 'म' सम्झेर मानिसले दुःख र सुखको अनुभूति शरीरका लागि भएको ठान्दछ तर ज्ञान वा विवेक प्राप्त हुनासाथ साधक

मुक्त हुन्छ भन्ने कुरालाई यहाँ व्यक्त गरिएको छ । ज्ञानद्वारा अज्ञानको नाश भएर 'प्रकृति र पुरुष' एक प्रकार आआफ्नो स्वरूपको पहिचान गर्दछ र विवेकबुद्धिको उत्पन्न गर्दछ ( आचार्य, सन् २०१०, पृ. १४) र आफूलाई निर्लिप्त निस्स सम्झन्छ । पुरुषको स्वरूपको अज्ञान नै बन्धन हो भने ज्ञान हुनु मोक्ष प्राप्त गर्नु हो । आत्मा र प्रकृतिको ज्ञान नहुनु बन्धन भएकोले अज्ञानताको अन्त्य नगरी मोक्ष वा मुक्ति प्राप्त हुँदैन । मोक्षको साधक ज्ञानद्वारा नै आत्मा र अनात्माको बोध भई मोक्ष प्राप्त हुन्छ ।

प्रकृति र पुरुषको भेद छुट्याउन सक्नु नै सम्यक्ज्ञान भएको हुँदा यसबाट मात्र मोक्ष प्राप्त हुन्छ भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ । सम्यक्ज्ञानबाट आत्माको साक्षात् अनुभूति भई शरीर, इन्द्रिय र मनबाट पृथक् भएर आत्मा जब आफ्नो यथार्थस्वरूप (अचेतन, जड अवस्था) मा पुग्दछ, त्यतिबेला मात्र आत्मा मुक्त हुन्छ (गिरी, २०५५, पृ. ५१) । यहाँ ज्ञान र विवेकबाट नै लौकिक संसारबाट मुक्ति वा मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने विचार व्यक्त भएको छ । मोक्षको अर्थ विनाश वा दुःखबाट छुट्कारा पाउनु हो, जीवनको चार पुरुषार्थमध्ये अन्तिम पुरुषार्थ मोक्ष हो (घिमिरे, २०७२, पृ. १४९) । यहाँ मोक्षको साक्षात् साधन ज्ञान प्राप्त गर्न चित्त शुद्धि अपरिहार्य छ, त्यसैले ज्ञानका साधनद्वारा मोक्ष प्राप्त गर्न सकिने कुरा बताइएको छ । तत्त्वज्ञानले अविद्याको नाश भई आत्माको साँचो रूपको दर्शन पाउनु नै मोक्षको अवस्था हो (चालिसे, २०७५, पृ. ३४) । यहाँ आशाको नाश वा अन्त्य नै मोक्ष वा मुक्ति हो, तसर्थ मोक्ष प्राप्त गर्न तत्त्वज्ञान अपरिहार्य रहेकाले विवेक वा ज्ञानद्वारा अविद्या नाश भएपछि मोक्ष प्राप्त हुन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । जड प्रकृति र चेतनपुरुषको एकता असम्भव भए पनि अनादि कालदेखि अविद्याको कारणले संयोग नै उपलब्धिको कारण भएको छ (प्रभात, २०७०, पृ. २२६) । यहाँ अविद्या वा अज्ञान बन्धन र ज्ञान मोक्ष हो भनिएको छ ।

प्रकृतिपुरुषको भिन्नता थाहा पाउनु मोक्ष हो भन्ने कुरा देखाइएको छ । सूक्ष्मशरीरको साथ पुरुषको संयोग नै संसारको कारण हो र पुरुष तथा प्रकृतिको भेद ज्ञानद्वारा यस संयोगलाई उच्छेद गरेर मोक्ष प्राप्त हुन सक्तछ (गिरी, २०७३, पृ. १८३) । यहाँ प्रकृति र पुरुषको भेद छुट्याउनु नै मोक्ष प्राप्त गर्नु हो र त्यसका लागि बाह्यज्ञान अपरिहार्य रहेको कुरा बताइएको छ । मोक्षका लागि धेरै सुनेर-सुनाएर, पढेर-पढाएर, विद्वता भएर शास्त्रका ज्ञान भएर मन्त्रवेत्ता बनेरमात्र काम लाग्दैन ब्रह्मवेत्ता, आत्मवेत्ता नै बन्नुपर्छ (रिमाल, २०६१, पृ. ३८) । यसरी साधनाबाट नै कैवल्य वा मोक्ष प्राप्त गर्न सकिन्छ र यसका लागि निरन्तरको साधना आवश्यक पर्नेहुँदा आत्मा वा ब्रह्मसाक्षात्कारद्वारा ज्ञान प्राप्त हुनु आवश्यक भएकाले पढेर, सुनेर र शास्त्रज्ञानले मात्र नपुग्ने चिन्तन यहाँ अभिव्यक्त भएको छ । दुःखबाट मुक्ति पाउने उपाय भनेको अविकसित पदार्थ, विकसित ब्राह्मण र ज्ञाताको विवेकपूर्ण ज्ञान हो, जब परम ज्ञान अर्थात् सम्यक्ज्ञान प्राप्त हुन्छ, दुःखको निदान सम्भव हुन्छ (उपाध्याय र प्रभात, २०७७, पृ. १७४) । यहाँ अविवेक र अज्ञान नाश भई

ब्रह्मज्ञान वा सम्यक्ज्ञान प्राप्त गर्नु नै मोक्ष प्राप्त गर्नु हो र अपूर्णताबाट पूर्णतातर्फ अर्थात् विविध प्रकारका दुःखबाट अलग हुनु नै मोक्ष हो भनिएको छ । यहाँ जीव र ब्रह्म एकाकार हुनु नै मोक्ष भएकाले यो आनन्दमय हुन्छ भनिएको छ । सांसारिकतामा पर्नु नै बन्धन हो भने ती सबै किसिमका सांसारिक बन्धनबाट मुक्त हुनु मोक्ष प्राप्त गर्नु हो (गौतम, २०७८, पृ. ५९) । यसरी अविद्याको अभाव हुनु नै मोक्ष हो र जीव र ब्रह्म एकाकार भएको अवस्था नै आनन्दको स्थिति हो भन्दै सांसारिकता नै बन्धन भएको विचार व्यक्त भएको छ ।

मोक्ष दुई प्रकारले प्राप्त गर्न सकिन्छ भन्ने पौरस्त्य दर्शनमध्ये साङ्ख्यदर्शनको मत रहेको छ । जीवन्मुक्ति र विदेहमुक्ति यस्ता दुई किसिमका मुक्ति हुन् । जीवन्मुक्ति भन्नाले जीवनकालमा नै प्रकृति र पुरुषबीचको भेद ज्ञान अर्थात् सम्यक्ज्ञान पश्चात्को अवस्था भन्ने बुझिन्छ भने विदेहमुक्ति भन्नाले मृत्युपश्चात् स्थूल र सूक्ष्म दुवै शरीरबाट मुक्त भई जन्म-जन्मान्तरको क्रिया समाप्त भई त्रिगुणातीत अवस्थामा पुग्नु भन्ने बुझिन्छ (गिरी, २०५५, पृ. ४७) । यो लौकिक अर्थात् भौतिक जगत् नै बन्धन एवं दुःखस्वरूप सांसारिक बन्धन भएकाले यसबाट छुट्कारा पाउनु नै मोक्ष हो भन्ने मान्यता प्रस्तुत भएको छ । यहाँ अष्टाङ्गयोगको साधनाबाट समाधिमा पुग्नु नै मोक्ष हो भनिएको छ ।

जीवात्माका इच्छाहरू जागृत नभइकन भ्रम, राग तथा दुःखहरू समाप्त भई जीवात्मा सदा जीवन्मुक्ति हुन्छ । यस्तो मुक्ति जीवले आफ्नै जीवनकालमा प्राप्त गरेको हुन्छ । जीवको तत्त्वज्ञानको अनुभव हुनु अर्थात् प्रकृतिपुरुषका भेदका ज्ञान हुनु नै मुक्त हुनु हो यद्यपि यो पूर्वजन्मको कर्मको प्रभावका कारण उसको शरीर विद्यमान रहन्छ र शरीर रहनु मुक्ति प्राप्त गर्नमा बाधा गर्दैन (सिन्हा, सन् १९६३/२०१८, पृ. २५९) । यसरी जीवन्मुक्ति अवस्थामा प्रकृति र पुरुषको भिन्नताको बोध हुनु नै मोक्ष हो र यस अवस्थामा कर्मफलका कारण शरीर नष्ट हुँदैन भन्ने कुरा बताइएको छ । यो आफ्नो वास्तविक व्यापकतामा स्थित रहनेहुँदा यसलाई स्थितप्रज्ञ पनि भनेको पाइन्छ । जीवन्मुक्तिको अवस्थामा व्यक्ति निष्प्रिय हुँदैन र सदेह मुक्ति प्राप्त गरेपछि पनि ऊ आफ्नो कर्तव्य निर्वाह गर्न कत्ति पनि पछि नपरी कुनै पनि ईच्छा नराखीकन निष्काम कर्म गर्छ (गिरी, २०५५, पृ. १४७) । यहाँ जीवन्मुक्तिको स्थितिमा व्यक्ति निष्क्रिय नभई सदेह मुक्तिपश्चात् पनि निष्कामकर्म गरिरहन्छ भनिएको छ । यस्तो मुक्तावस्था प्राप्त भएपछि सशरीर गरेका पाप र धर्मको कुनै प्रभाव नपर्नेहुँदा ब्रह्मज्ञानले जगत्को अस्तित्वलाई नै जीवनमुक्तको दृष्टिमा जगत्को प्रक्रिया चलिनैरहन्छ तर मुक्तावस्थाको दृष्टिकोण मात्र बदलिन्छ (भट्ट, २०७२, पृ. १७९) । यहाँ यसप्रकारको मुक्तावस्थामा पाप र पुण्यद्वारा प्रभावित नभई जगत् कार्यमा निरन्तर लागिरहन्छ भन्ने मान्यता प्रकट भएको छ ।

मृत्युपश्चात् जीवात्मा परमात्मामा मिली ब्रह्ममय हुनु नै विदेहमुक्ति हो । शरीरको नाश हुँदा पनि पुरुष ऐकान्तिक (अवश्यमभावी) तथा आत्यान्तिक दुःखमयको विनाशलाई प्राप्त गर्दछ र यसलाई शास्त्रमा विदेहमुक्तिको संज्ञा दिइएको छ (उपाध्याय, सन्

१९४२/१९६६, पृ. २८२) । यहाँ शरीर नष्ट भए पनि पुरुषले स्वतन्त्रता प्राप्त गर्नु नै विदेहमुक्ति हो र यो मृत्युपश्चात् प्राप्त हुने कुरा बताइएको छ । जब मुक्त व्यक्ति आफ्नो स्थूल र सूक्ष्मशरीरबाट पनि स्वतन्त्रता प्राप्त गर्दछ, त्यस अवस्थालाई विदेहमुक्ति भनिन्छ, अर्थात् शरीर नष्ट भएपछिको आत्माको मुक्तावस्था नै विदेहमुक्ति हो (गिरी, २०५५, पृ. १४७) । यसरी विदेहमुक्तिको स्थितिमा प्राणले सदाका लागि शरीरलाई छोडिदिन्छ र स्वतन्त्र रहन्छ भन्ने विचार यहाँ प्रकट भएको छ । यहाँ विदेहमुक्तिको अवस्थामा जन्म र मृत्युको चक्रबाट आत्माले मोक्ष प्राप्त गर्दछ र चैतन्यस्वरूपमा आत्माले अर्को शरीरमा प्रवेश गर्दैन भनिएको छ । यहाँ पूर्वजन्मको शेष कर्मको फल समाप्तपश्चात् स्थूल र सूक्ष्म शरीर नष्ट हुन्छ भन्ने विचार प्रकट भएको छ ।

पौरस्त्य दर्शनमा ज्ञानको स्रोतलाई प्रमाण मानिएको छ । प्रमाण नै ज्ञानको असाधारण कारण हो र जसद्वारा वस्तु तत्त्वको ज्ञान हुन्छ । यथार्थ ज्ञान नै प्रमा हो र वस्तुको त्यस्तै स्वरूपमा ग्रहण गर्नु हो, जुन रूपमा वस्तु छ, प्रमा छ (सिन्हा, सन् १९६३/२०१८, पृ. १६८) । यहाँ वस्तुको जुन रूप छ सोहीअनुरूप यथार्थ ज्ञान नै प्रमा हो भनिएको छ । न्यायदर्शनमा ज्ञानलाई व्यापक अर्थमा लिइएको पाइन्छ । ज्ञानको स्वरूप प्रकाशमान मानिएको हुँदा कुनै वस्तुको प्रकाशित गर्नु ज्ञानको स्वरूप हो (सिन्हा, सन् १९६३/२०१८, पृ. १६८) । यहाँ ज्ञानको स्वरूप प्रकाशानन्द भएकाले आफू प्रकाशमय भएर पनि अरूलाई प्रकाशित गर्दछ, त्यस्तै ज्ञानले पनि वस्तुलाई प्रकाशित गर्दछ भन्ने मान्यता व्यक्त भएको छ । जुन ज्ञान प्राप्त हुन्छ त्यो ज्ञान हो, ज्ञानको विषय नै ज्ञेय हो तसर्थ बिनाआत्मा वा ज्ञाताको ज्ञान सम्भव हुँदैन (सिन्हा, सन् १९६३/२०१८ पृ. १६८) । यसरी आत्मा नै ज्ञानको आधार भएकाले आत्मा नै विषय वा ज्ञेयको सम्पर्कमा आउनासाथ ज्ञान प्राप्त हुने कुरा बताइएको छ ।

कुनै दैवीशक्तिप्रति श्रद्धा, आस्था एवम् विश्वास नै भक्ति हो र यो अनुभूतिद्वारा प्रकट गरिने अदृश्य तत्त्व हो भनिएको छ । भक्ति ईश्वरप्रति मात्र प्रेमविषयक संवेग एवम् श्रद्धाभाव नभएर जो ज्ञानशून्य हो र यो एक विशेष प्रकारको ज्ञान हो, जसद्वारा मानवीय मनोभावको ईश्वरप्रति अत्यधिक आसक्ति वा भाव निर्माण गर्दछ (सिन्हा, सन् १९६३/२०१८, पृ. ३३२) । यहाँ भक्ति ईश्वरप्रतिको प्रेममात्र नभएर ज्ञानशून्य पनि हो जसद्वारा मानवीय मनोभाव व्यक्त भई ईश्वरप्रति अत्यधिक आसक्ति प्रकट गर्दछ भन्ने कुरा बताइएको छ । ईश्वरको स्वरूपको सम्बन्ध प्रेमपूर्ण चिन्तन भक्ति हो र ध्यानको भक्तिसँग तादाम्य सम्बन्ध हुनुका साथै उपासना र वेदनाभन्दा अभिन्न छ (सिन्हा, सन् १९६३/२०१८, पृ. ३३२) । यसरी ईश्वरको स्वरूपप्रति प्रेमपूर्ण चिन्तन नै भक्ति हो र यो ध्यानसँग सम्बन्धित भएकाले उपासना र वेदनाभन्दा पृथक् तत्त्व हो भनिएको छ । यहाँ भक्ति र ज्ञान मिश्रित भावज्ञान हो र यी दुईका बीच अन्योन्याश्रित सम्बन्ध रहेको धारणा अभिव्यक्त भएको छ । यहाँ मुक्तिका प्रकारसम्बन्धी चिन्तनको मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूको उदाहरणद्वारा व्याख्या एवम् विश्लेषण गरिएको छ :

...मलाई मेरै अहम् तत्त्व गुण यसलाई सम्झाइरहन्छ, सम्झिरहन्छु म पनि । कहिले ओल्टाइ कहिले पल्टाइ । मेरो ओल्टाइ पल्टाइमात्र हात चलाई नभएर विश्लेषण र विवेचनाका सङ्केत बन्छ, बिल्कुल साङ्केतिक । सङ्केतलाई जीवन सटीक प्रतीक बनाउन सक्दा रङ्गविन्यासको गरिमा उचालिएको हुन्छ । रङ्गविन्यासको उचाइमा गरिमा बोध गर्न पाउँदा मलाई मभित्रको 'म' ले चुम्बन गरिरहेझैँ लाग्न थाल्छ । आखिर म भन्नु मेरो बोधिसत्त्व रहेको रहस्य यतिञ्जेल म रङ्गविन्यासहरूसित रटिरहेछु । आत्मसात गरिरहेछु । रङ्गविन्यासहरू त मेरो चेत उघार्ने तत्त्व मसी बनिदिन्छ । म रङ्गविन्यासीहरूलाई मेरै सचेतता उपहार गरिरहेछु । रहुँला पनि ।

(तेजेश्वरबाबु ग्वंगः, 'रङ्गविन्यासहरू', *रङ्ग अभिज्ञान*, पृ. ८६)

प्रस्तुत निबन्धांशमा आत्मबोध नै मोक्षचिन्तन हो भन्ने कुरा देखाइएको छ र यसक्रममा 'म' को प्राप्ति नै मोक्ष हो भन्ने मोक्षको चेतनस्वरूपको चित्रण गरिएको छ । यहाँ निबन्धकारले आफूभित्रकै आत्मतत्त्वले अहम् तत्त्वलाई सम्झाइरहन्छ तसर्थ आफूले पनि ब्रह्म वा आत्मतत्त्व सम्झिरहने विचार प्रकट भएको छ । यस अंशमा आफूले ओल्टाइ, पल्टाइमात्र नगरेको बताउँदै विश्लेषण र विवेचनाका सङ्केत साङ्केतिक रहेकाले त्यसलाई सार्थक तुल्याउँदा जीवन रङ्गीन बन्ने कुरासमेत देखाउँदै त्यस अवस्थामा अन्धकारको पर्दा हटाइ चैतन्य प्राप्त हुन्छ र यो नै रङ्गविन्यास हो भन्ने कुरा बताइएको छ । प्रस्तुत अंशमा रङ्गविन्यासको चरमलक्ष्य नै आनन्द वा सुख भएकोले प्रत्येकको चरमलक्ष्य नै मोक्ष प्राप्ति हो भन्दै बुद्धत्व प्राप्त गर्न रङ्गविन्यासलाई रटिरहेको विचार प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा रङ्गविन्यास नै आफ्नो अन्तचेतना खोल्ने साधन बनेको हुँदा ब्रह्मज्ञान नै मोक्षचिन्तन हो भन्ने कुरालाई स्पष्ट पारेको देखिन्छ । अमूर्त कलाशैली नै रङ्गविन्यास भएको र यसको स्वरूप अनन्त, सर्वव्यापक, निराकार र रहस्यमय भएकाले बाह्यसंसारमा विचरण गरेर प्राप्त गर्न नसकिएजस्तै ब्रह्म वा आत्मालाई पनि लौकिक भावमा प्रकट गर्न नसक्ने अमूर्त कला भएको हुँदा रहस्यपूर्ण छ र यसको रहस्यलाई चेतनाद्वारा उघार्न सक्नु नै मोक्ष प्राप्त गर्नु हो भन्ने कुरालाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरिएको छ ।

यो संसारमा हुने, गरेका, भएका सबै सबै कुरालाई स्वाभाविक ठान्ने स्वभाव वा चरित्रमा आफूलाई ढाल्न सकेमा अवश्य नै मान्छे सुखी हुन सक्छ । आशाबाट मुक्ति नै पीडाबाट मुक्ति हो । पीडामुक्त हुनु नै संसारका यावत् तत्त्वलाई समान देख्नु हो, वा सबै हुने, गरिने र भएका कुरालाई स्वाभाविक मान्नु हो । भए गरेका सबै सबैलाई स्वाभाविक मान्न सक्नेले निश्चय नै आनन्दको भोग गर्दछ, यसमा विवाद बेर्थ छ । जहाँ स्व छ अर्थात् स्वतः हुन्छ वा प्राकृत छ त्यसलाई स्वीकार गरेर त्यसैमा बाँच्नु नै सुख वा आनन्द प्राप्तिको मार्ग हुन सक्छ ।

(विनयकुमार शर्मा नेपाल, 'स्वाभाविक बनौँ', *माथापच्ची*, पृ. ६२)

प्रस्तुत निबन्धांशमा सृष्टिका यावत् तत्त्वमा 'स्व' को भावना रहनु नै मोक्षावस्था हो र यो अनुभूतिद्वारा प्रकट हुन्छ भन्ने मान्यता ल्याइएको छ । यहाँ संसारका प्रत्येक वस्तुलाई, स्वभाविक गुण वा विशेषतालाई आफूमा ढाल्नसकेमा मान्छे आनन्द र सुखी हुन सक्ने आत्मचिन्तनको स्थिति नै मोक्ष भएको कुरा बताइएको छ । यस अंशमा आशा नराख्नु नै दुःखबाट छुट्कारा पाउनु हो, बन्धनबाट छुट्कारा पाउनु भनेकै संसारका यावत् तत्त्वलाई समान देख्नु हो, स्वाभाविक ठान्नु नै आत्मज्ञानको स्थिति हो र यो आनन्ददायक स्वरूप हो, चैतन्यको ज्ञान हुनु नै मोक्ष हो भनिएको छ । 'स्व' को अनुभूति नै सुख र आनन्ददायक आत्माको मार्गमा प्रवृत्त हुनु हो तसर्थ यो नै मोक्षावस्था हो भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> ...कोही आयो प्रचण्ड वेगमा र भन्यो- आऊ बस हाम्रा विचारका नौकामा, तिमेरुलाई तार्ने जिम्मा हाम्रो भो । तर नौका छाड्ने छैनौ । आदेश काट्ने छैनौ । व्यक्ति आफू या अन्य भन्ने छैनौ । केबल समूहमा बाँधिने छौ हाम्रा सिद्धान्त, विचार र आदेशका रसीले । व्यक्ति रहनेछैन समूहका अगाडि । सबैले एकै स्वरमा भनौं- संघम् शरणम् गच्छामी ।

(बलराम अधिकारी, 'हामी सबै बराबर...', *इरेजर*, पृ. १५)

प्रस्तुत निबन्धांशमा मोक्ष नै जीवको चरमलक्ष्य हो भन्ने कुरा देखाइएको छ । यस अंशमा कसैले तीव्र वेगमा आएर बस्न आग्रह गर्दै विचार, चिन्तनका डुङ्गाले तारिदिने, बन्धनबाट मुक्तितर्फ डोऱ्याउने जिम्मा आफ्नो भएको कुरा गरेको बताए पनि त्यसका लागि डुङ्गा छोड्न नपाउने आदेश पालना गर्नुपर्ने र विभेद गर्न नपाइने विचार व्यक्त भएको छ । यहाँ सिद्धान्त, आदेश, चेतना र चिन्तन नै अध्यात्मका साधन भएको हुँदा साधनाद्वारा नै व्यक्ति तत्त्व नष्ट भई मेरो नभएर हाम्रो भन्ने चेतनाको विकास नै आत्मबोधको स्थिति हो र यस अवस्थामा मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने मोक्षचिन्तन प्रस्तुत भएको छ ।

> भोलिका लागि पछाडि फर्कनु दुर्घटनालाई काखमा राख्नुजस्तै हो । आजको थकाइले भोलि अगाडि बढ्छ भन्ने कुनै नजिर छैन । भोलि हिँड्नका लागि आजै खन्नुपर्छ बाटो । हीनता र दुःखमा भिजिरहने हो भने घामको आशा गर्नुको औचित्य रहँदैन । त्यसैले उत्साहको भल बनेको छ गीता- आज जे हुँदैछ ठीकै हुँदैछ, भोलि जे हुनेछ राम्रै हुनेछ ।

(श्रीओम श्रेष्ठ, 'ठीक भएकै हो त !' *भनौं कि नभनौं*, पृ. ५३)

प्रस्तुत निबन्धांशमा निष्काम कर्म नै जीवन्मुक्ति हो भन्ने मोक्षको स्वरूप देखाइएको छ । यहाँ आत्माको वास्तविक स्वरूपको ज्ञान नै मोक्ष भएकाले जीव र ब्रह्मको एकाकार नै मुक्ति रहेकाले भविष्यका निम्ति भूत एवम् विगततिर फर्कनु दुर्घटना निम्त्याउनु हो, बन्धनग्रस्त हुनु हो भन्ने कुरा व्यक्त भएको छ । यस अंशमा निरन्तरको ज्ञान वा साधनाबाट

मात्र मोक्ष प्राप्त हुनेभएकाले विश्रामबाट भोलिको गन्तव्य भेट्टाउन सकिन्छ भन्ने कुनै पूर्वनिर्णय नभएको हुँदा बन्धनबाट मोक्षतर्फको यात्राका लागि आजै र अहिले नै आफैंभित्र खोज्नुपर्ने, बाटो खन्नुपर्ने मोक्षसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा हीनता र दुःख नै बन्धनको कारण भएकाले घामको आशा र प्रकाशानन्दस्वरूप चैतन्य आत्माको अपेक्षा गर्नु व्यर्थ रहेको हुँदा आज जे हुँदैछ ठीक हुँदैछ, भोलि जे हुनेछ राम्रै हुनेछ तसर्थ निष्काम कर्म गर भन्ने गीताको आत्मदर्शनको अनुसरण गर्नुपर्ने धारणा प्रस्तुत भएको छ ।

> हे बन्धुबान्धव हो, सदियौंदेखि यो चिरनिद्राबाट जाग । कतिन्जेल बन्छौ दास अर्काको । अब जाग ! आफ्ना मालिकको पनि मालिक बन्न, तिमी अब जाग । आऊ बाहिर यस दुःखको कुण्डबाट । हाम्रा सपनाका बिउ रोप आफ्ना मनमस्तिष्कमा । देख्नेछौ स्वर्गभूमिको सपना तिमी । हामी दिन्छौं तिमेरुलाई नक्सा त्यतातिरको ।

(बलराम अधिकारी, 'उठान', *इरेजर,* पृ. २)

प्रस्तुत निबन्धांशमा सांसारिकताबाट उन्मुक्ति नै मोक्ष हो भन्ने कुरा देखाइएको छ । यस अंशमा मान्छेले आफूभित्रको चैतन्यको द्वार खोली निद्राबाट ब्युँझन आग्रह गर्दै इन्द्रियमाथि विजय प्राप्त गरेर मालिक बनेर इन्द्रियका दसताबाट मुक्त हुन बन्धनका तारहरूलाई चुँडाउन निबन्धकारले आह्वान गरेको चिन्तन अभिव्यक्त भएको छ । यहाँ यो भौतिक जगत् वा सांसारिकता दुःखको कुण्ड हो, बन्धन हो र त्यसबाट छुट्कारा पाउनु मोक्ष हो भनिएको छ । यस अंशमा दुःखको कुण्डबाट बाहिर निस्किन हामी आफैंले आफूलाई चिन्न आफ्नो मस्तिष्कमा त्यसको बीजरोपण गर्नुपर्ने चिन्तन प्रस्तुत भएको छ । यसक्रममा आफैंभित्रको आत्मालाई साक्षात्कार गर्न अज्ञान र अविद्याको पर्दा हटाएर अन्तर्चक्षु उघार्नुपर्ने कुरासमेत बताउँदै आत्मलाभ पछिमात्र आफूभित्र नै स्वर्गभूमि मिल्दछ भन्ने कुरा यहाँ बताइएको छ । उद्धृतांशमा आफूहरूले मोक्षमार्गतिरको नक्सा बनाइदिने उल्लेख गर्दै मोक्ष नै आनन्दको स्वरूप हो भन्ने चिन्तन व्यक्त भएको छ ।

> जीवनका उभयात्मक तत्त्वहरूको संश्लेषित बिम्ब हो घामछाया । भन्लान् जीवन घामछाया कर्कलाको पानी हो । भन्लान् बिलाइजाने क्षणिक कहानी हो । भन्लान् बर्षादको पानीको फोका हो । जेजे भने पनि जीवन जीवन नै हो र यो बन्द खामभित्रको कहानी हो । जेजस्ता शब्दहरूमा माथिको खामबन्दी अर्थ पहिल्याउन खोजे पनि जीवन भनेको बन्द गरेर सिल लगाइएको र खोल्नुभन्दा अघिको बन्दी खाम हो । अनन्त कणमा वितरित शाश्वत सत्यका खण्डहरूलाई समेटेर खाममा बन्द गरी अत्यन्त जरुरी र गोप्य छाप लगाउनु जन्म हो । अनि त्यस खामको एकमात्र अधिकारीले खोलेर गोप्यता पत्ता लगाउनु मृत्यु हो । यही गोप्यता पत्ता लगाइएको र जरुरी स्थिति आत्मसात् गरिएको अवस्था हो- समग्र जीवन ।

(राजेन्द्र सुवेदी, 'जीवन : गोप्य सिलबन्दी खाम', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ९)

प्रस्तुत निबन्धांशमा जन्म र मृत्यु नै बन्धन र मोक्ष हो भन्ने मान्यता ल्याइएको छ र यसक्रममा बन्दीखाम बन्धनको रहस्य र मृत्यु मोक्ष, रहस्यको बोध वा ज्ञाननिर्माण हो भन्ने अभौतिक स्वरूपको चित्रण गरिएको छ । यस अंशमा घामछाया, द्वैततत्त्वको संश्लेषित बिम्बका साथै कर्कलाको पानीझैँ क्षणिक र नाशवान् एवम् दु:ख-सुखको सङ्गम भएको बताइएको छ । प्रस्तुत उद्धरणमा जीवन क्षणिक र नाशवान् भएकाले सिलबन्दी खाम भएको तथा जीवनका रहस्यपूर्ण अर्थ पहिल्याउन नसकेर ब्रह्मज्ञान वा आत्मबोध हुनुभन्दा अघिको बन्दीजीवन हो भन्ने कुरा स्पष्ट पारिएको छ । यस निबन्धांशमा ब्रह्म वा आत्मा, अनन्त, शाश्वत, अजर, अमर, नित्य, शुद्ध, सत् तत्त्व नै सिलबन्दी खामभित्रका रहस्यपूर्ण एवम् अत्यन्त जरुरी र गोप्य छाप लगाउनु बन्दी वा जन्म हो भन्ने कुरा प्रकट भएको छ । यसैक्रममा यही सिलबन्दी खामको एकमात्र आधिकारी व्यक्ति स्वयम् हुनुले बन्द खामभित्रको रहस्य पत्ता लगाउनु, आत्मज्ञान हुनु नै मृत्यु वा मोक्ष हो यसर्थ बन्धन र मोक्षको समग्रता नै जीवन हो भन्ने मान्यतालाई यहाँ स्पष्ट सङ्केत गरिएको छ ।

> ...जतिखेर उसलाई मृत्युपछिको शून्य सम्झेर कहाली लाग्नेछैन; जतिखेर ऊ कलामा सम्पूर्णत: रित्तिइसकेर संसारकै सबैभन्दा हलुको वस्तु हुनेछ र ब्रह्माण्डको अनन्त यात्रामा उड्नेछ । योभन्दा पनि प...र अभिनेताको मोक्षयात्रा अरू के हुन सक्ला र । ... आखिर निजी पनि त आफ्नो जिन्दगीको स्वयम् अभिनेता हो । फेरि मेरो अनुभूति-यात्रामा तिमी प्रारम्भदेखि नै समाहित छौ । के तिमीलाई मेरो मोक्ष-यात्रामा साथै छु जस्तो लागेन ! उत्तर यात्रामै खोज्नेछौँ ... ।

(मोमिला, 'मोक्षयात्रामा तिमी र म', *ईश्वरको अदालतमा आउटसाइडरको बयान,* पृ. १४)

प्रस्तुत निबन्धांशमा पूर्ण सुखाभिव्यक्ति नै मोक्ष हो र यो अनन्त ब्रह्मको ज्ञानमा समाहित हुनु नै मोक्ष हो भन्ने कुरा देखाइएको छ । यस अंशमा मृत्युपछिको शून्यताको बोध नै ब्रह्म हो, तर शून्य होइन तसर्थ स्वयम्मा पूर्ण, अनन्त ब्रह्मको बोध नै मृत्युपछिको शून्यतामा कहाली लाग्नेछैन भन्ने मोक्षचिन्तन प्रस्तुत भएको छ । यहाँ मृत्युपछिको शून्यताले मानिसलाई त्रसित बनाइरहन्छ भन्दै ब्रह्मज्ञानपश्चात् ऊ हलुको भएर अनन्त ब्रह्माण्डको यात्रामा निस्कनेछ भन्ने मोक्षचिन्तन प्रकट भएको छ । उद्धृतांशमा जीवनको चरमलक्ष्य पनि मोक्ष भएको बताउँदै ईश्वर स्वयम् पनि अभिनेता हो भन्ने निबन्धकारको दृष्टिकोण अभिव्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा आफ्नो अनुभूति यात्रामा सृष्टिको प्रारम्भदेखि नै सँगसँगै यात्रारत रहेको बताउँदै आफ्नो मोक्षयात्रामा साथै भएको जस्तो लागेन भन्ने प्रश्न नै जिज्ञासाको अनन्त यात्रा हो, मोक्षतर्फको यात्रा हो भन्ने कुरा स्पष्ट सङ्केत गरिएको छ ।

> समयले स्मृतिका घाउमा खाटा बसाउँछ । समय नै सबभन्दा ठुलो औषधि हो । समय नै सबभन्दा शक्तिशाली चिकित्सक हो । स्थितप्रज्ञतापूर्वक समयको यापन गर्नु सबभन्दा महत्त्वपूर्ण उपचारपद्धति पनि हो । समयले लगाएका महलमले मान्छेका

मनको घाउ निको हुन्छ भन्ने कथनको कथ्य शाश्वत सत्यको अभिव्यक्ति हो । आफ्नो स्मृतिमा सञ्चित रहने पीडाबाट मिल्ने मुक्ति नै विस्मृतिको परिणाम हो । विस्मृतिको समारम्भ महाप्रयाणमा पुग्छ र त्यसपछि महाप्रयाण भनेको त्यस भौतिक संसारबाट हुने मुक्ति । विस्मृतिको विमुक्ति भनेको चिर निद्रा हो र चिर निद्रित सुषुप्तिको अवस्था भनेको महाप्रयाण हो । यहाँ महाप्रयाण सत्, चित् र आनन्द महापरिनिर्वाणमा पुग्नु नै परमानन्द नै हो । 'मन एवं मनुष्याणम् कारणम् बन्ध मोक्षयो ।' मन नै मान्छेको बन्धन र मोक्षको कारण हो ।

(राजेन्द्र सुवेदी, 'विस्मृति : अभिशप्त वरदान', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ७२)

प्रस्तुत निबन्धांशमा महाप्रयाण प्राप्त गर्नु नै मोक्षावस्था हो र यस स्थितिमा व्यक्ति स्थितप्रज्ञको अवस्थामा पुग्दछ भन्ने कुरा देखाइएको छ । यहाँ समयसँगै स्मृतिका घाउहरू पुरिँदै जानेहुँदा समय नै सबैभन्दा ठूलो औषधि हो, शक्तिशाली चिकित्सक हो भन्ने कुरा बताइएको छ । यस अंशमा स्थितप्रज्ञतापूर्वक समयको पालना गर्नु नै सबैभन्दा महत्त्वपूर्ण उपचारपद्धति भएकाले समयको मलमसँगै घाउ निको हुन्छ भन्ने यथार्थ प्रस्तुति यहाँ अभिव्यक्त भएको छ । स्मृति नै दुःख, पीडा वा बन्धनको भण्डार रहेको उल्लेख गर्दै विस्मृति नै मोक्षावस्था वा पीडाबाट मुक्त अवस्था हो र यो स्थितिमा व्यक्ति महाप्रयाणको अवस्थामा पुग्दछ भन्ने मोक्षचिन्तन यहाँ प्रस्तुत भएको छ । उद्धृतांशमा महाप्रयाणको अवस्थामा यस भौतिक जगत्बाट मोक्ष प्राप्त गरेको अवस्था हो र यस स्थितिमा व्यक्ति सुषुप्तावस्थामा पुग्छ, आत्मा र आफूमा भिन्नताको बोधपश्चात् मोक्षको अवस्थामा पुग्छ भन्ने कुरा बताइएको छ । निबन्धकारले निबन्धांशमा सच्चिदानन्द महापरिनिर्वाणको स्थितिमा परम आनन्द प्राप्तिको अवस्था हो तसर्थ मन नै बन्धन र मोक्षको कारण हो भन्ने धारणा प्रस्तुत भएको छ ।

सूत्र बुझ्नु भनेको शास्त्र बुझ्नु हो । शास्त्र शिक्षा हो; सिकाइ हो; ब्युँझाइ हो; उठाइ हो । शास्त्र भनेको ठगीखाने शस्त्र होइन । शास्त्र भनेको शक्तिको दुरूपयोग होइन । सूत्रहरूका सूत्र सङ्गति र सङ्गीत हुन् । सूत्र सङ्गठनको श्रेष्ठ सौन्दर्य र साकार सपनाहरूको स्वरूप हो ।

(मोहन चापागाईं, 'सूत्रहरूको सूत्र', *सत्य संलाप*, पृ. ६४)

प्रस्तुत निबन्धांशमा विदेहमुक्ति नै मोक्षावस्था हो भन्ने कुरा देखाइएको छ र यसक्रममा ज्ञानद्वारा नै मुक्त हुन सकिने कुरा बताइएको छ । यहाँ सूत्र बुझ्नु भनेको शास्त्रज्ञान हासिल गर्नु हो, शास्त्र भनेको शिक्षा, सिकाइ, ब्युँझाइ, उठाइ हो, आत्मज्ञान हो, आत्माको मुक्तावस्था हो भन्ने विचार प्रस्तुत भएको छ । उद्धृतांशमा शास्त्र ठगी खाने अस्त्र वा माध्यम नभएको बताउँदै शास्त्र शक्तिको दुरूपयोग होइन सदुपयोग हो र यो नै मुक्तिको मार्ग हो भन्ने कुरालाई स्पष्ट पारिएको छ । यस अंशमा शास्त्रज्ञानद्वारा चैतन्य प्राप्त गर्न सकिने भएकाले अन्तर्चक्षुको द्वार खुल्नेहुँदा सूत्र नै शास्त्र हो, जसद्वारा मुक्ति वा मोक्ष प्राप्त

गर्न सकिने कुरा स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा सङ्गीत र सङ्गत नै जीवनको सूत्र भएको कुरासमेत देखाउँदै सूत्रबद्ध जीवन सफल र सार्थकपूर्ण हुन्छ, आनन्द प्राप्त हुन्छ भन्ने निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

> ... हुने दुःखबाट मुक्तिको चाहना पनि स्वाभाविक हो, तर हुँदै नभएको, अस्तित्वै नभएको सुखको खोज कसरी गर्ने ? त्यस्तो खोज वा चाहना उल्टै दुःखको स्रोत बनिदियो भने ? आखिरमा सुख भनेको मात्र दुःखको अभाव हैन र ? शरीर मैलो भएपछि त्यो मयललाई धोएर, पखालेर, खुर्केर हटाएपछि सफा वा सुकिलो (मयल नभएको अवस्था) हुन्छ ।
>
> (शिव गौतम, 'दुःख सुखका कुराहरू', *भ्याम्ली बाखाको पाठो,* पृ. ६०)

प्रस्तुत निबन्धांशमा शारीरिक प्रदूषण नै आध्यात्मिक दुःख हो भन्ने बन्धनको स्वरूप देखाइएको छ । यस निबन्धांशमा दुःखबाट मुक्तिको चाहना गर्नु पनि दुःख उल्टै दुःखको कारण भएको औँल्याउँदै हुँदै नभएको सुखको खोजी नै बन्धन हो भन्ने कुरालाई यहाँ स्पष्ट पारिएको छ । यस अंशमा सुख वा आनन्दको स्वरूप नै दुःखको अभावको स्थिति हो, चैतन्यआत्माको साक्षात्कार हो भन्ने भाव प्रकट भएको छ । यहाँ शरीर प्रकाशानन्द आत्माको आवरण हो र यो दूषित शरीरका विकारहरूलाई धोएर पखालेर खुर्केर र आत्मज्ञानद्वारा शुद्ध, निर्मल, सफा र चम्किलो बनाउन सकिन्छ भन्ने धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा विवेक, ज्ञानद्वारा नै आफूभित्र रहेको अनात्मा हटाई ब्रह्म र आत्मा को शुद्ध, चैतन्यस्वरूपको प्राप्तिको अवस्था नै मोक्षावस्था हो भन्ने चिन्तन प्रस्तुत भएको छ ।

> हो, आनन्द भौतिक प्राप्ति र अनन्त अभिलाषाले मात्रै प्राप्त गर्न सकिन्न । आनन्द मिष्टान्नले मात्रै पनि हुँदैन । आनन्द ज्ञानको तृप्तिमा हुन्छ; आनन्द सदाचार र नैतिकतामा हुन्छ; आनन्द अरूका लागि अनवरत लागिरहने, जुटिरहने र जुटाइरहने क्षमता र नतिजामा हुन्छ । आज कतिपय मानिसहरू कर्म गर्छन् तर नतिजाप्रति ध्यान दिँदैनन् ।
>
> (मोहन चापागाईं, 'म मृत्यु बाँच्छु', *सत्य संलाप,* पृ. ८३)

प्रस्तुत निबन्धांशमा आनन्द नै जीवनको परमलक्ष्य मुक्ति हो भन्ने कुरा देखाइएको छ । यस अंशमा आनन्द नै मुक्तिको अवस्था भएकाले सच्चिदानन्दस्वरूप आत्माको बोध नै मुक्ति हो र आनन्द भौतिक वस्तुको प्राप्ति र अनन्त अभिलाषाबाट प्राप्त नभएर आत्मबोधबाट प्राप्त गर्न सकिन्छ भन्ने मोक्षचिन्तन प्रस्तुत भएको छ । यहाँ आनन्द मिष्ठान्नले प्राप्त नहुने बताउँदै आनन्द ज्ञानद्वारा नै बोध गर्न सकिनेहुँदा ज्ञानद्वारा नै आनन्द, सदाचार र नैतिकता वा मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा अरूका लागि निरन्तर लागिरहने, जुटिरहने र जुटाइरहने क्षमता र नतिजामा नै आनन्द प्राप्त हुन्छ त्यो नै मोक्षावस्था हो भनिएको छ । यस निबन्धांशमा मोक्ष प्राप्त गर्न

चिन्तन र चेतनाको आवश्यकता पर्ने बताउँदै तीतो यथार्थबाट नै वास्तविकताको बोध हुनु नै मोक्षावस्था हो भन्ने स्पष्ट पारिएको छ ।

> तिनै अनाकृत आकृति झल्काउने भावुक भन्नुस् या मनगढन्ते चित्रकला अमूर्त कलाशैली बन्छ । अमूर्तताभित्र सबैसबै नै मूर्तमनहरू अटाएका हुन्छन् । अटाएकै हुन्छन् सबैसबै अमूर्तताहरू पनि द्रष्टाकै आँखाभरि उजेलिएर, द्रविभूत भएर । भन्न मन लाग्न थाल्छ : अमूर्तताभित्र जेजति अपरिमितता छ त्यति त मूर्तताभित्र अटाएकै हुन्न । मूर्तताभित्र लोकदृष्टि समेटिएर प्रतिबिम्ब उतारिएको हुन्छ । अमूर्तताभित्र भावलोकलाई बिम्बित पारेको हुन्छ । भावलोक अमूर्त बन्छ । भावलोक अमूर्त बन्छ । अमूर्तकला भावलोकलाई विचरण खोज्छ । जतिजति द्रष्टा भावलोकको क्षितिज उघार्न सफल बन्छन् भावनात्मक चित्रकलाले उत्तिकै जीवन्त जीवन पाउन थाल्छन् । भावात्मक अमूर्तकला साधना अनर्थ अराधना होइन । बन्न नि सक्दैन । अमूर्त कलाका क्षितिज द्रष्टाकै परेलीसित उघ्रिन्छ ।

(तेजेश्वरबाबु ग्वंग:, 'रङ्ग-सोचहरू', *रङ्ग अभिज्ञान,* पृ. ३१)

प्रस्तुत निबन्धांशमा निर्गुण, निराकार र अमूर्त ब्रह्मको स्वरूपको चित्रण गरिएको छ र यसक्रममा रङ्गको अमूर्त कलाझैँ ब्रह्मको स्वरूप विराट् छ भन्ने कुरा देखाइएको छ । यस अंशमा चित्रकला अमूर्त भए पनि त्यसको अमूर्तताभित्र मूर्तताको स्वरूप गहिरो रहेको हुँदा त्यसभित्र सम्पूर्ण तत्त्वलाई ग्रहण गर्न सक्ने क्षमता भएजस्तै ब्रह्म पनि अमूर्त स्वरूप हो र उनै ब्रह्ममा सृष्टिका यावत् तत्त्व विराजमान रहेको कुरा उल्लेख गरिएको छ । यहाँ अमूर्त कलाशैलीको बोधपश्चात् जुन आनन्दानुभूति हुन्छ त्यो अनन्त गहिराईमा मात्र प्राप्त गर्न सकिनेहुँदा दिव्यचक्षु उघार्नुपर्ने उल्लेख गर्दै ब्रह्म वा आत्माको सत्यता जान्नको लागि अन्तर्चक्षुको द्वार खोल्न आवश्यक रहेकाले त्यसबाट नै मुक्ति प्राप्त गर्न सक्ने विचार व्यक्त भएको छ । अमूर्ततामा जति ज्ञानको अनन्त चेतना रहस्यपूर्ण हुन्छ त्यति मूर्ततामा प्रकट हुन नसक्ने विचार यहाँ व्यक्त भएको छ । उद्धृतांशमा मूर्ततामा लौकिक दृष्टि रहनेहुँदा वास्तविकता प्रकट हुन नसक्ने बताउँदै यसमा भावलोक समावेश हुनेहुँदा यो अमूर्त हुन्छ भनिएको छ । निबन्धकारले निबन्धांशमा अमूर्त कलाले भावलोकलाई प्रतिबिम्बित गर्नेहुँदा यसको अनन्त गहिराईमा विचरण गर्दामात्र वास्तविक स्वरूपको सत्यता जान्न सकिने बताउँदै आत्मा वा ब्रह्मको अनन्तता पनि दिव्यचक्षुद्वारा अनन्त गहिराईमा मात्र क्षितिजको अनन्ततालाई प्राप्त गर्न सक्दछ भन्दै यो नै मुक्ति हो भन्ने चिन्तन अभिव्यक्त भएको छ । निरन्तरतको साधनाद्वारा अमूर्त कला तथा अमूर्त, निराकार ब्रह्म वा आत्माको अस्तित्वबोध गर्न सकिनेहुँदा जीवनको चरमतलक्ष्य आनन्द वा सुख प्राप्त गर्न अमूर्त चित्रकलाको साधना व्यर्थ नभएको कुरालाई यस निबन्धांशमा स्पष्ट पारिएको छ । यस अंशमा द्रष्टाको दृष्टि पनि ब्रह्मसाक्षात्कारद्वारा उघ्रिन सक्ने तथा चैतन्यस्वरूप आत्मालाई भेटाउन सकिनेहुँदा यस अवस्थामा मुक्ति प्राप्त हुन्छ तसर्थ यो अमूर्त चित्रकलाको क्षितिज अनन्त, अनादि र व्यापक छ भन्ने मोक्षचिन्तनलाई स्पष्ट सङ्केत गरिएको छ ।

> ...जिउ फोहोर भयो भने, सुग्घर हुन कुनै प्रकारले त्यो फोहोर निकाल्नै पर्छ, नुहाएर होस् कि पुछेर होस् कि, खुर्केर होस् कि वा अरू कुनै उपायले होस् । फोहोरी जिउमा जति नै सुग्घर पाउडर, सेतो चीज वा अत्तर खन्याए पनि त्यस्तो जिउ फोहोरिको फोहोरिनै हुन्छ । अब त्यो फोहोरी शरीरबाट फोहोर निकालिदियो वा हटाइदियो भने त्यो शरीर फेरि सुरुको जस्तै सफा हुन्छ । फोहोरको अभावको अवस्था नै सफा हो, यो उदाहरण ।...
>
> (शिव गौतम, 'दुःख सुखका कुराहरू', *भ्याम्ली बाखाको पाठो,* पृ. ५९)

प्रस्तुत निबन्धांशमा आत्मनिष्ठ नै मोक्ष हो एवम् शारीरिक विकारलाई त्यागेर शुद्ध, मुक्त स्थिति नै मुक्ति वा मोक्ष हो भन्ने मोक्षको स्वरूप देखाइएको छ । यहाँ पाञ्चभौतिक शरीरको विकारलाई त्याग्न नुहाएर पुछेर, खुर्केर वा अरू कुनै प्रकारले शुद्धि गर्नु अनिवार्य रहेको बताइएको छ । यस अंशमा भौतिक शरीरलाई सौन्दर्यका भौतिक तत्त्वद्वारा सफासुग्घर गर्न पाउडर, अत्तर दलेर छोपे पनि त्यो क्षणिक हुन्छ र धोएपछि फोहोर जस्ताको तस्तै हुन्छ, अविद्याको आवरणले छोपिरहन्छ भन्ने बन्धनसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा मानिसले आफूभित्रको दुर्गन्धलाई नचिनेर त्यसमा रमाइरहेको छ भन्दै दुर्गन्ध हटाएर सुगन्ध खोज्न शरीरको फोहोर हटाएर ब्रह्मवस्तुलाई आफूभित्रै आफूलाई देखियो भने मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने मोक्षचिन्तन स्पष्ट रूपमा प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा दुर्गन्धको अभाव, अविद्याको नाश र सुगन्धको खोज नै मोक्ष हो भन्ने चिन्तन व्यक्त गरेको पाइन्छ ।

> जीवन एउटा बन्दी खाम । गोप्य र अत्यन्त जरुरी लेखेको बन्दी खाम खोल्ने अधिकार बोकेर एकोहोरो दौडाइमा निस्केको छु । मेरो हिँडाइ अविराम छ र निरन्तर बन्दी खाम हातमा लिएर हिँडिरहेछु । हिँडाइ पनि के भन्नु अविश्रान्त दौडिरहेछु । परैबाट चाहनेले पढ्न सक्ने खाम मसँग छ र खामभित्र रहेको रहस्यात्मक अर्थ पनि अनुमानै नगरी दगुरी रहेछु । आफ्नै बर्खास्दगीको बन्दी खाम छ- मेरो हातमा र त्यो खाम हेर्ने अधिकार मैमा निहित भए पनि गोप्य नै ठहऱ्यो । त्यसलाई मैले जहिलेसुकै खोल्ने धृष्ठता गर्ने पनि कुरै भएन । बन्दी खाम एक बचाइँ र एक जीवन त्यो पनि दुई दिन । दुई दिनको रामछाया भने पनि हुने र घामछाया नै भने पनि बेठिक नहुने अर्थयुक्त ।
>
> (राजेन्द्र सुवेदी, 'जीवन : गोप्य सिलबन्दी खाम', *जीवन-गोप्य सिलबन्दी खाम*)

प्रस्तुत निबन्धांशमा बन्धन नै बन्दीखाम हो र सारा जीवन नै बन्धनयुक्त छ भन्दै भौतिकता नै बन्धनको स्वरूप हो भन्ने कुरा देखाइएको छ । यस अंशमा जीवन बन्दीखाम भएकाले निबन्धकार स्वयम् गोप्य र अत्यन्त जरुरी बन्दीखाम बोकेर एकोहोरो यात्रारत रहेको र यो यात्रा निरन्तर र अविश्रान्त रहेको चिन्तन प्रकट भएको छ । यसक्रममा नै

बन्दीखाम नै बन्धनको रहस्य हो र यो अविद्या, अज्ञानता, आत्मा र अनात्माको भिन्नता बोध नभएको अवस्था नै जीवनको बन्धन हो र यो आफूसँगसँगै निरन्तर यात्रारत रहेको चिन्तनलाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ । यहाँ खामको रहस्यलाई अनुमान नगरी एकोहोरो यात्रामा अगाडि बढेको बताउँदै खाम हेर्ने पूर्णअधिकार आफूमा रहे पनि अज्ञानतका कारण वस्तुजगत्लाई वास्तविक सम्झेर मिथ्याज्ञानमा रमाइरहेको, त्यसको रहस्यलाई खोतल्ने धृष्टता नै गर्न नसकेको बताउँदै भौतिकतामा अल्झिरहेकाले अभौतिक संसारलाई नदेखेको बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । रहस्य सदैव गर्भमा नै रहन्छ त्यसैले ज्ञानद्वारा पत्रपत्र केलाउन नसक्दा दुई दिनको घामछायाको जीन्दगी गोप्य सिलबन्दी खामझैँ बन्दीगृह बन्न पुगेको कुरालाई यहाँ स्पष्ट पारिएको छ ।

> म संस्कृत खासै जान्दिनँ । योग वासिष्ठको टीका हेर्दै थिएँ त्यहाँ लेखिएको रहेछ 'वासना प्राण संरोधाद निमेष मन कुरू ।' यसको टिकामा प्राणनिरोध, प्रत्याहार आदि योगको अभ्यासले निर्विकल्प समाधि प्राप्त भएपछि चित्तवृत्तिहरूको निरोध हुन्छ, विवेक र विचारको सहाराले प्रत्येक ब्रह्मको सम प्रकाश भए समस्त प्रपञ्च नाश हुन्छ । त्यही प्रकरणमा अलि तल लेखिएको रहेछ प्राण र वासनालाई निरोध गर्न परम् आवश्यक छ, अरू उपाय व्यर्थ छन् मनोपायका दुवै उपायमध्ये उत्तम अधिकारीका लागि ज्ञानोपाय नै श्रेष्ठ भनिएको छ ।

(सीतारामप्रसाद दंगाल, 'प्राण र वासना', *जीवन अनुभूति,* पृ. ५४)

प्रस्तुत निबन्धांशमा चित्तवृत्तिनिरोध नै मोक्षको साधन हो र योगसाधनाबाट नै मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा प्राण निरोध, प्रत्याहार आदि अष्टाङ्गयोगको साधनाद्वारा समाधिको तहसम्म पुग्नु नै मोक्ष हो र विवेक र ज्ञानको सहाराले प्रत्येक प्रकाशानन्दस्वरूप ब्रह्मको सम प्रकाशद्वारा सम्पूर्ण प्रपञ्च नष्ट हुन्छ, अविद्याको नाश हुन्छ भनिएको छ । यहाँ प्राण र वासना बन्धनका कारण भएको बताउँदै चित्तवृत्तिनिरोध गर्न परमब्रह्म परमात्माको चिन्तन आवश्यक रहेको कुरा उल्लेख गरिएको छ । उद्धृतांशमा ब्रह्मज्ञानबाहेक अरू उपाय व्यर्थ भएको हुँदा ज्ञान र विवेक नै मोक्ष प्राप्त गर्ने सर्वश्रेष्ठ उपाय भएको कुरालाई स्पष्ट पारिएको छ ।

> यी आवरणभन्दा पनि बाहिरको ईश्वरीय रूपको अव्ययकृत परमात्माको स्वरूप देख्ने योगी पुरुषको दृष्टि आफैँमा पारदर्शी बनेको अवस्था यहाँ ईश्वरीय अस्तित्वको अनावृत्ति हो भन्ने कुरा पनि अनावृत्त रहेको देखिन्छ । परब्रह्म परमात्माको अस्तित्व पहिल्याउनेले यस विश्वप्रकृतिमै परमात्माको सूक्ष्म बिम्ब अनावृत्त भएको देख्छ भने दृष्टि आच्छादित बनेको दिगभ्रमित द्रष्टाले समग्र सत्यलाई दिगभ्रमित भएको अवस्थामा अवलोकन गर्ने गर्दछ ।

(राजेन्द्र सुवेदी, 'अनावृत्त', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. १८)

प्रस्तुत निबन्धांशमा ज्ञान नै मोक्ष वा मुक्ति हो भन्ने मान्यता ल्याइएको छ र यसक्रममा ईश्वरीय ज्ञान अनावृत्त हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वरलाई ज्ञानद्वारा प्राप्त गर्न सकिनेहुँदा बाहिरी आवरणभन्दा अव्यक्त स्वरूप परमात्माको स्वरूपलाई आत्मसाक्षात्कारद्वारा प्राप्त गर्न सकिन्छ भन्ने धारणा व्यक्त भएको छ । योगी पुरुषले ईश्वरलाई अन्तस्करणमा अव्यक्त रूपमा ज्ञानद्वारा प्राप्त गर्दछन् तसर्थ परमपुरुष परमात्माको पारदर्शी स्वरूप ईश्वरलाई अनावृत अवस्थामा प्राप्त गर्दछन् भन्ने कुरा यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा परब्रह्म परमात्मालाई ज्ञान वा अन्तर्चक्षुद्वारा अस्तित्व बोध हुनेभएकाले विश्वप्रकृतिमा नै परमात्माको सूक्ष्मबिम्ब प्राप्त गर्न सकिन्छ भन्ने धारणा प्रकट भएको छ । यस अंशमा ईश्वरलाई ज्ञानद्वारा योगी पुरुषले अनावृत अवस्थामा प्राप्त गर्न सक्ने तर दिग्भ्रमित द्रष्टाले ईश्वरलाई बाहिरी आँखा डुलाएर प्राप्त गर्न नसक्ने भएकाले बाह्य संसारमा रमाएको विचार व्यक्त गरेका छन् ।

> भौतिक जगत् एवम् विश्वब्रह्माण्डका जुन तहसम्म परिवर्तन छ त्यहाँसम्म समयबोध हुन्छ । त्यस्तै जुन तहसम्म सीमा छ त्यहाँसम्म दिग्बोध हुन्छ । निर्वाणिक अवस्थामा शरीर, समय, दिशा र अहङ्कार केही हुँदैन । उक्त अवस्थामा उत्पत्ति, स्थिति र लय केही पनि हुँदैन तथा पृथ्वी, जल, तेज, वायु र तिनका अणु पनि हुँदैनन् । उक्त अवस्थामा ठुलो, सानो, लामो, छोटो, शुभ, अशुभ, दुःख, सुख केही रहँदैन, सबै कुराको अवसान हुन्छ । मेरो वास्तविक स्वरूप पनि त्यही हो । आफू एउटा व्यक्ति हुनुको पीडाबाट छुट्कारा पाउन चाहनु नै मुमुक्षा हो भने व्यक्तिबाट मुक्तिको अपरोक्षानुभव नै मुक्ति हो । यस अवस्थाको अपरोक्षानुभूति अर्थात् स्वयम्को बोधपश्चात् आवागमनको भवचक्रबाट सदाका निम्ति मुक्ति प्राप्त हुने कुरा बताइएको पाइन्छ । जसरी हात हटाएपछि पनि पूर्व वेगका कारण कुमालेको चक्र केही समयसम्म घुमिरहन्छ त्यसरी नै जीवनमुक्त व्यक्तिको शरीर पनि प्रारब्धकर्मका कारण केही समय, दिन, वर्ष या दशकसम्म जीवितै रहन्छ । परन्तु यस अवधिमा नवीन कर्म बन्धनहरू सञ्चित हुँदैनन् अनि प्रारब्ध कर्म समाप्त भएपछि देहावसानसँगै विदेहमुक्ति प्राप्त हुन्छ । म पनि यही मुक्तिको खोजीमा छु, यस अर्थमा म एउटा मुमुक्षु मात्र हुँ ।
>
> (यादवप्रसाद शर्मा, 'म एक मुमुक्षु', *वैजयन्ती,* पृ. २०-२१)

प्रस्तुत निबन्धांशमा समयबोध नै ठूलो ज्ञान हो भन्दै तीन प्रकारका दुःखबाट मुक्त हुनु नै मोक्ष प्राप्त गर्नु हो भन्ने कुरा देखाइएको छ । यहाँ विश्वब्रह्माण्डको परिवर्तित अवस्थासम्म समयबोध हो भने सीमा रहेसम्म दिग्बोध हुन्छ भन्दै मोक्षको अवस्थामा पुग्दा समय शरीर, दिशा र अहङ्कार केही नरहनेहुँदा उत्पत्ति, स्थिति र लयमात्र होइन पाञ्चभौतिक तत्त्व र तिनका अणु पनि रहँदैन भन्ने मोक्षचिन्तन प्रस्तुत भएको छ । यस अंशमा मोक्षावस्थामा पुग्दा सृष्टिका यावत् तत्त्व केही पनि नरहने बताउँदै आत्माको वास्तविक स्वरूप पनि त्यही भएको हो र यस स्थितिमा सम्पूर्ण कुराको अवसान हुने कुरा

उल्लेख गरिएको छ । उद्धृतांशमा व्यक्ति हुनुको पीडाबाट छुट्कारा पाउनु नै मुक्तिको चाहना हो र यसबाट छुट्कारा पाउनु मुमुक्षु हो भन्ने कुरासमेत देखाउँदै व्यक्ति यस अवस्थामा पुग्दा सांसारिक बन्धनबाट सदैव मुक्ति पाउँछ भन्ने आध्यात्मिक चिन्तन प्रस्तुत भएको छ । कुमालेको चक्र हात हटाएपछि घुमेजस्तै जीवनमुक्त व्यक्तिको शरीर पनि प्रारब्धकर्मका कारण केही समय घुमिरहन्छ र यसको अन्त्यपछि विदेहमुक्ति प्राप्त हुन्छ भन्दै निबन्धकार आफू पनि यही मुक्ति चाहेको धारणा यस अंशमा प्रस्तुत भएको छ ।

> समाधिस्थ पुरुष आनन्दको अनुभव गर्दछ- त्यो आनन्द उसलाई विस्मृतिबाट प्राप्त भएको हो । योगमा विलीन व्यक्ति पनि शान्तिको अनुभव गर्दछ । यो अनुभूति उसलाई योगस्थ अवस्थाको विस्मृतिबाट नै प्राप्त भएको छ । स्मृतिमा सञ्चित गिर्खाहरू विस्मृतिको पारावार सरोवरमा गएर विलुप्त भएकै कारण बोध भएको छ । सांसारिक जीवनका लाभ हानी, जय पराजय, सुख दुःख, हर्ष विस्मात लगायतका द्वन्द्वबाट विमुक्तिका निम्ति भएका प्रयत्नको परिणाम विस्मृति हो । यसमै सर्वाधिक विमुक्त अवस्था प्राप्त हुन्छ ।

(राजेन्द्र सुवेदी, 'विस्मृति : अभिशप्त वरदान', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. ७१)

प्रस्तुत निबन्धांशमा सांसारिक विस्मृति नै आध्यात्मिक स्मृतिको सरोवर हो भन्ने मोक्षको अप्रत्यक्ष स्वरूपको चित्रण गरिएको छ । यहाँ समाधिस्थ पुरुष विस्मृतिबाट आनन्दानुभूति प्राप्त गरेको कुरा औँल्याउँदै आत्मानुभूतिद्वारा नै बाह्यसंसार विलुप्त भएर आनन्दको स्वरूप प्राप्त गर्नु नै विस्मृतिको अवस्था हो भन्ने मोक्षचिन्तन प्रस्तुत भएको छ । यस अंशमा अभौतिक तत्त्व अनुभूतिबाट प्राप्त हुनेहुँदा यी स्मृतिका गिर्खाहरू त्यागेर अथवा वस्तुजगत्का भ्रम वा मिथ्यातत्त्वलाई त्यागेर तत्त्वज्ञान प्राप्त हुन्छ र नाम लोप भएको स्थिति नै परावर सरोवरमा विलुप्त हुनु नै मोक्ष प्राप्तिको स्थितिमा पुग्नु हो भन्ने मोक्षचिन्तन प्रस्तुत भएको छ । सांसारिकता बन्धन भएकाले काम, क्रोध, लोभ, मोह, लाभ, हानी, जय पराजय, सुखदुःख, हर्ष, विस्मात आदि मानसिक र शारीरिक द्वन्द्वबाट विमुक्त भएको अवस्था नै आध्यात्मिक दुःखबाट मुक्त हुन गरिएको प्रयत्नको परिणाम हो र यो नै विस्मृतिको अवस्था वा मोक्षचिन्तन हो भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> ... दोस्रो हो- अभौतिक संसार । (चेतना, चित्र वा अनुभूतिको संसार) यो अनुभूतिको आँखाले हेर्न सकिन्छ । विचारको आँखाले पर्गेल्न सकिन्छ । दर्शनका दृष्टिले मीमांसा गर्न सकिन्छ । यो हत्तपत्त देख्न सकिन्न । हेर्न सकिन्न । घुम्न सकिन्न तर पनि अभौतिक संसार निकै निकै विशाल र फाँटिलो छ । यो संसार घुम्न, अनुभूति गर्न खुला आँखा होइन यसको सौन्दर्य र अमूर्त आकारको अनुभूति गर्न साधना, तपस्या र समर्पण चाहिन्छ । सद्भाव चाहिन्छ । अनुपम एकाग्रता चाहिन्छ ।

(श्रीबाबु कार्की, 'नियतिको आकस्मिकता', *सन्दिग्ध शताब्दी*, पृ. ५०)

प्रस्तुत निबन्धांशमा अभौतिक तत्त्वको ज्ञानद्वारा नै अनन्त ब्रह्मको अनुभूति गर्न सकिने कुरा चित्रण गर्दै अदृश्य तत्त्व नै आत्मदर्शन हो र यसको साक्षात्कार नै मोक्षको स्वरूप भएको कुरा देखाइएको छ । यस अंशमा अभौतिक वा आध्यात्मिक संसार चेतना, चिन्तन र अनुभूतिको संसार भएकाले बाह्यचक्षुद्वारा देख्न नसकिने उल्लेख गर्दै त्यसलाई अन्तर्चक्षुद्वारा आत्मासाक्षात्कार वा अन्तरात्माको यथार्थ स्वरूपको पहिचान गर्नु आवश्यक रहेको चिन्तन प्रस्तुत गरिएको छ । यहाँ यसलाई सजिलो बाह्यआँखाले देख्न, छुन नसकिनेहुँदा गहन चिन्तन, चेतना, विवेक, ज्ञानद्वारा बोध गर्न सकिने धारणा स्पष्ट पारिएको छ । प्रस्तुत उद्धृतांशमा अभौतिक वा आध्यात्मिक संसार निकै गहन, विशाल र फराकिलो भएकाले आध्यात्मिक संसारको समुद्र विचरण गर्न, अनुभूति गर्न खुला आँखाले नसकिनेहुँदा ज्ञानद्वारा नै सौन्दर्यानुभूति गर्न सकिने, ब्रह्मज्ञान प्राप्त गर्न सकिने भएकाले अमूर्त, निराकारस्वरूप ब्रह्म र आत्मालाई साधना, तपस्या र समर्पणद्वारा देख्न र अनुभव गर्न सकिने निबन्धकारका दृष्टिकोण व्यक्त भएको छ । अदृश्य आत्मालाई जान्न, बुझ्न र अनुभव गर्न सद्भाव र अनुपम एकाग्रताको आवश्यकता पर्ने स्वीकार गर्दै चित्तवृत्तिनिरोधद्वारा आत्माको साक्षात्कार गर्न सकिन्छ भन्ने मोक्षचिन्तनलाई निबन्धकारले निबन्धांशमा स्पष्ट सङ्केत गरेको पाइन्छ ।

> नाम-पद र धन, अवस्था-आवश्यकता र परिस्थिति, क्रोध रिस र घमण्ड, डर-भय र त्रास, जाल-झेल र कपट, लोभ-मोह र माया, कुनै पनि संवेग वा आवेग र उद्वेगसम्मबाट मुक्त बनेर गरिने आत्मिक सम्मान, आत्मिक आदरभाव, आत्मिक लीनता र लयबद्धताको भाव नै प्रेम हो र यो नै भक्तिको द्वार हो र यस्तो अगाध प्रेम मात्र भक्ति बन्न सक्दछ ।

(विनयकुमार शर्मा नेपाल, 'भक्ति र विवाह', *परावर्तन,* पृ. ८०)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःखबाट मुक्त हुनु नै मोक्ष हो भन्ने मोक्षको स्वरूप देखाइएको छ । यहाँ नाम, पद, प्रतिष्ठा, धन, आवश्यकता, अवस्था, परिस्थिति, काम, क्रोध, लोभ, मोह, डर, त्रास, जालझेल र कपट नै आध्यात्मिक दुःख हुन् र यो व्यक्तिका आफ्नै मानसिक चिन्ताका कारण उत्पन्न हुन्छ तसर्थ यो नै बन्धनको कारण हो भनिएको छ । यसक्रममा काम, क्रोध, लोभ, मोह, माया, संवेग, आवेग र उद्वेगबाट मुक्त हुनु नै मोक्ष हो भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । उद्धृतांशमा आध्यात्मिक दुःखबाट मुक्त भएर आत्मिक सम्मान, आत्मिक आदरभाव, आत्मिक लीनता र लयबद्धताको भाव पक्रनु नै प्रेम, भक्ति हो र यो नै आत्मबोध वा आत्मप्रकाशनको स्थिति हो र यो स्थितिमा पुगेको अवस्था नै मोक्षावस्था हो भन्ने कुरा स्पष्ट पारिएको छ ।

> ... ध्यान, ज्ञान, योग, तप जुनसुकै साधना वा एकाग्रता वा हठ अर्थात् कार्य एक किसिमको प्रयोजनबाट निस्कने वा जन्मने हुनाले त्यो जुनसुकै ब्रह्मरन्ध्रमा पुगे पनि त्यसको मूल स्वस्फूर्त वा स्वाभाविक हो भनेर कुनै पनि हालतमा भन्न सकिन्न ।

सबै किसिमका आयोजनाका उपलब्धि जति नै चेतन तत्त्वलाई हल्लाउने भए पनि त्यो प्रायोजित नै हो । कुनै पनि किसिमको तल्लीनता, तपस्या, एकाग्रता, पठनपाठन-कीर्तन आदि जुन नाम दिए पनि त्यसले मान्छेको अन्तरमनमा दबेको वा रहेको चेतनाका कोषहरू निश्चय नै खुल्दछन् । चेतनाको संसारमा कुनै यस्तो वस्तु छैन जहाँ चिन्तन मनन गरेपछि विविध द्वारहरू खुल्दै वा बढ्दै नजाओस् किनभने यो पनि एक अभ्यास नै हो ।...

(विनयकुमार शर्मा नेपाल, 'जीवन र जीवनको ऊहापोह', *माथापच्ची,* पृ. १०२)

प्रस्तुत निबन्धांशमा अष्टाङ्गयोगको साधनाद्वारा मोक्षप्राप्त हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ ध्यान, ज्ञान, योग, तप आदि अष्टाङ्गका चरणहरू पार गरी समाधिका तहमा पुग्नु नै मोक्ष भएको बताउँदै यी तत्त्व नै मोक्षप्राप्तिका साधन, माध्यम, एकाग्रता एवम् हठयोग भएको हुँदा यी तह पार गरेरमात्र शरीर शुद्धीकरण गर्न सकिन्छ र आत्मसाक्षात्कारको तहमा पुगिन्छ भन्ने कुरासमेत देखाउँदै निधारभन्दा माथि शिखाभन्दा तलको कोमल स्थानमा पुगे पनि त्यसलाई स्वस्फूर्त र स्वभाविक मान्न नसक्ने निबन्धकारको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा तपस्या, एकाग्रता, तल्लनिता आदिले मोन्छेको अन्तरमनमा चेतनाका कोषहरू खुलाउने कार्य गर्दछन् र अभ्यास वा साधनाद्वारा चेतनाका विविधद्वारहरू खुल्दै जानेहुँदा आत्मलाभ प्राप्त गर्न सकिने विचार प्रस्तुत भएको छ । यस अंशमा चैतन्यआत्मा वा ब्रह्मको साक्षात्कारद्वारा मोक्ष प्राप्त गर्न निरन्तर साधना आवश्यक पर्ने बताउँदै योगका माध्यमद्वारा दिव्यचक्षु प्राप्त गर्न सकिने स्पष्ट पारिएको छ ।

... शरीरमा आधारित सबै योग कर्म हठ मार्ग हो । हठ मार्गबाट शरीर तन्दुरुस्त हुन सक्ला तर इच्छामरणको अवस्थामा पुग्न सकिन्न । त्यसका लागि मनोयोग मार्ग अवलम्बन गर्नुपर्छ । हाम्रा ऋषिमहर्षिहरू शारीरिक निचेष्टापूर्वक तप साधनामा लीन रहन्थे । शरीरमा धमिरा लागेको पनि वेवास्ता गर्थे ।...

(रामबाबु घिमिरे, 'इच्छामरण', *केन्द्र र परिधि,* पृ. ७२)

प्रस्तुत निबन्धांशमा चित्तवृत्तिनिरोधद्वारा मोक्षप्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ र यसक्रममा आत्मज्ञानद्वारा मोक्षप्राप्त गर्न सकिने र यो अष्टाङ्गका माध्यम, साधनाद्वारा नै समाधिका तहमा पुग्न सकिन्छ भन्ने मान्यता ल्याइएको छ । यस अंशमा शरीरका विषाक्त पदार्थलाई त्याग्न मनको शुद्धि आवश्यक रहेको हुँदा शरीर शुद्धिका लागि आवश्यक सम्पूर्ण योग नै हठयोग भएको कुरा बताइएको छ । उद्धृतांशमा हठयोगका अष्टाङ्ग यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि आदि चरण पूरा गरेपछि शरीरको शुद्धीकरण भई इच्छामरणको स्थितिमा पुग्न सकिन्छ भन्दै यो नै मोक्षप्राप्ति हो भनिएको छ । मनोयोगद्वारा नै मोक्षमार्ग निर्माण गर्न सकिनेहुँदा शारीरिक क्लेष वा दुर्गन्धको नाश हुन गई उत्तम गुणको विकास हुन्छ र यस स्थितिमा मोक्षप्राप्त गर्न सकिन्छ भन्ने

धारणा यहाँ प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा ऋषिमुनिहरूले शारीरिक अचेतता, स्थिरताको अवस्थामा तपसाधना गर्नेगरेकोले धमिरा लागेको थाहा नपाएको बताउँदै यसबाट नै आत्मसाक्षात्कार गरेको विचार प्रकट भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा मोक्षसम्बन्धी दार्शनिक कुराको निरूपण देखिन्छ र यसक्रममा संसारका नानाप्रकारका वासनाबाट मुक्त हुनु नै मुक्ति वा मोक्ष हो भन्ने मान्यता विश्लेषणीय देखिन्छ । यहाँ ज्ञानद्वारा अज्ञानको नष्ट हुन्छ र आफू र आत्माको भिन्नता छुट्टयाउनु वा वास्तविकताको बोध नै मोक्ष हो भन्ने स्वीकारेको छ । अनावश्यक इच्छाहरूलाई त्यागेर ब्रह्मज्ञान वा आत्मासाक्षात्कार गर्नाले आनन्द प्राप्त हुन्छ भन्ने धारणा यहाँका निबन्धमा पाइन्छ । साठीको दशकयताका नेपाली निबन्धमा पुरुषार्थ चतुष्ट्यको अन्तिम लक्ष्य मोक्ष भएकाले अष्टाङ्गयोगका साधनद्वारा मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने प्रासङ्गिक सन्दर्भहरू घटित छन् ।

**३.३.२.२ माया, मोह**

माया नै सांसारिक बन्धन हो र मायाद्वारा जगत् वास्तविक प्रतीत हुनु, मिथ्याज्ञान वा भ्रम उत्पन्न हुनु नै दुःख हो भनिएको छ । अविद्या वा अज्ञान नै माया हो र मायारहित हुँदा परमेश्वरमा प्रवृत्त हुँदैन न जगत्को सृष्टि हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५५) । यहाँ अज्ञान नै माया वा भ्रम हो र मायाद्वारा प्रभावित नभई जगत्को निर्माण असम्भव भएको विचार प्रकट भएको छ । मायाले ब्रह्मको स्वरूपमा पर्दा लगाएर ब्रह्मलाई जगत्को रूपमा प्रतिस्थापन गर्दछ (गिरी, २०५५, पृ. १३३) । यहाँ अविद्या नहट्दासम्म, यथार्थको बोध नहुँदासम्म जीव बन्धनमा परिरहन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । ब्रह्मलाई मायाको पर्दाले छेकिदिँदा जगत् वा संसारका सबै कुरा छन् भन्ने भ्रम परेको मात्र हो (गौतम, २०७८, पृ. १००) । यसरी मायाद्वारा प्रभावित ब्रह्म वास्तविक प्रतीत हुँदा जगत् वा संसार छ भन्ने भ्रम सिर्जना हुनु पनि बन्धन हो भनिएको छ । ईश्वरको शक्ति, अविद्या, अज्ञान, प्रकृति, माया हो र यो केबल ब्रह्म सत्य मानी सांसारिक पदार्थ माया वा भ्रममात्र मान्ने सिद्धान्त मायावाद मानिएको हुँदा ब्रह्मको मायाशक्तिद्वारा सम्पूर्ण विश्व प्रदर्शित छ (घिमिरे, २०७२, पृ. १४५) । यसप्रकार अविद्या वा अज्ञान नै मिथ्याज्ञान हो तसर्थ सांसारिक पदार्थ मायाद्वारा प्रभावित भएकाले उनकै ईच्छामा विश्व परिचालित छ भन्ने कुरा यहाँ बताइएको छ । माया ब्रह्मको वास्तविक रूप ढाक्दछ र फेरि उसमा आकाश, पृथ्वी आदि नाना पदार्थको रूपमा लिन्छ तर ब्रह्म जहाँको तहीँ रहनेहुँदा उसमा कुनै प्रकारको अन्तर रहँदैन, परन्तु मायाशक्तिको कृपाद्वारा आकाश, जल, अग्नि तथा पृथ्वी आदि पदार्थको उत्पन्न गर्नु नै मायाको स्वभाव हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५७) । यहाँ पञ्चमहाभूत लगायत नानाप्रकारका तत्त्व मायाद्वारा प्रभावित हुँदा ब्रह्ममय हुन्छ र जगत्को वास्तविक स्वरूपलाई ढाकिदिन्छ भन्ने कुरा तलका निबन्धांशहरूले स्पष्ट पारेका छन् :

... नक्कली कसैले कुनै स्वार्थवश तयार पारिएको हुन्छ । अर्काका स्वार्थलिप्सा अति लोभ्याउने खालको हुन्छ । त्यस्ता लोभ्याउने स्वार्थलिप्सामा कुनै न कुनै मोह घसिएको हुन्छ । अचेलभरिका रङ्गहरू कृत्रिम हुन् । प्राकृत होइनन् । अप्राकृतिक पदार्थ प्रायशः कृत्रिम हुने भएर अर्कै रसायन पदार्थ तिनमा लिप्त रहन्छ । रासायनिक तत्त्व अस्वस्थकर रहन्छ । सेवन पछि विकार पैदा गर्नु, गराउनु, बाह्य रासायनिक तत्त्वगत प्रक्रिया नै हुन् । कृत्रिम रङ्गका आहालमा चुर्लुम्म हाम्रा यी अङ्ग, अवयव र आकृति आफैँमा विकार मुक्त रहन नसकी पुस्तैनी चर्मरोगी रहनेछन् नेपाली ! कठै रङ्गहरूका आहालभित्रका आलाप !!

(तेजेश्वरबाबु ग्वंगः, 'रङ्गहरूको आहाल', *रङ्ग अभिज्ञान*, पृ. ४२)

प्रस्तुत निबन्धांशमा माया, मोह नै बन्धनको कारण हो भन्ने बन्धनको आध्यात्मिक स्वरूप देखाइएको छ । यहाँ अर्काले निर्माण गरेका स्वार्थलिप्सा लोभ्याउने खालका भएको हुँदा त्यसमा कुनै न कुनै मोह, इच्छा, आकांक्षा रहन्छ भन्दै यो नै बन्धन वा दुःख हो भन्ने कुरा देखाइएको छ । यस अंशमा वर्तमानमा रङ्गहरू कृत्रिम भएकाले रङ्गीन संसार यथार्थजस्तो लाग्छ तर ती अवास्तविक वा भ्रम हो र अविद्या, अज्ञानका कारण यी वास्तविक प्रतीत भए पनि यो नै बन्धन हो भनिएको छ । उद्धृतांशमा प्राकृतिक पदार्थ वास्तविक स्वरूप हुन् भने अप्राकृतिक पदार्थ कृत्रिम भएकाले त्यसमा प्रदुषित रसायनको जलप लगाइएका कारण वास्तविकतालाई चिन्न नसकेर बन्धनको जालोमा परिरहन्छ, अज्ञानताले अन्तर्चक्षुलाई दुषित र अस्वस्थकर बनाउँछ भन्ने चिन्तन प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा रासायनिक तत्त्वको सेवन हानीकारक र विकारयुक्त भएको हुँदा विषाक्त रासायनिक तत्त्वको आहालमा हाम्रा अङ्गप्रत्यङ्ग चुर्लुम्म डुब्दा अन्तर्चक्षु विकारयुक्त हुन पुगी दुःखको समुद्रमा हराइरहन्छन्, रमाइरहन्छन् भन्ने बन्धनसम्बन्धी मान्यतालाई स्पष्ट सङ्केत गरिएको छ ।

मन त्यता पुगेपछि फर्केर नआउलाजस्तो गर्छ बरु यो जीवनको यथार्थतामा जेजति भोग गरिँदैछ त्यसकैको डाँडाबाट रमिता हेरौँ कि जस्तो हुन्छ । ... कत्रो धावनमार्ग छ यो करोडौँको एकैचोटि कुदे पनि नठोकिने, नटुङ्गिने । तर मानवजीवन छोटो भएकाले प्रत्येकले एकैछिन घुमेपछि आफ्नो बाटोसामु अँध्यारो देख्न थाल्छ । कुद्ने रहर हुँदाहुँदै नसकेर थचक्कै त्यही बस्छ । फेरि कहिल्यै होस्मा नआउने गरी फेरि कहिल्यै नब्यूझने, नउठ्ने गरी ।

(गोविन्दराज भट्टराई, 'स्वगृहीत चिन्ताको रङ्गीन पोखरीमा', *समकालीन नेपाली निबन्ध*, पृ. ४१)

प्रस्तुत निबन्धांशमा अन्धकार नै बन्धन हो र बन्धनबाट मोक्ष प्राप्त गर्न आत्मज्ञान आवश्यक रहेको कुरा देखाइएको छ । यहाँ जीवन लामो धावनमार्ग भएकाले जीवनको चरमलक्ष्य मुक्ति भएको कुरा औँल्याउँदै मन भने सांसारिक प्रपञ्चमा रमाइरहेकाले

आत्माको अनन्तता प्राप्त गर्न नसकिएको विचार प्रकट भएको छ । यस अंशमा ब्रह्म अनन्त छ र ज्ञानरूप र अनन्त ब्रह्म प्राप्तिको धावनमार्ग करोडौँ माइलको रहेकाले यसको कुनै निश्चित टुङ्गो नभएको विचार व्यक्त भएको छ । यहाँ आत्माको अनन्ततालाई सङ्केत गर्दै मानवीय जीवनयात्रा छोटो छ तर अनन्त आत्मालाई जान्ननसकेर अँध्यारो वा बन्धनमा पारिरहेकाले छेकेबार हटाएर आत्मलाभ गर्न नसकेको विचार प्रकट भएको छ । उद्धृतांशमा अज्ञानताको आवरणले ढाकेको हुँदा आत्मबोध हुन नसकी बन्धनमा परिरहन्छ र भौतिक जगत्मा कहिल्यै नउठ्ने गरी अल्झिरहन्छ भन्ने बन्धनसम्बन्धी दृष्टिकोण प्रस्तुत भएको छ ।

> जतिसुकै ठूला र डरलाग्दा घटनाले पुरिँदा पनि खेस्रोखोस्री निस्किरहेका छन् मान्छेहरू । बाँच्ने लालषाले मान्छे आफैँ बाँधिरहेका छन् । त्यसैले मान्छे पैतालादेखि तालुसम्मको पीडामा पोतिए पनि सहन सक्छन् । जस्तै दुनियामा पनि मन बुझाउन सक्छन् । बाँच्ने मोहले नै होला जे हुनेगरेको छ, भएको छ, ठीकै भएको छ ।

(श्रीओम श्रेष्ठ, 'भएको ठीकै हो त ?', *भनौँ कि नभनौँ,* पृ. ५५)

प्रस्तुत निबन्धांशमा अध्यात्मिक दुःख नै बन्धनको कारण हो र यो मनबाट उत्पन्न हुन्छ भन्ने बन्धनको स्वरूप देखाइएको छ । यहाँ जन्म-मृत्यु आदि सबै बन्धन भएको बताउँदै बाँच्ने इच्छा राख्नु पनि आफैँमा सांसारिक बन्धन भएको विचार प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा मानिस सर्वाङ्ग पीडित भए पनि सहनसक्ने क्षमता भएको र मनलाई बुझाउन सक्ने एकमात्र कारण बाँच्ने मोह नै हो भन्ने विचार व्यक्त गरेका छन् । उद्धृतांशमा मोह वा इच्छा नै बन्धन हो तसर्थ यो संसार क्षणिक छ सुख र आनन्दमय नभएर दुःखमय छ भन्ने बोध नभएर मान्छे यस भौतिक जगत्मा बाँच्न चाहेको विचार व्यक्त भएको छ । अनावश्यक ईच्छा, आइ्काक्षा, माया, मोह नै बन्धनको स्वरूप भएको कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> भौतिक संसारको दृष्टिकोणबाट हराउनु पनि एक अज्ञान हो, अन्धकारको प्रतीक हो, क्षणिक मृत्यु हो, कुनै वस्तुप्रतिको आत्मीयपनको मृत्यु हो । आध्यात्मिक संसार त विशाल छ, आनन्दमय पनि छ । आनन्द वरिपरि हुँदाहुँदै पनि मानिस आफैँ हराएको छ । मेरो अठसठ्ठीवर्षे जीवनको क्रममा परोक्षापरोक्ष कतिपय कुराहरू हराएका होलान् ... ।

(ठाकुर शर्मा भण्डारी, 'हराउनु पनि एक अज्ञान हो', *त्रिविधा,* पृ. १६)

प्रस्तुत निबन्धांशमा आधिभौतिक दुःख नै बन्धनको स्वरूप हो भन्ने कुरा देखाइएको छ र यसक्रममा बाह्यवस्तु वा पदार्थ नै बन्धनको कारण हो भन्ने बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । यहाँ भौतिक जगत्प्रतिको दृष्टिकोण नै बन्धन हो भन्ने कुरा प्रस्तुत गर्दै सांसारिकता वा माया, मोह, प्रपञ्च नै अविद्या, अज्ञानता, अविवेक, अन्धकार र क्षणिकताको प्रतीक भएकाले यसबाट क्षणिक सुख र आनन्द प्राप्त भए पनि आध्यात्मिकतार्फको यात्रा,

ब्रह्मज्ञान वा आत्मज्ञानको तगारो भएकोले क्षणिक मृत्यु र कुनै वस्तुप्रतिको आत्मीयपनको मृत्यु हो भन्ने कुरा स्पष्ट पारिएको छ । यस अंशमा आध्यात्मिक संसार विशाल र आनन्दमय रहेको उल्लेख गर्दै आनन्द आफैँभित्र रहेको तर मानिसले अज्ञान र अविवेकले गर्दा आनन्दको खोज सफल हुन नसकेर यस संसारमा भौँतारिएर दुःख पाइरहेको बन्धनसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा संसार दुःखको सागर भएकाले यसबाट मानिस उम्कन नसक्ने बताउँदै निबन्धकारले आफ्नो अठसठ्ठीबर्षे जीवनमा प्रत्यक्षअप्रत्यक्ष रूपमा कतिपय कुराहरू हराएका होलान् भन्ने भावलाई स्पष्ट सङ्केत गरिएको छ ।

> यो सृष्टि र जीवनमा अनेक विकल्प छन् । सकियो भन्दाभन्दै पनि कतै न कतै, कहीँ न कहीँ झिल्काझिल्की अवसर प्रतीक्षामा बसिरहेको हुन्छ, खोज्न मात्र सक्नुपर्छ । अहङ्कार र हीनता पालेर आफ्नो भित्र भएको क्षमता भुल्नु भनेको नै मृत्यु हो । क्षणक्षण आफ्नो स्वपनलाई बलि चढाएर बाँच्नु जिउँदै मर्नु हो । आफ्नो स्व नगुमाई क्षमता बुझेर त्यसैमा सन्तुष्टपूर्वक बाँच्नु नै वास्तविक र आनन्दको जीवन जीउनु हो, तर मान्छे अलिकति ... अरू अलिकति भन्दै सम्झौतामा लागेर आफ्नो मौलिक अस्तित्व र अलौकिक आनन्द भुल्न पुग्छ ।

(विनयकुमार शर्मा नेपाल, 'जीवन र जीवनको ऊहापोह', *माथापच्ची*, पृ. ९४)

प्रस्तुत निबन्धांशमा 'स्व' को अज्ञान नै बन्धन हो भन्ने मान्यता ल्याइएको छ र यसक्रममा आनन्दको सम्झौता नै बन्धन हो भन्ने बन्धनको अप्रत्यक्षस्वरूप देखाइएको छ । यहाँ यो सृष्टि र जीवनमा अनेक विकल्प झिल्काझिल्कीका रूपमा बाँकी रहेको हुँदा त्यसलाई पहिचान गर्न सक्नुपर्छ भन्दै त्यसका लागि हीनता र अहङ्कारको जालो फाल्नुपर्छ भन्ने कुरा बताइएको छ । यस अंशमा अहङ्कार र हीनता आदि आध्यात्मिक दुःखको कारण हो र यसकै कारण व्यक्तिले आफ्नो क्षमता भुल्न पुग्छ र यो नै मृत्यु हो भन्ने उल्लेख गरिएको छ । निबन्धकारले निबन्धांशमा 'स्व' को अनुभूति नै आनन्दको स्वरूप हो र यो नै सुख हो, वास्तविक र आनन्दको जीवन बाँच्नु हो तर मान्छेले आफूले आफूलाई नचिनेर वा आत्मालाई नजानेर सम्झौतामा जीवन बाँचेका कारण मौलिक अस्तित्व र अलौकिक आनन्दलाई बिर्सेर दुःखमा रमाइरहेको छ, बन्धनमा परिरहेको छ भन्ने कुरा स्पष्ट पारेको देखिन्छ ।

> ... हे ईश्वर ! मलाई मायामोहको बन्धनबाट मुक्त गर ।... मेरो मन पनि तृष्णा र मायामोहको बन्धनमा छ । मायामोह नै परित्याग गर्न सक्ने हो भने गुरुमहाराज पो किन बन्नु पर्थ्यो र ? मायामोह परित्याग गर्न सकेको भए अमरनाथ, मुक्तिनाथ वा केदारनाथ जस्तै कतै जनशून्य एकान्त हिमप्रदेशमा तपस्यारत हुन्थेँ होला ।

(रामबाबु घिमिरे, 'परकाया प्रवेश', *केन्द्र र परिधि*, पृ. ३९-४०)

प्रस्तुत निबन्धांशमा बन्धनको अपरोक्ष स्वरूको चित्रण गरिएको छ र माया, मोह नै बन्धन हो र यसक्रममा तृष्णा मानिसको आफ्नै कारणले उत्पन्न हुन्छ भन्ने आध्यात्मिक

दुःख नै बन्धनको स्वरूप भएको मान्यता ल्याइएको छ । यहाँ निबन्धकारले मायामोहको बन्धनबाट मुक्त हुन चाहेकाले ईश्वरको पुकारा गरेको भाव व्यक्त भएको छ । यस अंशमा निबन्धकारले आफूभित्र पनि तृष्णा र मायामोहको जालो रहेकाले अन्तर्चक्षु नै बन्धनमा परिरहेको चिन्तन प्रस्तुत भएको छ । यहाँ मायामोह नै बन्धन हो र ती परित्याग गर्न सके आफैँभित्रको आत्मालाई जान्न र बुझ्न सकिने तथा अविद्याको नाश भई ज्ञानार्जन गरेमा सांसारिक प्रपञ्चबाट मुक्ति मिल्छ भन्दै आफैँभित्र चारधाम रहेकाले त्यसको दर्शन अन्तर्चक्षुका माध्यमबाट गर्न सकिने उल्लेख गर्दै साधना नै ठूलो तपस्या हो तर मायामोह तृष्णाको जालोका कारण मानिस बन्धनमा परिरहेको चिन्तन प्रस्तुत भएको छ ।

> ... तर मानिस यति घरपालुवा भैसक्यो अब ऊ समुदाय छाडेर वन फर्किन सक्दैन । उले यहीँ आफ्नो परम्पराभित्र स्वतन्त्रताको भोग गर्नु छ । भारीलाई न आफ्नो जीवन सुम्पेर, न त भारीबाट भागेर । तर अधिकांश मानिस आफूले बोकेको भारीलाई नै जीवन सम्झेर त्यसेमा टाँसिएर रहेका छन् ।

(बलराम अधिकारी, 'ऊँटको बोझ, सिंहको अहङ्कार र बालसुलभता', *इरेजर*, पृ. ७६)

प्रस्तुत निबन्धांशमा अविद्या वा अज्ञानता नै बन्धनको भारी हो भन्ने बन्धनको अप्रत्यक्ष एवम् अभौतिक स्वरूप देखाइएको छ । यहाँ मानिस आफ्नै संसारमा रमाइरहेकाले आध्यात्मिक मार्ग वा अभौतिक संसारलाई जान्न, बुझ्न नसकेर पारिवारिक, सामाजिक बन्धनमा परिरहेको हुँदा आध्यात्मिक संसार नै वनतर्फको यात्रा हो तर मानिस वनतर्फ फर्कन नसकेको धारणा प्रस्तुत भएको छ । यस अंशमा अज्ञानता, अविद्या र अविवेकको पर्दाले छोपेको हुँदा आफ्नै परम्पराभित्र स्वतन्त्र अस्तित्व भोग गर्न चाहेको तर आफूले आफैँलाई चिन्न नचाहेको कुरासमेत देखाउँदै बन्धनको भारीलाई न सुम्पेर बाँच्न चाहन्छ न त भारी नै बिसाउन सक्छ भन्दै भौतिकताको बन्धनमा बाँधिइरहेको दृष्टिकोण व्यक्त भएको छ । उद्धृतांशमा अधिकांश मानिसले आत्मा र अनात्माको भेद छुट्याउन नसकेर क्षणिक सुखमा रमाएको हुँदा दुःखको भारी बिसाउन नचाहेको तर त्यसैमा टाँसिइरहेको बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ ।

> ...बुद्धिले सक्यो भने ती विकारमा अङ्कुश लगाएर सही बाटोमा डोऱ्याई लान सक्छ भन्ने विश्वास रहन्छ । ...असक्तिबाट इच्छा बढ्न जान्छ भने इच्छा पूर्ण भएन भने निश्चय नै क्रोध उत्पन्न हुन्छ । क्रोध आफ्नै मनले सिर्जना गर्ने हो, अरूबाट क्रोध उत्पन्न भएर आउने होइन । क्रोधबाटै मोह सिर्जना हुन्छ र मोहबाटै भन्ने हो भने स्मृति भङ्ग हुन्छ र स्मृति भङ्गले बुद्धिको नाश । अनि के चाहियो ? बुद्धि नष्ट भएपछि मात्र पतन । यस्ता ज्ञानगुनका कुरा शास्त्रमा लेखेको पाइन्छ र यसलाई चिन्तन गरेर गहिराइ बुझेमा चित्त साफ हुन्छ अर्थात् मनले स्थिर आसन लिन्छ ।...

(मोहनबहादुर कायस्थ, 'चञ्चलताको स्वरूप', *आकाशवाणी*, पृ. १०१-१०२)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धनको मुख्य कारण हो भन्ने कुरा चित्रण गरिएको छ र यसक्रममा यी सबै मानिसका आफ्नै कारणले उत्पन्न हुन्छन् भनिएको छ । यस अंशमा मनको विकार नै दुःखको कारण हो र मानिसको मनले अनावश्यक काम, क्रोध, लोभ, मोह र अहङ्कारजस्ता शारीरिक विकारहरूलाई बोक्नेहुँदा यसप्रकारको शारीरिक, मानसिक दुःख भोग्नु परेको र यी मनका अनावश्यक बोझ हुन् भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा आफ्नै आत्मालाई नचिनेर आफ्नै आत्माबाट प्राप्त दुःख नै बन्धन भएकाले दुःखबाट छुट्कारा पाउन बुद्धितत्त्वको आवश्यकता पर्ने कुरा औंल्याइएको छ । आसक्तिबाट इच्छा, इच्छाबाट क्रोध, क्रोधबाट मोह पैदा भएर स्मृति भङ्ग हुन्छ र बुद्धिको नाश भएर मानिस दुःखको संसारमा अल्झिरहन्छ तसर्थ यो नै बन्धन हो र आत्मासँग साक्षात्कार गरेमात्र चित्त शुद्ध भएपछि मन वा आत्मा स्थिर हुन्छ भन्ने बन्धनसम्बन्धी मान्यतालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> प्रेम त अकारण पैदा हुन्छ । विश्वब्रह्माण्डको कणकणमा प्रेम व्याप्त छ । ब्रह्माण्डको गहिराईमा यही प्रेमको भाव सन्निहित छ । यसैले माया भौतिक हो भने प्रेम आध्यात्मिक हो । अध्यात्म अमूर्त हुन्छ । प्रेम आत्मासँग नजिक हुन्छ भने माया शरीरसँग सम्बन्धित हुन्छ । दर्शनशास्त्रमा मायालाई नै दुःखको कारण मानिएको छ ।
>
> (लक्ष्मण भण्डारी, 'माया र प्रेमको दर्शन', *जीवनमूल्य,* पृ. ५८)

प्रस्तुत निबन्धांशमा प्रेम र मायासम्बन्धी चिन्तन प्रस्तुत गरिएको छ । प्रस्तुत उद्धरणमा अकारण पैदा हुने प्रेम विश्वब्रह्माण्डको कणकणमा व्याप्त रहने आध्यात्मिक तत्त्व भएको कुरा उल्लेख गरिएको छ । यहाँ प्रेम वास्तविक हो र ब्रह्माण्डमा अनन्त गहिराईमा प्रेम भाव सन्निहित रहे पनि अविद्याका कारणले ती वास्तविकजस्तो देखिएको तर माया नै बन्धन हो किनकि वास्तविक ज्ञानको अभावमा मान्छे भ्रममा पर्दछ भन्ने कुरा देखाइएको छ । अध्यात्म अमूर्त हुनेहुँदा मायाको आवरणले ढाकिदिँदा सत्यलाई छोपिदिन्छ तसर्थ प्रेम आत्मा हो भने शरीर माया हो र मायाद्वारा प्रभावित शरीरका आवरणले ढाकेको हुँदा अविद्याको पर्दा हटेर ज्ञान प्राप्त भएपछि आत्मा वा ब्रह्मबाहेक सबै भ्रम वा दुःखको कारण हो, बन्धन हो भन्ने बोध हुन्छ भन्ने कुरालाई यस उद्धृतांशमा उल्लेख गरिएको छ ।

> यतिखेर म एउटा चौतारामा बिसाइरहेको छु । अघि हिँडेका पसिना ओभाउनू भन्ने छ । अलिकति थकाइ मरोस् भन्ने छ । त्यसपछि फेरि हिँडौला, धेरैमाथि अर्को भञ्ज्याङ देखिन्छ । त्यहाँ उभिएका वरपीपलका हाँगा बतासले हल्लाएकोजस्तो देख्तैछु । छिटै त्यहाँ पुग्न पनि सक्तिन होला, यत्रो भारी छ यत्रो अनुरक्तिको आसँगको मायाको यो सारा मोहको । उठाउने भिर्ने बोक्ने आफैँ मात्र हो ।
>
> (गोविन्दराज भट्टराई, 'स्वगृहीत चिन्ताको रङ्गीन पोखरीमा', *समकालीन नेपाली निबन्ध,* पृ. ४१)

प्रस्तुत निबन्धांशमा सांसारिक प्रपञ्च नै बन्धनको कारण हो भन्ने कुरा देखाइएको छ । यसक्रममा जीवनयात्राका अनेकौँ भारी रहेको बताउँदै भारी नै बन्धन हो भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । यस अंशमा जीवन भोगाइका क्रममा आएका पसिना, मोह, मायाको भारी चौतारामा बिसाइरहेको निबन्धकारको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा जीवनयात्राको क्रममा माया, मोहको भारी बिसाउन जतिजति गन्तव्यतर्फ अग्रसर भए पनि बन्धनको भारी बिसाउन कठिन रहेको बताउँदै भञ्ज्याङ नै तगारो बनिदिन्छन् तसर्थ मोक्ष वा गन्तव्य भेटाउन नसकिएको कुरा बताइएको छ । निबन्धकारले निबन्धांशमा वरपीपलका हाँगा बतासले हल्लाएजस्तो जीवनयात्रामा बन्धनका भारी बिसाउँदै अघि बढ्ने क्रममा अनेक छेकेवार अगाडि तेर्सिएको हुँदा मोक्षमार्गतर्फको पाइला डगमगाएजस्तो भएको कुरा औँल्याउँदै बिघ्नबाधा नै बन्धनको कारण हो भन्ने भाव व्यक्त भएको छ । मोक्ष प्राप्त गर्नु जटिल कार्य भएकाले सहजै मुक्ति वा मोक्ष प्राप्त गर्न सक्तिनँ कि भन्ने दुविधा निबन्धकारमा रहेको छ साथै बन्धनको भारी ठूलो भएकाले कुनै वस्तुप्रतिको लोभ, मोह, अहङ्कार, माया नै बन्धन वा दुःखको कारण भएको र यसलाई बोक्ने वा बिसाउने आफ्नै हातमा रहेको निबन्धकारको दृष्टिकोणलाई यस अंशमा स्पष्ट पारिएको छ ।

> आज मानिस यसरी अड्किरहेको छ, खोज्नुपर्ने रत्न ऊ खोज्न सक्दैन । पाउनुपर्ने तत्त्व, ऊ पाउन सक्दैन । अस्थायी असत्य र कुकृत्यप्रति आकर्षित भएर आफूलाई नै जीवनको अस्तित्वमा धर्मर बनाएको छ । एउटाबाट उत्पन्न असल वा गलत शक्तिको प्रभाव अर्कोमा पर्न सक्ने प्राकृतिक तथ्यलाई भुलेर ऊ निरन्तर स्वार्थको वशमा परी असत्य र अल्पायुको खोजमा मृगमरिधीका दौड गरिरहेको छ । सत्य भन्ने जान्दाजान्दै पनि ऊ शङ्का गर्न थाल्छ र त्यसको प्रभाव अर्कोमा सर्दछ । यसबाट हुने प्रस्थानबिन्दु प्रतिप्रस्थानबिन्दु हुँदै दुष्प्रभावी समाजको अन्तर कुन्तरसम्म झाँगिन पुग्दछ ।

(रामप्रसाद पन्त, 'तपसाधनाका चरु : दुई कल्पतरु', *निबन्धावली,* पृ. ९३)

प्रस्तुत निबन्धांशमा आत्माको अस्तित्वबोध नै मोक्ष हो र यो आफैँभित्र छ भन्ने आत्माको निराकारस्वरूप देखाइएको छ । यस अंशमा मानिसलाई अविद्याको पर्दाले ढाकेको हुँदा अन्तर्चक्षुले देख्न नसकेर ऊ यत्रतत्र सुखको खोजमा भौँतारिरहेको भए पनि आनन्द वा सुख खोज्न नसकेर दुःखको समुद्रमा डुबुल्की मारिरहेको छ भन्ने कुरा बताइएको छ । यहाँ निबन्धकारले भौतिकता वा वस्तुजगत्को भ्रममा अल्झिरहेकाले त्यसको क्षणिक सुख र आनन्दमा आकर्षित भएर आत्माको अस्तित्वलाई नचिनेको, जीवनको अस्तित्व धरमराएको उल्लेख गर्दै अज्ञान र दूषित पोखरमा अल्झिरहेको विचार व्यक्त भएको छ । उद्धृतांशमा असल र गलत दुवैको प्रभाव अर्कोमा पर्नसक्ने भएकाले प्राकृतिक वा आध्यात्मिक चिन्तनको मार्गलाई भुलेर स्वार्थको भुमरीमा परेको, असत्यलाई ग्रहण गरेको, भ्रान्ति र मृगतृष्णामा रमाइरहेको उल्लेख गर्दै यी सबै बन्धनको कारण, साधन वा माध्यम हुन् भन्ने विचार

अभिव्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा सत्यको ज्ञान भए पनि मानिसले शङ्का गर्नेहुँदा त्यसको प्रभाव अर्कोमा परिरहेको र त्यसले दुष्प्रभाव पारिरहेको चिन्तन प्रस्तुत भएको छ ।

> ज्ञान भनिने सूचनाको थुप्राले अन्तरमनका सम्पूर्ण प्रवेशद्वारहरू टालिन्छन् । ...अन्तरदृष्टिका लागि कुनै कुनो खाली रहँदैन । केवल पराईका विचारको भारी बोकेर ऊ जीवनको ओराली झर्दछ । जब भारी थाम्न नसक्ने गरी टायर्ड हुन्छ अनि ऊ भरियाबाट रिटायर्ड हुन्छ । तैपनि भारीको तिर्सना उसबाट मर्दैन । उसलाई लाग्छ ऊ आफैं भारी हो ।

(बलराम अधिकारी, 'ऊँटको बोझ, सिंहको अहङ्कार र बालसुलभता', *इरेजर,* पृ. ८१)

प्रस्तुत निबन्धांशमा तिर्सना नै बन्धन हो भन्दै बन्धनको आध्यात्मिक स्वरूपको चित्रण गरिएको छ । यस अंशमा ज्ञानका सूचनाले अन्तरमनको ढोका बन्द गरिदिएको कुरासमेत औँल्याउँदै अन्तर्चक्षुका कुनै स्थान खाली नभएको हुँदा चेतनआत्माको अस्तित्वबोधको अभाव रहन्छ भन्दै केवल अन्यका विचारका भारीले ऊ जीवनको ओरालीतर्फ यात्रा गरेको चिन्तन व्यक्त भएको छ । यसक्रममा बाह्यविचारको भारीले अन्तर्मनको चेतनालाई दबाएका कारण दुःखलाई नचिनेर, सुखको खोजी वा आनन्दको प्राप्ति गर्न नसकेर बन्धनको भारी बोकेर जीवनयात्रालाई दुःखमा रमाइरहेको चिन्तन यहाँ प्रस्तुत भएको छ । उद्धृतांशमा अज्ञानको पर्दाले बन्धनको भारी थाम्न नसकेर थकित हुन्छ र अन्तमा विश्राम लिन्छ र अन्ततः मोक्षप्राप्त नगरी बन्धनमा पर्दछ भन्ने धारणा अभिव्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा बन्धनको भारीको तृष्णा बाँकी नै रहन्छ र अन्तमा आफू नै आफूलाई चिन्न नसकेर आफूलाई आफैं भारी वा बन्धन लागेको विचार प्रकट भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा सांसारिक मायामोहसम्बन्धी दार्शनिक कुराको निरूपण पाइन्छ र यसक्रममा माया, मोहलाई त्यागेर वास्तविक सत्यको नजिक पुग्नु मोक्ष हो भन्ने मान्यता देखिन्छ । यहाँ माया, मोह नै सांसारिक बन्धन हो भन्ने धारणा प्रस्तुत गर्दै जगत् अवास्तविक वा भ्रम हो र ब्रह्म सत्य हो तर मिथ्याज्ञान वा भ्रम हुनु दुःख वा बन्धन हो भन्ने सन्दर्भहरू विश्लेषणीय देखिन्छ । यसमा सांसारिक पदार्थ नै माया र मायाको पर्दाले छोपिदिँदा ब्रह्मको वास्तविकलाई ढाकिदिन्छ भन्ने मिथ्याज्ञान वा भ्रम नै बन्धन हो भन्ने सन्दर्भहरू प्रकटित देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा ब्रह्मलाई मायाको पर्दाले छोपिदिँदा जगत्का सबै कुरा वास्तविक प्रतीत हुन्छ भन्ने सन्दर्भहरू पाइन्छन् ।

### ३.३.२.३ भौतिकताप्रतिको विकर्षण

भौतिक वस्तुप्रतिको आसक्ति नै अज्ञान हो र यो अज्ञान नै दुःखको कारण हो भनिएको छ । हर्ष, खुसी, यश, आराम, धन, सम्पत्ति आदि भौतिक वस्तुको प्राप्ति क्षणिक

सुख र आनन्द भए पनि यी नाशवान् भएकाले यी प्राप्त नहुँदा उत्पन्न हुने पीडा, दुःख आदि बन्धन हो भन्ने कुरा पूर्वीय दर्शनमा उल्लेख गरिएको छ । सांसारिक नित्य, अनित्य, वस्तुप्रति आसक्ति हुनु बन्धन हो । काम, क्रोध, लोभ, मोह आदि भौतिक वस्तुका कारण उत्पन्न हुने दुःख हो र यसप्रति अनुराग राख्नु नै आध्यात्मिक दुःख हो । अज्ञानकै कारणले इच्छा, राग, द्वेष, सुख-दुःख इत्यादि सांसारिक पदार्थहरू नै भौतिक वस्तुप्रतिको मोहका कारण हुन् (गिरी, २०५५, पृ. १३१) । यहाँ भौतिक वस्तुप्रतिको आसक्तिका कारण नै काम, क्रोध, लोभ, मोह, इच्छा आदि पैदा हुनु नै दुःख हो भनिएको छ र यो व्यक्तिका मानसिक दुःखका कारण उत्पन्न हुन्छन् भन्ने कुरा तलका निबन्धांशले अभिव्यञ्जित गरेका छन् :

> ...भौतिक पदार्थको बटुलाई र सङ्ग्रहमा मानिस लाग्दा अनेक किसिमका दुर्घटना हुन्छन् । भौतिक सङ्ग्रहले मानिसलाई उच्च स्थानमा पनि पुऱ्याउँछ र तल पनि झार्छ केही किञ्चित मान्दैन । त्यसैले भौतिक सुखलाई क्षणिक भनिएको हो ।... भौतिक संसारलाई दृष्टिगत गरी हेर्दा मानिसले धनार्जन गरेर मात्र हुँदैन । कुन किसिमको आर्जन हो, कसरी प्रयोग हुन्छ, यो महत्वपूर्ण कुरा हो ।...

(ठाकुर शर्मा भण्डारी, 'गरीब र गरिबी', *त्रिविधा,* पृ. २२)

प्रस्तुत निबन्धांशमा भौतिक पदार्थ पनि बन्धनको स्वरूप हो र यो बाह्यवस्तु वा पदार्थका कारण हुने कुरा देखाइएको छ । यस अंशमा भौतिक पदार्थको सङ्कलन र सङ्ग्रहमा पछिलाग्दा मानिस अनेकौं दुःख पाइरहेको छ भन्दै भौतिक सम्पत्ति नै बन्धनको जालो भएकाले मोक्ष नपाई अनेकौं दुर्घटनामा परिरहेको चिन्तन अभिव्यक्त भएको छ । यहाँ भौतिक वस्तुप्रतिको मोह वा सङ्ग्रहले मानिसलाई क्षणिक सुख र आनन्द प्रदान गरे पनि त्यसले जीवनको चरमलक्ष्य मुक्ति प्राप्त नहुनेहुँदा दुःखको सागरमा पर्दछ भन्ने कुरा चित्रण गरिएको छ । उद्धृतांशमा भौतिक जगत् वा संसार नै दुःखमय भएकाले तिनका वस्तु वा पदार्थ पनि नाशवान् छन् तसर्थ भौतिक सुख पनि स्थायी नभएर क्षणिक भएको बन्धनसम्बन्धी मान्यतालाई प्रस्तुत गरिएको छ । निबन्धकारले निबन्धांशमा धनार्जन गर्नु ठूलो कुरा नभएको बताउँदै यस्तो आर्जन कुन किसिमको हो त्यो महत्त्वपूर्ण हुने कुरालाई प्रस्तुत गरेको पाइन्छ ।

> हो पनि मानिसको इच्छाको आकाश अनन्त छ । इच्छाको भाँडो अतृप्त छ, जुन कहिल्यै भरिँदैन । मृत्युशय्यामा छटपिटँदा पनि यो अपूर्ण रहन्छ, अधुरै रहन्छ । के तपाईं मर्दा त्यो सम्पत्ति सँगै लैजानुहुन्छ ? के तपाईं मरेर जाँदा आफ्ना गाडी, घोडा, हात्ती, जग्गाजमीन सँगसँगै लैजानुहुन्छ ? के तपाईं अहिलेको आफ्नो दर्जा, दरबान, दुमडी, दम्पती र दरबार सँगै लैजानुहुन्छ ? प्रश्नको झटारो फ्याँकियो उताबाट । ...'त्यसो भए यो तानातान किन ? यो दौडधूप र धोखाधडी किन ? यो आडम्बर, दम्भ, दमन, हत्या र अपराध किन ?'

(मोहन चापागाईं, 'चरा, चेतना र चोला', *सत्य संलाप,* पृ. ९९)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धनको कारण हो भन्ने कुरा देखाइएको छ । यस अंशमा मानिसका इच्छा आकाशजस्तै अनन्त रहेको र अतृप्त इच्छाको भाँडो कहिल्यै पूर्ण नहुने विचार व्यक्त भएको छ । यो संसार दुःखमय भएकाले मान्छेका इच्छा, चाहना पनि असङ्ख्य छन् जसको परिणामस्वरूप मृत्युशय्यामा पुग्दासमेत पूर्ण नहुने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा भौतिक धनसम्पत्ति क्षणिक भएकाले मानिसले मर्दा सँगै लैजान्छन् त भन्ने प्रश्नको जिज्ञासामा व्यर्थको दौडधूप र धोखाधडी क्षणिक भएको तथा आडम्बर, दम्भ, दमन, हत्या र अपराध सबै आध्यात्मिक दुःख हुन् र यो नै बन्धनको कारण हो भन्ने बन्धनसम्बन्धी मान्यतालाई मानिसको इच्छाको आकाश अनन्त छ, इच्छाको भाँडो अतृप्त छ, यो अपूर्ण, अधुरै रहन्छ आदि पदावलीले पुष्टि गरेको छ ।

> ... काम, क्रोध, लोभ, मोहको प्रकोप जो छ क्षणक्षणमा दुःखी बनाउँछ । त्यसबाट मुक्ति पाउनको लागि प्रयत्न नगरी हुँदैन । हामी देख्छौँ यो संसारका नरनारीहरूलाई कसैले कति चाँडै धनी भयो भनेर हामीलाई आकर्षण गराउन खोज्छ र हामी भ्रमित जस्तो हुन जान्छौँ तर मेरा विचारमा कमाइने कुरा आफैँ कमिन्छ ।...

(सीतारामप्रसाद दंगाल, 'आत्मा', *जीवन अनुभूति*, पृ. ६६)

प्रस्तुत निबन्धांशमा आध्यात्मिक दुःख नै बन्धनको स्वरूप हो र यो अन्य कारणबाट नभई मानिसका आफ्नै मनस्तापबाट उत्पन्न हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा काम, क्रोध, लोभ, मोह नै बन्धनको कारण हो र यसले मानिसलाई क्षणिक आनन्द र सुख प्रदान गरे पनि दुःखको मूलकारण र मोक्षको बाधक हो भन्ने बन्धनसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । यहाँ यिनै काम, क्रोध, लोभ, मोहबाट छुट्कारा पाउन मोक्षको मार्ग समात्न आवश्यक रहेको धारणा व्यक्त भएको छ । उद्धृतांशमा यो जगत् असत्य हो र धन, सम्पत्ति ऐशआराम क्षणिक तत्त्व हुन् तर तिनै तत्त्वले कोही कसरी यति चाँडै धनी भयो भनेर मृगतृष्णा उत्पन्न गराउँछ भन्दै हामी यथार्थमा नभई श्रममा रमाइरहेकाले दुःख वा बन्धनको जालोमा परिरहेको तर कमाउने कुरा स्वतः प्राप्त हुन्छ भन्ने चिन्तन प्रस्तुत भएको छ ।

> ... यसका विपरीत, सम्पत्ति आर्जनको दौडमा बेलगाम कुदेका सामन्तवादीहरू धनम् ईश्वरम् अस्ति या मनि इज गडको मन्त्रोच्चारणमा अभ्यस्त थिए । धनार्जनको दौडमा मानवता, प्रेम, दया, सद्भाव, वारुणा कुल्चिएर धुलिएका थिए । यी दुवै समूह साधनामा नै अल्झिएर साध्यबाट विमुख हुँदै थिए । विचार भनौँ या दर्शन र सम्पत्ति केवल साधनमात्र हुन सक्ला न कि साध्य या जीवनको लक्ष्य ।...

(बलराम अधिकारी, 'मित्र हो, पुँजीवादलाई सामानवादी भनी बुझ्नू !', *इरेजर*, पृ. ३८-३९)

प्रस्तुत निबन्धांशमा भौतिक वस्तुप्रतिको आसक्ति नै बन्धन हो र यो नै सांसारिकताको जालो हो भन्ने बन्धनको आध्यात्मिक स्वरूपलाई देखाइएको छ । यस अंशमा मानिस भौतिक वस्तुको सङ्कलनमा जोड दिई त्यसैको पछि दौडिरहेको बताउँदै

सामन्तवादीहरू पनि शोषक मनोवृत्तिका कारण धन, सम्पत्ति, यश, आरामका पछाडि दौडिरहेको विचार व्यक्त भएको छ । यहाँ सामन्तवादीहरूका लागि धन नै ईश्वरीय शक्ति वा पूजा भएकाले हरक्षण त्यसको जप गरिरहेको उल्लेख गर्दै यी सबै क्षणिक र तुच्छ वस्तु भएको बोध नहुँदासम्म बन्धनमा परिरहन्छ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा मानिस धनार्जनको पछाडि लागेका कारण मानवता, प्रेम, दया, सद्भाव, करुणा सबै हराइसकेको हुँदा क्रोध एवम् अहम्ताले प्रश्रय पाएको र आत्मा वा ब्रह्मपहिचानको अभ्यास र साधनाबाट विमुख हुँदै गइरहेको छ, जसका कारण बाह्यसंसारमा रमाइरहेको बन्धनसम्बन्धी दृष्टिकोण अभिव्यक्त भएको छ । यस उद्धरणमा भौतिक सम्पत्ति साधन भए पनि साध्य नहुनेभएकाले यो जीवनको चरमलक्ष्य मोक्षप्राप्ति हुन नसक्ने कुरालाई बताइएको छ । क्षणिक र नाशवान् वस्तुको पछाडि लागेर आफैँभित्रको आत्मालाई नजान्नु नै दुःख वा बन्धनको स्वरूप भएको चिन्तनलाई निबन्धकारले निबन्धांशमा स्पष्ट पारेका छन् ।

साठीको दशकयताका नेपाली निबन्धमा भौतिकताप्रतिको विकर्षणसम्बन्धी दार्शनिक चिन्तनको निरूपण देखिन्छ र यसक्रममा भौतिक वस्तुप्रतिको आसक्ति वा मोह नै बन्धन हो भन्ने मान्यता विश्लेषणीय देखिन्छ । यहाँ भौतिक वस्तुप्रतिको अनित्यता र ब्रह्मको नित्यताबारेको मान्यता देखिन्छ । यसमा अज्ञानका कारण अनावश्यक ईच्छा, आकाङ्क्षा, माया, मोह, सुख, दुःख आदि सांसारिक पदार्थप्रतिको कारकत्त्व भएको प्रसङ्ग प्रकटित छन् । काम, क्रोध, लोभ, मोह उत्पन्न हुनु नै बन्धन हो भन्ने सन्दर्भहरू साठीको दशकयताका नेपाली निबन्धमा पाइन्छ ।

## ३.४ निष्कर्ष

साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षसम्बन्धी आआफ्नै मान्यता, धारणा, दृष्टिकोण अभिव्यञ्जित छ । साठीको दशकयताका नेपाली निबन्धमा बन्धनसम्बन्धी मान्यता, सांसारिकता, बन्धनबाट मुक्तिको चाहना, मुक्तिका प्रकार र साधन, माया, मोह, भौतिकताप्रतिको विकर्षणजस्ता विषयहरू मूलतः वेदान्तको विषय हो । यसका अन्तर्वस्तु वा विषयगत प्रवृत्तिलाई हेर्दा साठीको दशकयताका नेपाली निबन्धहरू पौरस्त्य दर्शनका बन्धन र मोक्षसम्बन्धी मान्यताका दृष्टिले अभिव्यञ्जित विषय महत्त्वपूर्ण रहेको तथ्य निबन्धका निबन्धांशले पुष्टि गर्दछ । साठीको दशकयताका नेपाली निबन्धहरूमा निबन्धकारका बन्धनसम्बन्धी दृष्टिकोण, सांसारिकता, बन्धनबाट मुक्तिको चाहना, मुक्तिका साधन, माया, मोह, भौतिकताप्रतिको वितृष्णा, अविद्या, अज्ञान, त्रिविध तापसम्बन्धी मान्यता, तत्त्वज्ञान नहुनु, पदार्थको ज्ञान, प्रकृतिपुरुषको ज्ञान नहुनु नै दुःख वा बन्धन भएको उल्लेख छ । यी निबन्धमा मोक्षअन्तर्गत अविद्या वा अज्ञान नष्ट भई सांसारिक प्रपञ्चबाट छुट्कारा पाउनु, माया, मोह, प्रपञ्च, भौतिकताप्रतिको वितृष्णा तथा चित्तवृत्तिनिरोधद्वारा समाधिको तहमा पुगेर आत्मा वा ब्रह्मसाक्षात्कारद्वारा ब्रह्मज्ञान प्राप्त गर्दछ भन्ने मोक्षसम्बन्धी कुराहरू निबन्धमा विभिन्न प्रसङ्गमा प्रकटित भएबाट प्रस्तुत साठीको दशकयताका नेपाली

निबन्धलाई पौरस्त्य दर्शनका उपयुक्त मान्यताहरूका आधारमा पनि विश्लेष्य विषय मान्न सकिन्छ । यसैक्रममा अविद्या वा अज्ञानको नाशद्वारा अर्थात् मिथ्याज्ञानको अन्त्य भई आत्मा वा ब्रह्मसाक्षात्कारको स्थितिमा मोक्षप्राप्त गर्न सकिन्छ र अष्टाङ्गयोगको साधनाद्वारा नै समाधिको तहमा पुग्न सकिन्छ भन्ने कुरा निबन्धमा देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धभित्रका निबन्धमा सांसारिकता नै बन्धन भएकाले समग्र विषयवासनाबाट मुक्त भई ब्रह्म वा आत्माको यथार्थबोध भएको अवस्थामा जन्म-मरणको चक्रबाट पार पाउन सकिन्छ एवम् अष्टाङ्गयोगको निरोधद्वारा ब्रह्मज्ञान प्राप्त हुन्छ भन्ने कुरा निबन्धका विभिन्न प्रसङ्गमा प्रकटित देखिन्छ । यसैक्रममा ज्ञान, भक्ति र वैराग्यका माध्यमबाट पनि मोक्षप्राप्त गर्न सकिने कुरा साठीको दशकयताका नेपाली निबन्धांशमा अभिव्यञ्जित देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा दु:खको प्रवृत्ति वा निवारणसम्बन्धी मान्यता पनि प्रस्तुत छ । त्रिविध ताप नै बन्धन हो र भौतिक सम्पत्ति, यश, आराम, माया, मोह, बन्धन हो भने तिनबाट मुक्ति पाएपछि कैवल्य, निर्वाण वा मोक्षप्राप्त हुन्छ भन्ने कुरा निबन्धका विभिन्न निबन्धांशमा प्रकटित देखिन्छ । यसरी साठीको दशकयताका नेपाली निबन्धमा मूलत: पौरस्त्य दर्शनअन्तर्गतका वेदान्तदर्शन र निमित्त साङ्ख्यदर्शनका साथै योगदर्शनका बन्धन र मोक्षसम्बन्धी दृष्टिकोणहरूको विशद् व्याख्या, विश्लेषण र निरूपण भएको हुँदा महत्त्वपूर्ण मानिन्छ ।

# चौथो परिच्छेद

# साठीको दशकयताका नेपाली निबन्धमा जीव, आत्मा, ब्रह्म र ईश्वरचिन्तन

## ४.१ विषयप्रवेश

'साठीको दशकयताका नेपाली निबन्धमा जीव, आत्मा, ब्रह्म र ईश्वरचिन्तन' शीर्षकको प्रस्तुत परिच्छेदमा साठीको दशकयताका नेपाली निबन्धहरूमा आत्मा वा ब्रह्मचिन्तनसम्बन्धी विविध विषयवस्तुलाई पूर्वीय वैदिक षड्दर्शनका मान्यतामा रहेर तिनका अन्तर्वस्तुको विश्लेषणमा केन्द्रित रहेको छ । यसक्रममा वैदिक षड्दर्शनका जीव, आत्मा, ब्रह्म र ईश्वरसम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत गरी साठीको दशकयताका नेपाली निबन्धमा अभिव्यञ्जित आत्मा, ब्रह्म, जीव र जीवात्मा, ईश्वर तथा ईश्वरको स्वरूप, निराकारता, अनुभूतिपरकता, सर्वव्यापकता, ब्रह्मको सत्यता, जगत्को मिथ्यात्व, ब्रह्म र माया एवम् पारमार्थिक सत्यबारे अभिव्यञ्जित गरिएको छ । साठीको दशकयताका नेपाली निबन्धहरू विविध अन्तर्वस्तुमा आधारित भए पनि पौरस्त्य दर्शनका आत्मा र ब्रह्म (ईश्वर समेत) तथा त्यसअन्तर्गत ईश्वरचिन्तन केकस्तो र केकसरी प्रस्तुत भएका छन् तिनको व्याख्या, विश्लेषण र विवेचन गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.२ उपनिषद् र षड्दर्शनका आत्मा, ब्रह्म र ईश्वरसम्बन्धी सैद्धान्तिक अवधारणा

आत्माका सम्बन्धमा उपनिषद्मा विषद् चर्चा भएको पाइन्छ । उपनिषद्मा आत्मा शब्द सामान्यतः शरीर, जीवात्मा, परमात्मा आदि अनेक अर्थमा प्रयुक्त भएको छ तापनि मुख्यरूपले यसले जीवात्मा र परमात्मा वा ब्रह्म दुवैलाई ग्रहण गर्दछ (भट्ट, २०७२, पृ. ७५) । यहाँ आत्मालाई अनेक नाम दिइए पनि यसले मुख्य रूपले जीवात्मा र परमात्मालाई बुझाएको छ । यहाँ शरीरगत उपाधिका कारण आत्मा नै शरीरजस्तो प्रतीत भएको मात्र हो भन्ने मान्यता प्रस्तुत गरिएको छ । जसले सम्पूर्ण कुरालाई व्याप्त गर्छ, जसले सम्पूर्ण पदार्थलाई ग्रहण गर्छ, जसले विषयहरूको उपभोग गर्छ र जुन सर्वथा विद्यमान छ, त्यसलाई नै आत्मा शब्दले बुझाउँछ (भट्ट, २०७२, पृ. ७६) । यसप्रकार संसारका यावत् तत्त्वमा आत्मा विराजमान रहेको हुँदा सर्वव्यापक आत्मा नै नित्य, अजर, अमर र चेतनतत्त्व हो र यसले संसारका सम्पूर्ण पदार्थ बीजका रूपमा ग्रहण गर्दछ र यही नै आनन्दस्वरूप परमात्मा हो भन्ने कुरा यहाँ बताइएको छ । त्यस्तै नानात्व आत्माको शरीरमा देखिए पनि आत्मासाक्षात्कारमा एउटै मात्र रहन्छ र छ, त्यसकारण आत्मा नित्य भएकाले नाशशील शरीरको नाश अवश्यमभावी (पौड्याल, २०५५, पृ. १७) छ । यहाँ आत्माको घर शरीर भए पनि अविद्या नाश भई तत्त्वज्ञान प्राप्त भएपछि आत्मा एक देखिन्छ भन्दै यो शरीर नश्वर छ भन्ने कुरा प्रस्तुत भएको छ ।

आत्मा गहन र रहस्यपूर्ण हुनेहुँदा आत्मकल्याणकारी आत्मालाई साधारण मनुष्यले बुझ्न, बुझाउन र जान्न सक्दैन, यो त हरक्षण आफैँभित्र रहने चेतनतत्त्व हो; जसको हरक्षण चर्चा भइरहन्छ भन्ने कुरा *कठोपनिषद्*मा उल्लेख गरिएको छ । जीवात्मा नित्य चेतन ज्ञानस्वरूप हो, अनित्य, विनाशी जड शरीर र भोगसँग वास्तवमा यसको कुनै सम्बन्ध हुँदैन र यो अनादि, अनन्त छ; न त यो कारण हो न कार्य हो त्यसैले यो जन्म-मरणभन्दा सदैव पर, सदैव एक, सर्वथा निर्विकार छ र शरीर नाश भए पनि यसको नाश हुँदैन (गोयन्दका, २०६३, पृ. ८९) । यहाँ जीवात्मा (आत्मा) सदैव ज्ञानको सत्ताका रूपमा रहन्छ र यो नित्य अविनाशी, अनादि र अनन्त तत्त्व हो र यसको अभावमा पाञ्चभौतिक शरीर वा जगत् मृतप्रायः रहन्छ भनिएको छ । यो जन्ममरणको चक्रमा पर्दैन, न त यो कारण हो न कार्य हो, यो सदैव गतिशील रहन्छ त्यसैले आत्मस्वरूप परमात्माको जान्ने महापुरुष परब्रह्म परमात्माको साक्षात्कार प्राप्त गर्दछ भन्ने कुरा उपनिषद्मा बताइएको छ । ब्रह्म वा आत्मा जो स्वयम् प्रकाशस्वरूप छ, त्यो आफैँ प्रकाशित भइरहँदा अरू तत्त्वहरूलाई समेत प्रकाशित गर्दछ (भट्ट, २०७२, पृ. ८२) । यसप्रकार ब्रह्म वा आत्माको स्वरूप आफू स्वयम् प्रकाशित भएर अरूलाई प्रकाशनवान् बनाउँछ तसर्थ यो नै चेतनतत्त्व हो भनिएको छ ।

उपनिषद्मा ब्रह्म र ईश्वरका बारेमा समेत चिन्तन, व्याख्या एवम् विश्लेषण गरिएको छ । परब्रह्म पुरुषोत्तम भगवान्लाई सर्वज्ञ, सर्वशक्तिमान्, सर्वाधार, सर्वनियन्ता, समस्त संसारको सृष्टि, स्थिति, लयकर्ता, नित्य अनिवाशी सम्झेर उनकै दिव्य नाम, लीला, रूप, धाम एवम् दिव्य गुण सम्पन्न स्वरूपको श्रवण, कीर्तन, स्मरण आदि गर्नु नै अविनाशी ब्रह्मोपासनाको यथार्थ स्वरूप हो (पौड्याल, २०६७, पृ. ११) । यहाँ अविनाशी, नित्य, सबैका आधार, सर्वज्ञ, सर्वपालक, सृष्टि, स्थिति र लयका नियन्ता परब्रह्म परमेश्वर अनेकौँ दिव्यगुणले युक्त छन् र यिनै परब्रह्मको श्रवण, कीर्तन र स्मरणले छिट्टै यथार्थ स्वरूपलाई प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । ईश्वर नै सगुण ब्रह्म हुन् र उनीबाट यस चराचर विश्वको सृष्टि भएको कुरालाई बताइएको छ (भट्ट, २०७२, पृ. ८८) । यहाँ सगुण ब्रह्मद्वारा नै यस समस्त चराचर जगत्को रचना भएको हो भन्ने मान्यता प्रस्तुत भएको छ । उपनिषद्का कतिपय वचनहरूले विश्वमा सम्पूर्ण जीवहरू र पदार्थहरूलाई एउटै ब्रह्मतत्त्वका विलसित तत्त्वहरू मानेर जीव, जगत् र ब्रह्मको ऐक्य प्रतिपादन गरेका छन् तापनि व्यवहारको दृष्टिले यी तीनोटैका स्वरूप र लक्षणहरू पनि भिन्नभिन्नै पाइन्छन् (भट्ट, २०७२, पृ. ८८) । यस विश्वब्रह्माण्डका सम्पूर्ण पदार्थमा ब्रह्म विराजमान छन् र यी व्यावहारिक दृष्टिले सत्यजस्तो देखिए पनि यी पारमार्थिक कोणबाट यी पृथक् रहेको कुरा देखाइएको छ । श्रुति र स्मृतिमा प्रतिपादित कर्महरूलाई सगुण ब्रह्मरूप भगवान्को चरणकमलमा समर्पण गर्दै निष्काम बुद्धिले उनको कृपाद्वारा जब साधकको अन्तस्करण पवित्र हुन्छ, अनि त्यस्तो साधकमा साधनादि चतुष्ट्यको उपलब्धि हुन्छ र तत्पश्चात् गरिएको अध्यात्म ज्ञानको श्रवण, मनन र निधिध्यासन सफल भएपछि अन्त्यमा समाधिद्वारा निष्प्रपञ्च ब्रह्मको साक्षात्कार गरिन्छ (भट्ट, २०७२, पृ. १५७) । यसरी भगवान्प्रति निस्वार्थ समर्पण

गर्दै कर्मफलद्वारा सेवा गरेमा साधकको अन्तस्करण शुद्ध भई साधनादि चतुष्ट्य प्राप्त हुँदा अध्यात्मको मार्गमा प्रवृत्त हुन्छ र ज्ञानद्वारा श्रवण, मनन र निधिध्यासन सफल हुन्छ र समाधिको तहमा पुगेपछि ब्रह्मसाक्षात्कार गर्न सकिन्छ भन्ने कुरा यहाँ बताइएको छ । यसका लागि योगको अभ्यास आवश्यक रहेको चिन्तन प्रस्तुत भएको छ ।

पौरस्त्य दर्शन वेदमा आधारित दर्शन हो र यसअन्तर्गत आत्मा, ब्रह्म र ईश्वरका सम्बन्धमा विवेचना गरेको पाइन्छ । यो मूलतः वेदान्तको विषय भए पनि अन्य दर्शनले समेत महत्त्व दिएका छन् । साङ्ख्यदर्शनले पुरुष नै आत्मा हो भनेको पाइन्छ । आत्मा वा पुरुष स्वयम्सिद्ध छ र स्वयम् प्रकाश र प्रकाशित गर्ने वा बनाउनका लागि अन्य कुराको आवश्यकता पर्दैन (उपाध्याय, सन् १९४२/१९६६, पृ. २६५) । यहाँ पुरुषलाई आत्माका रूपमा चिनाउँदै आत्मा स्वयम् प्रकाशानन्दस्वरूप भएको देखाइएको छ । आत्मा शुद्ध चैतन्यस्वरूप हो, जो सदैव ज्ञाता हो न कि ज्ञानको विषय हो (उपाध्याय, सन् १९४२/ १९६६, पृ. २६५) । यहाँ शुद्ध चैतन्यआत्मा नै ज्ञानको विषय नभएर स्वयम् ज्ञाता हो भन्ने कुरा बताइएको छ । यहाँ आत्मालाई प्रकृतिको घेरामा सीमित गर्न नसकिने अपरिवर्तनशील, नित्य एवम् सर्वव्यापी तत्त्वका रूपमा चिनाइएको छ । शरीर, मन तथा इन्द्रियको आत्मा मान्नु भूल हो र अज्ञानका कारण भूल सम्झेर बस्दछ जसको ज्ञानपश्चात् सुखदुःखको भोक्ता रहन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २६५) । यहाँ अज्ञानता नै दुःखको कारण हो र यो शरीर, इन्द्रिय र मनभन्दा परको कुरा हो तर आत्मालाई नचिन्दा दुःखमा पर्दछ भनिएको छ । आत्मालाई छोडेर संसारका सबै भाव प्रतिक्षण परिमाणशाली छ र उही आत्मा यस चक्करबाट बाहिर रहनेहुँदा कुटस्थता स्वतः सिद्ध हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २६६) । यसरी आत्माबाहेक संसारका यावत् तत्त्व परिणामशाली रहेको कुरा यहाँ बताइएको छ ।

योगदर्शनमा आत्मालाई मन, बुद्धि, अहङ्कारभन्दा परको स्वतन्त्र र नित्य तत्त्वका रूपमा परिभाषित गरिएको छ । योगसाधनाबाट मात्र आत्माको साक्षात्कार गर्न सकिने विचार व्यक्त भएको छ । न्यायदर्शनमा आत्माका सम्बन्धमा साङ्ख्यको भन्दा फरक रहेको छ । आत्मा स्वरूपतः अचेतन (जड) छ र आत्मामा चेतनको सञ्चार विशेष परिस्थितिमा हुन्छ (गिरी, २०५५, पृ. ५०) । यहाँ अचेतन तत्त्व नै आत्मा हो र यो विशेष स्थितिमा मात्र प्रकट हुन्छ भनिएको छ । आत्मामा चेतनाको उदय त्यतिबेला मात्र हुन्छ जब आत्माको सम्पर्क मनसँग, मनको सम्पर्क इन्द्रियसँग र इन्द्रियको सम्पर्क बाह्यपदार्थसँग हुन्छ यसर्थ स्वरूपतः अचेतन भएर पनि चेतना धारण गर्न सक्ने क्षमता आत्मामा छ (गिरी, २०५५, पृ. ५०) । यसरी आत्माको मन, इन्द्रिय र बाह्य पदार्थसँग सम्पर्क हुँदा चेतनाको विकास हुन्छ भन्दै अचेतन आत्मा नै चेतनको प्रतीक भएको कुरा देखाइएको छ । आत्मा नित्य र निरवयव छ र ईश्वर न त आत्मालाई पैदा गर्न सक्छ न त नाश नै गर्न सक्दछ (गिरी, २०५५, पृ. ५१) । यहाँ आत्मा नित्य तत्त्व भएको हुँदा यसको न जन्म हुन्छ न त मृत्यु नै

हुन्छ, यो त केवल अजर, अमर छ भन्ने धारणा व्यक्त भएको छ । वैशेषिक दर्शनमा आत्मालाई सर्वव्यापी, नित्यतत्त्वका रूपमा लिइएको छ । आत्मा नित्य द्रव्य हो, जसमा बुद्धि, सुख, इच्छा, द्वेष, प्रयत्न, धर्माधर्म, संस्कार आदि गुण विद्यमान् रहन्छन् (उपाध्याय, सन् १९४२/१९६६, पृ. २३१) । यहाँ आत्मा नित्य, शुद्ध, सर्वव्यापी तत्त्व हो र यसमा सुख, दुःख, बुद्धि, इच्छा, द्वेष, संस्कार, प्रयत्न आदि विद्यमान् रहने भए पनि शरीरभन्दा पृथक् तत्त्व हो भनिएको छ ।

पौरस्त्य दर्शनमध्ये ब्रह्म मूलतः वेदान्तदर्शन र योगदर्शनको विषय हो भने यसले ईश्वरीय सत्तालाई सर्वाधिक महत्त्व दिएको पाइन्छ । वैदिक दर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गरेको देखिन्छ । साङ्ख्यदर्शनले पुरुषलाई ब्रह्मको रूप मानेको छ र केहीबाट प्रभावित नहुने पुरुष नै शुद्ध चैतन्यस्वरूप हो भन्ने कुरा देखाइएको छ । यस दर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गरेको पाइँदैन । ईश्वरवादीहरूले संसारलाई कार्य शृङ्खला मान्दछ तर ईश्वरको कारण अस्वीकार गर्दछ र विश्वका कारण परिवर्तनशील र नित्य मान्दछ (सिन्हा, सन् १९६३/२०१८, पृ. २६१) । यहाँ ईश्वर संसारको कार्य हो तर कारण होइन भन्दै कारण सदैव गतिशील, नित्य, अपरिवर्तनशील, अपरिणामी तत्त्व हो तर ईश्वर नित्य र अपरिवर्तनशील भएको हुँदा कारण बन्न नसक्ने दृष्टिकोण अभिव्यक्त भएको छ ।

योगदर्शनमा चित्तवृत्तिनिरोधद्वारा ब्रह्मसाक्षात्कार गर्न सकिने कुरा औँल्याइएको छ । यम, नियम आदि अङ्गको अनुष्ठान गर्नाले चित्तवृत्तिनिरोध भई पुरुष पूर्णचैतन्य रूपको लाभ प्राप्त गर्दछ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३०५) । यसरी अष्टाङ्गयोगको साधनाद्वारा समाधिको तहमा पुगेपछि ब्रह्मसाक्षात्कार हुन्छ र यसको सिद्धि प्राप्त हुँदा ब्रह्मबाहेक अरू सबै अवास्तविक बोध हुन्छ भन्ने कुरा देखाइएको छ । योगदर्शनले ईश्वरलाई सर्वाधिक महत्त्व दिएको देखिन्छ । यस दर्शनका अनुसार ईश्वर नित्य, सर्वज्ञ, सर्वव्यापी परमात्मा हो र संसारको सम्पूर्ण जीवभन्दा भिन्न तथा श्रेष्ठ छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३०६) । यहाँ सम्पूर्ण जगत्का स्रष्टा ईश्वर नित्य, शुद्ध र सर्वव्यापक छन् र सम्पूर्ण जीवभन्दा ईश्वर नै श्रेष्ठ पुरुष हो भनिएको छ । न्यायदर्शनले ईश्वरप्रणिधान नै चैतन्यब्रह्मको साक्षात्कार गर्न सकिने बताएको छ । भगवान्मा प्रेमपूर्वक चित्त लगाउनाले प्रसन्न हुनुहुन्छ र विघ्नरूप क्लेशको अन्त्य भई समाधिको प्राप्त हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३०८) । यसरी भगवान्प्रति निष्ठावान् भई निरन्तर साधना गर्नाले सम्पूर्ण विकारहरूको नष्ट भई वैराग्यको अन्त्य हुन्छ र व्यक्तिले समाधि प्राप्त गर्दछ, यस्तो अवस्थामा ईश्वर वा ब्रह्मको साक्षात्कार हुन्छ भनिएको छ ।

न्यायदर्शनमा ब्रह्म शब्दको प्रयोग भएको पाइँदैन तर ब्रह्मको सत्तालाई भने स्वीकार गरेको देखिन्छ । यस दर्शनले ईश्वरलाई जगत्का निर्माता, पालनकर्ता र संहारकर्ताका रूपमा स्वीकार गरेको पाइन्छ । ईश्वर व्यक्तिपूर्ण छ, जसमा ज्ञान, सत्ता र आनन्द सन्निहित छन् र परमाणुद्वय संयोगबिना सृष्टि सम्भव छैन र जड परमाणुमा स्वतः

क्रिया उत्पन्न हुन पनि सम्भव छैन, त्यसैले दुई परमाणुलाई संयोजित गराउन निमित्त कारणरूप ईश्वरको आवश्यकता पर्दछ (गिरी, २०५५, पृ. ५०) । यहाँ परमाणुको सम्मिलनमा नै सृष्टि सम्भव रहेको हुँदा परमाणुको संयोजन गर्ने काम ईश्वरको हो त्यसैले ईश्वर नै निमित्त कारण हुन् भनिएको छ । ब्रह्मका विषयमा वैशेषिक दर्शनमा पनि खासै चर्चापरिचर्चा भएको पाइँदैन यद्यपि यस दर्शनले पनि नित्य, अस्तित्ववान् र सर्वोच्च सत्ताको रूपमा स्वीकार गरेको पाइन्छ । यस दर्शनले ईश्वरको अस्तित्वलाई महत्त्व दिएको देखिन्छ । परमाणु निष्क्रिय र गुणयुक्त हुन्छ र निष्क्रिय परमाणुमा ईश्वरको ईच्छाअनुसार गति पैदा हुन्छ र जगत्को सृष्टि हुन्छ (गिरी, २०५५, पृ. ५२) । यसरी परमाणुका सञ्चालक एकमात्र ईश्वर हुन् र उनकै ईच्छाले जगत् सञ्चालन हुन्छ भन्दै अदृश्य शक्ति ईश्वरलाई विश्वको कारण वा शक्ति मानिएको छ ।

ब्रह्म वेदान्तको मुख्य विषय हो । वेदान्तमा ब्रह्मलाई अव्याख्येय र अनिर्वचनीय भनिएको छ । यो सत् (सत्ता), चित् (ज्ञान) र आनन्दरूप (सच्चिदानन्द) हो र यही ब्रह्मको स्वरूप लक्षण हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५१) । यसरी सच्चिदानन्दस्वरूप नै ब्रह्मको लक्षण हो र यो आनन्दमय चैतन्यस्वरूपको छ भनिएको छ । ब्रह्म त्यस्तो वस्तु हो जसलाई शब्दद्वारा प्रकाशित पारेर बुझ्न सकिँदैन त्यसकारण हामी 'ब्रह्म के हो' भनेर जान्न सक्दैनौँ, 'ब्रह्म के होइन' भनेर बुझ्नुपर्दछ (गिरी, २०५५, पृ. ५५) । यसप्रकार ब्रह्मलाई शब्दद्वारा व्याख्या गर्न, बुझ्न र बुझाउन नसकिने अदृश्य तत्त्वका रूपमा व्याख्या गरिएको छ । ब्रह्मलाई उपनिषद्मा समेत जान्न नसकिने तत्त्व भनेर व्याख्या गरेको पाइन्छ । त्यसैले ब्रह्मको अर्थ र परिभाषाभन्दा के होइन भन्ने खोजी गर्नुपर्ने तर्क अघि सारिएको छ । ब्रह्ममा सजातीय र विजातीय भेद छैन, तसर्थ ब्रह्म भेदरहित र निर्गुण छ तर शून्य होइन जसबाट जगत्को उत्पत्ति, स्थिति र लय हुन्छ त्यो नै ब्रह्म हो (गौतम, २०७८, पृ. १००) । यसरी ब्रह्मलाई भेद गर्न नसकिने नित्य, अजर, अमर, शुद्ध, चैतन्यस्वरूपका रूपमा परिभाषित गरिएको छ । यहाँ ब्रह्म नै समस्त जगत्को कारक भएकाले सम्पूर्ण तत्त्व उनमा नै अडिएको छ, साथै ब्रह्म निर्गुण, निराकारस्वरूपको भए पनि शून्य भने नभएको चिन्तन प्रस्तुत भएको छ ।

वेदान्तदर्शनमा सम्पूर्ण सृष्टि, स्थिति र लयको कारक ईश्वर हुन् भनिएको छ । ब्रह्म र मायाको संयुक्त स्वरूपलाई ईश्वर भनिन्छ र ईश्वरमा मायाको अंश रहेको हुनाले ईश्वर केवल व्यावहारिक दृष्टिकोणबाट मात्र सत्य हो, पारमार्थिक दृष्टिकोणबाट असत्य हो (गिरी, २०५५, पृ. ५७) । यहाँ ब्रह्म र मायाको एकाकार नै ईश्वर हो र यिनै ईश्वर व्यवहारका कोणबाट सत्यजस्तो देखिए तापनि परमार्थका दृष्टिले असत्य रहेको चिन्तन प्रस्तुत भएको छ । ईश्वर नै यो जगत्को निमित्त कारण हो र उपादान कारण पनि ऊ आफैँ हो, सृष्टि ईश्वरको खेल हो, सृष्टि गर्नु ईश्वरको स्वभाव हो जसरी श्वास-प्रश्वास मानवीय स्वभाव हो (गिरी, २०५५, पृ. ५७) । यहाँ सृष्टि गर्नु ईश्वरको स्वभाव भएकाले सम्पूर्ण विश्वको

आदिकारण भएको र उनी नै सृष्टिनिर्माता, सञ्चालक गतिको कारण भएको उल्लेख गरिएको छ । यहाँ प्राणबिना मानवीय अस्तित्व असम्भव रहेजस्तै ईश्वरको कृपाबिना जगत्को परिकल्पना असम्भव छ भन्ने मान्यता प्रस्तुत भएको छ ।

पौरस्त्य दर्शनमा आत्मा, ब्रह्म र ईश्वरका सम्बन्धमा आआफ्नै दृष्टिकोण रहेको पाइन्छ । यहाँ ब्रह्म र आत्मा मूलतः वेदान्तको विषय भए पनि अन्य दर्शनले पनि यसलाई स्वीकार गरेको देखिन्छ । ईश्वरका सम्बन्धमा भने प्रायः सबै दर्शनले सर्वाधिक महत्त्व दिएका छन् । पौरस्त्य दर्शनले आत्मा, ब्रह्म, ईश्वर जुनसुकै नाम दिएको भए पनि कुनै न कुनै कोणबाट यो केन्द्रमा रहेका छन् र यो नै जगत्को मूलकारण भएको कुरा दर्साइएको छ ।

पौरस्त्य दर्शनमा आत्मा नै सम्पूर्ण कुराको केन्द्र हो भन्ने मान्यता रहेको छ । आत्मा नित्य द्रव्य हो, जसमा बुद्धि, सुख, इच्छा, द्वेष, प्रयत्न, धर्माधर्म संस्कार आदि गुण निवास गर्दछ र त्यो शरीर तथा इन्द्रियभन्दा पृथक् भएर एक स्वतन्त्र सत्ताको धारणा गर्ने द्रव्य हो जो आत्मा इन्द्रियभन्दा सर्वथा भिन्न छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. २३१) । यहाँ आत्मा शरीरभन्दा पृथक् तत्त्व हुनुका साथै यसमा सुखादि तत्त्व विद्यमान रहन्छ र यसको स्वतन्त्र अस्तित्व छ भन्ने मान्यता प्रस्तुत भएको छ । मीमांसादर्शनमा आत्मालाई कर्ता र भोक्ताका रूपमा परिभाषित गरिएको छ । आत्मा व्यापक र प्रति-शरीर-भन्दा भिन्न तथा ज्ञान, सुख, दुःख तथा इच्छादि गुण उसमा समवाय सम्बन्धका रूपमा रहन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३२९) । यहाँ आत्मालाई व्यापक तत्त्वका रूपमा स्वीकार गर्दै सुख, दुःख आदि गुण विद्यमान रहन्छ भन्ने विचार प्रकट भएको छ । आत्मा स्वयम् प्रकाशमान, अचेतन र जड छ तर चेतना धारणा गर्न सक्ने क्षमता उसमा छ, जब आत्माको सम्पर्क शरीर, इन्द्रिय र मनसँग हुन्छ आत्मामा चेतनाको सञ्चार हुन्छ (गिरी, २०५५, पृ. ५३) । यसरी आत्मालाई स्वयम् प्रकाशानन्दमय चेतनतत्त्वका रूपमा चिनाइएको छ साथै मन, इन्द्रिय र शरीरसँग आत्माको सम्पर्क हुँदा चेतन्य प्रवाहित हुन्छ भन्ने मान्यता अघि सारिएको छ । वेदान्तदर्शनमा आत्मालाई अजर, अमर आत्माका रूपमा लिइएको छ । शंकरले आत्माको नित्य, शुद्ध र निराकार र एक मानेका छन् (सिन्हा, सन् १९६३/२०१८, पृ. ३१०) । यहाँ आत्मालाई नित्य, शुद्ध र निराकार तत्त्व हो र यो देश, काल र सीमाभन्दा परको कुरा हो भनिएको छ ।

पौरस्त्य दर्शनमा आत्मा र ब्रह्मका सम्बन्धमा आआफ्नै मान्यता वा दृष्टिकोण प्रस्तुत भएको छ । यहाँ सबै दर्शनले नित्यतत्त्वका रूपमा स्वीकार गरेको पाइन्छ । आत्मा देश, कालभन्दा पर रहेको सर्वव्यापी, स्वतन्त्र तत्त्व हो र यसले शरीरगत उपाधि प्राप्त गर्दछ भनिएको छ । यहाँ आत्मा वा ब्रह्म नै जगत्को आदिकारण हो र उनै ईश्वर नै जगत्को निर्माण, सञ्चालन र गतिका कारण भएको उल्लेख गरिएको छ । यही आत्मा र ब्रह्मअन्तर्गत जीव र जीवात्मा, जीवात्मा र परमात्मा, ब्रह्मको सत्यता र जगत्को मिथ्यात्व, ब्रह्म र माया, ब्रह्म र पारमार्थिक सत्य, ईश्वरको निराकारता, ईश्वरको

अनुभूतिपरकता, ईश्वरको सर्वव्यापकताका सम्बन्धमा पौरस्त्य दर्शनमा केकसरी, कहाँ, कस्तो भन्ने आत्मा र ब्रह्मप्रतिको व्याख्या, विश्लेषण र चिन्तन प्रस्तुत गरिएको छ ।

आत्मालाई पौरस्त्य दर्शनमा जीवात्मा, परमात्मा पनि भनिएको पाइन्छ । आत्मा नै शरीररचनाको कारण हो र यो मन, बुद्धि र अहङ्कारबाट टाढा रहने नित्य र स्वतन्त्र तत्त्वका रूपमा लिइएको छ । यस दर्शनमा चित्तवृत्तिनिरोधबाट नै आत्मा वा ब्रह्मसाक्षात्कार गर्न सकिने कुरा बताइएको छ । योगदर्शनमा ईश्वरलाई सृष्टिको कर्ता नमानेर चित्त एकाग्रताका लागि उपयोगी वस्तु मान्दै ईश्वर प्रणिधानलाई स्वीकार गरेका छन् (आचार्य, २०७३, पृ. १५५) । यहाँ ईश्वरलाई साधनका रूपमा मात्र स्वीकार गरिएको छ र ईश्वरलाई सृष्टिका कारक मानेको पाइँदैन । न्यायदर्शनले आत्मालाई निरवयव, नित्य, ज्ञाता, भोक्ता, कर्ता र विभू हो र यो दिक् कालमा मात्र सीमित छैन (आचार्य, २०७३, पृ. १४१) । यहाँ आत्मालाई कर्ता, भोक्ता, ज्ञाता र नित्य तत्त्व भनिएको छ र यो देश र कालको सीमामा आबद्ध नहुने तत्त्वका रूपमा चिनाइएको छ । न्यायदर्शनमा ईश्वरलाई परमात्माको संज्ञा दिएको छ र यो नित्य तत्त्व नै संसारका निर्माता भएको कुरा उल्लेख भएको छ ।

आत्मा नित्य तत्व हो र यो प्रत्येक शरीरमा निवास रहन्छ; तसर्थ आत्मालाई चेतन तत्त्व मानिएको छ । वैशेषिक दर्शनमा बाँचुञ्जेल शरीरमा गति हुने र मरेपछि नहुनेहुँदा त्यो गतिदायक तत्त्व आत्मा नै भएको सिद्ध हुन्छ (आचार्य, २०७३, पृ. १०६) । यहाँ आत्माको अस्तित्व शरीरसँग रहेकाले शरीरलाई जीवित राख्ने काम आत्माले गर्दछ भन्दै शरीर नाश हुनासाथ आत्मा अर्को शरीरमा प्रवेश गर्ने कुरा बताइएको छ । आत्मालाई एउटा द्रव्यका रूपमा रहेको कुरा मीमांसादर्शनमा बताइएको छ भने ईश्वलाई खासै महत्त्व दिइएको छैन । वेदान्तदर्शनमा ईश्वरलाई सगुण, सर्वज्ञ, व्यापक, स्वतन्त्र र व्यक्तिपूर्ण भएकोले मान्छेले उपासना गर्ने उल्लेख भएको छ । ईश्वर जगत्को कारण, ब्रह्मको उपास्यरूप हो र व्यावहारिक दृष्टिले ब्रह्मलाई नै ईश्वर भनिन्छ, पारमार्थिक दृष्टिले ईश्वरलाई नै ब्रह्म (आचार्य, २०७३, पृ. १६२) भनिन्छ । यहाँ ईश्वर नै ब्रहम र ब्रह्म नै ईश्वर भएको बताउँदै व्यावहारिक कोणबाट सत्य देखिए पनि पारमार्थिक कोणबाट असत्य भएको विचार व्यक्त भएको छ । यस्ता ईश्वर सर्वव्यापक, निराकार छन् र उनलाई अन्तस्करणमा प्राप्त गर्न सकिने धारणा यहाँ स्पष्ट पारिएको छ । यहाँ ब्रह्म वा आत्मामात्र सत्य हो जगत् मिथ्या हो भन्दै ब्रह्मलाई एकमात्र सत्य भएको उल्लेख भएको छ ।

पौरस्त्य दर्शनका विविध चिन्तन, मान्यतामध्ये आत्मा, ब्रह्म र ईश्वरका सम्बन्धमा विभिन्न धारणाहरू व्यक्त भएका छन् । आत्मा मूलतः वेदान्तको विषय भए पनि अन्य दर्शनले समेत आत्मा, परमात्माका रूपमा परिभाषित गरेका छन् । ब्रह्म मूलतः वेदान्तको विषय हो र यसलाई योगदर्शनले पनि स्वीकार गरेको छ र पुरुष नै आत्मा हो र यो स्वयम् प्रकाशानन्दस्वरूपको छ र अरूलाई समेत प्रकाशित गर्दछ भनिएको छ । आत्मा शरीर, मन र बुद्धिभन्दा परको कुरा हो र यो नै ज्ञाता हो भन्ने धारणा प्रस्तुत भएको छ । आत्मालाई

नित्य, शुद्ध, अजर, अमर र केहीबाट प्रभावित नहुने तत्त्वका रूपमा चिनाइएको छ । यसप्रकार आत्मा स्वतन्त्र, अचेतन र जड भए पनि चेतनतत्त्व ग्रहण गर्ने समर्थ राख्दछ र ऊ नै कर्ता र भोक्ता हो भनिएको छ । यहाँ शरीरभन्दा भिन्नतत्त्व आत्मा र ब्रह्ममा कुनै भेद नभएको र देश, काल र सीमाभन्दा पर रहेको तत्त्व हो भन्ने कुरा स्पष्ट पारिएको छ ।

पौरस्त्य दर्शनमा पुरुषलाई नै ब्रह्मका रूपमा चिनाइएको छ र यो केहीबाट प्रभावित नहुने चेतनतत्त्व हो भनिएको छ । यहाँ अष्टाङ्गयोगका साधनाद्वारा समाधि प्राप्त गर्नु नै ब्रह्मसाक्षात्कार हुनु हो भन्दै चित्तवृत्तिनिरोध नै ब्रह्मसाक्षात्कार गर्ने माध्यमका रूपमा लिइएको छ । यस दर्शनमा ब्रह्मलाई नित्य, शुद्ध र सर्वोच्च सत्ताका रूपमा स्वीकार गरिएको छ । ब्रह्मलाई उपनिषद्मा अनिर्वचतीय, अव्याख्येय भनिएको छ तसर्थ शब्दद्वारा यसलाई जान्न र बुझ्न नसकिने चेतनतत्त्वका रूपमा परिभाषित गरिएको छ । ब्रह्मलाई भेद गर्न नसकिने र सम्पूर्ण जगत्का निर्माता निर्गुण निराकार तत्त्वका रूपमा चिनाइएको छ ।

ईश्वरको स्वरूपलाई पौरस्त्य दर्शनले समेत मानेको छ । यहाँ ईश्वर नित्य, अपरिवर्तनशील तत्त्व हो र ऊ स्वयम् कार्य हो भनिएको छ । यहाँ प्रकृति र पुरुषलाई जोड्ने काम ईश्वरले गर्नेहुँदा समस्त विश्वका निर्माता, सर्वज्ञ, सर्वव्यापी तत्त्व हो र ऊ नै कर्मफलदाताका रूपमा परिभाषित गरिएको छ । पौरस्त्य दर्शनमा ईश्वरलाई भगवान् पनि भनिएको छ र उनै ईश्वर नै जगत्का निमित्त र उपादान कारण भएकाले बाह्यरूपबाट ईश्वरको साक्षात्कार गर्न नसकिनेहुँदा अन्तस्करणमा रहने सनातन नित्यतत्त्वका रूपमा ईश्वरलाई लिइएको छ ।

## ४.३ साठीको दशकयताका नेपाली निबन्धमा आत्मा र ब्रह्मसम्बन्धी चिन्तनको विश्लेषण

साठीको दशकयताका नेपाली आत्मपरक निबन्धहरू मूलतः विविध अन्तर्वस्तुमा केन्द्रित रहेका छन् । यहाँ पौरस्त्य दर्शनका कतिपय मान्यता घटित भएका छन् । यहाँ यिनै पौरस्त्य दर्शनका विशेषताका आधारमा विशेषतः आत्मा र ब्रह्मसम्बन्धी चिन्तन र त्यसभित्र ईश्वरचिन्तनको विश्लेषण गरिएको छ । आत्माअन्तर्गत जीव र जीवात्मा, जीवात्मा र परमात्मा तथा ब्रह्मभित्र ब्रह्मको सत्यता र जगत्को मिथ्यात्व, ब्रह्म र माया, ब्रह्म र पारमार्थिक सत्य, ईश्वर, ईश्वरको निराकारता, ईश्वरको अनुभूतिपरकता, ईश्वरको सर्वव्यापकता आदि विविध विषयमा आधारित भएर व्याख्या विवेचन एवम् विश्लेषण गरिएको छ । पौरस्त्य दर्शनमध्ये आत्मा, ब्रह्मसम्बन्धी चिन्तन वेदान्तदर्शनको मूल प्रतिपाद्य विषय हो र अन्य दर्शनमा पनि परिचर्चा भएको पाइन्छ भने ईश्वरका सम्बन्धमा भने प्रायः सबै दर्शनले स्वीकार गरेको देखिन्छ । यहाँ पूर्वीय दर्शनका आत्मा र ब्रह्मचिन्तन र त्यसभित्र ईश्वरचिन्तनअन्तर्गत आत्मासम्बन्धी चिन्तन, जीव र जीवात्मा, जीवात्मा र परमात्मा, ब्रह्मको सत्यता र जगत्को मिथ्यात्व, ब्रह्म र माया, ब्रह्म र पारमार्थिक सत्य,

ईश्वरको निराकारता, ईश्वरको अनुभूतिपरकता, ईश्वरको सर्वव्यापकता केकसरी घटित भएका छन् भन्ने कुराको व्याख्या, विवेचन एवम् विश्लेषण गरिएको छ । साठीको दशकयताका निबन्धमा आएका यिनै मान्यताहरूलाई यहाँ उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

शरीरभन्दा भिन्नतत्त्व नै आत्मा हो जसको अभावमा शरीर मृत हुन्छ । त्यही चेतनतत्त्व नै आत्मा हो । जीवमा 'म' भन्ने जुन अनुभव हुन्छ त्यो नै आत्मा हो (गिरी, २०५५, पृ. १३४) । यहाँ आत्माको सत्ता भएको हुँदा यो सर्वथा वर्तमानमा रहन्छ र यो चेतनाका साथै आत्मा आनन्दमयस्वरूपको हुन्छ भन्ने कुरा बताइएको छ । आत्माको आनन्द शुद्ध र स्थायी हुन्छ त्यसैले शंकरले सत्+चित्+आनन्द-सच्चिदानन्द भनेका छन् (सिन्हा, सन् १९६३/२०१८, पृ. ३१०) । यहाँ आत्मा र ब्रह्ममा कुनै भिन्नता छैन किनकि आत्मा नै ब्रह्म र ब्रह्म नै आत्मा हो भन्ने मान्यता प्रस्तुत भएको छ । आत्माको श्रवण, मनन र निधिध्यासनद्वारा साक्षात्कार हुँदा सबै आत्मा रहेछ भन्ने बोध हुन्छ (घिमिरे, २०७२, पृ. १४७) । यहाँ सच्चिदानन्दस्वरूप आत्मा नित्य, शुद्ध र आनन्दमय हुन्छ र यस्तो आत्मा र ब्रह्ममा कुनै भेद नभएकाले श्रवण, मनन र निधिध्यासनद्वारा आत्मासाक्षात्कार गर्न सकिने कुरा बताइएको छ । आत्मा भनेको आफू हो । यो शरीर, प्राण, मन, बुद्धि, चित्त, अहङ्कारका साथै अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय, कोश पनि होइन (रिमाल, २०६१, पृ. ३५) । यहाँ आत्मा दृक् पदार्थका साथै नित्य, शुद्ध, निराकार र एक छ र यो स्वतन्त्र, मन, बुद्धि र अहङ्कारभन्दा परको तत्त्व एवम् शरीररचनाको कारण हो भनिएको छ । सत्त्व, रज र तम तीन गुणदेखि भिन्न, विविक्त, कूटस्थ, निर्विकार, शुद्ध वस्तु नै आत्मा हो (रिमाल, २०६१, पृ. ३५) । यहाँ कर्मफलबाट प्रभावित नहुने आत्मा निर्गुणदेखि भिन्न शुद्ध, निर्विकार, अपरिवर्तनशील, सर्वव्यापी र जन्म मरणको चक्रबाट मुक्त छ र आत्मा स्थिर, अजर र अमर छ भन्ने कुरा देखाइएको छ । आत्माको परमरूप परमात्मा हो र त्यही परमात्मा ब्रह्म हो भन्ने कुरा यहाँ देखाइएको छ । जीव र आत्माको भेद व्यावहारिक हो, परमार्थतः जीव, आत्मा र ब्रह्ममा कुनै भेद छैन (घिमिरे, २०७१, पृ. ६२) । यहाँ आत्मा र जीवमा कुनै भिन्नता नभएको उल्लेख गर्दै आत्मामा तरङ्ग उत्पन्न हुँदा जीवहरू उत्पन्न हुन्छन् र ती वास्तविक प्रतीत हुन्छन् भनिएको छ । उपनिषद्मा आत्मालाई उपासना गर्नु, अनुसन्धान गर्नु, ध्यान गर्नु नै मनुष्यका मुख्य कर्तव्य भएको उल्लेख छ (गड्तौला, २०७८, पृ. ४९) । यहाँ आत्माको उपासना गर्नु मनुष्यको मुख्य कर्तव्य भएको बताउँदै आत्मा सर्वत्र व्याप्त भएकाले सबैलाई ग्रहण गर्नुका साथै सम्पूर्ण विषयलाई आफैँमा विलीन गर्दछ र अखण्ड पनि छ भन्ने कुरा बताइएको छ । मेघ, वर्षा, हावा आदिले आकाशलाई दागी बनाएजस्तो देखिन्छ तर जस्ताको तस्तै छ, त्यस्तै आत्मा छ (घिमिरे, २०७२, पृ. १४७) । यहाँ आत्मा कर्ता र भोक्ता दुवै नभए पनि उपाधिका कारणले भोक्ता र कर्ता प्रतीत हुन्छ र यो अपरिवर्तनशील छ साथै पाप र पुण्यबाट मुक्त आत्माले सुखदुःखको अनुभूति नगर्ने ज्ञाता, ज्ञान र ज्ञेयको व्यावहारिक त्रिपुटी भन्दा पर छ भनिएको छ । शंकर वेदान्तअनुसार प्रकाशस्वरूप आत्मा र

ब्रह्ममा कुनै भेद छैन भनिएको छ । वेदान्तमा 'आत्मा' शरीरलाई त कतै इन्द्रियलाई कहीँ प्राणलाई त कहीँ मनलाई, कतै अव्यक्त (मूलप्रकृति) लाई र धेरैतिर जीवात्मालाई अनि यथार्थमा परब्रह्म परमात्मालाई नै देखाइएको, लेखाइएको र लक्षित गरिएको पाइन्छ ( रिमाल, २०६१, पृ. ३६) । आत्मा इन्द्रिय, मन र बुद्धिभन्दा परको कुरा हो र आत्मा नै जीवात्मा हो र जीवात्मालाई परब्रह्म परमात्मा पनि भनिन्छ भन्ने मान्यता यहाँ प्रस्तुत भएको छ । यहाँ विभिन्न क्रियाप्रतिक्रिया हुँदा आत्मा एक अवस्थाबाट अर्को अवस्थामा प्रवेश गर्छन् र स्वतः आत्मामा नै बिलाउँछन् भन्ने कुरा बताइएको छ । स्थूल, सूक्ष्म एवम् कारण शरीरभन्दा भिन्न पञ्चकोशातीत, अवस्थात्रयको साक्षी चौबिस तत्त्वका आधार, अविद्या एवम् मायाबाट क्रमिक रूपमा प्रतीयमान हुने जीव र ईश्वरबाट पृथक् जुन सच्चिदानन्दस्वरूप निवास गर्दछ त्यही आत्मा हो (आचार्य, सन् २०१०, पृ. १०) । यहाँ सच्चिदानन्दस्वरूप आत्मा कारण शरीरभन्दा पृथक् हुनुका साथै सांसारिक नियमहरूको ज्ञाता आत्मा आध्यात्मिक तत्त्व हो, जुन शाश्वत सत्य हो भनिएको छ । यहाँ आत्मा र ब्रह्मसम्बन्धी चिन्तनको मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूका उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवम् विश्लेषण गरिएको छ :

> मलाई हृदय भित्रबाट आयो, म भनेको के हो ? मेरो भन्ने को हो ? मानिसहरूको प्रायजसो भन्ने चलन छ अँध्यारो कोठामा 'कोही छ' भनेर बाहिरबाट सोध्यो भने 'म छु' भन्छ । त्यो म भन्ने को हो ? मलाई आत्मा नै हो जस्तो लाग्छ । आत्मा भन्ने शब्द सजिलोको लागि प्रयोग गरिएको होला । यो आत्मा भन्ने चीज सृष्टिकर्ता ब्रह्मको एक अंश बीजको रूप लिएर बसेको हुनुपर्छ । बीज नष्ट हुँदैन किनभने यो प्रकृति वा ब्रह्मको भूमिकामा बाधा पर्छ तसर्थ बीज रहिरहन्छ । यसर्थ आत्मा मर्दैन भनेर परापूर्वकालदेखि भनिआएको हो । मेरो भन्नु वस्तु के हो भनेर खोजी गर्दा मेरो भन्ने मन हो । माया भनेको पनि त्यही हो आत्मालाई पनि मेरो आत्मा भनिन्छ मेरो हात, मेरो मुख, मेरो शरीर इत्यादि मेरो भन्ने चलन छ मेरो विचारमा आत्मा भन्ने चीज शाश्वत छ ।...
>
> (सीतारामप्रसाद दंगाल, 'म', *जीवन अनुभूति,* पृ. ३२)

प्रस्तुत निबन्धांशमा 'म' को अस्तित्वबोध नै आत्मा हो भनिएको छ र यसक्रममा मेरो भन्नु नै आत्मा वा बीज हो भन्ने कुरा देखाइएको छ । निबन्धांशमा निबन्धकारले म भनेको के हो ? भन्ने जिज्ञासा हृदय भित्रबाट व्यक्त भएको धारणा प्रकट गर्दै 'म छु' को भावना नै आत्मा भएको चिन्तन प्रस्तुत गरेका छन् । उद्धृतांशमा जीवमा 'म' को अनुभव नै आत्मा हो र यो नै सृष्टिकर्ता ब्रह्मको अंश बीजरूप भएर बसेको हुँदा बीज अविनाशी तत्त्व हो भन्ने मान्यता व्यक्त भएको छ । यस उद्धरणमा प्रकृति वा ब्रह्म नै सृष्टिको मूलकारण हो त्यसैले ब्रह्मले ईश्वरका रूपमा संसारको रचना गर्नेहुँदा यो नै संसारको सृष्टि, स्थिति र लयको कारण भएकाले सृष्टिको बीज हो तसर्थ यो अविनाशी तत्त्व हो भनिएको छ । प्रस्तुत उदाहरणमा आत्मा शाश्वत, अजर, अमर, अविनाशी तत्त्व हो भनी परापूर्वकालदेखि नै मान्दै

आएको धारणा अभिव्यक्त भएको छ । यस अंशमा मेरो भन्नु शरीरगत उपाधि हो, मन हो भन्दै आत्मालाई पनि बुझाउन 'मेरो' को प्रयोग गरिएको कुरा उल्लेख गरिएको छ । मेरो आत्मा मेरो हात, मेरो मुख, मेरो शरीर आदि पदावलीले 'मेरो' भन्ने शरीरगत लक्षण हुन् त्यसैले 'मेरो' को प्रयोग शरीरलाई बुझाउन भएकोले अज्ञानका कारणले नै आत्मालाई शरीर सम्झिएर भएको हो भन्ने आत्माचिन्तनको विषयलाई यहाँ स्पष्ट सङ्केत गरेको छ ।

> जीव अथवा आत्मा प्रकृतिका पाञ्चभौतिक तत्त्वका आवरणले आवृत्त भए पनि योगसाधक पुरुषले अनावृत्त अवस्थामा नै देखिरहेका हुन्छन् । पृथ्वीले ढाक्न प्रयत्न गर्दछ तैपनि आत्म अनावृत्त रहन्छ । जलतत्त्वका आवरणले पनि आत्मालाई ढाकेको हुन्छ र आत्मा त्यहाँ पनि पारदर्शी रहन्छ । तापतत्त्वले आवरण प्रदान गरे पनि आत्मा अनावृत्त नै रहन्छ । शब्द गुणात्मक वायु पनि आत्माको आवरण बनेर लागेको भए पनि आत्मा अनावृत्त नै रहन्छ । शब्द गुणात्मक आकाश पनि चाहेभन्दा पनि व्यापक अर्थमा आवरणको जिम्मा लिएर बसे पनि आत्मा अनावृत्त नै रहन्छ ।...
>
> (राजेन्द्र सुवेदी, 'अनावृत्त', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. १७-१८)

प्रस्तुत निबन्धांशमा आत्माविषयक मान्यता ल्याइएको छ र यसक्रममा आत्माको निवासस्थान शरीर भएको कुरा देखाइएको छ । देह वा शरीर पाञ्चभौतिक तत्त्वद्वारा आवृत्त भए पनि योगसाधक पुरुषले अविद्याको नष्ट गर्नुका साथै अन्तःस्करणका विकारहरू परित्याग गरेर अनावृत्त अवस्थामा नै सत्, चित् र आनन्दस्वरूप आत्माको अनावृत्त गरेका हुन्छन् भन्ने चिन्तनलाई यहाँ बताइएको छ । उद्धृतांशमा पृथ्वी, जल, तेज, शब्द वा वायु र आकाश आदि पाञ्चभौतिक तत्त्वको आवरणले आत्मालाई आवृत्त गरेको भए पनि आत्मा अजर, अमर, सत्य, शुद्ध, बद्ध, मुक्त एवं स्वयम् प्रकाशानन्दमय, पारदर्शी र अनावृत्त रहेको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा शरीरगत उपाधिका कारणले मात्र 'म' नै कर्ता र भोक्ताजस्तो प्रतीति भएको हो तर प्राण वा चेतनतत्त्व नै आत्मा हो भनिएको छ ।

> ... भौतिकता र सांसारिकताले गाँजेर म शून्यतामा विलीन हुन्छु कि भनेर मप्रति तपाईं चिन्तित भएको पनि मैले बुझेको छु । मेरो मस्तिष्क र संवेदना मैले बन्धकी राखेर म बाँचिरहेको यथार्थ पनि मैले बुझेको छु । मेरो संवेदनामा पैरो जाँदा तपाईं आहात भएको पनि बुझेको छु । मभित्र रोबर्ट आत्माको अवतरण हुन्छ कि भन्ने तपाईंको चिन्ता पनि मैले मनन गरेको छु र मलाई भौतिकता र सांसारिकताको ठुलो गर्तमा पर्न दिनबाट जोगाउन खोज्ने तपाईंको अभिप्राय पनि मैले राम्ररी ठम्याएको छु । त्यसैले तपाईंलाई म नढाँटी भन्छु- मैले सपनामा देखेको श्वेतवस्त्रधारी शालीन पुरुषप्रतिको मेरो आकर्षण भौतिकताप्रतिको मेरो विकर्षणको प्रतीक र अचेतनको प्रकटीकरण होइन र ?
>
> (लक्ष्मणप्रसाद गौतम, 'आत्मा, स्फटिक र दर्शनका विम्बहरू', *मधुपर्क,* पृ. ३५)

प्रस्तुत निबन्धांशमा आत्माको आवृत्तस्वरूपको चित्रण गर्दै भौतिकताको बन्धन नै आत्मबोधको जालो हो भन्ने कुरा देखाइएको छ । यस अंशमा भौतिकता र सांसारिकता जड तत्त्व हुन् र यिनै आत्मज्ञानका अवरोधक भएकाले निबन्धकारले आत्माको वास्तविकताको बोध नभई यिनै तत्त्वमा अल्झिएर हराउँछु कि भन्ने पाठकको चिन्तालाई आफूले बुझेको विचार व्यक्त गरेका छन् । यहाँ मस्तिष्क र संवेदनाले थिचिएर आफू बाँचिरहेको यथार्थलाई बुझेको बताउँदै तिनमा पैरो जाँदा आफू आहात भएको, पीडित बनेको धारणा प्रकट गरेका छन् । उद्धृतांशमा आफूभित्र यान्त्रिक आत्माले प्रवेश पाउँछ कि भनी पाठक चिन्तित भएको पनि आफूले बुझेको स्वीकार गर्दै भौतिकता र सांसारिकताको जालोबाट मुक्त पार्न लिएको उद्देश्य पनि आफूलाई बोध भएको कुरालाई स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा आफूले सपनामा देखेको श्वेतवस्त्रधारी शालीन पुरुषप्रतिको आकर्षण नै भौतिकताप्रतिको वितृष्णा र आत्माको प्रकटीकरण हो भन्ने आत्मचिन्तन प्रस्तुत गरेको पाइन्छ ।

> त्यसैले हामी समुद्रामा पुग्न नसकेको खहरे भएका छौँ तर पनि भनिरहेछौँ म ‘म’ हुँ । म ‘म’ हुँ भन्नुसम्म ठीकै छ तर त्यस मभित्र आफ्नो जुन अस्तित्वको अपेक्षा हामी गरिरहेछौँ, त्यो सागर हुन सक्तैन । त्यो वटवृक्ष पनि हुनु सक्तैन । त्यसैले बोधिसत्त्व प्राप्त गर्न सक्तैन । किनभने हामी अझै पनि बीजमै अल्मलिरहेछौँ, थोपामै खुम्चिरहेछौँ र एक्लै हिँड्नमा गौरव गरिरहेछौँ ।

(रमण घिमिरे, ‘हामी थोपा पनि समुद्र पनि’, ... *अर्थात् हामी,* पृ. २६)

प्रस्तुत निबन्धांशमा आत्माको अनन्ततासम्बन्धी मान्यता ल्याइएको छ । यस अंशमा आनन्दको स्वरूप आत्माको पहिचान गर्न नसकेको र यसको रहस्य समुद्रको गहिराइजत्तिकै भएको कुरा देखाइएको छ । यस निबन्धांशमा ‘म’ को प्रयोग अविद्याका कारणले शरीरलाई बुझ्नाले भएको हो र आत्माको अनन्तता बुझ्न नसकेर हामी वर्षात्को खहरे बनेको चिन्तन प्रकट भएको छ । प्रस्तुत उद्धरणमा ‘म’ नै आत्मा हो र त्यस ‘म’ को अनुभव शरीरगत उपाधिका कारणले शरीरलाई बुझाएकाले त्यो स्वयम् प्रकाशानन्द आत्मा हुन सक्दैन किनकि यो आत्मा सागर हो तर हामीले अस्तित्वको लागि खोजेको सागर होइन, वटवृक्ष पनि नभएको धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा अनन्त आत्मा शरीरगत आवरणले गर्दा अनेकजस्तो भान भएकोले बोधिसत्त्व प्राप्तिका लागि अनुकूल सैँतिस तत्त्व प्राप्त गर्न कठिन रहेको स्पष्ट पारिएको छ । आत्माको वास्तविकता नबुझेर आनन्द नभएको स्थानमा खोजी गर्न लागिरहेको, बीजमा मात्र अल्झिरहेको, थोपामा मात्र सीमित भएकाले एक्लै हिँड्नुमा गौरवान्वित ठानेको कुरासमेत देखाउँदै सत्यबाट टाढा रहेको कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> एउटा फेन्टास्टिक सोचाइ आउँछ- मभित्रका नदीमा धेरै पुलहरू थिए, धेरै डुङ्गाहरू थिए । धेरैले पार गरे त्यसबाट । धेरैको पापप्रक्षालन भयो मभित्रकै नदीबाट । धेरैका कल्मषहरू धोइए मभित्रकै नदीबाट; तर नदीजस्तै कलकल मृदुगान दिन सकेँ मैले ?

> म अनुत्तरित छु । फेन्टास्टिक सोचाइ तिरोहित हुन्छ एकछिनमा । एक झिल्को झिलिक्क आउँछ एउटा सोचाइ र विलुप्त हुन्छ उत्तिखेरै ।

(लक्ष्मणप्रसाद गौतम, 'एउटा नदी छ म आफैँभित्र', *चेतना सन्देश,* पृ. ८८)

प्रस्तुत निबन्धांशमा आत्मचिन्तनसम्बन्धी मान्यता ल्याउँदै आत्माको स्वरूपको चित्रण गरिएको छ र यसक्रममा आत्मसाक्षात्कारबाट नै आत्मलाभ प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा निबन्धकारले जगत् नै ब्रह्मको शरीर हो र शरीरभित्र नदी रहेको र ती नदीमा थुप्रै पुलहरू र डुङ्गाहरू रहेको कुरा औँल्याउँदै त्यसबाट धेरैले पार पाएको र अविद्याको पर्दा हटेर ज्ञान प्राप्त भएपछि त्यसबाट मुक्ति प्राप्त गरेको विचार व्यक्त भएको छ । यहाँ जगत् वा शरीर आफैँमा दुर्गन्धित नभई दुर्गन्धित पारिएकाले त्यस दुर्गन्ध वा पापलाई आफैँभित्रको नदीले पखाल्ने, शुद्धि गर्ने काम भएको कुरासमेत देखाउँदै ब्रह्म वा आत्माको साक्षात्कार गरी आनन्द प्राप्त गरेर, सत्सङ्ग र सद्शास्त्रका माध्यमबाट आफूभित्रका फोहोर पखालेर शुद्ध गरेमा ब्रह्मको ज्ञान प्राप्त भई सांसारिक समुद्रबाट पार गर्न सकिन्छ र तिनै डुङ्गा भएको कुरालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा नदीहरू नाम, रूप त्यागेर बहँदै समुद्र बनेजस्तै अज्ञानको पर्दा हटाएर वा रूप, नाम त्यागेर आत्मासँगको साक्षात्कारद्वारा आत्मलाभ गरेपछि ब्रह्म प्राप्त गर्न सकिन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । नदीद्वारा मनभित्रका कल्मषहरू पखालेर कलकल मृदुगान गाउन सके नसकेकोमा निबन्धकार स्वयम् अनुत्तरित रहेको वैचारिक चिन्तनलाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरिएको छ । यस उद्धरणमा बिजुलीको झड्का वा तरङ्गजस्तै विचार एवम् सोचाइ पनि झुलुक्क एक झिल्को भएर आउने र विलुप्त भएर तत्कालै हराएर जाने उल्लेख गर्दै आत्माबोधको मृदुगान पनि झिल्को बनेर प्रकट हुने गरेको निबन्धकारको चिन्तन प्रस्तुत भएको छ ।

> ... त्यसैले त जीवनयात्रा अनन्त हुन सक्छ ... त्यसैले जीवनको यात्रा फलीभूत वा शरीर आत्मासहितको शरीर ... वा परमात्ममा मिल्न खोज्ने आत्मामय वा अनात्मामय ... वा अविद्यामय ... वा ब्रह्मकालीनमय ... वा आफूले थेग्न सकेजति जे जस्तो र जति पनि हुन सक्छ । यी आज मभित्र र मेरो दिमागभित्र ओहोरिएर जोल्ठिएका दर्शनजस्ता केही चिन्तनहरू माझ, लाग्छ म एउटा जोइटिङ्ग्रे मनुष्य भएकोझैँ महसुस गरिरहेको छु ।

(केशव पौडेल, 'छिन्नभिन्न अस्तित्व', *मधुपर्क,* पृ. ५३-५४)

प्रस्तुत निबन्धांशमा आत्मविषयक मान्यता ल्याइएको छ । यस अंशमा जीवनको यात्रा आत्मामा फलीभूत रहेकाले आत्मा र शरीर एकअर्काका परिपूरक रहेको कुरा देखाइएको छ । यहाँ आत्मा नै अनन्तको यात्रा भएको हुँदा आत्माको निवासस्थान शरीर हो तसर्थ सत्, चित् स्वरूप आत्माको बोध नै आनन्दमय छ भन्ने चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा संसारप्रति वैराग्य भाव र परमात्माप्रति भक्ति नै आनन्दको कारण भएको हुँदा

वक्तृत्वद्वारा यसलाई प्राप्त गर्न सकिँदैन भन्ने कुरा देखाइएको छ । आत्मा र अनात्माको वा अविद्या वा ब्रह्मकालीनमय जुनसुकै आत्मासहितको पाञ्चभौतिक शरीर नै जीवनयात्रा भएको हुँदा आत्मा र अनात्माको विभेद पहिचान गर्न नसक्दा निबन्धकार स्वयम्को मानसमा दर्शनका ठेली जोल्ठिएका, गुजुल्टिएको मनुष्य भएको कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> ... मान्छेको मन त अत्यन्त खराब तत्त्व हो- भन्छन् योगी पुरुषहरू । यसलाई वस्तु भनौँ भने द्रव्यका रूपमा अनावृत गरेर देखाउन सकिन्नँ । यसलाई भावमात्र भनौँ भने त्यसलाई पनि प्रकटमा ल्याउन सकिन्नँ । त्यसैले यो आवृत्त भएर रहने तत्त्व हो । अनि तिनै योगी भन्छन्- मान्छेको जीवनको बन्धन मोक्षको कारण म नै त हो ।...

(राजेन्द्र सुवेदी, 'अनावृत्त', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. १३)

प्रस्तुत निबन्धांशमा आत्मा आवृत्त हुन्छ भन्ने आत्माको निराकारस्वरूपको चित्रण गरिएको छ । यहाँ अन्तर्चक्षु वा मन नै मान्छेको अत्यन्त दुषित एवम् खराब तत्त्व भएको योगी महात्माहरूको दृष्टिकोण रहेको चिन्तन प्रस्तुत भएको छ । आत्मालाई शारीरिक आवरणले ढाकेको हुँदा द्रव्यद्वारा अनावृत्त गरेर देखाउन नसकिने अत्यन्त सूक्ष्म तत्त्वका रूपमा यस अंशमा स्पष्ट पारिएको छ । यस अंशमा आत्मालाई भौतिक आँखाले नभई आध्यात्मिक आँखाले मात्र अनुभव गर्न सकिने सूक्ष्म तत्त्व भएको हुँदा भावद्वारा बाहिर प्रकट गर्न सकिँदैन भनिएको छ । उद्धृतांशमा आत्मा सदैव शारीरिक आवरणले आवृत्त रहने तत्त्व हो र यसलाई ज्ञान र विवेकद्वारा जान्न र बुझ्न सकिन्छ तर अज्ञान एवम् अविद्याका कारण त्यसलाई नजानेर मानिस बन्धनमा परिरहन्छ त्यसैले मनलाई बन्धन र मोक्ष दुवैको कारण मानिएको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> ... मनले राम्रा विचार सोच्छ, बुद्धिले यो राम्रो विचारलाई केन्द्रविन्दु गरी नयाँ संस्कारको चेतना फैलाउँछ र आत्माले यसलाई हेरी बस्छ भने अब भगवान् के रहेछन् त ? भगवान् जप्ने हामी, हाम्रो आत्मा जुन हाम्रो शरीरमा चेतनामूलक भएर रहन्छ भने यो आत्मा नै हाम्रो भगवान् हो । अर्को कुनै विचार उठ्दैन । आज जहाँ मन्दिरहरू खडा छन्, आत्माकै चित्रण हुने मन्दिर बनेका हुन् भन्दा के बित्ला र ? देवीदेवीका त आखिर हाम्रै मात्र पुर्खाहरूको सम्झाउनेबिर्साउने हुन् । कोठामा तस्बिर झुण्डाएको झैँ मूर्तिवत् खडा मन्दिर छन् ।

(मोहनबहादुर कायस्थ, 'ऋषिमुनिको तपस्याको फल', *आकाशवाणी,* पृ. ८५-८६)

प्रस्तुत निबन्धांशमा चेतनतत्त्व आत्मा नै भगवान् वा ईश्वर हुन् र यो आफैँभित्र भएकाले आत्मा नै सच्चा ईश्वर भएको चिन्तन, प्रस्तुत भएको छ । यहाँ सर्वव्यापक, सर्वज्ञाता एवं चैतन्यस्वरूप आत्मा कुनै पनि कर्मफलबाट प्रभावित नहुनेभएकाले यसको स्वभाव मौन हुन्छ भनिएको छ । सम्पूर्ण कुराको ग्रहणकर्ता एवं समस्त विषयलाई आफैँमा विलीन गर्ने

भएकाले अखण्ड आत्मालाई कुनै पनि कुराले प्रभावित गर्दैन तसर्थ चेतनतत्त्व आत्मा हाम्रो शरीरमा विराजमान भएकाले आत्मा नै भगवान् हो भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा मठ, मन्दिरहरूले नै आत्माको साकारस्वरूपको चित्रण गर्नेहुँदा आत्मा आफैँभित्र छ तर आत्माको प्रतीक भगवान् प्राप्त गर्न मठमन्दिर बनाएर मूर्ति स्थापना गरी भगवान् वा आत्माको खोजीमा भौँतारिरहेका छौँ भन्ने चिन्तन प्रस्तुत भएको छ ।

> पूर्वीय दर्शनले त्यही मरेपछि पनि नमर्ने मनलाई आत्मा भनेको हुन सक्छ । भए वा नभए पनि आत्माको अस्तित्व स्वीकार्न मन लाग्छ । गीताले आत्माको विशद् विवेचना गरेको छ । मैले गीताको अध्ययन त्रि-चन्द्र कलेजमा गरेको हुँ । गीताले आत्माको अमरता वकालत गरेको छ । तर शरीरविज्ञान आत्माको निवासस्थानको बारेमा मौन छ । गीतामा आत्माको विशेषता अचाक्ली वर्णन गरिएको छ तर आत्माको स्वरूप बारेमा खासै उल्लेख छैन । निराकार हुनु कुनै आकार वा स्वरूप होइन । गीतामा आत्माको वर्णन गर्दा विशेष्यमाथि विशेषण हावी भएको छ ।

(रामबाबु घिमिरे, 'विचार संक्रमण', *अनर्गल प्रलाप*, पृ. ५)

प्रस्तुत निबन्धांशमा आत्माविषयक मान्यता प्रस्तुत भएको छ । यस अंशमा पूर्वीय दर्शनले स्वीकार गरेको आत्माको अमरतामाथि जोड दिँदै भौतिक देह वा शरीर प्राणको अभावमा नश्वर भए पनि आत्मा नित्य, अजर, अमर, शाश्वत र एकमात्र सत्य भएको चिन्तन प्रस्तुत गरिएको छ । यस निबन्धांशमा आत्माको अस्तित्व भए वा नभए पनि स्वीकार्न मन लाग्ने निबन्धकारका विचार व्यक्त भएको पाइन्छ । उद्धृतांशमा आत्माको सम्बन्धमा गीतामा व्यापक चर्चा गरेको उल्लेख गर्दै आत्माका पक्षमा वकालत गरेको कुरासमेत देखाउँदै आत्माको निवासस्थान शरीर हो भनेको भए पनि शरीरविज्ञान भने मौन रहेको धारणा अभिव्यक्त भएको छ । गीतामा आत्माको सम्बन्धमा व्यापक चर्चापरिचर्चा गरिएको भए पनि यसको स्वरूपका बारेमा खासै उल्लेख भएको पाइँदैन तसर्थ निराकार कुनै स्वरूप नभएर अभौतिक तत्त्व हो भन्दै गीतामा आत्माका सम्बन्धमा विशेषता थप्ने काम भएको कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> ... सबैको संसार हेर्ने आँखा आआफ्नै हुन्छन् । आफूजस्तो छ संसार पनि त्यस्तै देखिन्छ ।... कोही संसारको उत्पत्ति आत्माबाट भएको हो भनिरहेका छन् । कोही स्वयम् आत्मालाई नै भौतिक संसारको उपज मानिरहेका छन् । वेदले आत्मालाई जीव र जगत्को मूल आधार मानेको छ । ... संसार न कसैले बनाएको हो न यो कसैमा आश्रित छ । यो त आफै बनेको हो र यसको स्रोत पनि ऊ आफै हो ।...

(कमल रिजाल, 'अन्त्यहीन यात्रा', *सुदर्शन*, पृ. १७२)

प्रस्तुत निबन्धांशमा आत्माको अस्तित्वविषयक मान्यता ल्याइएको छ र यसक्रममा आत्मा ब्रह्म नै ब्रह्म हो भन्ने कुरा देखाइएको छ । यहाँ संसार हेर्ने आआफ्नो दृष्टिकोण

हुनेहुँदा व्यक्तिअनुसार संसारको स्वरूप देखिने कुरासमेत औँल्याउँदै सबैका आफ्नो दृष्टिकोण हुने कुरा प्रस्तुत भएको छ । यस अंशमा आत्मा र ब्रह्ममा कुनै भेद नभएको हुँदा संसारको रचना आत्मा वा ब्रह्मबाट भएको हो भनेको पाइन्छ किनकि आत्मा र ब्रह्म दुवै सच्चिदानन्दस्वरूप हो भन्ने कुरा व्यक्त भएको छ । उद्धृतांशमा कसैले आत्मा नै भौतिक जगत्को कारण मानेको भए पनि वेदमा आत्मालाई शरीररचनाको कारण भएको हुँदा जीव र जगत्लाई मूल आधार मानेको कुरालाई स्पष्ट सङ्केत गरिएको छ । संसारको उत्पत्ति ब्रह्मद्वारा भएकाले यो कसैमा आश्रित नभएर सम्पूर्ण जगत्को सार र आदिकारण ऊ स्वयम् हो भन्ने कुराको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ ।

> आफ्नो जीवनलाई आफैले बनाउनुपर्छ । आफ्नो प्रतिष्ठाको आइफेल टावर आफैले बनाउनुपर्छ । जीवनलाई आफैले दर्शन, दृष्टि, योजना उद्देश्यमूलक ढङ्गले बढाउनैपर्छ । संसारको हरेक चीज अगाडि आउनुमा पनि केही तात्पर्यहरू हुन्छन् । प्रकृतिमा पनि अचम्मकै सम्मोहन, शक्ति र सामर्थ्य छ । प्रकृति भनेको प्राण हो । प्राण भनेको आत्मा हो । आत्मा भनेको अमर वैभव हो । आत्मा भनेको अजर आभूषण हो ।

(मोहन चापागाईं, 'म मृत्यु बाँच्छु', *सत्य संलाप,* पृ. ८०)

प्रस्तुत निबन्धांशमा आत्माको अस्तित्वविषयक मान्यता ल्याउँदै आत्मा नै सम्पूर्ण कुराको केन्द्र हो भन्ने कुरा देखाइएको छ । यहाँ प्रत्येकका आआफ्ना दर्शन, योजना र दृष्टिकोण हुने भएकाले आफ्नो जीवनलाई कसरी सञ्चालन गर्ने भन्ने कुरामा व्यक्ति स्वयम् जिम्मेवार हुन्छ भनिएको छ । यस अंशमा संसारका प्रत्येक वस्तु अगाडि आउनुमा कुनै न कुनै कारण रहेको उल्लेख गर्दै प्रकृतिमा पनि विशिष्ट शक्ति, सामर्थ्य र सम्मोहन रहेको विचार व्यक्त भएको पाइन्छ । यहाँ प्रकृति नै प्राण हो, प्राण नै आत्मा हो प्राणबिना जगत्को परिकल्पना असम्भव भएजस्तै प्राण वा आत्माबिना शरीर मृतप्रायः हुन्छ भनिएको छ । उद्धृतांशमा सम्पूर्ण कुराको आभूषण नै आत्मा भएकाले आत्मा अजर, अमर र वैभवपूर्ण छ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

> यसै भनिन्छ कि मानिस मर्दा आफूसँग भएको आत्मा जुन जुगदेखि एकएकमा सर्दै आएको हो, जसको कति वर्ष आयु भयो भन्नेसम्म थाहा छैन, त्यही आत्मा शरीरलाई त्यागी लास बनाएर आफू चाहिँ यस्ता साना बच्चामा सर्छ रे भनिन्छ । अनि त्यो आत्मा जुन बच्चामा आयो यसैले दूध चुसाउनदेखि लिएर जीवनकालसम्म आत्मकेन्द्रित कार्य सिकाउँछ त्यो शिशुलाई । हिँडाउँछ, डुलाउँछ, हुर्काउँछ, बोल्न सिकाउँछ, आँखा यताउता घुमाउन र चिज चिन्न, आत्मसात गर्न सिकाउँछ, कानले सुन्ने यावत् काम गर्छ । यसैले शिशुसँग टाँसिन आत्मा भएर पुरानो शरीरमा बसेको आत्मा सर्छ । यो ज्ञान यति अपारदर्शी छ, भौतिक रूपमा यसलाई प्रमाणित गर्न सकिन्न । आध्यात्मिक रूपले सोच्नुपर्छ अनि ज्ञान खुल्छ ।

(मोहनबहादुर कायस्थ, 'उच्छृङ्खलता एक आत्मिक अवस्था', *आकाशवाणी,* पृ. ३५)

प्रस्तुत निबन्धांशमा आत्माको नित्यताको चित्रण गरिएको छ र यसक्रममा अभौतिक तत्त्व आत्मात्त्वको ज्ञानले चेतनको द्वार खुल्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा प्रत्येक मानिसको शरीरमा आत्माको बास हुन्छ र अनादि र अनन्त आत्मा युगौँदेखि एक शरीरबाट अर्को शरीरमा सर्दै जान्छ तसर्थ यसको कुनै निश्चित आयु हुँदैन भनिएको छ । यही आत्मा जीर्ण शरीरलाई त्यागी बच्चाको शरीरमा प्रवेश गर्छ भन्ने कुरालाई यस अंशमा पुष्टि गरिएको छ । यहाँ आत्मा बच्चाको शरीरमा प्रवेश गर्छ र उसलाई जीवनकालभरि आत्मकेन्द्रित हुन सिकाउँछ भन्दै पुरानो शरीरलाई त्याग्दै नयाँ शरीरमा प्रवेश गर्दछ त्यसैले पारदर्शी र अभौतिक तत्त्व आत्मालाई कुनै पनि कुराले प्रमाणित गर्न नसकिनेहुँदा आध्यात्मिक चिन्तन वा ज्ञानद्वारा मात्र गन्तव्यमा पुग्न सकिन्छ भन्ने आत्मविषयक चिन्तन प्रस्तुत भएको छ ।

> ... मन र आत्मा चाहे एकै कोषका सकारात्मक वा नकारात्मक दुई पाटा होस् वा दुई भिन्दाभिन्दै कोष वा पाटा होस् । यी दुवैलाई सञ्चालन गराउने, कार्य विभाजन गराउने एउटा अर्को पाटो वा कोष छ त्यसैलाई म यसबेला प्रज्ञा मानिरहेछु । मन र आत्माको विद्यमानतासँगै मस्तिष्कको विद्यमानता पनि छ । अझै भन्ने हो भने मन र आत्माको विद्यमानतासँगै तपाईंको वा शरीरको विद्यमानता पनि छ । यही नै प्रज्ञाको अस्तित्व हुनुको साक्ष्य पनि हो ।

(विनयकुमार शर्मा नेपाल, 'मन, आत्मा र मस्तिष्क', *परावर्तन,* पृ. ३५)

प्रस्तुत निबन्धंशमा मन र आत्माविषयक मान्यता ल्याउँदै मन र आत्मा एकै कोषका दुई भिन्न पाटो भएको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा मन र आत्मालाई सञ्चालन गराउने, कार्य विभाजन गराउने तत्त्व नै प्रज्ञा वा चेतना भएको कुरालाई निबन्धकारले स्वीकारेका छन् । यस निबन्धांशमा मन, आत्मा सँगसँगै शरीरको विद्यमानता वा अस्तित्व स्वीकार्नु प्रज्ञा वा चेतनाको अस्तित्व हुनु हो भन्ने मान्यतालाई स्पष्ट पारिएको छ । उद्धृतांशमा मन र आत्मा एकअर्काकाका परिपूरक हुन् र यसको शरीरसँग सम्बन्ध छ भन्दै आत्मा वा मनको आश्रयस्थल शरीर हो र यही नै चेतन आत्मा वा मनको साक्षी हो भनिएको छ । आत्मा वा मन अजर अमर भए पनि शरीर क्षणिक र नश्वर छ तसर्थ यो रूपान्तरणशील छ, जसको अभावमा शरीरको अस्तित्व नभएको चिन्तनलाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरिएको छ ।

> अहिले पनि अध्यात्मवादीहरू चेतना (आत्मा) लाई संसारको आदिम स्रोत मानिरहेका छन् र सारा संसार यसैको विस्तृत रूप हो भनिरहेका छन् । संसारकै आदिम ग्रन्थ ऋग्वेदले चेतना (आत्मा) बाट आकाश र आकाशबाट वायु हुँदै समग्र विश्वब्रह्माण्ड उत्पत्ति भएको बताएको छ । यही चेतन आत्मालाई महर्षि वेदव्यासले ब्रह्मको संज्ञा दिएका छन् भने ब्रह्मसूत्रका भाष्यकार आद्यशङ्काराचार्यले पनि ब्रह्म नै भनेका छन् तर पौराणिक ग्रन्थहरूले भने ईश्वरको नाम दिएका छन् ।

(कमल रिजाल, 'समन्वयवाद', *सुदर्शन,* पृ. १५३)

प्रस्तुत निबन्धांशमा आत्माको निराकारस्वरूपको चित्रण गरिएको छ । यस अंशमा अध्यात्मवादीहरूका मतमा संसारको आदिम स्रोत चेतनआत्मा वा ब्रह्म हो भन्ने स्वीकार गरेको पाइन्छ । प्राचीन आदिग्रन्थ ऋग्वेदमा चेतनतत्त्व आत्माबाट आकाश र आकाशबाट वायु हुँदै सम्पूर्ण जगत्को रचना भएको हो भन्ने कुरालाई यस अंशमा व्यक्त गरेको छ । उद्धृतांशमा महर्षि वेदव्यासका मतमा चेतनतत्त्व आत्मा नै ब्रह्म हो भनेका छन् भने ब्रह्मसूत्रका भाष्यकार शङ्कराचार्यका मतमा पनि ब्रह्म नै जगत्को आदिकारण भएको उल्लेख गरेको भए पनि पौराणिक ग्रन्थहरूमा ईश्वर नै विश्वब्रह्माण्डका कर्ता र भोक्ता भएको संज्ञा दिएको कुरा स्पष्ट पारिएको छ ।

> अर्थात् मानिसरूपी यो शरीर, मानिसले पुराना झुत्रा वस्त्र फुकालेर नयाँ लगाएजस्तै हो । प्राण जीर्ण शरीरलाई छाडेर अर्को नयाँ शरीरमा प्रवेश गर्छ । त्यसैले शरीर त प्राणको एउटा डेरा मात्र हो । अनि भौतिक घरसँग मानिसले किन यति मोह बढाउनू ? ठीकै छ, बाँचुञ्जेल सुखभोग गरौं भन्ने उक्तिका आधारमा घरलाई नितान्त आफ्नो ठाने पनि डेरामा बस्ने पनि मानिस नै हो भन्ने बुझिदिए कति सहिष्णु हुन्थ्यो समाज, कति सुरम्य हुन्थ्यो मानिसको जीवनयापन र कति ठूलो छाति हुन्थ्यो मानिसको भावनाको ।

(रमण घिमिरे, 'डेराको घमासान', ... *अर्थात् हामी,* पृ. ४६)

प्रस्तुत निबन्धांशमा आत्माको डेरा शरीर भएकाले अस्थायी शरीर जीर्ण भएपछि आत्मा पनि अर्को शरीरमा प्रवेश गर्छ भन्ने आत्मचिन्तन प्रस्तुत भएको छ । यस अंशमा पुराना लुगा जीर्ण भएर काम लाग्दैन र नयाँ लुगा लगाएजस्तै शरीर जीर्ण भएपछि आत्मा पनि अर्को शरीरमा प्रवेश गर्छ यसर्थ शरीर आत्मा वा प्राणको अस्थायी डेरा भएकाले यो क्षणिक हुनेहुँदा भौतिक वस्तुसँगको मानिसमा किन यति धेरै मोह रहेको छ भन्ने आध्यात्मिक दृष्टिकोण प्रस्तुत भएको छ । उद्धृतांशमा आत्माको घर शरीर हो र यो शरीर नाशवान् भएकाले भौतिक शरीरप्रतिको मोह व्यर्थ छ तसर्थ अविद्याको पर्दा हटाएर आनन्द र सुखले बाँच्नुपर्ने विचार औँल्याउँदै समाजमा पनि सदभाव, सहिष्णु र प्रेममय वातावरणमा सुखानुभूतिका साथ बाँचौं भन्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> मन, आत्मा र प्रज्ञाजस्ता अनेकौं तरङ्ग मस्तिष्कबाट उठ्दछ र विभिन्न कार्य गर्दछ ।... यतातिर आत्मा यस्तो ऊहापोहमा कामै लागेको भेटिन्छ । आत्मा गहनतातिर रमाउने हुनाले यस्तो मनले कार्य गरेको अवस्थामा आत्मालाई लुप्तसरह नै अनुभव गर्छु र म र यस्तै अवस्थामा मस्तिष्कको अर्थात् प्रज्ञाको अनुभव हुन्छ मलाई ।

(विनयकुमार शर्मा नेपाल, 'मन, आत्मा र मस्तिष्क', *परावर्तन,* पृ. ३६)

प्रस्तुत निबन्धांशमा आत्माविषयक चिन्तन अभिव्यक्त भएको छ । यहाँ मन, आत्मा र प्रज्ञा आदि अनेकौं तरङ्गको उद्भव मस्तिष्कबाट हुनेहुँदा यसले विभिन्न कार्य गर्दछन्

भन्ने विचार प्रस्तुत भएको छ । यस अंशमा माया, दया, प्रेम आदि मानवीय व्यवहारबाट आत्मा र देह बेग्लै रहेछ भन्ने कुरामा जोड दिँदै आत्मा यस्तो ऊहापोहमा कमै लाग्नेगरेको र स्वयम् प्रकाशानन्दस्वरूप आत्मा अचेतन हुनुका साथै सुषुप्ति वा मोक्षावस्थामा यो चेतनशून्य हुन्छ भन्ने मान्यता ल्याइएको छ । यस निबन्धांशमा आत्मा सुषुप्ति अवस्थामा म वा आत्माको ज्ञान, प्रज्ञा वा चेतनाको बोध आफूलाई हुने निबन्धकारको चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा आत्मालाई बाह्य चक्षुद्वारा देख्न, छुन नसकिनेहुँदा अन्तर्चक्षुका माध्यमद्वारा अनुभूति गर्न सकिने अदृश्यतत्त्व वा शक्ति हो यसलाई छैटौँ प्रज्ञाद्वारा अनुभव गर्न सकिन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

> ... चञ्चलताको स्वरूप बताउन सक्ने कोही पनि देखिनँ तर अध्यात्म दर्शनले भने भन्छ- शरीरभित्र लिप्त भई बसेको आत्माले यी सबै चालकुचाल बुझेर नबुझेको जस्तो गरी हेरी बस्छ । आत्माले यसो गर, उसो गर भन्दैन- केवल हेरेर बस्छ । आत्माले जुनी फेर्छ भने जे एक शरीरमा बस्दा आत्मसात् गरेको छ त्यही एक संस्कार लिएर अर्को कसैको जन्ममा जन्म लिन्छ । शरीर जीर्ण होस्-नहोस्, जुनसुकै अवस्थामा आत्माले शरीर त्याग्न सक्छ र अर्को जन्ममा परिणत हुन्छ ।

(मोहनबहादुर कायस्थ, 'चञ्चलताको स्वरूप', *आकाशवाणी,* पृ. १०१)

प्रस्तुत निबन्धांशमा आत्माको निराकारस्वरूपको चित्रण गर्दै आत्माको स्थायित्व नभएको विचार प्रस्तुत भएको छ । यस अंशमा चञ्चलताको कुनै निश्चित स्वरूप नभएको उल्लेख गर्दै आत्माले शरीरमा डेरा जमाएर मौन रूपमा हेरीमात्र बस्छ भन्ने धारणा प्रकट भएको छ । शरीरगत आवरणले आत्मालाई छोप्नेहुँदा आत्माले कुनै पनि क्रियाकलापका लागि आग्रह नगरी केवल हेर्ने काम गर्छ भन्ने कुरा यहाँ देखाइएको छ । उद्धृतांशमा आत्मा एक शरीरबाट अर्को शरीरमा प्रवेश गर्ने भएकाले एक शरीरमा रहँदा जे गतिविधि गर्छ त्यस्तै कार्य वा स्वभावका साथ अर्को जन्म लिन्छ तसर्थ उसका लागि शरीर जीर्ण होस् नहोस् त्यसको ख्याल गर्दैन र आत्माले जुनसुकै स्थितिमा शरीरलाई त्यागेर अर्को शरीरमा प्रवेश गर्दछ भन्ने आत्मविषयक मान्यता प्रस्तुत भएको छ ।

> ... अनि मलाई लाग्छ- सांसारिकता आत्मदर्शनको अवरोध हो, भौतिकता आत्मचिन्तनको व्यवधान हो र भौतिकताको जालोले छोपिएका आँखाले केही देख्न सक्दैन । कहीँ केही देख्न नसक्नाको यही पीडाबोध लिएर आफू बाँचिरहेको प्रताडनाले मलाई आक्रान्त पार्छ । ऋषि र चिन्तकहरूले पर्णकुटीमा बसेर संसार देखे, म तलैतला भएको घरमा बसेर आफैलाई देखिरहेको छैन ।...

(लक्ष्मणप्रसाद गौतम, 'आत्मा, स्फटिक र दर्शनका विम्बहरू', *मधुपर्क,* पृ. ३५)

प्रस्तुत निबन्धांशमा आत्माको अज्ञानता नै बन्धन हो र सांसारिकताको जालो नै आत्मलाभको बाधक भएको कुरा देखाइएको छ । यस अंशमा भौतिक जगत् एवम्

सांसारिकता नै ज्ञानको अवरोधक भएको हुँदा आफैँभित्र भएको आत्माको प्रकाशको ज्ञान हुँदैन तसर्थ आत्मबोध र आत्मचिन्तनको अवरोधक नै सांसारिक बन्धन हो भन्ने विचार व्यक्त भएको छ । भौतिकताको जालोले जेलिएर ज्ञान प्राप्त गर्न नसकिने, अविद्याको पर्दाले आँखा छोपिदिँदा आत्मलाभ गर्न नसकिने धारणा यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा निबन्धकारले कहीँ, केही देख्न वा ज्ञान प्राप्त गर्न नसकेर आफूलाई पीडाले आक्रान्त पारेकोले आत्मलाभ गर्न नसकेको आत्मविषयक मान्यता प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा ऋषि र चिन्तकले पर्णकुटीमा बसेर प्राप्त गरेको ईश्वरलाई आफूले महलमा बसेर पनि देख्न नसकिरहेको चिन्तनलाई प्रस्तुत गरेका छन् ।

> ... मानवशरीर पनि ऊर्जास्वरूप छ । मलाई लाग्छ प्राण वा आत्मा भनेको पनि ऊर्जा हो । ऊर्जा शून्य भएपछि शरीर लाशमा परिणत हुन्छ । अहिलेसम्म शरीरविज्ञान त्यो तत्त्व पत्ता लगाउन असमर्थ छ जुन लोप हुनासाथ शरीर लाशमा परिणत हुन्छ । बेलाबेलामा मलाई पनि बुझक्कड नै हुँ कि भन्ने सनक चढ्छ । म भन्न चाहन्छु त्यो तत्त्व भनेको ऊर्जा हो अनि धार्मिक भाषामा आत्मा र व्यावहारिक रूपमा प्राण । शरीरबाट ऊर्जा बहिर्गमनपश्चात् चिकित्सा विधि समाप्त हुन्छ ।

(रामबाबु घिमिरे, 'अतिरिक्त ऊर्जा', *केन्द्र र परिधि,* पृ. ११)

प्रस्तुत निबन्धांशमा आत्मालाई शारीरिक ऊर्जाको रूपमा लिँदै आत्माको अमरताविषयक मान्यता ल्याइएको छ । यस अंशमा ऊर्जा नै प्राण वा आत्मा भएकोले यसको निवासस्थान शरीर हो जसको अभावमा शरीर मृत हुन्छ तसर्थ त्यही चेतनतत्त्व नै आत्मा हो भनिएको छ । उद्धृतांशमा शरीरविज्ञानले पत्ता लगाउन नसकेको प्राण वा आत्मा वा ऊर्जाको अभावमा शरीर नाशवान् हुनेहुँदा 'म' तत्त्व नै आत्मा हो त्यसैले व्यावहारिक रूपमा यसलाई प्राण भनिएको कुरा बताइएको छ । देहमा रहने चेतनसत्ताको प्रवेश भएपछि जीव कहलाउँछ तर त्यही चेतनतत्त्व, प्राण वा ऊर्जाको बहिर्गमनपश्चात् देहको अन्त्यसँगै चिकित्सा विधिको पनि अन्त्य हुन्छ भन्ने चिन्तनलाई यस निबन्धांशमा स्पष्ट सङ्केत गरिएको छ ।

> मेरो विचारमा सन्तहरूले अभ्यास गर्दा गर्दा जब समाधिस्थ हुन्छन्, जुन अवस्थामा यस्तो आउँछ आफू वा म भन्ने चीज केही रहँदैन जसरी खोलाको पानी समुद्रमा समावेश भएपछि खोलाको पानी भन्ने रहँदैन त्यसैगरी समाधिस्थ व्यक्तिको संसारै रहँदैन । शरीर त अरूले हेर्दा देखिन्छ तर ती व्यक्ति वा सन्तको आत्मा भन्ने तत्त्व परम् प्रकाशमय भएको हुन्छ ।...

(सीतारामप्रसाद दंगाल, 'प्राण र वासना', *जीवन अनुभूति,* पृ. ५४-५५)

प्रस्तुत निबन्धांशमा आत्माको प्रकाशानन्दस्वरूपको चित्रण गरिएको छ र यसक्रममा समाधिस्थ अवस्थामा पुग्दा म तत्त्वको कुनै अस्तित्व नरहने चिन्तन व्यक्त भएको छ । यहाँ समाधिस्थ अवस्थामा पुग्दा सन्तहरूले आफू र म कुनै तत्त्व बाँकी रहँदैन भनेका छन् र

जीवमा म भन्ने अनुभव नै आत्मा हो भन्ने ज्ञान आर्जन गर्छ भन्ने भाव प्रस्तुत भएको छ । उद्धृतांशमा खोलाको पानी समुद्रमा मिसिँदा खोला नभएर समुद्रको पानी नै हो कुनै अर्को वस्तु होइन भन्ने बोध हुन्छ त्यसैगरी समाधिस्थ व्यक्तिको संसार पनि भिन्न नभएर एकै प्रतीत हुन्छ भन्ने मान्यता अभिव्यक्त भएको छ । शरीर आत्माको निवासस्थान र आवरण हो तसर्थ आकाशजस्तै व्यापक तत्त्व आत्मालाई शरीरको आवरणले घेरेको प्रतीत हुने भए पनि सन्त, महात्माहरूको आत्मा भने स्वप्रकाशानन्द भएको कुरासमेत देखाउँदै यो सूक्ष्मतत्त्व हुन्छ भन्ने कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> 'म' शब्दले व्यक्तिलाई प्रतिनिधित्व गरे पनि त्यो 'म' शरीर होइन । 'म' र 'मेरो' मा ठूलो अन्तर रहेको छ । 'मेरो' शब्दसँग सामूहिकता जोडिएको हुन्छ । धेरै कुराहरू 'मेरो' हुने गर्दछ । 'म' भने सधैँ एउटै र एक्लै उभिने गर्दछ । 'म' भनेको आत्मा हो । आत्मा भन्नु, प्राण भन्नु, सास भन्नु, जीव भन्नु, हंस भन्नु एकै कुरा हो । वास्तवमा यसलाई शक्तिभन्दा अझ सहज हुन्छ ।

(विश्वदीप अधिकारी, 'अन्तर्गर्भ', *वैजयन्ती,* पृ. ५०)

प्रस्तुत निबन्धांशमा म नै आत्मा हुँ भन्ने आत्मविषयक चिन्तन प्रस्तुत भएको छ । यहाँ म को अनुभव वा अस्तित्वबोध नै आत्मा हो भने केवल शरीरका आवरणले आत्मालाई ढाकेको हुँदा शरीरगत उपाधि धारण गरको कुरा देखाइएको छ । यस अंशमा म र मेरो शब्दमा भिन्नता रहेको औँल्याउँदै मेरो शब्दले सामूहिकतासँग गाँसिएको हुँदा धेरै कुराहरू मेरो नै हुने भाव व्यक्त भएको छ । म शब्दको प्रयोग आत्मालाई बुझाउन गरिएको भए पनि यो मौलिक तत्त्व चैतन्य हो र यो सबै अवस्थामा विद्यमान हुन्छ तसर्थ म नै आत्मा हो र यो सदैव एक छ साथै एक्लै उभिने तत्त्व आत्मा सत्य छ भन्ने चिन्तन प्रस्तुत भएको छ । यस अंशमा अज्ञानताका कारणले 'म' को प्रयोग भएको तर यसले सबै तत्त्वको बोध हुनेहुँदा यो चैतन्यशक्ति हो भन्ने धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा अविद्याका कारण म नै शरीर लागे पनि जब ज्ञान प्राप्त हुन्छ र प्रज्ञाचक्षु खुल्छ त्यसबेला आत्मा र शरीरको भिन्नता बोध हुन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

> त्यसैले जीवन आफैँ नै एउटा डेरा हो । यो अस्थायी छ । हरेक मानिसलाई त्यो थाहा छ । तर ऊ म र मेरो भन्ने भावना मसान-यात्रामा निस्किनुअघिसम्म पनि त्याग्न सक्तैन । आफ्नो घरमा प्रवेश गर्नासाथ उसले सोच्छ, मानौँ ऊ मर्दा मलामीहरूले ती घर पनि उसको पार्थिव शरीरसँगै काँधमा बोकेर लगिदिन्छन् र घाटबाट बैकुण्ठ एक्सप्रेसमा कुरियर गरेर पठाइदिन्छन् ।

(रमण घिमिरे, 'डेराको घमासान', *... अर्थात् हामी,* पृ. ४६)

प्रस्तुत निबन्धांशमा आत्माको अस्थायी डेरा शरीर हो र यो स्थानान्तरण भइरहन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । यहाँ आत्माको कुनै स्थायित्व नहुने र आत्मबोध नहुनु नै

यो भवचक्रमा फस्नु हो भन्ने कुरा देखाइएको छ । यस अंशमा जीवन नै एउटा अस्थायी डेरा हो भन्ने मानिसलाई ज्ञान हुँदाहुँदै पनि सच्चिदानन्दस्वरूप आत्मालाई पहिचान गर्न नसकेर म र मेरो भन्ने भावनामा अल्भिmरहँदा अज्ञानीहरूले आनन्दको खोजीमा भौँतारिरहनु परेको कुरालाई स्पष्ट सङ्केत गरेको छ । यहाँ अज्ञान, अविवेककै कारण शरीरलाई म र मेरो ठानेको छ र आत्माको खोज सफल हुन नसकेको हुँदा अस्थायी शरीरको पछाडि दौडिरहेकाले म र मेरो भावना मसानयात्रामा पनि त्याग्न नसक्नेहुँदा मलामीहरूले नै ती घर पार्थिव शरीरसँगै लगिदिने र घाटबाट कुरियर गरेर पठाइदिन्छन् भन्ने भ्रम पालेको हुँदा यही भौतिक जगत्मा दुःख पाइरहेको धारणा व्यक्त भएको छ ।

> मेरो कुनै स्वतन्त्र अस्तित्व छैन, त्यसैले यो शरीरको अस्तित्व यो आत्माको अस्तित्वसँग अन्तर्निहित छ । यो मेरो शरीर आत्माले आफू बस्न बनाएको घरमात्र हो । अहम् होइन, अहम्को आकार मात्र हो । यो अहङ्कार बुद्धिले निर्माण गर्छ, त्यसैले मन र बुद्धिलाई घेरेर राख्छ । त्यसैको इच्छा र बुद्धिले यो संसार जीवको निर्माण हुन्छ अनि त्यसैको कारण पञ्चमहाभूतबाट शरीरको अस्तित्व हुन्छ । यो कस्तो लीला हो, कसको लीला हो । स्वयम्बाट स्वयम् बन्ने र स्वयम्बाट नै अपरिचित, तथापि अहम्- अहम् हो, अहम् नै हो ।

(भास्कर भण्डारी, 'म को हुँ ?', *वैजयन्ती,* पृ. ४०)

प्रस्तुत निबन्धांशमा आत्माको शरीरसँग र शरीरको आत्मासँग अस्तित्व गाँसिएको छ भन्ने मान्यता ल्याइएको छ । उद्धृतांशमा आत्मा नै ब्रह्म हो भनिएको छ र यसक्रममा चेतनतत्त्व आत्माको घर नै शरीर हो भन्ने कुरा देखाइएको छ । यस अंशमा आत्मा र ब्रह्ममा कुनै भिन्नता नभएको बताउँदै ब्रह्म वा आत्माको कुनै स्वतन्त्र अस्तित्व नभएको कारण शरीरसँगै आत्माको अस्तित्व गाँसिएको विचार व्यक्त भएको छ । उद्धृतांशमा आत्माको निवासस्थान शरीर हो र अहम्को स्वरूपमात्र हो तसर्थ स्वयंप्रकाशानन्द आत्मामा सबैलाई विलीन गर्नेहुँदा अखण्ड रहेकाले आत्मालाई महत्तत्त्व भनिन्छ भन्ने कुरासमेत देखाउँदै अहङ्कार बुद्धिले निर्माण गर्छ र मन र बुद्धिलाई छोपेर राख्दछ भनिएको छ । यहाँ सम्पूर्ण चराचर जगत्को निर्माण, पृथ्वी, जल, तेज, वायु, आकाश पञ्चमहाभूत शरीरको अस्तित्व ब्रह्मकै इच्छा र बुद्धिका कारणले भएको बताउँदै आफूदेखि आफैँसम्म बन्ने र स्वयम्बाट नै अपरिचित म (अहम्) नै ब्रह्म हुँ भन्ने मान्यतालाई स्पष्ट पारिएको छ ।

> 'मेरो' भनेको 'म' सूक्ष्म तत्त्वको भौतिक पक्ष हो । देखिने शरीरको नदेखिने सञ्चालक भनेकै 'म' तत्त्व हो । 'म' छउञ्जेल शरीर शिव ठहर्छ र 'म' अलग भएपछि शवमा बदलिन्छ । 'म' लाई अहम् पनि भनिन्छ, जसको स्रोत हृदय हो । सांसारिक हिसाबले मुटुलाई हृदय मानिए पनि हृदय भनेको छातीको मुटु होइन । आध्यात्मिक हिसाबले हृदय, मन र म एकै हो । 'म' को अर्को नाम हृदय राख्ने कार्य श्रुतिले गरेको हो । हृदय अर्थात् 'म' शरीरमै रहन्छ तापनि यो शरीर एकै होइनन् पृथक् विषय हुन् । जब 'म'

को प्रकृति थाहा हुन्छ तब जगत् के हो भन्ने बुझिन्छ । कि होइन ? यो 'म' हरेक चिजमा छ । सबैले आफूलाई चिनाउन 'म' शब्दको प्रयोग गर्दछन् । यो एउटै चिज सबैको शरीरमा रहने गर्दछ । यथार्थमा बाँचेको भनेको त्यही हो ।...

(विश्वदीप अधिकारी, 'अन्तर्गर्भ', *वैजयन्ती*, पृ. ५०)

प्रस्तुत निबन्धांशमा म नै आत्मा हो भन्ने आत्माविषयक मान्यता ल्याइएको छ र यसक्रममा 'म' भन्नु भौतिक पक्ष हो भन्ने कुरा देखाइएको छ । यस अंशमा मेरो भन्नु नै 'म' तत्त्व हो र यो सूक्ष्मतत्त्व भौतिक पक्ष भएकाले यसले शरीरगत उपाधिका कारण 'म' को आत्मबोध हो भनिएको छ । यहाँ शरीरगत आवरणले आत्मालाई छोपेको हुँदा अज्ञान वा अविद्याका कारणले आत्मालाई नै शरीर सम्झिएको भए पनि सम्पूर्ण शरीरका सञ्चालक आत्मा हो भन्ने धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा आत्मा रहेसम्म शरीर शिव हुने र म वा आत्माको अभावमा शरीर मृत हुन्छ भन्ने विचार व्यक्त भएको छ । म नै ब्रह्म हुँ भनेर आत्मा वा ब्रह्मलाई भनिएको छ, जसको स्रोत हृदय, मन र म हो भन्ने कुरासमेत मान्दै यसलाई श्रुतिले पनि स्वीकार गरेको कुरा यस अंशमा बताइएको छ । यस उद्धरणमा म अर्थात् आत्माको निवासस्थान शरीर हो तर शरीरभन्दा भिन्नतत्त्व आत्मा शरीरगत उपाधिका कारणले एकैजस्तो प्रतीत भएको धारणा प्रस्तुत भएको छ । आत्मामा चेतना सल्बलाउँदा पैदा हुने तरङ्ग नै जगत्का रूपमा प्रतिभासित भएको हुँदा आत्मागत तरङ्ग आत्मामा नै मिल्दछ तसर्थ जगत् पनि आत्मगत तरङ्गमात्र भएकोले आत्माभन्दा भिन्न वस्तु होइन भन्ने ज्ञान भएपछि आत्मा र जगत्को वास्तविकता बुझिन्छ भन्ने कुरालाई निबन्धकारले निबन्धांशमा स्पष्ट सङ्केत गरेको पाइन्छ । यस उदाहरणमा म अर्थात् आत्मा हरेक वस्तुमा विद्यमान रहेकाले आफूलाई चिनाउन 'म' को प्रयोग भएको छ र आत्मा प्रत्येक प्राणीमा रहनेहुँदा वास्तवमा आत्मा नित्य, अजर, अमर, शाश्वत सत्य हो भन्ने मान्यता स्पष्ट रूपमा प्रस्तुत भएको छ ।

सोचेँ एकछिन, को होलान् ती स्वप्नपुरुषहरू ? तिनका हाउभाउ, लवाइ र मुखमुद्रा हेरेर मेरो मस्तिष्कले एउटा प्राक्कल्पना बनाएको श्वेतवस्त्रधारी पुरुष आध्यात्मिकता र हृदयको प्रतीक हुनुपर्छ अनि रङ्गीविरङ्गी वस्त्रधारी पुरुष भौतिकता र तनको प्रतीक हुनुपर्छ । त्यो स्वप्नदर्शनले मलाई एउटा तत्त्वज्ञानको अनुभूति भयो । मैले सोचाइलाई आत्मातिर फर्काएँ । आत्मा मलाई यो शब्द निकै गहिरो लाग्छ । कहाँ हुन्छ आत्मा ? म आफैँलई प्रश्न गर्छु । मभित्रको आत्मादर्शनको पारदर्शी डल्लो बनेर अगाडि आउँछ । देख्दै छु- त्यसको पारदर्शिता क्षीण हुँदैछ । मलाई लाग्यो- मभित्रको स्फटिक हो र त्यसमा भौतिक सुख, सुविधा र धन सम्पत्तिको प्रदूषणले पारदर्शिता छोपिदिन्छ । अहम्ले त झन् पूरै अपारदर्शी नै बनाइदिन्छ ।

(लक्ष्मणप्रसाद गौतम, 'आत्मा, स्फटिक र दर्शनका विम्बहरू', *मधुपर्क*, पृ. ३४)

प्रस्तुत निबन्धांशमा आत्माको आध्यात्मिक र भौतिक स्वरूपको चित्रण गरिएको छ र यसक्रममा आत्मालाई अन्तर्बाह्य दुवै कोणबाट विश्लेषण गर्ने काम भएको छ । यहाँ

निबन्धकारको प्राक्कल्पनाले श्वेतवस्त्रधारी पुरुष अर्थात् चैतन्यस्वरूप आत्मा आध्यात्मिकता र हृदयको प्रतीक र रङ्गीविरङ्गी वस्त्रधारी पुरुष वा शरीर, भौतिकताको प्रतीक भएको वैचारिक चिन्तन प्रस्तुत भएको छ । यस अंशमा आध्यात्मिकता र भौतिकताको स्वप्नदर्शनले निबन्धकारलाई ब्रह्मज्ञान प्राप्त भएकाले आत्माको साक्षात्कारतर्फ आफू अग्रसर भएको धारणा व्यक्त भएको छ । उद्धृतांशमा आत्मालाई वक्तृत्व शक्ति, प्रवचन, बुद्धि, शास्त्रादिले प्राप्त गर्न नसकिनेहुँदा आत्मा शब्द स्वयम्मा गहन छ भन्ने धारणा निबन्धकारको रहेको छ । आत्मा कहाँ छ भनी निबन्धकार आफूले आफूलाई प्रश्न गर्दै आफूभित्र आत्माको चैतन्य प्रष्ट देखिने, दूरदर्शी डल्लो आएको तर विस्तारै क्षीण हुँदै गएको कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । यहाँ आफूभित्रको पारदर्शक, निर्मल, कञ्चन तत्त्वलाई भौतिकताले प्रदुषित बनाउँदा वा छोपिदिँदा पूरै अपारदर्शी बनाइदिएको निबन्धकारका चिन्तन प्रस्तुत भएको छ ।

> आत्मज्ञानीहरू लर्को लागेर हिँडिरहेका थिए । मैले तिमीहरू कहाँ हिँडेको भन्दा सत्सङ्गमा भने । ... सत्सङ्ग भनेको ती महापुरुषहरूले सुनाएको आत्मासम्बन्धी कुरा हुन् । सत् भनेर आत्मालाई भनिएको छ, सँग भनेको आत्मासँग साक्षात्कार गर्नु वा त्यो आत्माको खोजमा एकाकार हुनु हो । जुन गुरुले आत्मा अनुभूति गराउने प्रयत्न गर्दछन् वा गराउँछन् उनै सद्गुरु हुन् । उहाँ मौन हुनुभयो ।

(सीतारामप्रसाद दंगाल, 'जीवन के हो ?', *जीवन अनुभूति*, पृ. ३०)

प्रस्तुत निबन्धांशमा आत्माको साक्षात्कारको चित्रण गरिएको छ र यसक्रममा आत्मानुभूति गराउने माध्यम वा साधन नै सत्सङ्ग हो भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा आत्मज्ञानीहरूले सत्सङ्गमा जाने भनेको र महापुरुषहरूले सुनाएको आत्माचिन्तन नै सत्सङ्ग भएको कुरा उल्लेख गर्दै सत्य वा चैतन्यस्वरूप नै आत्मा हो भनिएको छ । यस अंशमा ज्ञानस्वरूप अनन्त र व्यापक आत्माको सत्यता जान्न र बुझ्नको लागि आत्मासँगको साक्षात्कार गर्नु वा आत्माको खोजीमा एकाकार हुनु नै सँग हो तसर्थ 'सँग' को अर्थ आत्मासँग साक्षात्कार नै जीवनको परमलक्ष्य हो भन्ने कुरा स्पष्ट सङ्केत गरिएको छ । आत्मज्ञानी वा सद्गुरुको सामीप्यतामा नै आत्मा अनुभूति गर्न सकिनेभएकाले गुरु नै त्यसको प्राप्तिका साधन वा माध्यम हो भन्ने कुरालाई यस निबन्धांशमा स्पष्ट पारिएको छ ।

> को हुँ याने म को हुँ ? बाट सुरु हुने मानवयात्रा एउटा मृगतृष्णा हो । हामीलाई यो यात्रा लामो लागे पनि छोटो लागे पनि यो सोऽहम् याने म त्यो हुँसम्मको मात्र यात्रा हो । यो यात्रा नदेखिने सगरको वर्षाजस्तो भएर सुरु हुन्छ न अथाह सागरमा गएर मिसिने गरी नै टुङ्गिन्छ । न यो सागरदेखि सागरसम्मको यात्रा हो न सागरदेखि सागरसम्मको नै हो । यो यात्रा त बस मदेखि मसम्मको मात्र यात्रा हो । गन्तव्य बुझ्दा यो यात्राको दूरी एकदम छोटो लागे पनि नबुझ्दा यो एकदम लामो महसुस हुन्छ । गन्तव्यको बाटो सकिएर लक्ष्य प्राप्त भएपछि तीर्थयात्रीले थाहा पाउँछ कि

> उसको यात्रा त आफूदेखि आफैंसम्मको मात्र रहेछ । यसैबेला थाहा हुन्छ आफूदेखि आफूसम्म अर्थात् मदेखि मसम्मको यात्रामा आउने देखिने अनेक दृश्यहरू मिथ्या हुन् इन्द्रेणीजस्तो ।
>
> (विश्वदीप अधिकारी, 'मानवयात्रा', *वैजयन्ती*, पृ. ८२-८४)

प्रस्तुत निबन्धांशमा 'म' को यात्रा जीवनको चरमलक्ष्य भए पनि यात्रामा देखिने अनेकौँ दृश्य भ्रम हुन् भन्ने कुरा देखाइएको छ । यस अंशमा म को हुँ ? बाट प्रारम्भ भएको मानवयात्रा एउटा मृगतृष्णा भएकाले यो यात्रा लामो छोटो जे भए पनि यो म नै ब्रह्म हुँ र ब्रह्म आफूभन्दा भिन्न हुन नसक्ने यात्रा भएको कुरा बताइएको छ । ब्रह्म सर्वकाल आनन्दस्वरूप रहनेहुँदा आनन्द आफूदेखि अलग हुन नसक्नेभएकाले यसको यात्रा अनादि, अनन्त, अनामय, अखण्ड, नदेखिने यात्रा हो र यो केवल 'म नै ब्रह्म हुँ' को यात्रा हो भन्ने कुरालाई यस अंशमा देखाइएको छ । उद्धृतांशमा हामीभित्र र बाहिर, हामीदेखि पर जे छ त्यो सबै ब्रह्म भएकाले जसले सर्वदा सत्य, नित्य, निराकार, चैतन्यस्वरूप ब्रह्मलाई आफ्नै अन्तर्चक्षुमा नै उपासना गर्दछ त्यस्तो व्यक्तिले आफ्नो निश्चित गन्तव्य वा लक्ष्य प्राप्त गर्नेहुँदा आफ्नो यात्रा ब्रह्मदेखि ब्रह्मसम्मको यात्रा हो भन्ने ज्ञान हुन्छ तसर्थ यस यात्रामा आउने अनेकौँ दृश्य सप्तरङ्गी इन्द्रेणीझैँ मिथ्या हुन् भन्ने बोध गर्दछ भन्ने दार्शनिक दृष्टिकोण प्रस्तुत भएको छ ।

> मभित्रको आध्यात्मिकता फेरि व्युँझन थाल्छ । म भित्रभित्रै केही प्रफुल्लित र केहीगम्भीर हुन्छु । मैले आफूभित्रको स्फटिकलाई साँच्चै सफा तुल्याउनु छ । पारदर्शी स्फटिक, निर्विकार स्फटिक, सफा र निर्मल स्फटिक, पिरामडिजस्तो आकारमा मेरा अगाडिको टेबुलमाथि सफा र कञ्चन सानो स्फटिक छ । पिरामिड आकारको त्यो स्फटिक म निर्निमेष हेरिरहन्छु । तपाईंलाई मैले भनेको थिएँ- आत्मा स्फटिक हो । मैले स्फटिक हेरिरहेँ भनिरहँदा तपाईं भन्नुहोला- आत्मालाई पनि हेर्न सकिन्छ र ? तर मेरा अगाडि स्फटिकको सिङ्गो, सानो तर पूर्णबिम्ब छ । मेरो हातहरू लोभिन्छन् त्यस स्फटिकको पारदर्शी विम्ब समाउन हात अगाडि बढाउन थाल्छु ।
>
> (लक्ष्मणप्रसाद गौतम, 'आत्मा, स्फटिक र दर्शनका विम्बहरू', *मधुपर्क*, पृ. ३६)

प्रस्तुत निबन्धांशमा आत्माचिन्तनविषयक मान्यता ल्याइएको छ र यसक्रममा आत्मालाई सांसारिकतामा नभएर आध्यात्मिकतामा प्राप्त गर्न सकिन्छ भन्ने आत्माको अप्रत्यक्षस्वरूपको चित्रण गरिएको छ । यस अंशमा निबन्धकारको अन्तर्हृदयभित्र आध्यात्मिकताको अन्तर्चक्षु खुल्न थालेकाले गम्भीर र प्रफुल्लित बनेको स्वीकार गर्दै आफूभित्रको आत्मालाई पारसमणि, पारदर्शक, कञ्चन, एकदम निर्मल तुल्याउने चाहना रहेको विचार व्यक्त भएको छ । यहाँ पारदर्शी, निर्विकार, सफा र निर्मल स्फटिक जो

पिरामिड आकारमा आफ्नो टेबुलका सामुन्ने रहेको सानो स्फटिकलाई आफूले एकटक लगाएर हेरिरहन्छु भन्ने धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा आत्मा शुद्ध, अमर, शाश्वत, विकाररहित, स्वयम्प्रकाशानन्द एवम् अमृतमय स्फटिक निर्मल, कञ्चन भएको र त्यसलाई आफूले हेरिरहेको बताउँदा पाठकहृदयमा आत्मा पनि हेरिरहन सकिने तत्त्व हो र भन्ने जिज्ञासा उत्पन्न हुनेतर्फ सङ्केत गरिएको छ । निबन्धकारले निबन्धांशमा सानो, पूर्ण र सिङ्गो आत्माको पारदर्शी चमक (स्फटिक) अ आफ्नो अगाडि रहेकाले हातले स्पर्श गर्न चाहेको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> मैले माथि आफ्नो सपनाको अर्थ बुझियो भने आफैँलाई जानिन्छ होला भनेको र हिन्दू धर्मको सन्दर्भमा आत्मज्ञानी भइन्छ भनेको पटक्कै होइन, सपनाको अर्थ बुझ्यो आफैँलाई बुझिन्छ भन्दा आफ्नो स्वभाव, आफूभित्र लुकेका तर सतही रूपमा नदेखिने कुराको बारेमा थाहा हुन्छ होला भनेको सायद हिन्दू धार्मिक वा आध्यात्मिक सोचमा मान्छे दुई रूप छन् भन्न खोजेको होला, एउटा बाहिर वा देखिने (भौतिक शरीर) र अर्को भित्र नदेखिने (आत्मा वा भगवान्) हुन्छन् र आफूलाई चिन्नु वा जान्नु भनेको त्यो भित्रको मान्छेलाई जान्नु भनेको हो कि ?...
>
> (शिव गौतम, 'सपना', *भ्याम्ली बाखाको पाठो,* पृ. १९३-१९४)

प्रस्तुत निबन्धांशमा आत्माको वास्तविकस्वरूपको पहिचान गर्नुपर्ने कुरा देखाइएको छ । यस अंशमा मानिसले आफूले आफूलाई जान्नु भनेको आत्माको ज्ञान हुनु हो, आनन्द प्राप्त गर्नु हो भनेको पाइन्छ । यहाँ बाहिर देखिने र अन्तर्चक्षुका बीचको भिन्नता बुझ्नु नै आत्मज्ञान प्राप्त गर्नु हो, मान्छेलाई बुझ्नु हो भन्ने मान्यता रहेको छ । उद्धृतांशमा आत्मा वा भगवान् सतहमा नभएर अन्तर्हृदयमा प्राप्त गर्न सकिने आध्यात्मिक र अभौतिक तत्त्व भएकाले आफ्नो स्वभाव, आफूभित्र लुकेका गहन चिन्तन हो भन्ने कुरालाई पुष्टि गरिएको छ । यस निबन्धांशमा आत्मानुभूति अदृश्य हुन्छ र त्यसलाई आत्मज्ञानद्वारा आनन्दको स्वरूप प्राप्त गर्न सकिने बताउँदै त्यसको लागि आफूले आफैँभित्र उत्खनन् गर्नुपर्ने आत्मचिन्तन प्रस्तुत भएको छ । आत्मा नै भगवान् वा ईश्वर भएको हुँदा यो भौतिक जगत्भन्दा पृथक् आन्तरिक अनुभूति हो र यसलाई आध्यात्मिक चिन्तनद्वारा प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> जब म स्मृतिको संसारबाट निस्कन्छु, तब मलाई हठात् भविष्यको अज्ञात संसारले तान्छ । शरीर पुरानो हुँदैछ । यो शरीर धेरै दिन काम लाग्ला जस्तो छैन । शरीर रूपान्तरण हुन खोज्दै छ । आत्मा मर्दैन भने शरीर मर्ने कुरै भएन । यति मात्र कि शरीर निर्मितिका पाञ्चभौतिक तत्त्वहरू भौतिकीकरण हुनेछन् । माफ गर्नुहोस्, सोच्दासोच्दै म मृत्यून्मुखी चिन्तन गर्न थालेँ ।...
>
> (रामबाबु घिमिरे, 'विगत र अनागत', *केन्द्र र परिधि,* पृ. २७)

प्रस्तुत निबन्धांशमा आत्माविषयक मान्यता ल्याइएको छ । यहाँ सत्, चित् र आनन्दस्वरूप आत्मा सुषुप्तिका अवस्थामा संसारको अस्तित्व देखिँदैन भन्ने कुरासमेत देखाउँदै ज्ञानको अभावमा निबन्धकारले भौँतारिरहनु परेको, दुःख पाइरहेको चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा अज्ञान अविवेकका कारण संसारमा भौँतारिरहनु परेकाले आत्माको पहिचानपश्चात् संसारको समुद्रबाट पार पाइन्छ भन्ने कुरा देखाइएको छ । शरीर जीर्ण र रूपान्तरण हुन खोजे पनि आत्मालाई मनरूपा आवरणले ढाकेको हुँदा शरीर नै आत्माको घर भएको कुरा औँल्याउँदै शरीरको अन्त्य भए पनि आत्मा अजर, अमर, सत्, एक र अनन्त छ तर शरीरगत उपाधिले गर्दा कर्ता र भोक्ता मात्र देखिएको हो साथै यो दृक् र कालको सीमाभन्दा पर छ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा पाञ्चभौतिक तत्त्वद्वारा निर्मित शरीर भौतिकीकरण हुने विचार प्रस्तुत गरिएको छ ।

> मलाई देख्न मन छ- फूलका आँखामा फूलकै आँखाले फूलकै संसार देख्न, तर आइदिन्छन् काँडाका हूल । ती काँडाका हूलहरू सुन्दर फूलमा रूपायित भइदिए ? अर्को एउटा फेन्टास्टिक सोचाइ जन्मिन्छ दिमागमा । मैले आफूभित्रको नदीलाई पवित्र बनाउन चाहेँ । गतिशील र प्रवाहयुक्त बनाउन चाहेँ, निष्कलङ्क बनाउन चाहेँ । खहरेको गडगडाउँदो तुजुक र अभिशाप बनाउन चाहिनँ, सङ्लो कुलकुलाउँदो वरदान बनाउन चाहेँ । ...खहरेमा देखेँ आडम्बर र क्षणिक अहङ्कारको तुजुक । मलाई मभित्रको नदीमा खहरे पस्छ कि भनेर डर लाग्छ । मभित्रको नदीलाई धमिलिन दिनुहुँदैन मैले । गडगडाउँदो खहरेको उत्ताउलो पस्न दिनुहुँदैन नदीभित्र ।

(लक्ष्मणप्रसाद गौतम, 'एउटा नदी छ म आफैँभित्र', *चेतना सन्देश*, पृ. ८७-९१)

प्रस्तुत निबन्धांशमा आत्मचिन्तनविषयक मान्यता प्रस्तुत गर्दै आत्मा स्वयम् प्रकाशानन्द छ भन्ने कुरा देखाइएको छ र आत्मालाई कसैले दुर्गन्धित बनाउने नभई स्वयम् आफैँले सुगन्धित बनाउन सकिन्छ भन्ने आत्माको शुद्धतामा जोड दिइएको छ । यस अंशमा आत्मज्ञानद्वारा आत्मलाभ गरी अज्ञानको नाशद्वारा दुषित तत्त्वको नाश गरी फूलको संसारमा रमाउन वा मृदगायन गर्ने चाहना निबन्धकारमा हुँदाहुँदै काँडा नै बाधा बनिदिन्छन् भन्ने आत्मचिन्तन प्रस्तुत भएको छ । यहाँ ती काँडाहरू वा अविद्याको पर्दा हटेमा आत्माद्वार हुने सानदार सोचाइ दिमागमा उत्पन्न भएको बताउँदै निबन्धकारले आफूभित्रको नाम, रूपविहीन नदीहरू बहँदै समुद्र बनाउने चाहना प्रकट गरेका छन् । उद्धृतांशमा आत्मबोधको साधन नै आत्माको ज्ञान हो तसर्थ निबन्धकारले आफूभित्रको नदीलाई गतिशील र प्रवाहयुक्त बनाउन र आत्मामा नै रमाउन तथा निष्कलङ्क हुन चाहेको तर गड्गडाउँदो खहरेझैँ तुजुक र अभिशाप बनाउन नचाहेको धारणा व्यक्त गरेका छन् । आफूभित्रको नदीमा खहरे पसेर दुर्गन्धित बनाउँछ कि भनी चिन्तित छन् र आत्मालाई धमिल्याउँन दिन

चाहँदैनन् तसर्थ ज्ञानद्वारा सांसारिक दुःखबाट छुट्कारा प्राप्त गरी आत्मामा नै रमाउने निबन्धकारको चाहनालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> जीव अथवा आत्मा प्रकृतिका पञ्चमहाभौतिक तत्त्वका आवरणले आवृत भए पनि योगसाधक पुरुषले अनावृत अवस्थामा नै देखिरहेका हुन्छन् । पृथ्वीले ढाक्न प्रयत्न गर्दछ तैपनि आत्म अनावृत्त रहन्छ । जलतत्त्वका आवरणले पनि आत्मलाई ढाकेको हुन्छ र आत्म त्यहाँ पनि पारदर्शी रहन्छ । तापतत्त्वले आवरण प्रदान गरे पनि आत्म अनावृत्त नै रहन्छ । शब्द गुणात्मक वायु पनि आत्माको आवरण बनेर लागेको भए पनि आत्म अनावृत्त नै रहन्छ । शब्द गुणात्मक आकाश पनि चाहेभन्दा पनि व्यापक अर्थमा आवरणको जिम्मा लिएर बसे पनि आत्म अनावृत्त नै रहन्छ ।

(राजेन्द्र सुवेदी, 'अनावृत्त', *जीवन-गोप्य सिलबन्दी खाम*, पृ. १७-१८)

प्रस्तुत निबन्धांशमा आत्मा आवृत भए पनि प्रज्ञाद्वारा अनावृत्त हुन्छ भन्ने कुरा देखाइएको छ भन्ने आत्माविषयक मान्यता ल्याइएको छ । यस अंशमा आत्मालाई शरीरभन्दा भिन्नतत्त्व भएकाले यसलाई पाञ्चभौतिक तत्त्वका आवरणले ढाकेको हुन्छ भन्ने मान्यता देखाइएको छ । यहाँ पृथ्वी, जल, तेज, वायु शब्द आदि पाञ्चभौतिक तत्त्वद्वारा आत्मालाई ढाकेको भए पनि आत्मा अनावृत्त हुन्छ साथै यो शुद्ध नित्य, निराकार एक र अनन्त छ भन्ने चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा आत्मा शरीरगत उपाधिले कर्ता र भोक्ताजस्तो देखिए पनि यो सत् चित्को स्वरूपको बोध गर्न सक्ने योगसाधकले अनावृत्त अवस्थामा नै देखेका हुन्छन् भन्ने विचार प्रस्तुत गरिएको छ । निबन्धकारले निबन्धांशमा आकाश एक र व्यापक भएजस्तै आत्मा पनि व्यापक छ तर पनि आत्मा अनावृत्त रहन्छ भन्ने चिन्तनलाई स्पष्ट पारेको देखिन्छ ।

> तर आत्मा मनजस्तै सतही र सरल सोचको छैन, मनजस्तै शरीरको सुरक्षामात्र सोच्ने स्वार्थी छैन । आत्मा अलि गहन छ, अलिकति भित्र पस्छ, अलिकति स्वार्थबाट निस्कन्छ । ...आत्मा मनकै अलि गहन पाटो होस् वा दिमागको अर्को कोष भण्डार होस् वा एकै कोषको सकारात्मक वा नकारात्मक पाटोहोस्, त्यसले मनभन्दा फरकपन उजागर गर्दछ । मन सूर्यको उज्यालो हो भने आत्मा त्यसकै विपरीत निडरता वा निर्भयता हो । मन सतही हो भने आत्मा गहनता हो ।

(विनयकुमार शर्मा नेपाल, 'मन, आत्मा र मस्तिष्क', *परावर्तन*, पृ. ३४)

प्रस्तुत निबन्धांशमा आत्माविषयक मान्यता ल्याइएको छ । आत्मा मनजस्तो सतही, सरल र स्वार्थी नभएर गहन एवम् चिन्तनशील, बुद्धिमान्, विवेकी तत्त्व भएको कुरा यस अंशमा देखाइएको छ । यहाँ विकाररहित तत्त्व आत्मा भिन्नवस्तु हुनुका साथै मनलाई उत्पन्न गर्ने, जीवित राख्ने र विलीन गर्नेहुँदा हामीमा अन्तर्निहित आत्मा नै जगत्को उत्पत्ति र अन्तको कारण मन हो भनिएको छ । उद्धृतांशमा आत्मा मनभन्दा भिन्न निर्भय, निडरतत्त्व

भएको हुँदा आत्मा गहन चेतनतत्त्व हो भन्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ । यस निबन्धांशमा मनलाई सूर्यको प्रकाशद्वारा अन्धकार हटाएर चेतना भर्ने काम गर्दछ र त्यही आत्मा निडरतत्त्व हो जसद्वारा ज्ञानार्जन गर्न सकिन्छ भनिएको छ ।

> तपाईंले मलाई राम्ररी पढ्नु भएको छ, केस्राकेस्रा खोतल्नुभएको छ र रेसारेसा छुट्याउनु भएको छ । तसर्थ म तपाईंलाई ढाँट्न सक्दिनँ । 'म' भित्र अर्को 'म' पनि हुन सक्छ तर मेरो लेखकीय मृत्युमा मलामी बनेर हिँड्न चाहँदैन मभित्रको मान्छे । रङ्गीचङ्गी दुनियाँ हेर्न आँखामा पट्टी बाँधेर बस्न म नसकुँला तर मेरा आँखाले सौम्यता, स्निग्धता र शालीनतामात्र खोजिरहेछन् त्यसभित्र पनि । मर्ने छैन मभित्रको विधाता, मर्ने छैन मभित्रको स्रष्टा र मर्ने छैनन् मभित्रका संवेदनाका अणुहरू ।
>
> (लक्ष्मणप्रसाद गौतम, 'आत्मा, स्फटिक र दर्शनका विम्बहरू', *मधुपर्क,* पृ. ३५)

प्रस्तुत निबन्धांशमा आत्माको चेतनस्वरूपको चित्रण गरिएको छ र आफूभित्रको आत्मतत्त्व जागृत पार्नुपर्ने धारणा व्यक्त भएको छ । यहाँ आत्मालाई केस्राकेस्रा केलाएर र रेसारेसा छुट्याएको बताउँदै आफूले अरूलाई ढाँट्न नचाहेको विचार प्रकट भएको छ । यस उद्धरणमा आत्मा नित्य अविनाशी तत्त्व हो र यसलाई शरीरगत आवरणले छोपेको हुँदा भ्रमवश म उपनामले चिन्दछौँ त्यही मभित्र ब्रह्म वा आत्मा रहनसक्ने भए पनि लेखकीय मृत्युमा मलामी बनेरहिँड्न चाहँदैन र आत्माले जीर्ण शरीर त्यागेर नयाँ शरीरमा प्रवेश गर्छ भन्ने आत्मचिन्तन प्रस्तुत भएको छ । भौतिकता एवम् सांसारिकता भनेको रङ्गीचङ्गी संसार भएको तर अज्ञानताले एवम् बाह्यचक्षुले अन्तर्चक्षुलाई ढाकेर आफू बस्ननचाहेको बताउँदै निबन्धकारले आफ्ना अन्तर्चक्षु उघारेर वा चेतनाको द्वार खोलेर सौम्यता, स्निग्धता र शालीनता प्राप्त गर्ने चाहनालाई निबन्धांशमा स्पष्ट सङ्केत गरेका छन् । यहाँ निबन्धकारले आफूभित्रका विधाता, स्रष्टा र संवेदनाका अणुहरू मार्न नचाहेको हुँदा अन्तस्करणका मनोविकारहरूलाई त्यागेर आत्माको आनन्दस्वरूपता प्राप्त गर्न चाहेको आत्मचिन्तन प्रस्तुत भएको छ ।

> ... कसैले मेरो हत्या गरेछ नै भने पनि फिक्री छैन कारण आत्मा मार्नसक्ने क्षमता कोसँग छ र ? ममात्र होइन, मेरो देशको सरकार पनि आत्माको अमरतामा विश्वास गर्छन्, त्यतिमात्र होइन- सरकार र विद्रोही दुवै आत्माको अमरतामा विश्वास गर्छन्, त्यसैले भौतिक शरीरलाई महत्त्व दिन छाडेका छन् । वेद वेदाङ्ग पाठशालाको कमी र गीता ज्ञानको अभावले होला- जनतालाई ज्यान प्यारो भएको छ । शरीर त आत्मालाई कैद गर्ने झ्यालखाना हो, कविशिरोमणिको शब्दमा भन्दा पिँजडा । पिँजडाभित्रको मैना चरी नै हो आत्मा । झ्यालखाना तोडेपछि आत्माले मुक्ति पाउँछ ।...
>
> (रामबाबु घिमिरे, 'वस्तुगत साक्षात्कार', *अनर्गल प्रलाप,* पृ. ३९)

प्रस्तुत निबन्धांशमा आत्माविषयक मान्यता ल्याउँदै आत्माको अमरत्वसम्बन्धी चिन्तन प्रस्तुत भएको छ । यहाँ आत्माको अमरतामा निबन्धकार स्वयम्मात्र नभएर देशको सरकार र विद्रोही दुवैले विश्वास गरेकाले नश्वर भौतिक शरीरको क्षणिकतालाई महत्त्व दिन छाडेको चिन्तन अभिव्यक्त भएको छ । अविद्याका कारण तथा ज्ञानको अभावका कारण वेद, वेदाङ्गको कमी र गीताको ज्ञानको अभावले आत्मा र शरीरको भिन्नता पहिचान गर्न नसक्दा भौतिक शरीरप्रति जनतामा मोह रहेको चिन्तनलाई यस निबन्धांशमा प्रस्तुत गरिएको छ । निबन्धकारले निबन्धांशमा आत्माको निवासस्थान शरीर भएको हुँदा भौतिक शरीलाई आत्माको कैद गर्ने झ्यालखाना रहेको कुरालाई कविशिरोमणिको शब्दमा पिँजडा भएको पुष्टि गरेका छन् । उद्धृतांशमा शरीर पिँजडा हो भने मैना वा आत्मा त्यस शरीरको परमतत्त्व हो तसर्थ आत्माको पहिचानपश्चात् आत्माले मुक्ति पाउँछ भन्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा आत्मासम्बन्धी चिन्तनको दार्शनिक निरूपण देखिन्छ र यसक्रममा आत्माको सत्यता र भौतिक जगत्को अनित्यता रहेको विश्लेषणीय देखिन्छ । यहाँ आत्माको स्थिरता र वास्तविकताको अभिव्यक्ति पाइन्छ । यसमा आत्मा नै ब्रह्म हो र यो स्वतन्त्र तथा मन, बुद्धि, अहङ्कारभन्दा पर र शरीररचनाको कारणलाई स्वीकारेको छ । आत्मा नै जीवात्मा, परमात्मा मानिएको छ र अजर, अमर आत्माको ध्यान गर्नु मानवका लागि कल्याण हुनेहुँदा शरीरभन्दा भिन्न आत्माको अस्तित्व रहेकाले यो कर्ता र भोक्ता दुवै होइन भन्ने कुरा साठीको दशकयताका नेपाली निबन्धमा पाइन्छ ।

## ४.४ साठीको दशकयताका नेपाली निबन्धमा जीव र जीवात्माचिन्तन

जीव नै ब्रह्म हो र यसले जीवात्मालाई समेत सङ्केत गरेको पाइन्छ । शरीर तथा इन्द्रिय समूहको अध्यक्ष र कर्मफलको भोक्ता आत्मालाई नै जीव भनिन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३६१) । यहाँ जीव र आत्माको संयोजन नै जीवात्मा हो र सम्पूर्ण कर्मको भोक्ता आत्मा नै जीव हो, जसमा व्यावहारिक सत्ता रहन्छ भनिएको छ । हामीलाई अविद्याको पर्दाले छोपेको छ, जबसम्म हामीमा अविद्याको पर्दा हट्दैन तबसम्म सच्चिदानन्दस्वरूप आत्मालाई पनि हामी रोगी, दुःखी जीव मान्छौँ (गौतम, २०७८, पृ. १००) । यसरी अविद्याले नै जीव र आत्माको भिन्नता छुट्याउन नसकेको चिन्तन प्रस्तुत भएको छ साथै देहयुक्त आत्मा नै जीव हो भन्ने कुरा यहाँ देखाइएको छ । जसरी ईश्वर व्यावहारिक दृष्टिकोणबाट मात्र सत्य छ परिमार्थिक दृष्टिकोणबाट अवास्तविक छ, त्यसैगरी जीव पनि व्यावहारिक दृष्टिबाट मात्र सत्य छ र पारमार्थिक दृष्टिकोणबाट हेर्दा जीव ब्रह्म या आत्मा नै हो (गिरी, २०५५, पृ. १३९) । यहाँ जीव नै ब्रह्म वा आत्मा हो तसर्थ व्यावहारिक कोणबाट जीव सत्य प्रतीत भए पनि पारमार्थिक कोणबाट अवास्तविक तत्त्व हो भन्ने कुरा देखाइएको छ । जीव सांसारिक कर्ममा भाग लिनाले कर्ता, ज्ञाता र जीवलाई सुखदुःख अनुभूति हुनेहुँदा नियमाधीन छ साथै कर्मफल भोग्छ र आफ्ना शुभअशुभ कर्मका भरमा पाप र पुण्यको भागी हुनाले बन्धनग्रस्त रहने भएकाले धेरै प्रयासपछि मोक्ष हुन्छ भने

जीव शरीरपछि आत्मामा लीन हुन्छ (घिमिरे, २०७२, पृ. १४४) । यहाँ जीव सांसारिक बन्धनमा पर्दछ तसर्थ कर्मफल भोग्न नियमद्वारा बाँधिएको हुन्छ भने त्यसबाट मुक्ति प्राप्त गर्नु नै जीव आत्मामा विलीन हुनु हो भन्ने कुरा देखाइएको छ ।

सच्चिदानन्दस्वरूप आत्मा नै जीवात्मा हो र यही जीवात्मालाई परमात्मा पनि भनिएको पाइन्छ । देहयुक्त जीवले कारण शरीरपछि आत्मामा विलीन हुनु नै जीवात्मा हो जो अनेक छ भने आत्मालाई नै परमात्मा भनिन्छ र यो एक छ (घिमिरे, २०७२, पृ. १४४) । यहाँ एकमात्र सत्य वस्तु परमात्मा हो भने जीवात्माका अनेकौँस्वरूप रहेका हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । जीवात्मा शब्दले शरीर र शरीरभित्र कुनै चेतनसत्ता भएकोलाई सङ्केत गरिरहेको हुन्छ र यसरी यस शब्दले प्रत्येक देहमा रहने कुनै चेतनसत्तालाई अभिलक्षित गर्दछ (भट्ट, २०७२, पृ. ७७) । यसरी देहयुक्त चेतनतत्त्व नै जीवात्मा हो र यो नित्य ज्ञानस्वरूप रहेको हुन्छ र यसको अनित्य, जड, अविनाशी शरीरसँग कुनै सम्बन्ध रहँदैन भन्ने कुरा यहाँ देखाइएको छ । यहाँ परमात्मा आत्माको परमरूप हो र यो आत्मसत्ताभन्दा माथि रहन्छ भन्ने कुरा बताइएको छ । परब्रह्मा परमात्मा अचिन्त्यशक्ति हो र विरुद्ध धर्मको आश्रय हो, जो एकै समयमा उनैमा विरुद्ध धर्मको लीला रहन्छ जसद्वारा एकैपटक सूक्ष्मातिसूक्ष्म महान्भन्दा महान् बताइएको र यिनै परमेश्वर परमात्मा सदा-सर्वदा सर्वत्र स्थित छन् (गोयन्दका, २०६३, पृ. ९०-९१) । यहाँ आत्माभन्दा परको तत्त्व नै परमात्मा हो, जो जीवमा ज्ञानतत्त्वका रूपमा रहेको छ जसद्वारा अन्तस्करणका कार्यव्यापारको ज्ञान गराउने पदार्थजन्य सच्चिदानन्द चेतनतत्त्वलाई मानिएको छ । यहाँ ब्रह्मसँग निकट तत्त्व नै परमात्मा हो र यो अनन्त, उपाधिरहित, सर्वपूर्ण तत्त्व हो, जो आत्माका परमरूप परमात्मा नै अगोचर र शब्दब्रह्मस्वरूप हो भनिएको छ । आत्मा व्यष्टि र परमात्मा समष्टि हो र आत्मा सामान्यतया जीवात्मा हो, त्यही परमात्मा पनि हो (रिमाल, २०६१, पृ. ३५) । यसप्रकार यहाँ आत्माको समष्टि स्वरूप परमात्मा नै ब्रह्मको अर्को रूप हो भन्ने कुरा तलका निबन्धांशले अभिव्यञ्जित गरेका छन् :

> मानवयात्राका हरेक यात्रीहरू आफ्ना शरीरको माध्यमबाट विभिन्न कार्यहरू गर्न जन्मिएका हुन् । परमात्मा पञ्चमहाभूतरूपी नाशवान् शरीरमा आत्माको रूपमा प्रवेश गरेपछि त्यो शरीरको माध्यमबाट मदेखि मसम्मको मानवयात्रा सुरु हुने हो । जब शरीरलाई पृथ्वीको हावापानीले घेर्छ तब त्यहाँ उसले शान्ति र अशान्तिको भेद पाउँछ । आन्तरिक शान्ति महसुस गर्ने तत्त्व अरू कोही नभई मन नै हो तसर्थ यात्रीले आदर, भक्ति, पारस्परिक सहयोग र सद्भावको वातावरणमा हुर्कनुपर्दछ । मानव जीवन नै मानव धर्म हो भन्ने यथार्थलाई महसुस गरी हरेक मान्छेले आत्माको माध्यमबाट परमात्मा चिन्ने, प्राप्त गर्ने कसरत गर्नुपर्दछ । यो नै मानवयात्राको महत्त्वपूर्ण पक्ष हो । सर्वोत्तम उपाय हो । परमात्माबाट पूर्णरूप लिएर आएको आत्मालाई परमात्मामा नै पुनः मिलाउनु नै यात्राको सफलता हो ।

(विश्वदीप अधिकारी, 'मानवयात्रा', *वैजयन्ती*, पृ. ८२-८३)

प्रस्तुत निबन्धांशमा परमात्मासँगको साक्षात्कार नै यात्राको निश्चित गन्तव्य भएको चित्रण गरिएको छ । यहाँ मानवयात्रामा हरेक यात्रीले शरीरका माध्यमबाट कार्य गर्नेभएकाले परब्रह्म परमात्मा पाञ्चभौतिक शरीरमा निवास गर्ने हुँदा शरीर नै आत्माको घर हो र त्यो आत्मा (ब्रह्म) शरीरमा प्रवेश गरेपछि प्राणीभन्दा भिन्नतत्त्व नभएकाले म को यात्रा नै ब्रह्मको यात्रा हो तसर्थ यो आफूदेखि आफूसम्मको मानवयात्राको प्रारम्भ हो भन्ने कुरा देखाइएको छ । यस अंशमा परमात्मा परमेश्वर प्रत्येक प्राणीका हृदयमा लुकेर बसेको हुँदा आत्मा सर्वव्यापी आत्मस्वरूप हो तसर्थ परब्रह्म परमात्मालाई अपरोक्ष रूपमा ब्रह्म भनिएको छ र यही ब्रह्म पृथ्वी आदि पञ्चमहाभूतले ढाकेको हुँदा सृष्टि पनि परमात्मामय भएकाले यसको भेद जान्ने व्यक्तिको यात्रा शान्तिपूर्ण र आनन्दमय हुन्छ भन्ने चिन्तन व्यक्त भएको छ । उद्धृतांशमा मन नै सम्पूर्ण कुराको केन्द्र भएकाले मनद्वारा नै शान्ति महसुस हुनेहुँदा यात्रीमा परस्पर, आदर, सहयोग र सद्भावको वातावरणद्वारा आत्माको पहिचानपश्चात् परमात्माको बोध गर्नु र आत्मालाई परमात्मामा मिलाउनु नै यात्राको लक्ष्य एवम् सफलता हो भन्ने मान्यतालाई स्पष्ट सङ्केत गरिएको छ ।

> सारा शरीरका अङ्गहरू क्रियाशील छन्, तर कसले क्रियाशील गरेको छ ? ... भन्छौं, हाम्रो शरीरमा आत्मा (विवेक गर्ने) छ जसले मनसँग विचार उठाएर बुद्धिबाट सबै असत्यको चाल्नु चाल्छ र सत्य कुरा आत्माकेन्द्रित हुन्छ । जीवात्मा सबैका आआफ्ना आत्मा छन् र यी सबै जीवनका आत्मालाई परमात्माले सञ्चालन गरेका छन् भनिन्छ ।

(मोहनबहादुर कायस्थ, 'ऋषिमुनिको तपस्याको फल', *आकाशवाणी*, पृ. ८३-८४)

प्रस्तुत निबन्धांशमा परमात्मा नै जगत्का सञ्चालक भएको उल्लेख गरिएको छ । आफू नै आत्मा भएकाले शरीरमा विराजमान छ र यही आत्माको सम्बन्ध मनसँग रहेको हुँदा मनबाट नयाँ विचार उत्पन्न भई बुद्धितत्त्वले अविद्याको पर्दा हटाएर महान् आत्मा अर्थात् महत्तत्त्व, महत्तत्त्व वा मूलरूप प्रकृति र यसभन्दा पर परमपुरुष आत्मा (परमात्मा) नै सत्य हो र सत्य सबै आत्मामा केन्द्रित रहन्छ भन्ने कुरा यस अंशमा देखाइएको छ । उद्धृतांशमा प्रत्येक जीवात्माका आआफ्नै आत्मा भएकाले यी सबै जीवात्माका सञ्चालक परब्रह्म परमात्मा हुन् र परमात्माभन्दा पर, सूक्ष्म, श्रेष्ठ अर्को कुनै तत्त्व छैन भन्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> ... आत्मा, आत्मा हो अनि परमात्मा, परमात्मा । पहिले आत्मालाई प्रेम गर्नुपर्छ अनि परमात्माप्रति प्रेम पलाउँछ । मानवले परमात्माप्रति प्रेम तब गर्छ जब उसले उसबाट केही प्रेम पाउँछ, तर प्रश्न प्रेम गर्ने र नगर्नेको थिएन । सुरुआत कोबाट गर्ने विषय थियो । ... सुरुआतको अन्त हुन्छ, जब सुरुआतको अन्त्य छ भने अन्त्य घाटामा पर्छ ।

(भास्कर भण्डारी, 'जीवन-मृत्यु अनि प्रेम', *वैजयन्ती*, पृ. ३७)

प्रस्तुत निबन्धांशमा आत्माको समष्टिस्वरूपको चित्रण गर्दै जीवात्मा नै परमात्मा हो र प्रेमद्वारा नै परमात्मा प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यहाँ नित्य, शुद्ध र निराकार आत्मा सामान्यतया जीवात्मा र त्यही जीवात्मालाई नै समष्टिमा परमात्मा भनिएको हुँदा व्यष्टि आत्मासँग प्रेम वा ऐक्यभाव प्रकट भएपछि मात्र परमात्माप्रति प्रेम जागृत हुन्छ भनिएको छ । उद्धृतांशमा मान्छेले परमात्माप्रति प्रेम वा सद्भाव प्रकट गर्न थालेपछि नै प्रेमको जागरण हुन्छ तर प्रश्न प्रेम गर्ने र नगर्नेसँग नहुने चिन्तन प्रस्तुत भएको छ । यस निबन्धांशमा सुरु नै अन्त्य हो र अन्त्य नै सुरु हो भन्ने निबन्धकारका चिन्तन प्रस्तुत भएको छ ।

> ... मान्छेको मनस्थिति यस्तो भएको छ कि परमात्मा भनेको के हो भनेर सोच्ने फुर्सद नै छैन उसलाई । 'म' भनेर हरेक मान्छेले आफ्नै शरीरलाई ठान्ने गर्दछ । यसैले कसैको मरेको शरीरमा समवेदना प्रकट गर्दा मृत आत्माको चिरशान्तिको कामना गरिरहेको हुन्छ ऊ । मान्छे हुस्सु भएर अमर आत्मालाई मरेको शरीरसँग तुलना गर्ने गर्दछ । शरीर र आत्मा एउटै ठान्ने गर्दछ । के साँच्चै शरीर र आत्मा एउटै हो त ? अहँ पक्कै पनि होइन । पानीमा चिनी फैलिएर नदेखिएजस्तो आत्मा पनि शरीरभर फैलिएको छ । पानी पिएपछि मात्र चिनी त्यहीँ भएको थाहा हुन्छ । कुनै शरीर शव भएपछि मात्र त्यहाँ आत्माले बास गरेको थियो भन्ने थाहा हुन्छ ।

(विश्वदीप अधिकारी, 'अन्तर्गर्भ', *वैजयन्ती*, पृ. ५१)

प्रस्तुत निबन्धांशमा आत्माको अस्तित्वको चित्रण गर्दै आत्मा नै सच्चिदानन्दस्वरूप हो भन्ने कुरा देखाइएको छ । प्रस्तुत उद्धरणमा आत्माको परमरूप परमात्मा आत्माको सत्ताभन्दा माथि रहन्छ भन्दै ज्ञानतत्त्व आत्माका बारेमा मान्छेलाई सोच्ने फुर्सद नभएको विचार प्रकट भएको छ । यस अंशमा मानिसले आफूलाई बुझाउन 'म' को प्रयोग अज्ञानताका कारणले आत्मालाई शरीर सम्झिनाले भएको हो भन्ने आत्मविषयक मान्यता प्रस्तुत भएको छ । 'म' को अनुभव नै आत्मा हो तसर्थ मृत शरीरमा आत्मा सम्झिनाले समवेदना प्रकट गर्दा मृत आत्माको चिरशान्तिको कामना गरिएको हुन्छ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा अविद्याका कारणले आत्मालाई शरीर सम्झनाले आत्मा र शरीरको भेद नजानेर एकै ठानेको तर आत्मा र शरीर भिन्न भएको बताउँदै आत्माको निवासस्थान शरीर हो भनिएको छ । चिनी र पानी घुलनशील भएपछि तिनको भिन्नता छुट्याउन नसकिएझैँ शरीर मृत भएपछि मात्र आत्मा र शरीरको भिन्नताको बोध हुन्छ, आत्मलाभको स्थिति प्राप्त गर्दछ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> चमत्कर्ता त ब्रह्माण्डीय ऊर्जा हो । यसैलाई परमात्मा शब्दले पनि सम्बोधन गरिन्छ । हामी स्वयम् पनि चमत्र्कताका चमत्कृति हौँ भने हामीले गर्ने चमत्कारको अर्थ नै के हुन्छ र ! यदि हामीले माध्यम बनाएर परमात्माले गरेको अर्को चमत्कार हो । ...परमात्माले हामीलाई त्यसलायक बनाएर पठाएको छ । समय पुगेपछि हामीजस्तै

अर्को जीवनरूपी चमत्कारको आवश्यकता विधाताले महसुस गर्छ र हामीमार्फत केटाकेटी पैदा गर्दछ ।

(लक्ष्मण भण्डारी, 'चमत्कार र यसको मूल्य', *जीवनमूल्य,* पृ. १०२-१०३)

प्रस्तुत निबन्धांशमा परमात्माविषयक चिन्तन प्रस्तुत भएको छ । यहाँ आत्मा नै ब्रह्म हो र आत्माको स्वरूप प्रकाशानन्द हुनेभएकाले यो विश्वब्रह्माण्डको ऊर्जा वा शक्ति हो भनिएको छ । यही आत्मालाई परमात्मा पनि भनिएको छ र तिनै परमात्माका हामी अंश भएकोले हामी स्वयम् चमत्कर्ताका चमत्कृति हौँ तसर्थ हामीले गर्ने चमत्कारको कुनै अर्थ नरहेको भाव यस अंशमा व्यक्त भएको छ । यस अंशमा विश्वमा जेजति छ त्यो सबै परमात्माको चमत्कार हो, हामी त केबल त्यसका माध्यममात्र हौँ भन्ने विचार व्यक्त भएको छ । उद्धृतांशमा संसारका समस्त तत्त्वका नियन्ता परमात्माले हामीलाई त्यसको लायक बनाएको हुँदा परब्रह्म परमात्माको बोध हुनु नै चमत्कार वा ज्ञान भएको कुरासमेत देखाउँदै समय पुगेपछि अर्को जीवनरूपी चमत्कारको आवश्यकता बोध गरी केटाकेटी पैदा गर्छ भन्ने चिन्तन प्रस्तुत भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा जीव र जीवात्मा, जीवात्मा र परमात्मासम्बन्धी दार्शनिक कुराको निरूपण देखिन्छ र यसक्रममा जीव नै ब्रह्म भएको र यसले जीवात्मालाई समेत सङ्केत गरेको कुरा विश्लेषणीय देखिन्छ । यहाँ जीव र आत्माको एकाकार स्वरूप नै जीवात्मा हो र यो सम्पूर्ण कर्मको भोक्ता जीवको अनित्यताबारे चर्चा पाइन्छ । यसमा आत्मा नै परमात्मा हो र आत्माको परमरूप हो र यो सदैव माथि रहन्छ भने स्वीकारेको छ । जीव भ्रम हो भन्ने आत्मा नित्य र सत्य हो तसर्थ जीव भ्रमका कारण बन्धनमा पर्छ भने आत्माको बोध भएको स्थितिमा मुक्त हुन्छ साथै वास्तविकताको नजिक पुग्नु नै मुक्ति प्राप्त गर्दछ भन्ने धारणा साठीको दशकयताका नेपाली निबन्धहरूमा पाइन्छ ।

## ४.५ साठीको दशकयताका नेपाली निबन्धमा ब्रह्मचिन्तन

एकमात्र वास्तविक र सत्य वस्तु नै ब्रह्म हो । ब्रह्म नै सृटिको रहस्य हो । यो संसारमा जे छ त्यो सबै ब्रह्म नै हो 'म' नै ब्रह्म हुँ (मिश्र, सन् २०२२, पृ.११२) । यहाँ ब्रह्म भनेको वास्तवमा आत्मा नै हो भनिएको छ । ॐ शब्दको सिर्फ एक विन्दु (.) मात्रले सम्पूर्ण संसार, पाँच महाभूत तत्त्व, पूरा ब्रह्माण्ड, सबै लोक, सबै युग यसैमा समाहित भएको र संसारको जेजति चिज छ सबै ब्रह्म हो (मिश्र, सन् २०२२, पृ.१३५) । यहाँ ब्रह्म अनिर्वचनीय र अव्याख्येय भएकाले शब्दद्वारा ब्रह्मलाई व्याख्या गर्न र बुझाउन सकिँदैन भनिएको छ र ब्रह्म परोक्ष एवम् सबैमा निहित रहेको कुरा बताइएको छ । ब्रह्म इन्द्रियको विषय नभएकाले त्यसमा प्रत्यक्ष प्रमाण हुन सक्तैन (भट्टराई, २०७४, पृ. ८८) । यहाँ ब्रह्म अप्रत्यक्ष रूपमा संसारका सबै वस्तुमा रहने भएकाले यो इन्द्रियप्रत्यक्ष ज्ञानको विषय नभएको हुँदा जगत् ब्रह्मको आभासमात्र हो भनिएको छ । अनादि, अनन्त, पूर्ण, एक, अद्वैत,

सद्घन, चिद्घन, आनन्दघन, नित्य, शुद्ध, बद्ध, एकरस, अजर, अमर, अनामय, अमृतरूप, अकल्पनीय, शब्दातीत, गुणातीत, भावातीत, अवस्थातीत, कालातीत, अन्तर्रात्मस्वरूप, सूक्ष्मातिसूक्ष्म, महान्भन्दा महान्, व्यापक, बोधस्वरूप, स्वयम्प्रकाशस्वरूप, अखण्ड, अप्रमेय, अविक्रिय, अक्रिय, अद्वितीय, निर्गुण, निष्कल, निरवयव, निर्विकल्प, निराकार, निर्मल, अत्याज्य, अग्राह्य, निर्विशेष नाम-रूपरहित, स्वसंवेद्य आत्मस्वरूप नै ब्रह्म हो (रिमाल, २०६१, पृ. १७) । यसप्रकार ब्रह्म मुक्त, चैतन्य, नित्य, शुद्ध, एक, अजर, अमर छ र ब्रह्म शब्द, गुण, भाव, अवस्था, कालभन्दा परको व्यापक, स्वयम्प्रकाशानन्दस्वरूप निर्जल निरूपाधिक र निर्विशेष चेतनतत्व भएको कुरा बताइएको छ । आत्मस्वरूप ब्रह्मबाट आकाश, आकाशोपाधिक, ब्रह्मबाट वायु-तेज-जल-पृथ्वी क्रमशः सृष्टि भयो र पाँच ज्ञानेन्द्रिय, चार अन्तःकरण, पाँच कर्मेन्द्रिय, पञ्चप्राण, पञ्चमहाभूतले स्थूल शरीरनिर्माण हुन्छ (घिमिरे, २०७२, पृ. १४८) । यहाँ ब्रह्मबाट नै यस जगत्को निर्माण भएको हो भन्ने कुरा देखाउँदै यस जगत्को नियन्ता अदृश्यतत्त्व ब्रह्म नै हुन् भनिएको छ । उपनिषद्हरूमा ब्रह्मलाई आदि सत्य एवम् सत्यको पनि सत्य, समस्त अस्तित्वको आधार जगत्को स्रष्टा एवम् नियन्ता, विश्व रूप, परमात्मा-परमेश्वर, परम पुरुष आदिका रूपमा व्याख्या गरिएको छ ( भुसाल, २०६८, पृ. ६५) । यसर्थ सम्पूर्ण चराचर जगत्निर्माता र अन्तिम सत्य नै ब्रह्म हो र ब्रह्म नै परमात्मा हुन् भनी उपनिषद्मा व्याख्या गरिएको पाइन्छ । ब्रह्म त्यो वस्तु हो, जसलाई पाएपछि अरू कुराको प्राप्तिको कामना रहँदैन, त्यो सुख हो, जुन पाएपछि फेरि अर्को कुनै सुखको कामना रहँदैन र त्यो ज्ञान हो जुन (ज्ञान) पाएपछि अरू कुनै पनि कुराको जिज्ञासा रहँदैन (राई, २०७४, पृ. ४२६) । यहाँ ब्रह्म प्राप्त भएपछि मानिसमा कुनै इच्छा, द्वेष रहँदैन किनकि दृश्यमान जगत् नै म (आत्मा) भन्ने बोध हुन्छ र यस स्थितिमा सजातीय, विजातीय र स्वगत भेद समाप्त हुन्छ भनिएको छ । मानिसले ब्रह्म (आत्मा) को पहिचान नगर्दासम्म सांसारिक इच्छा, सुख, दुःख आदिमा रुमल्लिइरहेको हुन्छ । ब्रह्म परमार्थिक दृष्टिबाट पूर्णतः सत्य छ र ब्रह्म स्वयम् ज्ञानको विषय हो तसर्थ यो प्रकाशजस्तै ज्योतिर्मय छ; यसैले ब्रह्मलाई स्वयम् प्रकाश भनिन्छ । ब्रह्मको ज्ञान उसको स्वरूपको अंग हो (सिन्हा, सन् १९६३/२०१८, पृ. ३०३) । यहाँ सम्पूर्ण विषयको आधार ब्रह्मलाई जान्न नसकिने तत्त्वका रूपमा मानिएको छ; जसबाट जगत्को उत्पत्ति, स्थिति र लय हुन्छ त्यो नै सच्चिदानन्दस्वरूप ब्रह्म हो र जगत् नै ब्रह्मको अर्को स्वरूप हो भन्ने पूर्वीय दर्शनको मान्यता रहेको छ । जगत्को उत्पत्ति, स्थिति र लयको कारण हुनु यसको तटस्थ लक्षण हो (पन्त र प्रभात, २०७५, पृ. २७८) । अणुअणुमा ब्रह्म रहेको हुन्छ र यस्तो ब्रह्मबाट नै पूर्ण जगत्को प्रादुर्भाव वा उत्पत्ति भएको हो भन्ने कुरा तलका निबन्धांशले अभिव्यञ्जित गरेका छन् :

> मलाई फाल्न मन लाग्छ मान्छेभित्रका प्रदूषित विकारका नदीहरू । मलाई आफूभित्रका नदीका प्रियताले अङ्कमाल गर्छ । म आफैंभित्रको नदीलाई सारा प्रदूषणहरूबाट मुक्त गर्न चाहन्छु । किनकि, मैले यहीँबाट गाउनु छ सभ्यताको गीत र यहीँबाट बाल्नु छ 'तमसोमा ज्योतिर्गमय' को उज्यालो र ढलाउनु छ अहम् र

आडम्बरका पर्खाल । उर्घानु छ कालिमाको कालो पर्दा अनि आफैंभित्रको नदीकिनारामा रोप्नु छ बोधीवृक्षहरू ! म नदीमा ब्रह्मचिन्तन देख्छु । ब्रह्मर्षिहरूले झैँ मलाई पनि गाउन मन लाग्छ- नदी तिमी शब्दब्रह्म हौ र शब्द ! तिमी नदी हौ ।

(लक्ष्मणप्रसाद गौतम, 'एउटा नदी छ म आफैंभित्र', *चेतना सन्देश*, पृ. ९१)

प्रस्तुत निबन्धांशमा शब्दब्रह्म नै ब्रह्मको प्रतिनिधिस्वरूप हो भन्ने कुरा देखाइएको छ । यस अंशमा स्वच्छ, सफा, निर्मल नदी नै ब्रह्म भएको बताउँदै मान्छेभित्र कलुषित वा विकारहरू रहेकाले स्वच्छ नदीलाई विकारयुक्त र कलुषित बनाएको छ, जसलाई निबन्धकारले फाल्न चाहेको विचार व्यक्त भएको छ । नदी आफैंमा पवित्र हुन्छ तर त्यसलाई प्रदुषित पार्ने काम मान्छे आफैंले गर्ने हुनाले अज्ञानको पर्दा हटाएर चैतन्य ब्रह्म वा कञ्चन नदीको प्रियता आफूलाई अङ्कमाल गर्न मन लागेको, ब्रह्मसाक्षात्कार गर्न मन लागेको निबन्धकारको चिन्तनलाई यस अंशमा स्पष्ट पारिएको छ । यहाँ निबन्धकारले आफूभित्रका कल्मषहरूलाई पखालेर नदीलाई सफा पार्न चाहन्छन्, साथै आफू बन्धनबाट मुक्त हुन चाहेको कुरा प्रकट भएको छ । उद्धृतांशमा मृदुगायन गाएर सभ्यताको गति अगाडि बढाउने चाहना निबन्धकारमा रहेको देखिन्छ । यस उद्धरणमा अहम् र आडम्बरका पर्खाल ढलाएर प्रकाशानन्द ब्रह्मको साक्षात्कार वा मुक्ति प्राप्त गर्ने चाहना प्रकट भएको छ । यस निबन्धांशमा अज्ञान वा भ्रम हटाएर आफैंभित्रको नदी प्राप्त गर्न तथा आत्माको बोधका लागि बोधिवृक्ष रोप्ने चाहना निबन्धकारभित्र रहेको हुँदा नदीमा नै ब्रह्मचिन्तन देख्ने, ब्रह्मज्ञान प्राप्त हुनेमा विश्वस्त देखिएका छन् । शब्द नै ब्रह्म भएकाले शब्दब्रह्म ब्रह्म प्राप्त गर्ने प्रतिनिधि माध्यम हो तसर्थ शब्दब्रह्मद्वारा नदी वा ब्रह्म भेटाउन चाहेको निबन्धकारको चिन्तन यहाँ स्पष्ट व्यक्त भएको छ ।

... लेखकमा ईश्वरमा झैँ सृष्टिको मोह र ध्वंसप्रतिको आकर्षण देखेर म आफैं उदेक हुन्छु । ब्रह्माले सृष्टिको मोह राखेर विश्वब्रह्माण्डको सृजना गरे रे ! यो हाम्रो सृष्टिको कथा । उनलाई पनि अनेक पात्रहरू चाहिएछ । हुन सक्छ आफ्नो मनोरञ्जनका लागि या आफूले सिर्जना गरेको विश्वब्रह्माण्डको रेखदेखका लागि । यो उनै जानून् । लेखक उस्तै छ । ऊ ब्रह्मसँगै आमनेसामने भई उभिने इच्छा राख्छ । ऊ तल्लीन छ पाठ्यभूगोलको निर्माणमा । अनि रमाउँछ आफ्ना मानस सन्ततिलाई आफूअनुरूप खेलाउन र नियन्त्रण गर्नमा । यहाँ मैले ब्रह्मलाई कुनै मानवीकृत रूपमा लिइनँ । मैले अड्कल काटेको ब्रह्म सर्वव्यापी चेतनाको प्रतीक हो- युनिभर्सल कन्ससनेस ।...

(बलराम अधिकारी, 'इरेजर', *इरेजर*, पृ. २१)

प्रस्तुत निबन्धांशमा ब्रह्मविषयक मान्यता ल्याइएको छ र यसक्रममा ब्रह्मलाई नै जगत्का संरक्षक र पालनकर्ताका रूपमा चित्रण गरिएको छ । यस अंशमा ईश्वरको सृष्टिको

मोह र ध्वंसप्रतिको आकर्षण देखेर निबन्धकार आफूलाई उदेक लागेको धारणा व्यक्त भएको छ । यहाँ ब्रह्माको ईच्छाले नै जगत्‌को सिर्जना गरेको र यो विश्वब्रह्माण्डको रेखदेखका लागि अनेक पात्रहरूको आवश्यकता परेको कुरा ब्रह्माले जान्ने विचार प्रकट भएको छ । लेखकमा पनि ब्रह्मा जस्तै चिन्तन र सोचाइ भएको ईच्छा प्रकट गर्दै पाठ्यभूगोलको निर्माण गरेर आफ्ना सन्ततीलाई आफूअनुरूप खेलाउन, नियन्त्रण गर्नमा रमाउने कुरा यस अंशमा प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा आफूले अनुमान गरेको ब्रह्म अरू कोही नभएर सर्वव्यापी चेतनाको प्रतीक भएको उल्लेख गरेका छन् ।

> समय हुँ एकैछिन पनि रोकिन सक्दिन । निरन्तर चल्दै आएको छु । मेरो काम चल्नु हो, चलिरहेको छु । थाहा छैन कहिलेदेखि चल्न थालेको हुँ, थाहा छैन कहाँबाट आएको हुँ, कहाँ जाने हो फेरि पनि चल्दै आएको छु र थाहा छैन कसका लागि चलेको हुँ, आफ्नै लागि हुन् कि अरूका लागि तैपनि चल्दै आएको छु, चल्दै आएको छु, घडीको टिकटिकसँगै चलिरहेको छु । मेरो आदि पनि छैन अन्त्य पनि छैन । कुन छेउ हो कुन टुप्पो हो, कुन मध्य हो, कुन फेद हो त्यो पनि थाहा छैन, 'पूर्वेषामपि पूर्वजा' पूवर्जको पनि पूर्वज अर्थात् सबैको जेठो हजुरबा पनि मै हुँ । सृष्टिको आदिमा जतिबेला संसारको उत्पत्ति नै भएको थिएन त्यतिबेला पनि म नै थिएँ । प्रकृति पनि कालशक्ति अर्थात् मेरै शक्तिले समन्वित भएर नै सृष्टिकर्ममा सक्रिय भएको हो । फेरि 'योऽवशिस्येत सोऽस्म्यहम्' अर्थात् महाप्रलयपछि पनि म नै बाँकी रहनेछु । यस अर्थमा भन्नुपर्दा सबैभन्दा कनिष्ठ अर्थात् सबैको नाति पनि म नै हुँ । मेरै कारणले संसारमा निरन्तर सानो ठूलो परिवर्तन भइरहन्छ, भइरहेको छ तर म आफैं भने न बूढो हुन्छु न बालक । सदा एकनाशले रहन्छु र एकनाशले चल्छु, चल्दै आएको छु ।...
>
> (कमल रिजाल, 'सन्देश', *सुदर्शन,* पृ. ५४)

प्रस्तुत निबन्धांशमा सृष्टिचन्तिनसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ संसारको आदिकारण प्रकृति हो र त्रिगुणत्मिक प्रकृतिको साम्यावस्थामा प्रकृतिमा हलचल उत्पन्न हुन पुग्दछ भनिएको छ । प्रकृतिलाई निरन्तर मानिएको हुँदा एकक्षणमात्र पनि प्रकृतिको गति रोकिने हो भने प्रकृतिलाई पुनः प्रारम्भ कठिन हुन्छ तसर्थ प्रकृतिको गुण निरन्तर यात्रारत रहनु हो भन्ने कुरालाई यहाँ देखाइएको छ । उद्धृतांशमा प्रकृतिले पुरुषको साथ लिएर सृष्टि गर्ने भएकाले प्रकृतिमा प्रलय हुनु भनेको क्रियाशीलता हो भन्ने कुरा देखाइएको छ । यस उद्धरणमा यो यात्रा सृष्टिको उषाकालदेखिको यात्रा भएको हुँदा सृष्टि निरन्तर चलायमान, गतिशील, परिवर्तनशील भइरहन्छ भन्ने कुरा अभिव्यक्त भएको छ । यस निबन्धांशमा यस यात्राको आदि र अन्त्य नभएको हुँदा यसको प्रारम्भ, मध्य र अन्त्य कुन हो एकिन नभएको सन्दर्भ प्रस्तुत भएको छ । निबन्धांशमा 'म' अर्थात् ब्रह्म एक छन् र सत्य छन् तसर्थ सृष्टिको प्रारम्भमा संसारको उत्पत्ति नभएको अवस्थामा पनि निर्गुण, निर्विकार ब्रह्मको मात्र अस्तित्व रहेको ब्रह्मसम्बन्धी चिन्तन अभिव्यक्त भएको छ । यहाँ ब्रह्म दीक्कालातीत भएको हुँदा ब्रह्ममात्र विश्वब्रह्माण्डमा पूर्ण

भएकोले सम्पूर्ण सृष्टिको आधारतत्त्व मानिएको छ । यस अंशमा पूर्ण ब्रह्मबाट नै जगत्को निर्माण भएको हुँदा ब्रह्मबाट नै सम्पूर्ण वस्तुहरू उत्पत्ति एवं विनाश हुन्छ तसर्थ जगत्को स्रष्टा सञ्चालक तथा परमपुरुष आदिको रूपमा ब्रह्मको उल्लेख गरिएको छ । यहाँ सर्वव्यापी, सर्वगुणी, सृष्टिको आधार, जगत्को रचयिता र सर्वत्र व्याप्त ब्रह्म नै सम्पूर्ण चराचर जगत् हो भन्ने कुरा बताइएको छ । ब्रह्म अमर, सत्य र चिरस्थायी छ र मानिसको ज्ञानभन्दा परको विषय हो भन्ने चिन्तनलाई यस अंशले स्पष्ट पारेको देखिन्छ ।

> अक्षर बढोस् वा जतिसुकै घटोस् वा जतिसुकै क्षर वा नाश होस्, जति लुकोस् वा देखापरोस् त्यसको अस्तित्व फेरि पनि अक्षर मात्र । लिपिकै अस्तित्वमा आज सारा संसार हिँडेको र चलेको छ । अक्षरले नबोल्नेलाई बोलाएको छ, नहेर्नेलाई हेराएको र नचल्नेलाई चलाएको छ । सारा संसारको यावत् अस्तित्व अक्षरले राखिदिएको छ । यन्त्रदेखि मानवसम्म सबैसबै यसैको दास बनेका छन् ।

(विनयकुमार शर्मा नेपाल, 'अक्षर', *पुनरावृत्ति*, पृ. ३७-३८)

प्रस्तुत निबन्धांशमा ब्रह्म क्षीण एवम् ननासिने हुनाले अक्षरब्रह्ममा नै ब्रह्मको अस्तित्व रहेको छ र ॐद्वारा ब्रह्मको प्रतिनिधित्व गर्नेहुँदा शब्दब्रह्म नै ब्रह्म हो भन्ने ब्रह्मसम्बन्धी प्रसङ्ग आएको छ । यही ॐको उपासनाबाट नै परब्रह्मको उपासना हुन्छ भन्ने कुरा यहाँ देखाइएको छ । यस अंशमा ॐ अनादि, अव्यक्त र स्वयंप्रकाश छ साथै जुन परमवस्तुलाई ब्रह्म वा परमात्माका रूपमा जानिने त्यस्तो स्वरूपको बोध नै ॐकारद्वारा नै हुन्छ भन्ने अक्षरब्रह्मको आवश्यकताबारे बताइएको छ । यस निबन्धांशमा अक्षरब्रह्म साधकका लागि भएको हुँदा यो जतिसुकै क्षर नाशवान् रहे पनि सारा संसारको अस्तित्व यसमा नै अडिएको ब्रह्मचिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा आएको 'लिपिकै अस्तित्वमा आज संसार हिँडेको र चलेको छ', सारा संसारको यावत् अस्तित्व अक्षरले राखिदिएको छ, वाक्यले जगत्को अस्तित्व एवं गतिशीलता अक्षरब्रह्ममा नै अडेको छ भन्ने कुरा देखाइएको छ ।

> ... संसारमा भटकी भटकी ब्रह्म वा सृष्टिकर्ताको खोज गरेर पाउने कुरा हुँदैन । जसरी ब्रह्मको माध्यमले प्रकृतिले चरअचर जगत्को सृष्टि गरेको छ ती सबै जीवात्मामा ब्रह्मको बास छ भन्ने कुरा हामीले बुझ्ने वा महसुस गर्ने कुरा हो । हामी तपाईंको वरपर, तलमाथि, सबैतिर ब्रह्मैब्रह्म छ । त्यसो हुँदा तपाईं स्वयम् पनि ब्रह्म नै हुनुहुन्छ भनेर विश्वस्त हुनुहोस् । जसरी मकैको दाना रोपेपछि मकै नै फल्छ त्यो ब्रह्मको अंश त्यो बीजमा छ भनेर बुझ्नुपर्‍यो । गीतामा कृष्णले भन्नुभएको छ अन्नमा म बीज हुँ, बीज मासिँदैन । नदीहरूमा म गङ्गा हुँ भनेर यस्तैयस्तै धेरै कुरा भन्नुभएको छ । आत्मा मर्दैन, आत्मा बीज हो । यो यथावत रहिरहनेहुनाले मर्दैन भन्नुको अर्थ त्यही हो ।...

(सीतारामप्रसाद दंगाल, 'आत्मा', *जीवन अनुभूति*, पृ. ६९-७०)

प्रस्तुत निबन्धांशमा ब्रह्म नै सर्वव्यापक र बीजतत्त्व हो भन्ने मान्यता अभिव्यक्त भएको छ । यस अंशमा अनन्त, अनादि, निर्गुण, निराकार, सर्वज्ञ, सर्वव्यापक, स्वयम्प्रकाशानन्द ब्रह्म वा सृष्टिकर्तालाई यस भौतिक जगत्मा यत्रतत्र भौँतारिएर प्राप्त गर्न नसकिने अदृश्य तत्त्व रहेको विचार व्यक्त भएको छ । ब्रह्मको माध्यमले सम्पूर्ण चरअचर जगत्को सृष्टि गरेको हुँदा ती यावत् जीवात्मामा ब्रह्मको निवास रहेको हामीले बुझ्ने र महसुस गर्न सक्छौँ भन्ने मान्यता यस अंशमा स्पष्ट अभिव्यक्त भएको छ । उद्धृतांशमा ब्रह्म सर्वव्यापक भएकाले सर्वत्र ब्रह्मैब्रह्म रहेको र आफू स्वयम् पनि ब्रह्म नै हो भनी विश्वस्त हुन निबन्धकारले आग्रह गरेको पाइन्छ । यहाँ भगवान् कृष्णले पनि बीजतत्त्व नै ब्रह्म भएकाले ननासिने तत्त्व नै ब्रह्म हो भन्दै आत्मा पनि अमर, ननासिने बीजतत्त्व हो र यो रहिरहन्छ भन्ने ब्रह्मविषयक मान्यतालाई अन्नमा म बीज हुँ, बीज मासिँदैन, आत्मा मर्दैन आत्मा बीज हो, सबैतिर ब्रह्मैब्रह्म छ पदावलीद्वारा पुष्टि गरिएको छ ।

> जे होस् म चेतनाको द्वार भने पक्कै हुँ । यो भने म राम्ररी जान्दछु । त्यसैकारण ठोकेरै तपाईंहरू सामू भन्न सक्छु कि म म हुँ र बाँकी सबै मेरा लागि तिमी । ... यो ब्रह्माण्डका सबै तत्त्व र तिनका शक्ति यसैगरी परस्पर अविछिन्न बनेका छन् । त्यसैले यो सारा ब्रह्माण्डको अस्तित्व मात्र तिमी र ममा सीमित देख्छु म । ... तपाईं के देख्नुहुन्छ कुन्नि ? म त मबाहेक अरू केही देख्दिनँ, कोही देख्दिनँ किनकि म जान्दछु यो सारा सृष्टि म भए मात्र मेरो लागि छ र म नभए छैन ।

(विनयकुमार शर्मा नेपाल, 'म र तिमी', *पुनरावृत्ति,* पृ. ७६-७७)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वसम्बन्धी मान्यता ल्याइएको छ र यसक्रममा दिव्यचक्षुद्वारा चैतन्य ब्रह्मलाई आफ्नैआफ्नै अन्तस्करणमा प्रप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा ब्रह्मज्ञानद्वारा चैतन्य प्राप्त गर्न सकिनेहुँदा म नै ब्रह्म हो र ब्रह्म नै चेतनाको द्वार भएको कुरा स्पष्ट पारिएको छ । यहाँ म नै ब्रह्म हुँ र मबाहेक सबै तिमी वा जगत् भएको उल्लेख गर्दै ब्रह्म र जगत् केन्द्र र परिधि रहेकाले यी एकअर्कामा अविच्छिन्न छन् भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा ब्रह्म र जगत् एकअर्काका परिपूरक भएर पनि कहिल्यै सम्मिलन हुन नसक्ने तत्त्व हो तर ब्रह्माण्डको अस्तित्वका लागि यी दुवै साथमा रहनु अनिवार्य मानिन्छ भनिएको छ । निबन्धकारले निबन्धांशमा यो सारा संसार ब्रह्मबाहेक अरू नभएको बताउँदै ब्रह्म भएर मात्र सारा जगत्को अस्तित्व छ त्यसैले यो सम्पूर्ण विश्व ब्रह्ममय छ भन्ने स्पष्ट सङ्केत गरेको देखिन्छ ।

> यतिबिघ्न अनेकहरूबीच एक्लै एक्लै हिडाएँ आफूलाई मैले । रङ्गका रसहरू अनेक छन् । म भने एकको एकै । अनेक रङ्गका रसहरूमाझ तिनका छिटाबाट बच्नु अस्मिता बोधको पाठकर्म बनिदिन्छ मेरो । 'रङ्गका रसरूपहरू नकार्नु अनुचित हुन्छ !' लाई सकभर सतर्क होसियार रहन मेरै 'म' ले मरमराइरहेको सुन्छु । यति नै खेर त हो बाहिरको तेजेश्वरभन्दा निराकार म भइरहेको हुन्छु । मैले भित्रैदेखि आफूलाई

आफ्नै बनाउने चेष्टा रङ्गका रसहरूमाझ डटेर जगाएको छु । ...मलाई औँलाको सङ्केतमा साधना गरिरहन्छ मसितको म । मसितको म भन्नु अन्तरचेतभन्दा अरू के हुन सक्छ होला ? आफैँसित प्रश्न थप्छु । रङ्गका रसहरू भन्नु सूर्यकिरणजस्तै बन्न सक्नुपर्थ्यो ।...

(तेजेश्वरबाबु ग्वंग:, 'रङ्ग रसहरू', *रङ्ग अभिज्ञान,* पृ. ८१)

प्रस्तुत निबन्धांशमा ब्रह्मको रहस्य अमूर्त छ भन्ने मान्यता ल्याउँदै ब्रह्मको अनन्त स्वरूपको चित्रण गरिएको छ र यसक्रममा ब्रह्मलाई रङ्गको रहस्यसँग तुलना गर्ने काम निबन्धकारले गरेका छन् । यस अंशमा सत्य एवम् चेतनस्वरूप ब्रह्म एउटै छ र ब्रह्म अनेक स्वरूपमा विराजमान छन् भन्दै सृष्टिको उषाकालदेखि नै एक्लै विचरण गरिरहेजस्तै आफू पनि एक्लै विचरण गरिरहेको निबन्धकारको विचार व्यक्त भएको छ । रङ्गका अनेकौँ स्वरूपझैँ तिनका बाछिटाबाट जोगिनु पाठककर्मको अस्तित्वबोध भएजस्तै ब्रह्म पनि अस्तित्वशील भएको कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ । यहाँ ब्रह्मको निराकारस्वरूपको नकार्न उचित नभएको बताउँदै निबन्धकार आफू पनि आकारहीन, स्वरूपहीन भएको कुरा प्रस्तुत भएको छ । उद्धृतांशमा ब्रह्मलाई जान्न र बुझ्न अन्तश्चेतनामा खोज्नुपर्ने धारणा राख्दै निबन्धकार आफू पनि आफ्नै बनाउने प्रयत्नमा रङ्गका रसहरूमा रमाउन चाहेको विचार प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा रङ्गहरूको कलामा आफूले आफूलाई साधनारत गर्ने माध्यम औँलाहरू अर्थात् लेखकीय साधना भएको चित्रण गर्दै म अर्थात् ब्रह्म वा आत्माको साक्षात्कार अन्तर्हृदयमा गर्न सकिने आध्यात्मिक चिन्तनलाई स्पष्ट पारिएको छ ।

अहिले म यही एउटा बन्द पुस्तक पढ्दैछु आँखा चिम्लेर ! ऋषिमुनिले गाएका प्रेमवेदका दिव्य मन्त्रजस्तै झङ्कृत भइरहेछन् मनमस्तिष्कमा- अहं ब्रह्मास्मि ! बुद्धं शरणं गच्छामि ! म पाइरहेछु - तिमी - पुस्तकमा एउटा असामान्य पृथक् चरित्रको कथा ! तिम्रो यही पृथक्ता र असामान्यता प्रिय लाग्छ मलाई । रहस्यमयता लोभ लाग्छ मलाई । तिमीभित्रका लाखौँ पृष्ठहरू पढ्न फेरि आँखा बन्द गर्छु । एउटा ध्यानस्थ दशामा छु म । ध्यान गर्दा ध्यान, ध्याता र ध्येयको एकाकारता हुन सकेन भने कहाँ पाइन्छ र चरम आनन्द । ध्यान र प्रेम उस्तै लाग्छ मलाई । म ध्याता र तिमी ध्येय । आऊ यी तीनै तत्त्वलाई एकै ठाउँमा समाहित गरौँ ।

म अहिले तिमी अर्थात् पुस्तकमा ध्यानस्थ छु ।

(लक्ष्मणप्रसाद गौतम, 'पुस्तकमा ध्यानस्थ छु म', *समकालीन नेपाली निबन्ध,* पृ. १३३)

प्रस्तुत निबन्धांशमा ब्रह्मविषयक मान्यता ल्याइएको छ र यसक्रममा ब्रह्म रहस्यपूर्ण रहेकाले अन्तर्चक्षुद्वारा प्राप्त गर्न सकिने कुरा देखाइएको छ । यहाँ मान्छेलाई बुझ्नु भनेको पुस्तकका अनुभूतिका पृष्ठहरू पढ्नु हो जुन ब्रह्मजत्तिकै रहस्यमयी छन् भन्ने

दार्शनिक दृष्टिकोण प्रस्तुत भएको पाइन्छ । प्रस्तुत उद्धरणमा ब्रह्म अव्याख्येय, अनिर्वचनीय र जान्न नसकिने बुझ्न नसकिनेहुँदा पुस्तकको भित्री पृष्ठको रहस्य बुझ्नुजत्तिकै कठिन भएको निबन्धकारको धारणा प्रकट भएको पाइन्छ । यस अंशमा ब्रह्म अर्थात् पुस्तक जगत्को आभासमात्र हो, ब्रह्म भेदरहित छ तर निर्गुण र शून्य होइन तसर्थ ब्रह्मको रहस्य बुझ्न ध्यान, ध्याता र ध्येयको एकाकारमा मात्र सम्भव हुन्छ त्यसैले पुस्तक खोल वा आवरण हो भने पुस्तकका पृष्ठहरू ब्रह्म हो भन्ने ब्रह्मसम्बन्धी चिन्तन यहाँ प्रस्तुत गरिएको छ । यस निबन्धांशमा रहस्य सदैव गर्भभित्र रहेसम्म ब्रह्म वा आत्माको पृथक् पहिचान वा कौतूहल समाप्त हुँदैन तसर्थ पुस्तकको रहस्योद्घाटन भएमा सम्पूर्ण जिज्ञासाको अन्त्य हुन्छ जुन कुरा आफूले नचाहेको धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा ब्रह्मको रहस्य असामान्य रहेकाले त्यसलाई बुझ्न अन्तर्लोचन चिम्लिनुमै आनन्द भएकाले आफू ध्यानस्थ हुन चाहेको आत्माको सत्यतालाई अभिव्यञ्जित गरेको पाइन्छ । यस निबन्धांशमा ध्यान गर्दा ध्यान, ध्याता र ध्येयको एकाकारता हुनु, ध्यान र प्रेम आदि पदावलीले पुस्तक वा ब्रह्मको रहस्य बुझ्नु भनेको अमूर्त कविताजस्तै अनुभूतिका पृष्ठहरू पढ्नु हो, यी तिनै तत्त्वको एकाकार गर्नु हो भन्दै निबन्धकारले पुस्तकलाई मानवीकरण गरेर दार्शनिक दृष्टिकोण अभिव्यक्त गरेको पाइन्छ ।

> त्यसैले भन्ने गर्छु म शून्यको उपज हुँ । शून्य अर्थात् मरुभूमि, त्यो अनुर्वर होइन, त्यो अनाथ होइन त्यो बेबारिसे होइन । परम्परा, इतिहास, मर्यादा, धन सम्पत्ति क्यै नहुनेको कुरा होइन यो । ... वाफवाफमा असंयमित भएर शोख गरिहिँड्नेको असावधानीको सिकार हुनेको कुरा गर्दैछु जो म हुँ । त्यही नियति भोग्न बाध्य परिवारका सदस्यको कुरा गर्दैछु जो म हुँ । देश हुनेको कुरा गरिरहेको छु, जो म हुँ । शून्यताबाट मुक्त हुने पहिलो सङ्केत त अस्तित्वबोध रहेछ, जसले मलाई साहित्यमा हिँडायो ।

(श्रीओम श्रेष्ठ, 'जित्ने कृष्णचन्द्र', *भनौँ कि नभनौँ*, पृ. ३०)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वको चित्रण गर्दै शून्य नै भेदरहित ब्रह्म हो भन्ने कुरा देखाइएको छ । यस अंशमा म शून्यको उपज भएको तर त्यो शून्य भेदरहित मरुभूमि, अनुर्वर, अनाथ, बेवारिसे नभएर अस्तित्ववान् रहेको विचार व्यक्त भएको छ । यहाँ अस्तित्ववान् एवं भेदरहित ब्रह्म परम्परा, इतिहास, धनसम्पत्ति र मर्यादाभन्दा पृथक् निर्गुण, निराकार तत्त्व रहेको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा शून्यताबाट मुक्त हुनु नै अस्तित्ववान् हुनु हो तसर्थ आफू साहित्यतर्फ होमिएको विचार व्यक्त भएको छ । निबन्धकारले निबन्धांशमा 'म' को अस्तित्वबोध नै ब्रह्म हो र यो आफैँभित्र छ, जसलाई पहिचान गर्न सक्नुपर्छ भन्ने धारणा व्यक्त भएको छ ।

> आधी आफैँमा पुरा पनि हो र पुरा आफैँमा आधा पनि हो । आधामा पूर्णताको अपेक्षा सधैँ रहन पाउने हुनाले आधाको अस्तित्व नै प्रिय रहन्छ । यसैलाई त उपनिषद्ले सम्बोधन गरेको छ- लाग्छ यो विश्व आफैँमा पूर्ण छ तैपनि अझ

पूर्णतातर्फको यात्रामा विद्यमान रहन्छ र अझ यस प्राप्तिको पूर्णतालाई पनि अवलम्बन गर्दै जाँदा अरू पूर्णताको यात्रा झन् बाँकी नै रहन्छ । त्यसकारण पूर्णताको प्राप्तिको यात्रा जति पुरा हुन्छ, यात्रा त्यति नै बाँकी पनि रहन्छ- पूर्णमदः पूर्णमिदम् पूर्णात्पूर्णमुद्च्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।

(राजेन्द्र सुवेदी, 'खाली बोतल', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ५२-५३)

प्रस्तुत निबन्धांशमा (पूर्ण) ब्रह्मविषयक मान्यता चित्रण गर्दै ब्रह्म नै पूर्ण शुद्ध ज्ञानको अवस्था हो तसर्थ पूर्ण नै आधा र आधा नै पूर्ण हो भन्ने चिन्तन प्रस्तुत गरिएको छ । यहाँ सच्चिदानन्द परब्रह्म पुरुषोत्तम परमात्मा सबै प्रकारबाट सदा सर्वदा परिपूर्ण हुन्छ र सृष्टि उत्पत्तिभन्दा पहिलो र त्यसपछि पनि पूर्ण र अनन्त हुन्छ तसर्थ आधामा पूर्णताको अपेक्षा हुनेहुँदा आधाको अस्तित्व सदैव प्रिय लाग्छ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा पूर्णबाट पूर्ण हुन्छ र पूर्णबाट पूर्ण निकाल्दा पनि शेष रहने तत्त्व पनि पूर्ण नै रहन्छ त्यसैले यो विश्व आफैँमा पूर्ण छ र पनि पूर्णतातर्फको यात्रामा विद्यमान् रहन्छ तर पनि यो यात्रा पूर्णतातर्फको यात्रा बाँकी नै रहेको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा पूर्णताको यात्रा जति गरे पनि त्यति नै शेष रहन्छ भन्ने ब्रह्मसम्बन्धी मान्यतालाई पूर्णमदः पूणमिदम् पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूणमदाय पूर्णमेवावशिष्यते पंक्तिले पुष्टि गरेको पाइन्छ ।

... यसमा म साक्षी मात्र हुँ, मेरो कुनै भूमिका रहन्न । अनन्तकोटी विश्वब्रह्माण्डमा मेरो स्वरूप एउटै छ । ममात्र होइन मजस्तो पनि अर्को छैन त्यसैले म आद्विय हुँ । मेरो एउटै स्वरूपबाट कसैले फाइदा लिएका छन्, कसैले नोक्सान व्योहोरेका छन् र त्यही स्वरूप कसैका निम्ति महाकाल तथा कसैका निम्ति वरदान सावित भइरहेको छ भने यसमा मेरो के दोष ?

(कमल रिजाल, 'सन्देश', *सुदर्शन,* पृ. ५४-५५)

प्रस्तुत निबन्धांशमा ब्रह्मको निराकारस्वरूपको चित्रण गरिएको छ । यहाँ विश्वब्रह्माण्डको साक्षी एकमात्र ब्रह्म रहेको बताउँदै अनन्त ब्रह्मबाहेक अर्को कुनै तत्त्व नभएकाले एकमात्र साक्षी ब्रह्म नै आद्विय हो भनिएको छ । ब्रह्मको स्वरूप एकै भए पनि ब्रह्मज्ञान प्राप्त गर्नेले फाइदा लिएका छन् भने ब्रह्मज्ञान हासिल नगर्नेले नोक्सान व्यहोरिरहेको उल्लेख गर्दै कसैका लागि यो महाकाल त कसैका लागि वरदान सावित हुनुमा आफ्नो कुनै दोष नभएको वा आफू निर्दोष भएको निबन्धकारको चिन्तनलाई यस अंशमा प्रष्ट पारिएको छ । उद्धृतांशमा ब्रह्मको वास्तविक स्वरूपको बोध हुनेले आनन्द भेट्टाउन सके पनि अविद्याको समुद्रमा पौडी खेल्न चाहनेहरूका लागि भने ब्रह्मसाक्षात्कार कठिन भएको विचार व्यक्त भएको छ ।

जीवन एउटा शून्यबाट आरम्भ हुन्छ । जीवनमात्र होइन, हरेक कुरा शून्यबाट सुरु भएर मात्र अमरत्व प्राप्त गर्छन् । शून्यबाट उठ्नु भनेको संस्कृतिको धरातलमा

> उभिनु हो । संस्कृतिबिनाको अस्तित्व शून्य हो । यसमा संस्कार हुँदैन । सङ्घर्षको अनुभव हुँदैन । त्यसैले संस्कृति भन्नु नै फेदबाट उठ्नु हो । तर फेदबाट उठ्न धेरै समय लाग्छ । किनभने संस्कार एकै दिनमा निर्माण हुने कुरा होइन । ठूलो साधना र तपस्या गर्नुपर्छ । फेद भनेकै शून्य हो । शून्य शीतको थोपा कर्कलाको पातमा टल्किने रीतको निरन्तरता हो । (यसले हरेक बिहान नयाँ सौन्दर्यको आभास दिन्छ । नौलोपनको अनुभूतिपूर्ण आरम्भ गर्छ । यही हो, शीत र कर्कलाको अस्तित्व अनि अन्योन्याश्रित प्रेम र सौन्दर्य ।

(रमण घिमिरे, 'शून्यदेखि अनन्तसम्म', ...*अर्थात् हामी,* पृ. ७)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वशील छ तर ब्रह्म अभाव (शून्य) होइन भन्ने ब्रह्मको स्वरूपको चित्रण गरिएको छ । यस अंशमा शून्य हुनु अभाव नभएर जीवनको प्रारम्भ भएको बताउँदै शून्यबाट नै अमरत्व प्राप्त हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ निर्गुण, निराकार र भेदरहित ब्रह्म दिक्कालातीत छ तर शून्य नभएजस्तै शून्यबाट उठ्नु सांस्कृतिक धरातलमा अडिनु हो, संस्कृतिबिना अस्तित्व शून्य हुनु हो भन्ने धारणा व्यक्त भएको छ । शून्य हुनु भनेको अनन्त ब्रह्मतर्फको यात्रा भएकोले यसमा लामो अनुभव एवं संस्कार नहुनेहुँदा फेदबाट अर्थात् शून्यबाट निर्माण हुन समय लाग्ने भएकाले संस्कार पनि लामो समयको तपस्या र साधनाको प्रतिफलपश्चात् निर्माण भएको हो भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा कर्कलाको पातमा टल्कने शीत पनि एउटा निरन्तर प्रक्रिया हो र यसले हरेक बिहान नौलो आभाष दिने कुरा उल्लेख गरिएको छ ।

> केही कुराले मलाई छेक्दै लग्यो, मलाई सम्पूर्ण ढाक्यो । चारैतिरबाट घेरेर अघिको उज्यालो दृश्यबाट मलाई टाढा गरायो । थाहा छैन, मलाई केले यस्तो मायाजालमा पार्‍यो, त्यसैले मेरो अहम् वा म हुनुको अस्तित्वबोधले आकार ग्रहण गर्न थाल्यो अनि म प्रकट हुने अभिलाषाले मैले मेरो संसार बनाएँ । यो संसार मेरो अहम्को आकार हो, मेरो कृत्य हो, मेरो अहङ्कार हो । मेरो अहङ्कार पञ्च-ज्ञानेन्द्रिय, पञ्च-कर्मेन्द्रिय, पञ्च-अनुभूति, पञ्च-महाभूतमा प्रकट भयो अनि म स्वयम् मेरै संसारमा सदृश भएँ ।

(भास्कर भण्डारी, 'म को हुँ ?', *वैजयन्ती,* पृ. ३९-४०)

प्रस्तुत निबन्धांशमा 'म' को अस्तित्वबोध नै सृष्टि उद्भवको प्रथमकारण भएको मान्यता प्रस्तुत भएको छ । यहाँ समस्त अस्तित्वको आधार, सत्यको पनि सत्य ब्रह्मलाई केही तत्त्वले ढाकेर उज्यालोबाट टाढा पुर्‍याएकाले अहम्को अस्तित्वबोधसँगै आकार ग्रहण गर्न थालेकोले म अर्थात् ब्रह्म प्रकट हुने इच्छाले यो विश्वब्रह्माण्डमा आउनु परेको धारणा प्रस्तुत भएको छ । यस अंशमा यो समस्त जगत् अहम्कै कारण सिर्जना भएको र यो मेरो कार्य र अहङ्कारकै परिणाम भएकाले पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय, पञ्चअनुभूति र

पञ्चमहाभूत प्रकट भएपश्चात् ब्रह्म नै आफ्नै जगत्मा उस्तै देखिने, एकनासको, समान र तुल्य भएको विचार व्यक्त भएको छ ।

> अद्वैत भनेको आत्मा हो । आत्मा भनेको ब्रह्म हो जसको कारणले जगत्को सृष्टि र सञ्चालन भएको छ । त्यो चीजलाई हेर्न वा जान्नको लागि दुईवटा आँखाको जरुरत पर्दैन एउटै आँखा भए पुग्छ । ज्ञानचक्षु, दिव्यचक्षु आदि भनेर शुक्रको आचार्य शुक्रचार्यले उदाहरण दिएको हो । शुक्र भनेको बीज हो, बीज भनेको ब्रह्म हो (आत्मा हो) ... ।

(सीतारामप्रसाद दंगाल, 'आत्मा', *जीवन अनुभूति,* पृ. ७५)

प्रस्तुत निबन्धांशमा आत्माको अमरताविषयक मान्यता प्रस्तुत गर्दै सम्पूर्ण कुराको केन्द्र नै ब्रह्म वा आत्मा हो भन्ने मान्यता ल्याइएको छ । यस अंशमा अद्वैतअनुसार आत्मा र ब्रह्ममा कुनै भेद नभएको उल्लेख गर्दै आत्मा नै ब्रह्म र ब्रह्म नै आत्मा हो भनिएको छ । यहाँ आत्मा र ब्रह्म यी दुई एकै भएको हुँदा सच्चिदानन्दस्वरूप ब्रह्म नै यस सृष्टिका सञ्चालक भएको कुरा बताउँदै उनै ब्रह्म नै जगत्को सृष्टि, स्थिति र लयको कारक भएको चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा ब्रह्म निर्गुण, निराकार, नित्य, अनादि, अनन्त, ब्रह्म इन्द्रियजन्य ज्ञानभन्दा पर रहेको हुँदा बाह्य चक्षुले ब्रह्मको रहस्यलाई जान्न र बुझ्न सकिँदैन तसर्थ ब्रह्मको चिन्तन गर्न दिव्यचक्षु, ज्ञानचक्षुको आवश्यकता पर्ने कुरा शुक्राचार्यले बताएको कुरा उल्लेख भएको छ । निबन्धकारले निबन्धांशमा शुक्र नै बीज हो र बीज नै ब्रह्म वा आत्मा भएको चिन्तन अभिव्यक्त गरेको पाइन्छ ।

> म उसलाई अग्घोरै माया गर्छु । ऊबिना म एकपल पनि शान्तिले बाँच्न सक्तिनँ । ऊ मेरो धड्कन हो । ढुकढुकी हो । मेरो प्राण हो । ऊ मेरो सर्वस्व हो । मलाई 'म' बन्न उक्साउने ऊ मेरो अन्तः प्रेरणा हो । मेरो 'म' लाई उभिन धरा दिने ऊ मेरो धरती हो । मेरो जूनलाई उज्यालिन ठाउँ दिने ऊ मेरो सिङ्गो आकाश हो । ऊ छ र त म 'म' छु । ऊ छ र त मेरो बोध छ । मेरो अनुभव छ । मेरो अस्तित्व छ, अस्तित्वको अर्थ छ मलाई ।

(ज्ञानू पाण्डे, 'ऊ मेरो अमुक प्रेमी', *जीवनको अभिनन्दन,* पृ. २९)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वविषयक मान्यता ल्याइएको छ र यसक्रममा ब्रह्म नै आत्मा भएकाले ब्रह्मबिना जीवनको बोध असम्भव रहेको कुरा देखाइएको छ । यस अंशमा ब्रह्म नै आफैंभित्र रहेकाले ब्रह्मबिना आफू भिन्न रहन नसक्ने बताउँदै ब्रह्मलाई आफूले असाध्यै माया गर्ने निबन्धकारको विचार प्रकट भएको छ । ब्रह्म नै आफ्नो प्राण, धड्कन र सर्वस्व भएको हुँदा सदाकाल आनन्दका रूपमा ब्रह्म रहेको हुन्छ र ब्रह्म नै आफ्नो अन्तःप्रेरणा र टेक्ने आधार भएको बताउँदै अन्तहृदयमा प्रकाश छर्ने, दियो बाल्ने, ब्रह्मज्ञान प्रदान गर्नेहुँदा आकाशजत्तिकै व्यापक रहेको कुरालाई यस अंशमा स्पष्ट सङ्केत

गरिएको छ । उद्धृतांशमा ब्रह्म भएकाले नै आफू भएको उल्लेख गर्दै 'म' को बोध नै आफू छु भन्ने अस्तित्वबोधको अनुभव आफूले गरेको निबन्धकारको चिन्तन प्रस्तुत भएको छ ।

> हाम्रा महाकवि देवकोटाले 'पागल' भन्ने कवितामा मेरो गणितमा एकमा एक घटाए एकै बाँकी रहन्छ भनेपछि- आफूले पढेको सबै गणितको सूत्र फेल खायो भनेर हप्तौँ हप्ता चकराएको माथापच्ची उपनिषद्को 'ॐ पूर्णमिदं पूर्णात् पूर्णमुदच्छते' पढेपछि बल्ल शान्त भएको हो । तत्त्वलाई जति फुटाए पनि, जति छुट्याए पनि तत्त्वको अस्तित्व एकै भएर आफ्नो स्वभाव नगुमाई बस्छ भन्ने विज्ञान पढेर बुझेपछि 'संसार गोलो छ' भने ।

(विनयकुमार शर्मा नेपाल, 'माथापच्ची', *माथापच्ची,* पृ. ३६)

प्रस्तुत निबन्धांशमा ब्रह्मको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा पूर्णमा पूर्ण जोडे पूर्ण नै बाँकी रहन्छ भन्ने कुरा देखाइएको छ । यहाँ देवकोटाको 'पागल' कवितामा गणितमा एकमा एक घटाए एक नै बाँकी रहन्छ भन्ने चिन्तनले आफूले पढेको गणितको सूत्र फेल खाएकाले माथापच्ची गर्नुपरेको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा ब्रह्मको स्वरूपका बारेमा उपनिषद्मा समेत पूर्णमा पूर्ण जोडे पूर्ण नै बाँकी रहन्छ भन्ने ब्रह्मसम्बन्धी चिन्तनलाई ॐ पूर्णमिदं पूर्णात् पूर्णमुदच्छते' पदावलीले स्पष्ट सङ्केत गरेको पाइन्छ । उद्धृतांशमा तत्त्व एकै हुनेभएकाले जति फुटाए, जति छुट्याए पनि आफ्नो अस्तित्वमा अडिग रहनेहुँदा आफ्नो स्वभावमा अडिग रहन्छ भन्ने कुराको ज्ञान निबन्धकारले विज्ञान पढेर बुझेको र यसक्रममा संसार गोलो भएको जान्ने अवसर प्राप्त गरेको दृष्टिकोण प्रस्तुत भएको छ ।

> मेरो एउटै स्वरूपबाट कसैले फाइदा लिएका छन्, कसैले नोक्सान व्यहोरेका छन् र त्यही स्वरूप कसैका निम्ति वरदान साबित भइरहेको छ । ... अझ कहाँसम्म भने कैयौँपटक महाप्रलय नै भएको देखेको छु र जतिपटक महाप्रलय भएको छ त्यति नै पटक 'एकोऽहम् बहुस्यामः' भन्ने वेद मन्त्रअनुसार गर्दै सृष्टिप्रक्रिया गतिशील बनेर अगाडि आएको पनि देखेको छु ।

(कमल रिजाल, 'सन्देश', *सुदर्शन,* पृ. ५५)

प्रस्तुत निबन्धांशमा अनन्त ब्रह्म सदाकाल रहिरहन्छन् भन्ने ब्रह्मको अस्तित्वविषयक मान्यता ल्याइएको छ । यहाँ सम्पूर्ण जगत्का साक्षी ब्रह्म भएको कुरा औँल्याउँदै यिनै ब्रह्मको एकै स्वरूप कसैका लागि फाइदा त कसैका लागि महाकाल भएको ब्रह्मचिन्तन प्रस्तुत भएको छ । यस अंशमा ब्रह्मद्वारा कैयौँपटक महाप्रलय देखेको प्रसङ्ग उल्लेख गर्दै प्रत्येक महाप्रलयको आफू (ब्रह्म) साक्षी भएको धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा जतिपटक महाप्रलय भए पनि एकमा अनेक छन् भन्ने उपनिषद्को मान्यतालाई अनुशरण गर्दै सृष्टिप्रक्रिया निरन्तर रूपमा गतिशील एवम् व्यवस्थितरूपमा सञ्चालन हुँदै

आएको पनि एकमात्र साक्षी आफू अर्थात् ब्रह्म भएको ब्रह्मचिन्तन प्रस्तुत भएको छ । यहाँ ब्रह्मका अनेक रूप र नाम रहेको ब्रह्मसम्बन्धी चिन्तनलाई 'एकोऽहम् बहुस्या' पदावलीले पुष्टि गरेको छ ।

> … मलाई नि रङ्ग-रहस्यहरूका रङ्गीन तर निर्गुण यात्राहरू भर्न मन लागिरहन्छ, त्यसैले । म वर थापिरहेछु जीवन-पात्रभरि निर्गुण निराकार, निरञ्जन सञ्चेतनाका संवाहकसितै निर्गुण, निराकार, निरञ्जन रङ्ग रहस्यहरू सितै । जसको गुण छैन । निर्धारित र निश्चित त्यही त हो निर्गुण । जसको आकार हुन्न उही निराकार । जसको रञ्जन छैन उही निरञ्जन । निरञ्जन जसमा बिनारञ्जना नै लालायित पार्न सक्ने विमोहक शक्ति अन्तरनिहित रहन्छ । निरञ्जन जो आफैँमा निश्वर अनि रङ्गविहीन रहेको हुन्छ । जो कसैलाई आकर्षण गर्ने स्वभाव वरण गर्दैन उसैलाई आराधना गर्न मन लाग्न थालिरहेछ । अचेल ममा । सायद यसैले रङ्ग-रहस्यहरूले मलाई आफूतिर खिचिरहेछ । सम्भवतः त्यसैले म नि रङ्ग रहस्यहरूमाथि खनिँदै गरेको छु स्वधर्मी सञ्चेतनातपतपाएर ।

(तेजेश्वरबाबु ग्वंगः, 'रङ्ग रहस्यहरू', *रङ्ग अभिज्ञान,* पृ. ३६)

प्रस्तुत निबन्धांशमा ब्रह्मको निर्गुण, निराकारस्वरूपको चित्रण गरिएको छ । यस अंशमा निबन्धकारलाई ब्रह्म रहस्यमय भएकाले निर्गुण निराकार ब्रह्मको रहस्यझैँ रङ्गका रङ्गीन रहस्यको यात्रा गर्ने चाहना व्यक्त भएको छ । यहाँ रङ्गका निर्गुण, निराकार, निरञ्जन, निरवयव रहस्यजस्तै ब्रह्मको स्वरूप वा लक्षण भएको बताउँदै निश्चित र निर्धारित गुण नभएको नै निर्गुण, आकार नभएको निराकार, रञ्जन नभएको निरञ्जन स्वरूप ब्रह्ममा सम्पूर्ण तत्त्व लालायित पार्न सक्ने क्षमता अन्तरनिहित रहेको बताइएको छ । उद्धृतांशमा निबन्धकारले निरीश्वर, रङ्गविहीन ब्रह्मको उपासना गर्न मन लागेको बताउँदै आजभोली रङ्गरहस्य, ब्रह्मको रहस्यमा रमाउन तम्तयार भएको स्पष्ट सङ्केत गरेका छन् । निबन्धकारले निबन्धांशमा ब्रह्म निर्गुण, निराकार, निरञ्जन, रङ्गविहीन भए पनि सम्पूर्ण तत्त्वलाई आफूमा आकर्षित गर्न सक्ने क्षमता नभए पनि यसको रहस्य अनन्त रहेको हुँदा त्यसप्रति लालायित हुन्छन् भन्दै आफू पनि रहस्यपूर्ण बह्मलाई जान्ने कोसिसमा लागेको विचार व्यक्त भएको छ ।

> ब्रह्म के हो भनी विचार गर्दा मलाई लाग्छ- यो सम्पूर्ण जगत् ब्रह्मले ओतप्रोत छ रिक्त कतै छैन । त्यही ब्रह्ममा म समाहित छु तसर्थ ब्रह्म खोज्न वा ब्रह्मज्ञानी हुन् संसारमा भट्कनु पर्दैन । जसरी घिउ राखेको भाँडोलाई घिउको भाँडो भनिन्छ तर भाँडो घिउ हैन तैपनि घिउमा त्यो भाँडो समाहित छ, त्यसैगरी यो शरीर उसको बस्ने घर हो जसरी हामी बसेको घर भत्कँदा हामी घरबाट निस्कन्छौँ वा भाग्छौँ, त्यसैगरी यो शरीरलाई प्रतिकूल हुँदा ब्रह्म पनि निस्कन जोड गर्छ वा निस्कन्छ ।

(सीतारामप्रसाद दंगाल, 'ब्रह्म के हो ?', *जीवन अनुभूति,* पृ. २८)

प्रस्तुत निबन्धांशमा ब्रह्मको सर्वव्यापकताविषयक मान्यता ल्याइएको छ र यसक्रममा यो विश्वब्रह्माण्डका यावत् कुरा ब्रह्ममा नै अडिएको चिन्तन प्रस्तुत भएको छ । यहाँ यो सम्पूर्ण जगत् ब्रह्ममै ओतप्रोत रहेकाले सम्पूर्ण तत्त्व आफैँमा पूर्ण छ भन्दै निबन्धकार आफू पनि त्यही पूर्ण ब्रह्ममा नै समाहित भएको विचार व्यक्त भएको छ । ब्रह्म आफैँभित्र रहेकाले सच्चिदानन्द ब्रह्मलाई अविद्याको पर्दा हटाइ ज्ञानद्वारा प्राप्त गर्न सकिनेभएकाले ब्रह्मलाई खोज्न, ब्रह्मज्ञानी हुन संसारमा यत्रतत्र भौँतारिरहनु पर्दैन भन्ने ब्रह्मचिन्तन यहाँ अभिव्यक्त भएको छ । उद्धृतांशमा घिउ राखेको घाँडोमा घिउ नभए पनि घिउको भााडो घिउमा मिलेजस्तै यो शरीर पनि ब्रह्म वा आत्माको निवासस्थान हो र पाञ्चभौतिक शरीर प्रतिकूल हुँदा ब्रह्म वा आत्मा पनि मुक्त हुन खोज्छ भनिएको छ ।

> ... मानवीय अहम्‌चेतनाको विकाससँगै जब मानवले अन्य प्राणीबाट कथित श्रेष्ठताको इतिहास प्रारम्भ गऱ्यो, जसलाई हामी मानवसभ्यताको इतिहास भन्ने गर्छौं, सायद तबदेखि नै दार्शनिक प्रश्नहरूले जन्मधारण गरे- म को हुँ ? म किन हुँ ? म के कारण हुँ ? सृष्टि के हो ? किन हो ? सम्पूर्ण ब्रह्माण्डको अर्थ के हो ? औचित्य के हो ? समय के हो ?

(सरुभक्त, 'दार्शनिक जिज्ञासा', *समकालीन नेपाली निबन्ध,* पृ. ५६)

प्रस्तुत निबन्धांशमा ब्रह्मविषयक मान्यता चित्रण गर्दै ब्रह्म भनेको के हो ? भन्ने बारेमा चिन्तन गरिएको छ । यहाँ मानवीय अहम्‌चेतनाको विकाससँगै मानिस सर्वश्रेष्ठ प्राणीका रूपमा प्रथम पाइला चालेबाट आज हामी मानवसभ्यताको इतिहासनिर्माण भएसँगै ब्रह्मका बारेमा अनेकौँ दार्शनिक जिज्ञासाहरू उत्पत्ति भएको विचार व्यक्त भएको छ । उद्धृतांशमा म को हुँ ? म किन हुँ ? जस्ता प्रश्नहरू उठेको चर्चा गर्दै सम्पूर्ण चराचर जगत् नै ब्रह्म हो भन्ने मान्यता प्रस्तुत गरिएको छ । ब्रह्मलाई इन्द्रियप्रत्यक्षद्वारा जान्न नसकिनेहुँदा ब्रह्मको रहस्य बुझ्न अन्तर्चक्षुको आवश्यकता पर्नेहुँदा निरन्तरको साधनाबाट मात्र ब्रह्मसाक्षात्कार गर्न सकिने कुरा यस अंशमा बताइएको छ । यस निबन्धांशमा सृष्टि, सृष्टिको अर्थ, औचित्य र समय जान्न आफूभित्रको अन्तश्चेतना खोल्नुपर्ने धारणा प्रकट भएको छ ।

> तिमी मेरो मेरा सबै तिमी, तैपनि यसबेला मसित केही पनि छैन । प्रेम पनि छैन । जीवन पनि छैन । केवल रिक्तता छ, शून्यता छ । मृत्यु र जीवनसित शून्यताको सम्बन्ध छैन । समयको विभाजन थियो, यो रिक्तताको प्रसङ्ग । विगतसित समग्रता थियो । अर्थात् वर्तमानसित गहिरिँदै, आगतसित ततर्किंदै । तर जीवन थिएन शून्यतासित । कहीँ जीवन सुरु भएपछि शून्यताको औचित्य देखिँदैन पनि ।

(महेश प्रसाईं, 'सहयात्रीको डायरी', *समकालीन नेपाली निबन्ध,* पृ. ६४)

प्रस्तुत निबन्धांशमा निर्गुण र भेदरहित ब्रह्मविषयक मान्यता ल्याइएको छ । यस अंशमा यो समस्त जगत् नै ब्रह्म हो र आफ्नो सम्पूर्ण कुरा नै ब्रह्म भएकाले ब्रह्मबाहेक

आफूसँग केही नभएको निबन्धकारको विचार व्यक्त भएको छ । उद्धृतांशमा सर्वज्ञ, सर्वव्यापक, निर्गुण, निर्विशेष, निराकार ब्रह्मबिना प्रेम र जीवन पनि नभएको बताउँदै ब्रह्ममा भेद नभएको हुँदा यो निर्गुण छ रिक्त एवं शून्य छ भन्ने कुरा देखाइएको छ । यस उद्धरणमा ब्रह्ममा नै सर्वस्व अडिएको हुँदा यो संसारमा जेजति चीज छ त्यो ब्रह्ममा नै अडेको छ भन्दै मृत्यु र जीवनसित निराकार, भेदरहित ब्रह्मको सम्बन्ध नभएको कुरासमेत देखाउँदै केवल शून्य हुनु भनेको समयको विभाजन हो भन्ने चिन्तन अभिव्यक्त भएको छ । यहाँ ब्रह्मबाट नै ब्रह्माण्डको अस्तित्व सम्भव भएको र उसकै इच्छामा यो जगत् निरन्तर गतिशील भएको हुँदा यसका यात्रा अनन्ततर्फको यात्रा रहेको तर ब्रह्म वा शून्यमा जीवन नभएकोले जीवनसँगै शून्य वा निराकारको औचित्य नभएको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> यता यत्रो स्वर छ विश्वमा निशब्द ध्वनिको शक्तिले शब्दलाई अधेद्य रूप खुल्न खोजिरहेको मात्र छ । ... अर्थ अर्थको बन्धनबाट मुक्त भएर निर्विकार भावमा अभिव्यक्त हुन शब्दहरूले गरेको विद्रोहलाई अवलोकन गर्न सक्षम छ समय । समय भन्छ- कुनै परिस्थिति वा कुनै कालमा निर्निमेष नियालिरहेको देखिरहूँला तर म स्थिर छैन । म थाहै नदिई फड्को पनि मार्छु । निश्शब्द अक्षरब्रह्मको ज्योतिर्मयी अस्मितातिर कदममा कदम मिलाउनु नै मेरो पनि अभीष्ट हो ।

(गान्धीराज काफ्ले, 'निश्शब्द समाधान', *मधुपर्क*, पृ. ३०-३१)

प्रस्तुत निबन्धांशमा शब्दब्रह्मविषयक मान्यता ल्याइएको छ र यसक्रममा ब्रह्मलाई अक्षरब्रह्मद्वारा बुझाउन सकिन्छ भन्ने चिन्तन प्रस्तुत गरिएको छ । यहाँ निर्गुण, निरपेक्ष ब्रह्मलाई ॐकार निशब्द ध्वनिले व्यवहार गर्ने गरिएको र शब्दलाई खुलाउने प्रयत्न गरिएको चिन्तन अभिव्यक्त भएको छ । यस अंशमा ॐ शब्दद्वारा नै ब्रह्मलाई चिनाउने, बुझाउनेहुँदा शब्द, अक्षर, वाक्य नै ब्रह्म हो त्यसैले अर्थको बन्धनबाट मुक्त हुन निर्विकार ब्रह्मलाई शब्दद्वारा चिनाउन अक्षरब्रह्म, शब्दब्रह्मको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा समय नै बलवान् भएकाले परिस्थिति वा निश्चित कालखण्डमा एकटक लगाएर नियालिरहे पनि ब्रह्म अस्थिर रहेको र थाहै नपाई फड्को मार्ने गरेको चिन्तन प्रस्तुत भएको छ । निश्शब्द अक्षरब्रह्म नै सम्पूर्ण जगत्को कारण भएकाले ॐकारलाई ब्रह्मको प्रतीक मानिएको छ र ब्रह्मको अस्तित्वमा नै आफ्नो पनि अभीष्ट भएको निबन्धकारका दृष्टिकोण अभिव्यक्ति भएको छ ।

> अर्थात् त्यो पूर्ण, यो पूर्ण, पूर्णताबाट पूर्णता नै उदाउँछ । पूर्णताबाट पूर्ण नै निकालिएमा केवल पूर्ण नै शेष रहन्छ । त्यसैले पूर्ण हुने होडमा प्रश्नहरूको थुप्रोबाट प्रश्न सकिएपछि पनि पूर्ण हुन्छ । ... पूर्णता कि त सम्पूर्ण रित्तो भएको अवस्थामा प्राप्त हुने विषय हो, कि त भने सम्पूर्ण भरिएको अवस्थामा । ... मान्छे यावत् प्रयत्न अपूर्णताबाट पूर्णतातिरको यात्रा हो ।...

(भीष्म उप्रेती, 'प्रश्न', *समकालीन नेपाली निबन्ध*, पृ. १६५)

प्रस्तुत निबन्धांशमा पूर्ण नै ब्रह्म हो भन्ने चित्रण गर्दै पूर्णबाट पूर्ण झिके पूर्ण नै बाँकी रहन्छ भन्ने कुरा देखाइएको छ । अनादि, अनन्त र एकमात्र सत्य ब्रह्मको कुनै स्वरूप नभएकाले सच्चिदानन्द परब्रह्म पुरुषोत्तम परमात्मा सम्पूर्ण तरिकाले सदैव परिपूर्ण हुनेभएकाले यो सम्पूर्ण चराचर जगत् वा विश्वब्रह्माण्ड पनि पूर्ण हो भन्ने मान्यतालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ । उद्धृतांशमा यो पूर्ण परब्रह्मको पूर्णताबाट नै जगत् पूर्ण हुँदा पनि परब्रह्म परिपूर्ण हुन्छ तसर्थ पूर्णबाट पूर्ण झिक्दा पनि पूर्ण नै शेष रहन्छ भनिएको छ । यस अंशमा सृष्टि उत्पत्ति पूर्व र त्यसपछि पनि अनन्त नै हुन्छ, पूर्ण नै हुन्छ त्यसैले पूर्ण हुने होडमा प्रश्नहरूको थुप्रोबाट प्रश्न वा जिज्ञासा सकिए पनि अन्तमा शेष रहने तत्त्व पनि पूर्ण नै रहन्छ भन्ने कुरासमेत देखाउँदै पूर्ण हुनु भनेको रित्तो हुनु हो तर शून्य नभएकाले पूर्णतातर्फ यात्रा सदैव रहिरहन्छ भन्ने ब्रह्मचिन्तनलाई निष्कर्षका रूपमा यहाँ प्रस्तुत गरिएको छ भन्ने मान्यता प्रस्तुत भएको छ ।

> नादविन्दुबाट प्रस्फुटित म स्वयम् सृष्टि, स्थिति र प्रलयको कारण रहूँ र कारक बनूँ । म र मेरो सत्ताबाहेक अरू कुनै सत्ता छैन । मेरो सत्ताको लागि पनि म प्रकट हुनुपर्छ । म स्वयम् पुरुष हुँ, मेरो पुरुषत्व प्रकट हुनुपर्छ । म काल, विद्या, राग, नियति र कलाले पूर्ण जे पनि गर्न सक्छु र त अप्रकट कसरी बसूँ । म प्रकट हुनु नै मेरा सत्ताको सार हो । म हुनु र मैले केही गर्नु मेरो अभिभारा हो । मेरो इच्छा छ, म मेरो जगत् सृजना गरौँ, तसर्थ म कसरी अप्रकट बस्न सक्छु, म चाहन्छु म प्रकट होऊँ ।

(भास्कर भण्डारी, 'म को हुँ ?' *वैजयन्ती,* पृ. ३९)

प्रस्तुत निबन्धांशमा ब्रह्मलाई सम्पूर्ण जगत्को नियन्ताका रूपमा चित्रण गरिएको छ । यस अंशमा ध्वनिको अव्यक्त मूलरूपबाट प्रस्फुटित ब्रह्म नै यस चराचर जगत्को सृष्टि, स्थिति र लयको कारण र कारक बन्ने इच्छा व्यक्त भएको छ । यहाँ चैतन्यब्रह्म नै एकमात्र सत्ता हो र आफ्नो सत्ताको लागि ब्रह्म आफैं प्रकट हुनुपर्ने विचार व्यक्त गर्दै म नै ब्रह्म हो र ब्रह्म नै आत्मा वा अपरिणामी कर्ता भएको उल्लेख गर्दै सृष्टि, स्थिति र लयका निमित्त प्रकृतिलाई पुरुषको साथ आवश्यक पर्दछ भनिएको छ । ब्रह्म नै सृष्टिको माध्यम भएकाले काल, विद्या, राग, नियति र कलाले भरिपूर्ण ब्रह्मको प्रकट अनिवार्य मानिएको हुँदा 'म' को उत्पत्ति नै सत्ताको सार हो भन्ने कुरा यस अंशमा देखाइएको छ । उद्धृतांशमा 'म' को अस्तित्वबोध वा म नभए जगत् नभएकाले केही गर्नु नै ब्रह्मको दायित्व हो त्यसैले जगत्को सृष्टि गर्ने दायित्व भएकाले ब्रह्म प्रकटित हुन चाहनु नै ब्रह्मको लक्षण भएको कुरा प्रस्तुत भएको छ ।

> उठेपछि मलाई न सङ्कीर्णताका तारले बार लगाउन सक्छ । न विभेदको खाडलको दलदलले अठ्याउन सक्छ । न त सम्मोहनकारी शक्तिका आकर्षणले विन्दुविशेषको सीमिततामा सङ्कुचाउनु नै, न त मलाई कसैप्रतिका घृणाले रातोपिरो बनाउन नै ।

> ब्रह्माण्ड मेरो पकडमा छ, म विराट ब्रह्माण्डको ब्रह्म अबुझहरू मलाई एकताले बाँसुरीको धुन पनि भन्लान्, भनुन् । म यसमै अपूर्व आनन्दको मिठास पाउँछु ।
>
> (कलानिधि दाहाल, 'न्यायधीश मन', *मधुपर्क,* पृ. १९)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वविषयक मान्यताको चित्रण गर्दै ब्रह्म अभाव (शून्य) रूप होइन भनिएको छ । ब्रह्मसाक्षात्कारको स्थितिमा आफूलाई कुनै पनि कुराले नछुने बताउँदै ब्रह्म भेदशून्य एवं देश र कालको सीमाभन्दा पर रहेकाले सजातीय र विजातीय दुवै भेदभित्र छैन र केवल ब्रह्मलाई देश र कालको सीमाभित्र सङ्कुचन गरेर बुझ्न नसकिनेहुँदा कुनै सम्मोहनकारी शक्तिका आकर्षणले शून्य वा थोप्लो (विन्दु) विशेषको सीमिततामा सङ्कुचन गरेर परिभाषित गर्न सकिँदैन भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा यो विश्वब्रह्माण्ड ब्रह्ममा नै निहित रहेकाले सम्पूर्ण ब्रह्माण्डको सृष्टि, स्थिति र लयको कारक ब्रह्म हो तसर्थ ब्रह्मको स्वरूप विराट् छ तर मेरो रहस्य नबुझ्नेहरूले मलाई एकोहोरो भन्लान् भनुन् आफूलाई यसैमा नै अपूर्व आनन्द प्राप्त हुने निबन्धकारको दृष्टिकोण अभिव्यक्त भएको छ ।

> सृष्टिको सुरुवात शब्दबाट नै भएकाले र त्यसलाई शब्दब्रह्म सम्बोधन गरी सर्वप्रथम उच्चारण गर्ने कवि नै हुन् भनेर भनिएका आधारहरू पनि प्रशस्त पाइएका छन् । 'तेने ब्रह्म हृदा य आदिकवये' श्रीमद्भागवत मङ्गलाचरणमा उल्लिखित प्रसङ्गका साथै भगवान् विष्णुका जलशयन शेषनाग आचार्य पिङ्गल, काव्यपुरुष वाल्मीकि, कवि मुसना, वेदव्यासजस्ता पूर्वीय प्राचीन कविहरूबाट यिनै सान्दर्भिकताको पुष्टि गर्दै दिएका अभिव्यक्ति प्राप्त हुनु र सृष्टिकर्ता ब्रह्मलाई त्यसरी आदिकविको रूपमा स्थापित गर्नु निश्चय पनि 'कवि' शब्दको महानताको वर्णन भएको मान्नुपर्दछ ।...
>
> (बाजुराम पौडेल, 'कवि', *गरिमा,* पृ. ९४)

प्रस्तुत निबन्धांशमा शब्दब्रह्मका बारेमा चित्रण गरिएको छ र यसक्रममा सृष्टिको आदिस्रष्टा ब्रह्माजी नै शब्दब्रह्म सम्बोधन गर्ने पहिलो कवि थिए भन्ने कुरा देखाइएको छ । यस अंशमा शब्द नै ब्रह्मलाई बुझ्ने साधनमात्र होइन स्वयम् ब्रह्म हो त्यसैले सृष्टिको प्रारम्भ शब्दबाट भएको हुँदा शब्दब्रह्म सम्बोधन गर्ने, सर्वप्रथम उच्चारण गर्ने तिनै आदि स्रष्टा ब्रह्माजी पनि कवि नै हुन् भनिएको छ । यस निबन्धांशमा तिनै ब्रह्म/परमात्माले ब्रह्माजीलाई अन्तस्करणबाट ज्ञान सञ्चार गरे, हृदयमा ज्ञान सञ्चार गराइदिए भन्ने प्रशस्त आधारहरू रहेको विचार उल्लेख भएको पाइन्छ । आदिस्रष्टा ब्रह्मबाट नै सृष्टिको उत्पत्ति भएको हो भन्ने मान्यतालाई तेने ब्रह्म हृदा य आदिकवये पदावलीले पुष्टि गर्ने काम गरेको छ साथै श्रीमद्भागवतमा यही पंक्तिद्वारा मङ्गलाचरण गरिएको प्रसङ्ग यस निबन्धांशमा उल्लेख गरिएको छ । उद्धृतांशमा सृष्टिकर्ता ब्रह्मा पनि आदिकवि भएको सान्दर्भिकता पुष्टि गर्न

आचार्य पिङ्गल, वाल्मीकि, कवि मुसना, वेदव्यासजस्ता पूर्वीय विद्वान्हरूले समेत स्वीकार गरेको उल्लेख गर्दै 'कवि' शब्द स्वयम्मा महत्त्वपूर्ण र विशेष रहेको वर्णन गरिएको छ ।

> ... यहाँ सबै क्षणभङ्गुर छन् यस्ता क्षणभङ्गुरसँग मेरो के सम्बन्ध तर असम्बन्ध भए पनि मेरो सिर्जनाबाट कसरी टाढा रहन सक्छु र म । त्यसैले आउनेलाई आउन दिन्छु, बस्नेलाई बस्न दिन्छु र जानेलाई जान दिन्छु । आउने र जाने क्रम चलिरहन्छ, म अविचलित हेरिरहन्छु, त्यसैले म शान्त, सुन्दर, प्रेमयुक्त आनन्दमय हुँ ।
>
> (भास्कर भण्डारी, 'म को हुँ ?', *वैजयन्ती,* पृ. ४०)

प्रस्तुत निबन्धांशमा ब्रह्मको नित्यता र अविनाशी स्वरूपको चित्रण गरिएको छ र यसक्रममा ब्रह्मबाहेक सबै नाशवान् रहेको तथा ब्रह्म नै सृष्टिको आदिकारण हो भन्ने कुरा देखाइएको छ । यस अंशमा एकमात्र ब्रह्म सत्य, अजर, अमर, अविनाशी, स्वतन्त्र तत्त्व रहेको तर ब्रह्मबाहेक सबै कुरा नाशवान् वा क्षणिक भएको विचार प्रकट भएको छ । यहाँ नित्य, अखण्ड, व्यापकस्वरूप ब्रह्मकै कारण यस जगत्को यात्रा सम्भव भएकाले ब्रह्म आफ्नै सिर्जनाबाट टाढा रहन सक्दैन भन्ने धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा ब्रह्मको गतिशीलतामा नै जगत्को अस्तित्व रहेकाले यहाँ समस्त चराचर जीव, वनस्पति निरन्तर आउनेजाने क्रम चलिरहन्छ र यस यात्रालाई अविचलित रूपमा ब्रह्मले अवलोकन गरिरहनेहुँदा ब्रह्म सच्चिदानन्दस्वरूपको छ भन्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> बन्धनबाट फुत्किन चाहन्छु । स्वत्वभित्रको बिन्दुवृत्तमा अल्भिन चाहन्छु । आजको आवहवा र वातावरणले ल्याएको 'अहं ब्रह्मास्मि' मा निर्लिप्त हुन चाहन्छु तर चाहना शीतका थोपासरी छाइरहन्छन् ममा किन ? म एक हुँ तर अनेकमा विभक्तिएको महसुस हुन्छ । म जति आफूलाई आफैँलाई तान्दछु, त्यति नै कुनै अदृश्य शक्ति मलाई तान्दैतान्दै पगाल्दछ र स्पिरिट सरी फैलाएर बगाउँदछ, सरर्रसर्र उडाउँछु फुर्र र फुर्र मलाई फैलाउँछ, उडाउँदछ ।...
>
> (युवराज मैनाली, 'जय नेपाल !', *मधुपर्क,* पृ. ४८)

प्रस्तुत निबन्धांशमा 'म नै ब्रह्म हुँ' भन्ने ब्रह्मविषयक मान्यता ल्याउँदै अनेकमा एक नै ब्रह्म हो भन्ने कुरा देखाइएको छ । यस अंशमा निबन्धकार आफू बन्धनबाट मुक्ति चाहनुका साथै निर्गुण, निराकार, निर्विशेष, भेदरहित स्वत्वभित्रको शून्य (विन्दु) ब्रह्ममा अल्भिन चाहेको विचार प्रस्तुत भएको छ । उद्धृतांशमा म नै ब्रह्म हुँ तथा सम्पूर्ण चराचर जगत्को अस्तित्व ब्रह्ममा नै निहित छ र यो संसारमा भएका समस्त तत्त्व ब्रह्ममा नै अडिएको छ भन्ने ब्रह्मसम्बन्धी मान्यतालाई 'अहं ब्रह्मस्मि' म एक हुँ तर अनेकमा विभक्तिएको महसुस हुन्छु जस्ता पदावलीले सङ्केत गरेको देखिन्छ । निबन्धकारले निबन्धांशमा एकमात्र सत्य ब्रह्म यो सम्पूर्ण जगत्का समस्त पदार्थहरू ब्रह्ममा नै विद्यमान रहेका छन् भन्ने धारणा अभिव्यक्त गरेका छन् । यस अंशमा अनादि र अनन्त ब्रह्मको कुनै

निश्चित लक्ष्य वा गन्तव्य नभए पनि यो समस्त संसारलाई उनै अदृश्य ब्रह्मले सञ्चालन गरिरहेको हुँदा स्पिरिट झैँ यो चारैतर्फ फैलाउने काम ब्रह्मको भएको बताउँदै उनै ब्रह्म सर्वत्र, सर्वव्यापक, सर्वज्ञ, परोक्ष सबैरूपमा निहित छन् भनिएको छ ।

> ... कल्पनाको प्रथम यात्रा त त्यही आदि स्रष्टाले आरम्भ गरेको हो । कल्पनायात्राको प्रथम बिन्दु त्यहीँबाट आरम्भ भएको स्थितिमा 'एकोऽहम्' अथवा 'म एक्लो छु' भन्ने बोधको परिणाम स्विकारेपछि कल्पनाको प्रथम पाइला सरेको र त्यस पाइलाको लक्ष्य 'बहुस्याम्' को कल्पित योजनानिर्माण भएपछि यस प्राक्कल्पनामा लक्ष्यित बिन्दुसम्म पुग्ने यात्राको कल्पना बहुस्याम् भनेपछि नै आरम्भ भएको हो । यसै कल्पनाबाट भएको यात्राको गति संसारमा आजसम्म पनि निरन्तर कायम रहेको हो । यसरी आरम्भ भएको र यो यात्रा ब्रह्माण्डको अनन्त गतिसम्म पनि निरन्तर रहिरहने तत्त्व सिद्ध भएको छ... ।

(राजेन्द्र सुवेदी, 'कल्पना विज्ञानकी जननी', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ३९-४०)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वविषयक मान्यता ल्याइएको छ र यसक्रममा ब्रह्म नै सम्पूर्ण जगत्को उत्पत्तिको कारण हो भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा निर्गुण, निराकार, सर्वज्ञ, सर्वव्यापी, सत्, चित र आनन्दस्वरूप, एकमात्र सत्य आदि स्रष्टा ब्रह्मद्वारा नै यस जगत्को उत्पत्ति भएको कुरा प्रस्तुत भएको छ । यस अंशमा सृष्टिका आदि स्रष्टा ब्रह्मद्वारा नै कल्पनायात्राको प्रस्थानबिन्दु थियो र म नै एक्लो छु भन्ने अस्तित्वको बोध भएपछि यो सम्पूर्ण चराचर जगत्को कल्पनाको प्रथम पाइला भएको साथै त्यस प्रथम प्रस्थानबिन्दुको गन्तव्य वा लक्ष्य बहुस्याम वा अनेकमा एक विद्यमान भएपछि आरम्भ भएको चिन्तन अभिव्यक्त भएको छ । यहीँबाट प्रारम्भ भएको जगत्को यात्रा आजसम्म पनि निरन्तर रहेको साथै अनन्त कालसम्म पनि निरन्तर रहिरहन्छ भन्ने ब्रह्मसम्बन्धी मान्यतालाई एकोऽहम्, बहुस्यामजस्ता पदावलीद्वारा यस निबन्धांशमा पुष्टि गरिएको छ ।

> ... के प्राचीन भारतीयले 'ब्रह्म' को कुरा गर्दा यस्तै सूक्ष्मभन्दा सूक्ष्म अर्थात् सूक्ष्मतम् कुनै चीजको परिकल्पना गरेका थिए र त्यो अन्तिम वा सूक्ष्मतम् वस्तुले सारा संसार, संसारको प्रत्येक कण र ब्रह्माण्डहरू बनेको हुनुपर्छ भन्ने अवधारणा अघि सारेर, त्यसलाई 'ब्रह्म' को नाम दिएका पो हुन् कि ?

(शिव गौतम, 'रुमालमाथि बसेर अरुण नदी तर्ने कला', *भ्याम्ली बाख्राको पाठो,* पृ. १५५)

प्रस्तुत निबन्धांशमा यो सम्पूर्ण ब्रह्माण्ड ब्रह्मको परिकल्पना हो भन्ने ब्रह्मको अस्तित्वको चित्रण गरिएको छ । यहाँ प्राचीन भारतीयले धुलोका कण वा अणुझैँ ब्रह्म सूक्ष्मभन्दा पनि सूक्ष्मब्रह्मको परिकल्पना गरेको कुरा बताइएको छ । यस अंशमा यही निर्गुण, अगोचर ब्रह्म स्थूल र सूक्ष्म तत्त्वका अणुले संसारका प्रत्येक वस्तु बनेको कुरा देखाइएको छ । उद्धृतांशमा सूक्ष्म कणबाट नै ब्रह्माण्डको सिर्जना भएको हुनुपर्छ भन्ने

अवधारणा अघि सार्दै यसलाई नै ब्रह्म नाम दिएको हुन सक्ने निबन्धकारका चिन्तन प्रस्तुत भएको छ ।

> कहिलेकाहीँ त लाग्छ, तिमी नै संसार हौ । तिमी नै सृष्टिको अविच्छिन्न आयाम हौ । महाभारतमा भगवान् कृष्णले म स्वयम् समय हुँ । ब्रह्माण्डको सृष्टिकर्ता नै म हुँ । म यो संसार चलाउने शक्ति हुँ । मभित्र आफ्ना पीडाहरू लुकाऊ, जे मनलाग्छ गर । म सबैको सुखदु:खको औषधि हुँ । हिँडेर जित्न चाहनेका लागि जाँगरिलो मार्ग, बसेर हार्नेका लागि आलस्य अनि सदाचारीका लागि प्रेरणा र दुराचारीका लागि नमीठो झापड हुँ । आदि इत्यादि भनेका छन् ।

(लक्ष्मी उप्रेती, 'प्रिय समय', *समयसँगै जीवनको लय,* पृ. ४८)

प्रस्तुत निबन्धांशमा ब्रह्मविषयक मान्यता प्रस्तुत भएको छ । यहाँ सम्पूर्ण ब्रह्माण्डको कारक अरू कोही नभएर एकमात्र ब्रह्म भएकोले महाभारतमा श्रीकृष्णले म नै ब्रह्म हुँ, ब्रह्म नै समय हो भनेको कुरा व्यक्त भएको छ । यस अंशमा ब्रह्माण्डका रचयिता स्वयम् प्रकाशानन्दस्वरूप ब्रह्मद्वारा नै यो जगत् सञ्चालन भएकोले जगत्का शक्तिका रूपमा ब्रह्मलाई चिनाइएको छ । उद्धृतांशमा नित्य, निर्गुण, निराकार, सच्चिदानन्दस्वरूप ब्रह्म नै सम्पूर्ण जगत्को सुखदु:खको औषधी भएकाले 'म' तत्त्वमा नै पीडा, हाँसो सबै अडेको हुन्छ भन्ने भाव अभिव्यक्त भएको छ । ब्रह्म नै जित्न चाहनेका लागि जाँगरिलो मार्गमात्र नभएर हार्नेका लागि आलस्य, सदाचारीका लागि प्रेरणा र दुराचारीका लागि नमीठो झापड भएको तर्क यस अंशमा पुष्टि गरिएको छ ।

> यस्तो लाग्दैछ- सबै कुराको आदि र अन्त्य नै शून्य हो । सम्पूर्ण रहस्यान्त शून्यान्तमा नै हुन्छ । धर्मज्ञले ईश्वरलाई समेत शून्य वा निराकार ठानेका छन् । शून्यबिना संसारमा सृष्टि र सिर्जना नै रोकिन्छ । शून्य हुनु भनेको अनन्तमा प्रविष्ट हुनु हो । ... दार्शनिक पाराले भन्दा म असार संसारमा हराएको छु भने व्यावकहारिक दृष्टिल म हराउनुको अर्थ मेरो पहिचान हराएको छ ।...

(रामबाबु घिमिरे, 'आफैँ हराएको सूचना', *अनर्गल प्रलाप,* पृ. २०)

प्रस्तुत निबन्धांशमा ब्रह्मविषयक मान्यता प्रस्तुत गरिएको छ । यस अंशमा शून्य हुनु भनेको निराकार, निर्गुण हुनु, भेदरहित हुनु हो तसर्थ शून्यको आदि र अन्त्य नहुनेहुँदा सम्पूर्ण रहस्यको अन्त नै शून्यान्त हो र शून्यान्त नै ब्रह्म हो र ब्रह्म नै सर्वोच्च ज्ञान हो भनिएको छ । उद्धृतांशमा मायाबाट प्रभावित ब्रह्म नै ईश्वर हो र शून्य, निराकार, निर्गुण, सर्वव्यापी, सर्वज्ञ ब्रह्मद्वारा नै सम्पूर्ण जगत्को सृष्टि र सिर्जनाको कारणरूप सत्यवस्तु भएकाले ब्रह्मको ईच्छाबिना जगत्को अस्तित्व छैन भन्ने कुरा देखाइएको छ । ब्रह्म हुनु भनेको भेदरहित हुनु हो र यो अनादि र अनन्त भएकाले सृष्टि, स्थिति र संहार ईश्वरबाटै भएको चिन्तनलाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ । यस निबन्धांशमा व्यावहारिक

दृष्टिले यो जगत् वास्तविक जस्तो देखिएको, आफू भएको महसुस भए पनि पारमार्थिक कोणबाट यो अवास्तविक भएकाले हराउनुमा नै आफ्नो पहिचान लुकेको भाव अभिव्यक्त भएको छ ।

> ...अहङ्कार जीवनबोधी चेतना पनि हो । आफू हुनुको अस्तित्व बोल्न केही हदसम्म अहम् नै सहायक तत्त्व हो । 'म छु' को बोध अहम् नै जन्मिने चेतना हो । चेतनाको संयमले अहम्लाई आदर्श राख्छ । असंयमित अहम् हिनहिनाउन थाल्यो भने अहम्ले अशिष्ट रूप लिन पुग्छ । ... जीवनलाई ज्योतिर्मय पार्न अहम् चाहिन्छ ।... संसार अहम्को ताण्डवमा आतङ्कित भएको बुझिन्छ ।
>
> (नारायण चालिसे, 'समयगुरु द्रोणाचार्य-सात', *समयगुरु द्रोणाचार्य*, पृ. २१)

प्रस्तुत निबन्धांशमा ब्रह्मको अस्तित्वविषयक चिन्तन अभिव्यक्त गरिएको छ । यहाँ म नै ब्रह्म हुँ भन्दै म हुनुको अस्तित्व नै ब्रह्म हो भन्ने कुरासमेत औँल्याउँदै जसले ब्रह्मलाई जान्दछ, बुझ्दछ त्यो नै ब्रह्म हो भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा अहङ्कार नै जीवनबोधी चेतना भएकाले 'म छु' को अस्तित्व बोध नै अहम्को सहायक तत्त्व भएको विचार अभिव्यक्त भएको छ । 'म' को अस्तित्व बोधको अहम्बाट नै चैतन्य वा चेतनस्वरूप ब्रह्मको पहिचान गर्नु हो भन्ने मान्यता यहाँ प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा चेतनस्वरूप ब्रह्म अस्तित्व हुनु हो त्यसैले ब्रह्मको अस्तित्वमा नै ब्रह्माण्ड परिचालित भएको छ भन्ने कुरा देखाइएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा ब्रह्मसम्बन्धी वेदान्तविषयक दार्शनिक मान्यताहरूको निरूपण पाइन्छ र यसक्रममा यो संसार नै ब्रह्ममय रहेकाले यसको रहस्य बुझ्न कठिन छ भन्ने मान्यता विश्लेषणीय देखिन्छ । यहाँ ब्रह्म नै आत्मा हो र यसलाई ॐ शब्दद्वारा बुझाइन्छ भन्दै ब्रह्मको नित्यता, वास्तविकताको विभिन्न सन्दर्भहरू प्रकटित छन् । यहाँ ब्रह्म अनिर्वचनीय, अव्याख्येय छ र यसलाई शब्दद्वारा बुझ्न र बुझाउन नसकिने तत्त्व भएकाले इन्द्रियद्वारा प्रत्यक्ष अनुभव गर्न नसकिने ब्रह्मको नित्यता र जगत्को अनित्यताको अभिव्यक्ति निबन्धमा पाइन्छ । साठीको दशकयताका नेपाली निबन्धमा ब्रह्म नै समस्त जगत्को आधार हो र उनै ब्रह्म जगत्को सृष्टि, स्थिति र लयको कारक भएको हुँदा ब्रह्मसाक्षात्कारबाट मात्र प्राप्त गर्न सकिने अदृश्य तत्त्व हो भन्ने धारणा पाइन्छ ।

## ४.६ साठीको दशकयताका नेपाली निबन्धमा ईश्वरचिन्तन

पौरस्त्य दर्शनमा संसारको सञ्चालन गर्ने चेतनशक्ति ईश्वर हो भन्ने मान्यता प्रस्तुत भएको पाइन्छ । जगत्को नियामक तत्त्व ईश्वर स्वयम् नित्य तथा अपरिवर्तनशील छ त्यसैले ईश्वरको रूपान्तरण विश्वको रूपमा हुन सक्दैन भनिएको छ । ईश्वर जगत्को उपादान कारण नभएर सृष्टिरचनाको कारण अवश्य रहेको छ (आचार्य, सन् २०१०, पृ. १५) । यहाँ ईश्वर निमित्त र उपादान दुवै कारण हो र उनै ईश्वर सृष्टिप्रक्रियामा संलग्न रहन्छ तर

ऊ विश्वको पालनकर्ता र संहारकर्ता नभएर केवल प्रेरकतत्त्व हो भन्ने पौरस्त्य दर्शनको मान्यता रहेको छ । यहाँ जड प्रकृति र चेतनपुरुषलाई सम्पर्कमा ल्याइदिन ईश्वरतत्त्वको आवश्यकता पर्दछ भन्ने मान्यता अभिव्यक्त भएको छ । सृष्टिसंरचनाको समयमा आकाशमा रहेका यिनै परमाणुको पुनः सम्मिलन भई परिणामस्वरूप क्रमशः द्वयणुक, त्र्यणुक आदि रूपमा परिवर्तन भएर सृष्टिको विकासप्रक्रिया सम्पन्न हुँदा यसको मूलमा कुनै चेतन सत्ताको शक्ति नै काम गर्छ परन्तु यस स्थितिमा चेतन सत्ताको सदैव अभाव हुनाको कारण ईश्वरको सत्तालाई स्वीकार्नु अनिवार्य हुन्छ (आचार्य, सन् २०१०, पृ. ११) । यसप्रकार यहाँ जगत्लाई गतिशील बनाउने तत्त्व नै ईश्वर हो र चेतनतत्त्व ईश्वरबिना सृष्टिको संरचना नहुनेहुँदा ईश्वर सदैव अणुपरमाणुको केन्द्रमा रहन्छन् भनेको पाइन्छ । ईश्वर सर्वगुणसम्पन्न छ र त्यो त्रिगुणातीत छ (घिमिरे, २०७१, पृ. ६१) । यहाँ सर्वव्यापक र सर्वज्ञ ईश्वर सृष्टि, स्थिति र प्रलयको कारक हो र सबै जीवको रक्षक नै ईश्वर हुन् भन्ने कुरा बताइएको छ । सर्वान्तयामी, शुभाशुभ कर्मफलको दाता, समस्त विश्वप्रपञ्चको कर्ता, धर्ता र संहर्ता हो (घिमिरे, २०७१, पृ. ६०) । सर्वज्ञ, सर्वशक्तिमान ईश्वर नै सम्पूर्ण परमाणुका सञ्चालक हुन् साथै सम्पूर्ण ब्रह्माण्डका कर्ता एवम् सञ्चालक ईश्वर नै कर्मफलदाता भएको धारणा यहाँ प्रकट भएको छ । सम्पूर्ण ब्रह्माण्डको सम्पूर्ण ज्ञानको आधार र अधिष्ठान, आरम्भ र पर्यावसान ईश्वरबाटै भएको छ (रिमाल, २०६१, पृ. ३०) । यहाँ ईश्वर व्यक्तित्वपूर्ण रहेकाले उसमा नै ज्ञान, सत्ता र आनन्द सन्निहित छन् भनिएको छ । ईश्वरलाई सगुण, सविशेष, ब्रह्म, सर्वज्ञ, व्यापक, स्वयम्भू, अन्तर्यामी, सष्टि, स्थिति, लयकर्ता भनिन्छ (घिमिरे, २०७२, पृ. १४६) । यहाँ ईश्वर नै सृष्टिरचनाका कारण हुन् र उनै ईश्वर अनादि, अनन्त, अकर्ता र उपभोक्ता हो तसर्थ सम्पूर्ण ब्रह्माण्डका शासक, अनुशासक, प्रशासक, ईश्वर सगुण, साकार, निराकार रहेका छन् भन्ने कुरा देखाइएको छ । जब ब्रह्ममा मायाको प्रभाव रहन्छ त्यसबेला ब्रह्मलाई ईश्वर भनिन्छ । सृष्टि गर्नु ईश्वरको स्वभाव हो, खेल हो, ईश्वर कुनै बाह्यसामग्री उपयोगमा नल्याईकनै आफैँ आफूमा नै जगत्को सृष्टि गर्दछ (गिरी, २०५५, पृ. १३२) । यहाँ ईश्वरले शून्यबाट यो जगत्को निर्माण गरेको नभएर परमाणु दृक्, आकाश, मन, आत्मा आदि तत्त्वलाई साथमा लिएर गरेको हो भनेको पाइन्छ । ईश्वरमा मायाको अंश निहित रहनेहुनाले ईश्वर व्यावहारिक दृष्टिले मात्र सत्य हो भने परमार्थिक दृष्टिले चाहिँ ईश्वर पनि असत्य हो, तसर्थ ब्रह्म र मायाको संयुक्त रूप ईश्वर हो (गौतम, २०७८, पृ. १०१) । यसप्रकार ब्रह्मको सर्वोच्च आभास ईश्वर हो र यिनै ईश्वरको अधीनमा माया र मायाको अधीनमा जीव रहन्छ र ईश्वर नै मायाको अंश हो यसर्थ क्लेश, कर्म र वासनाले प्रभावित नभएको पुरुष विशेषलाई यहाँ ईश्वर भनिएको छ ।

### ४.६.१ ईश्वरको स्वरूपचिन्तन

ईश्वर नै जगत्का निर्माता हुन् र उनैबाट यो जगत्को निर्माण भएको हो भनी पौरस्त्य दर्शनमा उल्लेख भएको छ । मायाद्वारा प्रभावित निर्विशेष ब्रह्ममा सविशेष वा सगुण भावको धारणा गर्दछ त्यतिबेला ईश्वर भनिन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ.

३५९) । यहाँ आफैँमा रहेको मायाशक्तिद्वारा प्रभावित ब्रह्म नै ईश्वर हो भनिएको छ र उनै ईश्वरद्वारा जगत्को निर्माण भएको कुरा देखाइएको छ । यो जगत् सञ्चालन गर्ने चेतनशक्ति नै ईश्वर हो भनिएको छ । स्वरूपका दृष्टिले जुन ब्रह्म हो, जगत् सम्बन्धको दृष्टिले उही ईश्वर हो र ईश्वरलाई बुझिनसक्नु, जानिनसक्नु तत्त्व भनिन्छ त्यसैले ईश्वरका बारेमा भनिन्छ- गर्न नसक्ने, नगर्ने या अन्य प्रकारले गर्ने यस्तो दिव्यशक्ति भएको ईश्वर हुन्छ (रिमाल, २०६१, पृ. २८८) । यसप्रकार स्वरूपका दृष्टिले ईश्वर नै ब्रह्म र ब्रह्म नै ईश्वर हुन् र यस्ता ईश्वरलाई शब्दद्वारा, वाणीद्वारा जान्न, बुझ्न नसकिनेहुँदा अन्तर्चक्षुमा प्राप्त गर्न सकिने तत्त्वका रूपमा ईश्वरलाई चिनाइएको छ । यहाँ ईश्वर नै सम्पूर्ण कुराको कर्ता र अकर्ता भएकाले दिव्यशक्ति उनैमा निहित छ तसर्थ सम्पूर्ण प्राणीका हृदयमा विराजमान छन् र सबैका कर्मफलदाता ईश्वर भएको बताइएको छ । ईश्वर सगुण, सर्वज्ञ, व्यापक, स्वतन्त्र र व्यक्तिपूर्ण भएकाले मान्छेले ईश्वरको उपासना गर्छ (गौतम, २०७८, पृ. १०१) । यसरी ईश्वर स्वतन्त्र, सर्वकालिक, सर्वव्यापक, सगुण र व्यक्तिपूर्ण भएकाले मान्छेले ईश्वरको उपासना गर्दछ भन्ने कुरा व्यक्त भएको छ । यहाँ ईश्वरको स्वरूपचिन्तन सम्बन्धी मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूका उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवम् विश्लेषण गरिएको छ :

> हाम्रा ऋषिमुनिहरूले निर्गुण र निराकार अवस्थामा रहेको ईश्वरीय शून्यसत्तामा सर्वप्रथम विस्फोट गराउने र त्यसबाट उत्पन्न प्रतिक्रियात्मक ब्रह्माण्डसम्बन्धी यावत शक्ति र सत्तालाई आआफ्नो स्थानमा व्यवस्थित र नियमित गर्ने कामसमेत गर्दै आएकाले ओमकारलाई ब्रह्मस्वरूप मानेर उपासना गर्ने शास्त्रीय परम्परा चलाएका हुन् । त्यसैले उनीहरूका यस परम्परालाई महान् वैज्ञानिक परम्परा मान्नु पर्ने यथार्थ त आफ्नो स्थानमा छँदैछ साथसाथै संसारका स्थूल, सूक्ष्म, दृश्य, अदृश्य जे जति पदार्थ र तिनका स्वरूप र कार्यहरू छन् सबै ओमकारकै उच्छिष्ट स्वरूप भएकाले अर्थात् ओमकारबाटै उत्पन्न भएकाले सर्वत्र अंशात्मकरूपमा ओमकारकै सत्ता विद्यमान हुन्छ भन्ने भनाइलाई पनि अवैज्ञानिक तर्क भनेर पन्छाउन मिल्दैन ।
>
> (कमल रिजाल, 'ओमकार दर्शन', *सुदर्शन,* पृ. २३)

प्रस्तुत निबन्धांशमा शब्दब्रह्म नै ब्रह्मको स्वरूप भएको चित्रण गर्दै ॐकार नै ब्रह्मको प्रतीक हो भन्ने कुरा देखाइएको छ । यस अंशमा निर्गुण, निराकार ब्रह्ममा जब मायाको प्रभाव पर्छ त्यसबेला ब्रह्मलाई ईश्वर भनिन्छ र तिनै ईश्वरीय शून्यसत्तामा सर्वप्रथम उत्पत्ति गराएर विश्वब्रह्माण्डलाई व्यवस्थित र नियमित रूपमा सञ्चालन गराउने तत्त्व नै ॐकारस्वरूप शब्दब्रह्म भएको कुरालाई व्याख्या र विवेचना गरिएको छ । उद्धृतांशमा ॐकारद्वारा नै ब्रह्मको पहिचान गर्ने माध्यम भएकाले यसले नै ब्रह्मको प्रतिनिधित्व गर्छ भन्दै ब्रह्मको उपासना गर्ने परम्परालाई वैज्ञानिक परम्परा मान्नुपर्ने वास्तविकताको उद्‌घाटन गर्दै विश्वब्रह्माण्डका यावत् तत्त्वहरू, तिनका स्वरूप र क्रियाकलाप सबै ॐकारबाट उत्पन्न र परिचालित छन् भन्ने

दार्शनिक दृष्टिकोण अभिव्यक्त भएको छ । सम्पूर्ण विश्वब्रह्माण्डका समस्त तत्त्वमा ॐकारकै बीज विद्यमान रहेकाले यी सबै ब्रह्मका अंश हुन् भन्ने मान्यतालाई अवैज्ञानिक भन्न नमिल्ने चिन्तनलाई यस निबन्धांशमा स्पष्ट पारिएको छ ।

> सायद आकाश भन्नु नै ईश्वर हो । किनभने ईश्वर पनि आकाशजस्तै अदृश्य छ, अप्राप्य र स्पर्शहीन छ । हामी त्यसलाई हातले छुन सक्तैनौँ । कुनै न्यानो अनुभूति गर्न सक्तैनौँ । जुन कुरा अप्राप्य छ, त्यसको प्राप्तिका लागि हामी हरसम्भव कोसिस गर्छौं । सायद त्यसैले मात्र हामी ईश्वरको आराधना गर्छौं । तर आफूसँगै भएको महत्त्वपूर्ण कुराको हामीलाई वास्ता हुँदैन । हामी साँचो अर्थमा धर्मभीरु हौँ, परजीवी हौँ । यदि ईश्वर साँच्चि नै स्वरूपमा भेटिने भए, मानिसका लागि ऊ सबैभन्दा सस्तो, अपूज्य र महत्त्वहीन हुनेथियो । किनभने ईश्वरसँग पनि त्यसबखत मानिसलाई दिनका लागि केही कुरा बाँकी रहने थिएन... ।

(रमण घिमिरे, 'बिनाकारण', *...अर्थात् हामी*, पृ. ९-१०)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वर सर्वत्र व्याप्त छन् भन्ने कुरा देखाइएको छ । यहाँ आकाश नै ईश्वर हो किनभने आकाश अनन्त र सीमाहीन भएजस्तै ईश्वरको कुनै निश्चित सीमितता नभएको अदृश्य, अप्राप्य, स्पर्शहीन शक्ति भएको उल्लेख गरिएको छ । यस निबन्धांशमा ईश्वरलाई देख्न, छुन र छाम्न नसकिने तर अनुभूतिद्वारा अनुभव गर्न सक्ने अदृश्य, अमूर्त स्वरूप हो भन्ने कुरा बताइएको छ । यस अंशमा हामी सहजै प्राप्त गर्न नसक्ने वस्तुका पछाडि कुदिरहन्छौँ भन्दै सायद हामी ईश्वरको आरधना गरिरहेछौँ भन्ने भाव व्यक्त भएको छ । ईश्वर अनन्त, सूक्ष्म तत्त्व हो र यो सहजै प्राप्य गर्न सक्दैनौँ तर आफूमा भएको ब्रह्म (ईश्वर) वा आत्मालाई जान्ने कोसिस गर्दैनौँ भन्ने कुरालाई यस निबन्धांशमा उल्लेख गरिएको छ । उद्धृतांशमा ईश्वरलाई स्वरूपमा प्राप्त गर्न नसकिने तत्त्व भएकाले महत्त्व दिइएको बताउँदै यदि स्वरूपमा प्राप्त भएको भए त्यो मूल्यहीन, महत्त्वहीन हुने थियो भन्ने धारणा प्रकट भएको छ ।

> ... म (निर) अर्थक प्रयत्नमा रहन्छु स्मृतिमा टाँसिएका सम्झनाका टुक्राहरूलाई खोज्दै, उप्काउँदै र तिनलाई बेढङ्गकै भए पनि आकार दिनमा । प्रयास गरिरहेछु अर्थ खोज्नमा र म आफू अझै पनि चेत भएको चेतना राख्नमा । भूत, वर्तमान र भविष्य जोड्नलाई म सहारा लिन्छु शब्दको । पुनः कहिल्यै अस्तित्वमा नआउने भएकाले नै बितेको पललाई भूत भनेका हुनन् । अर्को छ कहिल्यै अस्तित्वमा नआउने भविष्य । भविष्य यानि भव-ईश र ईश्वरलाई पर्खिनु उस्तै लाग्छ मलाई । भूत र भविष्यका बीचमा नित्य बहिरहन्छ वर्तमान । भूत, भविष्य र वर्तमानलाई जोड्ने सेतु रहेछ शब्द र यसको लेखन ।...

(बलराम अधिकारी, 'इरेजर', *इरेजर*, पृ. २०)

प्रस्तुत निबन्धांशमा ईश्वर नै योजक हुन् भन्ने मान्यता ल्याइएको छ । यस अंशमा ब्रह्म निरर्थक छन् तर आकार दिन सधैँ प्रयत्नरत रहन्छन् भन्ने विचार व्यक्त भएको छ । यहाँ संसारमा एकता, सामञ्जयस्ता र व्यवस्थाको कारण नै निरर्थक ब्रह्म (ईश्वर) निरन्तर अर्थ खोज्नमा सक्रिय रहेको र तिनै ईश्वर चेतनतत्त्व हो भनिएको छ । यस उद्धरणमा यिनै चेतनतत्त्व ईश्वरद्वारा नै भूत, वर्तमान र भविष्यलाई शब्दका माध्यमद्वारा समायोजन गर्न लागिरहने तत्त्वका रूपमा उल्लेख गरिएको छ । उद्धृतांशमा विगतको अस्तित्व नै नहुने र भविष्य कहिल्यै अस्तित्वमा नआउनेहुँदा ईश्वरप्राप्ति निश्चित नभएकोले भव-ईश भनिएको हो भन्ने कुरा प्रस्तुत भएको छ । वर्तमान नै नित्य र निरन्तर गतिशील तत्त्व भएको हुँदा भूत र भविष्यलाई सम्पर्कमा ल्याइदिने काम वर्तमानले गर्ने भएकाले ईश्वर नै यसका योजक हुन् उनै सेतु हुन् भन्ने मान्यतालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> .... त्यस्तै निश्चित अवधिपछि ईश्वरले ब्रह्माण्डलाई आफ्नै महोदरमा लीन गराउँछन् भन्ने कुरो पनि वैदिक ग्रन्थहरूले नै उद्घोष गरेका छन् जसलाई आधुनिक विज्ञानले पनि अस्वीकार गरेको छैन । मैले भनाइको तरिकामा फरक देखिन सक्छ । जब सारा संसार एउटै ईश्वरको विविधरूप हुन् र जसको उत्पत्ति, स्थिति र विनाशसम्मको गतिविधिलाई एउटै तत्त्वले एउटै तरिकाद्वारा व्यवस्थित गरिरहेको छ भने मानिसले आपसमा विभेदको पर्खाल किन खडा गरिरहेका छन् ? के एकले अर्कोलाई पन्छाएर अहिलेसम्म संसारमा कोही अघि बढ्नसकेको छ ?...

(कमल रिजाल, 'सहनौ भुनक्तु', *सुदर्शन,* पृ. ११६)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकारस्वरूपको चित्रण गर्दै जगत्का अधिपति ईश्वर हुन् र उनकै सर्वोपरि भूमिका रहेको कुरा देखाइएको छ । यहाँ हाम्रा वैदिक ग्रन्थहरूले ईश्वरले नै विश्वब्रह्माण्डलाई आफैँमा लीन गराउँछन् भन्ने पूर्वीय आध्यात्मिक चिन्तनलाई विज्ञानले समेत स्वीकार गरेको कुरा प्रस्तुत भएको छ । यस अंशमा यो विश्वब्रह्माण्ड ईश्वरका विविधरूप भएको उल्लेख गर्दै सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति र लयको कारण ईश्वर भएकाले उनै एकमात्र ईश्वरको कृपाले जगत्लाई एकै रीतले व्यवस्थित ढङ्गले सञ्चालन गरिरहेको छ तर मानिसले आपसमा विभेदको पर्खाल किन खडा गरिरहेको छ भन्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा एकले अर्कोलाई पन्छाएर अघि बढ्न नसक्नेभएकाले ईश्वर र जगत् एकअर्काका अभिन्न अङ्ग भएको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> ... यदि त्यो कुनै मानिस त्यो अन्तिम अवस्थासम्म घरव्यवहारका सम्पूर्ण सांसारिक अवस्था अथवा पदार्थहरू त्यागेर ईश्वरीय पदार्थमा आबद्ध हुँदैन । ईश्वरीय तत्त्व शक्तिमा लीन हुन सक्दैन वा लिँदैन । त्यो व्यक्ति यस संसारकै महामूर्ख तत्त्व हो, व्यक्ति हो, किनकि समय सधैँ एकनाश रहन सक्दैन । कारण जन्मने र मर्ने तत्त्व त

केवल समय हो हाम्रो आत्मा एउटा शरीरबाट अर्को शरीरमा सरुवा हुनु हो अर्थात् Transfer हुनु हो ।

(जीबनाथ तिमिल्सिना, 'जिन्दगीको आन्तरिक अनुभव सपना तथा परिकल्पना', *स्वर्गको निर्माण*, पृ. ५५)

प्रस्तुत निबन्धांशमा ईश्वरचिन्तनविषयक मान्यता ल्याइएको छ । यस अंशमा सांसारिक जगत्को बन्धनलाई त्यागेर ईश्वरीय चिन्तन, मनमा आबद्ध र लीन हुन नसकेमा जीवन नर्क बन्ने धारणा प्रस्तुत भएको छ । यस निबन्धांशमा जीवनको उत्तरार्ध ईश्वरीय पदार्थमा आबद्ध हुने चरण भएकाले जगत्का नियामक, सम्पूर्ण परमाणुका सञ्चालक, सर्वज्ञ, सर्वव्यापी ईश्वरलाई भगवान् पनि भनिएको कुरासमेत देखाउँदै उनै आत्मदेव, परमतत्त्व, देवताको उपासनामा आफूलाई प्रवृत्त गराउनु पर्ने चिन्तन प्रस्तुत भएको छ । उद्धृतांशमा अजर, अमर, नित्य, शाश्वत ईश्वरलाई बुझेर जानेर साक्षात्कार नगर्ने व्यक्ति महामूर्ख भएकाले ऊ बन्धनमा परिरहन्छ तसर्थ समयलाई जानेर बुझेर चैतन्यस्वरूप आत्मा (ईश्वर) को पहिचान गर्नुपर्ने कुरा देखाइएको छ । यस निबन्धांशमा जन्मने र मर्ने तत्त्व केवल समय हो तर आत्मा सदा अमर रहन्छ त्यसैले शरीरको अन्त हुनु भनेको शरीरबाट प्राण वा आत्मा अर्को शरीरमा प्रस्थान गर्नु हो भन्ने कुरालाई स्पष्ट सङ्केत गरेको पाइन्छ ।

ईश्वरले भनेका छन् उर्वर र उन्नत होऊ । पृथ्वीलाई हराभरा तुल्याऊ । विचारशील, कार्यशील र प्रगतिशील बाटो नै जीवनको उज्यालो हो । 'गुड' भएकै कारण 'गड' भनिएको हो । 'डार्क' भएकै कारण 'मार्क' गर्नु परेको हो । 'मोन्स्टर' बाट विकसित भएपछि 'म्यान' भएको हो । संसार साझा हो । विचार पनि साझा हुनुपर्छ ।

(मोहन चापागाईं, 'कुकुर मर्‍यो, बिरालो मर्‍यो', *सत्य संलाप*, पृ. ३७)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा सम्पूर्ण कुरा ईश्वरको कृपाले सञ्चालित छन् भन्ने कुरा देखाइएको छ । यहाँ ईश्वर नै सम्पूर्ण कुराको महाकर्ता र महाभोक्ता भएकाले उनकै कृपाले सम्पूर्ण जगत् प्रभावित भएको औँल्याउँदै उनै ईश्वरले उर्वर र उन्नत बन्न आग्रह गरेको विचार व्यक्त भएको छ । यस अंशमा ईश्वर जगत्मा विचरणशील, कार्यशील क्रियाशील, गतिशील, विवेकशील र दयासागर भएकाले उनकै इच्छाले प्राणीको जीवन गतिशील र उज्यालो भएको भाव प्रस्तुत भएको छ । उद्धृतांशमा गुड भएकाले नै गड वा भगवान् एवम् ईश्वर भनिएको धारणा व्यक्त गर्दै डार्क हुनु नै अँध्यारो, अज्ञान, अविद्याको प्रतीक हो र डार्ककै कारण मार्क गर्नुपरेको तथा मोन्स्टरबाट म्यान भएको धारणा अभिव्यक्त गर्दै संसार र विचार साझा छन् भन्ने कुरा यहाँ प्रस्तुत भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा ईश्वरचिन्तनसम्बन्धी दार्शनिक दृष्टिकोणको निरूपण पाइन्छ र यसक्रममा ईश्वर नै जगत्का सञ्चालक हुन् भन्ने मान्यता विश्लेषणीय

देखिन्छ । यहाँ ईश्वरको नित्यता, साकार र समस्त जगत्का नियामक तत्त्व भएको स्वीकारेको छ । यसमा साकार, निराकारस्वरूप ईश्वर सम्पूर्ण कर्मका फलदाता भएकाले सर्वगुण सम्पन्न ईश्वर नै सम्पूर्ण सृष्टि, स्थिति र लय कारक भएको विभिन्न सन्दर्भहरू प्रकाशित देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा सर्वज्ञ, सर्वशक्तिमान ईश्वरलाई सम्पूर्ण परमाणुका सञ्चालक भएको र ब्रह्मको सर्वोच्च आभास नै ईश्वर हो भन्ने धारणा पाइन्छ ।

### ४.६.२ ईश्वरको निराकारस्वरूप

पौरस्त्य दर्शनमा ब्रह्मलाई नै ईश्वर भनिएको छ भने द्वैत वेदान्तमा आत्मा वा परमात्माको स्वरूपलाई स्वीकार गरिएको छ । सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति र लयका कारण एकमात्र ब्रह्म हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५१) । यहाँ समस्त जगत्का आधार ब्रह्म नै निर्माणकर्ता, सञ्चालक र लयका कारक हुन् भनिएको छ । ब्रह्मका दुई अंश छन्- चित् अंश तथा अचित् अंश यी आपसमा विरोधी छन्, यसप्रकार ब्रह्ममा एक अंश दोस्रो अंशभन्दा भिन्न र स्वगत भेदको प्रमाणित गर्दछ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५२) । यहाँ ब्रह्मका चित् र अचित् दुई विपरीत भेद छन् र ती एकआपसका विरोधी रहेको तथा एक विश्वरूप हो भने अर्को विश्वातीत रूप हो भन्ने मान्यता प्रस्तुत भएको छ । विश्वको रूपमा यो गुणसम्पन्न मानिएको छ परन्तु विश्वातीत रूपमा यो अनिर्वचनीय छ किनकि उसमा कुनै गुणको सत्ता नै मान्न सकिँदैन त्यसैले यो निर्गुण छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५२) । यहाँ ब्रह्म अनिर्वचनीय, अव्याख्येय रहेको हुँदा यसलाई शब्दद्वारा व्याख्या गर्न, बुझ्न र बुझाउन नसकिने गुणसम्पन्न तर विश्वातीत तत्त्वका रूपमा लिइएको छ । यहाँ ब्रह्ममा गुणको सत्ता स्वीकार्य नभएको हुँदा यसको स्वरूप निर्गुण र निराकार रहेको कुरा बताइएको छ । ब्रह्म संसारको दृष्टिमा ईश्वर हो भने निरपेक्ष दृष्टिकोणबाट हेर्ने हो भने त्यही ब्रह्म हो तसर्थ सगुण ईश्वर तथा निर्गुण ब्रह्मलाई भिन्न देख्नु भ्रम हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५३) । यहाँ पारमार्थिक कोणबाट निर्गुण ब्रह्म वास्तविक प्रतीत हुन्छ तर सापेक्ष कोणबाट ब्रह्म ईश्वर हो र त्यही ब्रह्म हो भन्ने कुरा तलका निबन्धांशले अभिव्यञ्जित गरेका छन् :

> जे निःसर्त हो त्यो निशब्द हुञ्जेल जीवन्त रहन्छ । उच्चारण हुनासाथे त्यहाँ सर्तले प्रवेश गर्छ । हामी भगवान् भक्तिका कुरा गर्छौं । भजनकीर्तनमा लीन भएर ईश्वरीय शक्तिमा समर्पित हुन्छौँ र भन्छौँ- ‘रक्षा गर प्रभो !’ भगवान् भक्तिलाई पनि हामीले निःसर्त हुन दिएनौँ । निस्वार्थ भन्दाभन्दै पनि मागिरहेका हुन्छौँ । माग्नु स्वार्थ हो । भगवान्बाट केही प्राप्त हुँदैन भन्ने लाग्दो हो त सायद मान्छेले अर्कै अस्तित्वको पूजा गर्थ्यो । ...त्यसैले भगवान्को अस्तित्व भए पनि, नभए पनि हाम्रो मन्थन अनादिदेखि आजसम्म मौन सर्तनामा बन्दी भएको छ । ठूलठूला मन्दिर, देवालय बनिएका छन् । तिनमा अहोरात्र भजन-कीर्तिन हुन्छन् ... ।

(रमण घिमिरे, ‘निःसर्त सर्त’, *...अर्थात् हामी*, पृ. ८१)

प्रस्तुत निबन्धांशमा भगवान्‌को निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा भगवान्‌प्रतिको भक्तिलाई निसर्त र निस्वार्थ रूपमा समर्पित गर्नुपर्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वर सर्वज्ञ, सर्वव्यापी भएकाले सम्पूर्ण जीवनको आधार ईश्वर हुन् र संसार उनकै कृपाले चल्दछ भन्दै सम्पूर्ण शुभअशुभ फलको कर्मदाता ईश्वर भएकोले ईश्वर भक्तिमा कुनै सर्त राख्न नहुने चिन्तन प्रस्तुत भएको छ । यहाँ निशब्द हुँदासम्म जे पनि जीवन्त रहन्छ तर प्रकट हुनासाथै सर्तले स्थान लिन्छ तसर्थ भगवान् प्राप्तिका लागि भजनकीर्तन गर्नु स्वार्थरहित नभएको धारणा व्यक्त भएको छ । ईश्वरभक्तिमा समेत मानिसको स्वार्थ लुकेको हुँदा भगवान्‌सँग स्वार्थले प्रेरित भएर मागिरहेका छौँ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा भगवान्‌बाट केही प्राप्त नहुने भए मानिसले अर्कै अस्तित्वको पूजा गर्ने बताउँदै हरेक कुरा सर्तरहित नभएको चित्रण गर्दै सृष्टिको उषाकालदेखि नै आजसम्म मौन सर्तमा मानिसले मागिरहेको धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा ईश्वर वा भगवान्‌का नाममा मन्दिर, देवालय स्थापना गरी भजनकीर्तन गरिरहेको हुँदा मानिस सर्वशक्तिसम्पन्न, अनादि र अनन्त ईश्वरप्रति मानिस सर्तपूर्ण आफूलाई समर्पण गरिरहेको विचार स्पष्ट पारिएको छ ।

> भन्नेहरू त भन्छन् नि सबै कुराको जगेर्ना भगवान्‌ले गर्छ ! मान्छेभन्दा माथिको शक्ति हो भगवान्, भगवान्‌ले नै उसको यो संसारको रक्षा गरिदिन्छ । र, तिमीले पनि आज त्यस्तैत्यस्तै 'ट्युन' मा कुरा गऱ्यौ मसित । भगवान्‌को अपरम्पार शक्तिबारे शास्त्रहरूमा लेखिएका, पुराणहरूमा कथिएका अनेक अतिरञ्जित कथाहरूमा गम्भीर पत्यार देखायौँ । 'मठ, मन्दिर, देवल र धामहरूमा साक्षात् भगवान्‌को बास हुन्छ रे भन्यौँ ।' 'मन्दिर-मन्दिर धाए भगवान्‌को मूर्तिमा अबिर सिन्दुर फूलमाला चढाए, आरतीको दियो सधैँ घुमाए, भेटी फलफूल र नैवेद्य अर्पिए भगवान् साँच्चिकै रिझिन्छ रे' भन्दै 'रे रे' का कुराहरू धेरै सुनायौ आज तिमीले । मलाई माफ गर, आजका तिम्रा यी कुराहरूमा बिनाछलफल सोझै पत्यारको छाप लगाउन सकिनँ मैले ।

(ज्ञानू पाण्डे, 'भगवान् : ?', *जीवनको अभिनन्दन,* पृ. १४३-१४४)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वर मठमन्दिर, मूर्तिहरूमा नभई अन्तर्हृदयमा व्याप्त छन् भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा सृष्टिका यावत् तत्त्व ईश्वरमा नै निहित रहेको छ जो मान्छेभन्दा माथिको परमशक्ति ईश्वर अणुभन्दा पनि सूक्ष्म, आकाशभन्दा व्यापक भएकाले सम्पूर्ण ब्रह्माण्डका कर्ता ईश्वरले नै संसारको रक्षा गर्ने विचार व्यक्त भएको छ । यस अंशमा ईश्वर शास्त्रका ठेलीमा नभएर प्रत्येक प्राणीका अन्तर्हृदयमा बास गर्छन् तसर्थ ईश्वरलाई प्राप्त गर्न मठ मन्दिर, देवल, धाममा गएर मूर्ति पूजा गर्दैमा प्राप्त गर्न सकिँदैन भन्ने विचार प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा आफूभित्र भएको ईश्वरको खोजी आफैँले गर्नुपर्ने विचार

व्यक्त गर्दै मिथ्या वा भ्रमको पछाडि लाग्नु व्यर्थ भएकाले आफूलाई विश्वास नलागेको धारणा अभिव्यक्त भएको छ ।

> जसलाई हामीले अनुभव गर्न वा थाहा पाउन कोसिस गरिरहेका छौँ ती सच्चिदानन्द रूपको सद्चित्त र आनन्द ती हुन् । सद्चित्त भनेको आत्मा हो, अभ्यास गर्दा आत्मामा चित्त जुटेपछि आनन्द हुन्छ । त्यही सद्चित्त आनन्द भनेर भगवान्लाई भनिएको हो । भगवान्को स्वरूप परम् प्रकाशमय भनेर हाम्रा ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ ।
>
> (सीतारामप्रसाद दंगाल, 'आत्मा', *जीवन अनुभूति,* पृ. ६७)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा सच्चिदानन्दस्वरूप नै ईश्वर हो भन्ने कुरा देखाइएको छ । यस अंशमा हामीले ईश्वरको अनुभव गर्न सक्छौँ र ईश्वरलाई देख्न, छुन र थाहा पाउने कोसिस गर्छौं उनै ईश्वर नै सद्चित र आनन्दस्वरूप भगवान् हुन् भन्ने कुरा व्यक्त भएको छ । उद्धृतांशमा ईश्वर नै देवता हुन् तसर्थ सत् भनेको सत्य, चित् भनेको चैतन्य हो र यो नै आत्मा हो साथै यही अस्तित्वशील आत्मामा चैतन्यको सम्मिलनपश्चात् आनन्द प्राप्त हुन्छ र यो नै जीवनको चरमलक्ष्य हो भन्ने ईश्वरीय चिन्तन प्रस्तुत भएको छ । यहाँ यिनै सच्चिदानन्दस्वरूप ईश्वरलाई नै भगवान् भनिएको छ र यो नै ब्रह्म प्राप्तिको साधन भएको धारणा प्रकट भएको छ । निबन्धकारले निबन्धांशमा प्रकाशानन्दस्वरूप नै भगवान् वा ईश्वर हुन् भन्ने कुरा हाम्रा वैदिकग्रन्थहरूमा उल्लेख भएको बताउँदै ईश्वर नै आत्मा हुन् भनेको पाइन्छ ।

> ... जीवन ईश्वरकै हो । ईश्वरले यो जीवन जसरी दिए त्यसरी नै लिन्छन् । लेनदेन बराबर, डेबिट-क्रेडिट बराबर । ईश्वरको खातामा जन्म=मृत्यु । ईश्वरको इजलासमा 'जीवनपछिको मृत्यु अवश्यम्भावी छ ।' फैसलालाई सबैले मान्नैपर्छ । नमान्नुको विकल्प छैन । चित्त तिम्रो हो, शुद्ध बनाउ वा अशुद्ध । हृदय नै तिम्रो मन्दिर हो, पूजा गर वा घृणा ।
>
> (मोहन चापागाईं, 'मृत्युपत्रमा हस्ताक्षर', *सत्य संलाप,* पृ. ५२-५३)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गर्दै ईश्वर अन्तरहृदयमा नै प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वर नै जीवनदाता, फलदाता हो र उनै ईश्वरले जीवन दिनेमात्र नभएर लिने काम पनि गर्छन् भन्ने विचार व्यक्त भएको छ । यहाँ ईश्वर प्रशासक भएको हुँदा हिसाबकिताब बराबर गर्नेभएकाले ईश्वरको खातामा अन्याय नभएर जन्म-मृत्यु, लेनदेनमा न्याय र समानता रहेको चिन्तन प्रस्तुत भएको छ । जीवन र मृत्यु प्राकृतिक नियम भएकाले मान्छे जन्मेपछि मृत्यु निश्चित छ त्यसैले ईश्वरको फैसलालाई सबैले स्वीकार्नु पर्ने निबन्धकारको चिन्तनलाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ । उद्धृतांशमा ईश्वरको निर्णय बाध्यकारी भएकाले त्यसको विकल्प नभएको उल्लेख गर्दै चित्त (आत्मा) आफ्नै हो तसर्थ आत्माको शुद्धीकरण गर्ने नगर्ने आफ्नै हातमा

रहेको र अन्तर्चक्षु नै मानिसकै मन्दिर वा देवालय भएकाले पूजा गर्न योग्य बनाउने कि घृणाको लायक बनाउने सबै आफूमा नै निर्भर रहेको धारणा प्रकट भएको छ ।

> जुनै सङ्घसंस्थाले आआफ्नो दर्शन छाँटोस्, परन्तु निर्क्योल एउटै हुन्छ- ईश्वर एकमात्र छन् जसले ब्रह्माण्ड सञ्चालन गरेका छन् । क्षणभर फुर्सद नदिलाईकन ब्रह्माण्डलाई घुमाइरहेका छन् । अनि भगवान् भनूँ या ईश्वर कहाँ छन् त ? जति भगवान्का नामका आकार छन्, सबै निराकार छन् जसको आकार शून्य छ । बहकिएँ म भगवान् भन्दै र भन्छु- आत्मा-परमात्माको चिन्ताको एकाग्रताभित्र नै धर्मावतारको दर्शन हुन्छ जसरी वीर योद्धा अर्जुनले सशरीर ब्रह्माण्ड सञ्चालन गर्ने श्रीकृष्णको अवतार देख्छन् ।

(मोहनबहादुर कायस्थ, 'ऋषिमुनिको तपस्याको फल', *आकाशवाणी*, पृ. ८४)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा जगत्का नियन्ता ईश्वर हुन् भनिएको छ । यस अंशमा सम्पूर्ण जगत्का नियन्ता, सृष्टि, स्थिति र लयका कारक एकमात्र ईश्वर अनादि र अनन्त रहेको कुरा देखाइएको छ । यहाँ मायाद्वारा प्रभावित ब्रह्म नै ईश्वर हो र उनै ईश्वरद्वारा (ब्रह्म) सृष्टिचक्र गतिशील भएकाले ब्रह्म वा ईश्वरलाई एकछिन पनि रोकिने फुर्सद नभएको कुरा बताइएको छ । ब्रह्म एकक्षणमात्र रोकिने हो भने सृष्टिचक्र नै अवरुद्ध हुनेहुँदा ईश्वरभन्दा जगत्को अस्तित्व नभएकोले ईश्वर कहाँ, कसरी छन् भन्ने कुरालाई यहाँ स्पष्ट सङ्केत गरिएको छ । उद्धृतांशमा ईश्वर सगुण, निराकार, शून्य जति नाम दिइए पनि सबै भगवान्का आकार हुन् तसर्थ ईश्वर अनेक नाम, रूप र आकारमा प्रकट हुन्छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ । यस अंशमा सबै पदार्थमा व्याप्त आत्माको परमरूप परमात्मालाई अगोचर र शब्दब्रह्मस्वरूप मानिएको छ । यिनै आत्मा, परमात्मालाई एकाग्रचिन्तनमा नै प्राप्त गर्न सकिनेहुँदा अर्जुनले पनि सशरीर ब्रह्माण्डका सञ्चालक श्रीकृष्णमा यस्तो अवतार देखेको कुरालाई निबन्धकारले निबन्धांशमा व्यक्त गरेका छन् ।

> कतै प्राचीन भारतीयहरूले यस्तै तर्कना गर्दै त्यो सानोभन्दा सानो इकाई वा अन्तिम इकाई जसले यो सबै बनेको छ त्यसलाई नै 'ब्रह्म', 'ईश्वर', 'आत्मा' इत्यादिको नाम दिएका त हैनन् ? यदि हो भने संसारका प्रत्येक कुरा 'ईश्वर' वा 'ब्रह्म' ले (जेसुकै नाम दिए पनि हुन्छ) बनेको छ भन्दा हुन्छ ? स्मरण रहोस् यो कुरो, संसारका प्रत्येक कुरालाई ईश्वरले बनाएको हो भन्ने धार्मिक र अध्यात्मिक अभिव्यक्तिभन्दा विलकुलै अलग हो । (केले बनेको र केले बनाएको भन्ने फरक कुरो हो) ।

(शिव गौतम, 'हुनै नभएको चीजबाट', *भ्याम्ली बाख्राको पाठो*, पृ. १८६)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ । यसक्रममा ईश्वर अणुभन्दा पनि सूक्ष्मरूपमा विराजमान छन् भन्ने कुरा देखाइएको छ । यहाँ निर्गुण,

निराकार, ईश्वर, ब्रह्म वा आत्मा धुलाका कणझैँ सूक्ष्मरूपमा रहन्छन् र यिनै ईश्वर नै संसारको निर्माता भएको कुरा प्रस्तुत भएको छ । उद्धृतांशमा ईश्वर नै जगत्का निर्माता भएकाले संसारका यावत् तत्त्व ईश्वरकै उपजका अंश हुन् भन्ने धार्मिक, अध्यात्मिक अभिव्यक्तिभन्दा फरक रहेको विचार अभिव्यक्त भएको छ । यस अंशमा प्राचीन भारतीयहरूले समेत सूक्ष्म एकाइद्वारा यो सम्पूर्ण कुरा बनेको बताउँदै ब्रह्म, आत्मा, ईश्वर अनेक नाम दिए पनि यो नै अन्तिम इकाई भएको र उनकै कृपाद्वारा सृष्टिका यावत् तत्त्वको निर्माण भएको हो भन्ने कुरा बताइएको छ ।

> म आफूलाई मुक्त भएको सम्झन्छु । ...म पन्ध्र वर्षको उमेरदेखि ईश्वरको खोजमा लागेँ तर ईश्वर भन्ने वस्तु आफूभित्र नै महसुस गरेँ र त्यसैमा म सन्तुष्ट पनि छु । ...यत्रतत्र सर्वत्र देवता नै देवता छन्, जहाँ जस्तो कर्म गरे पनि देख्न सक्छन् । त्यसो हुँदा हर समय जहाँ पनि कुकर्म गर्नु हुँदैन भन्ने आशय हो ।
>
> (सीतारामप्रसाद दंगाल, 'म', *जीवन अनुभूति,* पृ. ३५-३६)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गर्दै ईश्वर बाह्यजगत्मा नभएर अन्तर्चक्षुमै प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा निबन्धकार स्वयम् पन्ध्र वर्षको उमेरदेखि ईश्वरको खोजीमा भौतारिरहेको र आनन्दस्वरूप ईश्वरलाई आफैँभित्र प्राप्त गरेको उल्लेख गर्दै ईश्वर नै आत्माभित्रको सनातन नित्य तत्त्व भएकाले आफू सन्तुष्ट भएको चिन्तन प्रस्तुत भएको छ । यहाँ ईश्वर सर्वज्ञ, सर्वव्यापक, अन्तर्यामी र नित्य, शुद्ध तत्त्व भएकाले कर्मअनुसारको फल प्रदान गर्दछन् भन्ने कुरा उल्लेख गरिएको छ । उद्धृतांशमा ईश्वरले राम्रो कामको राम्रो फल र नराम्रो कामको नराम्रो फल प्रदान गर्नेहुँदा सदैव अशुभकार्य गर्न नहुने विचार स्पष्ट पारिएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा ईश्वरको निराकारस्वरूपसम्बन्धी दार्शनिक दृष्टिकोण निरूपण देखिन्छ र यसक्रममा ईश्वर निर्गुण, निराकारस्वरूपको हुनेहुँदा अन्तर्चक्षुबाट मात्र देख्न सकिने धारणा विश्लेषणीय देखिन्छ । यहाँ संसारको दृष्टिमा ब्रह्म नै ईश्वर हो भने निरपेक्ष दृष्टिबाट ईश्वर नै ब्रह्म हो तसर्थ निर्गुण, निराकार ब्रह्मलाई फरक देख्नु भ्रम हो भन्ने अभिव्यक्ति देखिन्छ । ब्रह्ममा विद्यमान गुणका कारण यसको स्वरूप निर्गुण र निराकार रहेको कुरालाई यहाँका निबन्धमा स्वीकारेको देखिन्छ ।

### ४.६.३ ईश्वरको अनुभूति

ईश्वरलाई बाहिरी आँखाले देख्न नसकिनेहुँदा दिव्यचक्षु वा अन्तर्चक्षु उघार्नु नै अनुभूति रहेको छ । ईश्वर नै जगत्को उपदान कारण हो र उनकै कृपाले जगत्को निर्माण हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५९) । यहाँ सम्पूर्ण जगत् नै ईश्वरको खेल हो उनै ईश्वर सृष्टिका उपादान वा निमित्त दुवै कारण भएको कुरासमेत औंल्याउँदै यो सनातन नित्यतत्त्व भएको दृष्टिकोण प्रस्तुत भएको छ । ईश्वरको साक्षात्कार बाह्यरूपबाट नभई शुद्ध

अन्तःकरणबाट मात्र हुन सक्छ (राई, २०७४, पृ. ३५७) । यहाँ ईश्वरलाई बाहिरी संसारमा नभई आत्मसाक्षात्कारद्वारा प्राप्त गर्न सकिन्छ र त्यो शुद्ध चेतनतत्त्व आफैँभित्र रहेको चिन्तन प्रकट भएको छ । सबै तत्त्व ईश्वरले नै निर्माण गरेका हुन् र सम्यक्ज्ञान पनि ईश्वरकै कृपाबाट मात्र प्राप्त गर्न सकिन्छ (राई, २०७४, पृ. ३५७) । यसप्रकार सृष्टिका यावत् तत्त्व ईश्वरकै उपज भएको हुँदा जेजति छ ती सबै ईश्वरकै कृपा हुन् र सम्यक्ज्ञान पनि ईश्वरकै फल हो भनिएको छ । यसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

> ईश्वर त साथी बनेर हिँडिरहेको रहेछ आफैँसित । आत्मीय अनुभूतिमा पाइँदो रहेछ ईश्वर । प्रेमको आत्मीय गहिराई जस्तो रहेछ ईश्वर । त्यही भएर साँचो प्रेमलाई ईश्वरसँग तुलना गरेका होलान् प्रेमका पारखीहरूले । मलाई लाग्छ- ईश्वर त एउटा मीठो अनुभूति रहेछ । मलाई ईश्वरको मूर्तताभन्दा अमूर्तता मीठो लाग्छ । दुःखमा, सुखमा, वेदनामा, चिन्तामा, चिन्तनमा र सबैसबै संवेदित क्षणहरूमा पुकारिने अमूर्त नाम रहेछ ईश्वर । पूरै ऐकान्तिक क्षणहरूको अन्तरङ्ग साथी र आत्मीय मित्र रहेछ ईश्वर ।

(लक्ष्मणप्रसाद गौतम, 'ईश्वरविम्ब', *मधुपर्क*, पृ. १७)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वर आफैँभित्र अन्तस्करणमा रहन्छन् भन्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वर बाहिरी संसारमा नभएर ईश्वरलाई शुद्ध अन्तःकरणबाट मात्र साक्षात्कार गर्न सकिन्छ तसर्थ ईश्वरीय प्रेम आत्मीय गहिराइबाट अनुभूत गर्न सकिन्छ भन्ने धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा प्रेमका पारखीहरूले साँचो प्रेमलाई ईश्वरीय प्रेमसँग तुलना गर्नेगरेको बताउँदै सम्पूर्ण जगत्का ज्ञाता, अनादि, अनन्त र अमूर्त ईश्वर नै मीठो अनुभूति भएको र साकार स्वरूपभन्दा निराकारस्वरूप ईश्वर प्रत्येक प्राणीका हृदयमा विराजमान हुनेहुँदा आफूलाई मीठो लागेको निबन्धकारको चिन्तन प्रस्तुत भएको छ । ईश्वर सुख, दुःख, पीर, व्यथा, चिन्तन र समस्त संवेदित क्षणहरूमा सर्वत्र व्याप्त भएकोले निराकार, अमूर्त ईश्वरलाई पुकारिने गरेको कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ । निबन्धकारले निबन्धांशमा एकान्त क्षणको अन्तरङ्ग अनन्य एवम् आत्मीय मित्र एकमात्र अदृश्य तत्त्व नै ईश्वर हो भन्ने धारणा व्यक्त गरेको पाइन्छ ।

> विश्वास हाम्रो चट्टानजस्तो जब्बर छ- भगवान् जे गर्छन् भलै गर्छन् भन्ने । यही विश्वासलाई नै हतियार बनाएर बेइमानहरू झन् बलिया हुन सक्छन् । आफूले केही गर्न नसकेपछि भगवान्लाई हतियार बनाएर बेइमानीको खेती गर्न सक्छन् । उनीहरूले भन्न सक्नेछन्- इमानदारहरू यसरी कमजोर बन्दै जाने हो भने किन पुजिरहनु व्यर्थमा मूर्तिहरू ? न्याय गर्न नसक्नेलाई किन शिर निहुऱ्याइरहनु आफैँले कुँदेका मूर्ति र बनाएका मन्दिरहरूमा ?

(श्रीओम श्रेष्ठ, 'मान्छे महोत्सव', *भनौँ कि नभनौँ*, पृ. ११९)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा शुभाशुभ कर्मदाता ईश्वर हुन् भन्ने कुरा देखाइएको छ । यसक्रममा विश्वास चट्टानजस्तो अडिग रहेको उल्लेख गर्दै विश्वास नै भगवान्प्राप्तिको बलियो हतियार भएको धारणा यस अंशमा सङ्केत गरिएको छ । यहाँ खराब प्रवृत्तिका व्यक्तिले यसै विश्वासलाई आधार बनाएर समाजमा भ्रम फैलाइरहेकोप्रति निबन्धकार चिन्तित देखिएका छन् । उद्धृतांशमा इमानदारहरू कमजोर बन्ने हो भने मूर्तिपूजाको कुनै अस्तित्व नभएको तथा न्याय गर्न नसक्ने हो भने आफैंले बनाएका मूर्ति र मन्दिरको औचित्य नरहेको विचार व्यक्त भएको पाइन्छ ।

> अलौकिक प्रेम ईश्वरीय प्रेम हो । यो भौतिक स्वरूपभन्दा पनि पर दिव्य, दैवी, ईश्वरीय, प्रकाशमान तत्त्व हो । हाड, मासु र छालाले बनेको शरीर नष्ट भए पनि प्रेम नष्ट हुँदैन भन्ने प्रेमविचारकहरूका कथन छन् । अलौकिक प्रेमको लक्षणको बारेमा रामकृष्ण परमहंसले भनेका छन्- ईश्वरीय प्रेम गर्ने मानिसले पहिले बाहिरी संसार भुल्छन् त्यसपछि आफैंलाई पनि बिर्सन्छन् । कैयौँ साधुसन्त र सज्जन पुरुष यही ईश्वरीय प्रेमका अनुयायी भएर लागेका छन्, कैयौँ मानवनिर्मित मठमन्दिर र गुम्बजहरू ईश्वरीय प्रेमकै पवित्र स्थलहरू हुन् ।

(कपिल अज्ञात, 'प्रेम नै मूलबाटो', *वैजयन्ती,* पृ. ११)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा प्रेमको अर्को रूप ईश्वर हो र यो नाशवान् हुँदैन भन्ने कुरा देखाइएको छ । यस उदाहरणमा अदृश्य प्रेम अलौकिक हुन्छ र यो सूक्ष्म तत्त्व भौतिक तत्त्वभन्दा भिन्न चैतन्यरूपका साथै सबै जीवको रक्षक हो भन्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वर जगत्भन्दा पृथक् तत्त्व नभएकाले प्रत्येक जीव ईश्वरबाट प्रभावित छन् र अनुभवद्वारा ईश्वरलाई अनुभूति गर्न सकिन्छ साथै पाञ्चभौतिक शरीर नाशवान् छ तर प्रेम अजर र अमर छ भन्ने कुरा व्यक्त भएको छ । सम्पूर्ण कुरालाई प्रवृत्त गराउने तत्त्व नै ईश्वर भएकाले अन्तर्यामी ईश्वरमा आफूलाई समाहित गर्ने तथा ईश्वरीय भक्तिमा समर्पित मानिसले भौतिक जगत्मात्र नभएर आफू स्वयंलाई पनि बिर्सिन्छन् भन्ने आध्यात्मिक दृष्टिकोणलाई यस अंशमा स्पष्ट पारिएको छ । उद्धृतांशमा साधुसन्त, महात्मा एवं सज्जन पुरुष ईश्वरीय भक्तिमा आफूलाई समर्पित तुल्याएका छन् भने मन्दिर गुम्बज आदि पवित्र तीर्थस्थलहरू ईश्वरीय प्रेम प्राप्त गर्ने भौतिक प्रतीक हुन् भन्ने धारणा प्रस्तुत भएको छ ।

- मसँग हिँडिरहने ईश्वर किन प्रत्यक्षीकरण छैन ?
- ईश्वर किन देखिँदैन ?
- ईश्वर किन केही बोल्दैन ?
- उसकै स्तुति, ध्यान र चिन्तनमा पनि किन दर्शन दिँदैन ऊ ?
- ईश्वरसँग किन डर लाग्छ ?

- मन्दिरभित्र पसेर दिसा पिसाब गर्ने आँट किन गर्न सक्दैन मान्छे ?

यस्ता अनगिन्ती प्रश्नहरूको पहाड छन् र ती दुर्भेद्य पहाडजस्तै लाग्छ मलाई ईश्वर पनि ।

(लक्ष्मणप्रसाद गौतम, 'ईश्वरविम्ब', *मधुपर्क,* पृ. १६)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकार एवम् अमूर्त स्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वरलाई प्रत्यक्ष साक्षात्कार गर्न नसकिने विचार प्रकट भएको पाइन्छ । यस अंशमा ईश्वर नै आत्मा भएकाले यो नित्य चैतन्यस्वरूप, अमूर्त र सर्वव्यापक रहेको हुँदा ईश्वरलाई प्रत्यक्ष रूपमा देख्न, छुन सकिँदैन भन्दै ईश्वर मौन रूपमा अन्तर्हृदयमा विराजमान हुन्छन् भनिएको छ । यहाँ ध्यान, ध्याता र चिन्तनमा ईश्वर प्रकट हुँदैनन् र दर्शन पनि दिँदैनन् भन्दै निराकार वा अमूर्त ईश्वर फलदाता भएको हुँदा ईश्वरको आस्थाका प्रतीकका रूपमा स्थापित मन्दिर वा देवालयमा कुकृत्य गर्न मान्छे डराउँछ भन्ने दार्शनिक दृष्टिकोण प्रस्तुत भएको छ । उद्धृतांशमा कठिन पर्वतहरू भेदन गर्न जटिल भएजस्तै ईश्वर प्राप्त गर्न, ईश्वरको साक्षात्कार गर्न पनि कठिन रहेकाले आफूमा अनेकौँ दुर्भेद्य प्रश्नहरू खडा भएको निबन्धकारको वैचारिक चिन्तन प्रस्तुत भएको छ ।

(वैदिक दर्शनसाहित्यमा अवतारवादको निकै उच्चस्थान छ ।) अवतारको अर्थ हुन्छ ईश्वरको सगुणरूपमा प्राकाट्य वा अवतरण । यसो त अध्यात्मदर्शनका अनुसार समग्र प्राणीसमुदाय नै ईश्वरको अवतार मानिन्छन् । हाम्रो वेद, उपनिषद्, पुराण आदि सबै अध्यात्मिक ग्रन्थले समग्र प्राणीसमुदायलाई ईश्वरको अवतार हुन् भनेका छन् । वेदले एउटै ईश्वर एकबाट अनेक हुने क्रममा आफ्नो शरीरबाट जगत् संरचना गरी प्राणीसमुदायको रूपमा प्रकट भएर विचरण गर्न लागे भनेको छ । उपनिषद् दर्शनले 'तमेव आन्तमनुभाति सर्व तस्य भाषा सर्वमिदं विभाति' अर्थात् समग्र विश्वब्रह्माण्डको कर्ता, भर्ता र हर्ता ईश्वर नै हुन् भनेको छ ...।

(कमल रिजाल, 'अवतारवाद', *सुदर्शन,* पृ. ११६)

प्रस्तुत निबन्धांशमा ईश्वरको सगुण र साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा सृष्टिका यावत् तत्त्व ईश्वरकै अंश भएको उल्लेख भएको छ । यस अंशमा हाम्रो वेद, उपनिषद् र पुराणहरूले यस विश्वब्रह्माण्डका समस्त प्राणी ईश्वरकै अंश भएको कुरासमेत देखाउँदै समस्त प्राणी ईश्वरबाट नै उत्पन्न भएको धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा वेदमा ईश्वरलाई एकमा अनेक स्वरूपमा विराजमान रहेका हुन्छन् भन्दै आफ्नै शरीरबाट जगत्को संरचना गरेर प्राणीसमुदायमा विचरण गरिरहेको विचार व्यक्त भएको छ । उपनिषद्मा सम्पूर्ण जगत्का कर्ता, भर्ता र हर्ता एकमात्र ईश्वर हुन् भनेको पाइन्छ भने गीतामा ब्रह्माण्डका सम्पूर्ण चेतनशील प्राणी ईश्वरकै अंश भएकाले सबै ईश्वरका स्वरूप भएको कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> मलाई ईश्वरीय शक्ति बन्न मन लाग्छ र दिव्योपचार गरेर निको पार्न मन लाग्छ केके केके लागिरहन्छ मनमा जसले गर्दा दिदीलाई ठीक होस् । तर केही सम्भव छैन । संसार जित्छु भन्ने साहस, दरबारको वैभव कसैको केही नचल्दो रहेछ ।... आकाशलाई हैं र ईश्वरलाई फेरि सम्झाएँ प्रथम आशा अन्तिम विश्वास तिमी नै हौ ईश्वर ।...
>
> (रञ्जना निरौला, 'प्रार्थना', *मधुपर्क*, पृ. ५५-५६)

प्रस्तुत निबन्धांशमा ईश्वर नै कर्मफलदाता भएको चित्रण गर्दै शुभअशुभ कर्मको फल ईश्वरद्वारा नै प्राप्त हुन्छ भन्ने मान्यता ल्याइएको छ । यस अंशमा निबन्धकार स्वयंलाई ईश्वरीय शक्ति प्राप्त गर्ने चाहना प्रकट भएको र दैवी वा ईश्वरीय उपचार गरी आफ्नी दिदीलाई निको पार्ने विचार व्यक्त भएको छ । उद्धृतांशमा आफ्ना चाहना पूरा गर्न असम्भव रहेको औँल्याउँदै संसार जित्ने साहस, दरबारको वैभव कुनै पनि कुराको केही नलाग्ने उल्लेख गर्दै कुनै पनि कुरा आफ्ना वशमा नरहेको केवल ईश्वरको ईच्छाका अगाडि कसैको केही नलाग्ने चिन्तन अभिव्यक्त भएको छ । ईश्वरलाई देवता भनिएको हुँदा सम्पूर्ण प्राणीहृदयमा विराजमान ईश्वरकै कृपाले कल्याण र अकल्याण दुवै प्राप्त हुने हुनेहुँदा ईश्वरको कृपाबिना केही पनि प्राप्त गर्न असम्भव भएको धारणा व्यक्त गर्दै ईश्वर नै प्रथम र अन्तिम आशा, भरोसा र विश्वास रहेको निबन्धकारका दार्शनिक दृष्टिकोण यस अंशमा प्रस्तुत भएको छ ।

> ईश्वर एउटा मीठो अनुभूति हो । प्रेम, स्नेह र करुणाको अजस्र स्रोत पनि ! ईश्वरको प्रेममा म निस्वार्थी सुगन्ध पाउँछु । आमाबाबु, लोग्नेस्वास्नी, छोराछोरी, दाजुभाइ आदि सबैसबैको प्रेमको अन्तस्तलमा लुकेको हुन्छ- कुनै दृश्य/अदृश्य स्वार्थ तर ईश्वरमा त नदेखिने स्वार्थ, नदेखिने परार्थ, त्यसैले ईश्वरको प्रेममा अमूर्त र घनीभूत निस्वार्थता । एउटा बेग्लै विश्वासको दियो बल्छ यहाँनेर । आस्थाको फूल उम्रन्छ यहींनेर ।
>
> (लक्ष्मणप्रसाद गौतम, 'ईश्वरविम्ब', *मधुपर्क*, पृ. १७)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वरीय प्रेम निस्वार्थ हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वरलाई देख्न, छुन नसकिने तर अनुभव गर्न सकिनेहुँदा यो अमूर्त तत्त्व हो तसर्थ ईश्वरलाई मीठो अनुभूति गर्न सकिन्छ र त्यो आफैंभित्र छ भन्ने धारणा व्यक्त भएको छ । प्रेम, स्नेह र करुणाको एकमात्र अथाह स्रोत ईश्वर हुन् र तिनै ईश्वरमा नै निबन्धकार आफूले निस्वार्थ प्रेम पाउनेमा यहाँ आशावादी देखिएका छन् । उद्धृतांशमा पारिवारिक सदस्य र ईष्टमित्रप्रतिको प्रेममा मूर्त, अमूर्त कुनै न कुनै स्वार्थ लुकेको हुन्छ तर ईश्वरीय प्रेममा मूर्त र अमूर्त रूपमा अर्काको कल्याण वा उपकारका निमित्त निस्वार्थ सेवा गर्नेहुँदा ईश्वरीय प्रेम प्रत्यक्ष नभई अप्रत्यक्ष र

घनिभूत हुन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । ईश्वर निस्वार्थ, दयासागर र आफ्ना सम्पूर्ण भक्तको कल्याण गर्नेहुँदा एक भएर पनि अनन्त छन् र उनै ईश्वरको कृपाले सबैथोक हुन्छ भन्ने अन्तहृदयमा विश्वासको दियो बालेर प्रकाश छर्नेभएकाले आस्थाको फूल उम्रन्छ भन्ने निबन्धकारका दृष्टिकोणलाई यस उद्धृतांशमा स्पष्ट सङ्केत गरिएको छ ।

> ...जलमा जीव देख्न सकिन्छ- कल्पनाका आधारमा । शून्यमा अनेक तिलस्मीयुक्त अनेक लोक सृजना गर्न सकिन्छ- कल्पनाकै आधारमा । युग, प्रहर र कल्पकल्पको विभाजन गर्ने काम पनि कल्पनाले नै गरिदिन्छ- समयको निरन्तर तन्तुका अनुस्यूतिको रेखामा । मानव मनमामात्र होइन, पाषाणवत् जडमा र कृष्णविवश्वत् शून्यमा पनि ईश्वर देख्न सकिन्छ- कल्पनाकै आधारमा । विवेकमा परिणाम देख्न सकिन्छ- कल्पनाकै आधारमा । कल्पनाले एक वैज्ञानिक आकारप्रकार ग्रहण गरिसकेपछि विराम लिने होइन । त्यसै बिन्दुबाट फेरि कल्पनाले नयाँ यात्राको आरम्भ गर्दछ ।

(राजेन्द्र सुवेदी, 'कल्पना विज्ञानकी जननी', *जीवन-गोप्य सिलबन्दी खाम,* पृ. ४०)

प्रस्तुत निबन्धांशमा निर्गुण, निराकार ईश्वरले नै आफ्नो कल्पनाशक्तिद्वारा संसारको निर्माण गर्छन् भन्ने ईश्वरको साकारस्वरूपको चित्रण गरिएको छ । यस अंशमा सृष्टिका नियामक तत्त्व नै ईश्वर हुन् र यो जगत्को निर्माण शून्यबाट गरेको नभई दृक् आकाश, मन, आत्मा आदि तत्त्वबाट भएको कुरासमेत औँल्याउँदै उनकै कृपाले अनेक स्वरूप, रङ्ग र आकृति निर्माण भएको कुरा उल्लेख गरिएको छ । यहाँ कल्पनाकै आधारमा प्रकरण र विन्दुको सीमा निर्धारण गर्न सकिने बताउँदै जलमा जीव, पाषाणमा जीवन, शून्यमा नै तिलस्मीयुक्त अनेकौँ लोकको सिर्जनामात्र नभएर युग, प्रहर र कल्पकल्पको विभाजनको रेखा पनि ईश्वरीय कल्पनाकै कारण सम्भव भएको चिन्तन अभिव्यक्त भएको छ । आत्मबोधबाट नै हरेक वस्तुमा ईश्वरको अंश विद्यमान रहेको हुँदा अनन्त ईश्वरद्वारा नै सृष्टि लय र संहार हुन्छ भन्ने कुरा यस अंशमा स्पष्ट पारिएको छ । निबन्धकारले निबन्धांशमा विवेककै आधारमा कल्पनाले साकाररूप प्रदान गर्दछ र यो अन्त्य नभई पुनः प्रारम्भ हो भन्ने ईश्वरसम्बन्धी दृष्टिकोण स्पष्ट रूपमा प्रस्तुत गरेको पाइन्छ ।

> ...म निस्वार्थी छु, धार्मिक छु भनेर ईश्वरको वा परमात्माको उपासना गर्ने मान्छेसम्मले पनि काममा कम मन, भाव र समय त खर्च गर्नै पर्दछ । त्यसैले पहिले लगानी गर्नुहोस् प्राप्ति आफैँ हुन्छ । लगानी के, कसो र कति गर्ने, कुन चीजमा गर्ने भन्ने कुरा सोचेर, जानेर गरे वेश । अन्धकारमा वा हाहामा लागेर गरेको लगानी वा कार्यको फल प्राप्ति तपाईंले खोजेजस्तो वा सोचे जति नहुन सक्छ ।

(विनयकुमार शर्मा नेपाल, 'क्रय विक्रय', *परावर्तन,* पृ. ५५)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वरप्रतिको समर्पणमा नै फल प्राप्त हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ म निस्वार्थी, धार्मिक छु भनेर ईश्वर वा परमात्माको उपासना गर्ने मान्छेले कममा कम मन, भाव र समय खर्च गर्नुपर्ने तबमात्र ईश्वर प्राप्त गर्न सकिन्छ भन्ने कुरा प्रष्ट पारिएको छ । यस अंशमा ईश्वरको उपासना नै ब्रह्मप्राप्तिको पहिलो खुड्किलो भएको बताउँदै ईश्वरमा नै कर्मफल आश्रित रहनेहुँदा आफूले आफैँलाई लगानी गरेअनुसार कर्मफल प्राप्त हुन्छ भन्ने कुरा देखाइएको छ । उद्धृतांशमा लगानी के, कति र कसो गर्ने तथा कुन चीजमा गर्ने व्यक्ति स्वयम्‌मा निर्भर रहेको उल्लेख गर्दै शुभ कर्मको शुभफल र अशुभ कर्मको नराम्रो फल प्राप्त हुन्छ भन्ने बताइएको छ । निबन्धकारले निबन्धांशमा अन्धकारमा गरेको लगानी उपलब्धिमूलक नहुनेहुँदा सोचेजस्तो र खोजेजस्तो फल प्राप्त गर्न सकिँदैन भन्ने ईश्वरचिन्तनसम्बन्धी मान्यता प्रस्तुत भएको छ ।

> ...म त चाहन्छु यस संसार नै प्रेममय होस् र अझ बढी खुसीको कुरा त्यो प्रेम ईश्वरीय प्रेम जस्तो होस् र वास्तवमा ईश्वर पनि प्रेमभावमै रमाउँछन् र हाँसी र खुसीको प्रेममय वातावरणमा नाच्न, हाँस्न, रम्न र बाँच्न पाइयोस् अनि आनन्दका साथ मर्न पाइयोस् यो भन्दा खुसीको कुरा एक साधारण मानिसका लागि के हुन सक्छ र हैन त ?

(जीवनाथ तिमिल्सिना, 'प्रेमको एक दुःखद अन्त्य', *स्वर्गको निर्माण,* पृ. २८)

प्रस्तुत निबन्धांशमा ईश्वरविषयक मान्यता ल्याइएको छ । यस अंशमा संसार ईश्वरीय प्रेममा आबद्ध रहेकाले ईश्वर पनि प्रेमभावमै रमाउने, हास्ने, खुसी हुने, नाच्ने र बाँच्नेहुँदा त्यसैमा आनन्द रहेको चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा अनादि र अनन्त ईश्वर नै सृष्टि, स्थिति र लयको कारक भएको हुँदा ऊ स्वयम् सम्पूर्ण तत्त्वको नियन्ता हो भनिएको छ । ईश्वरमा नै सम्पूर्ण तत्त्व निहित रहनेहुँदा ईश्वरभन्दा भिन्न जगत्‌को अस्तित्व छैन त्यसैले ईश्वर नै ब्रह्माण्डको गतिशील कारक भएको चिन्तन यस निबन्धांशमा प्रस्तुत भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा ईश्वरको अनुभूतिपरिकतासम्बन्धी दार्शनिक मान्यताको निरूपण पाइन्छ र यसक्रममा ईश्वरलाई अन्तस्करणमा प्राप्त गर्न सकिन्छ भन्ने दृष्टिकोण विश्लेषणीय देखिन्छ । यहाँ ईश्वरलाई बाहिरी संसारमा देख्न नसकिने तर दिव्यचक्षुद्वारा अनुभव गर्न सकिने जगत्‌को नियामक तत्त्व भएको ईश्वरको वास्तविकता र नित्यता तथा जगत्‌को अनित्यताको अभिव्यक्त देखिन्छ । यसमा ईश्वरको अन्तस्करणबाट साक्षात्कार गर्न सकिने ईश्वरको वास्तविकतालाई स्वीकारेको छ । साठीको दशकयताका नेपाली निबन्धमा सम्पूर्ण तत्त्वका नियामक ईश्वर हुन् र उनकै कृपाले सम्यक्ज्ञान प्राप्त गर्न सकिने विभिन्न प्रासङ्गिक सन्दर्भहरू प्रकटित छ ।

### ४.६.४ ईश्वरको सर्वव्यापकता

पौरस्त्य दर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गर्नुका साथै सर्वव्यापक ईश्वरलाई महत्त्वपूर्ण काकर तत्त्व मानेको छ । निर्विशेष ब्रह्म मायाद्वारा आवृत हुँदा सविशेष वा सगुण भावको धारणा गर्दछ, त्यसबेला ईश्वर नामले पुकारिन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५९) । यहाँ मायाद्वारा प्रभावित ब्रह्म नै ईश्वर हो र सम्पूर्ण ब्रह्माण्डका कारक ईश्वरलाई भगवान् पनि भनिएको छ । मायाशक्तिलाई अधीनमा राखेर सर्वज्ञ, सर्वशक्तिमान् र सर्वव्यापक बन्नु भएका भगवान्लाई वेदान्तमा ईश्वर भनिन्छ (रिमाल, २०६१, पृ. २८८) । यसरी मायाद्वारा उपाधि प्राप्त ब्रह्म नै ईश्वर हुन् र यिनै ईश्वर सबै कुराका ज्ञाता, सबै कुराले निपूर्ण र सर्वत्र विराजमान छन् भनिएको छ । ईश्वरलाई बुझिनसक्नु, जानिनसक्नु तत्त्व भएकाले गर्न सक्ने, नगर्ने या अन्य प्रकारले गर्ने दिव्यशक्ति भएको भनिन्छ (रिमाल, २०६१, पृ. २८८) । यहाँ ईश्वरलाई जान्न, बुझ्न नसक्ने तत्त्वका रूपमा लिँदै सम्पूर्ण ब्रह्माण्डका शासक भएको चित्रण गरिएको छ । यहाँ अनादि, अनन्त ईश्वर नै कर्ता र भोक्ता भएको हुँदा सम्पूर्ण शास्त्र ईश्वरमा पूर्ण बनेको कुरा बताइएको छ । हामीले छानेका ईश्वर टाढाभन्दा पनि टाढा, नजिकभन्दा पनि नजिक, त्यस्तै शरीरभन्दा, इन्द्रियभन्दा, प्राणभन्दा, मनभन्दा, बुद्धिभन्दा पनि पर रहेको र मन, बुद्धिले नभेटिने, कहिल्यै नमेटिने उनी जस्तै छन्, आफूजस्तै अनि मजस्तै छन् (रिमाल, २०६१, पृ. क/३१) । यसरी दिक् कालको सीमाभन्दा पर रहेको तत्त्व ईश्वर सर्वव्यापक छन् र यिनै ईश्वरलाई मन, बुद्धिले प्राप्त गर्न नसकिने तर आफैँभित्र अन्तर्निहित रहने तत्त्व भएको कुरा देखाइएको छ । यो ईश्वर दिव्य छ, अमूर्त छ, सर्वत्र छ, अव्याकृत छ- त्यसभन्दा पनि पर छ (रिमाल, २०६१, पृ. क/३३) । यहाँ सम्पूर्ण प्राणीका हृदयमा विराजमान तथा अव्यक्त ईश्वर अमूर्त रूपमा सर्वत्र व्याप्त रहेको कुरा बताइएको छ । यस्तै जलमा, थलमा, आकाश, अन्तरिक्ष र सारा चराचर जगत्मा, ब्रह्माण्डमा नै व्याप्त भएर रहेको छ- कणकणमा ईश्वर छ (रिमाल, २०६१, पृ. क/३३) । यसरी ईश्वर सर्वव्यापक तत्त्व हो र यो सूक्ष्मातिसूक्ष्मरूप धारण गरेर ब्रह्माण्डका यावत् तत्त्वमा विराजमान छन् भनिएको छ । यसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

> हेर ईश्वर । तिमीप्रति मेरो असीम आस्था र भरोसा छ । म मेरो ईश्वरलाई कहिले वर्षायाममा धानखेतमा टिमिक्-टिमिक् गर्ने जूनकिरीझैँ ताराहरूमा देख्छु, कहिले मध्यरातमा शीतको थोपा छर्किने जूनेलीमा देख्छु, कहिले शिशिरमा चिसा ढाड तताउने घामका न्याना किरणहरूमा देख्छु, छहराबाट हुत्तिने झरनाका वैँशालु छिटाहरूमा देख्छु, वनपाखामा सारङ्गी बजाउने चराहरूका मादक सुरमा देख्छु, गन्तव्यहीन गन्तव्यतिर लक्ष्यहीन लक्ष्य प्राप्तिका लागि दौडिरहेका पहाडी खोलाहरूको बौलाहटमा पनि देख्छु ।

(मुकुन्दराज शर्मा, 'हे ईश्वर ! म गरिब भएँ', *शब्दशिविर*, पृ. १४७)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकाररूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वर सर्वत्र व्यापक छन् र ईश्वरलाई अन्तःचेतनामा मात्र देख्न सकिन्छ भन्ने कुरा देखाइएको छ । यहाँ अदृश्य तत्त्व ईश्वरलाई नै देवता, भगवान् भनिएको छ र उनै सर्वत्र, सर्वव्यापक, ईश्वरप्रति आफ्नो असीम आस्था र श्रद्धा रहेको निबन्धकारको चिन्तन अभिव्यक्त भएको छ । उद्धृतांशमा ईश्वर अणुभन्दा पनि सूक्ष्म, आकाशभन्दा व्यापक रहेको र हामीले मानेको अदृश्य तत्त्व ईश्वर शरीर, इन्द्रिय, प्राण र मनभन्दा पर रहेको कुरालाई स्पष्ट सङ्केत गरिएको छ । यस अंशमा हिउँद, वर्षा, दिन-रात, उज्यालो-अँध्यारो, तातो-चिसो, वनपाखा समस्त विश्वब्रह्माण्डका यावत् तत्त्वमा ईश्वर विद्यमान छन् भन्ने ईश्वरचिन्तनलाई हेर ईश्वर ! तिमीप्रति मेरो असीम आस्था र भरोसा छ आदि पदावलीले सङ्केत गरेको देखिन्छ ।

> ... उनका अनुसार ईश्वर सर्वगुणसम्पन्न सर्वशक्तिवान् छन् । उनी ख्यालख्यालमै लीलावश जगत्को रचना गरी सञ्चालन गर्ने गर्छन् । जीवमात्रलाई नै अनुग्रह गर्नका लागि आफू, स्वयम् षडैश्वर्यसम्पन्न भएर पनि भूतलमा अवतार लिनपुग्छन् । सारा प्राणी उनीबाटै उत्पन्न भएकाले उनकै अंश हुन् । जसरी आगोको कोइलाबाट झिल्को उत्पन्न हुन्छ त्यसैगरी उनको स्वरूपबाट जीवात्माको उत्पत्ति हुन्छ । त्यसैले यी सबै नित्य मानिन्छन् । त्यति भएर पनि ईश्वर अंशी भएकाले उनमा कुनै विकार रहँदैन ।

(कमल रिजाल, 'वेदान्त', *सुदर्शन,* पृ. १२६-१२७)

प्रस्तुत निबन्धांशमा ईश्वरको सगुणस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वर सर्वोपरि भएको हुँदा दृक् पदार्थ हो भन्ने कुरा देखाइएको छ । यस अंशमा सर्वगुणसम्पन्न सर्वशक्तिमान् ईश्वरद्वारा नै यस जगत्को सिर्जना र लय भएको छ र जीवमात्रको रक्षाको लागि ईश्वर स्वयम् अष्टासिद्धि भएर पृथ्वीमा अवतरित हुन्छन् भनिएको छ । जगत्का समस्त प्राणी ईश्वरबाटै उत्पन्न भएकाले ईश्वरकै अंश रहेको बताउँदै आगोको कोइलाबाट उत्पन्न झिल्का आगोको अंश भएझैँ ईश्वरको स्वरूपबाट नै जीवात्मा उत्पन्न भएको कुरालाई यस अंशमा स्पष्ट पारिएको छ । यस निबन्धांशमा यी सबै नित्य भएर पनि ईश्वरको अंशी भएकाले विकाररहित छन् र ईश्वरीय सत्ता सदैव स्थिर रहे पनि जीवात्मा अंश भएकाले शुभ या अशुभकार्य गर्न जीव स्वतन्त्र छ तसर्थ कर्मअनुसारको फल भोग्छ र भोग्नकै लागि कर्मअनुसार विभिन्न स्वरूपमा रूपान्तरण भइरहन्छ भन्ने विचार प्रकट भएको छ । उद्धृतांशमा पदार्थमय जगत् अविनाशी छ तर स्वरूप परिवर्तनशील एवं गतिशील रहेको कुरालाई स्पष्ट सङ्केत गरिएको छ ।

> आत्मीय र सुन्दर सपना देख्नलाई पाउ धर्तीमै राख्न सक्नुपर्छ । मानिसलाई जीवन्त राख्ने त आखिर सपनाले नै हो । सपनाबिनाको जीवन पनि के जीवन ? सूर्योदयबिनाको प्रातः जस्तो, लालिमाबिनाको गोधुलीजस्तो, तारबिनाको आकाश-जस्तो, इन्द्रेणीबिनाको क्षितिजजस्तो । त्यसैले त अभावमै सपनाहरू मिठासपूर्ण

हुन्छन् । तृप्तिपछि त सारा सपनामै खग्रासजस्तो लाग्छ । त्यसैले अभावले सपना जन्माउँछ । गरिबको सहारा ईश्वरलाई भन्छन् । वास्तवमा ईश्वर भनेकै सपना हो, जसले मानिसलाई चुनौतीसँग लड्न र आशाका हजारौँ उकाली र भीर उक्लिन पाइलापाइला सिँढी बिछ्याइरहन्छ ।

(रमण घिमिरे, 'सर्वे भवन्तु सुखिनः', ...*अर्थात् हामी*, पृ. ३०)

प्रस्तुत निबन्धांशमा ईश्वरको निराकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा ईश्वरलाई प्राप्त गर्न कठिन रहेको कुरा देखाइएको छ । यस निबन्धांशमा धर्ती नै सपनाको सुन्दर संसार हो भन्ने कुरासमेत देखाउँदै सपनाले मानिसलाई जीवन्त राख्ने काम गर्छ तसर्थ सपनाबिनाको जीवन निरर्थक रहेकाले ईश्वरप्राप्ति होस्, ब्रह्म वा आत्माप्राप्ति नै किन नहोस् जीवन सार्थक तुल्याउन यी तत्त्वको अनिवार्य आवश्यकता पर्ने कुरा यहाँ अभिव्यक्त भएको छ । यहाँ सपनाबिनाको जीवन रङ्गहीन लालिमाबिहीन, खुला आकाशजस्तो हुनेहुँदा तृष्णा नै बन्धनको कारण हो भनिएको छ । त्यसलाई तोडेर सपनाको निर्माण गर्नुपर्ने र त्यो भनेको ईश्वरप्राप्ति हो भन्ने चिन्तन प्रस्तुत भएको छ । यस अंशमा सर्वव्यापक, अनन्त ईश्वर नै सम्पूर्ण प्राणीका हृदयमा शरीरगत आवरणले ढाकिएर विराजमान रहेका हुन्छन् र तिनै ईश्वर नै गरिबका सहारा हुन् भन्ने कुरा अभिव्यक्त भएको छ । यहाँ ईश्वर आफैँभित्र भएकाले यत्रतत्र भौँतारिँदैमा सहजै ईश्वरलाई प्राप्त गर्छु भन्नु केवल सपना वा परिकल्पना भएको बताउँदै ईश्वरलाई प्राप्त गर्न मानिसले असङ्ख्य चुनौतीहरूको सामना गर्नुपर्ने कुरालाई स्पष्ट सङ्केत गरिएको छ । ईश्वरलाई प्राप्त गर्न मानिसले आशाका हजारौँ उकाली, ओराली र खुड्किला चढ्नुपर्ने र पाइलैपिच्छे सङ्कल्प गर्नुपर्ने चिन्तनलाई यस निबन्धांशमा व्यक्त गरिएको छ ।

...यो एउटा गूढ रहस्य हो जसलाई म स्वयम् राम्रोसँग सम्झन सकेको छैन र पनि मेरो यही विश्वास छ कि मान्छेको संरक्षक ईश्वर हो । हामी उही ईश्वरका सम्पत्ति हौँ ।... जसले ईश्वरको सत्तालाई अस्वीकार गऱ्यो, ईश्वर नामको वस्तु यो संसारमा छँदै छैन, भए पनि मरिसक्यो भन्यो, जे छ त्यो व्यक्तिको इच्छा हो या उसको नैतिक अन्तर्दृष्टि हो भन्यो ।

(सृजन लम्साल, 'मृत्यु अधिकार', *गरिमा*, पृ. ७१)

प्रस्तुत निबन्धांशमा ईश्वरको निर्गुण निराकारस्वरूपको चर्चा गर्दै ईश्वर नै सबैका मालिक हुन् भन्ने कुरा देखाइएको छ । यहाँ मायाद्वारा प्रभावित ब्रह्मलाई नै ईश्वर भनिएको हुँदा ईश्वर रहस्यमयी छन् भनिएको छ । यस अंशमा विश्वको आदिकारण ईश्वरलाई आफूले बुझ्न नसकेको निबन्धकारको स्वीकारोक्ति रहेको छ र मान्छेको रक्षक एकमात्र ईश्वर हुन् साथै हामी ईश्वरका सम्पत्ति हौँ भन्ने मान्यता प्रस्तुत भएको छ । उद्धृतांशमा ईश्वरको अस्तित्वलाई अस्वीकार गर्नेहरूका दृष्टिमा यो संसारमा ईश्वरको अस्तित्व

नभएको, ईश्वर मरिसकेको स्वीकार गर्दै यो सबै व्यक्तिको इच्छा वा नैतिक अन्तर्दृष्टि हो भन्ने कुरा उल्लेख गरिएको छ ।

> विचारको अन्तर्द्वन्द्वमा 'ईश्वर' नित्सेको मस्तिष्कमा पराजित बन्यो र उनले ईश्वर मरेको घोषणा गरे । जसले विश्वमा एउटा तरङ्ग पैदा गऱ्यो । मानिसका मस्तिष्कबाट ईश्वर डेरा सरे । हामी आज पनि हृदयमा ईश्वरको अस्तित्व बोकेर हिँडिरहेका छौँ । यो ब्रह्माण्डको सबैभन्दा ठूलो भ्रम ईश्वर हो या विचार ? म उत्तर खोजिरहेको छु । निरन्तर खोजीमा छु । तसर्थ हमेसा मन निर्वर्जित छ ।

(श्रीबाबु कार्की, 'निर्वर्जित मन', *मधुपर्क*, पृ. ५५)

प्रस्तुत निबन्धांशमा ईश्वरको अस्तित्वको चित्रण गर्दै यो विश्वब्रह्माण्डको ठूलो भ्रम ईश्वर वा विचार हो भन्ने खोजमा निबन्धकार लागिरहेको चिन्तन प्रस्तुत भएको छ । यहाँ नित्सेले ईश्वरको मृत्युको घोषणा गरेर मानिसको मस्तिष्कमा तरङ्ग पैदा गराएर ईश्वरको अस्तित्व नभएको विचार प्रकट गरे पनि हामी हाम्रा ईश्वरलाई अन्तरहृदयमा सुसज्जित गरेर हिँडिरहेका छौँ भन्ने भाव अभिव्यक्त भएको छ । उद्धृतांशमा अनादि, अनन्त, ईश्वर आफैँभित्र छ तर त्यसको आत्मपहिचान गर्न नसकेर मान्छेले ईश्वरको अस्तित्वको खोजीमा भौँतारिरहेका छौँ भन्ने कुरा देखाइएको छ । यस अंशमा यो सम्पूर्ण जगत् वा विश्वब्रह्माण्डको कारक ईश्वर नै शासक, प्रशासक र सम्पूर्ण ज्ञानको आधार र अधिष्ठान हुन् कि हाम्रा विचार, चिन्तन नै ब्रह्माण्डको कारण हो त्यसको उत्तरको खोजी निबन्धकारले गरिरहेको विचार अभिव्यक्त भएको छ । यस्तो खोजीमा निबन्धकार स्वयम् निरक्षर लागिरहेको हुँदा मन सदैव स्वतन्त्र र बन्धनरहित रहेको छ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारेको देखिन्छ ।

> ...यो ब्रह्माण्डमा भगवान् मान्ने धेरै भए पनि नमान्ने पनि छन् । तर सबैले नजानिदो गरी भगवान् मानिरहेका हुन्छन् । यो सृष्टिको लयमा रहस्य, संशय, अज्ञान, अल्पज्ञान, उज्यालो र अँध्यारो सबै फरक संस्कार र संस्कृतिअनुसार भगवान् कल्पनामा छन् । मान्छे आफ्ना सारा भौतिक सुखसुविधा त्यागेर भगवान्प्राप्तिको चिन्तनमा लीन भएका पनि छन् । सदियौँदेखिको यही खोज नै मानवजातिको उच्चस्तरीय खोज भएको छ भगवान्का विषयमा र प्राकृतिक सृष्टिसत्यका विषयमा ।

(लक्ष्मी उप्रेती, 'भगवान् जिज्ञासा', *समयसँगै जीवनको लय*, पृ. ९०)

प्रस्तुत निबन्धांशमा ईश्वरचिन्तनविषयक मान्यता प्रस्तुत गर्दै सर्वज्ञ, सर्वव्यापक तत्त्व नै ईश्वर भएको विचार व्यक्त भएको छ । यहाँ यो ब्रह्माण्डमा ईश्वर वा भगवान्लाई मान्ने र नमान्ने दुवैथरी भएको तर सबैले नजानिँदो किसिमले भगवान्लाई मानेको कुरा देखाइएको छ । उद्धृतांशमा ईश्वर सगुण, साकार छन् र निर्गुण भएर निराकार अनि निराकार भएर पनि सगुण छन् तसर्थ यो ब्रह्माण्ड वा सम्पूर्ण संसारको सृष्टि, स्थिति,

लयका कारक ईश्वर पूर्ण हुनुका साथै रहस्य, अज्ञान, अल्पज्ञान, अँध्यारो, उज्यालो सबै कुराले प्रभावित छन् भनिएको छ । आत्माभित्रको सनातन नित्य तत्त्व ईश्वरको चिन्तनमा मान्छेले सम्पूर्ण भौतिक सुखसुविधा त्यागेर उसैको खोजमा भौँतारिरहेका छन् भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा अदृश्य तत्त्व ईश्वर नै संसारका निर्माता भएकाले भगवान् खोजेका विषय भएको चिन्तन अभिव्यक्त भएको छ ।

> ...शक्तिशाली ईश्वरले नै जीवलाई कर्मअनुसार फल वितरण गर्ने गर्छन् । असल कर्म गर्नेले असल फल पाउँछन्, खराब कर्म गर्नेले खराब फल पाउँछन् । जहाँ गए पनि जीवलाई उनी कर्मफल नभोगाई छाड्दैनन् । जहाँसम्म जगत्को स्वरूप परिवर्तनको कुरा छ, यसमा पनि मतभिन्नता रहेको छैन ।...

(कमल रिजाल, 'वेदान्त', *सुदर्शन*, पृ. १२६)

प्रस्तुत निबन्धांशमा ईश्वरको साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा सृष्टिको अभियन्ता ईश्वर सर्वत्र छन् भन्ने कुरा देखाइएको छ । यस अंशमा ईश्वर सर्वशक्तिमान्, स्वतन्त्र र एकमात्र सत्य हो र यिनै ईश्वर नै जगत्का निर्माता भएकाले प्रकृतिको घट्ने, बढ्ने, देखिने र हराउने गुण विद्यमान रहन्छ भन्ने कुरासमेत देखाउँदै पदार्थको स्वरूप परिवर्तनशील हुन्छ भन्ने मान्यतालाई स्वीकार गरेको कुरा उल्लेख गरिएको छ । उद्धृतांशमा ईश्वर नै सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति र लयको कारण भएको बताउँदै अनादि र अनन्त सर्वगुणसम्पन्न, शर्वशक्तिसम्पन्न ईश्वरद्वारा नै कर्मफल सञ्चालित हुनेहुँदा जीवलाई कर्मअनुसार फल प्रदान गर्छन् भनिएको छ । यहाँ ईश्वरले शुभकार्यको राम्रो फल र अशुभकार्यको नराम्रो फल प्रदान गर्दछन् भन्दै जीव जहाँ गए पनि कर्मफल नभोगाई छाड्दैनन् भन्ने कुरा प्रस्तुत भएको छ । ईश्वरबिना जगत्को अस्तित्व सम्भव नरहेको र ईश्वरमा नै सम्पूर्ण जगत् आरम्भ र लीन हुन्छ भन्दै समुद्र र छालको उदाहरणद्वारा यहाँ पुष्टि गर्ने काम भएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा ईश्वरको सर्वव्यापकतासम्बन्धी वेदान्तविषयक दार्शनिक चिन्तनको निरूपण देखिन्छ र यसक्रममा ईश्वर सर्वव्यापक, सर्वज्ञ, अनन्त र अन्तर्यामी छन् भन्ने मान्यता विश्लेषणीय देखिन्छ । यहाँ मायाद्वारा प्रभावित ब्रह्म नै ईश्वर हुन् र सविशेष र सगुण ईश्वर नै भगवान् भएको स्वीकारेको देखिन्छ । यसमा ईश्वर रहस्यमय भएकाले जानिनसक्नु, बुझिनसक्नु तत्त्वका रूपमा स्वीकार गर्दै देश, काल र सीमाभन्दा पर रहेको अभिव्यक्ति देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा अनादि र अनन्त ईश्वर नै कर्ता र भोक्ता भएकाले शरीर, इन्द्रिय र मनभन्दा परको तत्त्व भएकोले आत्मा वा ब्रह्मसाक्षात्कारद्वारा ईश्वरको नजिक पुग्न सकिन्छ भन्ने धारणा पाइन्छ ।

### ४.६.५ ब्रह्म सत्यं जगन्मिथ्या

सर्वव्यापक, सत्य र एकमात्र नित्य तत्त्व ब्रह्म हो । ब्रह्म एकमात्र वास्तविक र सत्य वस्तु हो जो आत्मा र ब्रह्म एउटै वस्तुका दुई नाम हुन् त्यसैले आत्मा नै ब्रह्म हो (गिरी, २०५५, पृ. १२९) । यहाँ एकमात्र सत्य ब्रह्म हो र योबाहेक सबै अवास्तविक, सम्पूर्ण कुरा मिथ्या र अयथार्थ हुन् भनिएको छ । जुन प्रकार संसारको पदार्थ असत्य र काल्पनिक हो त्यसैगरी जीव पनि अविद्याको कारण आश्रित रहन्छ तसर्थ ब्रह्म नै एकमात्र सत्ता हो यस ज्ञानको अभावमा जीवको सत्ता रहन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५१) । यहाँ संसारका पदार्थ, ब्रह्माण्ड मिथ्या हो तर अविद्याका कारण आश्रित जीव वास्तविक प्रतीत भएको धारणा प्रकट भएको छ । ब्रह्म सत्य हो, जगत् मिथ्या हो र जीव नै ब्रह्म हो (रिमाल, २०६१, पृ. क/१८) । यसप्रकार निर्गुण, निराकार ब्रह्म एकमात्र सत्य हो भने सच्चिदानन्द ब्रह्ममा मायाको प्रभावले जगत्को आभास भएको हो भनिएको छ । जगत् ब्रह्मको शरीर हो र शरीर नाशवान् हुन्छ, त्यसैले मिथ्या छ (गौतम, २०७८, पृ. १०१) । यसरी मायाद्वारा प्रभावित जगत् बाहिर देखिने रूप शरीर हो तर यो नाशवान् र क्षणिक भएकाले मिथ्यात्व हो भनिएको छ । व्यावहारिक कोणबाट हेर्दा यो जगत् वास्तविक जस्तो भान परे पनि पारमार्थिक दृष्टिकोणबाट हेर्दा यो जगत् मिथ्या अर्थात् अवास्तविक हो (गिरी, २०५५, पृ. १२९) । यहाँ व्यावहारिक कोणबाट विश्वब्रह्माण्ड वास्तविक प्रतीत भए पनि पारमार्थिक कोणबाट मिथ्या हो र एकमात्र चेतनस्वरूप ब्रह्म सत्य हो भन्ने कुरा देखाइएको छ । यहाँ मिथ्याज्ञान वा भ्रम हटेर यथार्थ ज्ञानको बोधपश्चात् जगत्को अवास्तविकता र ब्रह्मको सत्यता जान्न सकिन्छ भनिएको छ । यहाँ ब्रह्म सत्यं जगन्मिथ्यासम्बन्धी चिन्तनको मान्यताका आधारमा साठीको दशकयताका निम्नलिखित नेपाली निबन्धहरूका उदाहरणद्वारा पुष्टि गरी व्याख्या एवम् विश्लेषण गरिएको छ :

> चक्रनिर्माणमा अवयव केन्द्र र परिधि हुन् । केन्द्र र परिधि परिपूरक हुन् तर यी दुई एकापसमा समायोजित हुन सक्दैनन् । चक्र निर्माण र गतिशीलतामा केन्द्रको अहम् भूमिका भए पनि परिधिबिनाको केन्द्र हुँदैन । केन्द्रले परिधिलाई विचलन हुन नदिई आफ्नो वृत्तमा घुमाउँछ तर घुम्नेचाहिँ परिधि नै हो तसर्थ परिधिको विशेषता भनेको नै गतिशीलता हो र केन्द्रको विशेषता स्थिरता ।

(रामबाबु घिमिरे, 'केन्द्र र परिधि', *चेतना सन्देश,* पृ. ३३)

प्रस्तुत निबन्धांशमा केन्द्र र परिधि अर्थात् ब्रह्म र जगत्को स्वरूपको चित्रण गरिएको छ । अण्ड भनेको गोलो हो र ब्रह्म गोलो तर शून्यरहित रहेकाले चक्रनिर्माणमा केन्द्र र परिधि दुवै अवयव, सिङ्गो वस्तुको अंश वा भाग हुन् भन्ने कुरा यहाँ देखाइएको छ । यस अंशमा केन्द्र र परिधि एकअर्काका परिपूरक भए पनि यी दुई एकआपसमा संयोजित वा समायोजन हुन सक्दैनन् तर पनि चक्रको निर्माण र गतिशीलतामा ब्रह्म, शून्य वा परमतत्त्व नै विश्वब्रह्माण्डको केन्द्र भएकाले यसको मुख्य भूमिका भए पनि परिधिबिना

केन्द्रको अस्तित्व नरहेको विचार प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा आफूबिना परिवारको अस्तित्व नभएको बताउँदै आफूबिना परिवारको गतिशीलता नहुने भएकाले केन्द्रले नै परिधिलाई विचलन हुन दिँदैन साथै केन्द्र भनेको ब्रह्म हो त्यसैले ब्रह्म नै जगत्को केन्द्रमा रहनेभएकाले आफ्नो परिधिमा घुमाइरहन्छ भन्दै घुम्ने परिधि हो भन्ने ब्रह्म र जगत्विषयक मान्यता प्रस्तुत गरेका छन् । परिधि सदैव गतिशील हुन्छ भने केन्द्र स्थिर रहन्छ त्यसैले यी दुवै केन्द्र र परिधिका गुण हुन भन्ने कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> संसारको स्वरूप र विशेषताका बारेमा विद्वान्हरूले विभिन्न ढङ्गले अर्थ्याउने गरेका छन् । कसैले यसलाई मिथ्या भनेका छन् । कसैले सत्य भनेका छन् । खासगरी अध्यात्मवादी पूर्वीय दार्शनिकहरू ईश्वर वा ब्रह्मलाई सत्य र संसारलाई मिथ्या वा भ्रम मान्ने पक्षमा देखिएका छन् भने भौतिकवादी पाश्चात्य दार्शनिकहरू त्यसको ठीक उल्टो ईश्वरलाई भ्रम वा मिथ्या र संसारलाई सत्य मान्ने पक्षमा देखिएका छन् ।...

(कमल रिजाल, 'संसारको स्वरूप', *सुदर्शन*, पृ. ८९)

प्रस्तुत निबन्धांशमा ब्रह्म र जगत्सम्बन्धी मान्यता ल्याइएको छ । यहाँ संसारको आदिकारण नै ब्रह्म हो भने मायाद्वारा प्रभावित ब्रह्मका कारण जगत् भ्रम वा असत्य प्रतीत हुन्छ; तसर्थ विद्वान्हरूले पनि आआफ्नै ढङ्गले ब्रह्म र जगतका बारेमा अर्थ्याउने गरेको कुरालाई देखाइएको छ । उद्धृतांशमा पूर्वीय दार्शनिकहरू ईश्वर वा ब्रह्म एकमात्र सत्य र संसार अर्थात् जड जगत् मिथ्या वा भ्रम ठान्दछन् भने पाश्चात्य दार्शनिकहरू यसको ठीक उल्टो ईश्वर वा ब्रह्मलाई मिथ्या वा भ्रम र जगत्लाई सत्य मान्ने गरेको विचार अभिव्यक्त भएको छ ।

> पृथ्वी पनि नासवान् । न त आकाश नै सदा सर्वदाका लागि । सागर पनि सुक्न सक्छ । अनि यसको मतलब के त ? के प्रलय असम्भावी छ ? जब जमिनका लागि आवश्यक पञ्चतत्त्व नै प्रलयगामी छन् त जमिनको अनन्तता मिथ्या हुने भयो लौ !! ... मृत्यु नभई नछाड्ने घटना हो र पनि भइसकेपछि केही गाम्भीर्य त देखाउनै पर्छ अनुहारमा, चाहे घोर शत्रुको नै मृत्यु होस् त्यो ।

(केशव पौडेल, 'छिन्नभिन्न अस्तित्व', *मधुपर्क*, पृ. ५४)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्याविषयक मान्यता ल्याइएको छ । उद्धृतांशमा भौतिक जगत् पञ्चतत्त्वद्वारा निर्मित हुने कुरा देखाउँदै पृथ्वी, आकाश, सागर यी सबै पञ्चतत्त्व अविद्याका कारण यथार्थ प्रतीत हुन्छन् भन्ने चिन्तन प्रस्तुत भएको छ । यहाँ पञ्चतत्त्वबाट निर्मित भौतिक जगत् वा शरीर पञ्चतत्त्वमै विलीन हुनेहुँदा व्यावहारिक दृष्टिकोणबाट जगत् सत्यजस्तो देखिए पनि पारमार्थिक दृष्टिकोणबाट ब्रह्मबाहेक सम्पूर्ण तत्त्व मिथ्या हुन् तसर्थ जमीनका लागि आवश्यक पञ्चतत्त्व अन्ततः पञ्चतत्त्वमै विलीन हुनेहुँदा यी मिथ्या छन् भन्ने कुरा देखाइएको छ । यो भौतिक जगत् अवास्तविक छ तसर्थ

आत्माबाट उत्पन्न तरङ्ग आत्मामा नै मिल्दछ तसर्थ जगत् भ्रामक छ भन्ने चिन्तनलाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

> ...जीवनयात्रामा आफ्ना हैसियत सबभन्दा पछाडि हो भन्ने थाहा पाएर पनि मान्छे आफूलाई अगाडि नै देखाउन खोज्छ । जब कि परमात्माले सिर्जना गरेको जगत्मा मान्छे उभिएको हुन्छ । मानिस आफू उभिएको जगत्मा भगवान् छ भन्ने ठान्छ अर्थात् आफूपछि भगवान् । जीवनयात्रामा मानिस यसरी भ्रमित हुने गर्दछ तर संसार त परमात्मा याने परमशक्तिको सपना हो । जसरी हाम्रा सपना हामी बिउँभेपछि मिथ्या हुन पुग्छ, त्यसैगरी भगवान्ले पनि एउटा सङ्कल्पले खडा गर्ने सृष्टि अर्को सङ्कल्पले नष्ट हुने गर्दछ । त्यसैले सृष्टि पनि मिथ्या हो । भगवान्को सपनारूपी पृथ्वीको बगैँचाको फूल भएर रहनु भनेको भगवान्मय अवस्थामा रहनु हो । परमात्माको सायुज्यता पाउनु हो । त्यसपछि आउने समुद्रको छाल वा हावाको झोँक्काले त्यो दृश्यलाई कहाँ पुऱ्याउँछ कहाँ । त्यो मान्छेले भेउ पाउँदैन । यो मान्छेको बलवुतादेखि विलकुल अभेद्य छ ।

(विश्वदीप अधिकारी, 'मानवयात्रा', *वैजयन्ती,* पृ. ८२)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्याविषयक मान्यता ल्याइएको छ । यस अंशमा यस जगत्को रचना परब्रह्म परमात्माले गरेका हुन् र उनै ब्रह्म मायाद्वारा प्रभावित भएको अवस्थामा ईश्वर भनिन्छ तसर्थ उनै ईश्वर नै जगत्का आदिकारण हुन् भन्ने कुरा देखाइएको छ । यस निबन्धांशमा जगत्को उत्पत्ति, प्रलय, गति, ज्ञान, अज्ञानका ज्ञाता ईश्वरलाई भगवान् पनि भनिएको छ र मान्छेले जगत्को सिर्जना भगवान्ले गरेको ठानी भ्रमित हुन्छौँ तर यस संसारका रचयिता परमात्मा हुन् भन्ने कुरा प्रस्तुत भएको छ । उद्धृतांशमा निद्राबाट बिउँभेपछि सपना भ्रम लागेजस्तै भगवान्ले एउटा सङ्कल्पले खडा गरेको सृष्टि अर्को सङ्कल्पले नाशवान् हुनेहुँदा यो पनि भ्रम हो भन्ने जगत्को मिथ्यात्वलाई उल्लेख गरिएको छ । भगवान् वा ईश्वरद्वारा रचित सृष्टिको बगैँचामा रहनु पनि भगवान्मय हुनु हो, ईश्वरसँग एकाकार हुनु हो; जसरी समुद्रमा आउने छाल वा झोक्का तरङ्ग हो समुद्रभन्दा भिन्न अर्कोवस्तु नभएजस्तै भगवान्भन्दा कुनै अर्को ईश्वर होइन भन्ने मान्यतालाई यस अंशमा स्पष्ट पारिएको छ ।

> ...सत्यको आँखा हुँदैन । सत्यको व्यापकता पनि हुँदैन । सत्यका बारेमा सोचिएका यी शब्दहरूमा किमार्थ सत्यता छैन किनकि सत्य सत्य नै हो । सत्यको विकल्प अर्को सत्य मात्रै हो, असत्य होइन । असत्य भनेको अत्याचार हो तर सत्य भनेको उज्यालो घाम हो । असत्य भनेको घामबिनाको विस्पट्ट अन्धकार हो । फेरि सत्य विजय हो । सत्यमा सबैको जय हुन्छ । सत्यले सबैमा शौर्य र साहस प्रदान गर्दछ । सत्यमा कदापि कसैको हार हुँदैन बरु सत्यबाट जित हुन्छ, मीठो प्रीत हुन्छ ।

(मोहन चापागाईं, 'सत्य संलाप', *सत्य संलाप,* पृ. ५९)

प्रस्तुत निबन्धांशमा सत्यको सत्यतासम्बन्धी चिन्तन प्रकट गर्दै सत्य सदैव रहस्यपूर्ण हुन्छ भनिएको छ । यस अंशमा सत्य बाहिर देखिए र भनिए जस्तो नभएर सत्य (ब्रह्म) रहस्यपूर्ण हुन्छ र यसको अर्को कुनै विकल्प नभएको विचार व्यक्त भएको छ । उद्धृतांशमा असत्य सदैव अत्याचार हुनेहुँदा यसले वास्तविकतालाई छोप्छ र अविद्याका कारण भ्रम पैदा भई जगत्मा रमाइरहने भएकाले अन्धकारबाट छुट्कारा नपाई सत्यबाट टाढा रहिरहन्छ भन्ने मान्यता प्रस्तुत भएको छ । यहाँ असत्य भनेको अन्धकार हो भने सत्य प्रकाशानन्दस्वरूप हो र सत्य सदैव विजय हो, सत्यमा नै सबैको जय हुनेभएकाले यसले साहस र शौर्य प्रदान गर्दछ भन्ने कुरा देखाइएको छ । सत्यमा सबैको जीत हुनेभएकाले सत्य सदैव मीठो र प्रीत हुन्छ भन्ने कुरालाई यस निबन्धांशमा स्पष्ट पारिएको छ ।

> सायद म पदार्थ हुँ, खण्डीकरणको अन्तिम बिन्दुसम्म पनि म म नै रहने त्यो सूक्ष्म म र एकीरणको अन्तिम बिन्दुसम्म पनि म नै रहने यो विराट् म । त्यो सूक्ष्म र विराट्मा केही भिन्नता नहुनु नै मेरो अस्तित्व हो बाँकी सबै मिथ्या हुन् । पदार्थ खण्डीकरणको अन्तिम बिन्दुमा तीन शक्तिपुञ्ज बाँकी रहन्छन् । ती शक्तिपुञ्जभन्दा पृथक् म कतै तिनै शक्तिपुञ्जहरूको कारण त होइन ? कतै तिनै शक्तिपुञ्जको अवस्थिति त स्वयं म होइन ?

(भास्कर भण्डारी, 'जीवनबोध', *वैजयन्ती*, पृ. १५)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्या भन्ने मान्यता ल्याइएको छ र यसक्रममा ब्रह्मको अस्तित्व रहेको र बाँकी सबै मिथ्या हुन् भन्ने कुरा देखाइएको छ । यस अंशमा निराकार ब्रह्म दिव्यपुरुषको रूपमा विराजमान रहेकाले आत्मगत तरङ्गभन्दा भिन्न अर्को पदार्थ नरहेको सूक्ष्म अणुका रूपमामात्र नभएर एकीकरणको अन्तिम बिन्दुसम्म, सूक्ष्मरूपदेखि विराट्स्वरूपसम्म र जगत्को भित्र र बाहिर सर्वत्र व्याप्त रहेको धारणा अभिव्यक्त भएको छ । उद्धृतांशमा ब्रह्मको कुनै स्वरूप नहुनेभएकाले सम्पूर्ण जगत् उनै ब्रह्ममा अडिएको हुँदा सूक्ष्म र विराट् दुवै स्वरूपमा कुनै भेद नभएको र बाँकी सबै मिथ्या हुन् तसर्थ जगत् पनि आत्मगत तरङ्गभन्दा भिन्न कुनै वस्तु नभएको उल्लेख गर्दै समुद्रमा उठ्ने पानीका तरङ्ग वा छाल पानीभन्दा भिन्नवस्तु नभएझैं आत्माबाट उत्पन्न तरङ्ग पनि विश्वको आत्माभन्दा फरक नभएको विचार प्रस्तुत भएको छ । पदार्थहरूका सूक्ष्मातिसूक्ष्म धुलाका कणदेखि लिएर विशाल स्वरूपमा ब्रह्म नै विद्यमान रहनेहुँदा पदार्थको खण्डीकरणका अन्तिम बिन्दुसम्म बाँकी रहेका तीन शक्तिपुञ्जभन्दा भिन्न शक्तिपुञ्जको कारण र उपस्थिति स्वयं ब्रह्म नै भएको ब्रह्मविषयक चिन्तनलाई सायद म पदार्थ हुँ, म नै रहने यो विराट् म, शक्तिपुञ्जको उपस्थिति त स्वयं म होइन आदि पदावलीद्वारा यस अंशमा पुष्टि गरिएको छ ।

> ...बाटो नचिन्दासम्म सत्य अगम्य नै रहन्छ । अगम्यले अगोचरता साथमा राख्छ । गोचर भ्रम गोचर सत्य होइन तैपनि गोचर छ । त्यसैले सत्य अगोचर छ ।

आध्यात्मिकतामात्र यसको पुष्टिको माध्यम होइन । भौतिक स्थिति जो छ त्यसको वास्तविकता के हो ? बुझ्नाको तहमा भित्र पस्दै जाँदा कारणको खोजी आवश्यक हुन्छ । कारणको सत्यता नाप्न जाँदा भ्रमको पर्दा लागेको 'लाई' च्यात्नु पऱ्यो । च्यात्न ज्ञानको परिमल रूपको बोध पहिलो आवश्यकता हुन्छ ।...

(नारायण चालिसे, 'समयगुरु द्रोणाचार्य-आठ', *समयगुरु द्रोणाचार्य*, पृ. २३)

प्रस्तुत निबन्धांशमा ब्रह्म सत्य जगत् मिथ्या विषयक मान्यता ल्याइएको छ । यस अंशमा पारमार्थिक दृष्टिले ब्रह्म एकमात्र सत्य अगोचर हो भने गोचर जगत् भ्रम वा असत्य प्रतीत हुन्छ तसर्थ जगत् हेर्दा वास्तविक जस्तो लागे पनि ती वास्तविक नभएर मान्छे भ्रममा मात्र रहेको हुन्छ भन्ने कुरा देखाइएको छ । अज्ञान, अविद्या र मायाको कारणले ब्रह्मको पहिचान गर्न नसकिएको हुँदा ज्ञानद्वारा नै ब्रह्मको पहिचान गर्न सकिन्छ भन्ने चिन्तन यस उद्धृतांशमा उल्लेख गरिएको छ । यहाँ ब्रह्मको सत्यता जान्नको लागि ज्ञानको सुगन्ध बोध हुनु प्रथम आवश्यकता रहेको चिन्तन प्रस्तुत भएको छ । यस अंशमा सत्यको सत्यता, अगोचर ब्रह्मको रहस्य बुझ्न कठिन रहेकोले यसलाई ज्ञानको अनन्त गहिराइद्वारा भ्रमलाई त्यागी वास्तविकताको नजिक पुग्न सकिन्छ भनिएको छ ।

साठीको दशकयताका नेपाली निबन्धमा ब्रह्म सत्य जगन्मिथ्यासम्बन्धी दार्शनिक कुरा निरूपण देखिन्छ र यसक्रममा ब्रह्मको नित्यता, वास्तविकता र जगत्को अनित्यताबारे विश्लेषणीय देखिन्छ । यहाँ ब्रह्म वास्तविक र सत्य हो र योबाहेक सबै अवास्तविक हुन्; जगत् ब्रह्मको शरीर भएकाले क्षणिक र नश्वर रहेको हुँदा मिथ्या छ भन्ने स्वीकारेको देखिन्छ । यसमा अविद्याका कारण जगत् वास्तविक प्रतीत भए पनि अविद्याको नाश भएपछि जगत् मिथ्या हो भन्ने बोध हुन्छ भन्ने विभिन्न सन्दर्भहरू प्रकटित देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा सच्चिदानन्द ब्रह्ममा मायाको प्रभावले जगत्को आभास भएको हो भन्ने धारणा पाइन्छ ।

### ४.६.६ ब्रह्म, माया र पारमार्थिक सत्य

पौरस्त्य दर्शनमा वास्तविकताको बोध नहुनु नै माया वा भ्रम हो र यो अविद्या वा अज्ञानका कारण सिर्जना हुन्छ भन्ने मान्यता पाइन्छ । परमेश्वरको बीजशक्तिको नाम 'माया' हो र मायारहित भएर परमेश्वरमा प्रवृत्त हुँदैन न जगत्को सृष्टि हुन्छ (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५५) । यहाँ माया नै अव्यक्त हुनेहुँदा सत्यलाई अप्रकटित गरी असत्यलाई प्रकटित गर्दछ र यो परब्रह्म परमेश्वरमा आश्रित रहेको कुरा बताइएको छ । माया ईश्वरको शक्ति हो र यसले ब्रह्मको स्वरूपमा पर्दा लगाएर ब्रह्मलाई जगत्को रूपमा प्रतिस्थापित गर्दछ (गिरी, २०५५, पृ. १३३) । यसरी माया ईश्वरीय खेल हो र यसको प्रभावले अवास्तविकतालाई नै वास्तविकतामा देखाइदिन्छ भनिएको छ । यहाँ वास्तविकताको बोध नहुनु नै भ्रम हो भन्ने मान्यता व्यक्त भएको छ । ब्रह्मको मायाशक्तिद्वारा सम्पूर्ण विश्व

प्रदशित छ (घिमिरे, २०७२, पृ. १४५) । यहाँ मायाको आवरणले गर्दा ब्रह्मलाई सच्चिदानन्द सुखदु:खात्मक जगत्का सम्पूर्ण कुरा भ्रम छन् भन्ने मिथ्याज्ञान भएको कुरा बताइएको छ । जब पर्दा हट्छ, अविद्या हट्छ वा ज्ञान प्राप्त हुन्छ, तब ब्रह्मबाहेक सबै भ्रम वा असत्य रहेछन् भन्ने बोध हुन्छ र त्यतिबेला मायाको अस्तित्व समाप्त हुन्छ (गौतम, २०७८, पृ. १००) । यसरी अविद्या नै माया वा भ्रम हो तसर्थ अविद्या हटेपछि ब्रह्मबाहेक सम्पूर्ण पदार्थ भ्रम हो भन्ने वास्तविकताको बोध हुन्छ र यस्तो स्थितिमा माया भन्ने कुरा समाप्त हुन्छ भन्ने कुरा देखाइएको छ । यहाँ ब्रह्म वा आत्मा नै एकमात्र सत्य हो र मायाको प्रभावमा ब्रह्ममा परे पनि ब्रह्म त्यसबाट प्रभावित हुँदैन भन्ने कुरा उल्लेख भएको छ ।

ब्रह्म एक छन् तर सत्य छन्, ब्रह्मबाहेक सम्पूर्ण कुरा भ्रम हुन् र सर्वव्यापक, नित्य तत्त्व ब्रह्मको लक्षण हो । ब्रह्म एकमात्र सत्य वस्तु हो र आत्मा र ब्रह्म एकै वस्तुका दुई नाम मात्र हुन् तसर्थ आत्मा नै ब्रह्म हो (गिरी, २०५५, पृ. १२९) । यसरी आत्मा र ब्रह्म एकै सिक्काका दुई नाम भएको र यी दुवै सत्य र पूर्ण छन् भनिएको छ । व्यावहारिक दृष्टिकोणले हेर्दा यो जगत् वास्तविकजस्तो भान परे पनि पारमार्थिक दृष्टिकोणबाट हेर्दा यो जगत् मिथ्या अर्थात् अवास्तविक हो (गिरी, २०५५, पृ. १२९) । यहाँ व्यावहारिक कोणबाट जगत् वास्तविक प्रतीत भए पनि पारमार्थिक कोणबाट यो सत्य हो भनिएको छ । निर्गुण ब्रह्म नै वास्तविक पारमार्थिक सत्ता हो (उपाध्याय, सन् १९४२/१९६६, पृ. ३५३) । यहाँ एकमात्र ब्रह्म वास्तविक हो भने त्यसदेखि बाहेक सबै भ्रम हुन् भन्दै निर्गुण ब्रह्म नै सत्य भएको स्वीकार गरिएको छ । ब्रह्म प्रतिपादक ग्रन्थ, शास्त्रको चर्चा गर्दै वास्तवमा परमार्थमा ब्रह्म पुस्तकमा छैन, पुस्तकका ब्रह्मले हाम्रो दु:ख जाँदैन, सुखानुभूति पनि हुँदैन पनि र ग्रन्थभन्दा अगाडि पनि र ग्रन्थ नभएका बेला पनि ब्रह्म थियो, छ, रहिरहन्छ अनन्तकालसम्म (रिमाल, २०६१, पृ. क/२९) । यसप्रकार ब्रह्म अनादि र अनन्त भएकाले पुस्तकमा मात्र सीमित नरहने वास्तविक सत्ता वा पारमार्थिक सत्य हो भनिएको छ । यसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

> आकाशलाई सोधौँ त सत्यको महिमा ! धरतीलाई सोधौँ त सत्यको गौरव र गरिमा ! सर्वत्र भेटिन्छ सत्य; सर्वव्यापी छ सत्य । हो, सत्य विश्वव्यापी सत्य विशाल छ । मात्र चिन्न सक्नुपर्छ सत्यलाई । मात्र सम्मान गर्न जान्नुपर्छ सत्यलाई । सत्य सभ्यता, शिष्टता र समुन्नतिको द्योतक हो । मात्र सत्यता चक्षुलाई चियाएर हेर्न सक्नुपर्छ ।

(मोहन चापागाईं, 'सत्य संलाप', *सत्य संलाप,* पृ. ५९)

प्रस्तुत निबन्धांशमा ब्रह्मको सत्यता र जगत्को मिथ्यात्वसम्बन्धी मान्यता ल्याइएको छ । यहाँ सत्यको महिमा व्यापक रहेकाले सम्पूर्ण कुरा ब्रह्ममा नै अडिएको छ तसर्थ सत् स्वरूप ब्रह्मको गौरव र महिमा रहेको उल्लेख गर्दै आकाश र धर्तीलाई सोध्न आग्रह गरिएको छ । उद्धृतांशमा सत्य (ब्रह्म), सर्वत्र र सर्वव्यापक, नित्य र अनन्त तत्त्व हो

र विश्वव्यापी सत्य विशाल रहेकाले त्यसको पहिचान गर्नुपर्ने, सम्मान गर्न जान्नुपर्ने विचार प्रस्तुत भएको छ । अविद्या वा अज्ञानको पर्दा हटाएमात्र ज्ञान वा सत्य पहिचान गर्न सकिनेहुँदा सत्य सभ्यता, शिष्टता र समुन्नतिको द्योतक भएको विचार व्यक्त गर्दै अन्तर्चक्षुसँगको साक्षात्कार गर्न सकेमात्र सत्यता देख्न सकिनेहुँदा चक्षुलाई चियाएर हेर्नुपर्ने निबन्धकारका वैचारिक दृष्टिकोणलाई यस अंशमा स्पष्ट पारिएको छ ।

> ...स्थिति, परिस्थिति र मनस्थितिलाई सह्मालेर बसेमा मान्छे आत्मस्थितिमा सहजै पुग्न सक्छ । आत्मस्थिति प्राप्तिको लागि आफूमा जे छ त्यसैमा सन्तुष्ट भई परमात्मामा श्रद्धा राखेर बाहिर होइन आफूभित्र हेरेर अगाडि बढ्ने गर्नुपर्दछ । यो बुझ्नुपर्दछ कि बत्ती बल्छ कि निभ्छ । कि रात हुन्छ कि दिन हुन्छ । कि सुन्ना हुन्छ कि एक हुन्छ । अहं ब्रह्मास्मि भनेको बुझ्छ कि बुझ्दैन ? यो नै आत्मस्थितिको अभ्यास हो । पुश, पंक्षी, मनुष्य वास्तविक होइनन् । यसैले 'मेरो' पनि वास्तविक होइन, 'म' मात्र वास्तविक हो जो अन्तर्गर्भमा छ जुन अनन्त छ ।
>
> (विश्वदीप अधिकारी, 'अन्तर्गर्भ', *वैजयन्ती,* पृ. ५२)

प्रस्तुत निबन्धांशमा आत्माको चेतनस्वरूपको चित्रण गरिएको छ र यसक्रममा आत्मस्थितिको तहमा पुग्दा म नै ब्रह्म हुँ भन्ने बोध हुन्छ भन्ने कुरा देखाइएको छ । यस अंशमा स्थिति, परिस्थिति र मनस्थितिलाई नियन्त्रण गर्न सकेको खण्डमा मान्छेले आत्मपहिचान गर्न सक्नेहुँदा तथा रजोगुण र तमोगुणबाट मनलाई मुक्त गरेपछि सत्त्वगुणको उद्रेक हुन्छ र ईश्वर, गुरु शास्त्रादिमा श्रद्धा जागृतहुँदा मान्छे जिज्ञासु, साधक मुमुक्षुको अवस्थामा पुग्छ र अनि आत्माको अहम्तालाई मिथ्या ठानेर चित्तलाई एकाकार र अखण्ड बनाएको अवस्थामा आत्मस्थितिको तहमा पुग्छ भन्ने स्पष्ट सङ्केत गरिएको छ । यसरी आत्मस्थितिको तहमा पुग्न मनमा सबै कामनाहरू त्याग्नुपर्ने, मनलाई आत्मामा स्थिर गराउनु र कुनै पनि वस्तुप्रति मोह नराखी आत्मसन्तुष्टि भई परब्रह्म परमात्माको नित्य साधनामा आफैँभित्र हराउनुपर्ने र सोहीअनुरूप अगाडि बढेमात्र अन्तर्हृदयको दियो बल्ने विचार यस निबन्धांशमा व्यक्त भएको छ । उद्धृतांशमा दियो बल्छ कि निभ्छ, दिन, रात, सुन्ना वा एक, अहं ब्रह्मास्मि आदि पदावलीले ब्रह्मको भेद पहिचान गर्न आत्मस्थितिको तहमा पुग्ने वा नपुग्ने अभ्यास भएको कुरा बताउँदै मेरो नभएर 'म' भन्नु आत्मा हो र आत्मालाई शरीरको आवरणले ढाकेको हुँदा सूक्ष्म भौतिक तत्त्वजस्तो बोध भए पनि अन्तर्हृदयमा अवस्थित आत्मा अनन्त, शुद्ध छ भन्ने आत्माचिन्तन प्रस्तुत भएको छ ।

> उद्दालकका अनुसार विषयी र विषय, चेतन द्रष्टा र अचेतन जगत् दुवै एकै तत्त्वका प्रतिभास हुन् । ब्रह्म र आत्मा दुई जीव नभएर अखण्डचैतन्य रूपमा एउटै तत्त्व हुन् । ज्ञाता, ज्ञान र ज्ञेयमा पारमार्थिक रूपमा कुनै भेद छैन । जसरी माटाको ज्ञान भएपछि सुवर्णनिर्मित सम्पूर्ण आभूषणहरू सुवर्णमय छन् भन्ने ज्ञान हुन्छ, जसरी सुवर्णको ज्ञान भएपछि सुवर्णनिर्मित सम्पूर्ण आभूषणहरू सुवर्णमय छन् भन्ने ज्ञान

हुन्छ त्यसरी नै परमतत्त्व आत्मा वा ब्रह्मको ज्ञान भएपछि पनि जडचेतनमय समस्त विश्वब्रह्माण्ड पनि ब्रह्ममय छ भन्ने ज्ञान हुन्छ । सत्य केवल परमतत्त्व मात्र हो । अखण्ड चैतन्य ब्रह्म वा आत्मा नै परमतत्त्व हो ।

(यादवप्रसाद शर्मा, 'म एक मुमुक्षु', *वैजयन्ती,* पृ. २०)

प्रस्तुत निबन्धांशमा ब्रह्म र आत्माको अभिन्न स्वरूप देखाइएको छ । यहाँ ब्रह्म र आत्मा दुवै चैतन्यस्वरूप र एकै तत्त्व भएको चित्रण गरिएको छ र यसक्रममा ब्रह्म र आत्मा दुवै कारण शरीर र अभेद्य रहेको कुरा देखाइएको छ । यस अंशमा ब्रह्म र आत्मा दुवै एकै भएकाले दुवै कहिल्यै अभाव नरहने चैतन्यस्वरूप हुन् त्यसैले आत्मा नै ब्रह्म हो र यी दुवै विषयी र विषय, चेतन द्रष्टा र अचेतन दुवै एकै तत्त्व भए पनि अचेतन जगत् दुवै प्रतिभासित हुन् भन्ने कुरा व्यक्त भएको छ । उद्धृतांशमा पारमार्थिक दृष्टिले ज्ञाता, ज्ञान र ज्ञेयमा कुनै भेद नभएको बताउँदै, आत्मा र ब्रह्मको ज्ञान भएपछि यी दुवै एकै हुन् भन्ने बोध हुन्छ, यस्तो अवस्थामा जडचेतनमय विश्वब्रह्माण्ड पनि ब्रह्ममय, सत्य, अखण्ड छ भन्ने बोध हुने विचार व्यक्त भएको छ । सत्य नै परमतत्त्व भएको चित्रण गर्दै अखण्ड चैतन्यस्वरूप आत्मा वा ब्रह्म नै स्वयं परमतत्त्व हो भन्ने कुरालाई यस अंशमा स्पष्ट सङ्केत गरिएको छ ।

यतिबेला मलाई सत्यभन्दा टाढा रहनुछैन । म यथार्थ र सत्यको खोजीमा छु । सत्य निर्विकल्प छ । सत्य शाश्वत र एउटै छ । असत्य असङ्ख्य पनि हुन्छन् । सत्य जीवनको ब्रह्मस्त्र पनि हो । सत्यवादी जीवन कदापि हार्दैन- उसको निरन्तर जित छ । म सत्यको साधना गर्छु, म सत्यको आराधना गर्छु ।

(श्रीबाबु कार्की, 'निर्वर्जित मन', *मधुपर्क,* पृ. ५४) ।

प्रस्तुत निबन्धांशमा ब्रह्मको सत्यताविषयक मान्यता ल्याइएको छ र एकमात्र सत्य ब्रह्म निर्विकल्प छ भन्ने कुरा देखाइएको छ । यहाँ सत्य स्थिर हुनेहुनाले दृश्यमान जगत्को मूलमा विद्यमान् परम सत्य ब्रह्म नै भएकाले सत्यबाट पर भाग्नु, टाढा जानु सम्भव छैन भन्ने धारणा प्रस्तुत भएको छ । उद्धृतांशमा निबन्धकार स्वयम् एकमात्र सत्य ब्रह्मको खोजीमा रहेकाले ब्रह्मको विकल्प यस चराचर जगत्मा अरू कुनै तत्त्व छैन भन्ने कुरा देखाइएको छ । यस अंशमा ब्रह्मबाहेक अन्यवस्तु नभएकाले निराकार ब्रह्म नै सत्य निर्विकल्प भएको हुँदा सत्य नै जीवनको ब्रह्मास्त्र हो भन्ने चिन्तन अभिव्यक्त भएको छ । सत्य निरन्तर, गतिशील, आदि, अनन्त छ तसर्थ सत्य निरन्तर भएको हुँदा जीवन कदापि हार्दैन बरु जित निश्चित छ भन्ने कुरा यहाँ प्रस्तुत भएको छ । निबन्धकारले निबन्धांशमा आफू सत्यको साधना वा खोजीमा रहेकाले ब्रह्म आफू नै हो र यो आफूभन्दा भिन्न हुन सक्दैन तसर्थ साधना र आराधनाद्वारा नै ब्रह्मको पहिचान गर्न सकिन्छ भन्ने कुरालाई यस अंशमा स्पष्ट पारिएको छ ।

निश्वर रङ्गका गुनगुनाइहरू सस्वर भइदिन्छ कानभरि । निश्वर रङ्ग सस्वर तेजेश्वर एकआपसमा घोलिन्छन् । निश्वरसित सस्वर घोलिनु वा सस्वरभित्र निश्वर

घोलिन पुग्दा निश्वर सस्वरमा परिणति पाउँदो रै'छ । निश्वरलाई सस्वर पार्नु जादू रहेनछ । यो त लिप्त हुनु वा हुन सक्नुको परमार्थ रै'छ । म रङ्गको परमार्थमा लिप्त छु । र पो निश्वर रङ्गको गुनगुनाइ कानमा गुनगुनाएको भान पर्छ । निश्वर रङ्गका गुनगुनाइहरू सस्वर आवाजझैँ सुन्नु तन्मयताको तासीर बन्दो रै'छ । ब्रह्मलीनहरू त्यसैले सबै निराकारमा आकार भेट्टाउँछन् । सबै आकारमय आकृतिलाई नस्वर मान्छन् । म भने रङ्गका गुनगुनाइहरूसितै एकसुर गुनगुनाइरहेको हुन्छु । मानौँ म त एकतारे मनोज्ञानका साधनारत सिकारु हुँ ।

(तेजेश्वरबाबु ग्वंगः, 'रङ्गका गुनगुनाइहरू', *रङ्ग अभिज्ञान,* पृ. ६८)

प्रस्तुत निबन्धांशमा ब्रह्मको साकारस्वरूपको चित्रण गरिएको छ र यसक्रममा निरीश्वर रङ्गहरू सस्वर कानभरि गुञ्जिँदा निबन्धकार आफू मिल्न पुगेको विचार व्यक्त भएको छ । यस अंशमा निश्वर र सस्वरको मिश्रणले सस्वरमा परिणत हुनु भनेको पारमार्थिक दृष्टिले अवास्तविक प्रतीत हुनु हो त्यसैले रङ्गहरू व्यावहारिक कोणबाट वास्तविक लागे पनि ती भ्रम भएको बताउँदै निबन्धकार आफू पनि परमार्थमा रमाइरहेको धारणा प्रकट भएको छ । यहाँ निबन्धकार आफू भ्रम वा मिथ्यामा रमाइरहेका कारण निश्वर रङ्गका गुनगुनाइ कानमा परेको आभास भएको उल्लेख गर्दै यो नै तन्मयको प्रभाव रहेको विचार स्पष्ट पारेका छन् । उद्धृतांशमा ब्रह्मज्ञानीहरू ब्रह्मसँगको साक्षात्कारमा निराकार, निर्गुण ब्रह्मको स्वरूप भेट्टाउने उल्लेख गर्दै सम्पूर्ण साकारस्वरूप नाशवान् र क्षणिक मान्दछन् भन्ने कुरालाई स्पष्ट सङ्केत गरेका छन् । निबन्धकारले निबन्धांशमा आफू भने रङ्गहरूसँगै गुनगुनाइरहेको, साधना गरिरहेको ब्रह्मविषयक मान्यता प्रस्तुत गरेका छन् ।

साठीको दशकयताका नेपाली निबन्धमा ब्रह्म, माया र पारमार्थिक सत्यसम्बन्धी दार्शनिक मान्यताको निरूपण देखिन्छ र यसक्रममा वास्तविकताको ज्ञान नहुनु नै माया हो भन्ने कुरा उल्लेख छ । यहाँ मायाद्वारा सत्यलाई छोपी असत्यलाई प्रकटित गर्दछ र माया नै ईश्वरको शक्ति भएकाले ब्रह्मको वास्तविकतालाई छोपेर जगत्को रूपमा प्रकटित गर्दछ भन्ने वेदान्तदर्शनको कुराहरू विभिन्न सन्दर्भमा प्रकटित देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा अज्ञान नै भ्रम वा माया भएकाले त्यसको पर्दा हटेपछि वास्तविकताको ज्ञान हुन्छ भन्ने स्वीकारेको छ । यहाँका निबन्धमा व्यावहारिक दृष्टिले जगत् वास्तविकजस्तो लागे पनि पारमार्थिक दृष्टिले सत्य हो भन्ने धारणा विभिन्न प्रसङ्गमा प्रकटित देखिन्छ ।

## ४.७ निष्कर्ष

यसका विषयगत प्रवृत्तिलाई हेर्दा साठीको दशकयताका नेपाली निबन्धहरू पूर्वीय वैदिक षड्दर्शनका आत्मा, ब्रह्म वा ईश्वरसम्बन्धी मान्यताका दृष्टिले अभिव्यञ्जित विषय महत्त्वपूर्ण रहेको तथ्य निबन्धका निबन्धांशले पुष्टि गर्दछ । साठीको दशकयताका नेपाली निबन्धहरूमा निबन्धकारका आत्मसम्बन्धी दृष्टिकोण, आत्मचिन्तन, ब्रह्मज्ञान अर्थात् ब्रह्म,

ब्रह्मको सत्यता ब्रह्मको वास्तविकताको बोध, ब्रह्मको नित्यता, सर्वव्यापकता, निराकारस्वरूप, ईश्वरसम्बन्धी मान्यता, ईश्वरको अस्तित्व, ईश्वरको आवश्यकता, कर्मफलदाता, आत्माको अमरता र भौतिक शरीरको क्षणिकता, ईश्वरको व्यापकता आदिको उल्लेख छ । आत्माको पहिचान अविद्या नाश भई ब्रह्मज्ञानको प्राप्ति, जीवात्मा र परमात्माको बोध, आत्मा अजरता, अमरता र नित्यत्त्वको बोध, ब्रह्मको सत्यता र आत्मा, ब्रह्म र ईश्वरको ज्ञान र समस्त जगत्को आधार नै आत्मा वा ब्रह्म हो भन्ने तथ्यहरू साठीको दशकयताका नेपाली निबन्धहरूमा पाइनाले पनि साठीको दशकयताका नेपाली निबन्धहरूलाई पूर्वीय वैदिक षड्दर्शनका उपयुक्त मान्यताहरूका आधारमा पनि विश्लेष्य विषय मान्न सकिन्छ । यसैक्रममा अविद्या वा अज्ञानको नाशद्वारा अर्थात् मिथ्याज्ञानको अन्त्य भई आत्मा, ब्रह्म वा ईश्वरको उपासना गर्नाले आफूले आफैँलाई देख्न सकिन्छ भन्ने कुरा निबन्धमा देखिन्छ । यसैक्रममा अष्टाङ्गयोगका साधनाद्वारा चित्तवृत्तिनिरोध भई समाधिका तहमा पुग्नु नै स्वयम् प्रकाशानन्दस्वरूप आत्मा, ब्रह्म वा ईश्वरलाई प्राप्त गर्न सकिने कुरा उल्लेख छ । साठीको दशकयताका नेपाली निबन्धमा बाह्यस्वरूपबाट आत्मा, ब्रह्म वा ईश्वरलाई प्राप्त गर्न कठिन हुनेहुँदा अन्तर्चक्षु वा दिव्यचक्षुद्वारा मनको द्वार खोल्न सकेमात्र तिनलाई प्राप्त गर्न सकिने कुरा कतिपय निबन्धका विभिन्न प्रसङ्गमा उल्लेख छ । यसरी विशेषगरी पूर्वीय वेदान्तदर्शनको विषय भए पनि योगदर्शनका अतिरिक्त अन्य वैदिक दर्शनका मान्यताका आधारमा समेत आत्मा, ब्रह्म, ईश्वर विषयक दृष्टिकोणको विशद व्याख्या, विवेचना र विश्लेषण हुनुले साठीको दशकयताका नेपाली निबन्ध महत्त्वपूर्ण देखिन्छ ।

# पाँचौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यस शोधप्रबन्धका पाँच परिच्छेदमध्ये शोधपरिचयका रूपमा रहेको पहिलो परिच्छेदमा पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व एवम् शोधको सीमासङ्कन गरिएको छ । सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचाअन्तर्गत सैद्धान्तिक पर्याधार विश्लेषण ढाँचा निर्धारण गरिएको छ । अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषणविधि उल्लेख गर्नका साथै अन्त्यमा शोधप्रबन्धको रूपरेखाको प्रस्तुत गरिएको छ ।

'साठीको दशकयताका नेपाली निबन्धमा जगत्चिन्तन' शीर्षकको दोस्रो परिच्छेदमा २०६२/०६३ देखि हालसम्मका प्रकाशित निबन्धहरूमध्ये यस शोधकार्यमा विश्लेषणका लागि जगत्चिन्तनको प्रयोग भएका निबन्धलाई आधार बनाएर जगत्को मिथ्यात्व, सृष्टिसम्बन्धी चिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, पञ्चतत्त्व, पञ्चतन्मात्राका मान्यतालाई आधारका रूपमा लिएर दर्शनका कोणबाट निबन्धको विवेचना गरिएको छ । साठीको दशकयताका नेपाली निबन्धमा जगत्सम्बन्धी मान्यता सशक्त रूपमा आएका हुनाले साठीको दशकयताका निबन्धलाई शोधकार्यका लागि यस परिच्छेदमा चयन गरिएको छ ।

'साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षसम्बन्धी चिन्तन' शीर्षकको तेस्रो परिच्छेदमा चयन गरिएका निर्धारित निबन्धहरूमा बन्धन, सांसारिकता, माया, मोह, भौतिक वस्तु, बन्धनबाट मुक्तिको चाहना, मुक्ति, जीवन्मुक्ति, विदेहमुक्ति र क्रममुक्तिको विश्लेषण गरिएको छ । साठीको दशकयताका नेपाली निबन्धहरूमा सांसारिक प्रपञ्च माया, मोह, काम, क्रोध, लोभ, अहङ्कार नै दुःखका कारण हुन्, भौतिक वस्तुप्रतिको मोह, अविद्या वा अभाव, त्रिविध ताप नै दुःख हो, तत्त्वज्ञानको अभाव, पदार्थको अज्ञानता, आत्मा, ब्रह्म आदि ज्ञानको अभाव बन्धन हो भनिएको छ । भौतिक वस्तुको तुच्छता र आध्यात्मिक मार्गतिर प्रवृत्त भएमा इन्द्रियमाथि विजय प्राप्त गर्न सकिन्छ भन्ने तथ्य अभिव्यक्त गरिएको छ । आध्यात्मिक, आदिभौतिक र आदिदैविक यी तीन प्रकारका दुःखका कारण मानिस संसारमा अल्झिरहेको छ र यसबाट छुट्कारा पाउनु मोक्ष हो भन्ने पुष्टि गरिएको छ । मानिसका आफ्नै शारीरिक एवम् मानसिक समस्याका कारण यसप्रकारको दुःखलाई जन्म दिनेहुँदा शुद्ध चैतन्यआत्माको साक्षात्कारद्वारा दुःखको नाश र सुखानुभूति प्राप्त गर्न सकिने कुरा बताइएको छ । ज्ञानद्वारा अविद्या वा अज्ञानको नाश भई 'स्व' को अनुभूति भएमा मुक्त आत्मा प्राप्त गर्न सकिने यसमा विश्लेषण गरिएको छ । चैतन्यको जागरणद्वारा आत्मा र शरीरको, शरीर र ब्रह्म वा ईश्वरको अस्तित्व वा भिन्नताको ज्ञान एवम् मोक्षको खोजी पनि यसमा गरिएको छ । यसर्थ जीवनको चरमलक्ष्य नै मोक्ष प्राप्त गर्नु हो र यसका लागि

त्रिविध ताप, सांसारिक प्रपञ्च, माया, मोह, काम, क्रोध, लोभ, यश, आराम, धन सम्पत्तिको मोह त्याग्नु र परमब्रह्म परमात्मामा ध्यान लगाउँदा मोक्ष प्राप्त गर्न सकिने सन्दर्भलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ । तत्त्वज्ञानद्वारा इन्द्रिय विमुख भई आत्मा वा ब्रह्मको वास्तविक स्वरूपको पहिचान हुनु मोक्ष भएको निष्कर्षसमेत यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

'साठीको दशकयताका नेपाली निबन्धमा आत्मा र ब्रह्मचिन्तन' शीर्षकको चौँथो परिच्छेदमा आत्माको अस्तित्व, पौरस्त्य दर्शनमा आत्मा र ब्रह्मसम्बन्धी सैद्धान्तिक मान्यता, आत्मा, ब्रह्म र ईश्वरसम्बन्धी उपनिषद्का मान्यताको निरूपण, आत्मा र ब्रह्मसम्बन्धी छवटा दर्शनको अलग-अलग मान्यता, आत्मा र ब्रह्मसम्बन्धी समग्र पौरस्त्य दर्शनको मान्यताको तथ्यको विश्लेषण गरी आत्मा र ब्रह्मविषयको समग्र पक्षको खोजी गरिएको छ । यी निबन्धहरूमा आत्मा र ब्रह्मको निरूपण गर्नेक्रममा आत्मा वा ब्रह्म नै नित्य, शुद्ध, अजर, अमर, सत्य, एक र अनन्त तत्त्व भएको विचार प्रस्तुत गरी ती सन्दर्भलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ । आत्मालाई उपनिषद्मा शरीर, जीवात्मा, परमात्मा अनेक अर्थमा प्रस्तुत गरिएको पाइन्छ, यद्यपि यसले जीवात्मा र परमात्मा तथा ब्रह्म दुवैलाई ग्रहण गरेको तथ्यलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ । यसमा आत्मा वा ब्रह्मलाई उपनिषद्मा अनिर्वचनीय भनिएको हुँदा यसलाई शब्दद्वारा व्याख्या गर्न, बुझ्न र बुझाउन नसकिने तत्त्व भनी उल्लेख गरिएको छ । पौरस्त्य दर्शनमा कसैले पुरुषलाई आत्मा भनेको छ त कसैले आत्मालाई ब्रह्म वा ईश्वर त कसैले जीवात्मा, परमात्मा भनेको पाइन्छ र आत्माबाहेक सबै परिवर्तनशील र असत्य हो तथा शुद्ध चैतन्य आत्मा वा ब्रह्म नै सर्वव्यापक, सर्वज्ञ, स्वतन्त्र, निराकार, निर्गुण भएको सन्दर्भको यसमा मिहीन ढङ्गले विश्लेषण गरिएको छ ।

विवेचित निबन्धहरूमा ब्रह्म वा ईश्वरलाई केहीबाट प्रभावित नहुने तत्त्वका रूपमा लिँदै अष्टाङ्गयोगको साधनाद्वारा चित्तवृत्तिनिरोध भई ब्रह्मसाक्षात्कार गर्न सकिने कुरा यसमा प्रस्तुत गरिएको छ । यस्तै यी निबन्धहरूमा ईश्वर नित्य, सर्वज्ञ, सर्वव्यापी नित्यतत्त्वका साथै यो सर्वश्रेष्ठ परमात्मा हो र समस्त परमाणुका सञ्चालक ईश्वरलाई जगत्का निर्माता, पालनकर्ता, संहारकर्ता र कर्मफलदाता रूपमा यस परिच्छेदमा निरूपण गरिएको छ । साठीको दशकयताका नेपाली निबन्धमा आत्मा र ब्रह्मअन्तर्गत व्याख्या गर्दै समस्त जगत्का उपादान र निमित्त दुवै कारक नै ब्रह्म हुन् र उनै ब्रह्म निगुण, निराकारस्वरूपको भए पनि भेदरहित अर्थात् शून्य नभएको तथा ब्रह्मलाई सजातीय र विजातीय भेद गर्न नसकिने सन्दर्भको सूक्ष्म ढङ्गले यसमा विश्लेषण गरिएको छ । ब्रह्म एकमात्र सत्य हो र ब्रह्मबाहेक सबै वस्तुहरू मिथ्या हुन् र व्यावहारिक दृष्टिले हेर्दा यो जगत् वास्तविकजस्तो प्रतीत भए पनि पारमार्थिक दृष्टिकोणले हेर्दा अवास्तविक प्रतीत भएको हो भन्दै ब्रह्म र मायाको संयुक्त रूप नै ईश्वर भएको तर मायाका कारण

वास्तविकजस्तो देखिएको भए पनि ईश्वरको कृपाबिना जगत्को परिकल्पना असम्भव भएको तथ्य प्रस्तुत गरिएको सन्दर्भ पनि यसमा विश्लेषण गरिएको छ । ईश्वरलाई बाहिरी आँखाले देख्न नसकिनेहुँदा अन्तस्करणमा खोजी गर्न सकिने सर्वज्ञ, सर्वव्यापक, अन्तर्यामी तत्त्व रहेको टिप्पणी पनि यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यसरी साठीको दशकयताका नेपाली निबन्धमा प्रस्तुत आत्मा, ब्रह्म वा ईश्वरीय सत्तालाई सर्वोपरी सत्ताका रूपमा स्वीकार गर्नुपर्ने मान्यताको निष्कर्ष समेत यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

साठीको दशकयताका नेपाली आत्मपरक निबन्धमा पूर्वीय दर्शनले मानेको जगत्चिन्तन पनि मुख्य विषय बनेर आएको देखिन्छ । जगत्चिन्तन साङ्ख्यदर्शन र वेदान्तदर्शनको मुख्य विषय भए पनि अन्य दर्शनको पनि विषय हो । साठीको दशकयताका नेपाली निबन्धमा जगत्, जगत्को मिथ्यात्व, सृष्टिसम्बन्धी चिन्तन, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, पञ्चतत्त्वजस्ता अभिव्यञ्जित विषयको राम्रो निरुपण पाइन्छ । साठीको दशकयताका नेपाली निबन्धमा जगत्सम्बन्धी मान्यता, जगत्को मिथ्यात्व, सृष्टिसम्बन्धी धारणा, जगत्को नश्वरता, सृष्टिको स्वरूप, सृष्टिको कार्यकारण सम्बन्ध, पञ्चतन्मात्रा, पञ्चतत्त्वसम्बन्धी दृष्टिकोणलाई निबन्धका निबन्धांशले पुष्टि गर्दछ । साठीको दशकयताका नेपाली निबन्धमा जगत् नै परमाणुका सञ्चालक, सृष्टि, स्थिति र लयको कारक हो र यो परिवर्तनशील, गतिशील, निरन्तर, अनित्य र परिधि हो भन्ने जगत्चिन्तनको विषय निबन्धमा सबैभन्दा प्रभावपूर्ण देखिन्छ ।

साठीको दशकयताका नेपाली निबन्धमा बन्धन र मोक्षसम्बन्धी चिन्तनअन्तर्गत बन्धनसम्बन्धी मान्यता, सांसारिकता, बन्धनबाट मुक्तिको चाहना, मुक्तिका प्रकार र साधन, माया, मोह, भौतिकताप्रतिको विकर्षणजस्ता विषयको राम्रो अभिव्यक्ति देखिन्छ । साठीको दशकयताका नेपाली निबन्धमा बन्धनसम्बन्धी मान्यता, सांसारिकता, बन्धनबाट मुक्तिको चाहना, मुक्तिका प्रकार र साधन, माया, मोह, भौतिकताप्रतिको वितृष्णासम्बन्धी निबन्धकारका दृष्टिकोणलाई निबन्धभित्रका निबन्धांशले पुष्टि गर्दछ । अविद्या वा अज्ञान, मिथ्याज्ञान, ब्रह्मज्ञानको अभाव नै बन्धन हो भने माया, मोह, सांसारिक प्रपञ्च, भौतिकताप्रतिको विकर्षण, अविद्या, अज्ञान र मिथ्याज्ञानको नाश भई समाधिका तहमा पुगेर ब्रह्म वा आत्मासाक्षात्कार भएको अवस्था मोक्ष वा मुक्ति हो भन्ने मान्यता साठीको दशकयताका नेपाली निबन्धांशमा अभिव्यञ्जित देखिन्छ । बन्धन र मोक्षचिन्तन सबैभन्दा प्रभावपूर्ण देखिन्छ । 'साठीको दशकयताका नेपाली निबन्ध'मा बन्धन र मोक्ष, सांसारिकता, बन्धनबाट मुक्तिको चाहना, मुक्तिका प्रकार र साधन, माया, मोह, भौतिकताप्रतिको विकर्षण आदि पौरस्त्य दर्शनको प्रयोग भए पाइए पनि यी निबन्धमा दर्शनलाई जीवन र जगत्साग वैयक्तिक अनुभूतिलाई जोडेर यो सांसारिक प्रपञ्च बन्धन मान्दै भौतिक वस्तुप्रतिको वितृष्णा मोक्ष हो भन्ने कुरा प्रस्तुत भएबाट साठीको दशकयताका नेपाली निबन्ध बढी वैचारिक र गम्भीर देखिन्छन् ।

साठीको दशकयताका नेपाली निबन्धमा आत्मा, ब्रह्मचिन्तन र ईश्वरचिन्तन-अन्तर्गत आत्मासम्बन्धी चिन्तनको विश्लेषण, जीव, जीवात्माचिन्तन, ब्रह्मचिन्तन, ईश्वरचिन्तन, ईश्वरको स्वरूपचिन्तन, ईश्वरको अनुभूतिपरकता, ईश्वरको सर्वव्यापकता, ब्रह्म सत्य जगन्मिथ्या, ब्रह्म, माया र पारमार्थिक सत्यजस्ता विषयको राम्रो निरुपण पाइन्छ । साठीको दशकयताका नेपाली निबन्धमा आत्मचिन्तन, ब्रह्मसम्बन्धी मान्यता, जीव र जीवात्मा-सम्बन्धी धारणा, ईश्वरसम्बन्धी दृष्टिकोण, ईश्वरको स्वरूप, ईश्वरको निराकारस्वरूप, ईश्वरको अनुभूतिपरकता, ईश्वरको सर्वव्यापकता, ब्रह्म सत्य, जगन्मिथ्या, ब्रह्म, माया र पारमार्थिक सत्यसम्बन्धी निबन्धकारका वैचारिक चिन्तनलाई निबन्धभित्रका निबन्धांशले पुष्टि गर्दछ । आत्मा, ब्रह्म र ईश्वर एकमात्र सत्य, नित्य, अजर, अमर, सर्वव्यापक, सर्वकालिक, र अनेकमा एक छन् तर अविद्या वा मिथ्याज्ञानका कारण अवास्तविक प्रतीत हुन्छ; तसर्थ अष्टाङ्गयोगका साधनाद्वारा चित्तवृत्तिनिरोधको स्थितिमा ब्रह्म, आत्मा र ईश्वर एकमात्र सत्य हुन् भन्ने ज्ञान हुन्छ त्यतिबेला आत्मा, ब्रह्म र ईश्वरका बीच भिन्नताको बोध हुन्छ भन्ने मान्यता साठीको दशकयताका नेपाली निबन्धांशमा अभिव्यञ्जित देखिन्छ । यी अभिव्यञ्जित विषय निबन्धमा सबैभन्दा प्रभावपूर्ण देखिन्छ । 'साठीको दशकयताका नेपाली निबन्ध'मा आत्मचिन्तन ब्रह्मचिन्तन, ईश्वरचिन्तन, ब्रह्म सत्यं जगन्मिथ्या, सांसारिक प्रपञ्च आदि पूर्वीय दर्शनको प्रयोग भए पनि यी निबन्धलाई जीवन र जगत्सँग वैयक्तिक अनुभूतिलाई जोडेर यो भौतिक शरीर नश्वर छ, आत्मा, ब्रह्म वा ईश्वर शाश्वत छन्, जगत् मिथ्या छ, त्यसैले अष्टाङ्गयोगका साधनाद्वारा ब्रह्म वा आत्मसाक्षात्कार हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत भएबाट 'साठीको दशकयताका नेपाली निबन्ध' बढी वैचारिक र गम्भीर देखिन्छन् ।

समग्रमा 'साठीको दशकयताका नेपाली निबन्धमा जगत्, मोक्ष र ब्रह्मचिन्तन' मा यो विश्वब्रह्माण्ड निरन्तर, गतिशील, परिवर्तनशील छ र यो पञ्चतन्मात्रा र पञ्चमहाभूतबाट निर्मित विश्वप्रकृति र पुरुषको सम्मिलनमा सृष्टि, स्थिति र लय निर्धारण हुन्छ भने जगत् अवास्तविक वा भ्रम हो भन्ने देखिन्छ । यी निबन्धमा अविद्या, अज्ञान, मिथ्याज्ञान, ब्रह्मज्ञानको अभाव, मायामोह, लोभ, अहङ्कार, सांसारिकता, भौतिक वस्तुप्रतिको आकर्षण बन्धन हो भने यी वस्तुप्रतिको तुच्छता, अविद्याको नाश भई अष्टाङ्गयोगको साधनाद्वारा चित्तवृत्तिनिरोध भई आत्मा वा ब्रह्मसाक्षात्कारको अवस्था नै मुक्ति वा मोक्ष हो भन्ने मान्यता छ । एकमात्र सत्य, नित्य, अजर, अमर, शुद्ध, सर्वव्यापक, सवर्ज्ञ, सर्वकालिक, चैतन्यस्वरूप एवम् स्वयम्प्रकाशानन्द छ तर अविद्या, अज्ञान र ब्रह्मज्ञानको अभावमा वास्तविकजस्तो प्रतीत भए पनि ब्रह्मज्ञानपश्चात् ती भ्रम हुन् भन्ने ज्ञान हुन्छ भन्ने कुरा साठीको दशकयताका नेपाली निबन्धमा अभिव्यञ्जित छ । पूर्वीय दर्शनको प्रयोगले साठीको दशकयताका नेपाली निबन्धलाई बढी वैचारिक, गम्भीर र विशिष्ट तुल्याएको छ । दर्शनलाई जीवन, जगत् र वैयक्तिक अनुभूतिसँग जोडेर प्रस्तुत गर्नु साठीको दशकयताका नेपाली निबन्धको विशेषता हो ।

# सन्दर्भ सामग्रीसूची


अज्ञात, कपिल (२०६८), 'प्रेम नै मूलबाटो', *वैजयन्ती,* (वर्ष ४, पूर्णाङ्क १८), पृ. ९-११ ।

अधिकारी, ज्ञानु (२०७४), 'मौलिक र आफ्नोपनको निबन्धसङ्ग भनौं कि नभनौं', *जनमत,* (वर्ष ३४, पूर्णाङ्क २३९), पृ. ३१-३३ ।

अधिकारी, ज्ञानु (२०७६/७७), *योगमाया' उपन्यासमा योगदर्शन र वेदान्तदर्शन,* अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन, त्रिभुवन विश्वविद्यालय, अनुसन्धान केन्द्र ।

अधिकारी, ज्ञानु (२०७७),*आधुनिक नेपाली आत्मपरक निबन्धका प्रवृत्ति,* अप्रकाशित अनुसन्धान प्रतिवेदन, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

अधिकारी, बलराम (२०७२), *इरेजर,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, विश्वदीप (२०७२), 'मानवयात्रा', *वैजयन्ती,* (वर्ष ८, पूर्णाङ्क ३७), पृ. ८२-८४ ।

अधिकारी, विश्वदीप (२०७३), 'अन्तर्गर्भ', *वैजयन्ती,* (वर्ष ९, पूर्णाङ्क ४४), पृ. ५०-५२ ।

आचार्य, नारायणप्रसाद (२०७३), *पौरस्त्य दर्शनमा भौतिकवाद,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

आचार्य, श्रीराम (सन् २०१०), *न्याय एवम् वैशेषिक दर्शन,* मथुरा : युगनिर्माण ट्रस्ट ।

आचार्य, श्रीराम (सन् २०१०), *वेदान्तदर्शन,* मथुरा : युगनिर्माण ट्रस्ट ।

आचार्य, श्रीराम (सन् २०१०), *साङ्ख्य एवम् योगदर्शन,* मथुरा : युगनिर्माण ट्रस्ट ।

आयाम, सङ्गीत (२०७२), 'तनावग्रस्त', *मधुपर्क,* (वर्ष ४८, अङ्क ११), पृ. ४१-४३ ।

उपाध्याय, बलदेव (सन् १९४२/१९६६), *भारतीय दर्शन,* (सातौं संस्क.), काशी : शारदा मन्दिर ।

उप्रेती, लक्ष्मी (२०७८), *समयसँगै जीवनको लय,* काठमाडौं : उपलब्धि बहुद्देश्यीय सहकारी संस्था लि. ।

कणेल, चेतनाथ (२०७४), 'अब्बल निबन्धहरूको सँगालो भनौं कि नभनौं माथि केही भन्नैपर्दा !' *जनभावना,* (वर्ष ३५), पृ. ७ ।

काफ्ले, गान्धीराज (२०७०), 'निशब्द समाधान', *मधुपर्क,* (वर्ष ४६, पूर्णाङ्क ५२९), पृ. ३०-३१ ।

कायस्थ, मोहनबहादुर (२०७८), *आकाशवाणी,* काठमाडौं : लेखक स्वयम् ।

कार्की, श्रीबाबु (२०७३), 'निवर्जित मन', *मधुपर्क,* (वर्ष ४९, पूर्णाङ्क ५६९), पृ. ५३-५५ ।

कार्की, श्रीबाबु (२०७९), *सन्दिग्ध शताब्दी,* ललितपुर : साझा प्रकाशन ।

खत्री, अरुणबहादुर (२०७७), 'भनौँ कि नभनौँ', *समष्टि* अर्धवार्षिक (वर्ष ४०, अङ्क १११), पृ. ९६-१०० ।

खरेल, देवराज (२०६८), *स्मृतिका टिपोट,* हेटौँडा : मातृभूमि साहित्य समाज ।

गड्तौला, नारायणप्रसाद (२०७८), 'दर्शन र साहित्य', *वाङ्मय,* (अङ्क १८), काठमाडौँ : नेपाली केन्द्रीय विभाग, पृ. १७३-१८९ ।

गिरी, रामानन्द (२०५५), *जनक दर्शन,* भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

गिरी, शीतल (२०७३), 'साङ्ख्यदर्शन किन निरीश्वरवादी हो ?', *दर्शनावली-चार,* सम्पा. दिनेशराज पन्त र विष्णु प्रभात, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गोयन्दका, हरिकृष्णदास (वि.सं. २०६३), *ईशादि नौ उपनिषद्,* गोरखपुर : गीताप्रेस ।

गौतम, लक्ष्मणप्रसाद (२०७२), 'आत्मा, स्फटिक र दर्शनका बिम्बहरू', *मधुपर्क,* (वर्ष ४८, पूर्णाङ्क ५५४), पृ. ३४-३६ ।

गौतम, लक्ष्मणप्रसाद (२०७३), 'ईश्वरबिम्ब', *मधुपर्क,* (वर्ष ४९, पूर्णाङ्क ५७१ पुस), पृ. १६-१९ ।

गौतम, लक्ष्मणप्रसाद (२०७४), 'भनौँ कि नभनौँ भित्र वस्तुसौन्दर्यको उपस्थापन र लालित्य', *दायित्व,* (वर्ष ३१, पूर्णाङ्क १०६), पृ. ३३-३८ ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'एउटा नदी छ म आफैँभित्र', *चेतना सन्देश,* (वर्ष १८, पूर्णाङ्क ३६), सम्पा. श्रीओम श्रेष्ठ, विराटनगर : चेतना संरक्षण प्रतिष्ठान, पृ. ८७-९१ ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'वैदिक षड्दर्शनका प्रमुख मान्यता', *नेपाल अध्ययन जर्नल,* (वर्ष १, अङ्क १), पृ. ७७-११३ ।

गौतम, लक्ष्मणप्रसाद (२०७९), 'पुस्तकमा ध्यानस्थ छु म', *समकालीन नेपाली निबन्ध,* सम्पा. श्रीओम श्रेष्ठ, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

गौतम, शिव (२०७४), *भ्याम्ली बाखाको पाठो,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

ग्वंगः, तेजेश्वरबाबु (२०७४), *रङ्ग अभिज्ञान,* ललितपुर : साझा प्रकाशन ।

घिमिरे, उमेशप्रसाद (२०७१), *वेदान्त सिद्धान्त,* रामेछाप : नीतू घिमिरे ।

घिमिरे, उमेशप्रसाद (२०७३), *पूर्वीय दर्शनमा मोक्ष-चिन्तन,* रामेछाप : उमेशप्रसाद घिमिरे ।

घिमिरे, डुकुलराज (२०७२), *नेपाली कवितामा पूर्वीय दर्शन,* बुटवल : सीता अर्याल घिमिरे ।

घिमिरे, रमण (२०६८), *...अर्थात् हामी,* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

घिमिरे, रामबाबु (२०६५), *अनर्गल प्रलाप,* चितवन : चितवन साहित्य परिषद् ।

घिमिरे, रामबाबु (२०७६), *केन्द्र र परिधि,* चितवन : वाल्मीकि साहित्य सदन ।

चापागाईं, मोहन (२०७४), *सत्य संलाप,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

चालिसे, नारायणप्रसाद (२०६२), *समयगुरु द्रोणाचार्य,* यू.एस.ए. : श्री गणेश ।

चालिसे, नारायणप्रसाद (२०७५), 'पौरस्त्य एवम् पाश्चात्य दर्शनका मूलभूत स्थापनाहरू', *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २२-५७ ।

चालिसे, नारायणप्रसाद (२०७५), 'दर्शन र साहित्यको सम्बन्ध', *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ज्ञवाली, भगवानचन्द्र (२०७३), 'जीवन-गोप्य सिलबन्दी खाम', *विकल्प,* (वर्ष, अङ्क उल्लेख नभएको), पृ. १५१-१५२ ।

ज्ञवाली, रामप्रसाद (२०७०), 'दुब्लो शरीर, दह्रो मन र तार्किक मस्तिष्कका वैचारिक निबन्धहरू', *माथापच्ची,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

तिमल्सिना, जीवनाथ (२०६३), *स्वर्गको निर्माण,* चितवन : चितवन वाङ्मय प्रतिष्ठान ।

दङ्गाल, सीतारामप्रसाद (२०७४), *जीवन अनुभूति,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

दाहाल, कलानिधि (२०७०), 'न्यायधीश मन', *मधुपर्क,* (वर्ष ४६, पूर्णाङ्क ५२९), पृ. १८-१९ ।

दाहाल, कृष्णप्रसाद (२०७३), 'पुनरावृत्तिभित्रको पुनरावृत्ति', *पुनरावृत्ति,* विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०७१), 'माथापच्चीभित्रका उम्दा माथापच्ची निबन्धहरू', *वैजयन्ती,* (वर्ष ७, पूर्णाङ्क ३५), पृ. ५-१६ ।

दाहाल, कृष्णप्रसाद, (२०७४) मा 'भनौँ कि नभनौँमा केही त भनौँ' *मधुपर्क* (वर्ष ५०, अङ्क १), पृ. १५९ ।

दाहाल, खेम (२०७४), 'श्रीओमका आत्मपरक निबन्धहरू : एक अवलोकन', *शब्द-संयोजन,* (वर्ष १४, पूर्णाङ्क १५८), पृ. ३७-४३ ।

धरावासी, कृष्ण (२०७८), 'म छु र त छन् सबै कुराहरू !', *चेतना सन्देश,* (वर्ष १८, पूर्णाङ्क ३६), सम्पा. श्रीओम श्रेष्ठ, विराटनगर : चेतना संरक्षण प्रतिष्ठान, पृ. ५७-६१ ।

नेपाल, विनयकुमार शर्मा (२०७०), *माथापच्ची,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

नेपाल, विनयकुमार शर्मा (२०७३), *पुनरावृत्ति,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

नेपाल, विनयकुमार शर्मा (२०७४), *परावर्तन,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

नेपाल, विनयकुमार शर्मा (२०७६), *खोल,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

निरौला, रञ्जना (२०७५), 'प्रार्थना', *मधुपर्क,* (वर्ष ५१, पूर्णाङ्क ५९६), पृ. ५५-५६ ।

पतञ्जलि (सन् २०१०), *योगसूत्र (योगदर्शन)*, सम्पा. श्रीराम शर्मा आचार्य र अन्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

पन्त, रामप्रसाद (२०७९), *निबन्धावली*, काठमाडौँ : दायित्व वाङ्मय प्रतिष्ठान ।

पराशर, नरेन्द्र (२०७४), 'शुभकामना', *जीवन अनुभूति*, सीतारामप्रसाद दंगाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

पाण्डे, ज्ञानू, (२०६८), *विकीर्ण अनुशीलन*, काठमाडौँ : नेपाली आख्यान समाज ।

पाण्डे, ज्ञानू (२०७९), *जीवनको अभिनन्दन*, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पौडेल, केशव (२०७२), 'छिन्नभिन्न अस्तित्व', *मधुपर्क*, (वर्ष ४८, पूर्णाङ्क ५५८), पृ. ५३-५४ ।

पौडेल, बाजुराम (२०७०), 'कवि', *गरिमा*, (वर्ष ३१, पूर्णाङ्क ३६५), पृ. ९४-९८ ।

पौड्याल, मुकुन्द शर्मा, (२०५५), *श्रीमद्भगवद्गीता*, (दोस्रो संस्क.), काठमाडौँ : निर्मला पौडेल ।

पौड्याल, मुकुन्द शर्मा, (२०६७), *ईशादि सात उपनिषद्*, काठमाडौँ : निर्मला पौडेल ।

प्रधान, प्रमोद (२०७९), 'आत्मपरक निबन्धको आस्वादन : फरक-फरक स्वाद', *समकालीन नेपाली निबन्ध*, सम्पा. श्रीओम श्रेष्ठ, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रसाईँ, महेश (२०७४), 'शब्द र अनुभूति', *मधुपर्क*, (वर्ष ५०, पूर्णाङ्क ५८३), पृ. ३०-३२ ।

भट्ट, रामचन्द्र (२०७२), *उपनिषद्मा के छ ?*, काठमाडौँ : डिकुरा पब्लिकेसन ।

भट्टराई, गोविन्दराज (२०७०), 'कला र जीवन खेल्ने समयसारथि', *मधुपर्क*, (वर्ष ४६, पूर्णाङ्क ५३३), पृ. १५-१८ ।

भट्टराई, गोविन्दराज (२०७४), 'नेपालीमा यस्ता बौद्धिक निबन्ध आउन छोडेको बेला', *भ्याम्ली बाखाको पाठो*, शिव गौतम, काठमाडौँ : शब्दार्थ प्रकाशन, पृ. ४०-४४ ।

भट्टराई, गोविन्दराज (२०७९), 'स्वगृहीत चिन्ताको रङ्गीन पोखरीमा', *समकालीन नेपाली निबन्ध*, सम्पा. श्रीओम श्रेष्ठ, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, पद्मप्रसाद (२०७४), *पौरस्त्य दर्शन एक चिनारी*, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, सीता (२०६८), 'संसार गोलो छ', *वैजयन्ती*, (वर्ष ४, पूर्णाङ्क १८), पृ. ५४-४८ ।

भण्डारी, ठाकुर शर्मा (२०७०), 'निबन्धमा दर्शन', *माथापच्ची*, विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

भण्डारी, ठाकुर शर्मा (२०७३), 'पुनरावृत्तिमै छु म', *पुनरावृत्ति*, विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

भण्डारी, ठाकुर शर्मा (२०७४), 'शुभ-भावना', *परावर्तन,* विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

भण्डारी, ठाकुर शर्मा (२०७४), 'भनौँ कि नभनौँ मा केही भनौँ', *विवेचना,* पृ. १४८-१५४।

भण्डारी, ठाकुर शर्मा (२०७६), 'खोल' निबन्ध-सन्दर्भ', *खोल,* विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

भण्डारी, ठाकुर शर्मा (२०७८), *त्रिविधा,* काठमाडौँ : हिमालय बुक स्टल ।

भण्डारी, भास्कर (२०६८), 'जीवन-मृत्यु अनि प्रेम', *वैजयन्ती,* (वर्ष ४, पूर्णाङ्क १९), पृ. ३७-४० ।

भण्डारी, भास्कर (२०७३), 'जीवनबोध', *वैजयन्ती,* (वर्ष ९, पूर्णाङ्क ४४), पृ. १४-१५ ।

भण्डारी, भास्कर (२०७४), 'म को हुँ ?', *वैजयन्ती,* (वर्ष १०, पूर्णाङ्क ५१), पृ. ३७-४० ।

भण्डारी, लक्ष्मण (२०६९), *जीवनमूल्य,* काठमाडौँ : मल्टिग्राफिक प्रेस ।

भण्डारी, लेखनाथ (२०७३), 'बाटो', *गरिमा,* (वर्ष३५, पूर्णाङक ३८०, मङ्सिर), पृ. ९३-९६ ।

भुसाल, वेदुराम (२०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

माधवाचार्य (सन् २०१२), *सर्वदर्शनसङ्ग्रह,* वाराणसी : चौखम्बा विद्याभवन ।

मिश्र, योगेशकुमार (सन् २०२२), sanskritforus.com, १० अक्टोबर सन् २०२२ ।

मैनाली, युवराज (२०७३), 'जय नेपाल !', *मधुपर्क,* (वर्ष ४९, पूर्णाङ्क ५६९), पृ. ४८-४९ ।

मोमिला (२०६३), *ईश्वरको अदालतमा आउटसाइडरको बयान,* काठमाडौँ : माउन्टडिजिट पब्लिकेसन ।

मोमिला (२०७०), 'प्रश्नहरू त बाँकी नै रहन्छन्... !', *मधुपर्क,* (वर्ष ४६, पूर्णाङ्क ५६३), पृ. ३२-३४ ।

मोमिला (२०७९), 'ईश्वरको अदालतमा आउटसाइडरको बयान', *समकालीन नेपाली निबन्ध,* सम्पा. श्रीओम श्रेष्ठ, काठमाडौँ : भुँडीपुराण प्रकाशन, पृ. १५३-१६१ ।

राई, भक्त (२०७४), *पूर्वीय दर्शन,* काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

रिजाल, कमल (२०७५), *सुदर्शन,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

रिमाल, वासु (२०६१), *वेदान्त विश्वकोश,* ललितपुर : शारदा रिमाल ।

लम्साल, सृजन (२०७३), 'मृत्यु अधिकार', *गरिमा,* (वर्ष ३६, पूर्णाङ्क ३८९), पृ. ६९-७४ ।

लामा, कुमारी (२०७०), 'पर्दा', *मधुपर्क,* (वर्ष ४६, पूर्णाङ्क ५३४), पृ. ३२-३४ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *नेपाली निबन्ध समालोचना,* काठमाडौँ : पैरवी प्रकाशन ।

वाग्ले, कुलचन्द्र (२०७०), 'सङ्क्रमित परिवेश र परिणाम', *मधुपर्क,* (वर्ष ४६, पूर्णाङ्क ५३३), पृ. ५०-५१ ।

वेदव्यास (सन्२०१०), *'ब्रह्मसूत्र' (वेदान्तदर्शन),* सम्पा. श्रीराम शर्मा आचार्य र अन्य, मथुरा : युगनिर्माण ट्रस्ट ।

शर्मा, अभय (२०७०), 'शिख धर्म-दर्शन, समाज र संस्कृति', *दर्शनावली-तीन,* सम्पा. विष्णु प्रभात, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, गोपीकृष्ण (२०७६), 'विकुश र उनका निबन्धहरू', *खोल,* विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

शर्मा, मुकुन्दराज (२०७९), *शब्दशिविर,* काठमाडौँ : कामना न्यूज पब्लिकेसन ।

शर्मा, यादवप्रसाद (२०७३), 'म एक मुमुक्षु', *वैजयन्ती,* (वर्ष ९, पूर्णाङ्क ४४), पृ. १८-२१ ।

शर्मा, सुकुम, (२०६८), 'नेपाली निबन्धमा आत्मपरकताको सन्दर्भ', *रत्न बृहत् नेपाली समालोचना,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शाक्य, सौरभ (२०७४), 'मेरो सिर्जनाका झिल्काहरू', *मधुपर्क,* (वर्ष ५०), पृ. ५२-५३ ।

शुभेच्छु, रमेश (२०७९), 'राजेन्द्र सुवेदीको निबन्ध सिर्जनयात्रा र प्रवृत्ति', *शब्दाङ्कुर* (वर्ष २१, पूर्णाङ्क २४८), पृ. १२५-१६७ ।

श्रेष्ठ, श्रीओम (२०७३), 'कहाँ देख्नु आफैँलाई ?', *मधुपर्क,* (वर्ष ४८, पूर्णाङ्क ५६३), पृ. १९-२१ ।

श्रेष्ठ, श्रीओम (२०७४), *भनौँ कि नभनौँ* (दोस्रो संस्क.), काठमाडौँ : डिकुरा पब्लिकेसन ।

श्रेष्ठ, श्रीओम (२०७९), सम्पा. *समकालीन नेपाली निबन्ध,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

सरुभक्त (२०७९), 'दार्शनिक जिज्ञासा', *समकालीन नेपाली निबन्ध,* सम्पा. श्रीओम श्रेष्ठ, काठमाडौँ : भुँडीपुराण प्रकाशन, पृ. ५५-६१ ।

सर्वहारी, कृष्णराज (२०७१), 'तार्किक निबन्धहरू', *मधुपर्क,* (वर्ष ४७, अंक ९), पृ. १७-२२ ।

सिंह, समीर (२०७७), 'साङ्ख्यदर्शनको उद्भव र विकास', *दर्शनावली-सात,* सम्पा. जगत्प्रसाद उपाध्याय र विष्णु प्रभात, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् १९६३/२०१८), *भारतीय दर्शन,* नयाँ दिल्ली : मोतीलाल बनारसीदास ।

सुवेदी, गुरुप्रसाद (२०७५), 'अद्वैत वेदान्तको दृष्टिमा जीवन र जगत्', *दर्शनावली-सात,* सम्पा. दिनेशराज पन्त र विष्णु प्रभात, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६५), *म हुँ औँला नकाटिएको एकलव्य,* काठमाडौँ : पाठ्यसामग्री पसल ।

सुवेदी, राजेन्द्र (२०७१), *जीवन-गोप्य सिलबन्दी खाम,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०६८), 'उत्तरवर्ती नेपाली निबन्धका प्रवृत्ति', *रत्न बृहत् नेपाली समालोचना,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०७४), 'भनौँ कि नभनौँ का निबन्धबारे केही त भनौँ', *भनौँ कि नभनौँ* (दोस्रो संस्क.), श्रीओम श्रेष्ठ 'रोदन', काठमाडौँ : डिकुरा पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०७४), 'सत्य संलाप र चापागाइँको निबन्ध चेतना', *सत्य संलाप,* मोहन चापागाईं, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७४), 'विनयका निबन्धमा वैचारिक चेतना र निबन्धकलाको समायोजन', *परावर्तन,* विनयकुमार शर्मा नेपाल, काठमाडौँ : शब्दार्थ प्रकाशन ।

सेन, सुब (२०७३), 'नाकको महिमा', *गरिमा,* (वर्ष ३५, पूर्णाङ्क ३८४), पृ. ७५-८० ।

स्यस्यः, मङ्गलप्रसाद (२०७४), 'मनका पाइला', *मधुपर्क,* (वर्ष ५०, पूर्णाङ्क ५७७), पृ. १९-२१ ।